वैदिक
साहित्यको स्वरूप

सहप्रा. डा. ऋषिराम रेग्मी

वैदिक साहित्यको स्वरूप

[वेद–वेदाङ्गको शास्त्रीय परिचय, ५३४ वैदिक ग्रन्थको स्वरूप-परिचय
तथा
वैदिक ग्रन्थका ५०० भन्दा बढी संस्करणको जानकारी र
अनेकौं परिशिष्ट संवलित ग्रन्थ]

सहप्रा. डा. ऋषिराम रेग्मी



हिमवत् आर्ष प्रज्ञा
ललितपुर, नेपाल

प्रथम संस्करण: वि.स. २०७३, लक्ष्मीपूजा (सन् २०१६)

१,००० प्रति।

मूल्य : रू. ७५०/-

मुद्रण : प्रिन्ट कम्यूनिकेसन प्रा.लि., थापाथली, काठमाडौं।

प्रकाशक

हिमवत् आर्ष प्रज्ञा

धोबिघाट रिङ्गरोड, ललितपुर, नेपाल।

पो.ब.नं. ८९७५ इ.पि.सि. १८६८, काठमाडौं, नेपाल।

इमेल : mail@himavat.org

वेबसाइट : www.himavat.org

ISBN : 978-9937-0-1674-2

प्रकाशकीय

वेद समग्र भारतवर्षीय शिक्षाकै आदि र अन्त दुवै हो। तथापि वेद र समग्र वैदिक ग्रन्थहरूको साङ्गोपाङ्ग स्वरूप सामान्य पाठक र संस्कृतज्ञहरूको लागि समेत रहस्यको विषय बनिरहेको छ। नेपाल, भारत र विश्वभरि हजारौं अनुसन्धान हुँदा र लाखौं पुस्तक लेखिँदा पनि आजसम्म नेपाली पाठकले वैदिक ग्रन्थहरूलाई प्रामाणिक रूपमा चिन्न र त्यसभित्रका गहन ज्ञानराशिलाई आत्मसात् गर्न पाएका छैनन्। वेद र वैदिक ग्रन्थका सन्दर्भमा नेपाली समाजमा पुस्तौंपुस्तादेखि सङ्कलित हुँदै आएका अधिक उत्कण्ठा र जिज्ञासाले समाधान पाएका छैनन्। वैदिक विद्वान् सहप्रा. डा. ऋषिराम रेग्मीज्यूद्वारा लिखित प्रस्तुत "वैदिक साहित्यको स्वरूप" ग्रन्थले अनेक कालखण्डदेखि सङ्कलित ती उत्कण्ठा र जिज्ञासाको आधिकारिक समाधान निकाल्ने छ भन्ने कुरामा हामी विश्वस्त छौं।

आधिकारिक प्रमाणका बलमा शास्त्रहरूमाथि कलम चलाउन शास्त्रहरूको कठोर अध्यवसाय, तत्त्वदर्शिनी अनुसन्धानशक्ति र दृढसङ्कल्पी मेधाशक्ति अपेक्षित रहन्छन्। त्यसमा पनि वैदिकग्रन्थका समग्र अङ्ग-उपाङ्गहरूको प्रामाणिक स्रोत र संस्करणहरूको अनुसन्धानपूर्ण उपस्थापनमा उक्त शक्ति अपरिहार्य मानिन्छ। डा. रेग्मीज्यूको प्रस्तुत ग्रन्थमा सुनियोजित रूपमै उक्त शक्तिका त्रिवेणी अपरिहार्य रूपमा संयोजित हुन पुगेका छन्। छात्रजीवनदेखि आजको प्राध्यापनकालसम्म शास्त्रानुसन्धानरूपी कठिन तपस्यामा तल्लीन डा. रेग्मीज्यूले प्रस्तुत "वैदिक साहित्यको स्वरूप" ग्रन्थलाई अनुसन्धान-प्रविधिको कठोर कसीमा कसेर पनि जसरी यहाँ अत्यन्त सरल र बोधगम्य रूपमा विषय प्रतिपादन गर्नुभएको छ, त्यो आफैमा गहन र विस्मयप्रद छ। साथै यो सरल शैलीले सबै स्तरका पाठकलाई ग्रन्थको विषयास्वादनमा ज्यादै सहयोग पुऱ्याउने छ भन्ने हामीले ठानेका छौं। यस ग्रन्थमा ग्रन्थको पृष्ठभूमिका रूपमा दिइएका वेदको परिचय, त्यसको बहुविध महत्त्व, ग्रन्थको वैशिष्ट्यप्रतिपादन, पाठकका ३२ प्रश्नका समाधानस्थलनिर्देश, ग्रन्थको परिचय र उपयोगिता जस्ता विषयले पाठकलाई ग्रन्थमा प्रवेश गर्नका लागि प्रवेशपरीक्षाको योग्यता प्रदान गर्नेछन् भने त्यसभन्दा पनि विशिष्ट अनुसन्धान प्रविधिमा प्रतिपादन गरिएका गहन र सघन विषयहरूले महत्त्वपूर्ण शास्त्रीय योग्यता प्रदान गरी शास्त्राध्ययन र अनुसन्धानको दिशाबोध गर्नेछन्।

यस ग्रन्थमा अत्यधिक खँदिला विषयहरू पनि सरल रूपमा प्रस्तुत भएकाले पाठकहरू थोरैमा धेरै कुरा पाएर सन्तुष्ट बन्ने कुरामा हामी हृदयतः विश्वस्त छौं। सामान्य पाठक तथा सामान्य विद्यार्थीदेखि लिएर विद्यावारिधिका शोधार्थीसम्मका जिज्ञासुहरूले यथेष्ट विषय ग्रहण गर्ने अवस्था रहनु नै यस ग्रन्थको आद्योपान्त वैशिष्ट्य हो भन्ने हाम्रो ठम्याइलाई पाठकवर्गले सर्वांशतः आत्मसात्

गर्नुहुने कुरामा हामीलाई पूरा विश्वास छ।

सदियौंदेखि सरल नेपाली भाषामा समग्र वैदिकवाङ्मयको परिचय दिने ग्रन्थको अभाव खड्किरहेको वर्तमान नेपाली समाजमा डा. रेग्मीज्यूको प्रस्तुत "वैदिक साहित्यको स्वरूप" पुस्तक ढुङ्गो खोज्दा देवताको रूपमा उपस्थित छ भन्ने कुरामा हामी पूर्णतः विश्वस्त छौं। प्रस्तुत ग्रन्थमा रेग्मीज्यूले **नामूलं लिख्यते किञ्चित् नानपेक्षितमुच्यते** भन्ने महामहोपाध्याय मल्लिनाथको सिद्धान्तानुसरण गर्दै अनावश्यक एक वाक्य पनि लेख्नुभएको छैन र आवश्यक एक शब्द पनि छोड्नुभएको छैन। यो ज्यादै गौरवको विषय हो र अनुकरणीय कुरा हो। उहाँले विश्वभर उपलब्ध ग्रन्थहरूको दोहन गरेर अत्यन्त जटिल र दुरूह विषयलाई सजिलोसँग पिउन मिल्ने वेददुग्धामृतको रूपमा यस ग्रन्थलाई प्रस्तुत गर्नुभएको छ र यसको रसास्वादनबाट समग्र पाठकवर्ग कृतकृत्य र तृप्त हुने कुरामा हामीलाई कुनै सन्देह छैन। यस ग्रन्थलाई प्रकाशन गर्ने अवसर मिल्दा हामीलाई संस्थाको नामअनुसारको काम गर्न पाउँदाको अपार खुसी र गौरवबोध भएको छ। यसर्थ अधिक आर्थिकलाभका अनेक सम्भावनाहरूलाई छाडेर आर्थिक विषयलाई भन्दा पनि यस संस्थाप्रतिको स्नेह, आदर, सौजन्य र सद्भावलाई ठूलो देखी हामीलाई ग्रन्थ प्रकाशन गर्ने अवसर प्रदान गर्नुहुने आदरणीय वैदिक विद्वान् सहप्रा.डा. ऋषिराम रेग्मीज्यूप्रति कृतज्ञता प्रकट गर्न शब्दकोशका समग्र शब्द नै हामीलाई अपुग भएको अनुभूति भएको छ।

अन्ततः प्रस्तुत ग्रन्थरूपी ज्ञानगङ्गामा स्नान गरी पवित्र भएको बुद्धिले विनापूर्वाग्रह यसमा हुन आएका मानवीय त्रुटि, विषयगत अपूर्णता र अन्य प्राविधिक कमी–कमजोरीहरूप्रति आवश्यक परामर्श प्रदान गर्नुहुन समस्त पाठकवर्गमा अनुरोध गर्दै आगामी संस्करणहरूमा ती कमजोरीहरूको निराकरण गर्दै जाने प्रतिबद्धता प्रकट गर्दछौं।

कल्पना घिमिरे
अध्यक्ष, हिमवत् आर्ष प्रज्ञा
ललितपुर।

शुभकामना-मन्तव्य

"वेदश्चक्षुः सनातनम्" (मनु. १२.९४)

मेरा प्रिय अन्तेवासी डा. ऋषिराम रेग्मीजी आज्ञाकारी र ज्यादै परिश्रमी हुनाले विशेषतः गुरुका आज्ञा शिरोधार्य गरी स्वाध्यायमा लागीरहने हुनाले थोरै समयमा नै विद्यावारिधि (पीएच-डी) गरी सहायक प्राध्यापक, उपप्राध्यापक हुँदै सहप्राध्यापक भएर आफ्नो परिश्रमको मीठो फल खाँदै हुनुहुन्छ। "गुरु गुरु ही रह गए चेला चीनी बनगया" भन्ने उखान झैं मैले शुक्लयजुर्वेदमा आचार्य गरेको थिएँ भने वहाँले शुक्लयजुर्वेदाचार्यका साथै अथर्ववेदमा समेत आचार्य गरी 'वैदिक साहित्यको स्वरूप' नामक ज्यादै महत्त्वपूर्ण र प्रामाणिक ग्रन्थ लेखेर प्रकाशन गर्दै हुनुहुन्छ। एउटा वैदिक गुरुलाई योभन्दा खुसीको कुरा के हुन सक्छ र? हाम्रो शास्त्रीय मर्यादा छ– **"अन्येभ्यो जयमन्विच्छेत् पुत्राच्छिष्यात् पराजयम्"**।

वास्तवमा नै हाम्रो प्राचीन वैदिक परम्परा अनिर्वचनीय छ। वंश-परम्परा र विद्यापरम्परा दुवै हामीले कुलकै रूपमा लिएका छौं। कता-कता दैवले छात्र डा. ऋषिराम रेग्मी र म डा. ऋषिराम पोखरेलको रक्तवंश-परम्परामा विद्या-परम्पराले उछिन्ने स्थिति पारेको छ। हामी दुवै उमेरदार पुत्रहरू **जगन्नाथ पोखरेल र सुमन रेग्मी**का वियोगमा पनि 'नास्ति दैवात् परं बलम्' भनेर धैर्यसाथ स्वकर्ममा अनवरत लाग्दै आएका छौं। मेरा पूज्यपाद गुरु प्रा. सोमनाथ पौडेलले पनि आफ्नो उमेरदार होनहार ज्येष्ठ सुपुत्र **व्यास पौडेल**को वियोगले पीडित हुनुभएर दुईवटा नाति काखमा लिई भगवान्लाई कृतज्ञता चढाउनुभए झैं मैले दुई नाति र एक नातिनीलाई पुत्रप्रतिनिधिका रूपमा पाएँ भने डा. रेग्मीले एक अबोध नातिलाई काखमा लिएर आफ्नो एकमात्र छोराको वियोग सहँदै एकोहोरो स्वाध्याय गरी यति मोटो विद्यापुत्ररत्न जस्तो वैदिक साहित्यको स्वरूप स्पष्ट पार्ने ग्रन्थ प्रणयन गर्नुभएको छ।

नेपाली साहित्यसागरमा यस्तो पुस्तक अहिलेसम्म जन्मेको थिएन। अतः पहिलो जन्म लिएको यस पुस्तकले स्वयंमा एउटा नौलो विशेषता बोकेको छ। यद्यपि वेद सागर हो, त्यहाँ अनेक रत्न छन् र ती मन्त्रसागरमा गोता लाउन सके धेरै किसिमका ज्ञान–विज्ञानका ज्योति प्रकाशमा ल्याउन सकिन्छ तापनि वैदिक वाङ्मयको विवरणात्मक परिचय मात्र पनि नेपाली भाषाका पाठकहरूका निम्ति धेरै हदसम्म उपकारक छ। यसबाट आफ्नो धर्म-संस्कृति, संस्कार र कर्मको स्रोतग्रन्थ वेदका बारेमा केही प्रकाश पार्न सकिने भएको छ नै। भविष्यमा वेदार्थ-प्रकाशक गूढ रहस्यबोधक ग्रन्थ लेखेर प्रकाशमा आउनुहोस् रेग्मीजी! म साह्रै खुशी छु, अग्रिम शुभकामना छ।

विश्वमा प्रायः अद्यावधि प्रकाशित वैदिक ग्रन्थहरूको विवरणात्मक परिचय समेटिएको यो कृति निश्चय नै वैदिक वाङ्मयमा अवगाहन गर्न खोज्ने र आ-आफ्ना

लेख-रचनाका निम्ति अनुकूल सामग्री सङ्ग्रह गर्न चाहने लेखक विचारकहरूका निम्ति पनि धेरै सहयोगी हुनेछ। म आशा गर्दछु, यस्ता धेरै कृति दिएर अझ सुमनको (वहाँका सुपुत्रको) नाम रहने गरी अपूर्व ग्रन्थ प्रकाशन गर्दै "पितापुत्रौ यशस्विनौ भवेताम्' कीर्तिर्यस्य स जीवति" उक्तिलाई सार्थक पार्नुहोस्। धेरै धेरै आशीराशिका साथ हार्दिक साधुवाद र शुभकामना छ डा. रेग्मीजीलाई।

'वेदैः पश्यन्ति पण्डिताः'

प्रा.डा. ऋषिराम पोखरेल
पूर्व प्राचार्य (क्याम्पसप्रमुख) तथा वेद-वेदान्तविभागाध्यक्ष
वाल्मीकि विद्यापीठ, काठमाडौं।
हाल : सुन्दरीजल, काठमाडौं २०७३।०३।०३



सेवा आयोगको कार्यालय
OFFICE OF THE SERVICE COMMISSION

नेपाल संस्कृत विश्वविद्यालय
बेलझुण्डी, दाङ ।

Nepal Sanskrit University
Beljhundi, Dang

शुभाशंसा

नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठका वेद विषयका सहप्राध्यापक, वैदिक वाङ्मयका रचनाधर्मी विद्वान् एवं अनुसन्धाता डा. ऋषिराम रेग्मीजीद्वारा रचित अनुसन्धानप्राण, महिममय ग्रन्थ 'वैदिक साहित्यको स्वरूप'को पाण्डुलिपि नजर गर्दा म विस्मित र आनन्दित भएको छु । निष्पाप ऋषि-महर्षिहरूको शुक्ल साधनाबाट आविर्भूत, अपूर्व बोधसामग्रीद्वारा सुसज्जित, अलौकिक एवं कालातीत नित्य ज्ञानको मुहान वेद र वेदसँग सम्बद्ध वाङ्मयको स्वरूप-संवीक्षणमा आधारित यस कृतिमा डा. रेग्मीजीले वेद एवं वेदाङ्गको आधिकारिक परिचय प्रदान गर्दै वैदिक वाङ्मयका तीनसय एकचालीस ग्रन्थहरूको सटीक विवेचन गर्नुभएको छ ।

ग्रन्थकार रेग्मीजीले ग्रन्थको आरम्भमा नै मनोहर शैलीमा पाठकवर्गका ३२ प्रश्न र तिनको समाधान शीर्षकअन्तर्गत ग्रन्थको चुरो कुरा पस्कनुभएको छ । ३२ प्रश्नहरूको उत्तर आत्मसात् गरेपछि पाठकहृदय स्वतः ग्रन्थको अध्ययनतर्फ उन्मुख हुनेछ । यसैगरी परिशिष्टखण्डमा वर्तमानमा उपलब्ध वेद र वेदाङ्गका ग्रन्थ, पारिभाषिक शब्दार्थ, प्रमुख आधारग्रन्थ र सन्दर्भग्रन्थ, विषय र ग्रन्थको अनुक्रमणिका, वैदिक ग्रन्थका प्रणेता, व्याख्याता, अनुवादक, सम्पादक एवं प्रकाशक भारतीय विद्वान् तथा पाश्चात्य विद्वान् शीर्षकमा आकर्षक शैलीमा ग्रन्थकारद्वारा प्रस्तुत विषयवस्तुको अनुशीलन गरेपछि प्रत्येक जिज्ञासु पाठक सन्तुष्ट र सन्तृप्त हुनेछन् भन्ने मेरो पूर्ण विश्वास छ ।

विभिन्न विषयको लक्षणनिर्धारण, व्याख्यान, पर्यायरूपमा प्रयोग गरिने शब्दहरूको सूक्ष्मभेद-दिग्दर्शन, पारिभाषिक शब्दहरूको अर्थस्फुटीकरणका साथ वेद र वेदाङ्गसँग सम्बद्ध विशाल ग्रन्थराशिको पारदर्शी विश्लेषण गर्नु चानचुने कुरा होइन । यस्तो कार्यमा असाधारण प्रतिभा र निरच्छिन्न अध्यवसायको आवश्यकता हुन्छ । उक्त दुवै विशेषता डा. ऋषिराम रेग्मीजीमा देखा परेका छन् । वास्तवमा नेपाली लगायत कुनै पनि भाषामा यस किसिमको वैदिक वाङ्मयको शोधखोजमा आधारित सटीक ग्रन्थ प्रकाशित भएको कुरा मेरो जानकारीमा आएको छैन ।

वेद, उपवेद, वेदका अङ्ग एवं उपाङ्ग आदिको प्रामाणिक र विस्तृत वर्णन गरिएको यो ग्रन्थ वैदिक विद्वान्, वेदका अनुसन्धाता र छात्रहरूका लागि आधिकारिक आधारग्रन्थ साबित हुनेछ भन्ने कुरामा कसैको विमति हुने छैन । यस कृतिमा कृतिकार डा. रेग्मीले परिचयात्मक शैलीमा विशिष्ट बोधका सामग्री प्रदान गरी पाठकहरूलाई उद्बुद्ध गराउने र वैदिक वाङ्मयको अध्ययनमा आकर्षित गर्ने उद्देश्यले संस्कृत, अङ्ग्रेजी, हिन्दी आदि भाषाहरूमा निबद्ध ३५८ भन्दा बढी आधारग्रन्थ र सन्दर्भग्रन्थहरूको अध्ययन गरेर सारदोहन गरी उच्चकोटिको दुर्लभ ग्रन्थको रचना गर्नुभएको छ ।

युवा विद्वान् रेग्मीजीको कलमबाट यस्तै असाधारण कृतिहरूको आविर्भाव हुँदै जानेछ र उहाँको सत्प्रयासबाट नेपाल संस्कृत विश्वविद्यालयको शैक्षिक स्तरवृद्धिमा सघाउ पुग्नुका साथै वेदविद्याको शिक्षण र अनुसन्धानको पनि स्तरोन्नयन हुनेछ भन्ने कुरामा म पूर्णरूपमा विश्वस्त छु । भोलिका दिनहरूमा उहाँको वैदुष्यको उज्ज्वल कीर्ति नेपालमा मात्र सीमित नभई राष्ट्रान्तरमा पनि जगमगाओस् भन्ने शुभाशंसा प्रकट गर्दै मेरो मन्तव्य यहीं टुङ्ग्याउँछु ।

मिति : २०७३।०३।३१ हरिशयनी एकादशी

(वेणीमाधव ढकाल)
अध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय
सेवा आयोग

वैदिक साहित्यको महनीय ग्रन्थ

उपलब्ध वाङ्मयहरूमध्ये वेद सबैभन्दा प्राचीनतम वाङ्मय मानिन्छ । पौरस्त्य परम्पराका अनुयायी आर्यहरूको धर्म, दर्शन, संस्कृति, साहित्य, ज्ञान, विज्ञान र प्रविधिको मूल स्रोत वैदिकवाङ्मय नै हो । ज्ञान, सत्ता, लाभ र विचार अर्थमा आएका विद् धातुबाट सम्पन्न वेद शब्दको व्याकरणलब्ध अर्थ वेदमूलक ज्ञान, विज्ञान, विचार र त्यसको अर्थ एवं त्यसबाट प्राप्त हुने उपलब्धि भन्ने हुन्छ । प्राच्य मान्यता-अनुसार वेद तपःपूत मन्त्रद्रष्टा ऋषि-महर्षिहरूद्वारा दृष्ट ईश्वरीय ज्ञान हो । यो कुनै व्यक्तिविशेषको रचना नभएर अपौरुषेय कृति मानिएको छ । यसरी वेद सनातन एवं निरन्तर विद्यमान ज्ञानचक्षु हो । त्यसकारण आचार्य सायणले कृष्णयजुर्वेद तैत्तिरीय संहिताको भाष्यभूमिकामा वेदलाई इष्टप्राप्ति र अनिष्टपरिहारको साधन भन्दै प्रत्यक्ष, अनुमान आदि प्रमाणद्वारा दुर्बोध अलौकिक उपायहरूलाई व्यक्त गर्ने ज्ञान भनेर परिभाषित गरेका छन्[1] ।

ऋषि शब्द गत्यर्थक ऋषि धातुबाट इन् प्रत्यय र कित्व हुँदा निष्पन्न हुन्छ । ज्ञानसम्पन्न वेदका मन्त्रहरूलाई तपस्याद्वारा प्राप्त गर्ने व्यक्तिलाई ऋषि भनिएको छ । गत्यर्थक धातुलाई ज्ञानार्थक र प्राप्त्यर्थक मानेर उक्त अर्थ गरिएको हो । केही विद्वान्हरूले यो क्लिष्ट कल्पना गर्नुभन्दा ऋषि शब्दको व्युत्पत्ति दृशिर् प्रेक्षणे धातुबाट दकारको लोप गरेर निष्पन्न गर्नु उपयुक्त हुने कुरा बताएका छन् । यसरी ऋषि शब्दको अर्थ ऋतम्भरा प्रज्ञासम्पन्न तपस्याद्वारा वेदका मन्त्रहरूलाई साक्षात्कार गर्ने मधुच्छन्दा आदि विशिष्ट व्यक्तिहरूमा समन्वित हुन जान्छ । जसलाई सर्वानुक्रमणीकार कात्यायन आदि प्राचीन मुनिहरूले ऋषि शब्दले अभिहित गरेका छन् । ऋग्वेदको सर्वानुक्रमणी, सायणभाष्य आदिमा मन्त्र, मन्त्रसमूह वा मण्डललाई निश्चित ऋषि या ऋषिपरिवारद्वारा दृष्ट भनिएको छ । अनेक ऋषिपुत्र, ऋषिपुत्री, ऋषिहरूका वंशधर तथा गोत्रधर पनि वैदिक मन्त्रहरूका द्रष्टा छन् । यजुर्वेदको माध्यन्दिनशाखा महर्षि याज्ञवल्क्यको अनुकम्पाबाट प्राप्त भएको हो भने अथर्ववेद महाशालशौनक, पिप्पलाद आदिद्वारा प्रवर्तित मानिन्छ । यास्कका भनाइमा मन्त्रहरूलाई देखेका हुनाले उनीहरूको नाम ऋषि हुन गयो[2] । ऋषिले समाधिमा मन्त्रगत ज्ञानका साथै आफ्ना निर्मल अन्तःकरणमा मन्त्रहरूलाई पनि प्राप्त गरे । यिनीहरूलाई अतीन्द्रिय द्रष्टा पनि भनिएको छ । उनीहरूले आफ्ना अन्तःकरणमा स्थित वाणीलाई प्रकट गरी सम्पूर्ण मानवलाई सिकाए । यिनै वाणीलाई सात छन्दले वैदिकभाषामा व्यक्त गर्दछन्[3] । यी मन्त्रहरू यज्ञपुरुष परमात्माबाट प्रकट भएका हुन्[4] । त्यसैले आचार्य कात्यायनले ऋषिहरूलाई द्रष्टा र स्मर्ता पनि भनेका छन्[5] ।

१. इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यो ग्रन्थो वेदयति स वेदः । प्रत्यक्षेणाऽनुमित्या वा यस्तूपायो न बुध्यते । एनं विदन्ति वेदेन तस्माद् वेदस्य वेदता ॥ वेदभाष्यभूमिकासङ्ग्रह, पृ. २ ।

२. ऋषिर्दर्शनात् स्तोमान् ददर्श । निरुक्त, २.११ ।

३. यज्ञेन वाचः पदवीयमायन्तामन्वविन्दन्नृषिषु प्रविष्टाम् ।
तमाभृत्या व्यदधुः पुरुत्रा तां सप्तरेभा अभि सं नवन्ते ॥ ऋग्वेद, १०.७१.३ ।

४. तस्माद्यज्ञात्सर्वहुत ऋचः सामानि जज्ञिरे ।
छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत ॥ ऋग्वेद, १०.९०.९ ।

५. द्रष्टार ऋषयः स्मर्तारः । सर्वानुक्रमसूत्र ।

ऋषिहरू गृहस्थ थिए, प्रायः सबैका गोत्र र वंश छन् । उनीहरू जलमा कमलपत्रसमान गार्हस्थ्य जीवनका प्रपञ्चबाट निर्लिप्त, आत्मतत्वका चिन्तक एवं जीवनमुक्त थिए। उनीहरू अरण्यको एकान्त एवं शान्त पावनस्थलमा ब्रह्मचिन्तनमा लीन रहन्थे। उनीहरूको कण-कणमा 'आत्मवत् सर्वभूतेषु' अनुस्यूत थियो । आफूमा सम्पूर्ण सृष्टिलाई र सम्पूर्ण सृष्टिमा आफूलाई देख्दथे । त्यसैले उनीहरूले जडचेतन सबैलाई आत्मवत् संझेर सबैको स्तुति गरेका छन्। उनीहरू त्रिकालदर्शी, सिद्धयोगी एवं महान् तपस्वी थिए[६] । उनीहरू मानवका हितैषी[७], सेवाको मर्मलाई जान्ने एवं सेवाव्रतीप्रति सदैव प्रसन्न रहन्थे[८] । उनीहरूको विश्वास थियो सेवक यमपथबाट जाँदैन[९]। उनीहरू आलसीलाई घृणा गर्नुको साथै निन्दक र द्वेषीबाट टाढा रहन चाहन्थे[१०]। ब्रह्मद्वेषी र मांसभक्षकलाई शत्रु मान्दथे[११]। उनीहरूको अनुभव थियो हिंसक बुद्धिभ्रष्ट हुन्छ, अहिंसक भएर नै देवेन्द्रको दया प्राप्त गर्न सकिन्छ[१२] । यसरी ऋषिहरूले जगत् कल्याणका लागि अहिंसालाई अनिवार्य नियम मानेका छन्।

ऋषिहरू सत्यका पक्षपाती थिए । उनीहरूको प्रधानधर्म यज्ञानुष्ठान सत्यस्वरूप थियो भने उनीहरूका देवता पनि सत्यस्वरूप थिए[१३] । सूर्यदेवले सत्यको पूर्ति र असत्यलाई नाश गरेर विश्वको भारवहन गर्दछन्[१४] । यसरी उनीहरू सत्यलाई प्रकाश र असत्यलाई अन्धकार मान्दथे। उनीहरूको अनुभव रहेको छ- सत्य र असत्य परस्पर प्रतिस्पर्धी हुन्। सत्य सरलतम भएकोले सोमदेवले त्यसैको पालना गर्दछन् र असत्यलाई हिंसा गर्दछन्[१५] । सत्यको अवलम्बन गरेर नै आकाश र पृथ्वी, दिन र रात रहेका छन्। त्यसैमा सम्पूर्ण विश्व र प्राणिवृन्द आश्रित छन्, त्यसैको प्रभावबाट प्रतिदिन जल प्रवाहित हुन्छ र सूर्यदेव उदाउँछन्[१६] । ऋषिहरूको विश्वास थियो सत्यचक्रद्वारा नै विश्वचक्र सञ्चालित हुने गर्दछ। यसरी मन्त्रद्रष्टा ऋषिहरूको सर्वस्व सत्य थियो र सर्वाधिक घृणित वस्तु असत्य। यसैकारण अमरकोशकारले ऋषिको पर्यायका रूपमा सत्यवचस् शब्द प्रयोग गरेका छन्[१७] । अहिले पनि मानवीय आदर्शका लागि सत्य अनिवार्य र अपरिहार्य रहेको छ।

वैदिक संहितामा ऋषिहरूलाई प्राचीन र नवीन गरी दुई प्रकारले विभाजन गरिएको छ[१८] । यस प्रसङ्गले ऋषिहरूको पुस्तातर्फ पनि सङ्केत गर्दछ। अन्य शास्त्रहरूमा महर्षि,

६. ऋग्वेद, १.१५.११।
७. ऋग्वेद, ७.२९.४।
८. ऋग्वेद, १.५३.१।
९. ऋग्वेद, १.३८.५।
१०. ऋग्वेद, ६.५५.२७, २.२९.२, २.३०.६।
११. ऋग्वेद, ७.१०४.२।
१२. ऋग्वेद, ७.२०.८।
१३. ऋग्वेद, ८.९.१५।
१४. ऋग्वेद, १.१५२.३।
१५. ऋग्वेद, ७.१०४.१२-१३।
१६. ऋग्वेद, १०.३७.२।
१७. ऋषयः सत्यवचसः। अमरकोश, ब्रह्मवर्ग, २.४३।
१८. अग्नि पूर्वेभिऋषिभिरीड्यो नूतनैरुत। स देवाँ एह वक्षति। ऋग्वेद, १.१.२।

परमर्षि, देवर्षि, ब्रह्मर्षि, श्रुतर्षि, राजर्षि र काण्डर्षि गरी सात प्रकारका विशेषण लगाएर ऋषिहरूको विभाग गरिएको छ[१९]। यस विभागले उनीहरूको कर्मलाई सङ्केत गर्दछ।

वैदिक वाङ्मयमा ऋषिहरूसँग जोडिएर आउने महत्त्वपूर्ण विषय हो देवतातत्त्व। ऋषिहरूले मन्त्र वा सूक्तहरूका माध्यमबाट देवता या देवताहरू (युगल/-त्रयी/सामूहिक) को स्तुति र प्रशंसा गरेका छन्। त्यहाँ सामान्य रूपमा विचार गर्दा अनेक देवता देखिन्छन्। यसमा पनि विषमताको अपेक्षा साम्य अधिक उपलब्ध हुन्छ। रूपका दृष्टिले अनेक हुँदाहुँदै पनि भावका आधारमा देवताहरू अभेद देखिन्छन्। त्यसैले उनीहरू 'एकं सद् विप्रा बहुधा वदन्ति' का आधारमा सत्स्वरूप हुनुको साथै एक वा अद्वैत र रूपरहित छन् भने रूपका आधारमा अनेक छन्। यसरी वेदको बहुदेववाद अद्वैतवादको उपसृष्टि हो भन्दा अत्युक्ति हुने छैन। देवताले जुन स्वरूपमा ऋषिलाई दर्शन दिन्छन्, त्यस स्वरूपलाई उनले भुल्न सक्दैनन् र त्यसैलाई आफ्नो चेतनामा उतार्दा उनलाई सायुज्यप्राप्ति हुन्छ। कुनै पनि विभूतिको रूपमा आफूलाई इष्ट गर्ने सबै देवता आदित्य हुन्। यी आदित्यको रूपमा आकाशमा अहिले पनि प्रत्यक्ष छन्। देवताहरू अदितिका पुत्र हुन्। यसरी सबै देवता आदित्य हुन्। अदिति एउटा अखण्ड असीम शक्ति हो[२०]। इष्टलाभ भनेको परम ज्योतिप्राप्ति हो। देवताको उपासना र ज्योतिको उपासना एउटै हो। वैदिक साधनामा मूर्तिको विशेष प्रधानता थिएन। संहिताहरूमा देवताहरूलाई स्पष्ट रूपमा अमूर या अमूर्त या चिन्मय भनिएको छ[२१]। यिनी अमूर्त भएर पनि ऋषिका अन्तश्चेतनामा साकार रूपमा विद्यमान थिए।

देवताहरूको आदि र अन्त्य थियो। यिनीहरूको वर्णन स्वर्ग र पृथ्वीका अपत्यका रूपमा कहीं कहीं अन्य देवताका अपत्यका रूपमा पनि गरिएको छ। देवताहरूका पुस्ताहरू पनि देखिन्छन्। मन्त्रहरूमा 'पूर्वे देवा' उल्लेख पाइन्छ[२२]। देवताहरूको प्रथम युगको पनि उल्लेख छ[२३]। अथर्ववेदका अनुसार दश देवता अन्य देवताभन्दा पहिले विद्यमान थिए[२४]। मूलतः देवताहरू अमर थिएनन्। यिनीहरूलाई अमरत्वप्राप्ति सविता या अग्निबाट भएको थियो[२५]। अथर्ववेदका अनुसार देवताहरूले ब्रह्मचर्य या तपस्याद्वारा मृत्युमाथि विजय प्राप्त गरे[२६]। यसरी वैदिक कालमा निरपेक्ष रूपमा देवताहरू अमर भएको प्रमाण मिल्दैन। वेदोत्तरकालिक विचारधारामा देवताहरूको अमरता सापेक्ष रूपमा लिइएको छ। उनीहरूको अमरता एउटा युगविशेषसम्म सीमित थियो।

---

१९. सप्तब्रह्मर्षिदेवर्षिमहर्षिपरमर्षयः।
काण्डर्षिश्च श्रुतर्षिश्च राजर्षिश्च क्रमावराः॥ रत्नकोश/त्रिकाण्डकोश।

२०. अदितिर्द्यौरदितिरन्तरिक्षमदितिर्माता सपिता सपुत्रः।
विश्वेदेवा अदितिः पञ्चजना अदितिर्जातमदिर्तिजनित्वम्॥ ऋग्वेद, १.८९.१०।

२१. ये स्था निचेतारो अमूराः। ऋग्वेद, १०.६१.२७।

२२. देवाश्चित्ते असूर्याय पूर्वेऽनु क्षत्राय ममिरे सहांसि। ऋग्वेद, ७.२१.७।

२३. (क) देवानां पूर्वे युगेऽसतः सदजायत। ऋग्वेद, १०.७२.२।
(ख) देवानां युगे प्रथमेऽसतः सदजायत। ऋग्वेद, १०.७२.३।

२४. ये त आसन् दश जाता देवा देवेभ्यः पुरा। अथर्ववेद, ११.८.१०।

२५. ऋग्वेद, ४.५४.२। वाजसनेयिसंहिता, ३२.५४। अथर्ववेद, ४.२३.६।

२६. ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नत। अथर्ववेद, ११.५.१९।

देवताहरूको सङ्ख्याको बारेमा एकरूपता पाइँदैन । एक स्थानमा यिनको सङ्ख्या तेत्तीस बताइएको छ[२७] । ऋग्वेद एवं शुक्लयजुर्वेदसंहितामा देवताहरूको सङ्ख्या तीनहजार तीनसय उनन्चालीस (३३३९) रहेको बताइएको छ[२८] । ब्राह्मणग्रन्थहरूमा देवताहरूको सङ्ख्या तेत्तीस दिइएको छ। तीमध्ये आठ वसु, एघार रुद्र र बाह्र आदित्यका साथै द्यौस् र पृथ्वी अथवा इन्द्र र प्रजापति या वषट्कार र प्रजापतिलाई जोड्दा तेत्तीस सङ्ख्या हुन जान्छ[२९] । अथर्ववेदमा द्युःस्थ, अन्तरिक्षस्थ र पृथ्वीस्थ गरी देवताहरूलाई तीन भागमा विभाजन गरिएको छ तर त्यहाँ सङ्ख्या दिइएको छैन[३०] । आचार्य यास्कले विभिन्न देवताहरूलाई या एउटै देवताका विभिन्न रूपलाई पृथ्वीस्थान, अन्तरिक्षस्थान र द्युस्थान गरी तीन भागमा बाँडेका छन्[३१] । त्यहाँ उनले आफ्ना पूर्ववर्ती नैरुक्तहरूका अनुसार पृथ्वीमा अग्नि, अन्तरिक्षमा वायु या इन्द्र र द्युलोकमा सूर्य गरी केवल तीन देवतामात्र रहेको कुरा उल्लेख गरेका छन्[३२] । यसको आधार सूर्यले द्युलोकबाट, वायुले अन्तरिक्षबाट र अग्निले पृथ्वीलोकबाट हाम्रो रक्षा गरून् भन्ने ऋग्वेदको मन्त्र हो[३३] । प्रकारान्तरले देवताहरूको आजानदेव, कर्मदेव र आजानजदेव गरी तीन प्रकारले विभाजन गरेको पनि पाइन्छ। आजान देवताका बारेमा शुक्लयजुर्वेदमा उल्लेख छ[३४] । यसैको टीकामा आचार्य महीधरले आजानदेवलाई कर्मदेवभन्दा श्रेष्ठ मानेका छन्[३५] । आजानदेवहरू पनि हवि ग्रहण गर्ने र स्तुति ग्रहण गर्ने गरी दुई प्रकारका रहेका छन्। यसरी देवताहरूको सङ्ख्याका वारेमा अनेक मत भए पनि यथार्थमा यी कुराहरू देवताहरूको महिमाको वर्णनसँग सम्बद्ध छन्। निष्कर्षमा तेत्तीस देवता मानिएका छन्।

यसप्रकार वेद भनेको सत्यका पक्षपाती, त्रिकालदर्शी, तपःपूत मन्त्रद्रष्टा ऋषि-महर्षिहरूद्वारा दृष्ट ईश्वरीय ज्ञान हो र यसमा सयौं देवताहरूका अनेकौं रूप र कर्महरूको उल्लेख भए पनि मूलतः देवताहरूको सङ्ख्या तेत्तीस नै रहेको छ भन्ने कुरा माथिको उल्लेखबाट स्पष्ट हुन्छ । अथाह ज्ञानको भण्डारका रूपमा रहेका वेद

---

२७. (क) पत्नीवतस्त्रिंशतं त्रींश्च देवाननुष्वधमावहमादयस्व। ऋग्वेद, ३.६.९ ।
(ख) यस्य त्रयस्त्रिंशद्देवा अङ्गे सर्वे समाहिता। अथर्ववेद, १०.७.१३ ।

२८. त्रीणिशता त्री सहस्राण्यग्निं त्रिंशच्च देवा नव चासपर्यन्। ऋग्वेद, ३.९.९ । माध्यन्दिनसंहिता, ३३.७ ।

२९. शतपथब्राह्मण, ४.५.७.२ । ११.६.३.५ ।

३०. ये देवा दिविषदो अन्तरिक्षसदश्च ये ये चेमे भूम्यामधि।
तेभ्यस्त्वं धुक्ष्व सर्वदा क्षीरं सर्पिरथो मधु। अथर्ववेद, १०.९.१२ ।

३१. निरुक्त, ७.५ ।

३२. तिस्र एव देवता इति नैरुक्ताः । अग्निः पृथिवीस्थानः वायुर्वेन्द्रो वा अन्तरिक्षस्थानः । सूर्यो द्युस्थानः । निरुक्त, ७.५ ।

३३. सूर्यो नो दिवस्पातु वातो अन्तरिक्षात्। अग्निर्नः पार्थिवेभ्यः ॥ ऋग्वेद, १०.१५८.१ ।

३४. अद्भ्यः सम्भृतः पृथिव्यैरसाच्च विश्वकर्मणः समवर्तताग्रे।
तस्य त्वष्य विदधद्रूपमेतितन्मर्त्यस्यदेवत्वमाजानमग्रे॥ शुक्लयजुर्वेद-माध्यन्दिनसंहिता, ३१.१७ ।

३५. द्विविधा देवाः कर्मदेवा आजानदेवाश्च । कर्मणोत्कृष्टेन देवत्वं प्राप्ताः कर्मदेवाः, सृष्टयादावुत्पन्ना आजानदेवाः । ते कर्मदेवेभ्यः श्रेष्ठाः 'ये शतं कर्मदेवानामानन्दाः स एक आजानदेवानामानन्दः' (बृह. मा.४.१.३५) इति श्रुतेः सूर्यादय आजानदेवाः । शुक्लयजुर्वेद-मा.सं., ३१.१७ मा महीधरभाष्य।

मूलतः चारवटा भए पनि यिनका शाखा-प्रशाखा र ज्ञान-विज्ञानका अनेकौं पाठ्यहरूलाई प्रस्तुत गर्ने समग्र वैदिक वाङ्मयको राशि अन्यन्त विशाल छ। यस्तो विशाल र गहन विषयवस्तुलाई आधार बनाएर डा. ऋषिराम रेग्मीले **'वैदिक साहित्यको स्वरूप'** नामक महत्त्वपूर्ण ग्रन्थ तयार गर्नुभएको छ। यस ग्रन्थरत्नमा वेद र वेदाङ्गको सप्रमाण परिचयका साथै ती विधाहरूसँग सम्बद्ध लगभग सबै प्रमुख ग्रन्थहरूको स्वरूप सविस्तार प्रस्तुत गरिएको छ। यस ग्रन्थमा वैदिक साहित्यका ५०० भन्दा बढी विश्वका विभिन्न राष्ट्र र संस्थाहरूबाट प्रकाशित संस्करणहरूका साथै ती ग्रन्थहरूमा निबद्ध उल्लेख्य विषयहरूको विवरण पादटिप्पणीका साथ सजाइएको छ।

डा. रेग्मीद्वारा लेखिएको उक्त ग्रन्थ मैले आद्योपान्त अवलोकन गरें। यस कृतिले उहाँको वैदिक वाङ्मयप्रतिको अध्यवसाय, आफ्नो परम्पराप्रति निष्ठा र आफ्ना पेशाप्रतिको समर्पणभावलाई राम्ररी उद्घाटित गर्दछ। उहाँ अनुसन्धान र विश्लेषण-कलामा सिद्धहस्त हुनुहुन्छ। यस कृतिले उहाँको वैदिक साहित्यका सबै विधामा रहेको गहन ज्ञान र सूक्ष्मातिसूक्ष्म विषयलाई सरस एवं सरलतम भाषामा व्यक्त गर्न सक्ने अद्भुत शैलीलाई व्यक्त गरेको छ। **अध्यापन र अनुसन्धानमा संलग्न सबै विद्वान् प्राध्यापक एवं अनुसन्धाताहरूका लागि उहाँको अनुशीलन-पद्धति अनुकरणीय र अनुसरणीय रहेको छ।** विषयवस्तुका दृष्टिले हेर्दा वैदिक वाङ्मयको साङ्गोपाङ्ग ज्ञान दिने लगभग ४०० पृष्ठमा ग्रथित यस्तो ग्रन्थ अहिलेसम्म मेरो दृष्टिमा परेको छैन। यस ग्रन्थमा समाविष्ट सबै विषयहरूलाई उहाँले अनुसन्धानको कलामा ढाली पादटिप्पणीसहित प्रस्तुत गर्नुभएको छ। **यस ग्रन्थलाई प्रामाणिक बनाउन उहाँले जेजति विषयवस्तुहरू सङ्कलन गरेर सजाउनुभएको छ ती विषयहरूले उहाँको गहन अध्ययन, ज्ञानको विस्तृत दायरा र सम्बद्ध विषयप्रति मनसा, वाचा, कर्मणा गरिने समर्पणभावलाई उद्घाटित गर्दछन्।** यो ग्रन्थ वैदिक साहित्यका बारेमा विस्तृत ज्ञान राख्न चाहने पाठक, वैदिकवाङ्मयको अध्ययन-अध्यापनमा संलग्न छात्रछात्रा र अध्यापकहरूका लागि अत्यन्त उपयोगी र सहयोगी हुन सक्दछ। यो ग्रन्थ समस्त हिन्दू नरनारीहरूका लागि पनि पठनीय र सङ्ग्रहणीय रहेको छ। विशेष गरेर प्राच्य वाङ्मयको अध्ययन र अनुसन्धानमा संलग्न अनुसन्धाताहरूका लागि यो ग्रन्थ स्रोतग्रन्थको रूपमा आएको छ।

डा. रेग्मीको उक्त महनीय कृतिलाई हेर्दा उहाँ नूतन ऋषिको रूपमा स्थापित हुनुभएको मेरो अनुभूति छ। डा. ऋषिरामको यस कृतिले उहाँको साथै विश्वविद्यालयको समेत गरिमा बढाउने कुरामा म विश्वस्त छु। अन्त्यमा यस्तो गहनतम ग्रन्थ रचना गर्ने डा. रेग्मीलाई हार्दिक बधाइ दिँदै आगामी दिनमा पनि यस्तै महनीय कार्यले निरन्तरता पाइरहने छ भन्ने शुभकामनाका साथ विराम लिन्छु।

प्रा. माधवराज गौतम
(पूर्व उपकुलपति, नेपाल संस्कृत विश्वविद्यालय)
हाल : चाबहिल, काठमाडौं।
२०७३।०५।१९

शुभाशंसन

ग्रन्थप्रणयन आफैंमा महत्त्वपूर्ण कार्य हो । त्यसमा पनि सनातन धर्मको मूल वेद र त्यसका अङ्गहरूको स्वरूप एवं संरचनाका विषयमा नेपाली भाषामा तथ्यपरक प्रस्तुतिको महत्त्व सर्वाधिक रहेको छ, किनकि संस्कृत वाङ्मयमा कलम चलाउने र ग्रन्थाकारमा त्यसको प्रकाशन गर्न तत्परता देखाउने व्यक्तिको सङ्ख्या नै न्यून भइरहेका समयमा वैदिक वाङ्मयको प्रामाणिक ग्रन्थ प्रस्तुत गर्नु आफैंमा चुनौतिपूर्ण कार्य हो । यस्तै दुर्लभ कार्यको थालनी अथर्ववेद विषयका सहप्राध्यापक डा. ऋषिराम रेग्मीबाट भएको छ । तथ्यपूर्ण प्रस्तुतिपरक 'वैदिक साहित्यको स्वरूप' नामक ग्रन्थको मुद्रणका लागि तयार गरिएको प्रतिको अवलोकन गर्दा ग्रन्थकारले अनुसन्धानपूर्वक तयार गरेको यस ग्रन्थमा प्रस्तुत विषयवस्तु अत्यन्त महत्त्वपूर्ण रहेको अवगत भयो । यस ग्रन्थले वैदिक वाङ्मयका अनुसन्धातादेखि सामान्य जिज्ञासु अध्येतासम्मका अपेक्षा पूरा गर्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

यतिका महत्त्वपूर्ण विषयको नेपाली भाषामा सप्रमाण प्रस्तुतिलाई अभूतपूर्व प्रयास भन्दा अत्युक्ति नहोला । पौरस्त्य वाङ्मयको समृद्ध स्वरूप एवं त्यसमा प्रतिपादित विषयवस्तु आम नेपाली समक्ष पुऱ्याउन सकियो भने मात्र संस्कृत वाङ्मयको सच्चा सेवा ठहर्छ, अन्यथा केवल यशोगानबाट मात्र संस्कृत वाङ्मयको संरक्षण हुन सक्तैन । शास्त्रीय विषयलाई सरल शैलीमा प्रस्तुत गर्ने र भावनात्मकता भन्दा प्रमाणका आधारमा तथ्य प्रकाशन गर्न समर्थ यस्ता ग्रन्थको नेपाली समाजमा आदर हुनुपर्दछ । यसप्रकारका लेखनबाट नै यथार्थ बाहिर प्रकट हुने र समाज लाभान्वित हुने कुरामा कसैको पनि विमति नहोला । यसप्रकारका महत्त्वपूर्ण कार्य सम्पन्न गर्ने डा. ऋषिरामजीको नैरुज्य एवं उज्ज्वल भविष्यको लागि आराध्यदेव श्रीपशुपतिनाथसँग प्रार्थना गर्दै भविष्यमा यस्तै महत्त्वपूर्ण कृतिको निरन्तरताको अपेक्षा गर्दछु ।

प्रा. डा. माधवशरण उपाध्याय
(पूर्व शिक्षाध्यक्ष, नेपाल संस्कृत विश्वविद्यालय)
वाल्मीकि विद्यापीठ, काठमाडौं ।
२०७३।०४।०२

विषयसूची

भूमिका

प्रथम भाग : वैदिक साहित्यको शास्त्रीय स्वरूप

द्वितीय भाग : वैदिक साहित्यको संरचनागत स्वरूप

परिशिष्टभाग

सङ्केतितग्रन्थादिसूची

अ.	अध्याय	गौ.धर्म.	गौतमधर्मसूत्र
अ.को.	अमरकोश	गौ.पितृ.	गौतमपितृमेधसूत्र
अ.परि.	अथर्वपरिशिष्ट	च.परि.	चरणव्यूहपरिशिष्ट
अ.प्रा.	अथर्वप्रातिशाख्य	छं.शा.उ.वि.	छन्दश्शास्त्र का उद्भव एवं विस्तार
अ.सं.	अथर्ववेदसंहिता	छां.उ.	छान्दोग्य उपनिषद्
अनुवाका.	अनुवाकानुक्रमणी	जै.न्या.	जैमिनीयन्यायमाला
अर्थसं.	अर्थसङ्ग्रह	जै.सू.	जैमिनीयधर्ममीमांसासूत्र
आग्नि.गृ.	आग्निवेश्यगृह्यसूत्र	ज्यो.वृ.	ज्योत्स्नावृत्ति (प्रातिशाख्यटीका)
आप.धर्म.	आपस्तम्बधर्मसूत्र	ज्योत्स्ना.	ज्योत्स्नावृत्ति
आप.श्रौ.	आपस्तम्बश्रौतसूत्र	टि.	टिप्पणी
आश्व.गृ.	आश्वलायनगृह्यसूत्र	तं.वा.	तन्त्रवार्तिक
आश्व.श्रौ.	आश्वलायनश्रौतसूत्र	तां.ब्रा.	ताण्ड्यमहाब्राह्मण
इ.	इत्यादि	ताण्ड्यब्रा.	ताण्ड्यमहाब्राह्मण
उ.	उद्धृत	तु.	तुलनीय
उपो.	उपोद्घात	तै.आ.	तैत्तिरीय आरण्यक
उ.भा.	उवटभाष्य	तै.उ.	तैत्तिरीय उपनिषद्
उ.यु.सं.	उपनिषद्युगीन संस्कृति	तै.प्रा.	तैत्तिरीयप्रातिशाख्य
ऋ.	ऋग्वेदसंहिता	तै.ब्रा.	तैत्तिरीयब्राह्मण
ऋ.प्रा.	ऋग्वेदप्रातिशाख्य	तै.सं.	तैत्तिरीयसंहिता
ऋ.सर्वा.	ऋक्सर्वानुक्रमणी	दुर्गावृ.	दुर्गावृत्ति निरुक्तको
ऋग्वे.भा.भू.	ऋग्वेदादिभाष्यभूमिका	दैवतब्रा.	दैवतब्राह्मण (सामवेदीय)
ऐ.	ऐजन	द्र.	द्रष्टव्य
ऐ.आ.	ऐतरेय आरण्यक	ध.शा.इ.	धर्मशास्त्र का इतिहास
ऐ.ब्रा.	ऐतरेयब्राह्मण	नि./निरु.	निरुक्त
कं.	कण्डिका	नृ.पू.ता.उ.	नृसिंहपूर्वोत्तरतापनीयोपनिषद्
कपि.सं.	कपिष्ठलकठसंहिता	न्या.द.	न्यायदर्शन
कां.	काण्ड	प.	पद्य
का.बृ.उ.	काण्वबृहदारण्यकोपनिषद्	पा.अ.	पाणिनीय अष्टाध्यायिसूत्र
का.शुल्ब.	कात्यायनशुल्बसूत्र	पा.गृ.	पारस्करगृह्यसूत्र
का.श्रौ.	कात्यायनश्रौतसूत्र	पा.धा.	पाणिनीयधातुपाठ
कौ.सू.	कौशिकगृह्यसूत्र	पा.शि.	पाणिनीयशिक्षा
कौण्डि.शि.	कौण्डिन्न्यायनशिक्षा		
गो.ब्रा.	गोपथब्राह्मण		

पा.सू.	पाणिनीय अष्टाध्यायिसूत्र
...पु.	पुराण
प्र.हृ.	प्रपञ्चहृदय
प्रति.परि.	प्रतिज्ञापरिशिष्ट कात्यायनीय
प्रस्ता.	प्रस्तावना
बृ.उ.	बृहदारण्यक उपनिषद्
बृ.दे.	बृहद्देवता शौनकीय
बौ.ध.सू.	बौधायनधर्मसूत्र
बौधा.पितृ.	बौधायनपितृमेधसूत्र
भा.ज्यो.	भारतीय ज्योतिष
भाग.	श्रीमद्भागवतपुराण
भू.	भूमिका
मनु.	मनुस्मृति
म.भा.	महाभारत
महा.	महाभारत
महा.दीपि.	महाभाष्यदीपिका
मा.बृ.उ.	माध्यन्दिनबृहदारण्यकोपनिषद्
मा.श.ब्रा.	माध्यन्दिनशतपथब्राह्मण
मा.सं.	शुक्लयजुर्वेदमाध्यन्दिनसंहिता
मान.श्रौ.	मानवश्रौतसूत्र
मुं.उ.	मुण्डकोपनिषंद्
मै.सं.	मैत्रायणीसंहिता
यज्ञ.प्र.	यज्ञतत्त्वप्रकाश
या.स्मृ.	याज्ञवल्क्यस्मृति
याज्ञ.	याज्ञवल्क्यस्मृति
लो.म.दा.	लोकमणि दाहाल
वंशब्रा.	वंशब्राह्मण (सामवेदीय)
वा.	वार्तिक
वा.प्रा.	वाजसनेयिप्रातिशाख्य
वायुपु.	वायुपुराण
वासि.धर्म.	वासिष्ठधर्मसूत्र/शास्त्र
वि.पु.	विष्णुपुराण
वे.पर्या.	वेदशाखापर्यालोचन
वे.भा.भू.	वेदभाष्यभूमिकासङ्ग्रह

वै.ध.मू.	वैदिक धर्म मूल रूपमा
वै.वा.इ.	वैदिक वाङ्मयका इतिहास
वै.सा.सं.	वैदिक साहित्य और संस्कृति
वै.श्रौ.	वैतानश्रौतसूत्र
व्या.म.भा.	व्याकरणमहाभाष्य (पातञ्जल)
व्या.शा.इ.	व्याकरणशास्त्रस्येतिहास
श.क.द्रु.	शब्दकल्पद्रुम
श.चिं.	शब्दार्थचिन्तामणि
श.ब्रा.	माध्यन्दिनशतपथब्राह्मण
शां.आ.	शाङ्खायन आरण्यक
शां.ब्रा.	शाङ्खायनब्राह्मण
शां.श्रौ.	शाङ्खायनश्रौतसूत्र
श्लो.वा.	श्लोकवार्तिक
श्वेताश्व.उ.	श्वेताश्वतर उपनिषद्
सं.वा.बृ.इ.	संस्कृत वाङ्मय का बृहद् इतिहास
सं.व्या.शा.इ.	संस्कृत व्याकरणशास्त्र का इतिहास
स.प्र.	सत्यार्थप्रकाश
सत्या.प्र.	सत्यार्थप्रकाश
सत्या.श्रौ.	सत्याषाढश्रौतसूत्र
सां.का.	साङ्ख्यकारिका
सा.भा.	सायणभाष्य
सा.सं.	सामवेद-आर्चिकसंहिता
सा.सर्व.	सामसारसर्वस्व
साम.सर्वा.	सामवेदसर्वानुक्रमणी
साम.सर्व.	सामसारसर्वस्व
सि.कौ.	सिद्धान्तकौमुदी

भूमिका

१. वेद के हो?

वेदका मूल विषयमा प्रवेश गर्नुभन्दा पहिला वेद भनेको के हो र यसको प्राप्ति कसरी भयो भन्ने विषयमा सङ्क्षिप्त जानकारी राख्नु अनिवार्य हुन्छ। वेद र विद्या दुवै शब्द ज्ञानार्थक विद् धातुबाट निष्पन्न हुने भएकाले वेदको सामान्य अर्थ ज्ञान वा विद्या हो। अतः १४ विद्यामा वेदको पनि गणना हुन्छ (याज्ञ. १.३)। सामान्यार्थक वेद शब्द मूल वेदका लागि मात्र नभएर आयुर्वेद, धनुर्वेदजस्ता शास्त्रका लागि पनि प्रयोग हुन्छ। वेदको विशिष्ट वा परम्परागत अर्थ चाहिँ विशिष्ट आनुपूर्वीमा (अनुक्रममा) निबद्ध मन्त्र वा मन्त्र र ब्राह्मणयुक्त अलौकिक शब्दराशि, शास्त्र वा ज्ञान भन्ने हो। यस्तो ज्ञान, शब्दराशि वा शास्त्रको पहिलो प्राप्ति कसलाई कसरी भयो? वा वेदको दार्शनिक स्वरूप के हो? भन्ने सन्दर्भमा प्राचीन तथा अर्वाचीन विद्वान्हरूका बीचमा निकै लामो समयदेखि विस्तृत बहस वा शास्त्रीय चर्चा-परिचर्चा हुँदै आएको पाइन्छ।

वेद ऋषिप्रणीत ग्रन्थ हो : आध्यात्मिक भावनामा विश्वास नगर्ने र सबै विषयवस्तुको अध्ययन आधिभौतिक दृष्टिबाट मात्र हुनुपर्छ भन्ने विचार बोकेका भौतिकवादी विद्वान्हरूका मतमा वेद भनेको ऋषिप्रणीत शब्दराशि हो। अर्थात् उनीहरूका दृष्टिमा वेद कुनै विशिष्ट प्रकारको ज्ञान वा शास्त्र नभएर रामायण, महाभारत, स्मृति, पुराण इत्यादि ग्रन्थभन्दा पुरानो तर यस्तै प्रकृतिको निश्चित इतिहास र संस्कृति बोकेको सामान्य ग्रन्थ हो र यसको प्रणयन (निर्माण) विभिन्न ऋषिहरूद्वारा विभिन्न समयमा भएको हो। उनीहरूका दृष्टिमा ऋषि भनेका वैदिक मन्त्रका द्रष्टा होइनन्, कर्ता हुन्।

वेद ऋषिदृष्ट ज्ञान हो : वैदिक सनातन धर्म-संस्कृतिका प्रवर्तक विभिन्न शास्त्र र यसमा विश्वास राख्ने अनेक प्राचीन तथा अर्वाचीन विद्वान्हरूका मतमा वेद ऋषिप्रणीत सामान्य शास्त्र वा लौकिक ग्रन्थ नभएर ऋषिदृष्ट अलौकिक ज्ञान हो। अर्थात् अलौकिक सामर्थ्य र दैवी प्रतिभासम्पन्न समाधिस्थ ऋषिहरूको दिव्य तपोबलद्वारा साक्षात्कार गरिएको अकृत्रिम शब्दराशि वेद हो[1]। विद्यमान पदार्थहरू नै दृष्ट वा साक्षात्कृत हुने भएकाले वेद पहिलेदेखि नै अस्तित्वमा रहेको तथ्य यस सन्दर्भमा स्मरणीय हुन आउँछ। परमेश्वरको निश्वासबाट ऋक्, यजुः, साम र अथर्वका रूपमा प्रकटित[2] नित्य र शाश्वत वेदवाणी[3] स्वयम्भू ब्रह्माजीको इच्छा वा आज्ञाअनुसार प्रत्येक महायुगको अन्त्यमा अन्तर्हित (तिरोहित वा लुप्त) हुने र प्रत्येक महायुगका

---

१. साक्षात्कृतधर्माण ऋषयो बभूवुः।-निरुक्त १.२०.२। ऋष गतौ, ऋषिर्मन्त्रद्रष्ट्या। गत्यर्थत्वाद् ऋषेर्ज्ञानार्थत्वाद् मन्त्रं दृष्टवन्त ऋषयः -श्वेतवनवासीविरचित वृत्ति, उणादिसूत्र ४.१२९।

२. अस्य महतो भूतस्य निश्वसितमेतद् यदृग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः...-का.बृ.उ. ४.५.११।

३. तस्मै नूनमभिद्यवे वाचा विरूप नित्यया -ऋ. ८.७५.६।

आदिमा इन्द्रियातीत अर्थका (विषयका) द्रष्टा तपोमग्न ऋषिहरूका अन्तःकरणमा प्रकाशित (प्रविष्ट) हुने कुरा वेद, पुराण, इतिहास आदि प्राचीन ग्रन्थमा उल्लिखित छ[४]। यसरी विभिन्न ऋषिका अन्तःकरणमा प्रकाशित भएका वेद वा वेदवाक्यका कर्ता कोही पनि नभएका र अन्य प्रमाणबाट सिद्ध भएका प्रमाणका आधारमा कुनै पुरुषविशेषले नबनाएका (रचना नगरेका) शब्दराशि वा वाक्य भएकाले वेद अपौरुषेय मानिन्छन्[५]। यसैगरी शब्द, अर्थ र शब्दार्थको सम्बन्ध नित्य[६] भएका कारण शब्दात्मक वेद पनि स्वतः नित्य मानिन्छन्[७] भने अपौरुषेयत्वका कारण पुरुषमा (मानिसमा) रहने राग, द्वेष, अहङ्कार, काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, अज्ञान, अल्पज्ञता जस्ता विभिन्न दोषबाट पनि वेद मुक्त (नबिटुलिएका) छन्। अतः पुंदोषबाट (पुरुष वा मानवजातिमा रहने उपर्युक्त दोषबाट) सर्वथा मुक्त, नित्य र निर्दुष्ट वेदको प्रामाण्य स्वतः सिद्ध छ भन्ने कुरा मीमांसादर्शन लगायतका कतिपय दर्शन[८], स्मृति, पुराण, इतिहास इत्यादि प्राचीन ग्रन्थमा एकमतले उल्लेख गरिएको पाइन्छ।

यसप्रकार चार्ल्स डार्विनको विकासवादी सिद्धान्तमा आधारित तुलनात्मक वा ऐतिहासिक पद्धतिबाट वेदको अध्ययन गर्न चाहने पश्चिमी मुलुकका कतिपय विद्वान् र तिनकै अनुयायी भौतिकवादी चस्माले मात्र वेदको अध्ययन गर्ने भारतवर्षका केही अर्वाचीन विद्वान्हरूका दृष्टिमा वेद प्राचीन ऋषिहरूद्वारा रचना गरिएको ऐतिहासिक–सांस्कृतिक ग्रन्थ हो भने धार्मिक, दार्शनिक वा आध्यात्मिक

---

४. यज्ञेन वाचः पदवीयमायन् तामन्वविन्दन्नृषिषु प्रविष्टाम् –ऋ. १०.७१.३।
- युगान्तेऽन्तर्हितान् वेदान् सेतिहासान् महर्षयः।
  लेभिरे तपसा पूर्वमनुज्ञाताः स्वयम्भुवा ॥–महा.शान्ति. २१०.१९।
- अनादिनिधना नित्या वागुत्सृष्टा स्वयम्भुवा...–महा.शान्ति. २३२.२५; कूर्मपु. १.२.२७।
- ऋषीणां तप्यतामुग्रं तपः परमदुश्चरम्।
  मन्त्राः प्रादुर्बभूवुर्हि पूर्वमन्वन्तरेष्विह ॥–वायुपु. ५९.६०–६१।
- तथैव वेदशास्त्राणि लोकधर्मांश्च शाश्वतान्।
  प्रलयं प्रकृतिं प्राप्य युगादौ सृजते पुनः ॥–महा.शान्ति. २१०.१६।

५. साङ्ख्य (न पौरुषेयत्वं तत्कर्तुः पुरुषस्याभावात् (५.४५), वेदान्त (शास्त्रयोनित्वात् (१.१.२) र पूर्वमीमांसादर्शनमा (१.१.२७–३२) वेदलाई अपौरुषेय मानिएको छ भने न्याय, वैशेषिक र योगदर्शनमा चाहिँ पौरुषेय मानिएको छ।

६. औत्पत्तिकस्तु शब्दस्यार्थेन सम्बन्धः...–जै.सू. १.१.५। नित्यस्तु स्याद् दर्शनस्य परार्थत्वात्, सर्वत्र यौगपद्यात्, सङ्ख्याभावात् –जै.सू. १.१.१८–२०।

७. योग र वेदान्तदर्शनले वेदको प्रवाह–नित्यतालाई स्विकार्दछन्।

८. मीमांसा, साङ्ख्य (निजशक्त्यभिव्यक्तेः स्वतःप्रामाण्यम् (५.५१) र वेदान्तले वेदलाई स्वतः प्रमाण मान्दछन् भने योगले ईश्वरीय सत्त्वप्रकर्षका कारण, वैशेषिकले परमेश्वरद्वारा प्रणीत भएका कारण (तद्वचनादाम्नायस्य प्रामाण्यम् (१.१.३) र न्यायदर्शनले आप्तोक्त भएका कारण (मन्त्रायुर्वेदप्रामाण्यवच्च तत्प्रामाण्यमाप्तप्रामाण्यात् (२.१.६८) वेदलाई प्रमाण मान्दछन्।

विज्ञानका दृष्टिबाट वेदको अध्ययन गर्ने वैदिक सनातन परम्पराका शास्त्र तथा विद्वान्हरूका मतमा वेद भनेको राग-द्वेषशून्य ऋषिहरूका तपोबलबाट निस्सृत अलौकिक ज्ञानयुक्त, अपौरुषेय र कुनै कालका सीमामा नबाँधिएको नित्य तथा अनन्त ज्ञानको भण्डार[९] हो। अतः कुनै देश, काल, संस्कृति आदिको सङ्कुचित परिधिमा नबाँधिएको शाश्वत र सार्वभौम वेदको तुलना विश्वका कुनै पनि मानवनिर्मित ग्रन्थसँग हुन सक्तैन र यसको महत्त्व पनि अवर्णनीय छ।

२. वेदको महत्त्व

वेदको महत्त्व विभिन्न दृष्टिबाट उल्लेख गर्न सकिन्छ। तीमध्ये वैदिक सनातन परम्परामा वेदको महत्त्व धार्मिक-आध्यात्मिक पक्षबाट नै बढी स्वीकार्य भएकाले यहाँ सर्वप्रथम वेदको धार्मिक महत्त्वबारे सङ्क्षिप्त चर्चा गरिएको छ।

२.१ धार्मिक महत्त्व

धर्मको यौगिक अर्थ धारण गरिने अर्थात् हृदयमा स्थापन, रक्षण वा अनुभूत गरिने कुरा[१०] भन्ने भए पनि यसको विशेष लक्षण विभिन्न शास्त्रमा विभिन्न किसिमले गरिएको पाइन्छ। तीमध्ये जुन कर्म, विश्वास र अभ्यासद्वारा लौकिक-पारलौकिक सुखका साथ मोक्ष प्राप्त गर्न सकिन्छ, तिनै कर्म, विश्वास र अभ्यास धर्म हुन् भन्ने आशयको लक्षण कणाद ऋषिले गरेका छन्[११]। यसलाई धर्मको सामान्य लक्षण मान्न सकिन्छ भने वैदिक धर्मको विशेष लक्षण चाहिँ जैमिनिमुनिले मीमांसादर्शनमा बताएका छन्। उनका अनुसार धर्म भनेको वेदद्वारा विधान गरिएका कल्याणकारी कर्मको अनुष्ठान (आचरण) हो[१२]। स्मृति, पुराण, इतिहास आदि अन्य प्राचीन वाङ्मयमा पनि मूलतः धर्मका यिनै लक्षणको व्याख्या-विश्लेषण गरिएको पाइन्छ।

धर्मसूत्रकार गौतम र स्मृतिकार मनुले वेदलाई धर्मको मूल स्रोत[१३] भन्दै वेदबाट नै धर्मको उत्पत्ति[१४] भएकाले धर्मसम्बन्धी समस्त जिज्ञासामा परम (अन्तिम) प्रमाण वेद हुने[१५] कुरा उल्लेख गरेका छन्। यीबाहेकका अन्य स्मृति,

९. भरद्वाज ऋषिले ३०० वर्षसम्म वेदको अध्ययन गर्दा पनि पूर्ण ज्ञान प्राप्त गर्न नसकेको प्रसङ्गले वेदको अनन्तता सिद्ध हुन्छ- "भरद्वाजो ह त्रिभिरायुर्भिः... अनन्ता वै वेदाः...अथ त इतरदननूक्तमेव" (तै.ब्रा. ३.१०.११.३-४)।

१०. धारणाद् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः।
यत् स्याद् धारणसंयुक्तं स धर्म इति निश्चयः ॥-महा.कर्ण. ६९.५८।

११. यतोऽभ्युदय-निःश्रेयससिद्धिः स धर्मः -वैशेषिकसूत्र १.१.२।

१२. चोदनालक्षणोऽर्थो धर्मः -जै.सू. १.१.२।

१३. वेदो धर्ममूलम् -गौ.धर्म. १.१.१। वेदोऽखिलो धर्ममूलम् -मनु. २.६।

१४. वेदाद् धर्मो हि निर्बभौ -मनु. ५.४४।

१५. धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः -मनु. २.१३।

पुराण, इतिहास लगायतका प्राचीन ग्रन्थमा पनि वेदसँग तुलना गर्न मिल्ने अर्थात् वेदसमानका कुनै पनि शास्त्र संसारमा नभएकाले[१६] धर्ममा अन्तिम प्रमाण वेद नै हुने[१७] र वेदबाहेकका अन्य शास्त्र तथा शिष्टाचारहरू स्वशाखीय वेदका अनुकूल वा अविरोधी भएमा मात्र प्रमाण मानिने कुरा उल्लेख गरिएको पाइन्छ[१८]। यसप्रकार वैदिक सनातन धर्म र ज्ञानसँग सम्बद्ध समग्र शास्त्रको मूल वेद नै भएकाले मनुले यसलाई (वेदलाई) पितृ, देवता र मनुष्यको सनातन चक्षु[१९] (नेत्र, आँखा), समग्र प्राणीको धारक (पालक) तथा मानवका चारै पुरुषार्थ प्राप्त गर्ने प्रमुख साधन[२०] मान्दै चार वर्ण, तीन लोक, चार आश्रम, भूत, वर्तमान र भविष्यका समग्र क्रियाकलाप वेदबाट नै सिद्ध हुने[२१] कुरा उल्लेख गरेका छन्। अतः वेद सनातन धर्म-परम्पराका आस्तिक जनको अद्वितीय केन्द्र भएकाले वेदवाक्यका विषयमा गरिने नास्तिकका कुतर्क सर्वथा अमान्य हुन्छन्[२२] भन्ने मनुको दृढ धारणा रहेको छ।

२.२ आध्यात्मिक वा दार्शनिक महत्त्व

आध्यात्मिक वा दार्शनिक दृष्टिबाट हेर्दा भारतवर्षीय समग्र आस्तिक दर्शनका मूल स्रोत वेद हुन् भन्ने कुरा सर्वविदितै छ। वेदका विभिन्न मन्त्रहरूमा पुष्पित र आरण्यक एवं उपनिषद्ग्रन्थमा पल्लवित दर्शनका गहन सिद्धान्तहरू साङ्ख्य, मीमांसा, न्याय, वैशेषिक, वेदान्त, योग जस्ता श्रुतिमूलक दर्शनका प्राण

---

१६. न वेदशास्त्रादन्यत् तु किञ्चिच्छास्त्रं हि विद्यते -बृहद्योगियाज्ञ.स्मृ. १२.१। न वेदेन समं शास्त्रम् -पद्मपु. पातालखण्ड ९४.३७। नास्ति वेदात्परं शास्त्रम् -महा.अनु. १०६.६५; अत्रिस्मृ. १५१ पद्य (आनन्दाश्रम); भविष्यपु. १.१४७.४१। वेदप्रणिहितो धर्मो ह्यधर्मस्तद्विपर्ययः। वेदो नारायणः साक्षात् स्वयम्भूरिति शुश्रुम॥ -भाग. ६.१.४०।

१७. सर्वथा वेद एवाऽसौ धर्ममार्गप्रमाणकः -देवीभागवत ११.१.२६।
वेदा मे परमं चक्षुर्वेदा मे परमं बलम्।
वेदा मे परमं धाम वेदा मे ब्रह्म चोत्तरम्॥ -महा.शान्ति. ३४७.३२।

१८. वेदोक्तः परमो धर्मः स्मृतिशास्त्रगतोऽपरः।
शिष्टचीर्णः परः प्रोक्तस्त्रयो धर्माः सनातनाः॥ -महा.अनु. १४१.६५। तु.- गरुडपु. १.२१३.४।
स्वशाखे विद्यमाने यः परशास्त्रेण वर्तते।
भ्रूणहत्यासमं तस्य स्वशास्त्रमवमन्यतः॥ -बौधा.श्रौ. २९.८।
श्रुतिस्मृतिपुराणानां विरोधो यत्र दृश्यते।
तत्र श्रौतं प्रमाणं स्यात् तयोर्द्वैधे स्मृतिर्वरा॥ -वेदव्यासस्मृ. १.४।
देश-जाति-कुलधर्माश्चाऽऽम्नायैरविरुद्धाः प्रमाणम् -गौ.धर्म. २.२.२०। धर्मज्ञसमयः प्रमाणम्, वेदाश्च -आप.धर्म. १.१.१.२-३। श्रुतिस्मृतिविहितो धर्मः, तदलाभे शिष्टाचारः प्रमाणम् -वासिष्ठधर्म. १.४-५ इ.।

१९. पितृदेवमनुष्याणां वेदश्चक्षुः सनातनम् -मनु. १२.९४।

२०. बिभर्ति सर्वभूतानि वेदशास्त्रं सनातनम्। तस्मादेतत् परं मन्ये यज्जन्तोरस्य साधनम्॥ -मनु. १२.९९।

२१. चातुर्वर्ण्यं त्रयो लोकाश्चत्वारश्चाश्रमाः पृथक्। भूतं भव्यं भविष्यं च सर्वं वेदात्प्रसिध्यति॥ -मनु. १२.९७।

२२. योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद्द्विजः। स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः॥ -मनु. २.११।

बने भने बौद्ध, जैन लगायतका नास्तिक दर्शनका रूपमा चिनिने कतिपय अन्य दर्शनका आधार समेत वेद नै हुन् भन्ने मानिन्छ। त्यसैले वैदिक मन्त्रसंहिताहरूमा नै उपलब्ध हुने र आरण्यक एवं उपनिषद्ग्रन्थमा विस्तारित दार्शनिक चिन्तनका प्रमुख आधारस्तम्भका रूपमा चिनिने निम्नलिखित सूक्तहरूको अध्ययन-विश्लेषण वैदिक दर्शनको गहिराइमा पुग्न चाहनेका लागि अत्यन्त महत्त्वपूर्ण साबित हुन्छ।

अस्यवामीय-सूक्त (ऋ. १.१६४; अ.सं. ९.९), नासदीय-सूक्त (ऋ. १०.१२९), अदितिसूक्त (ऋ. १.८९), पुरुषसूक्त (ऋ. १०.९०; मा.सं. ३१ अ.; अ.सं. १९.६), हिरण्यगर्भ-सूक्त (ऋ. १०.१२१), वाक्सूक्त (ऋ. १०.१२५; अ.सं. ४.३०), विराट्सूक्त (अ.सं. ८.९-१०), वेनसूक्त (अ.सं. ४.१-२), आत्मसूक्त (अ.सं. ९.१०), ज्येष्ठब्रह्मसूक्त (अ.सं. १०.८), स्कम्भसूक्त (अ.सं. १०.७), प्राणसूक्त (अ.सं. ११.४), उच्छिष्टसूक्त (अ.सं. ११.७), व्रात्यकाण्ड (अ.सं. १५.१-१८), रोहितकाण्ड (अ.सं. १३.१-४), कालसूक्त (अ.सं. १९.५३-५४), कुन्तापसूक्त (अ.सं. २०.१२७-१३६), रात्रिसूक्त (अ.सं. १९.४७-५०), मन्युसूक्त (अ.सं. ११.८), मृत्युसूक्त (अ.सं. ८.१), ब्रह्मविद्यासूक्त (अ.सं. ५.६), अनड्वान्-सूक्त (अ.सं. ४.११) इत्यादि सूक्तहरू मध्ये कुनैमा सृष्टिविद्या, कुनैमा प्राणविद्या, कुनैमा माया वा प्रकृतिवाद, कुनैमा ब्रह्मकारणतावाद जस्ता अनेक प्रकारका दार्शनिक चिन्तनका गुत्थीहरू प्राप्त हुन्छन्।

२.३ सामाजिक महत्त्व

यद्यपि वैदिक सनातन परम्परामा वेदको धार्मिक र आध्यात्मिक महत्त्व बढी स्वीकार्य भएकाले वेदमा वर्णित इतिहास, विज्ञान, समाज, राजनीति इत्यादि विषयलाई लौकिक दृष्टिबाट हेरिनु हुँदैन भन्ने मान्यता उक्त परम्पराका कट्टरतावादी पण्डितहरूमा रहेको पाइन्छ अर्थात् ध्वनिका समानताको नियमअनुसार[२३] वेदोक्त शब्द नै लोकमा ग्रहण गरिने हुँदा लोकोक्त विषय वेदमा छैनन् भन्ने मीमांसकहरूको मत छ, तथापि आधुनिक दृष्टिबाट वेदको अध्ययन-अनुसन्धान गर्न चाहने कतिपय अनुसन्धाताहरूले वेदमा गर्भित धर्म-संस्कृति, इतिहास, कला, विज्ञान, समाज इत्यादिसँग सम्बद्ध अनेकौं विषयहरूलाई लौकिक उपयोगिताका दृष्टिले समेत मूल्याङ्कन गर्दा वेद र यसका अनुयायीहरूको गौरव अझै बढ्दै जान्छ भन्ने मान्यता राख्छन्। त्यसैले यहाँ वेदको धार्मिक महत्त्वलाई केन्द्रमा राखी लौकिक उपयोगिताको दृष्टिबाट समेत वेदको अध्ययन-अनुसन्धान गर्न सकिने तथ्यतर्फ सङ्केत गर्न खोजिएको छ।

वैदिक समाज वा वैदिक सनातन परम्परामा धर्म र अध्यात्मदर्शनको महत्त्व सर्वोपरि रहेको कुरा माथि नै उल्लेख गरियो। उक्त धर्म र दर्शनमा आधारित वैदिक

२३. परं तु श्रुतिसामान्यमात्रम् -जै.सू. १.१.३१।

समाज कति उन्नत र आदर्शमय थियो भन्ने कुराको यथार्थ बोध गर्न पनि वेदको अध्ययन आवश्यक हुन्छ। वैदिक समाज आध्यात्मिक र आधिदैविक दृष्टिबाट मात्र नभई आधिभौतिक दृष्टिबाट समेत समुन्नत भएको कुरा वैदिक ग्रन्थहरूको अध्ययनबाट हामीले अवगत गर्न सक्छौं।

२.३.१ भौतिक उन्नतिले युक्त समाज

यद्यपि वैदिक समाजको चरम लक्ष्य आधिदैविक-आध्यात्मिक सुख प्राप्त गर्नु नै भएकाले वैदिक ग्रन्थमा भौतिक सुख-सुविधा वा पदार्थलाई त्यति महत्त्व दिइएको पाइँदैन, तथापि तात्कालिक समाज भौतिक पदार्थको उपयोगबाट निकै टाढा थियो वा वैदिक ऋषिहरू भौतिक उन्नतिका स्रोत-साधनबारे अनभिज्ञ थिए भन्ने कतिपय दुराग्रहीको भनाइ सर्वथा गलत हो भन्ने कुरा वेदका मन्त्रको अध्ययनबाट स्पष्ट हुन्छ।

चार वर्ण, चार आश्रम र अनेक संस्कारका मर्यादामा चलेको वैदिक समाजमा खानपान, रहनसहन, वेशभूषा इत्यादिको व्यवस्था कस्तो थियो भन्ने विस्तृत विवरण पृथक् रूपमा नै उल्लेख गर्नुपर्ने भएकाले यहाँ यसबारे दुई-चारवटा सङ्केत मात्र प्रस्तुत गरिएका छन्। सयौं द्वार र हजारौं खम्बायुक्त विशाल तथा वातानुकूलित राजभवनहरू (ऋ. २.४१.५, ५.६२.६, ७.८८.५, १०.१४२.८; अ.सं. ६.१०६.१-३ इ.); इट्टा, बाँस, फलाम, सुन इत्यादि पदार्थ भवननिर्माणका मुख्य उपकरण (मा.सं. १७.२, १३.३१, १४.११; श.ब्रा. ६.१.२.२२; अ.सं. ९.३.४, १७; ऋ. ७.३.७, ७.१५.१४ इ.); फलाम तथा ढुंगाद्वारा बनेका विशेष सुरक्षायुक्त सयौं नगर (ऋ. ७.१५.१४, १.५४.६, १.५८.८, ४.३०.२०; अ.सं. १९.५८.४ इ.); जौ, चामल, गहुँ, तिल, मुँग, मास, मसुरो, चना लगायतका खाद्यान्नको प्रयोग; सयौं प्रकार र लाखौं सङ्ख्याका पशुहरूको पालन, तीमध्ये गाई, घोडा र ऊँटको प्रयोग अत्यधिक; पृथुश्रवा राजाले साठी हजार घोडा, दुई हजार ऊँट, एक हजार काला घोडा, दश हजार गाई र साठी हजार गोरु दान गरेको प्रसङ्ग (ऋ. ८.४६.२२, २९); घोडालाई समेत सुनका अलङ्कारले सुशोभित पार्नु (ऋ. ४.२.८); अरुण नामका राजाले दश हजार स्वर्णमुद्रा अत्रि ऋषिलाई दान दिनु (ऋ. ५.२७.१); बाल-बच्चालाई अनेक किसिमका हार, बाला आदिले अलङ्कृत पार्नु (ऋ. ९.१०४.१); सुनका माला पहिरनु (ऋ. ५.५३.४); पुरुषन्ति राजाले अवत्सार ऋषिलाई तीस हजार वस्त्र दान दिनु (ऋ. ९.५८.४); पाँचसय रथ एकैपटक चल्नु (ऋ. १०.९३.१४); अनेक चक्र, हजार धुर र हजार घोडायुक्त रथ चलाउनु (तै.आ. १.३१.१); मन र वायुजस्तै वेगशाली विमान उडाउनु (ऋ. १.११८.१, १.१२०.१०, ४.३६.१); अनेक समुद्रको यात्रा गर्नु (ऋ. ७.८८.३, १.११६.३) र समुद्रमा पंखायुक्त नाउ चलाउनु (ऋ. १.१८२.५); भाला, धनुर्बाण, सुन र फलामे टोपी वा हेलमेट, पञ्जा, अनेक किसिमका तरवार, सुन र फलामे

कवच इत्यादि धारण गर्ने (ऋ. ६.७५ सू., १.२५.१३, १.५६.३) र मेघजस्तै बाणवर्षा गर्ने प्रसङ्ग (ऋ. १०.१०२.११); मुद्रानीतिका ज्ञाता (ऋ. ५.२७.२) आर्यहरूले तलबी नोकर राख्नु (ऋ. ९.१०३.१) इत्यादि वेदका मन्त्रमा उल्लेख भएका अनेक घटना र प्रसङ्गले तात्कालिक वैदिक समाजमा आधिभौतिक उन्नति पनि प्रशस्त मात्रामा भएको थियो भन्ने बुझिन्छ।

२.३.२ आधिदैविक विश्वासमा चलेको समाज

कुनै समाज व्यवस्थित र आदर्शमय बन्नका लागि त्यहाँ या त अत्यन्त कडा खालको दण्ड-सजायको व्यवस्था हुनुपर्छ या त दैवी विश्वास र नैतिक सिद्धान्तमा आधारित समाज हुनुपर्छ। वैदिक समाज आधिदैविक विश्वास र नैतिक सिद्धान्तमा आधारित भएकाले यसले वेदविहित कर्मको पालना र सिद्धान्तको अनुसरण गरेको पाइन्छ। दिव्य गुण, शक्ति, चरित्र, विभूति र दिव्यलोकको प्राप्तिका लागि वेदमा सत्य, सदाचार, नीति, याज्ञिक नियम आदिको पालनालाई महत्त्व दिइएको छ। सत्यको उत्पत्ति प्रज्वलित तपबाट भएको कुरा ऋग्वेदबाट (१०.१९०.१) विदित हुन्छ। निजी स्वार्थभन्दा माथि उठेर सधैं सत्य बोल्ने, सत्य-सङ्कल्प गर्ने र सत्कर्म गर्ने आदेश वेदका स्थान-स्थान र प्रकरण-प्रकरणमा दिइएको छ। असत्यप्रति घृणा र सत्यप्रतिको निष्ठा[२४] नै आर्यजातिको प्रमुख चिनारी हो। त्यसैले वेदमा असत्य बोल्नेको पवित्रता नष्ट हुने[२५], असत्य बोल्दा वाणीमा छिद्रता पैदा हुने[२६], असत्यवादीको तेज कम हुने र ऊ प्रतिदिन पापी हुँदै जाने[२७], सत्यबाट नै स्वर्गको प्राप्ति हुने[२८] भन्दै वेदका तीनवटै स्वरूपलाई सत्यको रूप मानिएको[२९] र सत्यवादीलाई अजेय[३०] भनिएको छ। यज्ञकर्ताले झूटो बोल्न र मासु खान नहुने[३१], सुरापान गर्दा[३२] अर्काको द्वेष गर्दा, चोरी-डकैती गर्दा र कसैलाई गाली गर्दा पाप लाग्ने[३३] कुरा वैदिक ग्रन्थमा बताइएको छ। अहङ्कारलाई अधःपतनको द्वार[३४] भन्दै सधैं सत्य बोल्न, धर्म

---

२४. सत्यमेव जयति, नाऽनृतम् -मुं.उ. ३.१.६।
२५. अमेध्यो वै पुरुषो यदनृतं वदति -श.ब्रा. ३.१.३.१८।
२६. वाचश्छिद्रं यदनृतम् -ताण्ड्यब्रा. ८.६.१३।
२७. अथ योऽनृतं वदति...तस्य कनीयः कनीय एव तेजो भवति, श्वः श्वः पापीयान् भवति -श.ब्रा. २.२.२.१९।
२८. ऋतेनैवैनं स्वर्गं लोकं गमयन्ति -ताण्ड्यब्रा. १८.२.९।
२९. तद्यत्तत्सत्यम्, त्रयी सा विद्या -श.ब्रा. ९.५.१.१८।
३०. अनपजय्यं... भवति, य एवं विद्वान्त्सत्यं वदति -श.ब्रा. ३.४.२.८।
३१. तस्यैतद् व्रतं नानृतं वदेन्न मांसमश्नीयात् -तै.सं. २.५.५.६।
३२. तस्माद् ब्राह्मणः सुरां न पिबेत्... -मै.सं. २.४.२, तस्माद् ब्राह्मणस्सुरां न पिबति पाप्मना नेत्संसृज्या इति -काठकसं. १२.१२।
३३. द्विषन् द्विषतो वा...पाप्मानं हि तस्य...-आप.धर्म. २.३.६.१९-२०।
३४. पराभवस्य हैतन्मुखं यदतिमानः -श.ब्रा. ५.१.१.१।

गर्न र यिनीहरूबाट कहिल्यै टाढा नहुन[३५] वेदका वाक्यले निर्देश गरेका छन्। गौतम धर्मसूत्रका अनुसार दया, सहिष्णुता, द्वेषशून्यता, शुद्धता लगायतका प्रसिद्ध आठ सद्गुणबाट शून्य व्यक्तिले उत्तम पुरुषार्थ प्राप्त गर्न सक्तैनन्[३६]। वासिष्ठ-धर्म-सूत्रमा पनि सत्य र सद्गुणलाई महत्त्व दिँदै 'जसरी चरा-चुरुङ्गीका बचेराहरू प्वाँख निस्केपछि गुँड छोडेर भाग्छन् त्यसरी नै वेद र वेदाङ्गशास्त्रले पनि सद्गुणशून्य अनाचारी व्यक्तिलाई त्यागिदिन्छन्'[३७] भनिएको छ।

२.३.३ समर्पणभावयुक्त यज्ञमय समाज

यज्ञ र समर्पणभाव वैदिक समाजका प्राणतत्त्व हुन्। वस्तुतः यज्ञ भनेको समुचित पात्रका लागि उचित वस्तुको त्याग हो[३८] र त्यागको अर्थ स्वत्वनिवृत्ति अर्थात् निःस्वार्थ रूपमा गरिने दान हो। दानमा सधैं श्रद्धा र समर्पणभाव रहेको हुनुपर्छ[३९]। त्यसैले यज्ञको अर्थ त्याग, समर्पण, देवपूजा, उपासना, दान, परोपकार इत्यादि हुन्छ।

वेदमा दान र यज्ञको महत्त्व अत्यधिक मात्रामा बताइएको पाइन्छ[४०]। जसले अरूलाई दान दिन्छ, त्यस्ता व्यक्तिलाई मणि-मुक्तादि सारा समृद्धिका वस्तुहरू प्राप्त हुन्छन्, उसमा सूर्य आदि द्युलोकवासी देवताको कृपा रहन्छ र उसले दीर्घायु प्राप्त गर्दै अन्त्यमा जरा-मरणशून्य स्थान अर्थात् मोक्ष प्राप्त गर्दछ[४१]। अरूलाई दान दिँदा आफूलाई पनि अरूले दिन्छ, अरूलाई विश्वास गर्दा आफूलाई पनि अरूले विश्वास गर्छन्, अरूलाई सम्मान गर्दा आफू पनि अरूबाट सम्मानित भइन्छ[४२]। आफ्नो धन धार्मिक कार्यमा खर्च पनि नगर्ने, दीन-दुखी, इष्टमित्रलाई पनि नदिने स्वार्थी, अनुदार र पापी व्यक्तिले लौकिक र पारलौकिक कुनै सुख प्राप्त गर्न सक्तैनन्[४३]। त्यसैले दान वा परस्परमा सहयोग, समर्पण, सद्भाव व्यक्त गर्ने संस्कृति सबैमा

---

३५. सत्यं वद, धर्मं चर, सत्यान्न प्रमदितव्यम्, धर्मान्न प्रमदितव्यम् -तै.आ. ७.११.१।

३६. अथाष्ट्यवात्मगुणाः, दया सर्वभूतेषु क्षान्तिरनसूया...न चाष्ट्यवात्मगुणा न ब्रह्मणः सायुज्यं सालोक्यं गच्छति -गौ.धर्म. ८.२०-२२।

३७. आचारहीनं न पुनन्ति वेदा यद्यप्यधीताः सह षड्भिरङ्गैः।
छन्दांस्येनं मृत्युकाले त्यजन्ति नीडं शकुन्ता इव जातपक्षाः॥-वासि.धर्म. ६.३।

३८. यज्ञं व्याख्यास्यामः, द्रव्यं देवता त्यागः -का.श्रौ. १.२.१-२।

३९. श्रद्धया देयम्, अश्रद्धयाऽदेयम् -तै.आ. ७.११.३, तै.उ. १.११.३।

४०. दानमिति सर्वाणि भूतानि प्रशंसन्ति। दानेन द्विषन्तो मित्रा भवन्ति दाने सर्वं प्रतिष्ठितम्, तस्माद्दानं परमं वदन्ति...यज्ञेन द्विषन्तो मित्रा भवन्ति, यज्ञे सर्वं प्रतिष्ठितम्।-तै.आ. १०.७८(६२).१ र ७९(६३).१।

४१. दक्षिणावतामिदिमानि चित्रा दक्षिणावतां दिवि सूर्यासः। दक्षिणावन्तो अमृतं भजन्ते दक्षिणावन्तः प्र तिरन्त आयुः॥-ऋ. १.१२५.६।

४२. देहि मे ददामि ते नि मे धेहि नि ते दधे। निहारं च हरासि मे निहारं नि हराणि ते स्वाहा॥ -मा.सं. ३.५०।

४३. मोघमन्नं विन्दते अप्रचेताः सत्यं ब्रवीमि वध इत् स तस्य। नार्यमणं पुष्यति नो सखायं केवलाघो भवति केवलादी॥-ऋ. १०.११७.६।

व्याप्त होस्, सबैका शरीर र मन वा अन्तःकरण तथा कर्महरू पारस्परिक अनुरागद्वारा बाँधियून्[४४] समाजमा बस्ने सबै मानिसहरू प्रभूत धनले युक्त बनून्, सबै सबैका लागि मित्र बनून्, मधुर पदार्थको भोजनद्वारा सबै आनन्दित रहून्, कोही पनि भोक र प्यासले व्याकुल नबनून्[४५]; परस्परमा सबैले मधुर र तेजस्वी वाणी उच्चारण गरून्[४६]; सबैको जिब्राको मूल, मध्य र अग्रभागमा मिठास रहोस् अर्थात् वाणीमा सधैं मधुरताको प्रयोग होस्[४७]; आदर्श समाज निर्माण गर्नका लागि सबै व्यक्ति सहृदयी बन, परस्परमा द्वेष नगर, मनमा एकताको भाव बढाऊ[४८] भन्ने सामाजिक आदर्शका अनगिन्ती उद्घोष वेदमा प्राप्त हुन्छन्।

यसरी दान वा पारस्परिक सहयोग, समर्पण र अनुरागमा बाँधिएको वैदिक समाजमा यज्ञलाई संसारका समग्र प्राणी र द्युलोकनिवासी देवताहरूको आत्मा भनिएको छ[४९]। यज्ञ विष्णु[५०], आदित्य[५१], प्रजापति[५२] इत्यादि देवताको स्वरूप र संसारको पहिलो एवं मुख्य धर्म[५३] भएकाले मानवजातिको पहिलो, मुख्य र श्रेष्ठतम कर्म पनि यज्ञ नै हो[५४] भन्ने कुरा वेदमा उद्घोष गरिएको छ। अग्निमा दिइएको हवि धुवाँमा परिणत भई वायुका सहायताबाट सूर्यतर्फ गएर बादलका रूपमा समस्त अन्तरिक्षमा व्याप्त हुन्छ। सूर्यका प्रभावबाट मेघमण्डलमा पुगेको हवि (बादल) वर्षाका रूपमा पुनः पृथिवीमा फर्केपछि यहाँ अन्नादि पदार्थ उत्पन्न हुन्छन् र यसबाट समग्र प्राणीको रक्षा हुन्छ[५५]। यसअतिरिक्त अग्निमा दिइएको हविबाट पार्थिव पदार्थ, वायु र सूर्यका किरण पनि शुद्ध हुन्छन्। हविबाट देवता तृप्त भई उनीहरूले

---

४४. सं वः पृच्यन्तां तन्वः सं मनांसि समु व्रता -अ.सं. ६.७४.१।
४५. उपहूता भूरिधनाः सखायः स्वादुसंमुदः। अक्षुध्या अतृष्या स्त -अ.सं. ७.६०.४।
४६. भर्गस्वतीं वाचमावदानि ज़नाँ अनु -अ.सं. ६.६९.२।
४७. जिह्वाया अग्रे मधु मे जिह्वामूले मधूलकम् -अ.सं. १.३४.२।
४८. सहृदयं साम्मनस्यमविद्वेषं कृणोमि वः -अ.सं. ३.३०.१।
४९. सर्वेषां वा एष भूतानां सर्वेषां देवानामात्मा यद्यज्ञः -श.ब्रा. १४.३.२.१।
५०. यज्ञो वै विष्णुः -तै.सं. ३.५.१.४।
५१. स यः स विष्णुः, यज्ञः सः, स यः स यज्ञः, असौ सऽआदित्यः -श.ब्रा. १४.१.१.६।
५२. यज्ञो यत् प्रजापतिः -श.ब्रा. ४.३.४.३; गो.ब्रा. २.४.१२।
५३. यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन् -ऋ. १.१६४.५०, १०.९०.१६; मा.सं. ३१.१६; तै.सं. ३.५.११.५; तै.आ. ३.२.७; श.ब्रा. १०.२.२.३; अ.सं. ७.५.१।
५४. यज्ञो वै श्रेष्ठतमं कर्म -श.ब्रा. १.७.१.५।
५५. अग्नेर्वै धूमो जायते, धूमाद् अभ्रम्, अभ्राद् वृष्टिः -श.ब्रा. ५.३.५.१७।
अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः॥-मनु. ३.७६। तु.- अन्नमेव प्रजाः, अन्नाद्धि सम्भवन्ति -श.ब्रा. २.५.१.६।
अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः।
यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः॥-महा.भीष्मपर्व ३.१४; भगवद्गीता ३.१४।

मानव-समाजको कल्याण गर्दछन् र यज्ञको अनुष्ठानबाट यजमानलाई स्वर्गरूप फल पनि प्राप्त हुन्छ। यज्ञमा देवताको पूजा-आराधना गर्दा याजकमा पनि देवत्व प्राप्त हुन्छ। यसप्रकार यज्ञमा अनेक किसिमका विशेषता र महत्त्व अन्तर्निहित भएका हुँदा वैदिक समाजले यज्ञ अर्थात् आदान-प्रदानको संस्कृतिलाई अत्यन्त महत्त्व दिएको छ।

२.४ ऐतिहासिक महत्त्व

ऐतिहासिक र पुरातात्त्विक दृष्टिबाट हेर्ने हो भने वेदमा विश्वको सर्वप्राचीन इतिहास र कला हामीले प्राप्त गर्न सक्छौं। वेदमा प्रसिद्ध दाशराज्ञ-युद्ध[५६] (ऋ. ७.८३.७-८, ७.१८; अ.सं. २०.३७.३, ६), हरिश्चन्द्रोपाख्यान (ऐ.ब्रा. ३३ अध्याय), वृत्र वा त्वष्टाको इतिहास (श.ब्रा. १.५.२.१८-२०, १.६.३.१-१८; तै.सं. २.५.१.१-२; निरु. २.१६.२), निरुक्तमा वर्णित देवापि र शन्तनुको इतिहास (२.१०.६) र विभिन्न मन्त्रसंहिता, ब्राह्मण, आरण्यक, उपनिषद् लगायतका ग्रन्थमा प्राप्त हुने अनेक किसिमका प्रदेश, नगर, अनेक ऋषिवंश, राजवंश इत्यादिको वर्णनलाई **वैदिक इतिहास** भन्न सकिन्छ।

उपर्युक्त इतिहासका अतिरिक्त वेदमा वर्णित अनेक नदी-नाला, समुद्र, वन-पर्वत, राष्ट्र, प्रदेश, अनेक लोक इत्यादि विषयलाई वैदिक भूगोल वा प्राचीन **भौगोलिक इतिहास**; राजा, प्रजा, सेना, शस्त्र-अस्त्र, सभा, समिति, युद्धकार्य, शासनव्यवस्था इत्यादि विषयलाई वैदिक राज्यव्यवस्था वा **राजनीतिक इतिहास**; चार वर्ण, चार आश्रम, गर्भाधान, पुंसवन, उपनयन, विवाह, अन्त्येष्टि लगायतका संस्कार; वस्त्र, परिधान, विविध आभूषण, व्यक्तिगत र पारिवारिक आचरण, पारस्परिक सहयोग, समता, सहृदयता, सामञ्जस्य जस्ता मानवीय मूल्य र मान्यता-सँग सम्बद्ध अनेकौं विचार र विषयहरूलाई वैदिक समाजव्यवस्था वा **सामाजिक इतिहास**; कृषि, अन्न, फलफूल, ओषधि-वनस्पति, पशुपालन, विविध शिल्पसँग सम्बद्ध विषयहरूलाई वैदिक अर्थव्यवस्था वा **आर्थिक इतिहास**; विराट् पुरुष, ब्रह्म, ब्रह्मका विविध स्वरूप, ईश्वर, जीवात्मा, प्रकृति, एकेश्वरवाद, त्रैतवाद, बहुदेवतावाद, मनोविज्ञान, प्राणविद्या, सृष्टिविद्या लगायतका विषयलाई वैदिक दर्शन वा **दार्शनिक इतिहास** भन्न सक्छौं।

पुरातात्त्विक दृष्टिबाट हेर्दा रेखागणितका (शुल्बसूत्रका) आधारमा निर्माण गरिने अनेक किसिमका यज्ञशाला, भवन, वेदी, अग्निकुण्ड र चितिहरूको व्यवस्था इत्यादि स्थापत्यविद्या वा कला वैदिक ग्रन्थमा प्राप्त हुन्छ। आधुनिक विज्ञानसँग

५६. यस युद्धमा ९९ नगर ध्वस्त भएका थिए (ऋ. १.५४.६) भने ६६,०६६ मानिस मारिएका थिए (ऋ. ७.१८.१४)। यो सूर्य-चन्द्रवंशीहरूको प्रसिद्ध युद्ध हो। कसैले यसलाई आर्य-अनार्यको युद्ध तथा देवासुर सङ्ग्राम पनि भन्दछन्।-रामगोविन्द त्रिवेदी, वैदिक साहित्य, पृ. २८।

जोडेर वेदको अध्ययन गर्ने हो भने वेदमा **आयुर्वेद, ज्योतिष** (Astronomy), **पर्यावरण** (Environment, Ecology), **गणित** (Mathematics), **भौतिकी** (Physics), **रसायनविज्ञान** (Chemistry), **वनस्पतिशास्त्र** (Botany), **जन्तुविज्ञान** (Zoology), **शिल्पविज्ञान** (Technology), **कृषिविज्ञान** (Agricultural Sciences), **वृष्टिविज्ञान** (Meteorology) र **भूगर्भविज्ञान** (Geology) का सूक्ष्मतम विषयहरूको वर्णन प्राप्त हुन्छ।

३. उपसंहार

यसप्रकार माथि उल्लेख गरिएका कतिपय विषयवस्तु र तिनको साङ्केतिक निदर्शनबाट वेदमा आधिभौतिक उन्नतिको बीज, आधिदैविक अभ्युदयको पराकाष्ठा र आध्यात्मिक वा दार्शनिक उन्नयनको चूडान्त रूप प्राप्त छ भन्न सकिन्छ। त्यसैले वेद भनेका विश्वमा उपलब्ध ग्रन्थहरूमध्ये सबैभन्दा प्राचीन ज्ञान-विज्ञानका आलोक, विश्वहितका साधक अनुपम ग्रन्थ, आर्यसभ्यता र हिन्दु-संस्कृतिका मूल आधार, सम्पूर्ण आर्यवाङ्मयका प्राण, कर्तव्य र अकर्तव्य विषयका बोधक, शुभ र अशुभ कर्मका निदर्शक, आचार-विचारका सञ्चारक, जीवनका उन्नायक, सत्यताका सरणि, आशाका आश्रय, नैराश्यका विनाशक, सुख-शान्तिका साधक, चतुर्वर्ग-प्राप्तिका सोपान, भक्तिरसका मन्दाकिनी, उच्च र गम्भीर विचारहरूका सुखद आवास; तेज, ओज र वर्चस्वका राशि तथा मानव-जातिका समस्त उच्च गुणहरूका क्रीडास्थली हुन्। वेदमा दिग्-दिगन्तलाई पावन गर्ने उदात्त उपदेश र मानवताका विरुद्धमा रडाको मच्चाउनेहरूलाई अनुपम आदेश प्राप्त हुन्छ।

उपर्युक्त अनेक महत्त्वका कारण वेदको अध्ययनमा सनातन धर्मका अनुयायी प्राच्य विद्वान्हरू मात्र नभएर भिन्न भाषा, संस्कृति र धर्ममा आबद्ध पश्चिमी मुलुकका अनेकौं विद्वान्हरूले समेत ठूलो श्रम र समय खर्च गरेका छन्। यद्यपि वेदको अध्ययन गर्ने पाश्चात्त्य विद्वान्हरूको शैली, उद्देश्य र दृष्टिकोण भारतवर्षीय प्राचीन विद्वान्हरूको भन्दा सर्वथा भिन्न र आश्चर्यजनक रहेको छ, तथापि वेदको शाश्वत ज्ञान र यसका कतिपय विषयहरूलाई उनीहरूले नकार्न चाहेर पनि सकेका छैनन्। लामो समयको अध्ययन र अनुसन्धानपछि पाश्चात्त्य विद्वान्हरूले समेत वैदिक वाङ्मयको महत्त्व राम्ररी अवगत गरी उनीहरूले यसको प्रशंसा मुक्त कण्ठले गरेका छन्। जर्मन मूलका इंग्ल्याण्ड निवासी सुप्रसिद्ध विद्वान् तथा ऋग्वेदसंहिताका सम्पादक **म्याक्समूलर**ले वेदलाई भारतीय तथा विश्व-इतिहासको पहिलो लिखित दस्तावेज भनेका छन्[५७] भने उनकै शिष्य अंग्रेज विद्वान् **ए. ए. म्याक्डोनल**ले वेदलाई संसारको

५७. The Veda has a two-fold interest: it belongs to the history of the world and to the history of India. In the history of the world the Veda fills a gap which no literary work in any other language could fill. It carries us back to times of which we have no records anywhere, and gives us the very words of a

सर्वप्राचीन आलेख भनेका छन्[५८] । यसैगरी जर्मन विद्वान् **मौरिस विन्टर्निट्ज्**ले वेदको अथाह महत्त्व बताउँदै आफ्नो संस्कृतिको उत्पत्तिबारे थाहा पाउन भारतमा गई वेदको अध्ययन गर्नुपर्ने र इन्डो–जर्मनिकहरूको मिथकको अनुसन्धानका लागि वेदभन्दा महत्त्वपूर्ण ग्रन्थ अरू नभएको कुरासमेत व्यक्त गरेका छन्[५९] ।

यसरी वैदिक सनातन धर्म–संस्कृतिभन्दा नितान्त भिन्न संस्कृतिमा हुर्के–बढेका पाश्चात्य विद्वान्हरूले समेत वेदको महत्त्व अवगत गरी यसको अध्ययन–अनुसन्धानमा निरन्तर परिश्रम गरिरहेको सन्दर्भमा वैदिक धर्म–संस्कृतिका हकदार वा अनुयायी भनेर आफूलाई चिनाउन चाहने हामीहरूले "वेदको निष्कारण अध्ययन गर्नु समस्त द्विजातिको एकमात्र कर्तव्य हो"[६०] भन्ने शास्त्रीय निर्देश हुँदा हुँदै पनि त्यसको बेवास्ता गरी काव्य, नाटकादिको अनुशीलनमा रमाएर वेदको अध्ययन–

---

generation of men, of whom otherwise we could form but the vaguest estimate by means of conjectures and inferences. As long as man continues to take an interest in the history of his race, and as long as we collect in libraries and museums the relics of former ages, the first place in that long row of books which contains the records of the Aryan branch of mankind, will belong for ever to the Rig-veda. –F. Max Muller, A history of Ancient Sanskrit Literature (London : Williams and Norgate, 1859). p. 63.

५८. To the latter (greek literature) it is, as a source for the study of human evolution, even superior. Its earliest period, being much older than any product of Greek literature, presents a more primitive form of belief and therefore gives a clearer picture of the development of religious ideas than any other literary monument of the word. –A. A. Macdonell, A History of Sanskrit Literature (Delhi : Motilal Banarsidass, 1997), p. 5.

५९. If we want to learn to understand the beginnings of our own culture, of the oldest Indo-Germanic culture, then we must go to India, where the oldest literature of an Indo-Germanic folk is preserved. For, in whatever manner the question of the age of Indian literature may be decided, this much might be certain that the oldest literary monument of Indians is at the same time also the oldest monument of Indo-Germanic literature that we have....... and this much is certain; whatever may be the poetic content of the songs of th Rigveda, there in no more important source for investigating into the earliest stages of vevelopment of the Indian religion, no more important literary source for investigating into the mythology of the Indo-Germanic peoples, indeed, of the peoples themselves, then these songs of the Rigveda. –M. Winternitz, History of Indian Literature, Vol. I (Delhi : Motilal Banarsidass, 1996), p. 5 and 67.

६०. आगमः खल्वपि, 'ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयः' इति ।–व्या.म.भा., पस्प., शास्त्रप्रयोजनाधिकरण १.१.१ ।
योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम् ।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः ॥–मनु. २.१६८ ।

अनुसन्धानमा उदासीनता देखाउनु, यसका उपदेश वा धार्मिक, सामाजिक, सांस्कृतिक, आर्थिक, वैज्ञानिकजस्ता विभिन्न विषयको प्रायोगिक उपयोगमा चासो नदिनु लाजमर्दो र चिन्ताको विषय हो।

४. प्रस्तुत ग्रन्थरचनाका पृष्ठभूमि र उद्देश्य

हालसम्म नेपालमा रहेका समस्त जनसङ्ख्यामध्ये अत्यधिक सङ्ख्या हिन्दु-धर्मावलम्बीहरूको रहेको छ। हिन्दु भनेका वैदिक सनातन वर्णाश्रम धर्मका अनुयायी र पक्षपाती हुन्। त्यसैले उनीहरूको लागि वेद स्वतःप्रमाण र अन्तिम प्रमाण भएकाले वेदमा निर्दिष्ट कुराहरूको पालना गर्नु र सधैं वेदप्रति आस्तिक बुद्धि राख्नु हिन्दुहरूको परम कर्तव्य हो। सिद्धान्ततः यो कुरा ठीक भए पनि व्यवहार यसबाट धेरै टाढा छ। अन्य धर्मका अनुयायीहरूले आ-आफ्ना धर्मग्रन्थलाई कति महत्त्व दिन्छन् भन्ने कुरा निरन्तर देखिरहेका र सुनिरहेका अधिकांश हिन्दुहरू आफ्नो मूल धर्मग्रन्थ वेदप्रति उदासीन देखिन्छन्। संस्कृत भाषा-साहित्य तथा धार्मिक क्षेत्रमा काम गर्ने विशिष्ट विद्वान् र धर्मगुरुका रूपमा परिचित नेपालका अधिकांश सज्जनहरूले वेद वा तत्सम्बद्ध यथार्थ परम्परालाई भन्दा पौराणिक-तान्त्रिक परम्परालाई बल पुग्ने गरी आफ्ना क्रियाकलाप सञ्चालन गर्नु, उनीहरूले वचनद्वारा वेदप्रति श्रद्धा गरे पनि व्यवहारमा त्यसो गरेको नदेखिनु वैदिक परम्पराका पक्षपातीका लागि चिन्ताको विषय हो।

वैदिक ग्रन्थ र वैदिक कर्मकाण्डका मूल ग्रन्थ कुन-कुन हुन्? यिनीहरूका स्वरूप र विषयवस्तु के-कस्ता छन्? वैदिक कर्मकाण्ड भनेको के हो? वैदिक र लौकिक कर्मकाण्डमा के-कस्ता भिन्नता हुन्छन्? इत्यादि अनेक ज्ञातव्य विषयमध्ये कुनै पनि विषयको अत्तोपत्तो नै नभएका व्यक्तिहरूबाट नेपाली हिन्दु-समाजको कर्मकाण्ड र धार्मिक परम्परा चलिरहेको कुरा प्रत्यक्ष हुँदा तथा वेदसँग कहीं कतैबाट साइनो नै नजोडिने तन्त्रमन्त्र-झारफुक जस्ता अति सामान्य स्तरका क्रियाकलापलाई समेत वैदिक विधिअनुसारका क्रियाकलाप भनेर सार्वजनिक सञ्चारमाध्यमबाट प्रचार-प्रसार गरिएको सुन्नुपर्दा वेद र वैदिक ग्रन्थको अध्ययन-मनन गर्ने सनातन हिन्दु-परम्परा सर्वसाधारणमा शून्यप्रायः भएको तर जुनसुकै क्रियाकलाप र जस्ताप्रकारका ग्रन्थलाई पनि वैदिक परम्पराको खोल ओढाउन उत्साहित हुने जमात नेपाली समाजमा मौलाउँदै गएको देख्ता र अनुभव गर्दा मनमा निकै ठूलो खिन्नता पैदा हुन्छ।

यस्ता क्रियाकलाप र प्रचार-प्रसारबाट एकातर्फ वेद समाजको एकमात्र विशिष्ट आदर्श र प्राण हो भन्ने कुरा पूर्णतः हराउँदै जाने तथा वेदलाई सामान्य कर्मकाण्डको पोकोका रूपमा मात्र चिनिने गलत परम्परा समाजमा झाँगिदै जाने खतरा बढ्दै छ भने अर्कातर्फ वास्तविक वैदिक कर्मकाण्डको पहिचान हराउने र वैदिक ग्रन्थका नाममा एकाध स्मृति, पुराण, भगवद्गीता, रुद्री, स्वस्थानीको कथा,

सत्यनारायणको कथा, लाखबत्तीको कथा जस्ता केही ग्रन्थमात्र प्रसिद्ध हुने परम्परा विकसित हुँदै जाने अवस्था सिर्जना भएको छ। यस्तो अवस्था सिर्जना हुन नदिनका लागि वैदिक विद्वान् तथा वैदिक परम्परामा हुर्के-बढेका विभिन्न विषयका अध्येता विद्वान्हरूद्वारा वैदिक साहित्य र परम्पराको यथार्थ बोध हुने गरी शास्त्रसम्मत आलेख, विभिन्न ग्रन्थ, पत्रपत्रिका आदिको प्रकाशन गरेर ज्ञान-अज्ञानबाट नेपाली समाजमा विकसित हुँदै गरेका अवैदिक तथा अशास्त्रीय परम्पराको सच्याइ हुनुपर्नेमा त्यतातर्फ विशेषतः वैदिक गुरुहरूको ध्यान गएको देखिँदैन। पुराणवाचन, सामान्य लौकिक कर्मकाण्डको सञ्चालन, विद्यालय-व्यवस्थापन, सामाजिक-राजनीतिक नेतृत्वजस्ता कार्य अन्य व्यक्तिबाट पनि हुन सक्ने भएकाले कुनै पनि विषयका विशिष्ट विद्वान्हरू त्यस्ता कार्यमा संलग्न हुनुभन्दा आ-आफ्ना अध्ययन र स्तरअनुरूपका महत्त्वपूर्ण अनुसन्धान, लेखरचना आदिबाट समाजलाई सम्बद्ध विषयका ज्ञान-विज्ञानका पाटा देखाउने दिशातर्फ अग्रसर हुनु महत्त्वपूर्ण कार्य हो जस्तो लाग्दछ।

पछिल्लो कालको (वर्तमानभन्दा केही वर्ष अगाडिको) इतिहास हेर्ने हो भने वेदका मन्त्र सस्वर कण्ठस्थ गर्नु, तिनै मन्त्र आ-आफ्ना शिष्यलाई कण्ठस्थ गराउनु, प्रसिद्ध वैदिक कर्मकाण्डी बनेर समाजमा परिचित हुनुबाहेक अधिकांश वैदिक विद्वान्हरूका हातबाट महत्त्वपूर्ण वैदिक ग्रन्थको लेखन, सम्पादन, प्रकाशन जस्ता कार्यहरू सम्पन्न भएका पाइँदैनन्। दयानन्द सरस्वती, करपात्री महाराज, गङ्गेश्वरानन्द उदासीनजस्ता केही स्वामीजीहरू र सत्यव्रत सामश्रमी, गोपालचन्द्र मिश्र, प्रो. युगलकिशोर मिश्र, प्रो. श्रीकिशोर मिश्र जस्ता केही परम्परागत वैदिक विद्वान्हरूबाट कतिपय वैदिक ग्रन्थहरूको लेखन, सम्पादन र प्रकाशन भए पनि अधिकांश वैदिक ग्रन्थहरूको लेखन, प्रकाशन र सम्पादन परम्परागत रूपमा वेद नपढी अन्य विषयको अध्ययन गरेका तर पछि वेदको महत्त्व बुझेर त्यसको अध्ययन-अनुसन्धानमा नै जीवन बिताएका विशिष्ट विद्वान्हरूबाट भएको इतिहास साक्षी छ। सम्भवतः यही हावाले छोएर होला, नेपालमा वेद विषय पढ्ने र पढाउने कुनै वैदिक गुरुहरूका हातबाट वैदिक साहित्यमा मात्र आधारित भएको विशिष्ट प्रकारको कुनै ग्रन्थ लेखिएको र प्रकाशित भएको सूचना यस ग्रन्थकारले प्राप्त गर्न सकेको छैन।

सम्भवतः पाठ्यक्रमको संरचना, अध्ययन-अध्यापन गर्ने शैली, एउटै विषयका सीमित पाठ्यग्रन्थको अध्ययन पर्याप्त हुन्छ भन्ने धारणा, बहुआयामिक अध्ययनको अभाव इत्यादि कारणले हुन सक्छ नेपाल संस्कृत विश्वविद्यालयको प्रारम्भिक तह उत्तरमध्यमादेखि उच्च तह आचार्यसम्मको अध्ययन-अध्यापन गर्दा पनि शिक्षक-विद्यार्थीहरूमा प्राप्त हुनुपर्ने बहुआयामिक ज्ञानको त कुरै नगरौं, सम्बद्ध विषयको क्षेत्र के-कति हो? यसका प्रमुख ग्रन्थ, सहायक ग्रन्थ

र सन्दर्भग्रन्थ कुन-कुन हुन्? भन्ने सामान्य जानकारी समेत नभईकन २-४ वटा ग्रन्थको परम्परागत अध्ययन गरेकै भरमा विश्वविद्यालयको प्राध्यापक बन्ने र त्यस्तै अवस्थामा सेवानिवृत्त हुने परम्परा वर्तमानसम्म यस संस्थामा जीवित रहेको देखिन्छ। यही परम्परामा हुर्के-बढेको यस ग्रन्थकारले पनि आफ्नो सेवा-अवधिको पूर्वार्धकाल लगभग व्यतीत गर्दै छ। औपचारिक अध्ययनको माथिल्लै तह पूरा गरेको र आफ्नो पद सम्हाल्न सक्ने स्वरूपयोग्यताबाट वञ्चित नभएकाले यसलाई स्वकीय पदोन्नति, मान-मर्यादा जस्ता लाभका लागि विशिष्ट अनुसन्धान, लेखरचना, ग्रन्थप्रकाशन इत्यादि विषयमा चिन्ता र चासो लिनुपर्ने कुनै किसिमको बाध्यकारी अवस्था सिर्जना भएको अनुभूति आजका दिनसम्म भएको छैन, तथापि जुन विषयको अध्ययन-अध्यापन गरेर जुन कार्यबाट आफ्नो जीविका चलिरहेको छ त्यसका सम्बन्धमा कुनै किसिमको मूर्त कार्य नै नगरी सेवानिवृत्त हुने अवस्था आएमा लाचार, निरीह, कर्तव्यविमुख बनेर आफूद्वारा आफै धिक्कारिन नपरोस् भन्ने भयले वेदका विभिन्न क्षेत्र र विषयको अध्ययन-अनुसन्धानमा यो ग्रन्थकार निरन्तर खटिरहेको छ र भावी जीवन पनि यसरी नै बिताउने योजनामा रहेको छ। यसैको फलस्वरूप निस्केको प्रस्तुत पहिलो ग्रन्थ यहाँहरूका नजरमा आएको छ भने दोस्रो ग्रन्थ पनि यसको सँगसँगै प्रकाशित छ। यसपछि पनि वेदकै सम्बन्धमा लेखिएका केही पाण्डुलिपिहरू प्रकाशनको प्रतीक्षामा रहेका छन्।

यसअघि वैदिक वाङ्मयको परिचय दिने हिसाबले संस्कृत, हिन्दी र अंग्रेजी भाषामा लेखिएका अधिकांश ग्रन्थहरू विषयगत विविधता, शैलीगत जटिलता, स्वरूपगत विशालता, सहज उपलब्धताको अभाव, भाषागत सीमा इत्यादि अनेक कारणले गर्दा सर्वसाधारणको पहुँचभन्दा टाढा रहेका र नेपाली भाषामा यसप्रकारका ग्रन्थ शून्यप्रायः भएकाले वेद र वैदिक वाङ्मयको वास्तविक, सङ्क्षिप्त र सामान्य ज्ञान लिन चाहने आस्तिक जनहरू पनि त्यस्ता ग्रन्थको अभावबाट वेदको अध्ययनमा नै उदासीन बनिरहेको अवस्था नेपालमा विद्यमान छ। यसैगरी मूल वैदिक ग्रन्थ के-के हुन्? तिनका सहायक ग्रन्थ के-के हुन्? तिनीहरूको अनुवाद वा व्याख्या कुन-कुन भाषामा भएको छ? र ती कहाँ-कहाँबाट कहिलेदेखि प्रकाशित छन्? भन्ने जानकारी समेत सर्वसाधारणमा रहेको देखिँदैन।

यसप्रकार माथि उल्लेख गरिएका अनेक पृष्ठभूमिमा रहेर प्रस्तुत गन्थ तयार भएको हुँदा यसले वैदिक वाङ्मयको सैद्धान्तिक परिचय र स्वरूपगत ज्ञान प्राप्त गर्न चाहने सबैलाई सहयोग पुऱ्याउने विश्वास गरिएको छ। विशेषतः वेद र वेदाङ्गका समग्र ग्रन्थको सैद्धान्तिक तथा स्वरूपगत परिचय सङ्क्षिप्त शैलीमा नेपाली भाषामा दिने प्रामाणिक ग्रन्थको अभाव भोगिरहेका नेपालका विभिन्न विश्वविद्यालय र विद्यालयका शिक्षक-विद्यार्थीसहित विभिन्न क्षेत्र, पेशा र वर्गमा विभाजित सर्वसाधारण पाठकवर्गका आवश्यकता पनि यस ग्रन्थबाट पूरा हुन

सकून्, विभिन्न प्रकारका अध्येताहरूलाई वैदिक वाङ्मयको आकार-प्रकार, सीमा, संरचना इत्यादिको प्रामाणिक ज्ञान लिन सहयोग पुगोस्, नेपाली समाजमा वैदिक वाङ्मयका तेजिला किरणहरू विस्तारित र प्रचारित हुँदै जाऊन् भन्ने उद्देश्यले यो ग्रन्थ तयार गरिएको हो। एउटै वाक्यमा भन्दा समग्र वैदिक साहित्यको (वेद र वेदका अङ्गग्रन्थहरूको) सैद्धान्तिक तथा संरचनागत स्वरूपको यथार्थ परिचय सङ्क्षिप्त रूपमा उल्लेख गरी प्रायः सबै वैदिक ग्रन्थका प्रकाशित अनेक संस्करण-मध्ये प्रमुख संस्करण एवं तिनका भाष्य (व्याख्या), अनुवाद, टिप्पणी आदिको समेत जानकारी दिनु प्रस्तुत ग्रन्थको प्रमुख उद्देश्य हो।

५. पूर्वकार्य-समीक्षा

वेद-वेदाङ्गको विस्तृत वा सङ्क्षिप्त परिचय दिने उद्देश्यले रचना गरिएका तथा प्रासङ्गिक रूपमा वेद-वेदाङ्गको पनि परिचय प्राप्त हुने गरी हालसम्म प्रकाशित भइसकेका प्रमुख ग्रन्थबारे जानकारी नहुँदा प्रस्तुत ग्रन्थको आवश्यकता र औचित्य पुष्टि नहुने भएकाले यहाँ पूर्वकार्य-समीक्षाका लागि यसअघि संस्कृत, अंग्रेजी, हिन्दी र नेपाली भाषामा प्रकाशित वेद-वेदाङ्गको परिचयसँग सम्बद्ध ग्रन्थहरूको सङ्क्षिप्त विवरण उल्लेख गरिएको छ।

क) संस्कृत भाषामा प्रकाशित ग्रन्थ

१. **प्रपञ्चहृदयम्** (अज्ञातकर्तृक), सम्पा. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९१५।

२. **आर्यविद्यासुधाकरः** –भट्ट यज्ञेश्वर शर्मा, सम्पा. डा. मङ्गलदेव शास्त्री, मोतीलाल बनारसीदास, लाहोर, सन् १९४०।

३ **वेदशाखापर्यालोचनम्** –डा. श्रीकिशोर मिश्र, वाराणसी, वि.सं. २०४५।

४. **वैदिकवाङ्मयस्येतिहासः** –आचार्य जगदीशचन्द्र मिश्र, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९८९।

ख) अंग्रेजी भाषामा प्रकाशित ग्रन्थ

५. **The History of Indian Literature,** by Albrecht Weber (Translated by John Mann and Heodore Zachariar) London : Kegan Paul Trench, Trubner & Co. Fourth Edition 1904, Popular Re-issue, 1914.

६. **A History of Indian Literature,** by Maurice Winternitz (Vol. I), University of Calcutta 1927.

ग) हिन्दी भाषामा प्रकाशित ग्रन्थ

७. **वैदिक वाङ्मय का इतिहास** (१–३ भाग) –पं. भगवद्दत्त, सम्पा. सत्यश्रवा,

विजयकुमार गोविन्दराम हासानन्द, दिल्ली, सन् २००८ [प्रथम संस्क. सन् १९३५ (२-३ भाग, सन् १९७४-७६), द्वि.सं. १९५६]।

८. **वैदिक साहित्य और संस्कृति** -आचार्य बलदेव उपाध्याय, शारदा संस्थान, वाराणसी, पञ्चम संस्कण (पुनर्मुद्रण) सन् १९९३।

९. **वैदिक साहित्य** -पं. रामगोविन्द त्रिवेदी, भारतीय ज्ञानपीठ, काशी, सन् १९५०।

१०. **संस्कृत वाङ्मय का विवेचनात्मक इतिहास** -डा. सूर्यकान्त, ओरिएण्ट लाँगमैन लिमिटेड, नई दिल्ली, सन् १९७२।

११. **कल्पसूत्र** (वैदिक वाङ्मय का विवेचनात्मक बृहद् इतिहास : सप्तम खण्ड) -कुन्दनलाल शर्मा, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होश्यारपुर (पञ्जाब), सन्१९८१।

१२. **वेदाङ्ग** (वैदिक वाङ्मय का विवेचनात्मक बृहद् इतिहास : षष्ठ खण्ड) -कुन्दनलाल शर्मा, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होश्यारपुर (पञ्जाब), सन्१९८३।

१३. **वैदिक साहित्य और संस्कृति** -वाचस्पति गैरोला, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८९।

१४. **संस्कृत वाङ्मय का बृहद् इतिहास (प्रथम खण्ड : वेद)** -सम्पा. प्रो. व्रजबिहारी चौबे, उत्तर प्रदेश संस्कृत संस्थान, लखनऊ, सन् १९९६।

१५. **संस्कृत वाङ्मय का बृहद् इतिहास (द्वितीय खण्ड : वेदाङ्ग)** -सम्पा. डा. ओम्प्रकाश पाण्डेय, उत्तर प्रदेश संस्कृत संस्थान, लखनऊ, सन् १९९७।

१६. **वैदिक साहित्य का इतिहास** -डा. पारसनाथ द्विवेदी, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् २००५।

घ) नेपाली भाषामा प्रकाशित ग्रन्थ

१७. **वैदिक धर्म मूल रूपमा** -शिवराज आचार्य कौण्डिन्न्यायन, स्वाद्ध्यायशाला, काठमाडौं, द्वितीय संस्करण वि.सं. २०६२।

१८. **वेदमा के छ?** -डा. स्वामी प्रपन्नाचार्य, प्रशान्त प्रकाशन, कैलाश भवन, वाराणसी, वि.सं. २०३८, द्वि.सं. २०४३।

उपर्युक्त ग्रन्थमध्ये **क्र.सं. १ को ग्रन्थमा** वेद र वेदाङ्गका सैद्धान्तिक लक्षण सङ्क्षिप्त रूपमा उल्लिखित छन्। यी लक्षण अति सङ्क्षिप्त शैलीमा संस्कृत भाषामा उल्लेख गरिएका र उक्त ग्रन्थ वर्तमानमा अत्यन्त दुर्लभ भएकाले यसबाट सर्वसाधारणले वैदिक साहित्यको परिचय प्राप्त गर्ने अवस्था देखिँदैन।

क्र.सं. २ को ग्रन्थ पनि वर्तमानमा दुर्लभ नै भएको र यसमा वेद-वेदाङ्गको लक्षण झनै सङ्क्षिप्त रूपमा गरिएकाले यसबाट समेत वेद-वेदाङ्गबारे समुचित ज्ञान लिन सकिने अवस्था छैन।

क्र.सं. ३ को ग्रन्थ वर्तमानमा सर्वसुलभ नै छ। यसमा वेद र वेदाङ्गको सङ्क्षिप्त विवरण पनि प्रस्तुत भएकाले यसबाट वैदिक वाङ्मयको सैद्धान्तिक

स्वरूपसम्बन्धी सामान्य ज्ञान लिन सकिन्छ। यस ग्रन्थकारले पनि वेद र वेदाङ्ग-सम्बन्धी प्रारम्भिक ज्ञान यही ग्रन्थ र यसका प्रणेता समादरणीय गुरुवरबाट नै प्राप्त गरेको हुनाले यो ग्रन्थ र गुरुवरको प्रेरणा प्रस्तुत ग्रन्थको पहिलो भागको आधारभूमि हो। त्यसैले प्रस्तुत ग्रन्थको पहिलो भागलाई 'वेदशाखापर्यालोचनम्' कै अधिकांश विषयको विस्तृत र परिमार्जित नेपाली रूप हो भन्न सकिन्छ।

क्र.सं. ४ को ग्रन्थ बलदेव उपाध्यायद्वारा लिखित 'वैदिक साहित्य और संस्कृति' नामक ग्रन्थकै प्रतिकृतिका रूपमा संस्कृत भाषामा तयार गरिएको हो। यो ग्रन्थ अति सरल र सामान्य संस्कृत भाषामा स्थूलदृष्टिले वैदिक वाङ्मयको सामान्य ज्ञान गर्न चाहने सिकारुहरूका लागि उपयोगी भए पनि वैदिक वाङ्मयको प्रामाणिक र सूक्ष्मज्ञान गर्न चाहने पाठकहरूका लागि सङ्ग्रहणीय देखिँदैन।

पाश्चात्त्य विद्वान्हरूद्वारा अंग्रेजी भाषामा लिखित **क्र.सं. ५-६ का ग्रन्थमा** पनि वैदिक साहित्यअन्तर्गत वेद र वेदाङ्गको परिचय दिइएको छ। संस्कृत र हिन्दी भाषा नबुझ्ने तर अंग्रेजी भाषाका ज्ञाता सामान्य अध्येताहरूका लागि यी ग्रन्थ उपयोगी भए पनि वैदिक सनातन परम्पराअनुसार वेदको स्वरूप बुझ्न चाहने विशिष्ट अध्येताहरूका लागि पाश्चात्त्य परम्परा र शैलीमा लेखिएका यी ग्रन्थ उपयोगी हुँदैनन् र वर्तमानमा दुर्लभ पनि छन्।

क्र.सं. ७ को ग्रन्थ वैदिक वाङ्मयसँग सम्बद्ध विषयवस्तुको ज्ञानका लागि अत्यन्त प्रामाणिक र उपयोगी मानिन्छ। वेदका विषयमा गम्भीर अध्ययन–अनुसन्धान गरी लेखिएका यस्ता प्रकारका ग्रन्थ वर्तमानमा प्रकाशित हुन सकेका छैनन्। यस ग्रन्थको प्रथम भागमा वेद र वेदका शाखासम्बन्धी विस्तृत विवरण उल्लेख गरिएको छ भने द्वितीय भागमा चार वेद तथा निघण्टु–निरुक्तका भाष्यकार र वेदका पदपाठकारसम्बन्धी विवरण प्रस्तुत छ। यस ग्रन्थको तृतीय भागमा ब्राह्मण र आरण्यकग्रन्थ तथा तिनका भाष्यकारहरूको विवरण उल्लेख गरिएको छ। प्रमाणवचनको अत्यधिक उद्धरण, विषयवैविध्य, विषयप्रतिपादन गर्ने फरक शैली इत्यादिका कारण समग्र वैदिक वाङ्मयको सतही ज्ञान गर्न चाहने सामान्य पाठकवर्ग यस ग्रन्थभित्र प्रवेश गर्दा कुहिराका काग बन्न पुग्छन्। वैदिक सनातन परम्पराभन्दा आर्यसमाजी परम्परालाई बढी महत्त्व दिएर लेखिएको यस ग्रन्थको अध्ययनबाट विवेक पुऱ्याउन नसक्ने केही विशिष्ट पाठकवर्ग पनि भ्रममा पर्ने स्थिति हुन सक्छ। यस ग्रन्थमा वेदका अङ्ग र उपाङ्गग्रन्थसम्बन्धी विवरण उपलब्ध छैन। यस्तै विभिन्न कारणले गर्दा एउटै ग्रन्थबाट सङ्क्षिप्त रूपमा समग्र वैदिक वाङ्मयको सामान्य ज्ञान गर्न चाहने पाठकवर्ग उक्त ग्रन्थको अध्ययनबाट लाभान्वित हुन सक्ने अवस्था देखिँदैन।

क्र.सं. ८ को ग्रन्थ यसको प्रकाशन कालदेखि वर्तमानसम्म पनि सर्वाधिक बिक्री–वितरणमा रहेको र विशिष्ट वैदिक विद्वान्देखि सर्वसाधारण पाठकका

हातमा पुगेको रचना हो। त्यसैले यसलाई लोकप्रिय ग्रन्थ नै भन्न सकिन्छ। वैदिक वाङ्मयका अधिकांश ग्रन्थ र विषयका बारेमा अत्यन्त सरल भाषा एवं सङ्क्षिप्त शैलीमा चर्चा हुनु, ग्रन्थको आकार सामान्य नै रहनु, यसअघि यस्तो भाषाशैलीमा अन्य ग्रन्थको रचना नहुनु, पछिल्ला ग्रन्थले समेत यसलाई प्रतिस्थापन गर्ने अवस्था नरहनु इत्यादि अनेक कारणले यो ग्रन्थ लोकप्रिय बनेको हुन सक्छ। यसरी ग्रन्थ लोकप्रिय बने पनि यसलाई अधिक प्रामाणिक र विश्वासिलो बनाउने कार्यमा लेखकको ध्यान त्यति गएको पाइँदैन।

उक्त ग्रन्थपछि हिन्दी भाषामा लेखिएका क्र.सं. ९-१६ सम्मका सबै ग्रन्थमा पनि वेद र वेदाङ्गसम्बन्धी विवरण प्राप्त हुन्छ। यीमध्ये क्र.सं. ११-१२ र १४-१५ मा उल्लिखित ग्रन्थहरूमा वेद-वेदाङ्गसम्बन्धी विस्तृत चर्चा गरिएको छ भने क्र.सं. ९, १३ र १६ मा सङ्क्षिप्त विवरण तथा क्र.सं. १० को ग्रन्थमा अति सङ्क्षिप्त विवरण प्राप्त हुन्छ। क्र.सं. **९-१२ का ग्रन्थ** अपेक्षाकृत प्रामाणिक र दर्शनीय भए पनि वर्तमानमा यी सर्वसुलभ छैनन्। **क्र.सं. १३-१६ का ग्रन्थ** सर्वसुलभ भएर पनि वैदिक वाङ्मयको सत्य-तथ्यमा आधारित सङ्क्षिप्त स्वरूपगत ज्ञान लिन चाहने पाठकवर्गका लागि सङ्ग्रहणीय छन् भन्न कठिन हुन्छ। उत्तरप्रदेश संस्कृत संस्थानजस्तो गरिमामय संस्थानबाट बृहद् आकारमा प्रकाशित भएका र वेद एवं वेदाङ्ग-वाङ्मयको पृथक्-पृथक् तथा विस्तृत परिचय पाठकवर्गमा सम्प्रेषित गर्ने पावन उद्देश्यका साथ अनेक विद्वत्मण्डलीको श्रमबाट तयार भएका ग्रन्थ पक्कै पनि अति विश्वसनीय, प्रामाणिक र ओजपूर्ण होलान् भन्ने विश्वास ग्रन्थको दर्शनबाट स्वाभाविक रूपमा पैदा हुन्छ, तर मधुमक्खीजस्तै निमग्न भएर ग्रन्थको मधुरस आस्वादन गर्न चाहने विवेचक अध्येताहरूलाई यी ग्रन्थको अध्ययन नैराश्यपूर्ण बन्दछ भन्ने अनुभव यस ग्रन्थकारलाई भएको छ।

नेपाली भाषामा लेखिएको **क्र.सं. १७ को ग्रन्थमा** पनि वेद-वेदाङ्गसम्बन्धी सङ्क्षिप्त विवरण उपलब्ध हुन्छ। तर यसमा केही मन्त्रसंहिता, शतपथब्राह्मण, कात्यायनश्रौतसूत्र, पारस्करगृह्यसूत्र र कात्यायनगृह्यसूत्रबाहेक अन्य वैदिक ग्रन्थहरूको संरचनागत स्वरूप उल्लेख भएको छैन। यस ग्रन्थमा कृष्णयजुर्वेदका तैत्तिरीयसंहिता, मैत्रायणीसंहिता, काठकसंहिता, कपिष्ठलकठसंहिता; ऋग्वेदका ऐतरेयब्राह्मण र शाङ्खायनब्राह्मण; कृष्णयजुर्वेदको तैत्तिरीयब्राह्मण; सामवेदका ताण्ड्य, षड्विंश इत्यादि ११ ब्राह्मण; अथर्ववेदको गोपथब्राह्मण; प्रशस्त श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, शुल्बसूत्र, अनेक परिशिष्ट लगायतका अति महत्त्वपूर्ण वैदिक ग्रन्थहरूको छुट्टाछुट्टै परिचय प्रस्तुत नगरी कतिपय स्मृति, पुराण र धर्मशास्त्रीय ग्रन्थहरूको पृथक्-पृथक् परिचय अलि विस्तृत रूपमा दिइएको छ। उक्त ग्रन्थ मूलतः वेदमूलक धर्मलाई महत्त्व दिई लेखिएको हुँदा वैदिक साहित्यको स्पष्ट र पृथक्-पृथक् परिचय लिन चाहने पाठकवर्ग यसबाट लाभान्वित हुन सक्ने स्थिति देखिँदैन।

क्र.सं. १८ को ग्रन्थ नेपाली विद्वान्द्वारा लेखिएको र बजारमा अधिक बिक्री भएको भए पनि यस ग्रन्थमा वेद-वेदाङ्गको परिचयसँग सम्बद्ध कुनै पनि विषय समावेश गरिएका छैनन्।

यसरी वेद र वेदाङ्गसाहित्यको सैद्धान्तिक तथा संरचनागत स्वरूपको परिचयसम्बन्धी हालसम्म भएगरेका पूर्वकार्यहरूको सामान्य समीक्षा गर्दा भिन्न-भिन्न ग्रन्थमा प्रासङ्गिक रूपमा दिइएका परिचयबाहेक वैदिक साहित्यका उक्त दुवै स्वरूपको यथार्थ र सङ्क्षिप्त परिचय एउटै ग्रन्थबाट प्राप्त हुने गरी संस्कृत, हिन्दी, अंग्रेजी र नेपाली भाषामा लेखिएका कुनै ग्रन्थ हालसम्म प्रकाशित भएको देखिँदैन। माथि उल्लिखित क्र.सं. ८-९, १३ र १६ का ग्रन्थहरूमा वैदिक साहित्यका सैद्धान्तिक तथा संरचनागत दुवै पक्ष समेट्ने प्रयास एकाध स्थानमा गरिएको देखिन्छ र यिनको शैली पनि सङ्क्षिप्त नै छ, तर यिनमा वैदिक साहित्यका समग्र ग्रन्थको परिचय समेटिएको पाइँदैन । यसका साथै उक्त ग्रन्थहरूमा अधिकांश वैदिक ग्रन्थका प्रकाशित संस्करणबारे उल्लेख नै गरिएको छैन भने कतिपय विषयको प्रामाणिकता पुष्टि गर्ने आधार नै प्रस्तुत नहुँदा ग्रन्थ अधिक विश्वसनीय बन्न सकेको अनुभूति ग्रन्थको अध्ययनबाट हुँदैन । यीभन्दा अन्य ग्रन्थको वास्तविकता माथि नै उल्लेख गरिएको छ। समग्रमा भन्दा वैदिक साहित्यका विभिन्न विषय, क्षेत्र र विधामध्ये यसका सैद्धान्तिक एवं संरचनागत स्वरूपलाई मात्र समेटी सङ्क्षिप्त शैलीमा सम्पूर्ण वैदिक ग्रन्थहरूको परिचय, यिनका अनेक संस्करण, व्याख्या-विश्लेषण, अनुवाद इत्यादि भएगरेका विषयको यथार्थ जानकारी एउटै ग्रन्थबाट नेपाली भाषामा प्राप्त गर्न सकिने अवस्था हालसम्म नरहेकाले यिनै अभावको पूर्ति गरी वैदिक वाङ्मयको अध्ययन-अनुसन्धान र पठन-पाठनमा सहयोग पुऱ्याउने उद्देश्यले यो ग्रन्थ तयार गरिएको हो।

६. प्रस्तुत ग्रन्थका विशेषता

यो ग्रन्थ तयार गर्दा यसअघि प्रकाशित र प्रस्तुत ग्रन्थका विषयसँग सम्बद्ध अनेक ग्रन्थहरूको अध्ययन-विश्लेषण गरी तिनीहरूबाट आवश्यक विषयवस्तु, शैली आदि स्वाभाविक रूपमा ग्रहण गरिएको छ र गृहीत विषयवस्तुको निर्देश सम्बद्ध स्थलमा नै गरिएको छ। विषयवस्तु प्रस्तुत गर्दा कुनै पनि ग्रन्थको हुबहु नक्कल र अन्धानुसरण यसमा गरिएको छैन । कुनै पनि ग्रन्थबाट आवश्यक विषयवस्तु ग्रहण गर्दा सम्बद्ध विषय वा सङ्केतको मूल स्रोत आफै अवलोकन गरी तथ्यमा आधारित विषयमात्र उल्लेख गर्ने र तथ्यहीन भएमा यथास्थानमा नै त्यसको निर्देशसहित संशोधन पनि गरिएको छ। कुनै ग्रन्थकारद्वारा प्रमाणका रूपमा उद्धृत तर त्यसको मूल स्रोत पत्ता नलाग्ने विषयको निर्देश पनि यथास्थानमा नै गरिएको छ । यस ग्रन्थको मूलभाग, पादटिप्पणी, सन्दर्भग्रन्थ इत्यादि स्थलमा उल्लिखित

ग्रन्थ र तिनका अनेक संस्करणमध्ये केही अपवादलाई छोडेर प्रायः सबै ग्रन्थ र तिनका अनेक संस्करण यस ग्रन्थकारको सङ्ग्रहमा रहेकाले (आफूसँग नभएका र आफूले नदेखेका ग्रन्थको उल्लेख यथास्थानमा नै गरिएको छ) यहाँ प्रतिपादित विषय र उद्धृत प्रमाणहरूका लागि प्रायः दोस्रो वा तेस्रो ग्रन्थको सहारा लिन परेको छैन । अर्थात् यहाँ प्रतिपादित विषय यथासम्भव दोस्रो वा तेस्रो ग्रन्थबाट नलिई मूल ग्रन्थबाट नै साभार गरिएका छन् । यसरी प्रस्तुत ग्रन्थलाई बढी प्रामाणिक र विश्वसनीय बनाउने प्रयास भएको छ । यसका साथै वर्तमानमा उपलब्ध समग्र वैदिक साहित्यको प्रकरण र विषयगत आधारमा पृथक्-पृथक् परिचय यस ग्रन्थमा प्रस्तुत गरिएको छ भने प्रत्येक वैदिक ग्रन्थका अनेकौं संस्करणहरूको अभूतपूर्व परिचयात्मक लिखित सङ्ग्रह पनि यसमा रहेको छ। **करिब ३५० वैदिक ग्रन्थको परिचय, २०० वैदिक परिशिष्टको नाम** (वर्गविभाग र वेदसम्बद्धतासहित) र **विभिन्न वैदिक ग्रन्थका ५०० भन्दा बढी संस्करण** यस ग्रन्थमा सङ्कलित छन् । प्रतिपादित विषयवस्तुको स्पष्टता र प्रामाणिकताका लागि **अनेकौं तालिका** पनि यस ग्रन्थमा दिइएका छन्। विषयवस्तुलाई अति सङ्क्षिप्त, स्पष्ट र सरल बनाउने प्रयास गर्दागर्दै पनि प्रयोग गर्नैपर्ने कतिपय विशेष शब्दहरूले गर्दा सामान्य पाठकवर्गका लागि ग्रन्थका कतिपय शब्द र वाक्यांश दुर्बोध्य बनेका छन्। त्यसैले त्यस्ता शब्द, वाक्यांश वा विषयको स्पष्टताका लागि परिशिष्टभागमा वर्णानुक्रमअनुसार **सयौं पारिभाषिक शब्दहरूको सन्निवेश** गरिएको छ। यिनै विविध कारणले गर्दा यो ग्रन्थ विशिष्ट प्रकारको बनेको छ।

यस ग्रन्थका अन्य विशेषता तलको उपशीर्षकमा उठाइएका प्रश्न र तिनको समाधानका लागि दिइएका सङ्केतहरूको अवलोकनबाट सुस्पष्ट अवगत हुनेछन्।

६.१ पाठकवर्गका ३२ प्रश्न र तिनको समाधान

वेद र वेदाङ्गका सम्बन्धमा पाठकवर्गमा उत्पन्न हुने निम्नलिखित प्रश्न वा जिज्ञासाहरूको समाधान यस ग्रन्थका विभिन्न शीर्षक, उपशीर्षक, पारिभाषिक शब्द आदिबाट हुने कुरामा ग्रन्थकार पूर्णतः विश्वस्त छ। सम्भावित प्रश्न वा जिज्ञासाहरूलाई प्रारम्भिक वर्णानुक्रमअनुसार उपस्थापन गरिएको छ र यी जिज्ञासाको समाधानका लागि प्रश्नवाचक चिह्नभन्दा पछाडि दिइएका शीर्षकबोधक अङ्क र सङ्केत हेर्नुहुन पाठकवर्गलाई अनुरोध गरिन्छ।

अङ्कले शीर्षकको क्रम र सङ्ख्या बुझाउँदछन् भने अक्षरले यथोक्त विषय वा प्रकरण बुझाउँदछन्। **भू.** = भूमिकाभाग, **परि.** = परिशिष्टभागको पारिभाषिक शब्द, **भा.** = भाग (प्रथम भागका लागि १ को अङ्क र द्वितीय भागका लागि २ को अङ्क कोष्ठकभित्र दिइएको)।

१. **अनुक्रमणी** भनेको के हो? वेदका अनुक्रमणी कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा. (२)**

५.३.४.२–५.३.४.३.७।

२. **अनुष्ठानकल्प** भनेको के हो? वेदका अनुष्ठानकल्प कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (२) ५.३.४.६.४.१–५।

३. **आरण्यक** भनेको के हो? वेदका आरण्यक कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ५.५–५.५.२ र **भा.** (२) ३–३.७।

४. **उपनिषद्** भनेको के हो? वेदका उपनिषद् कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ५.५.३–४ र **भा.** (२) ४–४.२।

५. **उपवेद** भनेका कस्ता ग्रन्थ हुन्? **भा.** (१) ९ र परि.।

६. **ऋक्, यजुः, साम र अथर्व** शब्दका अर्थ के-के हुन्? वेदलाई किन ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद भनिएको हो? **भा.** (१) ४.४.२.१–१.३; २.२; २.८ र परि.।

७. **कल्प र कल्पशास्त्र** भनेको के हो? कल्पग्रन्थ कति प्रकारका हुन्छन्? **भा.** (१) ६.२, ८.३.२ र **भा.** (२) ५.३।

८. **गृह्यसूत्र** भनेको के हो? वेदका गृह्यसूत्र कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ८.३.२.२ र **भा.** (२) ५.३.२–२.१९।

९. **छन्दःशास्त्र** र यसको प्रयोजन के हो? **भा.** (१) ८.३.५ र **भा.** (२) ५.६।

१०. **ज्योतिष** भनेको कस्तो शास्त्र हो? यसको प्रयोजन के हो? यससम्बद्ध प्रमुख ग्रन्थ कुन-कुन हुन्? **भा.** (१) ८.३.६ र **भा.** (२) ५.७–५.७.२।

११. **'त्रयी'** शब्द कसरी चार वेदको वाचक बन्दछ? अर्थात् चार वेदलाई किन त्रयी भनेको? **भा.** (१) २.२ र परि.।

१२. **धर्मसूत्र** भनेको के हो? धर्मसूत्र कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ८.३.२.३ र **भा.** (२) ५.३.३–३.९।

१३. **निघण्टु-निरुक्त** भनेका कस्ता ग्रन्थ हुन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ८.३.४ र **भा.** (१) ५.५–५.३।

१४. **परिशिष्ट** भनेको के हो? वेदका परिशिष्ट कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ८.३.२.४ र **भा.** (२) ५.३.४–५.३.४.८.२।

१५. **प्रातिशाख्य** भनेको के हो? वेदका प्रातिशाख्य कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (२) ५.२–२.९।

१६. **ब्राह्मण** भनेको के हो? वेदका ब्राह्मणग्रन्थ कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के–कस्तो छ? **भा. (१)** ५–५.४.२ र **भा. (२)** २–३.७।

१७. **मन्त्र** भनेको के हो? मन्त्र कति प्रकारका हुन्छन्? यज्ञमा मन्त्रको प्रयोग किन आवश्यक मानिन्छ? **भा. (१)** ४.१, ४.३, ४.४, ४.४.१–४.४.२ र परि.।

१८. **वेद** ब्राह्मणले मात्र पढे कि? अन्य जात–जाति र भाषा–भाषीले पनि? **भा. (२)** हेर्नुहोस् : विभिन्न वैदिक ग्रन्थका अनुवाद, व्याख्या र सम्पादन तथा 'वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू' नामक ग्रन्थ।

१९. **वेद** भनेको के हो? यसको स्वरूप कस्तो छ? प्रकार र शाखाका आधारमा वेदको सङ्ख्या के–कति हुन्छ? एउटै वेदको चार भागमा विभाजन किन? कहिले? कसरी? **भा. (१)** १, ३, ३.१; ६–६.३; ७–७.७; परि. र **भू.** १।

२०. **वेद र वेदाङ्गसाहित्यका ग्रन्थ** कहिलेदेखि कहाँ–कहाँबाट प्रकाशित भए? **भा. (२)** हेर्नुहोस् : विभिन्न वैदिक ग्रन्थका संस्करण तथा 'वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू' नामक ग्रन्थका ४.२.५.३–४.२.५.३.९.१४ शीर्षकहरू।

२१. **वेदका उपाङ्ग** कति छन्? ती के–के हुन्? **भा. (१)** ८.४.१–६।

२२. **वेदका पर्यायवाची शब्द** के–के हुन्? **भा. (१)** २–२.८.३।

२३. **वेदका शाखा** भनेका के हुन्? यिनको सङ्ख्या कति छ? शाखा र चरणको भिन्नता के हो? **भा. (१)** ७–७.७।

२४. **वेदका सयौं ग्रन्थमध्ये कुन-कुन ग्रन्थका विषयको स्थलनिर्देश कसरी गर्ने?** अर्थात् १,२,३,४ इत्यादि कति अङ्क प्रयोग गरी सम्बद्ध ग्रन्थबाट उद्धृत स्रोतको निर्देश गर्ने?

२५. **वेदको महत्त्व** पारलौकिक सुखका लागि मात्र कि? लौकिक सुख–शान्ति, स्थिरता र सामञ्जस्यका लागि पनि? **भू.** २–३।

२६. **वेदाङ्ग** भनेका कस्ता ग्रन्थ हुन्? यी कति प्रकारका छन्? यिनको प्रयोजन के हो? **भा. (१)** ८–८.३.६ र **भा. (२)** ५–५.७.२।

२७. **वैदिक ग्रन्थ** भन्नाले कुन–कुन र कस्ता प्रकारका ग्रन्थलाई बुझ्नुपर्छ? यिनको मान्यताक्रम के–कस्तो रहेको छ? अर्थात् मूल वैदिक ग्रन्थ कुन–कुन हुन् र सहायक ग्रन्थ कुन–कुन हुन्? वैदिक ग्रन्थ संस्कृत भाषाबाहेक अन्य भाषामा उपलब्ध छन् कि छैनन्? हेर्नुहोस् : वेद, वेदाङ्ग, उपाङ्ग, परिशिष्ट इ.।

२८. **व्याकरण** भनेको कस्तो शास्त्र हो? यसको परम्परा कसरी आरम्भ भयो? यसका कति अङ्ग छन्? व्याकरणशास्त्रको प्रयोजन के हो? व्याकरणग्रन्थ कति प्रकारका छन्? यिनको सङ्ख्या कति छ? यिनको व्याख्या, प्रकाशन इत्यादि अवस्था के–कस्तो छ? **भा. (१)** ८.३.३ र **भा. (२)** ५.४–५.४.६.७.१

२९. **शिक्षाशास्त्र** भनेको कस्तो शास्त्र हो? वेदका शिक्षाग्रन्थ कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के–कस्तो छ? **भा.** (१) ८.३.१ र **भा.** (२) ५.१–६.६।

३०. **शुल्बसूत्र** भनेको के हो? वेदका शुल्बसूत्र कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के–कस्तो छ? **भा.** (२) ५.३.४.६.१.६.१–६।

३१. **श्रौतसूत्र** भनेको के हो? वेदका श्रौतसूत्र कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के–कस्तो छ? **भा.** (१) ८.३.२.१ र **भा.** (२) ५.३.१.१–२६।

३२. **संहिता** भनेको के हो? वेदका संहिता कति उपलब्ध छन्? यिनको स्वरूप, व्याख्या, प्रकाशन इत्यादि अवस्था के-कस्तो छ? **भा.** (१) ४, ४.२ र **भा.** (२) १–१.११।

७. प्रस्तुत ग्रन्थको स्वरूप-परिचय

प्रस्तुत ग्रन्थ भूमिका र परिशिष्टभागबाहेक दुई भाग, अनेक खण्ड, सहखण्ड र उपखण्डमा विभक्त छ। यस ग्रन्थको **प्रथम भागमा ९ खण्ड, ३२ सहखण्ड, २८ उपखण्ड** र अनेक उपोपखण्ड रहेका छन् भने **द्वितीय भागमा ५ खण्ड, ४४ सहखण्ड, ४९ उपखण्ड** र अनेक उपोपखण्ड छन्। ग्रन्थका भागअन्तर्गतका **उक्त खण्डहरूलाई बुझाउन प्रत्येक शीर्षकका अगाडि आवश्यकताअनुसार १ देखि ५ अङ्कसम्मको प्रयोग गरिएको** छ। जसअनुसार शीर्षकका अगाडि रहेको पहिलो अङ्कले खण्ड वा प्रमुख शीर्षक, दोस्रो अङ्कले सहखण्ड वा सहशीर्षक, तेस्रो अङ्कले उपखण्ड वा उपशीर्षक र त्यसपछि प्रयोग भएका अङ्कले क्रमशः तत्तत् उपखण्ड वा उपशीर्षकअन्तर्गतका स–साना उपोपखण्ड वा विभागहरूलाई बुझाउँदछन्। यस्ता उपोपशीर्षक वा अवान्तर खण्डहरू आठ अङ्कसम्म रहे पनि ती सबै उपोपशीर्षकका अगाडि ५ भन्दा धेरै अङ्क प्रयोग गर्दा ग्रन्थमा अनाकर्षण पैदा हुने र यसबाट पाठकवर्गसमेत अलमलिने स्थिति देखिएकाले ५ अङ्कभन्दा माथिका शीर्षकमा अङ्कको प्रयोग नगरी अक्षरको स्वरूप र आकारमा परिवर्तन गरिएको छ। यस्ता अङ्क र अक्षरका आकार-प्रकारबाट ग्रन्थमा प्रतिपादित कुनै पनि विषय, शास्त्र वा ग्रन्थको पौर्वापर्य बुझ्न अर्थात् कुन–कुन मुख्य र कुन–कुन त्यसअन्तर्गतका विषय वा ग्रन्थ हुन् भन्ने कुरा पत्ता लगाउन निकै सजिलो हुनेछ।

यस ग्रन्थको **पहिलो भाग वेद र वेदाङ्गको शास्त्रीय स्वरूप-परिचयमा आधारित** छ। अर्थात् वेद र वेदाङ्ग भनेका के–कस्ता ग्रन्थ हुन्? यिनको शास्त्रीय संरचना वा सैद्धान्तिक स्वरूप के–कस्तो रहेको छ भन्ने विषयको चर्चा ग्रन्थको पहिलो भागमा गरिएको छ। जसअनुसार यस भागमा वेद शब्दको अर्थ, वेदका पर्यायवाची शब्द,

मन्त्र र ब्राह्मण गरी वेदका दुई विभाग, मन्त्रको अर्थ र यसका अनेक भेद, संहिता, ब्राह्मण, आरण्यक र उपनिषद्‌को लक्षणसहित सामान्य परिचय, वेदको विभाजन, वेदका शाखा र चरणसम्बन्धी विस्तृत विवरण प्रस्तुत गरी वेदका अङ्ग, उपाङ्ग र उपवेदको सङ्क्षिप्त परिचय दिइएको छ।

ग्रन्थको **दोस्रो भाग वेद र वेदाङ्गग्रन्थको संरचनागत स्वरूप-परिचयमा केन्द्रित** छ। अर्थात् वेद र वेदका अङ्गग्रन्थहरूको संरचनागत स्वरूप वा ढाँचा के-कस्तो रहेको छ? यी ग्रन्थको सङ्ख्या कति थियो? वर्तमानमा के-कति वेद र वेदाङ्ग उपलब्ध छन्? यी ग्रन्थमा क-कसले के-कस्ता भाष्य लेखेका छन् वा कुन-कुन भाषामा यिनका व्याख्या र अनुवाद भएका छन्? उक्त ग्रन्थ कहिलेदेखि कुन-कुन स्थानबाट के-कस्ता स्वरूपमा प्रकाशित छन्? र तिनीहरूका प्रमुख दर्शनीय संस्करण कुन-कुन हुन्? इत्यादि जिज्ञासाको प्रामाणिक समाधान ग्रन्थको दोस्रो भागमा प्रस्तुत गरिएको छ। यसका लागि वेद र वेदाङ्गको मान्यताक्रम र गणनाक्रमअनुसार अर्थात् संहिता, ब्राह्मण, आरण्यक, उपनिषद्, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिषशास्त्रका क्रमले प्रत्येक ग्रन्थको पृथक्-पृथक् संरचनागत स्वरूप, ती-ती ग्रन्थमा उपलब्ध हुने प्राचीन भाष्य, अर्वाचीन व्याख्या र अनुवादसम्बन्धी विवरण एवं प्रत्येक ग्रन्थका पछिल्लो कालसम्म (यथासम्भव हालसम्म) प्रकाशित अनेकौं संस्करणमध्ये प्रायः सबै महत्त्वपूर्ण र उल्लेखनीय संस्करणहरूको अभूतपूर्व विस्तृत विवरण यहाँ उल्लेख गरिएको छ।

यस ग्रन्थमा गानग्रन्थसहित १८ संहिता, १९ ब्राह्मण, ७ आरण्यक, १४ उपनिषद्, २३ शिक्षा, ९ प्रातिशाख्य, २६ श्रौतसूत्र, २० गृह्यसूत्र, १२ धर्मसूत्र, ८ व्याकरण (प्रमुख ग्रन्थमात्र), २ निघण्टु-निरुक्त, १ पिङ्गलछन्दःसूत्र र ३ वेदाङ्गज्योतिष गरी **१६२ वटा वेद र वेदाङ्गसम्बन्धी मूलग्रन्थको** तथा २३ संहितापरिशिष्ट, ७ मन्त्रब्राह्मणात्मक परिशिष्ट, ४१ शिक्षापरिशिष्ट, १२ प्रातिशाख्यपरिशिष्ट, ३३ श्रौतपरिशिष्ट, २८ गृह्यपरिशिष्ट, २१ श्रौत-गृह्यपरिशिष्ट र १ धर्मसूत्रपरिशिष्ट गरी **१६६ वटा विभिन्न विधाका परिशिष्टग्रन्थको स्वरूप, संस्करणादि विवरण** प्रस्तुत गरिएको छ भने **व्याकरणसम्बद्ध १५ ग्रन्थका संस्करण** एवं विभिन्न विधाका **१९३ वटा परिशिष्टको नाम** उल्लेख गरिएको छ। यसमा सङ्ग्रह गरिएका विभिन्न ग्रन्थका महत्त्वपूर्ण पृथक्-पृथक् संस्करणहरूको सङ्ख्या **५०० भन्दा बढी** नै रहेको छ। समग्रमा भन्दा **करिब ३५० वैदिक ग्रन्थको परिचय, २०० वैदिक परिशिष्टको नाम** (वर्गविभाग र वेदसम्बद्धतासहित) **र विभिन्न वैदिक ग्रन्थका ५०० भन्दा बढी संस्करण** यस ग्रन्थमा सङ्कलित छन्।

वैदिक वाङ्मयमा परिशिष्टग्रन्थको सङ्ख्या अत्यधिक रहेको छ। धेरै परिशिष्टको वर्गविभाजन नगर्दा कुन परिशिष्ट कुन वर्गको र कुन वेदको हो भन्ने अन्योल वैदिक विद्वान्हरूमा समेत देखिएकाले उक्त अन्योल हटाउनका लागि

समग्र वैदिक परिशिष्टहरूलाई जम्मा ८ वर्गमा विभक्त गरी तिनीहरूको पृथक्-पृथक् परिचय यसै ग्रन्थको भाग २ मा **'परिशिष्ट-वाङ्मय'** शीर्षकअन्तर्गत दिइएको छ।

यस ग्रन्थको **भूमिकाभागमा** वेदको विशेष परिचय र प्रस्तुत ग्रन्थसम्बन्धी आवश्यक विवरण प्रस्तुत गरिएको छ। ग्रन्थको अन्त्यमा समावेश गरिएका चारवटा परिशिष्ट अन्तर्गत **प्रथम परिशिष्टमा** वर्तमानमा उपलब्ध वेद र वेदाङ्ग-ग्रन्थको तालिकाबद्ध सूची प्रस्तुत गरिएको छ भने **द्वितीय परिशिष्टमा** पारिभाषिक शब्दहरूको विस्तृत विवरण, **तृतीय परिशिष्टमा** आधारग्रन्थ तथा सन्दर्भग्रन्थ-सूची र **चतुर्थ परिशिष्टमा** विभिन्न विषय, ग्रन्थ र विद्वान्हरूको अनुक्रमणिका प्रस्तुत गरिएको छ। अनुक्रमणिकालाई पनि 'क', 'ख' र 'ग' गरी तीन खण्डमा विभक्त गरेर **प्रथम अनुक्रमणिकामा** प्रमुख विषय र ग्रन्थहरूको नाम, **द्वितीय अनुक्रमणिकामा** वैदिक ग्रन्थका प्रणेता, व्याख्याता, अनुवादक तथा सम्पादक प्रमुख भारतीय विद्वान्हरूको सूची र **तृतीय अनुक्रमणिकामा** वैदिक ग्रन्थका अध्येता, अनुवादक, सम्पादक एवं प्रकाशक केही पाश्चात्त्य विद्वान्हरूको सूची प्रस्तुत गरिएको छ।

८. प्रस्तुत ग्रन्थको उपयोगिता

प्रस्तुत ग्रन्थका विशेषताअन्तर्गत माथि उठाइएका ३२ प्रश्नमध्ये समग्र वा आंशिक प्रश्नको समाधान चाहने सबै पाठकवर्गका लागि यो ग्रन्थ उपयोगी हुने विश्वास यस ग्रन्थकारमा रहेको छ। यस ग्रन्थमा प्रतिपादित विषयवस्तुको क्षेत्र अत्यन्त विशाल एवं गहन भए पनि सङ्क्षिप्त र व्यवस्थित शैलीमा विषयको प्रतिपादन गरिएकाले ग्रन्थको आकार अपेक्षाकृत ठूलो हुन पाएको छैन। अतः ग्रन्थको आकारअनुसार कम क्रयमूल्यमा प्राप्त हुने तर खँदिलो विषयवस्तु समेटिएको **ग्रन्थको अध्ययन गर्दा कुनै किसिमको माथापच्चीसी नबेहोरीकन सरल र संरस तरिकाले छोटो समयमा वेदका अधिकांश विषयको नेपाली भाषामा जानकारी लिन चाहने सर्वसाधारण पाठकवर्ग र विशिष्ट अनुसन्धाता दुवैलाई उत्तिकै उपयोगी हुने हिसाबले यो ग्रन्थ तयार गरिएको छ।** पादटिप्पणीहरूमा उद्धृत संस्कृत भाषाका अधिकांश प्रमाणवचनको आशय ग्रन्थको मूलभागमा नै उल्लेख भएकाले त्यस्ता वचन नबुझ्ने वा तिनको आवश्यकता नपर्ने पाठकवर्गले ग्रन्थको मूलभाग मात्र पढेर वेद-वेदाङ्गसम्बन्धी सामान्य जानकारी लिन सक्छन् भने ग्रन्थमा प्रस्तुत गरिएका अनेक सन्दर्भहरूको भित्ति नै पत्ता लगाई विषयवस्तुको गम्भीर अध्ययन-विश्लेषण गर्न चाहने केही विशिष्ट पाठकवर्ग र अनुसन्धाताहरूका लागि पादटिप्पणीमा दिइएका प्रमाणहरू शास्त्रप्रमाणित ज्ञानको तिर्सना मेटाउने अमोघ उपाय बन्न सक्छन्। यसप्रकार आधिकारिक प्रमाणका बलमा वैदिक साहित्यको

समग्र स्वरूप प्रस्तुत गरिएको र विषयगत घनत्वले भरिएको प्रस्तुत ग्रन्थद्वारा वेदका सामान्य विद्यार्थीदेखि विद्यावारिधिका शोधार्थीसम्म उपकृत भई राष्ट्र नै लाभान्वित हुने कुरामा म विश्वस्त छु। वैदिक वाङ्मयको महासागरमा प्रवेश गर्न चाहने सबै तहका पाठकलाई यस ग्रन्थले सोझो राजमार्ग दर्शन गराउने छ भन्ने कुरामा समेत मलाई कुनै सङ्कोच छैन।

८.१ अनुसन्धाताहरूका लागि विशेष उपयोगी

कुनै ग्रन्थ वा विषयवस्तुको अनुसन्धान गर्ने सन्दर्भमा अनुसन्धाताहरूलाई विभिन्न ग्रन्थबाट आवश्यक सामग्री लिनुपर्ने हुन्छ। कुनै ग्रन्थबाट अध्ययनसँग सम्बद्ध विषयको प्रमुख स्रोत लिंदा सन्दर्भग्रन्थको गहिरो अध्ययन गर्नु आवश्यक भए पनि आफ्नो विषयसँग बढी सम्बद्ध नभएका विभिन्न ग्रन्थबाट समेत विभिन्न सामग्री बटुलेर अनुसन्धाताले आफ्नो अध्ययनलाई परिपुष्ट बनाउने प्रयत्न गर्दछन्। कतिपय ग्रन्थको स्वरूपबारे पत्तै नपाएका र ग्रन्थसमेत नदेखेका अनुसन्धाताले पनि अन्य ग्रन्थका माध्यमबाट मूल ग्रन्थका केही सामग्री लिने गर्दछन्। यसरी दोस्रो, तेस्रो, चौथो आदि मूल ग्रन्थभन्दा भिन्न अरूले उद्धरण गरेका विषयबाट पनि आवश्यक सामग्री ग्रहण गर्नु अत्यन्त पुरानो वा दुर्लभ ग्रन्थका सम्बन्धमा उचित नै भए पनि सर्वसुलभ ग्रन्थका उद्धरणसमेत दोस्रो/तेस्रो स्रोतबाट लिनु अनुसन्धानको निकृष्टता प्रदर्शन गर्नु हो। कतिपय अनुसन्धाताले दिएका स्थलसङ्केतका आधारमा सम्बद्ध ग्रन्थका पाना पल्टाउँदा त्यसको नामनिसाना नै भेटिँदैन भने कतिपयले दिएका स्थलसङ्केत अङ्कन-क्रमको त्रुटिले गर्दा अनुसन्धाताहरूमा भ्रम र नैराश्य सिर्जना गर्ने किसिमका हुन्छन्। सर्वसाधारणको त के कुरा, कतिपय वैदिक विद्वान्ले दिएका वैदिक उद्धरणको स्थलसङ्केत समेत भ्रमपूर्ण रहेको देखिन्छ। तसर्थ अनुसन्धानका सन्दर्भमा यस्ता भ्रमपूर्ण स्थलसङ्केतबाट जोगिएर वैदिक ग्रन्थको वास्तविक स्वरूप-बोध गरी तिनका विषयको वा आवश्यक स्थलहरूको सही निर्देशका साथ आफ्नो अनुसन्धानलाई भरपर्दो तथा उत्कृष्ट बनाउन चाहने अनुसन्धाताहरूका लागि यो ग्रन्थ विशेष उपयोगी हुने कुरामा ग्रन्थकार विश्वस्त छ।

९. कृतज्ञताज्ञापन

आफ्नो जीवनको उत्तरार्धकालमा अन्तिम सन्तान तथा कनिष्ठ पुत्रका रूपमा यस ग्रन्थकारलाई जन्म दिई अगाध स्नेह र ममताका साथ मातृ-पितृवात्सल्य प्रदान गरेर भुइँमा पाइला टेक्न, बोल्न, हिंड्न, सामाजिक व्यवहारमा प्रवेश गर्न सिकाउने मेरा प्रथम गुरु स्वर्गीय माताजी[६१] **बालिका शर्मा** र स्वनामधन्य स्वर्गीय पिताजी **पं. लीलाधर शर्मा**प्रति सर्वप्रथम श्रद्धासुमन अर्पण गर्दै हार्दिक नमन गर्दछु। कनिष्ठ पुत्रलाई विख्यात पण्डित बनाउने अभिलाषा राखेर उपनयन गर्नुभन्दा पहिला

६१. नास्ति वेदात्परं शास्त्रं नास्ति मातृसमो गुरुः -महा.अनु. १०६.६५; अत्रिस्मृ. १५१ पद्य।

घरमै दुर्गासप्तशती र लघुसिद्धान्तकौमुदीका पाठ आरम्भ गराउने पिताजी एवं आफ्ना अनेकौं दुःख-कष्टलाई सहर्ष स्विकारी जीवनभर पुत्रको शैक्षिक उन्नतिमा रमाउँदा-रमाउँदै त्यसको प्रतिफल भोग्न नपाईकन प्राणत्याग गर्नुहुने माताजीका असीम त्याग, प्रेरणा, माया-ममताबाट नै यस ग्रन्थकारका शैक्षिक तथा सामाजिक मार्ग प्रशस्त भएका हुन्। त्यसैले सर्वप्रथम उहाँहरूप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु।

यसपछि स्वशाखीय वेद शुक्लयजुर्वेद-माध्यन्दिनसंहिताको परम्परागत अध्ययन गराई वेद विषयको औपचारिक अध्ययनमा प्रवेश गराउने मेरा आदरणीय द्वितीय अग्रज एवं प्रथम वेदगुरु **चन्द्रमणि शास्त्री वेदाचार्य**प्रति श्रद्धाभाव अर्पण गर्दछु । आफ्नो कान्छो भाइ एवं शिष्यको शैक्षिक प्रगतिबाट अति प्रसन्न भई समाजमा यसबारे मुक्तकण्ठले प्रशंसा गर्दै हिंड्ने आदरणीय अग्रज एवं वेदगुरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

यसपछि संस्कृत वाक्यरचना र अनुवादसम्बन्धी शिक्षण गर्ने गुरु **स्व. प्रेमराज प्याकुर्‍याल** (वेद-वेदाङ्ग विद्यालय, देवघाट, तनहूँ, वि.सं. २०३७-३८), अत्यन्त माया-ममता र प्रेरणाका साथ लघुसिद्धान्तकौमुदीको अध्यापन गर्ने गुरु **स्व. छविलाल चालिसे** (जैमिनिघाट संस्कृत विद्यालय, बाग्लुङ्ग, २०४३) र **स्व. तिलकराम चलिसे** (उहाँकै निजी निवास, बेलबगर, चौर, बाग्लुङ्ग, २०४४); उत्तरमध्यमादेखि आचार्य तहसम्म **वैदिक वाङ्मयको औपचारिक अध्यापन गर्ने वाल्मीकि विद्यापीठ, काठमाडौंका गुरुहरू** स्व. प्रा. वाल्मीकि शर्मा पौडेल, स्व. प्रा. दामोदर कोइराला, प्रा.डा. ऋषिराम पोखरेल, प्रा.डा. हरिप्रसाद गौतम, सहप्रा. लोकनाथ लम्साल, सहप्रा. आमोद आचार्य; **उक्त विद्यापीठमा नै संस्कृत व्याकरण, रचना, नेपाली साहित्य र राजनीतिशास्त्रको अध्यापन गर्ने गुरुहरू** प्रा.डा. माधवशरण उपाध्याय, प्रा. दिनेशराज पन्त, प्रा. भवानीप्रसाद खतिवडा, प्रा.डा. दुर्गाप्रसाद दाहाल, प्रा. शिवप्रसाद सत्याल, प्रा. नीलमणि ढुङ्गाना, प्रा. लक्ष्मी पराजुली, सहप्रा. नवराज कट्टेल र प्रा. पुरुषोत्तम दाहालप्रति यथायोग्य सम्मान र श्रद्धाका साथ कृतज्ञताका शब्द व्यक्त गर्दछु।

वेद विषयको पाठ्यक्रममा आधारित ग्रन्थको अध्यापनका साथै विषयगत लेखनमा प्रवृत्त गराई भाषागत शुद्धाशुद्धि र विषयगत परिष्कारमा आफ्नो विशेष समय प्रदान गरेर वास्तविक गुरुत्व निर्वाह गर्ने तथा अथर्ववेदको अध्ययनका लागि छनौट गरेर बनारस पठाई वेद-वेदाङ्गको विस्तृत फाँटमा स्वच्छन्द विचरणका लागि अवसर प्रदान गर्ने आदरणीय गुरु **प्रा.डा. ऋषिराम पोखरेल**प्रति हार्दिक आभार प्रकट गर्दछु। उहाँकै निर्देशन र अनुग्रहमा मलाई बनारस जाने तथा वाल्मीकि विद्यापीठमा अध्यापक बन्ने सुअवसर मिलेको हो । वेदका विषयमा साधिकार बोल्न र प्रवचन दिन सक्ने नेपालका विशिष्ट वैदिक विद्वान्, ने.सं.वि. वाल्मीकि विद्यापीठका पूर्व-प्राचार्य तथा वेद-वेदान्त शिक्षण विभागका निवृत्त विभागाध्यक्ष, मेरा लागि

प्रेरणाका एकमात्र स्रोत-व्यक्तित्व श्रद्धेय पूज्यपाद गुरुवरले यस ग्रन्थका बारेमा आफ्नो वैदुष्यपूर्ण शुभकामना मन्तव्य पनि प्रकट गरेर भविष्यमा यस्तै रचनात्मक कार्यमा प्रवृत्त भईरहन मलाई अभिप्रेरित गर्नुभएकोमा म उहाँप्रति विशेष कृतज्ञता अर्पण गर्दछु।

वि.सं. २०५३ देखि २०५८ सम्म अथर्ववेदको अध्ययन-अनुसन्धान र अध्यापनका सन्दर्भमा प्राचीन शिक्षा-दीक्षाको केन्द्रविन्दु एवं धार्मिक दृष्टिले अति पवित्र भूमि भारतको बनारसमा रहँदा समय-समयमा त्यहाँ आवत-जावत गर्ने विभिन्न प्रदेश र स्थलका अनेकौं वैदिक विद्वान्हरूसँग सम्पर्क गर्ने, वैदिक ग्रन्थका अति दुर्लभ संस्करण तथा अनेकौं पाण्डुलिपिहरू सङ्कलन गर्ने र हरेक वर्ष विभिन्न संस्थाद्वारा भारतका भिन्न-भिन्न प्रदेशमा आयोजना हुने दर्जनौं वैदिक सम्मेलन, सङ्गोष्ठी आदिमा अथर्ववेदी छात्रका रूपमा सहभागी भई आफ्नो ज्ञान-क्षमता प्रदर्शन गर्ने सुअवसर यस ग्रन्थकारलाई प्राप्त भएका थिए। यी र वेदका शैक्षणिक गतिविधि एवं वेदाध्ययनको सैद्धान्तिक, प्रायोगिक तथा व्यावहारिक पक्षसँग सम्बद्ध ज्ञान-विज्ञानका अनेकौं अवसर दिलाउने समादरणीय गुरुहरू **प्रो.डा. युगलकिशोर मिश्र** (अध्यक्ष -वेदविभाग, सं.सं.वि., वाराणसी) र **प्रो.डा. श्रीकिशोर मिश्र** (अध्यक्ष -संस्कृत विभाग, काशी हिन्दू विश्वविद्यालय, वाराणसी) प्रतिदिन शतशः स्मरणीय एवं नमनीय हुनुहुन्छ। उहाँहरूकै कुशल निर्देशन, अगाध स्नेह र अपूर्व हौसलाबाट अथर्ववेद तथा शुक्लयजुर्वेद विषयमा आचार्य एवं विद्यावारिधि तहको औपचारिक अध्ययन सफलतापूर्वक सम्पन्न भएको हो। हाम्रा नेपाली वैदिक गुरुहरूका समेत गुरु र समग्र भारतका प्रतिष्ठित वैदिक विद्वान्का रूपमा प्रसिद्ध गुरुद्वय मिश्रका निर्देशनमा हजारौं शिष्यहरूले वेदाचार्य र वेदविषयक विद्यावारिधिको उपाधि हासिल गरेका छन्। यस्ता गुरुहरूले मलाई विनयशील तथा सुयोग्य छात्रका रूपमा स्विकारेर अनेकौं गुरुहरूसँग परिचित गराइदिने, गुरुले शिष्यप्रति गर्ने व्यवहारको वास्तविकता स्पष्ट पारिदिने र मिश्र-परिवारमा नै मिश्रित भएको अनुभूति दिलाइदिने समादरणीय गुरुहरू युगलकिशोर मिश्र **(बडे गुरु)**, श्रीकिशोर मिश्र **(छोटे गुरु)**, उहाँहरूकी ममतामयी माताजी एवं मेरी हजुरआमा सरहकी प्रेरणाकी खानि **माताजी, गुरुआमाद्वय** (भावीजी) लगायत समग्र मिश्र-परिवारप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु। यसै सन्दर्भमा काशी हिन्दू विश्वविद्यालय, संस्कृत विभागका सेवानिवृत्त प्राध्यापक तथा सं.सं.वि. वेदविभागका तात्कालिक करार प्राध्यापक अथाह प्रेरणाका स्रोत गुरुवर **प्रो.डा. वीरेन्द्रकुमार वर्मा**, सं.सं.वि. वेदविभागका तात्कालिक प्राध्यापक तथा मेरा गुरुहरू **प्रा.डा. राममूर्ति चतुर्वेदी, प्रा. कुबेरनाथ पाठक** र **प्रा. कुञ्जविहारी शर्मा**प्रति हार्दिक आभार प्रकट गर्दछु।

बनारस बसाइका बेला अथर्ववेदसंहिताको पारम्परिक अध्ययनलाई पनि महत्त्वपूर्ण ठानेर यसको अनौपचारिक अध्ययन गर्न खोज्दा २५ वर्षे उमेर पार गरेर

गृहस्थ-जीवनमा प्रवेश गरिसकेको मजस्तो (परम्परागत नियमअनुसार विद्यार्थी बन्न नसुहाउने उमेरको) व्यक्तिलाई निःस्वार्थ रूपमा शिष्यभावले नै स्वीकार गरी परम्परागत प्रणालीअनुसार वर्षौंसम्म शौनकीय अथर्ववेदसंहिताको अध्यापन गरेर उपकृत बनाउनुहुने समादरणीय गुरुवर **नारायण होसमने** (अथर्ववेदाध्यापक, पट्टाभिराम शास्त्री वेद-मीमांसा अनुसन्धान केन्द्र, हनुमानघाट, वाराणसी) प्रति हार्दिक आभार व्यक्त गर्दछु।

यसैगरी बनारस बसाइका बेला अथर्ववेदको अध्ययन-अनुसन्धानका साथै अध्यापन पनि गर्ने मेरो अभिलाषाअनुसार नन्दलाल बाजोरिया संस्कृत महाविद्यालय, असीघाट, वाराणसीमा अथर्ववेदको अवैतनिक शिक्षकका रूपमा मलाई नियुक्त गरी महत्त्वपूर्ण सहयोग पुऱ्याउने आदरणीय गुरु उक्त विद्यालयका प्राचार्य **प्रा.डा. मणिलाल शर्मा उपाध्याय**प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

तात्कालिक हिन्दूराष्ट्र नेपालमा चारै वेदको अध्ययन-अनुसन्धान गराउने उद्देश्यअनुरूप अथर्ववेद विषयमा आचार्य तहको अध्ययनका लागि मलाई छनौट गरी बनारस पठाउने र सो अध्ययन पूरा गर्दाबित्तिकै करारनामाअनुसार यथासमयमा अथर्ववेद विषयको सहायक प्राध्यापक पदमा नियुक्ति दिई सोही विषयमा विद्यावारिधि तहको अध्ययन-अनुसन्धानका लागि तलबी अध्ययनबिदा दिलाएर पुनः बनारस पठाउने तात्कालिक म.सं.वि.का शिक्षाध्यक्ष (२०५३) तथा उपकुलपति (२०५५) **प्रा. माधवराज गौतम**प्रति विशेष आभार व्यक्त गर्दछु। उहाँको विशेष सक्रियता र प्रेरणाका कारण पाँच वर्ष बनारस बसी उपर्युक्त अनेकौं अवसर प्राप्त गर्न म सफल भएको हुँ। ने.सं.वि.का कुलसचिव, शिक्षाध्यक्ष र उपकुलपतिजस्ता गरिमामय पदमा आसीन भई पदको गरिमाअनुसारका काम गरेर शैक्षिक-प्रशासनिक क्षेत्रमा उत्कृष्ट व्यक्तित्वका रूपमा परिचित हुनुभएका व्याकरणशास्त्रका विशिष्ट विद्वान्, वाल्मीकि विद्यापीठ व्याकरण शिक्षण विभागका निवृत्त विभागाध्यक्ष आदरणीय गुरु गौतमज्यूले प्रस्तुत ग्रन्थका बारेमा आफ्नो विशिष्ट मन्तव्य समेत प्रकट गरी मलाई उत्साहित बनाउनुभएकोमा म उहाँप्रति हृदयबाट निस्सृत कृतज्ञताका शब्दसुमन अर्पण गर्दछु।

नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगका वर्तमान अध्यक्ष, ने.सं.वि. अनुसन्धान केन्द्रका पूर्व कार्यकारी निर्देशक, वाल्मीकि विद्यापीठ साहित्य शिक्षण विभागका निवृत्त विभागाध्यक्ष, संस्कृत साहित्यशास्त्रका मूर्धन्य विद्वान्, दर्शनशास्त्रका विशेषज्ञ, अनेकौं साहित्यिक ग्रन्थका लेखक तथा सम्पादक; गणेशपुराण, निर्णयसिन्धु, देवीभागवत, आह्निकसूत्रावलि, हिमवत्खण्ड इत्यादि पौराणिक र धर्मशास्त्रीय ग्रन्थमा नेपाली भाषामा अनुसन्धानपूर्ण टीका लेखेर नेपाली भाषाका जानकार विश्वका सबै आस्तिक जनहरूको आस्थाका केन्द्र बन्नुभएका र पौरस्त्य वाङ्मयको साधनामा मनोयोगका साथ लाग्नुभएका विशिष्ट साधक

समादरणीय गुरुवर **प्रा.डा. वेणीमाधव ढकाल**ज्यूले आफ्नो साधना र कार्यव्यस्तताका बीचमा पनि यस ग्रन्थको पाण्डुलिपि अध्ययनका लागि विशेष समय निकालेर ग्रन्थको आद्योपान्त अध्ययन गरी ग्रन्थपरिष्कारमा महत्त्वपूर्ण सुझाव दिँदै यस कृतिका बारेमा सारगर्भित मन्तव्य (शुभाशंसा) लेखेर भविष्यमा यस्तै रचनात्मक कार्यमा प्रवृत्त भईरहन मलाई प्रोत्साहित गर्नुभएकोमा म उहाँप्रति अतिशय कृतज्ञता ज्ञापन गर्दछु।

दाङको विश्वविद्यालय विद्यापीठमा स्थापना गरिएको अथर्ववेदीय उपप्राध्यापक पदको दरबन्दीसहित मलाई वाल्मीकि विद्यापीठ, काठमाडौंमा सरुवा गरी अध्ययन-अनुसन्धानको क्षेत्रलाई सहज र विस्तृत बनाउन सहयोग गर्ने तात्कालिक म.सं.वि.का शिक्षाध्यक्ष (२०५८), व्याकरणशास्त्रका मूर्धन्य विद्वान् आदरणीय गुरु **प्रा.डा. माधवशरण उपाध्याय**प्रति म हार्दिक आभार प्रकट गर्दछु। उहाँले यस कृतिको आद्योपान्त अवलोकन गरी आफ्नो सङ्क्षिप्त मन्तव्य पनि दिएर ठूलो गुन लगाउनुभएको छ। यसका लागि म उहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

संस्कृत साहित्यशास्त्रका केही अंशको शिक्षणद्वारा मलाई उपकृत बनाउने, मेरो अध्ययन-अनुसन्धानमा उत्साह बढाइदिने, मसँग सधैं उत्कृष्ट मैत्रीपूर्ण व्यवहार प्रदर्शन गर्ने, साहित्यशास्त्रका विशिष्ट साधक, अनेकौं प्रतिभाका धनी आदरणीय गुरु **सहप्रा. मुकुन्दप्रसाद लामिछाने**ज्यूको योगदान प्रस्तुत ग्रन्थका सन्दर्भमा पनि अविस्मरणीय रहेको छ। यस ग्रन्थका कतिपय अंशको परिष्कारमा आत्मीयतापूर्वक महत्त्वपूर्ण सुझाव प्रदान गर्नुका साथै यस कृतिको प्रकाशन कुनै विशिष्ट संस्थाद्वारा हुनुपर्छ भन्ने मान्यताका साथ मलाई त्यसतर्फ अभिप्रेरित गर्ने र प्रकाशक संस्थालाई पनि यस रचनाको प्रकाशनमा प्रोत्साहित गर्ने काम उहाँबाट सम्पन्न भएको हो। यसप्रकारको महत्त्वपूर्ण योगदानका कारण म उहाँप्रति सधैंका लागि कृतज्ञ र ऋणी बनेको छु।

वैदिक वाङ्मयको सागरमा अवस्थित अथाह र अमूल्य रत्नहरू वर्तमान विश्व-समाजलाई धारण गर्न अभिप्रेरित गर्ने र यस वाङ्मयका प्रायोगिक तथा सैद्धान्तिक विषयलाई आधुनिक प्रविधि, लेख-रचना आदिका माध्यमबाट क्रमशः समाजमा प्रवाहित गर्दै जाने पावन उद्देश्यका साथ गठित संस्था **'हिमवत् आर्ष प्रज्ञा'**ले आफ्नो नामअनुरूपको काम आरम्भ गर्ने तीव्र अभिलाषा प्रकट गर्दै 'वैदिक साहित्यको स्वरूप' नामक प्रस्तुत ग्रन्थको प्रकाशनमा विशेष अभिरुचि देखाएको हुँदा संस्थाको उद्देश्य क्रियान्वयनमा मेरो पनि संलग्नता रहोस् भन्ने पावन उद्देश्यअनुरूप नै मैले यस ग्रन्थको प्रकाशन गर्ने अधिकार उक्त संस्थालाई सुम्पेको हुँ। लेखक तथा प्रकाशक दुवैले एक-अर्काका महत्त्व र दायित्व अवगत गरी ग्रन्थ-प्रकाशनको टुंगोमा पुगेपछि यस ग्रन्थलाई प्रकाशित गर्ने पूर्वोक्त संस्था र यसका संस्थापक अध्यक्ष **श्रीमती कल्पना घिमिरे**ज्यूप्रति म ज्यादै कृतज्ञ बनेको छु।

यस ग्रन्थको निष्पत्तिमा सयौं ग्रन्थ, तिनका लेखक मनीषीहरू, अनेकौं प्रकाशक संस्था र विभिन्न विद्वान्हरूको प्रत्यक्ष-परोक्ष रूपमा अति महत्त्वपूर्ण सहयोग रहेको छ। अतः ज्ञात-अज्ञात ती सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै ग्रन्थलेखनका बेला आ-आफ्ना तर्फबाट विभिन्न प्रकारका सहयोग गर्ने मेरा अग्रज मित्रवर व्याकरणशास्त्रका मर्मज्ञ विद्वान् **सहप्रा. भीमप्रसाद कण्डेल**, मेरा ज्येष्ठ र सर्वश्रेष्ठ भानिज अनेकौं ग्रन्थका लेखक तथा समीक्षक भाषा-व्याकरणविद् **सहप्रा.डा. मतिप्रसाद ढकाल** र विद्यार्थिकालदेखिका मेरा अनन्य सहपाठी मित्रवर वेदान्तदर्शनका मर्मज्ञ विद्वान् **सहप्रा. सुमोदवर्धन कौण्डिन्न्यायन आचार्य**प्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु। यस ग्रन्थमा प्रयोग भएको नेपाली फन्ट पनि मित्रवर सुमोद आचार्यले नै हार्दिकतापूर्वक मैत्रीभावले मलाई उपलब्ध गराइदिनुभएकोमा उहाँप्रति विशेष आभार प्रकट गर्दछु।

ग्रन्थको पाण्डुलिपि तयार भएपछि अत्यन्त मनोयोगका साथ समग्र ग्रन्थ अवलोकन गरी यथोचित परामर्श प्रदान गर्दै ग्रन्थप्रकाशन सम्बन्धी कार्यमा समेत निःस्वार्थ भावले आत्मीय सहयोग गर्न तत्परता देखाउने नेपाली भाषा-साहित्यका प्रकाण्ड विद्वान् मेरा परम मित्र **सहप्रा.डा. सुधनकुमार पौडेल**ज्यूको योगदानलाई स्मरण गर्दै उहाँप्रति म हार्दिक आभार व्यक्त गर्दछु।

ग्रन्थलाई पूर्णता दिनुभन्दा पहिला यसमा रहेका भाषागत तथा अक्षरगत त्रुटि संशोधन गर्न सहयोग गर्ने **उपप्राध्यापक रूपक अधिकारी**लाई हार्दिक धन्यवाद दिन्छु।

प्रविधिसँग सम्बद्ध ग्रन्थको आकार-प्रकार, सजावट लगायतका अनेक विषयमा निरन्तर खटेर ग्रन्थलाई यस रूपमा प्रस्तुत गर्न विशिष्ट सहयोग गर्ने यस ग्रन्थ-प्रकाशक संस्थाका संस्थापक सदस्यहरू **श्री पवनकुमार घिमिरे** र **श्री श्यामकृष्ण सुवेदी**प्रति प्रशंसापूर्वक हार्दिक धन्यवाद व्यक्त गर्दछु। यसका साथै अन्तिम पटक ग्रन्थको अक्षराऽशुद्धि-(प्रुफ)-संशोधन गरी ग्रन्थलाई यथासम्भव परिष्कृत रूपमा प्रस्तुत गर्न सहयोग पुऱ्याउने भाइहरू **विजयकुमार घिमिरे, अर्जुन ढकाल, चेतनारायण लामिछाने, बाबुराम आचार्य र हरिप्रसाद दवाडी**लाई पनि धन्यवाद दिन चाहन्छु।

गृहस्थीले पूरा गर्नुपर्ने अनेकौं काम-कर्तव्य र जिम्मेवारी आफै सम्हालेर मेरो अध्ययन-अनुसन्धानमा विशिष्ट सहयोग पुऱ्याउने धर्मपत्नी **लक्ष्मी रेग्मी**लाई साधुवाद दिंदै प्रस्तुत ग्रन्थको पूर्णताका लागि विभिन्न किसिमबाट सहयोग पुऱ्याउने पूज्य ज्वाइँ **कमलप्रकाश पौडेल** र आयुष्मती पुत्री **सुधा रेग्मी**लाई पनि धन्यवाद दिन्छु।

आफ्ना पिताको अभिलाषा र सन्तुष्टिलाई उच्च प्राथमिकता दिंदै हजारौं डलर

खर्च गरेर अति दुर्लभ र महत्त्वपूर्ण सयौं प्राचीन वैदिक ग्रन्थ एवं तिनका कतिपय पाण्डुलिपिहरूको सङ्कलनमा अति विशिष्ट सहयोग गर्ने तथा अष्ट्रेलियामै बसेर पनि यहाँको कम्प्युटरमा समय-समयमा देखा पर्ने अनेकौं समस्याको समाधान गरी मेरो अध्ययन-अनुसन्धानमा अहोरात्र सहयोग पुऱ्याउने अल्पायुमै स्वर्गीय आनन्द लिन पुगेका हाम्रा एकमात्र सुपुत्र **सुमन रेग्मी**को संझनाले हामीलाई भावविह्वल बनाईरहन्छ। यस अवसरमा आनन्दमय स्वर्गमा पुगेका हाम्रा पुत्रलाई पुनः कहिल्यै कष्टपूर्ण नारकीय संसारमा अवतरित नगराइदिन सांसारिक चक्रका सञ्चालकसँग म विशेष अनुरोध गर्दछु।

जुनसुकै दृष्टिबाट हेरे पनि पूर्णतामा पुग्न नसकिने मानव-जीवनमा पूर्ण भए भनिने कुनै पनि कार्य दोषरहित रूपमा सम्पन्न हुन्छन् भन्ने कुरामा मलाई पटक्कै विश्वास लाग्दैन। तसर्थ प्रस्तुत ग्रन्थ तयार गर्दा जति नै सावधानी अपनाइए पनि मानवीय त्रुटि र अपूर्णता यसमा रहेका हुन सक्छन्। समग्र त्रुटि र अपूर्णताको निराकरण कहिल्यै नहुने भए पनि तिनमा कमी ल्याउन चाहिँ सकिने भएकाले प्रबुद्ध पाठकवर्गबाट सकारात्मक सुझाव प्राप्त भएमा आगामी संस्करणमा अहिले अज्ञात भएका त्रुटिको परिमार्जन र अपूर्णताको खाडलमा केही माटो थप्ने काम अवश्य हुनेछ। यिनै विचार, कृतज्ञता र प्रतिबद्धताका साथ ग्रन्थको पृष्ठभूमि यहीं अन्त्य गर्दछु।

सहप्रा.डा. ऋषिराम रेग्मी
२०७३ भाद्र
कीर्तिपुर, काठमाडौं
फोन : ०१-५१०१०१०/९८४१८१३५१७
Email : rishiregmi@gmail.com

प्रथम भाग :

वैदिक साहित्यको शास्त्रीय स्वरूप

१. 'वेद' शब्दको अर्थ र लक्षण

शाब्दिक दृष्टिबाट हेर्दा सामान्यतः ज्ञानार्थक 'विद्' धातुमा[1] 'घञ्' प्रत्यय जोडेपछि 'वेद' शब्द निष्पन्न हुन्छ । यस आधारमा वेदको अर्थ 'ज्ञान' अर्थात् 'ज्ञानराशि' भन्ने हुन्छ । यसअतिरिक्त सत्तार्थक, विचारणार्थक, लाभार्थक 'विद्' धातुबाट[2] पनि करण र अधिकरण कारकमा 'घञ्' प्रत्यय गरेपछि 'वेद' शब्द सिद्ध हुने र उल्लिखित सबै धातुको अर्थ वेदमा घटित हुने भएकाले यीमध्ये कुनै एक अथवा सबै धातुबाट 'वेद' शब्द सिद्ध हुने कुरा प्राचीन कालदेखि नै विद्वान्हरूले स्विकार्दै आएको देखिन्छ[3] । यसरी शाब्दिक विधाबाट विश्लेषण गर्दा 'वेद' शब्दको अर्थ 'अपूर्व ज्ञानप्रद शब्दराशि, अनन्त सत्तासम्पन्न ज्ञानराशि, अपूर्व विचारहरूको कोश, ऐहिक तथा आमुष्मिक विषयको लाभदायक वाङ्मय' भन्ने गर्न सकिन्छ ।

वेदको लक्षण (परिभाषा) विभिन्न विचारकहरूले विभिन्न किसिमबाट गरेको पाइन्छ । कतिपयले धर्म, अर्थ, काम र मोक्षरूप चतुर्वर्ग-ज्ञानप्राप्तिको साधनभूत ग्रन्थविशेषलाई वेद भनेका छन्[4] भने कतिपयले धर्मादि अतीन्द्रिय (इन्द्रियातीत, अप्रत्यक्ष) अर्थको बोध गराउने वाक्यराशिलाई वेद भन्दछन्[5] । वेदका प्रसिद्ध भाष्यकार सायणले वेदको ज्ञानात्मक ऐश्वर्यलाई लक्ष्य गर्दै इष्टप्राप्ति (अत्यन्त अभिलषित वस्तु स्वर्गादि) र अनिष्टपरिहारको अलौकिक उपाय बताउने ग्रन्थलाई वेद भनेका छन्[6] । अर्थसङ्ग्रहकार लौगाक्षिभास्करले दार्शनिक दृष्टिबाट वेदको लक्षण गर्दै अपौरुषेय (पुरुषद्वारा रचना नगरिएको) वाक्यलाई वेद भनेका छन्[7] । आपस्तम्ब-यज्ञपरिभाषासूत्र, कात्यायनीय प्रतिज्ञापरिशिष्ट, कौशिकगृह्यसूत्र इत्यादि सूत्रग्रन्थका ग्रन्थकारहरूले वेदको स्वरूपबोधक लक्षण गर्दै मन्त्र र ब्राह्मणरूप ग्रन्थराशिलाई वेद भनेका छन्[8] । यसै परम्परालाई स्विकार्दै अन्य विविध ग्रन्थका

---

१. विद ज्ञाने, पा.धा. १०६४, अदा. ।

२. विद सत्तायाम्, पा.धा. ११७१, दिवा. । विद विचारणे, पा.धा. १४३३, तुदा. । विद्लृ लाभे, पा.धा. १४५१, रुधा. । विद चेतनाख्याननिवासेषु, पा.धा. १७०९, चुरा. ।

३. **विद ज्ञाने, विद सत्तायाम्, विद्लृ लाभे, विद विचारणे एतेभ्यो 'हलश्च' इति सूत्रेण करणाधिकरणकारकयोर्घञ्प्रत्यये कृते वेदशब्दः साध्यते** -स्वामी दयानन्द सरस्वती, ऋग्वे.भा.भू., पृ. २३ । द्र.- वै.वा.इ. १, पृ. १४०-१४३ ।

४. **वेदो नाम वेद्यन्ते ज्ञाप्यन्ते धर्मार्थकाममोक्षा अनेनेति व्युत्पत्त्या चतुर्वर्गज्ञानसाधनभूतो ग्रन्थविशेषः** -आर्यविद्यासुधाकर, पृ. २६ । तु.- **वेद्यन्ते ज्ञाप्यन्ते धर्मादिपुरुषार्थचतुष्टयोपाया येन स वेदः** -विद्याधर, का.श्रौ.भू., पृ. १० ।

५. **वेदो नाम धर्माद्यतीन्द्रियार्थावबोधको वाक्यराशिः** -श्रीधर शर्मा, मै.सं.भू., पृ. ५ ।

६. **इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यो ग्रन्थो वेदयति स वेदः** -वे.भा.भू., पृ. २ ।

७. अपौरुषेयं वाक्यं वेदः -अर्थसं., पृ. ३६, सम्पा. पट्टाभिराम शास्त्री ।

८. **मन्त्रब्राह्मणयोर्वेदनामधेयम्** -आप.श्रौ २४.१.३१; प्रति.परि. १.२; सत्या.श्रौ. १.१.७; भट्टकुमा. तन्त्रवा. १.३.१० । **आम्नायः पुनर्मन्त्राश्च ब्राह्मणानि** -कौ.सू. १.३ ।

सूत्रकार, वेदका भाष्यकार, धर्मशास्त्रका व्याख्याताहरूले पनि वेदको मन्त्र र ब्राह्मणात्मक स्वरूपलाई नै धर्ममा प्रमाण मानीआएको देखिन्छ[९]।

यस आधारमा वेदको परिभाषा गर्ने हो भने प्रत्यक्ष, अनुमान आदि प्रमाणद्वारा जान्न नसकिने विषयको बोध गराउने[१०], स्वर्ग आदि श्रेयःप्राप्तिको साधन, अपौरुषेय, विशिष्ट आनुपूर्विक[११], मन्त्र र ब्राह्मणात्मक शब्दराशिलाई वेद भन्न सकिन्छ।

२. वेदका वाचक विभिन्न शब्द

वैदिक वाङ्मय, स्मृति, पुराण र कतिपय प्राचीन ग्रन्थहरूमा वेदलाई बुझाउने विभिन्न पर्यायवाची शब्द प्रयोग भएका देखिन्छन्। तीमध्ये श्रुति, त्रयी, आम्नाय, अध्याय, स्वाध्याय, आगम, निगम, छन्दस् शब्द 'वेद' अर्थमा बढी प्रयोग हुने गर्दछन्। वेदका यस्ता विभिन्न नाम प्रसिद्ध हुनुका कारणबारे यहाँ सङ्क्षिप्त चर्चा प्रस्तुत गरिएको छ।

२.१ श्रुति

वेदका लागि 'श्रुति' शब्द अति प्रसिद्ध छ र यसको प्रयोग धेरै ग्रन्थमा भेटिन्छ। वेद गुरुले मन्त्रको उच्चारण गरेपछि शिष्यले उच्चारण गर्ने विधिअनुसार आदिसृष्टिदेखि आजसम्म पनि गुरु-शिष्यपरम्पराबाट अविच्छिन्न रूपमा सुनिँदै र अध्ययन गरिँदै आएको शब्दराशि हुनाले यसलाई **'श्रुति'**[१२] भनिएको हो। यसलाई **'अनुश्रव'**[१३] पनि भनिन्छ। 'श्रुति' पदले सामान्यतया वेदका मन्त्र तथा ब्राह्मण दुवै शब्दराशिलाई बुझाउँछ[१४] तापनि श्रौतसूत्र, गृह्यसूत्र, निरुक्त, वेदका प्राचीन

---

९. **मन्त्रब्राह्मणं वेद इत्याचक्षते, मन्त्रब्राह्मणयोर्वेदनामधेयम्, मन्त्रब्राह्मणे यज्ञस्य प्रमाणम्** -बौधा.गृ. २.६.२-४; (तु.- बौ.ध.सू. २.९.७)। **विधिना त्वेकवाक्यत्वात् स्तुत्यर्थेन विधीनां स्युः** -जै.सू. १.२.७। **तच्चोदकेषु मन्त्राख्या, शेषे ब्राह्मणशब्दः** -जै.सू. २.१.३२-३३। **वेदशब्देन ऋग्यजुः-सामानि ब्राह्मणसंहितान्युच्यन्ते** -मेधातिथि, मनु. २.६ भाष्य। **वेद ऋग्यजुःसामाथर्वलक्षणः, स सर्वो विध्यर्थवादमन्त्रात्मा धर्मे मूलं प्रमाणम्। अर्थवादानामपि विध्येकवाक्यतया स्तावकत्वेन धर्मे प्रामाण्यात्।** -कुल्लूकभट्ट, ऐ.। **मन्त्रब्राह्मणात्मकः शब्दराशिर्वेदः** -सायण, वे.भा.भू., पृ. १४।

१०. **नेन्द्रियाणि नानुमानं वेदा ह्येवैनं वेदयन्ति तस्मादाहुर्वेदा** इति पिप्पलादश्रुतिः -आनन्दतीर्थले आफ्नो **'विष्णुतत्त्वनिर्णय'**मा उद्धृत, द्र.- वै.वा.इ. २, पृ. ५। **प्रत्यक्षेणाऽनुमित्या वा यस्तूपायो न बुध्यते। एनं विदन्ति वेदेन तस्माद् वेदस्य वेदता॥** -सायण, वे.भा.भू., पृ. २।

११. **नियतवाचोयुक्तयो नियतानुपूर्व्या भवन्ति** -निरुक्त १.१५.४।

१२. **आदिसृष्टिमारभ्याऽद्यपर्यन्तं ब्रह्मादिभिः सर्वाः सत्यविद्याः श्रूयन्तेऽनया सा श्रुतिः**।-दयानन्द सरस्वती, ऋग्वे.भा.भू., पृ. २४, द्र.- पृ. ९२ पनि।

१३. **गुरुपाठादनुश्रूयते इत्यनुश्रवो वेदः**।-वाचस्पति मिश्र, साङ्ख्यतत्त्वकौमुदी, कारिका २।

१४. **श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः**।-मनु. २.१०। **श्रुतिः स्त्री वेद आम्नायः** -अ.को. १.६.३।

भाष्यजस्ता कतिपय ग्रन्थमा चाहिँ विशेषतः ब्राह्मणग्रन्थकै लागि यसको प्रयोग भएको देखिन्छ[१५]।

२.२ त्रयी

'त्रयी' शब्द मुख्यतः त्रिविध मन्त्र अर्थात् त्रिविधात्मक मन्त्रसंहिताका लागि र गौण रूपमा मन्त्रब्राह्मणात्मक वेदका लागि पनि प्रयोग भएको देखिन्छ। यसको प्रयोग धेरै प्राचीन कालदेखि ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद्, स्मृति, पुराण इत्यादि विभिन्न वाङ्मयमा हुँदै आएको छ[१६]। **'त्रयी'**को यौगिक अर्थ **'तीनको समूह'** भन्ने हुन्छ। रूढ अर्थमा चाहिँ यसको प्रयोग मूलतः ऋक्, यजुः र साम गरी तीन प्रकारका उच्चारणशैलीमा निबद्ध चारवटै वेदका मन्त्रहरूको समूह अर्थात् चार वेदका लागि भएको देखिन्छ। चार वेदका लागि 'त्रयी' शब्दको प्रयोग किन भयो भन्ने वास्तविकतालाई बुझ्नै नचाहने अथवा बुझेर पनि त्यसलाई स्विकार्न नचाहने ऐतिहासिक दृष्टिबाट मात्र वेदको अध्ययन गर्नुपर्छ भन्ने धारणा राख्ने **पाश्चात्त्य विद्वान्हरूले 'त्रयी' शब्दको अर्थ 'तीन वेद'** भन्ने गरेका छन्। 'त्रयी'लाई वेदको समानार्थक शब्दका रूपमा स्विकारे पनि उनीहरूका दृष्टिमा यसले ऋग्वेद, यजुर्वेद र सामवेदलाई मात्र बुझाउँछ, अथर्ववेदलाई बुझाउँदैन। अर्थात् उनीहरूका विचारमा पहिला क्रमशः ऋग्वेद, यजुर्वेद र सामवेदको मात्र रचना भएको थियो त्यसैले कतिपय ब्राह्मण, उपनिषद् इत्यादि ग्रन्थमा उक्त तीन वेदका लागि 'त्रयी' शब्दको प्रयोग भएको हो। अथर्ववेदको रचना पछि मात्र भएकाले 'त्रयी' शब्दमा यो अन्तर्भूत हुँदैन।

ऐतिहासिक दृष्टिबाट मात्र वेदको अध्ययन गर्न खोज्ने पाश्चात्त्य विद्वान् र तिनैका गतानुगतिक केही आधुनिक विश्लेषकहरूले 'त्रयी' शब्दको अर्थ 'तीन वेद' भन्ने गरे पनि प्राचीन वैदिक वाङ्मयमा 'ऋगादि तीन वेद अथवा तीन मन्त्रसंहिता' भन्ने अर्थमा 'त्रयी' शब्द प्रयोग भएको कतै देखिँदैन[१७]। वस्तुतः ब्राह्मण, उपनिषद्, स्मृति, पुराण आदि प्राचीन वाङ्मयमा ऋक्, यजुः र सामरूप मन्त्रको समुच्चा स्वरूपलाई बुझाउन अथवा पद्यात्मक, गद्यात्मक र गीत्यात्मक शैलीमा उच्चरित

---

१५. ब्राह्मणराजन्यवैश्यानां श्रुतेः -का.श्रौ. १.१.६। द्र.- १.२.१३; १.३.१०; १.४.१३; १.५.६; १.६.११ इ.। मन्त्रार्थचिन्ताऽभ्यूहोऽपि श्रुतितोऽपि तर्कतः -नि. १३.१२.१।

१६. ऋचैव हौत्रं क्रियते, यजुषाऽऽध्वर्यवं, साम्नोद्गीथम्, व्यारब्धा त्रयी विद्या भवत्यथ केन ब्रह्मत्वं क्रियत इति त्रय्या विद्ययेति ब्रूयात् -ऐ.ब्रा. २५.८। तु.- श.ब्रा. ११.५.८.७। ते ऋग्वेदेनैव हौत्रमकुर्वत, यजुर्वेदेनाऽऽध्वर्यवम्, सामवेदेनोद्गीथम्, यदेव त्रय्यै विद्यायै शुक्रम्, तेन ब्रह्मत्वम् -श.ब्रा. ११.५.८.४। प्रजापतिर्लोकान् अभ्यतपत्, तेभ्योऽभितप्तेभ्यस्त्रयी विद्या संप्रास्रवत् -छां.उ. २.२३.२। त्रयीविद्याम् अवेक्षेत वेदेषूक्तामथाङ्गतः। ऋक्सामवर्णाक्षरतो यजुषोऽथर्वणस्तथा॥ -महा.शान्ति. २३५.१।

१७. 'त्रयी' इत्यत्रावयवार्थे तयप्-प्रत्ययो न तु सङ्ख्यार्थे -श्रीधर शर्मा, श.ब्रा. उपो., पृ. ८।

हुने वैदिक मन्त्रराशिलाई बुझाउन 'त्रयी' शब्द प्रयोग भएको देखिन्छ। यसरी 'त्रयी' शब्दले ऋक्, यजुः र सामरूप मन्त्रको समष्टि रूपलाई बुझाउने भएकाले यिनै मन्त्रको लक्षणका आधारमा ऋगादि तीन वेदको नाम प्रसिद्ध हुन गएको हो। अर्थात् ऋचाहरूको बाहुल्य भएको वेदलाई **'ऋग्वेद'**, यजुर्मन्त्रको आधिक्य भएको वेदलाई **'यजुर्वेद'** र गानविशिष्ट ऋक्मन्त्रहरू सङ्ग्रह गरिएको वेदलाई **'सामवेद'** भनिएको हो।[१८] चौथो **अथर्ववेद चाहिँ 'त्रयी'भित्रै अन्तर्भूत हुने** भएकाले मन्त्रका आधारमा यसको पृथक् लक्षण प्राचीन वाङ्मयमा कतै गरिएको देखिँदैन। अतः 'परिशेष' न्यायका आधारमा अथर्ववेदमा गीत्यात्मक मन्त्र नरहेकाले **प्रशस्त ऋक्[१९] र केही यजुर्मन्त्र[२०] रहेको वेदलाई अथर्ववेद** भनिन्छ। चौथो वेदको 'अथर्ववेद' नाम रहनुको मुख्य कारण चाहिँ यसमा अथर्वा ऋषिले देखेका मन्त्रहरूको बाहुल्य हुनु वा प्रशस्त शान्तिक, पौष्टिक मन्त्रहरूको सन्निवेश हुनु हो[२१]।

यसप्रकार पाश्चात्त्य विद्वान्हरूले भनेजस्तै 'त्रयी' शब्द तीन वेदको वाचक नभएर यो ऋक्, यजुः र सामरूप मन्त्र तथा चारै वेदको वाचक हो भन्ने कुरा प्राचीन वाङ्मयको अध्ययनबाट नै स्पष्ट हुन्छ[२२]।

---

१८. विशेष ज्ञानका लागि यसै ग्रन्थका निम्नलिखित शीर्षक हेर्नुहोस्– लक्षण वा उच्चारणशैलीका दृष्टिले मन्त्रका भेद। ऋक्, यजुः र सामशब्दका अर्थ। ऋक्, यजुः र साममन्त्रको लक्षण।

१९. अथर्ववेदसंहितामा 'आपो हिष्ठा (ऋ. १०.९.१-७; अ.सं. १.५.१-४, १.६.१-३), अम्बयो यन्त्यध्वभिः (ऋ.१.२३.१६-१८;अ.सं.१.४.१-३), अस्य वामस्य पलितस्य होतुः' (ऋ.१.१६४.१-२२; अ.सं. ९.९.१-२२) इत्यादि ऋग्वेदसंहितामा पाठभेदविना पढिएका ऋचाहरू; स्वस्तिदा विशां पतिः (ऋ. १०.१५२.२-५; अ.सं. १.२१.१-४), आ त्वा हार्षम्' (ऋ. १०.१७३.१-६; अ.सं. ६.८७.१-३, ८८.१-३) इत्यादि केही पाठभेदसहित ऋग्वेदमा भएका ऋचाहरू र 'ये त्रिषप्ता (अ.सं. १.१.१), यस्माद्दृचो अपातक्षन् (अ.सं. १०.७.२०), इन्द्रस्य प्रथमो रथः (अ.सं. १०.४.१) इत्यादि ऋग्वेदमा नभएका ऋचाहरू प्रशस्तमात्रामा उपलब्ध छन्।

२०. अथर्ववेदसंहितामा 'विराड् वा इदमग्र आसीत् (८.१०), यो विद्याद् ब्रह्म प्रत्यक्षम् (९.६.१-६२), तस्यौदनस्य बृहस्पतिः (११.३.१-३१), व्रात्य आसीदीयमानः (१५ कां.), जितमस्माकम् (१६.८.१-२७), अग्नये कव्यवाहनाय (१८.४.७१-८५) इत्यादि यजुर्मन्त्रहरू पनि रहेका छन्।

२१. यस विषयमा विशेष जानकारीका लागि द्रष्टव्य यसै ग्रन्थको उपशीर्षक : अथर्ववेदका वाचक विभिन्न शब्द।

२२. अहे बुध्निय मन्त्रं मे गोपाय, यमृषयस्त्रयीविदा विदुः, ऋचः सामानि यजूँषि -तै.ब्रा. १.१.१०.३, ५; १.२.१.२६। त्रयी वै विद्या, ऋचो यजूँषि सामानि -श.ब्रा. ४.६.७.१।
ऋचो यजूंषि सामानि अथर्वाङ्गिरसस्तथा। चातुर्होत्रप्रधानत्वाल्लिङ्गादित्रितयं त्रयी॥
अथर्वाङ्गिरसं रूपं सामऋग्यजुरात्मकम्॥ -सीतोपनिषद् २२-२३।
ऋग्यजुःसामरूपो हि त्रिविधो मन्त्र उच्यते। ऋक् पादबद्धा गीतिस्तु साम गद्यं यजुर्मतम्॥ चतुर्ष्वपि हि वेदेषु मन्त्रोऽयं वर्तते त्रिधा। ऋचां बहुत्वाद् 'ऋग्वेदः' इत्याद्याख्योक्तिरिष्यताम्॥-षड्गुरुशिष्य, ऐ.ब्रा. २५.७ को वृत्ति।
विनियोक्तव्यरूपश्च त्रिविधः सम्प्रदर्श्यते। ऋग्यजुःसामरूपेण मन्त्रो वेदचतुष्टये॥-षड्गुरुशिष्य, ऋक्सर्वानुक्रमणी, उ., सं.वा.बृ.इ. १, प्रस्ता., पृ. ५६, टि. १ (द्र.- वैदिक सम्पत्ति, पृ. ४८९)।

२.३ आम्नाय

मन्त्रब्राह्मणात्मक वेदको अर्को नाम 'आम्नाय' पनि शास्त्रमा प्रसिद्ध छ[२३]। वेदको अध्ययन गर्ने सनातन परम्परा अत्यन्त रोचक र आदर्शमय रहेको छ। महाभारत, पुराण इत्यादि ग्रन्थको अध्ययन स्वतन्त्र रूपमा पनि गर्न सकिन्छ। अर्थात् इतिहास, पुराणजस्ता लौकिक ग्रन्थको अध्ययन गुरुमुखबाट नै गर्नुपर्ने, स्वतन्त्र रूपमा गर्न नहुने, यही नियम वा पद्धतिअनुरूप गर्नुपर्ने भन्ने विशेष नियम कतै देखिंदैन तर वेदको अध्ययन गर्ने विशेष नियम र पद्धतिको वर्णन चाहिँ वेदाङ्ग-शिक्षा, प्रातिशाख्य इत्यादि ग्रन्थमा सविस्तार गरिएको छ। वेदका मन्त्रमा रहेका स्वर, वर्ण, पद इत्यादिको वास्तविक उच्चारणलाई सुरक्षित राख्नका लागि प्रतिदिन गर्नुपर्ने संहितापाठ[२४] र त्यसबाहेकका पदपाठ[२५], क्रमपाठ[२६], जटा, माला इत्यादि अष्टविकृतिपाठको[२७] व्यवस्था हाम्रा पूर्वज ऋषि-महर्षि र शास्त्रकारहरूले गरेका छन्। 'आम्नाय' शब्दले वेदाध्ययनको यही परम्परालाई सङ्केत गरेको छ। अर्थात् वेद संहिता, पद, क्रम, जटा, माला इत्यादि विशेष किसिमका अभ्यासप्रणालीद्वारा ब्रह्म वा आदित्य-परम्परादेखि[२८] आजसम्म अविच्छिन्न रूपमा यथावत् (जस्ताको त्यस्तै)

---

२३. **आम्नायः पुनर्मन्त्राश्च ब्राह्मणानि च** -कौ.सू. १.३। **आम्नायस्य क्रियार्थत्वाद् आनर्थक्यमतदर्थानाम्** -जै.सू. १.२.१। **आम्नायवचनादहिंसा प्रतीयेत** -नि. १.१६.६। **आम्नायवचनादेतद् भवति** -नि. ७.२४.४।

२४. **अहरहः स्वाध्यायमधीते** (प्रतिदिन स्वाध्याय गर) ।-श.ब्रा. ११.५.६.३। गुरुमुख-परम्पराको उच्चारणविधिअनुसार उदात्त, अनुदात्त र स्वरित स्वरमा आधारित भई सम्प्रदायानुगत सन्धि र अवसानसहित अपरिवर्तनीय रूपले पढिने पहिलो (पद, क्रम, जटा, घन आदि पाठहरूको प्रकृति) पाठलाई **संहितापाठ** भनिन्छ।

२५. पदहरूका बीचमा सन्धि गरेर पढिने संहिताका मन्त्रहरूको पद-पद छुट्याएर (सन्धिविश्लेष गरेर) पाठ गर्ने विधिलाई **पदपाठ** भनिन्छ– **'पदविच्छेदोऽसंहितः'** -वा.प्रा. १.१५६।

२६. **क्रमपाठ** भनेको पहिलो पदसँग दोस्रो पद, दोस्रो पदसँग तेस्रो पद, तेस्रोसँग चौथो, चौथोसँग पाँचौं इत्यादि क्रमले मन्त्र पूरा नभइन्जेल दुई-दुई पद मिलाएर गरिने पाठ हो। अर्थात् संहितापाठको नियमानुसार दुईवटा पदको सन्धिसहित पाठ (संहितापाठ) गरी पूर्वपदलाई छोडेर उत्तरपदलाई त्योभन्दा पछिको पूर्वपदसँग जोड्दै पढिने पाठको प्रकारलाई क्रमपाठ भनिन्छ– **'द्वे द्वे पदे सन्दधात्युत्तरेणोत्तरमावसानादपृक्तवर्जम्'** -वा.प्रा. ४.१८३।

२७. यथोक्त नियमअनुसार जटा, माला, शिखा, रेखा, ध्वज, दण्ड, रथ, घन गरी आठप्रकारका पाठ गर्ने पद्धतिलाई **अष्टविकृतिपाठ** भन्दछन्- **'जटा माला शिखा रेखा ध्वजो दण्डो रथो घनः। अष्टौ विकृतयः प्रोक्ताः क्रमपूर्वा महर्षिभिः ॥'** -विकृतिवल्ली, श्लो. ५।

२८. वेदका कतिपय शाखा ब्रह्म-परम्पराबाट र कतिपय शाखा आदित्य-परम्पराबाट प्राप्त हुँदै आएका मानिन्छन्। उदाहरणका लागि **ब्रह्मा> मैत्रावरुण वसिष्ठ> शक्ति> पराशर> व्यास** (कृष्णद्वैपायन) सम्म पुत्र-परम्पराबाट र व्यासभन्दा पछि **पैल> इन्द्रप्रमति** लगायतका शिष्य-परम्पराबाट प्राप्त **ऋग्वेदको** शैशिरीय शाकलशाखा; **वैशम्पायन> चरकादि** शिष्य-परम्पराबाट प्राप्त **कृष्णयजुर्वेदका** तैत्तिरीय, मैत्रायणी, कठ र कपिष्ठलकठशाखा; **जैमिनि> सुमन्तु> सुत्वा> सुकर्मा** इत्यादि शिष्य-परम्पराबाट प्राप्त **सामवेदको**

अभ्यास गरिँदै आएको शब्दराशि भएकाले यसलाई **'आम्नाय'**[२९] (विशेष किसिमले अध्ययन गरिने वैदिक शब्दराशि) भनिएको हो।

२.४ अध्याय/स्वाध्याय

विधिपूर्वक उपनयन[३०] गरेर नियमानुसार अध्ययन गरिने भएकाले वेदलाई 'अध्याय' पनि भनिन्छ[३१]। यसकारण आफ्नो शाखाको वेदलाई 'स्वाध्याय' भन्दै प्रतिदिन यसको अध्ययन गर्न र स्वाध्यायदेखि कहिल्यै असावधान नहुन वा स्वशाखालाई नभुल्न वैदिक विधिवाक्यले द्विजातिलाई निर्देश गरेका छन्[३२]। यस्तै विधिवाक्यको अनुसरण गर्दै स्मृतिकार मनुले 'वेदको अध्ययन नगरी अन्यत्र लाग्ने द्विज जीवित अवस्थामा नै वंशसहित शूद्रत्व प्राप्त गर्दछ'[३३] भनेका छन्।

२.५ आगम

अधिकृत वैदिक विद्वान् वा आचार्यको मुखबाट श्रवण गर्दै आएको शब्दराशि हुनाले वेदलाई 'आगम' भनिएको हो। वररुचि कात्यायनले व्याकरणका पाँच प्रयोजन उल्लेख गर्दै आफ्नो पहिलो वार्तिकमा 'आगम' शब्दको प्रयोग गरेका

राणायनीय-शाखा; र सुमन्तु> कबन्ध> देवदर्श (वेदस्पर्श?) इत्यादि शिष्य-परम्पराबाट प्राप्त अथर्ववेदको पैप्पलादशाखा ब्रह्मसम्प्रदायका मानिन्छन् (द्र.- श.ब्रा., भाग १, श्रीधर शर्माको उपोद्घात, पृ. ११-१२ र ब्रह्मसम्प्रदायका वंशपटहरू, पृ. १-५। वै.वा.इ. १, पृ. १५६-१८१, २००-२२२, २३९-२४९, २५१-२५८ इ.)।

यसैगरी योगी याज्ञवल्क्यले भगवान् आदित्यलाई प्रसन्न गराई उहाँबाट प्राप्त गरेका चार वेदका विभिन्न शाखामध्ये ऋग्वेदको शाङ्खायनशाखा; शुक्लयजुर्वेदका काण्व, माध्यन्दिन लगायतका १५ शाखा; सामवेदको कौथुमशाखा र अथर्ववेदको शौनकीयशाखा आदित्य-सम्प्रदायका मानिन्छन् (द्र.- पूर्ववत्)।

२९. आसमन्ताद् म्नायते अभ्यस्यते इत्याम्नायः सम्यगभ्यासः। अत्र सम्यक्त्वं च नियमधारण-पूर्वकत्वं गुरुमुखश्रवणपूर्वकत्वं चेति बोध्यम् -वाचस्पत्यम्।

३०. आचार्यस्य उप समीपे माणवकस्य नयनम् उपनयनशब्देनोच्यते। उपनयनं च विधिना आचार्यसमीपनयनम् अग्निसमीपनयनं वा, सावित्रीवाचनं वाऽन्यदङ्गमिति स्मृत्यर्थसारे।-पा.गृ. २.२.१ गदाधरभाष्य।

३१. अध्ययनम् अध्यायः -पा.गृ. २.१०.१ कर्क, जयराम र विश्वनाथको भाष्य। अधीयत इत्यध्यायो वेदः -ऐ., गदाधरभाष्य।

३२. स्वाध्यायोऽध्येतव्यः, अहरहः स्वाध्यायमधीते -श.ब्रा. ११.५.६.३, तै.आ. २.१५.१। स्वाध्यायान्मा प्रमदः -तै.उ. १.११.१, तै.आ. ७.११.१। स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम् -तै.उ. १.११.१, तै.आ. ७.११.१।

३३. योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम्।
स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः॥-मनु. २.१६८।

छन्[३४]। महाभाष्यकार पतञ्जलि र वेदभाष्यकार सायण[३५], कुमारिल भट्ट, ईश्वरकृष्ण[३६] इत्यादि प्राचीन विद्वान्हरूद्वारा मन्त्रब्राह्मणात्मक वेदका लागि 'आगम' शब्दको प्रयोग गरिएको देखिन्छ। यसअतिरिक्त शास्त्रका लागि मात्र अर्थात् आ-आफ्ना सम्प्रदायका शास्त्र वा प्रमाणका लागि पनि आगम शब्द प्रयोग हुने गर्दछ। उदाहरणका लागि वैदिक र वैयाकरणहरूले वेदलाई, मीमांसकहरूले स्मृतिलाई[३७], तान्त्रिकहरूले तन्त्रशास्त्रलाई[३८], नैयायिकहरूले शब्द वा आप्तवाक्यलाई[३९] 'आगम' भन्ने गर्दछन्। यसबाट 'आगम' भनेको आ-आफ्ना सम्प्रदायअनुसारको प्रामाणिक शास्त्र वा अन्तिम प्रमाण हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ।

२.६ निगम

निश्चयपूर्वक पुरुषार्थज्ञान प्राप्त गर्ने साधन भएकाले वेदलाई 'निगम' पनि भनिन्छ[४०]। निरुक्तकार यास्कले वैदिक मन्त्रका लागि 'निगम' शब्दको प्रयोग गरेका छन्[४१]। भागवतपुराणादि ग्रन्थमा चाहिँ प्रायः मन्त्रब्राह्मणात्मक वेदका लागि निगम शब्द प्रयोग भएको पाइन्छ।

२.७ छन्दस्

वेदका लागि 'छन्दस्'-शब्दको प्रयोग पनि धेरै ठाउँमा भेटिन्छ।

---

३४. **रक्षोहागमलघ्वसन्देहाः प्रयोजनम्**। युधिष्ठिर मीमांसकले यसलाई कात्यायनको पहिलो वार्तिक भनेका छन्। द्र.- सं.व्या.शा.इ., भाग १, पृ. ३०८-३०९।

३५. **आगमः खल्वपि, 'ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयः' इति**।-व्या.म.भा., पस्प., शास्त्रप्रयोजनाधिकरण १.१.१। वे.भा.भू., पृ. ५१।

३६. **आगमप्रवणश्चाहं नापवाद्यः स्खलन्नपि**।-कुमारिलभट्ट, श्लो.वा., उपो.,पद्य ७। **तस्मादपि चासिद्धं परोक्षमाप्तागमात् सिद्धम्**।-ईश्वरकृष्ण, सां.का. ६।

३७. **आगमो वेद इति वैयाकरणाः**।-शिवरामेन्द्रकृत महाभाष्यटीका पत्र ५, सरस्वतीभवन काशीको हस्तलेख। **स्मृतिरिति मीमांसकाः**।-तन्त्रवार्तिक, पूना संस्करण, पृ. २६५। द्र.- सं.व्या.शा.इ., भाग १, पृ. ५७ टि. ७।

३८. **आगमम् – तन्त्रशास्त्रम्**। आगतं पञ्चवक्त्रात्तु गतञ्च गिरिजानने। मतञ्च वासुदेवस्य तस्मादागम उच्यते॥-श.चिं.; श.क.द्रु.।

३९. **आगमः** – चार प्रकार के प्रमाणों में से अन्तिम जिसे नैयायिक 'शब्द' या 'आप्तवाक्य' कहते हैं (वेद ही ऐसे प्रमाण समझे जाते हैं) -आप्टेकोश। द्र.- **प्रत्यक्षानुमानोपमानशब्दाः प्रमाणानि** -न्या.द. १.१.३। **आप्तोपदेशः शब्दः** -न्या.द. १.१.७।

४०. नि – निश्चयेन, गम्यते – ज्ञायते प्राप्यते पुरुषार्थचतुष्टयमनेनेति, निगमो वेदः। "निगच्छन्ति नितरां जानन्ति प्राप्नुवन्ति वा सर्वा विद्या यस्मिन् स निगमो वेदो मन्त्रश्चेति" -दयानन्द सरस्वती, ऋग्वे.भा.भू., पृ. ९२।

४१. अथाप्यस्यां ताद्धितेन कृत्स्नवन्निगमा भवन्ति -नि. २.५.४। तत्र पञ्चजना इत्येतस्य निगमा भवन्ति -ऐ., ३.८.१।

निरुक्तकार यास्कले मुख्यतः मन्त्रसंहितालाई नै 'छन्दस्' भनेको बुझिन्छ[४२] भने व्याकरणसूत्रकार पाणिनिले धेरै ठाउँमा मन्त्रात्मक वेदका लागि[४३], केही ठाउँमा ब्राह्मणका लागि[४४] र कहीं मन्त्र तथा ब्राह्मण दुवै भागका लागि[४५] 'छन्दस्'-शब्दको प्रयोग गरेका छन्। यसबाट 'छन्दस्'-शब्द मन्त्रसंहितामात्र नभएर मन्त्रब्राह्मणात्मक वेदको बोधक हो भन्ने बुझिन्छ। निरुक्तकार यास्कले छन्दस्-शब्दको निर्वचन आच्छादन अर्थमा गरेका छन्[४६]। वैदिक वाङ्मयको उल्लेखअनुसार कुनै समय मृत्युबाट भयभीत बनेका देवताहरू 'त्रयीविद्या'मा (ऋग्यजुःसामात्मक वेदमा) प्रवेश गरेर (वेदविहित कर्म गरेर) आफूलाई छन्दद्वारा (छन्दात्मक वेदद्वारा) आच्छादन अर्थात् रक्षा गरेका थिए। त्यसकारण आच्छादनशक्ति भएका ऋक्, यजुः र सामात्मक मन्त्रको (वेदको) नाम 'छन्दस्' रहेको हो।[४७] छन्दमा अक्षरसङ्ख्या, पाद इत्यादिको निश्चित व्यवस्था हुने भएकाले[४८] वेदको 'छन्दस्' नामले मन्त्रमा पाद, अक्षरसङ्ख्या इत्यादिको नियमन रहेको हुन्छ भन्ने कुरालाई सङ्केत गरेको छ। अतः पहिला अव्याकृत वा अनियन्त्रित रहेको वाणी पछि पद्य, गद्य र गीतिमा नियमित भएकाले ऋक्, यजुष् र सामरूपात्मक मन्त्रलाई 'छन्दस्' भनिएको हो।

यसप्रकार वेदका अभिधायक विभिन्न नामले वेदका विभिन्न स्वरूप, पद्धति र परम्परालाई सङ्केत गरेका हुन्छन्। **'श्रुति'** र **'अनुश्रव'** शब्दले अनादि कालदेखि गुरु-शिष्यपरम्पराबाट श्रवण गर्दै आएको वेदको अध्ययन-पद्धति वा परम्परालाई सङ्केत गरेका छन् भने **'त्रयी'** शब्दले ऋक्, यजुः र सामात्मक मन्त्रको समुदायलाई अर्थात् वेदको त्रिविध स्वरूपलाई बुझाएको छ। **'आम्नाय'** शब्दले वेदको अध्ययनलाई यथावत् सुरक्षित राख्नका लागि नित्य अभ्यासको महत्त्व झल्काउँछ भने **'अध्याय'** र **'स्वाध्याय'** शब्दले वेदाध्ययनको अनिवार्यता तथा स्वशाखाध्ययनको महत्त्व बताएका छन्। यसैगरी **'आगम'** शब्दले वेदको सर्वश्रेष्ठ

४२. छन्दोभ्यः समाहृत्य समाहृत्य समाम्नाताः -नि. १.१.४। छन्दांसि मन्त्रास्तेभ्यः.... -दुर्गावृत्ति।

४३. छन्दोब्राह्मणानि च तद्विषयाणि, पा.सू. ४.२.६६। बहुलं छन्दसि, पा.सू. २.४.३९, ७३, ७६; ३.२.८८; ५.२.१२२; ६.१.३४; ७.१.८, १०, १०३; ७.३.९७; ७.४.७८ इ.। विशेष जानकारीका लागि द्र.- सिद्धान्तकौमुदीको वैदिकी प्रक्रिया।

४४. तृतीया च होश्छन्दसि, पा.सू. २.३.३ इ.।

४५. छन्दसि निष्टर्क्य..., पा.सू. ३.१.१२३।

४६. छन्दांसि छादनात् ७.१२.२।

४७. देवा वै मृत्योर्बिभ्यतस्त्रयीं विद्यां प्राविशंस्ते छन्दोभिरच्छादयन्, यदेभिरच्छादयँस्तच्छन्दसां छन्दस्त्वम् -छां.उ. १.४.२। द्र.- तै.सं. ५.६.६.१। श.ब्रा. ८.५.२.१ इ.। तस्माच्छन्दांसि वेदाः, मननान्मन्त्राश्चेति पर्यायौ -दयानन्द, ऋग्वे.भा.भू., पृ. ९२।

४८. यदक्षरपरिमाणं तच्छन्दः -ऋक्सर्वानुक्रमणी २.६। छन्दोऽक्षरसङ्ख्यावच्छेदकमुच्यते -अथर्ववेदीय-बृहत्सर्वानुक्रमणिका, पृ. १। नियताक्षरपादावसाना ऋक् -का.श्रौ. १.३.१ कर्कभाष्य। पादेनार्थेन चोपेता वृत्तबद्धा मन्त्रा ऋचः -जै.न्या. २.१.१० मा माधवाचार्य। तेषामृग् यत्रार्थवशेन पादव्यवस्था, गीतिषु सामाख्या, शेषे यजुःशब्दः -जै.सू. २.१.३५-३७।

प्रामाणिकतालाई, **'निगम'** शब्दले पुरुषार्थज्ञान प्राप्त गर्ने मुख्य साधन वेद हो भन्ने कुरालाई र **'छन्दस्'** शब्दले मन्त्रमा रहने अक्षर, पाद इत्यादिको नियमितता तथा वेदको आच्छादन-शक्तिलाई सङ्केत गरेका छन्।

२.८ अथर्ववेदका वाचक विभिन्न शब्द

प्रतिपाद्य विषयका दृष्टिले विलक्षण र दार्शनिक चिन्तनका आधारमा पहिलो भए पनि लोकव्यवहारमा गणना गर्दा ऋग्वेदलाई पहिलो र अथर्ववेदलाई चौथो स्थान प्राप्त भएको देखिन्छ। ऋगादि तीन वेद मन्त्रको लक्षणका आधारमा मात्र प्रसिद्ध छन् अर्थात् ऋचाहरूको (ऋक् मन्त्रहरूको) बाहुल्य भएको **पद्यात्मक वेदलाई ऋग्वेद,** धेरै यजुर्मन्त्र भएको **गद्यात्मक वेदलाई यजुर्वेद** र धेरै **गानविशिष्ट ऋक्मन्त्र भएको वेदलाई सामवेद**का नामले हामी चिन्दै आएका छौं। अथर्ववेदमा चाहिँ ऋक् र यजुः अर्थात् पद्यात्मक र गद्यात्मक दुवै किसिमका मन्त्र रहेकाले यसको नाम मन्त्रको लक्षणका आधारमा प्रसिद्ध हुने अवस्था रहेन। त्यसैले मन्त्र र विषयका दृष्टिले समेत अन्य वेदभन्दा छुट्टै प्रकृतिको यस वेदलाई **'अथर्ववेद'**[४९] भनियो। आजभोलि यही नामबाट चौथो वेद सामान्य जनमानसमा प्रसिद्ध छ। यसअतिरिक्त वैदिक वाङ्मय, स्मृति, पुराण इत्यादि ग्रन्थमा अथर्ववेदका **ब्रह्मवेद**[५०], **आङ्गिरस/अङ्गिरस वेद**[५१], **अथर्वाङ्गिरस वेद**[५२], **भृग्वङ्गिरस वेद**[५३], **क्षत्रवेद**[५४], **छन्दोवेद**[५५] इत्यादि नामहरू

---

४९. तानुपदिशति **अथर्वाणो** वेदः -श.ब्रा. १३.४.३.७ । **अथर्वणाम् अङ्गिरसां** प्रतीची -तै.ब्रा. ३.१२.९.१ । तेभ्यः श्रान्तेभ्यस्तप्तेभ्यः सन्तप्तेभ्यो यान् मन्त्रानपश्यत् स **आथर्वणो वेदो**ऽभवत् -गो.ब्रा. १.१.५ । अथर्वणां चन्द्रमा ... शन्नो देवीरभिष्टय इत्येवमादिं कृत्वा **अथर्ववेद**मधीयते -गो.ब्रा. १.१.२९ । **येऽथर्वाण**स्तद् भेषजम् -गो.ब्रा. १.३.४ । ऋग्यजुःसामाथर्वाणश्चत्वारो वेदाः -नृ.पू.ता.उ. १.२ । तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽ**थर्ववेदः** -मुं.उ. १.१.५ ।

५०. तमृचः सामानि यजूंषि ब्रह्म चानुव्यचलन् -अ.सं. १५.६.८ । गो.ब्रा. १.२.२२, २.२.६ । ब्रह्मवेदवित् -वै.श्रौ. १.१ । ब्रह्मवेदस्तथा घोरैः... -वायुपु. ६५.२७ ।

५१. तेभ्यः श्रान्तेभ्यस्तप्तेभ्यः सन्तप्तेभ्यो यान् मन्त्रानपश्यत् स आङ्गिरसो वेदोऽभवत् -गो.ब्रा. १.१.८ । ता उपदिशति, अङ्गिरसो वेदः ... अङ्गिरसामेकं पर्व -श.ब्रा. १३.४.३.८ । अङ्गिरोभ्यः स्वाहा -तै.सं. ७.५.१.२ ।

५२. सामानि यस्य लोमान्यथर्वाङ्गिरसो मुखम् -अ.सं. १०.७.२० । यदथर्वाङ्गिरसः स य एवं विद्वानथर्वाङ्गिरसः -श.ब्रा. ११.५.६.७ । ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः -श.ब्रा. १४.५.४.१० (मा.बृ.उ. २.४.१०, का.बृ.उ. ४.५.१२) । अथर्वाङ्गिरोविदं ब्रह्माणम् -गो.ब्रा. १.२.२४ । अथर्वाङ्गिरोभिर्ब्रह्मत्वम् -गो.ब्रा. १.३.२ । बौ.ध.सू. २.५.१८९ । याज्ञ. १.३१३ । मनु. ११.३३ इ. ।

५३. भृगूणामङ्गिरसां तपसा तप्यध्वम् -मा.सं. १.१८ । तेजो यद् भृग्वङ्गिरसाम् -श.ब्रा. १.२.१.१३ । एतद्वै भूयिष्ठं ब्रह्म यद् भृग्वङ्गिरसः -गो.ब्रा. १.३.४ ।

५४. उक्थं प्राणः... यजुः प्राणः... साम प्राणः... क्षत्त्रं प्राणो वै क्षत्त्रम्, प्राणो हि वै क्षत्त्रम्, त्रायते हैनं प्राणः क्षणितोः -श.ब्रा. १४.८.१४.१-४ (मा.बृ.उ. ५.१४.१-४; का.बृ.उ. ५.१३.१-४) ।

५५. छन्दांसि जज्ञिरे -ऋ. १०.९०.९, मा.सं. ३१.७ । छन्दो ह जज्ञिरे -अ.सं. १९.६.१३ । छन्दस्याध्ययने

पनि प्रसिद्ध छन्। यसप्रकार अन्य वेदभन्दा छुट्टै प्रकृतिका विभिन्न नामबाट चौथो वेद सम्बोधित भएकाले यसका पृथक् विशेषता पनि रहेका छन् भन्ने अनुमान स्वतः गर्न सकिन्छ।

२.८.१ अथर्ववेद

चौथो वेदको **'अथर्ववेद'** नाम प्रसिद्ध हुनुमा मूलतः दुईवटा कारण स्पष्ट देखिन्छन् । पहिलो कारण यसमा **'अथर्वा'** नामका ऋषिले र उनका कुलका ऋषिहरूले साक्षात्कार गरेका मन्त्रहरूको बाहुल्य हुनु हो[५६] भने दोस्रो कारण दार्शनिक, शान्तिक र पौष्टिकरूप मङ्गलप्रदायक मन्त्रहरूको आधिक्य हुनु हो । अथर्ववेदसंहिताका ५९८७ मन्त्रमध्ये २७९९ मन्त्र अथर्वपरिवारद्वारा दृष्ट छन् । यसबाट 'अथर्वा' ऋषिले साक्षात्कार गरेका मन्त्रहरूको बाहुल्य भएका कारण चौथो वेदको नाम 'अथर्ववेद' रहेको हो भन्ने स्पष्ट आधार प्राप्त हुन्छ । यसअतिरिक्त पाणिनीय धातुपाठमा पढिएको हिंसार्थक 'थुर्वी' धातुलाई परोक्षवृत्तिका आधारमा 'थर्व'मा परिणत गरी **'न भवति हिंसा यस्मात्'** अर्थात् जसबाट सबै प्रकारका हिंसाहरू (मानसिक दुःखकष्ट र हानिहरू) रोक्न सकिन्छ त्यस्तो वेद नै अथर्ववेद हो भन्न सकिन्छ। अथर्ववेदीय **गोपथब्राह्मणमा गरिएको निर्वचनअनुसार**[५७] 'अथ + अर्वा + अन्' भागहरूको पूर्वरूपादि सन्धिद्वारा 'अथर्वन्' शब्द निष्पन्न हुन्छ र यसको अर्थ **'मङ्गलमय (वेद)'** भन्ने लगाउन सकिन्छ, किनकि अथर्ववेदमा लौकिक र अलौकिक क्षतिबाट मुक्त हुने शान्तिक र पौष्टिक विभिन्न माङ्गलिक उपायहरू उपदिष्ट छन्। यसबाट **'अथर्व'**पद सबै प्रकारका न्यूनताहरू परिहार गर्ने वेद भन्ने अर्थमा चौथो वेदको विशेषणका रूपमा प्रयोग भएको अनुमान गर्न सकिन्छ । **निरुक्तकार यास्कले गरेको निर्वचनअनुसार**[५८] अथर्वपदको विश्लेषण गर्ने हो भने गत्यर्थक 'थर्व' धातुबाट प्रतिषेध अर्थमा 'अथर्वन्' शब्द निष्पन्न हुन्छ। यसरी हेर्दा 'अथर्ववेद' शब्दको अर्थ **'चित्तवृत्तिनिरोधात्मक समाधिरूप चित्तस्थैर्यसाधकतम वेद'** भन्ने लक्षित हुन्छ । यास्कको निर्वचनबाट लक्षित हुने अर्थ अथर्ववेदका 'मूर्धानमस्य संसीव्य' (१०.२.२६-२८) जस्ता प्रशस्त मन्त्रहरूमा घटित हुने भएकाले 'मानिसका चित्तवृत्तिलाई स्थिर गराउन सहयोग पुऱ्याउने वेद' भन्ने अर्थको सङ्केत गर्नका लागि चौथो वेदमा 'अथर्व' विशेषणपद जोडिएको हुन सक्छ । यसप्रकार चौथो वेदमा विशेषणका रूपमा जोडिएको 'अथर्व'पदले यसका मन्त्रद्रष्टा ऋषि, यस वेदमा प्रतिपादित लोकव्यवहारका लागि अत्यावश्यक शान्ति र पुष्टिसँग सम्बद्ध माङ्गलिक विषय र चित्तवृत्तिनिरोधात्मक दार्शनिक (अध्यात्मचिन्तनपरक)

प्राप्ते... -दन्त्योष्ठविधि १.२।

५६. सर्वेह वा अस्यैतैरथर्वभिश्चाथर्वणैश्च कृतं भवति -गो.ब्रा. १.१.५।

५७. तद्यदब्रवीत्- अथर्वागेनमेतास्वेवाप्स्वन्विच्छतेति, तदथर्वाऽभवत्।-गो.ब्रा. १.१.४।

५८. थर्वतिश्चरतिकर्मा तत्प्रतिषेधः।-निरुक्त ११.१९.१।

विषयहरूलाई सङ्केत गरेको छ।

२.८.२ ब्रह्मवेद

अथर्ववेदको 'ब्रह्मवेद' नाम प्रसिद्ध हुनुमा मूलतः तीनवटा कारण देखिन्छन्— क) ऋत्विक्प्राधान्य, ख) विषयप्राधान्य र ग) ऋषिप्राधान्य।

क) ऋत्विक्प्राधान्य : सोमयागादि श्रौतयज्ञ सम्पादन गर्नका लागि ऋक्, यजुः, साम र अथर्ववेदसँग सम्बद्ध ऋत्विक्हरूको आवश्यकता पर्दछ र त्यस्ता यागमा मुख्यतः चार वेदसँग सम्बद्ध चारवटा ऋत्विक्लाई गणप्रमुखका रूपमा वरण गरिएको हुन्छ। तीमध्ये ऋग्वेदको अध्येतालाई होता, यजुर्वेदको अध्येतालाई अध्वर्यु, सामवेदीयलाई उद्गाता र अथर्ववेदसहित सामान्यतः चारै वेदको अध्ययन गरेको ब्राह्मणलाई ब्रह्मा ऋत्विक्का रूपमा वरण गरिएको हुन्छ। यी ऋत्विक्हरूले आ-आफ्ना शाखासँग सम्बद्ध याज्ञिक कर्महरू सम्पादन गर्दछन्। यज्ञको अध्यक्षता चाहिँ विशेषतः अथर्ववेदसँग सम्बद्ध 'ब्रह्मा' नामका ऋत्विक्ले गर्ने गर्दछन्[५९]। **यसरी अथर्ववेदसँग 'ब्रह्मा' ऋत्विक्को सम्बन्ध भएको हुनाले** कहीं कहीं ऋग्वेदको हौत्रवेद, यजुर्वेदको आध्वर्यववेद, सामवेदको औद्गात्रवेद भन्ने नाम पनि सुनिएजस्तै **अथर्ववेद ब्रह्मवेदका नामले प्रसिद्ध भएको** कुरा बुझिन आउँछ।

ख) विषयप्राधान्य : अथर्ववेदको ब्रह्मवेद नाम रहनुमा योभन्दा अझ बलियो कारण विषयको प्रधानता नै हुन सक्छ। अर्थात् अन्य वेदका अपेक्षामा अथर्ववेदमा ब्रह्मचिन्तनविषयक दार्शनिक मन्त्रहरूको बाहुल्य रहेका कारण यस वेदको नाम ब्रह्मवेद रहेको हो भन्ने प्रशस्त आधारहरू पाइन्छन्। ५९८७ मन्त्रसङ्ख्या भएको अथर्ववेदमा १५५० मन्त्रहरू विशुद्ध अध्यात्मदर्शनसँग सम्बद्ध रहेका भेटिन्छन्। यसरी **अथर्ववेदका मन्त्रहरूमा ब्रह्मतत्त्वको विस्तृत विवेचना भएका कारण ब्रह्मवेदका नामले यसको प्रसिद्धि** हुनु नितान्त सार्थक विषय हो।

ग) ऋषिप्राधान्य : ब्रह्मवेद नाम रहनुमा तेस्रो कारण ऋषिप्राधान्य पनि हुन सक्छ। किनभने जसरी अथर्वा ऋषिले देखेका मन्त्रहरूको सङ्ख्या धेरै भएका कारण चौथो वेदको नाम 'अथर्ववेद' रहेको अनुमान गरियो, त्यसरी नै **ऋषि अथर्वापछि ब्रह्मा नामका ऋषिले देखेका मन्त्रहरू नै अथर्ववेदमा बढी भएका कारण** (अथर्ववेदमा ब्रह्मा ऋषिले देखेका मन्त्रहरू ८८४ छन्) **यसको अभिधान पनि ब्रह्मवेद रहेको** अनुमान गर्न सकिन्छ।

२.८.३ अन्य नामहरू

अथर्ववेदका **अथर्वाङ्गिरस, भृग्वङ्गिरस** इत्यादि नाम पनि प्रसिद्ध छन्। यस्ता नाम प्रसिद्ध हुनुमा पनि मन्त्रद्रष्टा ऋषि[६०] र विषयको अनुरोध रहेको देखिन्छ।

५९. ब्रह्मत्वमकरोद्यज्ञे वेदेनाथर्वणेन तु -वायुपु. ६०.१८।

६०. सर्वैर्ह वा अस्यैतैरङ्गिरोभिश्चाङ्गिरसैश्च कृतं भवति -गो.ब्रा. १.१.८।

किनकि भृगु र अङ्गिरा परिवारद्वारा दृष्ट मन्त्रहरू पनि अथर्ववेदमा धेरै नै भएका र आङ्गिरसादि विभिन्न चिकित्साहरूको वर्णन[६१] पनि यसमा भएको हुनाले अथर्वाङ्गिरस, भृग्वङ्गिरस इत्यादि नामले समेत चौथो वेदको प्रसिद्धि भएको हो भन्ने कुरा मन्त्रहरूको अध्ययनबाट स्पष्ट हुन्छ। यसरी नै अथर्ववेदमा क्षात्रधर्मको विस्तृत विवेचना भएको हुनाले यसलाई **क्षत्रवेद** र प्रशस्त भैषज्यकर्महरू-(रोगनिवारणका विभिन्न विधिहरू) को वर्णन भएको हुनाले एकाध स्थानमा **भैषज्यवेद** वा **भिषग्वेद** पनि भनिएको पाइन्छ भने ऋगादि वेदत्रयोक्त कर्महरूको आच्छादक भएकाले **छन्दोवेद**का नामले समेत अथर्ववेदको प्रसिद्धि रहेको देखिन्छ।

३. वेदका दुई विभाग : मन्त्र र ब्राह्मण

कतिपय विद्वान्हरूले 'ब्राह्मणग्रन्थ मन्त्रभागको (संहिताको) व्याख्या भएको र ऋषिदृष्ट पनि नभएको हुँदा त्यो परतः प्रमाणयोग्य भए पनि मन्त्रभागकै कोटिमा त्यसलाई राख्न मिल्दैन। तसर्थ वेद भनेको मन्त्रभाग मात्र हो, ब्राह्मण होइन' भन्ने विचार राख्तछन्[६२]। यसको विपरीत आपस्तम्ब, कात्यायन, कौशिक इत्यादि कल्पसूत्रकार, ब्रह्मसूत्रकार बादरायण, मीमांसासूत्रकार जैमिनि, व्याकरणसूत्रकार पाणिनि, महाभाष्यकार पतञ्जलि, मन्वादि स्मृतिकार, धर्मसूत्रकार, वेदका प्राचीन भाष्यकार स्कन्दस्वामी, सायण, महीधर इत्यादि अधिकांश आचार्य र विद्वान्हरूले ब्राह्मण-ग्रन्थलाई पनि मन्त्रकै कोटिमा राखेर मन्त्र र ब्राह्मणात्मक स्वरूपलाई नै वेद मान्दै आएको कुरा उक्त शास्त्रका विभिन्न वचन र प्रसङ्गबाट बुझ्न सकिन्छ। यद्यपि मन्त्र र ब्राह्मणमा उल्लेख गरिएको याज्ञिक विषय बाझिएमा मन्त्रसंहिताकै विषय मान्य हुने सिद्धान्त पनि कल्पसूत्रमा पाइन्छ[६३] तथापि मन्त्रार्थको र मन्त्रतात्पर्यको निर्णयमा ब्राह्मण-ग्रन्थको ठूलो भूमिका रहने भएकाले[६४] मूल वैदिक परम्परामा ब्राह्मणग्रन्थ पनि मन्त्रसंहिताजस्तै अनादि, अपौरुषेय र प्रामाणिक मानिन्छन्।

३.१ वेदको स्वरूपका विषयमा भिन्न मत

वेदको मन्त्र र ब्राह्मणात्मक स्वरूपलाई मूल वैदिक परम्पराका अनुयायीहरूले मात्र स्वीकार गर्दछन्। आर्यसमाजका संस्थापक स्वामी दयानन्द सरस्वती, उनका अनुयायी र पाश्चात्त्य विद्वान्हरूले वेदको मन्त्र र ब्राह्मणात्मक

---

६१. द्र.- अ.सं. ११.४.१६।

६२. द्र.- यसै ग्रन्थको उपशीर्षक **'वेदको स्वरूपका विषयमा भिन्न मत'**।

६३. मन्त्रचोदनयोर्मन्त्रबलं प्रयोगित्वात् -कात्यायनश्रौतसूत्र १.५.७।

६४. विनियोगपरिज्ञानाद् यजुषामर्थनिश्चयः।
इतिहासैर्ऋगर्थानां बहुब्राह्मणदर्शितैः ॥-वेङ्कटमाधव, ऋग्भाष्य १.१.१, पद्य २९।
अथ ये ब्राह्मणार्थानां विवेक्तारः कृतश्रमाः।
शब्दरीतिं विजानन्ति ते सर्वं कथयन्त्यपि ॥-ऐ. ८.१.१, (१०.४६.१) पद्य ११।

स्वरूपलाई स्विकार्दैनन् । अर्थात् उनीहरूले मन्त्रसंहितालाई मात्र वेदको कोटिमा राख्छन्। दयानन्दको भनाइअनुसार वेदका ऋचा वा मन्त्रहरू सर्वशक्तिमान् ईश्वरको कृपाबाट ध्यानमा निमग्न ऋषिहरूले देखेका हुँदा संहिता वा मन्त्रभाग स्वतः प्रामाण्य छन् तर ब्राह्मणभाग ईश्वरोक्त वा ऋषिदृष्ट नभएका कारण वेदजस्तै स्वतः प्रामाण्य छैनन्। अर्थात् वेदानुकूल भएका कारण ब्राह्मणभाग पनि परतः (जुन अंश संहिता वा मन्त्रभागको विरुद्ध छैन त्यो मात्र) प्रमाणयोग्य छन् तर ती वेद (मन्त्र/संहिताभाग) जस्तै प्रामाणिक हुन सक्तैनन्[६५] । ब्राह्मणभाग मन्त्रभागजस्तै प्रामाणिक हुन नसक्नुमा दयानन्दले विभिन्न कारणहरू उल्लेख गरेका छन् । तीमध्ये ब्राह्मणभाग ऋषिदृष्ट नहुनु, यी विभिन्न देहधारी ऋषिहरूद्वारा गरिएका वेदका व्याख्यानग्रन्थ मात्र हुनु, यिनमा विभिन्न ऋषि-महर्षि, राजा आदिका इतिहास उपलब्ध हुनु इत्यादि प्रमुख कारण उनले उल्लेख गरेका छन् । उनको भनाइअनुसार **'ब्रह्म'**को अर्थ ब्राह्मणजाति हो र चारै वेदका ज्ञाता तिनै ब्राह्मण-महर्षिद्वारा प्रोक्त (गरिएका) वेदका व्याख्या नै ब्राह्मणग्रन्थ हुन् । अतः दयानन्दको विचारमा वेद भनेको मन्त्रभाग (मन्त्रहरूको सङ्ग्रह -संहिताभाग) मात्र हो जुन ऋग्वेदसंहिता, यजुर्वेदसंहिता, सामवेदसंहिता र अथर्ववेदसंहिता गरी चार भागमा विभक्त छ। ब्राह्मणग्रन्थ र त्यसभित्र पर्ने आरण्यक, उपनिषद् आदि सबै वेदका व्याख्या मात्र हुन्, न कि साक्षात् वेद । उनका विचारमा पुराण भनेका हामीले बुझ्दै आएका वेदव्यासरचित श्रीमद्भागवत, ब्रह्मवैवर्त इत्यादि पुराण नभएर ब्राह्मण-ग्रन्थभित्रकै केही अंश हुन् । अर्थात् पुराण, इतिहास, गाथा, नाराशंसी, कल्प इत्यादि विषय ब्राह्मण-ग्रन्थभित्रै उल्लेख भएका हुँदा र ती भागवत, ब्रह्मवैवर्त इत्यादि पुराणजस्तै कपोलकल्पित तथा झूटा नभएकाले पुराण, इतिहास आदि ब्राह्मण-ग्रन्थकै अन्य नाम हुन् ।[६६]

४. मन्त्रसंहिताको परिचय[६७]

सामान्यतः मन्त्र भनेका सुदीर्घ कालदेखि गुरुमुख-परम्पराबाट उच्चरित हुँदै आएका वेदवाक्य हुन् भने संहिता भनेका तिनै मन्त्रहरू एकत्रित गरिएका मन्त्रसङ्ग्रह हुन्। यहाँ मन्त्र र संहिताको विशेष स्पष्टताका लागि विभिन्न शीर्षकमा

---

६५. ब्रह्मसंज्ञितस्य मन्त्रभागस्यैव मुख्यं वेदत्वं, विधिभागस्य तु 'ब्रह्मण इदं ब्राह्मणम्' इति मन्त्रसम्बन्धित्वाद् मन्त्राणामर्थप्रकाशकत्वेन, क्वचिद् विनियोजकत्वेन, तदुपसर्जनीभूतत्वाद् ब्राह्मणस्य गौणं वेदत्वमिति सिध्यति ।-दैवरात गजानन्द शर्मा, वेदवेदिका, पृ. १६, तै.सं.भू. ।

६६. विशेष ज्ञानका लागि द्र.- दयानन्दविरचित ऋग्वेदादिभाष्यभूमिकाको **'वेदसंज्ञाविचारः'** नामक शीर्षक पृ. ९४-१०५; **'ग्रन्थप्रामाण्याप्रामाण्यविषययः'** नामक शीर्षक पृ. ३१६-३२२ र **सत्यार्थ-प्रकाशको** सप्तम समुल्लासअन्तर्गत **'वेदविषयविचारः'** नामक शीर्षक पृ. १४३-१४६ ।

६७. ऋक्, यजुः, साम र अथर्ववेदका विभिन्न शाखासँग सम्बद्ध अनेक मन्त्रसंहिताहरूको संरचना-गत स्वरूप, संस्करण र अन्य परिचय यसै ग्रन्थको भाग २ मा दिइएको हुँदा मन्त्रसंहिताहरूको विशेष जानकारी त्यहींबाट लिन पाठकवर्गलाई अनुरोध गरिन्छ।

यिनको परिचय प्रस्तुत गरिएको छ।

४.१ 'मन्त्र' शब्दको अर्थ

आचार्य यास्कका अनुसार 'मन्त्र' शब्द मननार्थक 'मन्'धातुबाट निष्पन्न हुन्छ[६८]। पाञ्चरात्रसंहिताका अनुसार मनन गर्नाले पापआदिबाट रक्षा गर्ने र अभिमत पदार्थ प्रदान गर्ने शक्ति भएका वेदवाक्य नै मन्त्र हुन्[६९]। यसैगरी मीमांसादर्शनका सूत्रकार **जैमिनि**ले 'यज्ञमा गर्नुपर्ने कर्मका प्रेरक (स्मारक) वेदवाक्यलाई मन्त्र' भनेका छन्[७०] भने यसैलाई स्पष्ट गर्दै **माधवाचार्य**ले याज्ञिक आचार्यहरूको समाख्यानलाई (अर्थात् याज्ञिकहरूले जसलाई **'यो वेदवाक्य मन्त्र हो'** भनेर मान्दै आएका छन् त्यसैलाई) मन्त्रको दोषवर्जित लक्षण मानेका छन्। याज्ञिकहरू चाहिँ अनुष्ठानका स्मारक [यज्ञानुष्ठानमा आवश्यक पर्ने द्रव्य (हवनादि सामग्री), देवता र क्रियाविशेषलाई स्मरण गराउने] वेदवाक्यका लागि **'मन्त्र'** शब्द प्रयोग गर्दछन्[७१]। अर्थसङ्ग्रहकार आचार्य **लौगाक्षिभास्कर**ले यसैलाई अझ स्पष्ट पार्दै 'अनुष्ठान-(प्रयोग)सँग सम्बद्ध (समवेत) द्रव्य-देवतादि (अर्थ) स्मरण गराउने (स्मारक) वेदवाक्यलाई 'मन्त्र' भनेका छन्[७२]।

निष्कर्षमा मन्त्रको परिभाषा गर्नुपर्दा सुदीर्घ कालदेखि गुरुमुख-परम्पराबाट जस्ताको त्यस्तै उच्चरित हुँदै र कठोर अभ्यासात्मक मननद्वारा संरक्षित हुँदै आएका, याज्ञिकहरूमा मन्त्रका नामले प्रसिद्धि पाएका, यज्ञमा विहित द्रव्य-देवतादिका स्मारक, कामनापूरक र आत्मरक्षक वेदवाक्य नै मन्त्र हुन् भन्न सकिन्छ।

४.२ 'संहिता' शब्दको अर्थ

संहिताको लक्षण विभिन्न ग्रन्थमा विभिन्न किसिमले गरिएको पाइन्छ। ऋक्प्रातिशाख्यकार शौनकले पदहरूको प्रकृतिलाई संहिता भनेका छन्[७३] भने शुक्लयजुःप्रातिशाख्यकार कात्यायनले एक श्वासमा उच्चरित हुने वर्णहरूको योगलाई संहिता भनेका छन्[७४]। यसैगरी अष्टाध्यायीका सूत्रकार पाणिनिले संहिताको परिभाषा

---

६८. **मन्त्रा मननात्** -निरुक्त ७.१२.१। मत्रि गुप्तपरिभाषणे -पा.धा. १६८०। मन ज्ञाने -पा.धा. ११७६। गुप्तानां पदार्थानां भाषणं यस्मिन् वर्तते स मन्त्रो वेदः -ऋग्वे.भा.भू., पृ. ९२।

६९. **मननान्मुनिशार्दूल त्राणं कुर्वन्ति वै यतः। ददते पदमात्मीयं तस्मान्मन्त्राः प्रकीर्तिताः॥** -ई.सं. ३.७.९ (उ. -श.ब्रा., सम्पा. प्रो. युगलकिशोर मिश्र, भाग १, भूमिका पृ. २, टि. ४)।

७०. **तच्चोदकेषु मन्त्राख्या** -जै.सू. २.१.३२।

७१. **याज्ञिकानां समाख्यानं लक्षणं दोषवर्जितम्।**
तेऽनुष्ठानस्मारकादौ मन्त्रशब्दं प्रयुञ्जते॥ -जै.न्या. २.१.७।

७२. **प्रयोगसमवेतार्थस्मारका मन्त्राः** -अर्थसङ्ग्रह, पृ. १५७, सम्पा. पट्टाभिराम शास्त्री।

७३. **संहिता पदप्रकृतिः** -ऋ.प्रा. २.१। तु.- **पदप्रकृतीनि सर्वचरणानां पार्षदानि** -नि. १.१७.४। यस विषयमा निरुक्तभाष्यकार दुर्गाचार्यको व्याख्या पनि दर्शनीय छ।

७४. **वर्णानामेकप्राणयोगः संहिता** -वा.प्रा. १.१५८।

गर्दै वर्णहरूको अतिशय सन्निधिलाई संहिता भनेका छन्[७५]। वेदका प्रसङ्गमा संहिता भनेको ऋक्, यजुः वा सामरूप मन्त्रहरूको सङ्ग्रह भएको ग्रन्थविशेष हो। त्यसैले वेदका संहिताग्रन्थलाई **'मन्त्रसंहिता'** पनि भनिन्छ। संहिताको उच्चारणपक्षलाई ध्यानमा राखी यसको लक्षण गर्ने हो भने गुरुमुख-परम्पराको उच्चारणविधिअनुसार (गुरुले उच्चारण गरेपछिमात्र शिष्यले सोहीअनुरूप उच्चारण गर्ने परम्पराअनुसार) उदात्त, अनुदात्त र स्वरित स्वरमा आधारित भई सम्प्रदायानुगत सन्धि र अवसान-(निश्चित स्थलमा गरिने विराम)सहित अपरिवर्तनीय रूपले (मन्त्रका अवयवभूत वर्ण, पद, पाद आदिको नियत पौर्वापर्यअनुसार) पढिने पहिलो (पद, क्रम, जटा, घन आदि पाठहरूको प्रकृति) पाठलाई संहिता भन्न सकिन्छ[७६]।

यसरी वेदका प्रसङ्गमा **'संहिता'** शब्दले निश्चित विधिअनुसार पढिने वैदिक मन्त्रहरूको सङ्ग्रह भएको ग्रन्थलाई बुझाए पनि यसबाट कुन वेदको कुन शाखा भन्ने स्पष्ट हुँदैन। त्यसैले वेदविशेषका संहिता वा मन्त्रभागलाई बुझाउनका लागि 'संहिता' शब्दका अगाडि ऋक्, यजुः, साम र अथर्व शब्दहरू जोडेर चार वेदका मन्त्रसंहिता छुट्ट्याइन्छन्[७७] भने ती वेदका पनि शाखाविशेषलाई छुट्ट्याउनका लागि सम्बद्ध शाखाको नाम अगाडि राख्ने परम्परा रहीआएको छ[७८]।

४.३ यज्ञमा मन्त्रप्रयोगको आवश्यकता

वैदिक कर्महरूको अनुष्ठानमा (प्रयोगमा) अनुष्ठेय (अनुष्ठान गरिने) क्रिया र त्यसका अङ्गभूत द्रव्य, देवता आदिको प्रकाशन-(स्मरण)का लागि कर्ममा मन्त्रको प्रयोग गरिन्छ। त्यसैले अर्थस्मारकता नै मन्त्रको दृष्ट प्रयोजन भएकाले कर्ममा मन्त्रप्रयोगको अदृष्ट अर्थको कल्पना आवश्यक हुँदैन। किनकि दृष्ट फल प्राप्त

---

७५. **परः सन्निकर्षः संहिता** -पा.अ. १.४.१०९।

७६. **गुरुक्रमेणाध्येतव्यः ससन्धिः सावसानकः। त्रिस्वरोऽपरिवर्त्यश्च पाठ आद्यस्तु संहिता॥** -कल्याण (वेद-कथाङ्क, सन् १९९९), पृ. १९९ मा उद्धृत।

७७. जस्तै- ऋग्वेदसंहिता वा ऋक्संहिता, यजुर्वेदसंहिता वा यजुःसंहिता, सामवेदसंहिता, अथर्ववेदसंहिता वा अथर्वसंहिता।

७८. जस्तै- शुक्लयजुर्वेदको माध्यन्दिनशाखासंहिता बुझाउन **'माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदसंहिता'** वा **'वाजसनेयि-माध्यन्दिन-शुक्लयजुर्वेदसंहिता'** वा **'शुक्ल-यजुर्वेद-माध्यन्दिनीयसंहिता'** वा **'माध्यन्दिनसंहिता'** भन्ने र लेख्ने गरिन्छ। यसैगरी शुक्ल-यजुर्वेदको काण्वशाखासंहिता बुझाउन **'शुक्लयजुर्वेदकाण्वसंहिता'** वा **'काण्वसंहिता'**; कृष्णयजुर्वेदको तैत्तिरीयशाखासंहिता बुझाउन **'कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहिता'** वा **'तैत्तिरीयसंहिता'**; ऋग्वेदको शाकलशाखासंहिता बुझाउन **'ऋग्वेदशाकलसंहिता'** वा **'शाकल-ऋग्वेदसंहिता'** वा **'शैशिरीय-शाकल-ऋग्वेदसंहिता'**; अथर्ववेदको शौनकशाखासंहिता बुझाउन **'शौनकीया अथर्ववेदसंहिता'** वा **'अथर्ववेदशौनकसंहिता'** इत्यादि लेख्ने र भन्ने गरिन्छ।

हुँदाहुँदै अदृष्ट फलको कल्पना गर्नु अनुचित हुन्छ[७९]। यद्यपि यज्ञमा अनुष्ठेय क्रिया र तदङ्गभूत द्रव्य, देवता आदिको स्मरण (प्रकाशन) प्रकारान्तरबाट (ब्राह्मणग्रन्थका विधिवाक्यबाट) पनि हुन सक्ने भएकाले मन्त्रोच्चारणको व्यर्थता झल्किएको कल्पना कसैले गर्न सक्छन् तथापि कर्मानुष्ठानमा द्रव्य, देवता आदिको स्मरण मन्त्रद्वारा नै गर्नुपर्छ[८०] भन्ने नियमविधि भएकाले प्रकारान्तरले अर्थस्मरण भए पनि कर्ममा मन्त्रप्रयोग अनिवार्य ठहर्छ र यसबाट नै मन्त्रको सार्थकता झल्किन्छ।

यही विषयलाई निरुक्तकार यास्कले पनि आफ्नो ग्रन्थमा महत्त्वका साथ उठाएका छन्। उनको भनाइअनुसार मनुष्यमा रहेको विद्या (ज्ञान) अनित्य भएका कारण वेदनिर्दिष्ट यज्ञकर्महरू अविकलित रूपमा सम्पन्न गर्नका लागि वेदमा मन्त्रहरूको व्यवस्था गरिएको हो[८१]। यसको तात्पर्य के हो भने संसारमा प्रत्येक मनुष्यका बुद्धि, ज्ञान, शब्दोच्चारण, स्वभाव आदिमा नितान्त भिन्नता रहेको पाइन्छ। त्यसैले विभिन्न मनुष्यले गर्ने कर्मानुष्ठानमा पनि स्वाभाविक रूपले भिन्नता रहन्छ अर्थात् विशुद्ध एकरूपता नरहने सम्भावना अधिक हुन्छ। यदि कर्मानुष्ठानमा एकरूपता आएन अर्थात् क्रिया, शब्दको उच्चारण, क्रम आदिमा अलिकति पनि गडबडी भयो भने गरिएको कर्म फलदायक नभएर उल्टो फल दिने पनि हुन सक्छ। यज्ञकर्म गर्ने र गराउने व्यक्तिले निश्चित समयबाहेक यज्ञानुष्ठानका बेलामा मानुषी वाक् (मनुष्यले बोल्ने बोली) बोल्नु हुँदैन भन्ने शास्त्रीय विधान छ। यदि कसैले यो नियम उल्लङ्घन गरेमा त्यसको प्रायश्चित्त गर्नुपर्छ[८२]। वेदका मन्त्र अनादि र अपौरुषेय भएकाले तिनमा मानुषभाव रहँदैन। यदि मन्त्रमा पद वा वर्णको थोरैमात्र व्यत्यय (उल्टोपाल्टो) भयो भने पनि त्यहाँ मानुषत्व झल्किन्छ। त्यसैले यज्ञमा आर्षपाठकै (मन्त्रकै) प्रयोग गर्नुपर्छ भन्ने विधान शास्त्रमा गरिएको छ[८३]। स्वरको उच्चारणमा भएको सानो त्रुटिले पनि यजमानलाई उल्टो फल प्राप्त भएको प्रसङ्ग वैदिक ग्रन्थहरूमा पाइन्छ[८४]। अतः यस्तो दुरवस्था उत्पन्न नहोस्

७९. न तु तदुच्चारणमदृष्टार्थम्, सम्भवति दृष्टफलकत्वेऽदृष्टकल्पनाया अन्याय्यत्वात् -अर्थसङ्ग्रह, मन्त्रमीमांसाप्रकरण, पृ. १४४।

८०. न च दृष्टस्यार्थस्मरणस्य प्रकारान्तरेणापि सम्भवान्मन्त्राम्नानं व्यर्थमिति वाच्यम्, मन्त्रैरेव स्मर्तव्यमिति नियमविध्याश्रयणात् -ऐ.।

८१. पुरुषविद्याऽनित्यत्वात् कर्मसम्पत्तिर्मन्त्रो वेदे -निरुक्त १.२.७।

८२. स यदि पुरा मानुषीं वाचं व्याहरेत्, तत्रो वैष्णवीमृचं वा यजुर्वा जपेत् -श.ब्रा. १.१.४.९। व्याहृत्य वैष्णवं मन्त्रं जपेत्, अध्वर्युश्च -का.श्रौ. २.२.६-७। यदि वदेद् वैष्णवीं जपेत् -वै.श्रौ. १.२.३।

८३. तदु हैकेऽन्वाहुः, 'होता यो विश्ववेदसः' इति। नेद् अरमित्यात्मानं ब्रवाणीति। तदु तथा न ब्रूयाद्। मानुषं ह ते यज्ञे कुर्वन्ति, व्यृद्धं वै तद् यज्ञस्य यन्मानुषम्; नेद् व्यृद्धं यज्ञे करवाणीति। तस्माद्यथैवर्चाऽनूक्तमेवमेवानुब्रूयाद्- 'होतारं विश्ववेदसम्' इत्येव -श.ब्रा. १.४.१.३५।

८४. मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह।

भन्ने उद्देश्यले वैदिक मन्त्रहरूद्वारा नै कर्मको अनुष्ठान गर्नुपर्ने नियम पूर्वाचार्यहरूले निर्धारण गरेका हुन्। किनकि वैदिक मन्त्रहरू नियतानुपूर्वी भएका हुँदा[८५] यिनमा स्वर, वर्णादिको निश्चित उच्चारणविधि हुन्छ र त्यस्तो उच्चारण प्रत्येक शिष्यहरूले गुरुमुखबाट सिकेका हुन्छन्। त्यसैले बुद्धि, ज्ञान, स्वभाव आदिमा भिन्नता रहे पनि प्रत्येक शिष्यले (मनुष्यले) गुरुमुखोच्चारणानूच्चारणविधि[८६]बाट समान रूपमा अधिगत गरेका मन्त्रहरू यज्ञमा प्रयोग गर्दा अविकलित रूपमा यज्ञ सम्पन्न हुने र त्यसको निश्चित फल पनि प्राप्त हुने भएकाले कर्मको अनुष्ठानमा (यज्ञमा) मन्त्रप्रयोगको आवश्यकता रहेको हो।

४.४ मन्त्रका भेद

वेदका मन्त्रहरूलाई विभिन्न विधामा वर्गीकरण गरी हेर्न सकिन्छ। वेद अथाह ज्ञानको भण्डार भएकाले विषयगत आधारमा वैदिक मन्त्रहरूको वर्गीकरण गर्न अत्यन्त कठिन हुन्छ। अर्थात् गूढ रहस्यले भरिपूर्ण वैदिक मन्त्रहरूको यही अर्थ र तात्पर्य हो भनी तोक्न र विषयगत वैविध्यका कारण तिनीहरूलाई पृथक्-पृथक् वर्गीकरण गरी देखाउन त्यति सजिलो हुँदैन। तसर्थ मन्त्रको प्रतिपाद्य विषयबाहेक अन्य केही विषयलाई आधार मानी यहाँ मन्त्रका भेद देखाउने प्रयास गरिएको छ।

स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् -पाणिनीयशिक्षा, ५२ पद्य।
यस पद्यमा उल्लिखित **'इन्द्रशत्रु'**शब्दसँग सम्बद्ध उपाख्यान शतपथब्राह्मण (१.६.३.१-१०) र तैत्तिरीयसंहिता (२.५.१.१-२) मा पाइन्छ। शतपथब्राह्मणअनुसार उपाख्यानको सारांश यसप्रकार छ– त्वष्टाका पुत्र तीन शिर, छ आँखा र तीन मुखले युक्त थिए। यसकारण उनलाई विश्वरूप भनिन्थ्यो। उनको एक मुख सोमपानका लागि, अर्को मुख सुरापानका लागि र अर्को मुख भोजनका लागि बनेको थियो। यो देखेर इन्द्रले विश्वरूपसँग द्वेष गर्न थाले र कुनै दिन उनका तीनवटै शिर काटिदिए। जसका कारण त्वष्टा क्रुद्ध भई इन्द्रलाई नबोलाईकन उनले सोमयाग गरे। इन्द्रले यो कुरा थाहा पाई यज्ञमा आएर द्रोणकलशबाट जबर्जस्ती सोमरस पान गरे। इन्द्रले जबर्जस्ती सोमपान गरेकाले क्रुद्ध बनेका सोमले इन्द्रलाई क्षति पुऱ्याए। पछि सौत्रामणी नामको इष्टि गरी देवताहरूले इन्द्रको चिकित्सा गरे। उता क्रुद्ध त्वष्टाले द्रोणकलशमा अवशिष्ट सोमरसलाई **'इन्द्रशत्रुर्वर्द्धस्व'** भनी अग्निमा होम गरे। अग्निमा पुगेपछि उक्त **सोमले वृत्रको स्वरूप धारण** गऱ्यो। त्वष्टाले हवन गरेको सोमलाई **'इन्द्रको विनाशक भई बढ'** भन्न चाहेका थिए तर उनले **'इन्द्रशत्रु'** पदलाई आद्युदात्त उच्चारण गरेकाले उक्त पदले **'इन्द्रको नाश गर्नेवाला'** भन्ने अर्थ दिएन। आद्युदात्त भएका कारण उक्त पदको अर्थ **'इन्द्र छन् नाश गर्नेवाला जसका त्यो'** भन्ने भयो। फलतः पछि इन्द्रले वृत्रको वध गरे। यसप्रकार स्वरदोषका कारण त्वष्टालाई महती क्षति पुग्यो। यदि त्वष्टाले स्पष्ट रूपमा **'इन्द्रस्य शत्रुर्वर्द्धस्व'** अथवा **'इन्द्रशत्रुर्वर्द्धस्व'** भनी अन्तोदात्त उच्चारण गरेका भए वृत्रले नै इन्द्रको वध गर्ने थियो।

८५. **नियतवाचोयुक्तयो नियतानुपूर्व्या भवन्ति** -निरुक्त १.१५.४।

८६. गुरुले मन्त्रको उच्चारण गरिसकेपछि मात्र शिष्यले पनि गुरुले जस्तै उच्चारण गरी वेदको अध्ययन गर्ने विधि।

४.४.१ याज्ञिक प्रयोगका दृष्टिले मन्त्रका भेद

वेदको प्रादुर्भाव यज्ञका लागि नै भएकाले वेदका मन्त्रको उपयोगिता याज्ञिक दृष्टिबाट नै हेरिनुपर्छ भन्ने पौरस्त्य विद्वान्हरूको मान्यता रहीआएको देखिन्छ। **मानवजीवनको सबैभन्दा श्रेष्ठतम कर्म भनेकै यज्ञ हो**[८७], **यज्ञ नै धर्म हो**[८८], **जसले यागानुष्ठान गर्दछ त्यो नै धार्मिक हो**[८९], **वेदको प्रवर्तन नै यज्ञका लागि भएको हो**[९०] इत्यादि वैदिक उद्घोष र प्राचीन ग्रन्थकारको भनाइ तथा वैदिक ग्रन्थमा पाइने कैयौं श्रौत-स्मार्त यज्ञको चर्चा-परिचर्चा एवं प्रशंसाबाट मन्त्रसंहिता, ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र इत्यादिले युक्त विपुल वैदिक वाङ्मयको प्रणयन यज्ञका लागि नै भएको थियो र हाम्रा पूर्वज द्विज-गृहस्थहरूको जीवनचक्र यज्ञकै वरिपरि घुमेको थियो भन्ने स्पष्ट हुन्छ। यसरी याज्ञिक प्रयोगका लागि नै मन्त्रको आवश्यकता र उपयोगितालाई स्विकार्ने हाम्रो पौरस्त्य मान्यता रहीआएकाले यज्ञमा प्रयोग हुने मन्त्रका प्रकार यहाँ देखाउन खोजिएको हो।

याज्ञिक प्रयोगका दृष्टिले मन्त्र मूलतः चार प्रकारका मानिन्छन्[९१]– क) करण-मन्त्र, ख) क्रियमाणानुवादी मन्त्र, ग) अनुमन्त्रण-मन्त्र र घ) जपमन्त्र।

४.४.१.१ करण-मन्त्र

जुन मन्त्रको उच्चारणपछि तुरुन्त (मन्त्रपाठको अन्त्य हुँदाबित्तिकै) कर्म गरिन्छ त्यस्ता मन्त्रलाई 'करण-मन्त्र' भनिन्छ। जस्तै : **श्रौतकर्ममा** याज्या[९२], पुरोऽनुवाक्या[९३] इत्यादि। **श्रौतकर्म** गर्दा जुन देवताका लागि हवि प्रदान गर्न चाहेको

---

८७. **यज्ञो वै श्रेष्ठतमं कर्म** -श.ब्रा. १.७.१.५।

८८. **यागादिरेव धर्मः** -अर्थसं., पृ. ११। **चोदनालक्षणोऽर्थो धर्मः** -जै.सू. १.१.२। **यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्** -ऋ. १०.९०.१६।

८९. यो हि यागमनुतिष्ठति तं धार्मिक इति समाचक्षते -शाबरभाष्य, जै.सू. १.१.२।

९०. **ऋचां त्वः पोषमास्ते पुपुष्वान्** ...-ऋ. १०.७१.११, नि. १.८.१। **यज्ञकर्मार्था मन्त्राः** -सत्या.श्रौ. १.१.१५। **अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम्। दुदोह यज्ञसिद्ध्यर्थमृग्यजुःसामलक्षणम्॥**-मनु. १.२३। **व्यदधाद् यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम्।**-भाग. १.४.१९। **आम्नायस्य क्रियार्थत्वाद् आनर्थक्यमतदर्थानाम्...** -जै.सू. १.२.१। **वेदा हि यज्ञार्थमभिप्रवृत्ताः...** -वेदाङ्ग आर्चज्यो. ३६ पद्य। **यज्ञो मन्त्रब्राह्मणस्य लोकवृत्तिमितिहासपुराणस्य लोकव्यवहारव्यवस्थापनं धर्मशास्त्रस्य विषयः।**- वात्स्यायनभाष्य, न्या.द. ४.१.६२।

९१. ऋग्वेदका भाष्यकार स्कन्दस्वामीले मन्त्रका पाँच प्रकार उल्लेख गरेका छन्। द्र.- ऋ. १.१.१ भाष्यारम्भ।

९२. यज्ञमा **'ये३ यजामहे'**बाट शुरु गरी बीचमा सम्बद्ध देवताको मन्त्र र अन्त्यमा **'वौ३षट्'** पढेर देवतालाई हवि प्रदान गरिने ऋचालाई 'याज्या' भनिन्छ। याज्या होताले पढ्छन् भने हवि प्रदान अध्वर्युले गर्छन्।

९३. यज्ञमा जुन देवताका लागि कर्म (याग) गरिँदै छ, ती देवतालाई अनुकूल बनाउन (आह्वान गर्न) होताद्वारा पढिने ऋचालाई 'पुरोऽनुवाक्या' भनिन्छ।

हो सोही देवतासँग सम्बद्ध याज्या पढेर त्यसको अन्त्यमा वषट्कार गरेपछि हवि अग्निमा प्रक्षेप गरिन्छ । अतः प्रक्षेपभन्दा अगाडि पढिने मन्त्रलाई करण-मन्त्र भनिएको हो। यसैगरी **स्मार्तकर्ममा** पनि जुन देवताका लागि हवि प्रदान गरिँदै छ सोही देवतासँग सम्बद्ध मन्त्र पढेर अन्त्यमा **'अग्नये स्वाहा'**, **'इन्द्राय स्वाहा'** इत्यादि स्वाहाकारद्वारा होम गरिने भएकाले त्यस्ता मन्त्रलाई करण-मन्त्र भनिन्छ।

४.४.१.२ क्रियमाणानुवादी मन्त्र

जुन मन्त्रको उच्चारणकालमा नै कर्म गरिन्छ त्यस्ता (क्रियमाण कर्मका अनुवादक) मन्त्रलाई 'क्रियमाणानुवादी' भनिन्छ। जस्तै : **श्रौतकर्ममा** यूप-परिव्ययण गर्दा (काठको मौलालाई कुशको रसीले बेर्दा) र **स्मार्तकर्ममा** वस्त्रपरिधान गर्दा पढिने **'युवा सुवासाः'** (ऋग्वेद ३.८.४; तैत्तिरीयब्राह्मण ३.६.१.३) इत्यादि मन्त्र । श्रौतकर्ममा यूप-संस्कारका बेला तेब्बर (त्रिगुण) पारिएको कुशको रसीद्वारा (रज्जुद्वारा) अध्वर्युले यूपको मध्यभाग प्रदक्षिण बेर्दै गर्दा उक्त मन्त्र पढिन्छ[९४] भने स्मार्तकर्ममा पनि वस्त्र पहिरिँदै गर्दा उक्त मन्त्र पढिन्छ। त्यसैले यस्ता प्रकारका मन्त्रलाई क्रियमाणानुवादी भनिएको हो।

४.४.१.३ अनुमन्त्रण-मन्त्र

हविःप्रक्षेप (द्रव्यत्याग) आदि कर्मभन्दा ठीक पछि तुरुन्त (कर्मको अन्त्य हुँदाबित्तिकै) पढिने मन्त्रलाई 'अनुमन्त्रण-मन्त्र' भनिन्छ । जस्तै : **श्रौतकर्ममा** अध्वर्युले अग्निमा हविःप्रक्षेप गरेपछि यजमानले **'इदमग्नये न मम'** भनी उद्देश्यत्यागरूप याग गर्दाबित्तिकै उसले (यजमानले) पढ्ने **'एको ममैका तस्य योऽस्मान् द्वेष्टि यं च वयं द्विष्मः'** (का.श्रौ. ३.३.२) इत्यादि मन्त्र । यसैगरी **स्मार्तकर्मको** विवाहमा वर-वधूले समञ्जन गरेपछि पढिने **'समञ्जन्तु विश्वेदेवाः'** (पा.गृ. १.४.१४) इत्यादि मन्त्र र परस्पर समीक्षण गरेपछि पढिने **'अघोरचक्षुः'** (पा.गृ. १.४.१६) इत्यादि मन्त्र अनु = यागभन्दा (कर्मभन्दा) पछि उच्चारण गरिने भएकाले यस्ता प्रकारका मन्त्रलाई अनुमन्त्रण-मन्त्र भनिएको हो।

४.४.१.४ जपमन्त्र

ब्राह्मणग्रन्थका विधिवाक्यले वा कल्पग्रन्थादिले जप्नुपर्ने भनी निर्देश गरिएका मन्त्रहरूलाई 'जपमन्त्र' भनिन्छ। जस्तै : **श्रौतकर्ममा** कात्यायनश्रौतसूत्रद्वारा जपका लागि निर्देश गरिएको[९५] **'मयीदमिन्द्र'** (मा.सं. २.१०) इत्यादि मन्त्र। यसैगरी **स्मार्तकर्ममा** स्मार्तग्रन्थले जपका लागि निर्देश गरिएका गायत्रीमन्त्र, वैदिक सूक्त इत्यादि।

---

९४. शुक्लयजुर्वेद-वाजसनेयि-माध्यन्दिनशाखाका अध्येताहरूले कात्यायनश्रौतसूत्रमा (६.३.१३) उल्लेख भएअनुसार यूपपरिव्ययण गर्दा **'परिवीरसि'** (मा.सं. ६.६) मन्त्र पढ्छन्।

९५. आशासने **'मयीद'**मिति यजमानो जपति -का.श्रौ. ३.४.१८।

यसरी याज्ञिक दृष्टिले माथि निर्देश गरिएका चारप्रकारका मन्त्रमध्ये आदिका त्रिविध मन्त्रको अनुष्ठेय अर्थस्मारकत्वरूप दृष्ट प्रयोजन रहेको र अन्तिम जपमन्त्रको चाहिँ अदृष्ट प्रयोजन मात्र रहेको कुरा याज्ञिक र मीमांसकहरू बताउँछन्।[९६]

४.४.२ लक्षण वा उच्चारणशैलीका दृष्टिले मन्त्रका भेद

लक्षण वा उच्चारणशैलीका आधारमा वैदिक मन्त्रहरू तीन प्रकारका मानिएका छन्– क) ऋक्-मन्त्र, ख) यजुर्मन्त्र र ग) साममन्त्र। यिनै तीन प्रकारका मन्त्रको समुदायलाई **'त्रयी'** भनिन्छ। कसैले त्रयी शब्द तीन वेदका लागि प्रयोग भएकाले मूल वेद तीनमात्र हुन् भन्ने आलाप गरेको पनि पाइन्छ। तर त्रयी शब्दको वास्तविक अर्थ तीन वेद नभएर **'तीन प्रकारका मन्त्रसमुदाय'** भन्ने नै हो। यसको पुष्टि ऋक्, यजुः र साम शब्दको अर्थ नबुझी नहुने भएकाले यहाँ ती शब्दका अर्थ केलाउने प्रयास गरिएको छ।

४.४.२.१ ऋक्, यजुः र साम शब्दका अर्थ

ऋक्, यजुः र साम शब्द मूलतः तीन अर्थमा प्रयोग भएका देखिन्छन्–

क) निश्चित लक्षणले युक्त ऋगादिसंज्ञक मन्त्रका लागि, ख) ऋगादि वेदका लागि र ग) लक्षणनिरपेक्ष मन्त्रात्मक वर्णराशिका लागि।

४.४.२.१.१ लक्षणयुक्त मन्त्र अर्थमा ऋगादि शब्दको प्रयोग

'निश्चित लक्षणले युक्त मन्त्र' भन्ने अर्थमा ऋगादि शब्दको प्रयोग सबैभन्दा बढी भेटिन्छ। अर्थात् 'मन्त्र' शब्दले ऋक्, यजुः र सामरूप वेदवाक्यलाई बुझाउँछ[९७]। ऐतरेय आरण्यकमा **'ऋक्'**को मिताक्षरत्व, **'यजुः'**को अमिताक्षरत्व र **'साम'**को गानानुबन्धि-स्वरत्वरूप लक्षण उल्लेख गर्दै ऋगादि शब्दको भिन्नता देखाइएको छ[९८]। यसको तात्पर्य के हो भने ऋचा (ऋक्मन्त्र) निश्चित पाद,

---

९६. द्र. - माध्यन्दिन-शतपथब्राह्मणम्, सम्पा. प्रो. युगलकिशोरमिश्र, भूमिका पृ. ३-४।

९७. **अहे बुध्निय मन्त्रं मे गोपाय। ऋचः सामानि यजूँषि** -तै.ब्रा. १.२.१.२६। **ऋचो यजूँषि सामानि निगदा मन्त्राः** -का.श्रौ. १.३.१।

९८. **ऋग् गाथा कुम्ब्या तन्मितम्, यजुर्निगदो वृथावाक् तदमितम्, सामाऽथो यश्च कश्च गेष्णः स स्वरः** -ऐ.आ. २.३.६। अर्थात् **'अग्निमीडे पुरोहितम्'** (ऋ. १.१.१) इत्यादि वेदवाक्यलाई ऋक्/ऋचा; **'प्रातः प्रातरनृतं ते वदन्ति'** (ऐ.ब्रा. २५.६) इत्यादि गान वा स्तुतियोग्य ऋचा अथवा ब्राह्मणवाक्यलाई गाथा [गीयत इति गाथा = स्तुतिरूपा वाक् -सायण। गाथा गानयोग्या वेदवाचः -गङ्गेश्वरानन्दभाष्य, अ.सं. १०.१०.२०]; **'ब्रह्मचार्यस्यपोऽशान कर्म कुरु दिवा मा सुषुप्थाः'** इत्यादि आचारशिक्षारूप वाक्यलाई कुम्ब्या; **'इषे त्वोर्जे त्वा'** (मा.सं. + तै.सं. १.१.१) इत्यादिलाई यजुः; **'अग्ने महाँ असीत्याह महान् ह्येष यदग्निर्ब्राह्मणेत्याह ब्राह्मणो ह्येष भारत'** (तै.सं. २.५.९.१; तै.ब्रा. ३.५.३.१; श.ब्रा. १.४.२.२; शां.ब्रा. ३.२) इत्यादिलाई निगद [अग्नीदग्नीन् विहर (श.ब्रा. ४.२.५.११ + तै.सं. ६.३.१.२) इत्यादयः प्रैषा निगदशब्देनोच्यन्ते। -का.श्रौ. १.३.१ मा वृत्तिकार विद्याधर। परसम्बोधनार्थाः प्रैषादयो निगदाः -श्रीधर शर्मा, श.ब्रा.,

अक्षर र छन्दमा निबद्ध हुने भएकाले **मितत्व** (नियतपादाक्षरत्व) तिनको लक्षण हुन सक्छ। यजुर्मन्त्र निश्चित छन्दमा निबद्ध भए पनि तिनमा अक्षरानुसारी निश्चित पादको व्यवस्था नभएकाले **अमितत्व** (अनियतपादाक्षरत्व) यजुर्मन्त्रको लक्षण हुन सक्छ। साममन्त्र गीति अर्थात् गानका भाका-(लय)विशेषमा आधारित हुने भएकाले **स्वरत्व** (गानानुबन्धित्व) तिनको लक्षण हुन सक्छ। यही विषयलाई पूर्वमीमांसाकार जैमिनिले अर्को शब्दमा स्पष्ट पार्दै 'अर्थका (छन्दका) आधारमा निश्चित पादविभाग भएका मन्त्रलाई ऋक् (ऋचा), गीतिविशेषमा (गानका भाका/लयविशेषमा) पढिने मन्त्रलाई साम र यी दुवैभन्दा अतिरिक्त मन्त्रलाई यजुः' भनेका छन्[९९]। यी भनाइलाई आधार मानी ऋक्, यजुः र सामरूप मन्त्रको लक्षण गर्दा तिनका लक्षण (परिभाषा) निम्नलिखित हुन सक्छन्–

'ऋक्'मन्त्रको लक्षण

गायत्री, उष्णिक्, अनुष्टुप्, बृहती, पङ्क्ति, त्रिष्टुप्, जगती इत्यादि छन्दका आधारमा (अर्थानुसार) पादविभाग भएका र प्रत्येक पादमा नियताक्षर (निश्चित अक्षरसङ्ख्या) भएका मन्त्रलाई **ऋक्** वा **ऋचा** भनिन्छ[१००]। उदाहरणका लागि–

अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्॥ -ऋ. १.१.१।

त्रिपदा गायत्री छन्दमा निबद्ध यस मन्त्रमा आठ-आठ अक्षरले युक्त तीन पाद (पाउ) छन् र प्रत्येक पादका पादगत अर्थ पनि छन्। अतः यो मन्त्र ऋक् वा ऋचा हो।

'साम'मन्त्रको लक्षण

'साम' शब्दको अर्थ गीति अर्थात् गानको भाका/लयविशेष हो[१०१]। त्यसैले सामवेदसंहितामा सङ्कलित ऋचा-(मन्त्र)हरूमा 'षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत, निषाद' सात स्वरको प्रयोग गरी[१०२] गाइने भाका वा लयविशेषलाई

उपो., पृ. ८] र **'वायुर्वै क्षेपिष्ठा देवता'** (तै.सं. २.१.१.१) इत्यादि ब्राह्मणग्रन्थभित्रका अर्थवाद-वाक्यलाई वृथावाक् भनिन्छ। द्र.- ऐ.आ. २.३.६ को सायणभाष्य र सातवलेकरसम्पादित दैवरात गजानन्द शर्माद्वारा लिखित 'कृष्णयजुर्वेदीय तैत्तिरीयसंहिता'को 'वेदवेदिका', पृ. १९।

९९. **तेषामृग् यत्रार्थवशेन पादव्यवस्था, गीतिषु सामाख्या, शेषे यजुःशब्दः** -जै.सू. २.१.३५-३७। 'यत्र पादकृता व्यवस्था स मन्त्र ऋङ्नामा। विशिष्य काचिद् गीति सामेत्युच्यते। प्रगीते हि मन्त्रवाक्ये सामशब्दमभियुक्ता उपदिशन्ति। या न गीतिर्न च पादबद्धं तत् प्रश्लिष्टपठितं यजुः।' -भाष्यकार शबरस्वामी।

१००. **नियताक्षरपादावसाना ऋक्** -का.श्रौ. १.३.१ कर्कभाष्य। **पादेनार्थेन चोपेता वृत्तबद्धा मन्त्रा ऋचः** -माधवाचार्य, जै.न्या. २.१.१०। 'ऋगर्चनी' (निरु. १.८.१) > अर्चनीत्यमुमर्थम् ऋक्छब्द आचष्टे। अर्च्यते प्रशस्यतेऽनया देवविशेषः क्रियाविशेषस्तत्साधनविशेषो वेति ऋक्छब्दव्युत्पत्तिः।-सायण, वे.भा.भू., पृ. १३।

१०१. **गीतिषु सामाख्या** -जै.सू. २.१.३६।

१०२. **सप्त स्वरास्तु गीयन्ते सामभिः सामगैर्बुधैः। षड्जऋषभगान्धारो मध्यमः पञ्चमस्तथा।**

साम भनिन्छ। अर्थात् गीतिको योग भएपछिका (षड्जादि सप्त स्वरको योग भई ऋचाले गानरूपता प्राप्त गरेपछि) ऋचालाई 'साम'[१०३] भनिन्छ भने गीतिविशेषको योगविना उदात्त, अनुदात्त र स्वरित गरी तीन स्वरमा मात्र आधारित भई पढिने उपर्युक्त लक्षणका मन्त्रलाई 'ऋचा' भनिन्छ। यसरी हेर्दा ऋक् र सामको भिन्नता छुट्ट्याउने मुख्य आधार गीति हो भन्ने स्पष्ट हुन्छ।

'यजुः'मन्त्रको लक्षण

यसप्रकार निश्चित अक्षरयुक्त पाद र छन्दोबद्ध **(पद्यात्मक) मन्त्रलाई 'ऋक्'** (ऋचा), ऋचामा नै गीतिको योग भएका **(गेयात्मक) मन्त्रलाई 'साम'**[१०४] भनी परिभाषित गरिएपछि यी दुवैभन्दा अतिरिक्त (भिन्न) शैलीमा उच्चरित हुने **(गद्यात्मक) मन्त्रलाई 'यजुः'** भनिएको बुझिन्छ[१०५] । त्यसैले 'यजुः' शब्दको स्पष्ट परिभाषा गर्दा के भन्न सकिन्छ भने गायत्री, उष्णिक् इत्यादि छन्दका आधारमा (अर्थानुसार) पादविभाग नभएका, पादानुगत अक्षरसङ्ख्याको नियत प्रतिबन्ध नभएका[१०६] किन्तु अक्षरगणनाका आधारमा छन्दोनिर्देश भएका[१०७] (प्रायः छन्दोबद्ध) गद्यात्मक मन्त्र नै यजुः हुन्।

यजुर्मन्त्र र अवसान

यसप्रकार यजुर्मन्त्रमा नियत पादव्यवस्थाको निरपेक्षताका कारण कतिपय मन्त्रमा एउटामात्र अवसान[१०८] (विश्रामस्थल) र कतिपयमा एकभन्दा बढी अवसान[१०९] हुन सक्छन्। यस्ता अवसानको कल्पना सम्बद्ध शाखाको कल्पग्रन्थमा विधान गरिएको विनियोगलाई[११०] आधार मानी गरिएको हुन्छ। उदाहरणका लागि–

धैवतश्च निषादश्च स्वराः सप्तेह सामसु॥ -माण्डूकी शिक्षा १.७-८। तु.- नारदीयशिक्षा १.२.५।

१०३. साम (साममन्त्र) 'अग्निष्टोम, आग्नेय, कालेय, गायत्र, बृहत, यज्ञायज्ञिय, रथन्तर, दैवत, वामदेव्य' इत्यादि नामले विभिन्न प्रकारका हुन्छन्। यस्ता साम सामवेदको गानसंहितामा सङ्कलित छन्।

१०४. **प्रगीतं मन्त्रवाक्यं सामेत्युच्यते** -का.श्रौ. १.३.१ कर्कभाष्य। **प्रगीता मन्त्राः सामानि** -ऐ., विद्याधरवृत्ति। **गीतिरूपा मन्त्राः सामानि** -जै.न्या. २.१.१० मा माधवाचार्य।

१०५. **शेषे यजुःशब्दः** -जै.सू. २.१.३७।

१०६. **अनियताक्षरपादावसानं यजुः** -का.श्रौ. १.३.१ कर्कभाष्य। **अनियताक्षराण्यपादबद्धानि च यजूंषि** -ऐ., विद्याधरवृत्ति। **वृत्तगीतिवर्जितत्वेन प्रश्लिष्टपठिता मन्त्राश्च यजूंषि** -जै.न्या. २.१.१० मा माधवाचार्य।

१०७. **यजुषां षडुत्तरशताक्षरावसानानामेकाक्षरादीनां पिङ्गलेन 'दैव्येकम्'** (पिं.छं. २.३) **इत्यादिनोक्तं छन्दो बोद्धव्यम्।** -महीधर, मा.सं. भाष्यको उपक्रम, पृ. २।

१०८. उदाहरणका लागि द्र.- मा.सं. २.९, १२, १३।

१०९. उदाहरणका लागि द्र.- मा.सं. १.१। यस मन्त्रमा पाँचवटा अवसान छन्।

११०. कुन मन्त्र कुन कर्ममा केका लागि प्रयोग गर्ने (पढ्ने) हो भनी सम्बद्ध ब्राह्मण वा कल्पग्रन्थद्वारा निर्धारण गरिएको विधानलाई विनियोग भनिन्छ।

इषे त्वा, ऊर्जे त्वा, वायव स्थ, देवो वः सविता प्रार्पयतु श्रेष्ठतमाय कर्मण आप्यायध्वमघ्न्या इन्द्राय भागं प्रजावतीरनमीवा अयक्ष्मा मा वस्तेन ईशत माघशंसो ध्रुवा अस्मिन् गोपतौ स्यात, बह्वीर्यजमानस्य पशून्पाहि ॥ (मा.सं. १.१)

यस कण्डिकामा पाँचवटा यजुः (गद्यरूप मन्त्र) र पाँचवटै अवसान छन् । आदिका दुई मन्त्रमा तीन-तीन अक्षर, तेस्रो मन्त्रमा चार अक्षर, चौथो मन्त्रमा बैंसट्ठी (६२) अक्षर र पाँचौं मन्त्रमा नौ अक्षर रहेका छन्[१११] । यसरी यहाँ पाँचवटा यजुः मिलेर एउटा कण्डिका बनेको छ जसलाई हामी व्यवहारमा एउटै मन्त्रका रूपमा बुझ्ने गरेका छौं। अर्थात् यजुर्वेदका एउटा कण्डिकामा एकभन्दा बढी मन्त्र हुन सक्ने भए पनि व्यवहारमा पूरै कण्डिकालाई एउटा मन्त्रका रूपमा बुझ्ने गरेको पाइन्छ।

मन्त्र र कण्डिकाको विवेक

यजुर्वेद-संहिताका मुद्रित ग्रन्थहरूमा कण्डिकाका अन्त्यमा १, २, ३ इत्यादि अङ्कको सङ्केतद्वारा कण्डिकाको मात्र निर्देश गरिएको हुन्छ। यसरी स्थूल सङ्ख्याद्वारा सङ्केतित **कण्डिकालाई** कतै **खण्डिका,** कतै **खण्ड** र कतै **मन्त्र** पनि भन्ने गरिएको पाइन्छ[११२] । तर कण्डिकाभित्र कति मन्त्र वा अवसान छन् भन्ने सङ्केत अधिकांश संहिताग्रन्थमा भेटिंदैन । अतः वैदिक परम्परा थाहा नभएका वेदका जिज्ञासुहरू मन्त्र भनेको स्थूल सङ्ख्याद्वारा सङ्केतित कण्डिकामात्र हो भन्ने भ्रममा परेका हुन सक्छन् । अर्थात् उनीहरूलाई कण्डिकाभित्र धेरै मन्त्र पनि हुन सक्छन् भन्ने पत्तै हुँदैन। तसर्थ यहाँ त्यसबारे केही स्पष्ट पार्ने प्रयास गरिएको हो।

कतिपय मुद्रित संहिताग्रन्थमा कण्डिकाभित्र रहेका मन्त्रहरूको सङ्केत स-साना अंकद्वारा गरिएको पनि देखिन्छ[११३] । यसरी कण्डिकाभित्र मन्त्र वा अवसान (विराम) निर्धारण गर्ने आधार सम्बद्ध शाखाको कल्प वा ब्राह्मणग्रन्थमा विधान गरिएको विनियोग हो । यस्तो विनियोग यज्ञका लागि भएकाले यज्ञानुष्ठानका अवसरमा मात्र एक कण्डिकामा कति अवसान वा मन्त्र छन् भन्ने ज्ञान आवश्यक हुन्छ। अर्थात् एउटै कण्डिकाभित्र रहेका मन्त्रहरू विभिन्न कर्ममा विनियुक्त हुने भएकाले यज्ञमा मन्त्र पढ्दा अवसानस्थलमा (एउटा मन्त्र पूरा भएपछि) विश्राम गर्नैपर्छ तर गुरुमुखबाट वेदको अध्ययन गर्दा र मन्त्रजप वा अभ्यासका लागि मन्त्रको उच्चारण गर्दा कल्पग्रन्थद्वारा निर्धारित अवसानस्थलमा नै विश्राम गर्नु पर्दैन । गुरुमुखबाट वेदाध्ययन गर्दा परम्परा र विद्यार्थीको योग्यताअनुसार आवश्यकता हेरी निर्धारित स्थलमा विश्राम गरिन्छ भने अन्य अवस्थामा (जप, पाठ, अभ्यास आदिमा) मन्त्रोचारण गर्दा सबै मुद्रित ग्रन्थमा अवसानस्थल (विश्रामस्थल) भनी चिह्न-[।, ॥

१११. तत्राद्यायां कण्डिकायां पञ्च मन्त्राः । द्वौ त्र्यक्षरौ । तृतीयश्चतुरक्षरः । चतुर्थो द्विषष्ट्यक्षरः । पञ्चमो नवाक्षरः । -महीधर, मा.सं.को भाष्योपक्रम, पृ. ३।

११२. द्र.- कात्यायनीयछन्दःसूत्रम्, सम्पा. डा. श्रीकिशोर मिश्र, पृ. १०।

११३. द्र.- सातवलेकरद्वारा सम्पादित कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहिता, शुक्लयजुर्वेदीय- माध्यन्दिनसंहिता।

वा १, २, ३ इत्यादि]द्वारा निर्दिष्ट स्थलमा मात्र विश्राम गरिन्छ।

यसरी कल्पग्रन्थद्वारा निर्धारित मन्त्र वा अवसानको ज्ञान सबै ठाउँमा आवश्यक नभएकाले कण्डिकाको अन्त्यमा मात्र १, २, ३ इत्यादि सङ्ख्याद्वारा एउटा कण्डिका वा मन्त्र पूरा भएको निर्देश मुद्रित संहिताग्रन्थमा गरिएको हुन्छ। व्यवहारमा यही स्थूल सङ्ख्यालाई आधार मानी समग्र कण्डिकालाई नै **'मन्त्र'** भन्ने गरेको पाइन्छ। त्यसैले माध्यन्दिनीय-शुक्लयजुर्वेदसंहिताका १ देखि ४० अध्यायमा **मन्त्रसङ्ख्या ३९८८ र कण्डिकासङ्ख्या १९७५** भए पनि कण्डिकालाई नै मन्त्र मानी उक्त संहिताका मन्त्रसङ्ख्या १९७५ छन् भन्ने गरेको पाइन्छ।

वेद अर्थमा ऋगादि शब्दको प्रयोग

ऋगादि शब्दको दोस्रो प्रयोग **'वेद'** अर्थमा भएको देखिन्छ। त्यसैले हामी वेदका विशेषणका रूपमा प्रयोग हुने ऋगादि शब्दद्वारा ऋग्वेद, यजुर्वेद, सामवेद भनी प्रसिद्ध भएका निश्चित ग्रन्थलाई पनि बुझ्दै आएका छौं। यद्यपि ऋचाहरूको सङ्ग्रह भएको संहितालाई ऋग्वेद, यजुःहरूको सङ्ग्रह भएको संहितालाई यजुर्वेद र गानविशिष्ट ऋक्मन्त्र तथा सामको सङ्ग्रह भएको संहितालाई सामवेद भनी वैदिक मन्त्रका मुख्य तीन विभाग छुट्ट्याइएका हुन् तथापि ऋग्वेदमा ऋचामात्र र यजुर्वेदमा यजुःमात्र नभई दुवैमा दुवै प्रकारका मन्त्रहरू समावेश भएका देखिन्छन्। अर्थात् ऋग्वेदमा ऋचाका अतिरिक्त यजुर्मन्त्र पनि रहेका छन् भने यजुर्वेदमा यजुःका अतिरिक्त ऋचा पनि रहेका छन्[११४]। त्यसैले ऋग्वेद भनेको केही यजुर्मन्त्रसहित ऋचाको (ऋक्मन्त्रको) बाहुल्य भएको वेद हो भने यजुर्वेद भनेको केही ऋचासहित यजुःको (यजुर्मन्त्रको) बाहुल्य भएको वेद हो भन्ने बुझ्नुपर्छ[११५]। यसैगरी गीयमान सामका आश्रयभूत ऋचाहरूको बाहुल्य भएको र केही यजुर्मन्त्र पनि भएको[११६] वेदलाई सामवेद भनी बुझ्नुपर्छ।

---

११४. जस्तै– ऋग्वेदसंहितामा नभएका **'नमस्ते रुद्र मन्यवे'** (मा.सं. १६.१–१६); **'द्रापे अन्धसस्पते'** (मा.सं. १६.४७, ४९–६३); **'पुरा क्रूरस्य'** (मा.सं. १.२८), **'देवो वः सविता'** (तै.सं. १.१.५.१) इत्यादि ऋचा र ऋग्वेदमा पनि भएका **'तत्सवितुर्वरेण्यम्'** (ऋ. ३.६२.१०। मा.सं. ३.३५; २२.९; ३०.२; ३६.३। तै.सं. १.५.६.१२। सा.सं. १४६२); 'पुरुषसूक्त'का नामले प्रसिद्ध **'सहस्रशीर्षा'** (ऋ. १०.९०.१-१६; मा.सं. ३१.१-१६; अ.सं. १९.६.१-१६; सा.सं. ६१७-६२१) इत्यादि ऋचा यजुर्वेदमा उपलब्ध छन्।

११५. **तत्र यजुषामध्वर्युवेदेऽतिबहुलत्वात् क्वचित् क्वचिदृचां सद्भावेऽपि यजुर्वेद इत्येवाख्यायते** -सायण, वे.भा.भू., पृ. ७।

११६. **'अक्षितमसि'** (तै.सं. १.६.५.१), **'अच्युतमसि'**, **'प्राणप्रसंशितमसि'** (छां.उ. ३.१७.६) **इति त्रीणि यजूंषि सामवेदे समाम्नातानि** -सायण, वे.भा.भू., पृ. ६७। तु.- **सामवेदे .... महन्मे वोचः, देवसवितः प्रसुवयज्ञम्, इत्यादयो यजुर्मन्त्राः** (जै.सा.गा.भू., पृ. भ) -**वेदशाखापर्यालोचनम्**, श्रीकिशोरमिश्र, पृ. १९, टि. २।

वस्तुतः सामगान ऋचामा नै गरिने[११७] र सामवेदसंहिता-(आर्चिक संहिता)का अधिकांश ऋचाहरू ऋग्वेदसंहितामा नै उपलब्ध हुने भएकाले[११८] सामवेद ऋग्वेदकै एउटा भागजस्तो देखिन्छ तथापि सामवेदमा गीयमान सामका आश्रयभूत ऋचाहरू रहेकाले[११९] यसको ऋगात्मकता हुँदाहुँदै पनि **'सामवेद'** छुट्टै नाम रहेको हो।

लक्षणनिरपेक्ष मन्त्रका लागि ऋगादि शब्दको प्रयोग

ऋगादि शब्दको तेस्रो प्रयोग ती-ती वेदमा पढिएका लक्षणनिरपेक्ष मन्त्रका लागि पनि भएको पाइन्छ। त्यसैले ऋग्वेदमा पढिएको यजुर्मन्त्रलाई पनि ऋक्/ऋचाका नामले, यजुर्वेदमा पढिएको ऋक्मन्त्रलाई पनि यजुःका नामले र सामवेदमा पढिएको गीतिविरहित मन्त्रलाई पनि सामका नामले बुझ्ने गरेको व्यवहारमा देखिन्छ।[१२०]

५. ब्राह्मण-ग्रन्थको परिचय[१२१]

संस्कृत भाषामा ग्रन्थवाची 'ब्राह्मण' शब्द नपुंसक लिङ्गमा प्रयुक्त हुन्छ[१२२] भने जातिवाचक 'ब्राह्मण' शब्द पुंलिङ्गमा प्रयोग हुन्छ। ग्रन्थ अर्थमा ब्राह्मण शब्दको प्रयोग तैत्तिरीय-ब्राह्मण, शतपथ-ब्राह्मण लगायत निरुक्त, विभिन्न कल्पग्रन्थ, स्मृति-पुराण, पाणिनीय अष्टाध्यायी आदिमा प्रशस्त भएको पाइन्छ[१२३]।

५.१ व्युत्पत्तिमूलक अर्थ

व्याकरणिक नियमअनुसार **'बृहि (बृंह) वृद्धौ'** (पा.धा. ७३६) धातुदेखि मनिन्प्रत्यय गरी नकारको अकार र ऋकारको यणादेश गरेपछि **'ब्रह्मन्'** शब्द निष्पन्न

---

११७. **ऋच्यध्यूढं साम गीयते** -छान्दोग्योपनिषद् १.६.१-५।

११८. सामवेद कौथुम शाखाका आर्चिक-संहितामा जम्मा **१८७५** ऋचा छन्। तिनमा २७२ पुनरुक्त ऋचा घटाउँदा १६०३ ऋचामात्र बाँकी रहन्छन्। तीमध्ये पनि १५०४ ऋचा ऋग्वेदका शैशिरीय-शाकलसंहितामा र शाङ्खायनीयसंहितामा पाइने भएकाले ९९ ऋचामात्र सामवेदसंहिताका मौलिक ऋचा (उक्त संहिताहरूमा नपाइने) हुन् भन्ने कुरा अनुसन्धाताहरू बताउँछन्।

११९. **गीयमानस्य साम्न आश्रयभूता ऋचः सामवेदे समाम्नायन्ते** -सायण, वे.भा.भू., पृ. ६७।

१२०. 'अध्यापकप्रसिद्धेर्हि ऋग्वेदादिपु पठितो मन्त्र ऋगादिः' इति हि लक्षणं वक्तव्यम्। -माधवाचार्य, जै.न्या. २.१.१०।

१२१. ऋक्, यजुः, साम र अथर्ववेदका विभिन्न शाखासँग सम्बद्ध अनेक ब्राह्मणग्रन्थहरूको संरचनागत स्वरूप, संस्करण र अन्य परिचय यसै ग्रन्थको भाग २ मा दिइएको हुँदा ब्राह्मणग्रन्थहरूको विशेष जानकारी त्यहींबाट लिन पाठकवर्गलाई अनुरोध गरिन्छ।

१२२. **ब्राह्मणं ब्रह्मसंघाते वेदभागे नपुंसकम्** -मेदिनीकोश, णान्तवर्ग ६७ पद्य।

१२३. **एतद् ब्राह्मणान्येव पञ्च हवींषि** -तै.ब्रा. १.७.१.१। **यद्वाकोवाक्यं ब्राह्मणम्** -श.ब्रा. ४.६.९.२०। **यद्वावान...** (ऋ. १०.७४.६) **धाय्या, तस्या उक्तं ब्राह्मणम्** -ऐ.ब्रा. ३६.२। **दूरोहणं रोहति तस्योक्तं ब्राह्मणम्** -ऐ.ब्रा. २९.९। द्र.- नि. ४.२७। पा.अ. २.३.६०।

हुन्छ[१२४] र यसले वेद अर्थात् वेदमन्त्र, परब्रह्म, तत्त्व, तप, ब्रह्मा, प्रजापति (यज्ञ) आदिलाई बुझाउँछ[१२५]। यसरी निष्पन्न वेद अर्थात् वेदमन्त्रवाचक ब्रह्मन् शब्ददेखि व्याख्यान अर्थमा अण्प्रत्यय गरेपछि **'ब्राह्मण'** शब्द बन्दछ[१२६]। यस आधारमा हेर्दा ब्राह्मण शब्दको व्युत्पत्तिमूलक अर्थ ब्रह्मको (मन्त्ररूप वेदको वा यज्ञको) व्याख्यान गर्ने ग्रन्थ भन्ने बुझिन्छ[१२७]। यहाँ व्याख्यान भन्नाले मन्त्रका प्रत्येक शब्दको पर्यायवाची शब्द दिएर वा लौकिक विषयलाई महत्त्व दिएर गरिएको व्याख्या-विश्लेषण हो भन्ने बुझ्नु हुँदैन। ब्राह्मण-ग्रन्थमा गरिएको मन्त्रको व्याख्या भनेको मूलतः यज्ञपरक, अलौकिक र आध्यात्मिक व्याख्या हो।

५.२ मुख्य विषय

दर्शपूर्णमास, अग्निष्टोम-सोमयागजस्ता विभिन्न किसिमका श्रौत (वैदिक) यज्ञहरूको सर्वाङ्गपूर्ण विवेचन गर्नु ब्राह्मण-ग्रन्थको मुख्य विषय भएकाले यी ग्रन्थहरूमा विभिन्न यज्ञको विधान गर्ने, तिनीहरूको स्वरूप देखाउने, यज्ञको फल बताउने, यज्ञमा आवश्यक पर्ने द्रव्य (हवन गरिने वस्तु र अन्य सामग्री), देवता आदिको विवरण उल्लेख गर्ने, यज्ञिय कर्मको हेतु निर्देश गर्ने, यज्ञमा गर्नुपर्ने कर्मको प्रशंसा र गर्न नहुने कर्मको निन्दाद्वारा मानिसलाई विहित कर्ममा प्रवृत्त र निषिद्ध कर्मबाट निवृत्त गराउनेजस्ता विषयहरू उल्लेख भएका हुन्छन्। यसअतिरिक्त ब्राह्मण-ग्रन्थमा जीवात्मा र परमात्माको (ब्रह्मको) एकता बुझाउने दार्शनिक चिन्तनहरू पनि पर्याप्त रूपमा उल्लेख भएका पाइन्छन्, जुन भागलाई हामी आरण्यक र उपनिषद्का नामले बुझ्ने गरेका छौं।

५.३ लक्षण (परिभाषा)

यसरी ब्राह्मण-ग्रन्थहरूमा मूलतः वैदिक ऋचा वा मन्त्रहरूले सङ्केत र समर्थन गरेका विभिन्न किसिमका श्रौतयज्ञ-(वैदिक कर्मकाण्ड)सँग सम्बद्ध

---

१२४. सर्वधातुभ्यो मनिन्, बृंहेर्नोच्च -उणादिसूत्र ५९४-५९५, ब्रह्म तत्त्वं तपो वेदो ब्रह्मा विप्रः प्रजापतिः।

१२५. वेदो ब्रह्म -जैमिनीयोपनिषद्ब्राह्मण ४.११.४.३ (४.२५.३)। ब्रह्म वै मन्त्रः - श.ब्रा. ७.१.१.५। ब्रह्म ह वा इदमग्र आसीत् -गो.ब्रा. १.१.१, अथर्ववेदसंहिता १५.१.१-३। ब्रह्म ब्रह्माभवत् स्वयम् -तै.ब्रा. ३.१२.९.३। यज्ञो यत्प्रजापतिः - श.ब्रा. ४.३.४.३। ब्रह्म परिवृढं भवति सर्वतः -नि. १.८। ब्रह्म तत्त्वं तपो वेदे न द्वयोः पुंसि वेधसि -मेदिनीकोश। द्र.- श.क.द्रु. **'ब्रह्म'**।

१२६. तस्य व्याख्यान इति च व्याख्यातव्यनाम्नः -पा.अ. ४.३.६६। ब्राह्मोऽजातौ (पा.अ. ६.४.१७१) ले टिलोप निषेध।

१२७. यानि वेदव्याख्यानानि तानि ब्राह्मणानि -दयानन्द सरस्वती, ऋग्वे.भा.भू., पृ. १०४। उनका नाम ब्राह्मण अर्थात् ब्रह्म जो वेद उसका व्याख्यानग्रन्थ होने से ब्राह्मण नाम हुआ।-पूर्ववत्, सत्या.प्र., समु. ७, पृ. १४५।

विषयहरूको व्याख्यान र विस्तार पाइने हुनाले[१२८] तैत्तिरीयसंहिताका भाष्यकार भट्टभास्करले आफ्नो भाष्यमा 'ब्राह्मण भनेको कर्म (यज्ञ) र त्यससँग सम्बद्ध मन्त्रहरूको व्याख्यान-ग्रन्थ हो'[१२९] भनी ब्राह्मण-ग्रन्थको लक्षण (परिभाषा) उल्लेख गरेका छन्। यसैगरी मीमांसादर्शनका सूत्रकार जैमिनिले 'यज्ञमा गर्नुपर्ने कर्मका प्रेरक (स्मारक) वेदवाक्यलाई मन्त्र र मन्त्रातिरिक्त वेदभागलाई ब्राह्मण'[१३०] भनी ब्राह्मण-ग्रन्थको परिभाषा अलि भिन्न किसिमले गरेका छन् भने श्रौतसूत्रकार आपस्तम्बले 'यज्ञकर्मका चोदक (प्रेरक, प्रवर्तक, विधायक) वेदवाक्यलाई ब्राह्मण' भनेका छन्[१३१]। यसरी विश्लेषण गर्दा ब्राह्मण-ग्रन्थ भनेका अलौकिक श्रेयःप्राप्तिको साधनभूत कर्मका (दर्शपूर्णमासादिका) विज्ञापक र प्रवर्तक निश्चित वेदका (मन्त्र-संहिताका) व्याख्यानात्मक निश्चित भागविशेष हुन् भन्ने निष्कर्षमा हामी पुग्न सक्छौं।

५.४ ब्राह्मणका दुई विभाग : विधि र अर्थवाद

विषयगत स्वरूप एवं शैलीका दृष्टिले वेदको ब्राह्मणभाग मूलतः **विधि** र **अर्थवाद** गरी दुई भागमा विभक्त भएको देखिन्छ। श्रौतसूत्रकार आपस्तम्बले दुवैको भेद उल्लेख गर्दै कर्मका प्रेरक (क्रियामा प्रवर्तन गराउने) विधिवाक्यलाई **'ब्राह्मण'** र ब्राह्मणका शेष (विधिशेष) वाक्यलाई **'अर्थवाद'** भनेका छन्[१३२]। यद्यपि ब्राह्मणको स्वरूप र शैलीलाई लिएर विभिन्न ग्रन्थमा ब्राह्मणका विभिन्न विषयहरूको उल्लेख गरिएको देखिन्छ[१३३] तथापि विधि र अर्थवादभाग नै ब्राह्मणका मुख्य विषय भएकाले यहाँ यिनै दुई विषयका बारेमा चर्चा गरिएको छ।

---

१२८. **एतद् वै यज्ञस्य समृद्धं यद्रूपसमृद्धं यत्कर्म क्रियमाणमृगभिवदति...**-ऐ.ब्रा. ३.२ + ३.५।

१२९. **ब्राह्मणं नाम कर्मणस्तन्मन्त्राणां च व्याख्यानग्रन्थः** -तै.सं. १.५.१।

१३०. **तच्चोदकेषु मन्त्राख्या, शेषे ब्राह्मणशब्दः** -जै.सू. २.१.३२-३३।

१३१. **कर्मचोदना ब्राह्मणानि** -आप.श्रौ. २४.१.३२। **कर्मविधानं ब्राह्मणानि** -सत्या.श्रौ. १.१.८।

१३२. **कर्मचोदना ब्राह्मणानि, ब्राह्मणशेषोऽर्थवादः, निन्दा प्रशंसा परकृतिः पुराकल्पश्च** -आप.श्रौ. २४.१.३२-३३। 'चोदनेति क्रियायाः प्रवर्तकवचनमाहुः' -ऐ. भाष्य। **कर्मविधानं ब्राह्मणानि, तच्छेषोऽर्थवादः, निन्दा प्रशंसा, परकृतिः पुराकल्पश्च, अतोऽन्ये मन्त्राः** -सत्या.श्रौ. १.१.८-१२।

१३३. **हेतुर्निर्वचनं निन्दा प्रशंसा संशयो विधिः। परक्रिया पुराकल्पो व्यवधारणकल्पना॥ उपमानं दशैते तु विधयो ब्राह्मणस्य वै।** -जैमिनिकृत मीमांसासूत्रको शाबरभाष्य २.१.८ अधि. (२.१.३३ सू.); तु.- ब्रह्माण्डपुराण २.३३.४७-४८। द्र.- वे.भा.भू., पृ. ३६; युगलकिशोर मिश्रद्वारा सम्पादित श.ब्रा. भूमिका, पृ. ३६-३९। यहाँ ब्राह्मणका दश विषय उल्लेख गरिएका छन्।
इतिहासः पुराणं विद्या उपनिषदः श्लोकाः सूत्राण्यनुव्याख्यानानि व्याख्यानानि -बृ.उप. २.४.१०। यहाँ ब्राह्मणका आठ प्रकारका विषयको उल्लेख छ। द्र.- युगलकिशोरमिश्रद्वारा सम्पादित श.ब्रा. भूमिका ३६-३८ पृ.।
विधिर्निन्दाप्रशंसाध्यात्ममधिदैवतमधिभूतमनुवचनं परकृतिः पुराकल्पः सृष्टिरिति ब्राह्मणम् -कात्यायनको वचन, द्र.- ऐ.। यहाँ ब्राह्मणका ११ प्रकारका विषयको उल्लेख छ।

५.४.१ विधि र यसका भेद

विधि वा विधिवाक्य भनेका 'यो काम गर्नुपर्छ, यो गर्नु हुँदैन, यो यसकारण गर्नुपर्छ, यो यसकारण गर्नु हुँदैन' इत्यादि मानवका कर्तव्य र निषिद्ध कर्म बताउने, तिनको फल निर्देश गर्ने तथा अज्ञात विषयको बोध गराउने ब्राह्मणग्रन्थभित्रका वेदवाक्य हुन्[१३४]। यस्ता विधिवाक्यको लक्षण उल्लेख गर्दै अर्थसङ्ग्रहकार लौगाक्षि भास्करले अज्ञात अर्थको ज्ञापक वेदभागलाई **'विधि'** भनेका छन्[१३५]। उदाहरणका लागि **'अग्निहोत्रं जुहुयात् स्वर्गकामः'**[१३६] (स्वर्गरूप फलप्राप्तिका लागि अग्निहोत्रकर्म गरोस्) यस विधिवाक्यले अन्य प्रमाणबाट ज्ञात नभएको स्वर्गरूप फलप्राप्तिका लागि अग्निहोत्रनामक होमको विधानद्वारा अज्ञात अर्थको ज्ञापन गरेको छ। अतः यस्ता प्रकारका ब्राह्मणवाक्यलाई विधि भनिन्छ। वेदभाष्यकार सायणले विधिका दुई भेद बताएका छन्– **१) अप्रवृत्त-प्रवर्तन** र **२) अज्ञातार्थ-ज्ञापन**। यीमध्ये **'अग्नावैष्णवं पुरोडाशं निर्वपन्ति दीक्षणीयम्'** (ऐ.ब्रा. १.१) इत्यादि कर्मकाण्डगत विधिहरूले अप्रवृत्त पुरुषलाई कर्ममा प्रवृत्त गराउँछन् भने **'आत्मा वा इदमेक एवाग्र आसीत्'** (ऐ.आ. २.४.१) इत्यादि ब्रह्मकाण्डगत विधिवाक्यहरूले प्रत्यक्षादि अन्य प्रमाणद्वारा ज्ञान हुन नसक्ने अज्ञात विषयको ज्ञान गराउँछन्[१३७]। यसप्रकार लौगाक्षि भास्करले कर्मकाण्ड एवं ब्रह्मकाण्डगत सबै विधिवाक्यलाई अज्ञातार्थज्ञापक मानेका छन् तर सायणले सूक्ष्म दृष्टि अपनाउँदै कर्मकाण्डगत विधिलाई 'अप्रवृत्तप्रवर्तक' र ब्रह्मकाण्डगत विधिलाई 'अज्ञातार्थज्ञापक' मानेका छन्।

वस्तुतः संहिता र ब्राह्मणग्रन्थका विषयको पार्थक्य विधिबाट नै पत्ता लाग्दछ। संहितामा यज्ञसम्बन्धी विषयहरूको सैद्धान्तिक चर्चा प्रायः साङ्केतिक रूपमा उपलब्ध भए पनि तिनका प्रायोगिक पक्षको वर्णन त्यहाँ भेटिँदैन। स्थूल रूपमा भन्ने हो भने ऋग्वेद, अथर्ववेद र सामवेदसंहितामा विभिन्न देवताका

---

१३४. **स्वाध्यायोऽध्येतव्यः** (तै.आ. २.१५.१ + श.ब्रा. ११.५.६.३) इत्यादि विधिवाक्यले निष्काम कर्तव्यको विधान गरेका हुन्छन् भने **वायव्यं श्वेतमालभेत भूतिकामः** (तै.सं. २.१.१.१); **चित्रया यजेत पशुकामः** (तै.सं. २.४.६.१); **श्येनेनाभिचरन् यजेत** (आप.श्रौ. २२.४.१३) इत्यादि विधिवाक्यले सकाम कर्तव्य र अज्ञात विषयको बोध गराएका हुन्छन्। यसैगरी **असद् वा इदमग्र आसीत्** (तै.आ. ८.७, द्र.- वे.भा.भू. २५ पृ.) इत्यादि विधिवाक्यले अज्ञात वस्तुको बोधमात्र गराउँछन् भने **तस्माद् बर्हिषि** (रजतं) **न देयम्** (तै.सं. १.५.१.२) इत्यादि विधिवाक्यले कर्मको सयुक्तिक निषेध गर्छन् र **अप उपस्पृशति, अमेध्यो वै पुरुषो यदनृतं वदति, तेन पूतिरन्ततः** (श.ब्रा. १.१.१.१) इत्यादि वाक्यले यो यसकारण गर्नुपर्छ भनी निर्णय पनि दिन्छन्।

१३५. **तत्राज्ञातार्थज्ञापको विधिः** -अर्थसं., पृ. ४८। तु.- **'मन्त्रव्याख्यानरूपो ब्राह्मणगतः शब्दो विधिशब्द इत्युच्यते'** -सायण, वे.भा.भू., पृ. २४।

१३६. अर्थसं., पृ. ४८। **अग्निहोत्रं जुहोति** -तै.सं. १.५.९.१; **अग्निहोत्रं स्वर्गकामस्य** -वै.श्रौ. ८.५.८।

१३७. वे.भा.भू., पृ. २४।

स्तुति गरिएका मन्त्रहरूकै बाहुल्य देखिन्छ। यजुर्वेदसंहितामा दर्शपूर्णमासलगायत विभिन्न यज्ञसम्बन्धी चर्चा गरिएका मन्त्रहरू उपलब्ध भए पनि यज्ञको प्रायोगिक पक्षलाई समेटेर कुनै किसिमको विधान भएको देखिँदैन। ब्राह्मणग्रन्थमा चाहिँ सम्बद्ध शाखासंहितामा चर्चा भएका र सङ्केत गरिएका यज्ञसम्बन्धी विषयलाई लिएर विस्तृत विवरण प्रस्तुत भएको हुन्छ। कुन यज्ञ कहिले गर्ने? कसरी गर्ने? कुन देवताका लागि गर्ने? यज्ञमा केकस्ता साधन र सामग्री आवश्यक हुने? यज्ञ किन गर्ने वा यज्ञको फल के हुने? यज्ञका अधिकारी कस्ता व्यक्ति हुने? इत्यादि यज्ञसम्बन्धी समग्र पक्षको चर्चा ब्राह्मणग्रन्थमा गरिएको हुन्छ। त्यसैले संहिता र ब्राह्मणग्रन्थको भिन्नता देखाउने प्रमुख विषय विधि हो र यो नै ब्राह्मणको मुख्य विषय पनि हो भन्न सकिन्छ।

मीमांसादर्शनमा याज्ञिक विचारका दृष्टिले **उत्पत्तिविधि, विनियोगविधि** (गुणविधि), **अधिकारविधि** र **प्रयोगविधि** गरी विधिका चार भेद मानिएका छन्[१३८]। यसअतिरिक्त अपूर्वविधि, नियमविधि, परिसङ्ख्याविधि इत्यादि नामले विधिका विभिन्न भेद मीमांसादर्शनमा बताइएका छन्[१३९]। यिनको विशेष ज्ञानका लागि सम्बद्ध ग्रन्थकै अध्ययन आवश्यक हुन्छ।

५.४.२ अर्थवाद र यसको उपादेयता

अर्थवाद भनेका विधेय (विधिवाक्यद्वारा गर्नुपर्ने भनी विधान गरिएका) अर्थको (कर्मको) प्रशंसा र विधिनिषिद्ध अर्थको निन्दाद्वारा मानिसलाई विहित कर्ममा प्रवृत्त र निषिद्ध कर्मबाट निवृत्त गराउने ब्राह्मणग्रन्थभित्रका वेदवाक्य हुन्[१४०]। अतः अर्थसङ्ग्रहकार लौगाक्षि भास्करले अर्थवादको लक्षण गर्दै प्रशंसा अथवा निन्दापरक वाक्यलाई 'अर्थवाद' भनेका छन्[१४१]।

अर्थवाद वाक्यलाई लिएर वेदका विचारक पाश्चात्त्य विद्वान् र कतिपय पौरस्त्य विचारकले समेत वेदको प्रामाण्य एवं महत्तामाथि तिखो प्रहार गरेका छन्। पौरस्त्य विद्वान्हरूको भनाइअनुसार आलोचकहरू पौरस्त्य चिन्तनको गहिराइमा पुग्न नसकेका कारण उनीहरूले यस्तो प्रहार गरेका हुन्। पौरस्त्य चिन्तनअनुसार

---

१३८. अर्थसं., पृ. ५६।

१३९. द्र.- अर्थसं. विधिविभाग प्रकरण, पृ. १४६-१४८। मीमांसान्यायप्रकाश, पृ. ११२-११५।

१४०. **वायुर्वै क्षेपिष्ठा देवता** (तै.सं. २.१.१.१), **स आत्मनो वपामुदक्खिदत्** (तै.सं. २.१.१.४) इत्यादि प्रशंसापरक र **अपशवो वा अन्ये गोअश्वेभ्यः** (तै.सं. ५.२.९.४), **तत्तन्नादृत्यम्** (ऐ.ब्रा. १.४, २.५,, ६.३, ८.४ इ.। द्र.- वे.भा.भू. २४ पृ.), **तत्तथा न कुर्यात्** (ऐ.ब्रा. २८.१, २९.५ इ.), **तत्तथा न कार्यम्** (तै.ब्रा. १.१.८.६), **अमेध्या वै माषाः** (तै.सं. ५.१.८.१) इत्यादि निन्दापरक वाक्यलाई अर्थवाद भनिन्छ।

१४१. **प्राशस्त्यनिन्दान्यतरपरं वाक्यमर्थवादः** -अर्थसं., पृ. २१०।

समग्र वेदवाक्य क्रियापरक (याग वा धर्मपरक) भएका[१४२] र अर्थवाद-वाक्य पनि वेदअन्तर्गत नै रहेका हुँदा[१४३] तिनको आनर्थक्यप्रसङ्ग उठ्नै सक्तैन। वस्तुतः अर्थवादवाक्यको तात्पर्य स्वार्थ-प्रतिपादनमा (अभिधा अर्थ व्यक्त गर्नुमा) रहेको हुँदैन किन्तु यिनको तात्पर्य विधेय पदार्थको प्रशंसा वा निन्दाद्वारा लक्ष्यार्थ व्यक्त गर्नु हो। अर्थात् विधेय कर्मको प्रशंसा र निषिद्ध कर्मको निन्दा गरी मानिसलाई विहित कर्ममा प्रवृत्त र निषिद्ध कर्मबाट निवृत्त गराउनु अर्थवादवाक्यको मुख्य प्रयोजन हो। विधिवाक्यले 'यो काम गर्नुपर्छ' वा 'यो काम गर्नु हुँदैन' भनी विधान वा निषेध गर्दैमा त्यस कर्ममा मानिसको स्वाभाविक प्रवृत्ति वा निवृत्ति नहुन पनि सक्छ। जसरी लोकमा मानिसलाई सत्कर्ममा प्रवृत्त र असत्कर्मबाट निवृत्त गराउन सत्कर्मको प्रशंसा र असत्कर्मको निन्दा गरिन्छ अर्थात् 'सत्कर्म गर्नुपर्छ', 'असत्कर्म गर्नु हुँदैन' भन्दैमा व्यक्ति स्वाभाविक रूपमा त्यसतर्फ प्रवृत्त वा त्यसबाट निवृत्त हुन चाहँदैन त्यसरी नै वेदमा विधिवाक्यले विधान वा निषेध गरेका कर्ममा मानिसलाई प्रवृत्त वा निवृत्त गराउन प्रायः विधिवाक्यसँगै पढिने अर्थवादवाक्यको महत्त्वपूर्ण भूमिका रहन्छ।

अर्थवादका प्रशंसापरक र निन्दापरक भागलाई क्रमशः **विधिशेष र निषेधशेष** भनी मीमांसादर्शनमा चिनाइएको छ[१४४]। **'शेष'** शब्द अवशिष्ट अंश, पूरक, उपकारक इत्यादि अर्थमा प्रयोग भएको पाइन्छ। अतः यहाँ जुन वाक्य विधिवाक्यका अवशिष्ट अंशजस्तै प्रतीत हुन्छन्, जुन विधिसँगै एकवाक्यता प्राप्त गरी विधिकै अर्थका पूरक र उपकारक हुन्छन् त्यस्ता अर्थवादवाक्यलाई क्रमशः विधिशेष र निषेधशेष भनिएको हो। अर्थात् विधेय क्रियाको प्रशंसाद्वारा विधिवाक्यका उपकारक (पूरकजस्तै) बन्ने अर्थवाद विधिशेष हुन् भने निषेध्य क्रियाको निन्दाद्वारा निषेधात्मक विधिवाक्यका उपकारक बन्ने अर्थवाद निषेधशेष हुन्। यसप्रकार विधि अर्थात् विधायक वाक्य र अर्थवाद अर्थात् शेषवाक्य दुवै मिलेर एकवाक्यता सिर्जना भई विधिमा प्रभावकारिता उत्पन्न हुन्छ। उदाहरणका लागि तैत्तिरीयसंहिता-(२.१.१.१)मा **'वायव्यं श्वेतमालभेत भूतिकामः'** (ऐश्वर्य वा वैभव चाहनेले वायुदेवताका लागि श्वेत पशुको आलम्भन गरोस्) यो विधिवाक्य र यसको शेष (अर्थवादवाक्य) **'वायुर्वै क्षेपिष्ठा देवता'** (वायु नै शीघ्रगामी देवता हुन्) एकैसाथ पढिएका छन्। यहाँ वायव्ययागको (विधेय अर्थको) प्रशंसा विधिशेषात्मक अर्थवादद्वारा गरिएको छ। अर्थात् वायु शीघ्रगामी देवता भएकाले त्यस्ता देवतासँग सम्बद्ध कर्म-(वायव्ययाग)बाट शीघ्र नै ऐश्वर्यरूप फल प्राप्त हुन्छ भन्ने वायव्ययागको प्रशंसा यहाँ लक्षणाद्वारा गरिएको छ। यसरी उपर्युक्त

१४२. आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानां तस्मादनित्यमुच्यते -जै.सू. १.२.१।

१४३. **'स्वाध्यायोऽध्येतव्यः'** (तै.आ. २.१५.१ + श.ब्रा. ११.५.६.३) यस विधिवाक्यले अर्थज्ञानका लागि वेदाध्ययनको विधान गर्दै समग्र वेदको अर्थमूलकता सिद्ध गरेको छ। अतः वेदभित्रका अर्थवादवाक्यको अभिधा अर्थमा तात्पर्य नभए पनि लक्षणाद्वारा तिनको क्रियापरत्व परम्परया स्विकारिएको छ।

१४४. **स द्विविधः- विधिशेषो निषेधशेषश्चेति।** -अर्थसं., पृ. २११।

विधिवाक्यले वायव्ययागको विधान गरे पनि त्यसमा प्रभावकारिता ल्याउने काम त्यसको शेष अर्थवादवाक्यले गरेको छ। स्थूल दृष्टिले हेर्दा उपर्युक्त विधिवाक्य र अर्थवादवाक्यमा भिन्नता देखिए पनि लक्षणाद्वारा दुवै मिलेर एकवाक्यता सिर्जना भई विधिमा प्रभावकारिता थपिएको छ जसका कारण व्यक्ति सम्बद्ध कर्ममा प्रवृत्त हुन्छ। यसैगरी निषेधशेषात्मक (निन्दापरक) अर्थवादको महत्त्व पनि बुझ्नुपर्छ।

यसप्रकार विधेय क्रियाको (अर्थको) स्तुति र निषेध्य क्रियाको निन्दाद्वारा अर्थवादवाक्य विधिवाक्यकै सहयोगी र उपकारक हुने भएकाले यिनको प्रामाण्य एवं उपादेयता सर्वथा सिद्ध हुन्छ[१४५]।

५.५ आरण्यक र उपनिषद्[१४६]

आरण्यक र उपनिषद् मूलतः ब्राह्मणग्रन्थभित्रकै निश्चित भाग भएकाले ब्राह्मणग्रन्थबाट नै यिनको परिचय गतार्थ हुन सक्छ तथापि साहित्यिक दृष्टिले संहिता, ब्राह्मण, आरण्यक र उपनिषद् गरी वेदलाई चार भागमा छुट्ट्याएर हेर्ने गरिएकाले पाठकवर्गलाई वेदको स्वरूप बुझ्न सजिलो होस् भन्ने उद्देश्यले यहाँ पनि त्यसैको अनुगमन गरिएको छ। वेदको आरण्यकभाग पूर्णतः ब्राह्मणग्रन्थमा नै (प्रायः ब्राह्मणको अन्त्यमा) उपलब्ध हुन्छ भने **'ईशावास्योपनिषद्'**जस्ता केही उपनिषद् चाहिँ संहिताभागमा पनि उपलब्ध हुन्छन्, तथापि धेरै उपनिषद् ब्राह्मणभागमा नै आधारित भएका देखिन्छन्। यसरी आरण्यक र उपनिषद् ब्राह्मण वा मन्त्रभागमा नै अन्तर्भूत हुने भएकाले यिनीहरू मन्त्र-ब्राह्मणात्मक वेदका निश्चित भागविशेष अर्थात् साक्षात् वेद हुन्।

कसै-कसैले वेदको ब्राह्मणभागलाई कर्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड गरी तीन भागमा छुट्ट्याएर कर्मकाण्डको प्रतिपादन गर्ने भागलाई **ब्राह्मण**, उपासनाको महत्त्व देखाउने भागलाई **आरण्यक** र ज्ञानको चर्चा गर्ने भागलाई **उपनिषद्** भन्ने गरेको पाइन्छ[१४७]। **'वैदिक साहित्य और संस्कृति'**का लेखक बलदेव उपाध्यायले प्राणविद्या तथा प्रतीकोपासनासम्बन्धी चर्चा गर्ने शास्त्रलाई 'आरण्यक' र निर्गुण ब्रह्मको स्वरूप तथा प्राप्तिको विवेचना गर्ने शास्त्रलाई 'उपनिषद्' भनी आरण्यक र उपनिषद्बीचको भिन्नता देखाउने प्रयास गरेका छन्[१४८] तापनि यसलाई स्पष्ट र प्रामाणिक आधार मान्न सकिँदैन। वैदिक साहित्यका अन्य लेखकहरूले

१४५. **विधिना त्वेकवाक्यत्वात् स्तुत्यर्थेन विधीनां स्युः** -जै.सू. १.२.७। द्र.- वे.भा.भू., पृ. २८।
१४६. ऋक्, यजुः, साम र अथर्ववेदका विभिन्न शाखासँग सम्बद्ध अनेक आरण्यक र उपनिषद्ग्रन्थहरूको संरचनागत स्वरूप, संस्करण र अन्य परिचय यसै ग्रन्थको भाग २ मा दिइएको हुँदा आरण्यक र उपनिषद्ग्रन्थहरूको विशेष जानकारी त्यहींबाट लिन पाठकवर्गलाई अनुरोध गरिन्छ।
१४७. वैदिक साहित्य का इतिहास -डा. पारसनाथ द्विवेदी, पृ. ५।
१४८. छैटौं संस्करण सन् १९९३ शारदा संस्थान, दुर्गाकुण्ड, वाराणसी, पृ. २३३।

पनि यी दुईबीचको भिन्नता स्पष्ट हुने गरी लेखेको कतै देखिँदैन। विभिन्न उपनिषद्का भाष्यकार शङ्कराचार्यले समेत शब्दगत व्युत्पत्तिका आधारमा यी दुईबीचको भिन्नता देखाए पनि विषयगत आधारमा भिन्नता देखाउन सकेका छैनन्। अर्थात् उनको भनाइअनुसार ब्रह्मतत्त्वको नजिक पुऱ्याउने विद्या वा ब्रह्मविद्याको प्रतिपादक ग्रन्थ 'उपनिषद्' हो भने उही ग्रन्थ अरण्यमा पढ्दा 'आरण्यक' हुन्छ[१४९]।

५.५.१ आरण्यक-शब्दको अर्थ

वेदका भाष्यकार सायणको भनाइअनुसार अरण्यमा (वनमा) पढिने वेदको (ब्राह्मणको) भागविशेष आरण्यक हो[१५०]। वैदिक साहित्यका विभिन्न लेखकहरूले पनि सायणकै भनाइलाई अनुगमन गर्दै आरण्यकको सम्बन्ध अरण्यसँग जोडेको देखिन्छ[१५१]। यद्यपि वेदको आरण्यकभागमा गूढ रहस्यप्रतिपादक विषयहरू वर्णन गरिएकाले यसको सम्बन्ध एकान्त स्थान र वानप्रस्थीसँग नै बढी अवश्य छ तथापि आरण्यकभाग घरमा पढ्नै नहुने, वानप्रस्थीले मात्र पढ्ने वा वनमा मात्र पढ्ने भन्ने भनाइ त्यति युक्तिसङ्गत देखिँदैन। किनभने तैत्तिरीय आरण्यकमा नै गाउँमा, अरण्यमा, सुत्दा, उठ्दा, बस्ता, राति, दिउसो, बिहान इत्यादि सबै समय र ठाउँमा आरण्यकको अध्ययन गर्नुपर्छ भनी स्पष्ट उल्लेख गरिएको छ[१५२]। आरण्यकभागमा यस्ता विषयहरू पनि वर्णित छन् जुन गृहस्थीबाहेक वानप्रस्थीले गर्नै मिल्दैन। उदाहरणका लागि बृहदारण्यकोपनिषद्मा **'पुत्रमन्थ'** नामक कर्मअन्तर्गत गर्भाधान, जातकर्म, नामकर्मजस्ता गृहस्थ-कर्मको विधान उपलब्ध हुन्छ[१५३] भने संहिताभागकै

---

१४९. 'उषा वा अश्वस्य' इत्येवमाद्या वाजसनेयिब्राह्मणोपनिषद्। तस्या इयमल्पग्रन्था वृत्तिरारभ्यते संसारव्याविवृत्सुभ्यः संसारहेतुनिवृत्तिसाधनब्रह्मात्मैकत्वविद्याप्रतिपत्तये । **सेयं ब्रह्मविद्या उपनिषच्छब्दवाच्या तत्पराणां सहेतोः संसारस्याऽत्यन्तावसादनात्। उपनिपूर्वस्य सदेस्तदर्थत्वात्। तादर्थ्याद् ग्रन्थोऽप्युपनिषदुच्यते। सेयं षडध्यायी अरण्येऽनूच्यमानत्वादारण्यकम्,** बृहत्त्वात् परिमाणतो बृहदारण्यकम्। -शङ्कर, बृ.उ. सम्बन्धभाष्य।

१५०. **अरण्याध्ययनादेतदारण्यकमितीर्यते । अरण्ये तदधीयीतेत्येवं वाक्यं प्रवक्ष्यते ॥** -तै.आ. भाष्यारम्भ, श्लो. ६। **'अरण्येऽनूच्यमानत्वादारण्यकम्'** -शङ्कर, बृ.उ., सम्बन्धभाष्य।

१५१. द्र.- संस्कृत वाङ्मय का बृहद् इतिहास, खण्ड १ वेद, पृ. ४४४-४४५। वैदिक साहित्य और संस्कृति, पृ. २३२। वैदिक धर्म मूल रूपमा, पृ. १३४।

१५२. ग्रामे मनसा स्वाध्यायमधीयीत दिवा नक्तं उतारण्ये... उत तिष्ठन्नुत व्रजन्नुतासीन उत शयानोऽधीयीत.. -तै.आ. २.१२.२। य एवं विद्वान् महारात्र उपस्युदिते व्रजंस्तिष्ठन्नासीनः शयानोऽरण्ये ग्रामे वा ... स्वाध्यायमधीते सर्वांल्लोकान् जयति सर्वांल्लोकाननृणोऽनुसञ्चरति -तै.आ. २.१५.१।

१५३. द्र.- काण्वशाखीय-बृहदारण्यकोपनिषद्को अध्याय ६ ब्राह्मण ४ मन्त्र १-२८ मा **'पुत्रमन्थ'** नामक कर्मअन्तर्गत गर्भाधान ६.४.१-२१; जातकर्म ६.४.२४-२५; नामकर्म ६.४.२६-२८। तु.- मा.श.ब्रा. १४.९.४.१-३३।

कतिपय मन्त्र[१५४] र गृह्यसूत्रका कतिपय कर्म[१५५] पनि अरण्यमा नै पढ्ने र गर्ने भन्ने विधान पाइन्छ । यसअतिरिक्त याज्ञवल्क्यस्मृतिको भनाइअनुसार वानप्रस्थीले सोमयाग गर्दैनन्[१५६] तर आरण्यकग्रन्थमा सोमयागका उत्तरकर्म पनि वर्णन गरिएका पाइन्छन्[१५७] । यसबाट के कुरा स्पष्ट हुन्छ भने आरण्यक भनेको अरण्यमा नै पढ्नुपर्ने वा त्यसमा बताइएका कर्महरू वानप्रस्थीले नै गर्नुपर्ने, गृहस्थीले वा घरमा बसेर पढ्नै नहुने भन्ने कतिपय लेखकहरूका भनाइ अविचारित-रमणीय हुन् । त्यसैले आरण्यक भनेको अरण्यमा पढिने शास्त्र वा ग्रन्थ नभएर वेदको त्यस्तो निश्चित भाग हो जसको अध्ययन गर्दा अध्येतालाई समग्र आनन्द प्राप्त हुन्छ अथवा सबैलाई आनन्द प्रदान गर्ने शास्त्र नै आरण्यक हो[१५८] । यसलाई अझै स्पष्ट गरेर भन्नुपर्दा मन्त्रब्राह्मणात्मक वेदको त्यस्तो सारभूत भाग[१५९] आरण्यक हो जहाँ प्राणविद्या[१६०] (ब्रह्मविद्या) र प्रतीकोपासनासम्बन्धी वर्णन उपलब्ध हुन्छ। आरण्यकलाई रहस्य वा रहस्यविद्या पनि भनिन्छ[१६१] ।

५.५.२ आरण्यक-भागको मुख्य प्रतिपाद्य

वेदको (ब्राह्मणको) आरण्यक-भागमा मूलतः यज्ञको गूढ रहस्यप्रतिपादन

१५४. **'उग्रश्च भीमश्च'** (मा.सं. ३९.७) विमुखसंज्ञक मन्त्र अरण्येऽनूच्य (वनमा पठनीय) भनी सूत्रकारले उल्लेख गरेका छन् (का.श्रौ. १८.४.२४) । **अस्य मन्त्रस्यात्र पाठोऽरण्ये योग्यत्वात्** -महीधरभाष्य । तर यो मन्त्र स्वाध्याय गर्दा घरमा नै पढिन्छ ।

१५५. कौशिकगृह्यसूत्रको १०६.१–३ मा वर्णित कर्म अरण्यमा गर्ने भनी सूत्रकारले उल्लेख गरेका छन्– **'अरण्यस्यार्धमभिव्रज्य'** । यसअतिरिक्त नित्य-नैमित्तिक-काम्य आदि गृह्यकर्मको अनुष्ठान अरण्यमा गर्नुपर्छ भनी अथर्ववेदीय गृह्यसूत्रकारले यसरी उल्लेख गरेका छन्– **पुरस्तादुत्तरतोऽरण्ये कर्मणां प्रयोगः** । -कौ.सू. १.७.१३ ।

१५६. **त्रैवार्षिकाधिकान्नो यः स हि सोमं पिबेद् द्विजः** । -या.स्मृ. १.१२४ अर्थात् जोसँग तीन वर्षसम्म वा त्योभन्दा अधिक समय खान पुग्ने अन्न छ त्यसले सोमपान (सोमयाग) गरोस् (त्योभन्दा कम अन्न/धन भए नगरोस् । द्र.- मनु. ११.७-८) ।
अह्नो मासस्य षण्णां वा तथा संवत्सरस्य वा । अर्थस्य सञ्चयं कुर्यात् कृतमाश्वयुजे त्यजेत् ॥ -या.स्मृ. ३.४७ अर्थात् वानप्रस्थीले एक दिन, एक महिना, छ महिना वा वर्षभरका लागि मात्र अर्थसञ्चय गरोस्, त्योभन्दा अधिक भएमा आश्विन महिनामा सञ्चित धन त्यागिदियोस् । यो भनाइबाट वानप्रस्थीले सोमयाग नगर्ने भन्ने बुझिन्छ ।

१५७. द्र.- मा.श.ब्रा. १४.१.१–१४.३.२ सम्म ।

१५८. द्विजानामासमन्तात् साकल्येन साधु वा रण्यं रमणमानन्दाधायकमिति सद्विचारसङ्ग्रहात्मकं शास्त्रमारण्यकम् । अथवा आ सर्वेषां रण्यं रमणीयमारण्यम्, आरण्यम् एवारण्यकम्, स्वार्थे प्रत्ययः । -डा. श्रीकिशोरमिश्र, 'वेदशाखापर्यालोचनम्' पृ. ४ ।

१५९. नवनीतं यथा दध्नो मलयाच्चन्दनं यथा । आरण्यकं च वेदेभ्य ओषधीभ्योऽमृतं यथा ॥ -महा. शान्ति. ३३१.३, भाण्डारकर संस्क., पूना ।

१६०. 'प्राणिति जीवति बहुकालम्' इति व्युत्पत्त्या प्राणशब्दो ब्रह्मवाचकः । ब्रह्मणो ब्रह्मविषयिणी वा विद्या ब्रह्मविद्या ।

१६१. द्र.- गो.ब्रा. १.२.१० । नि. १.४.६ दुर्गा.वृ. । वै.सा.सं., पृ. २३२ । मनु. २.१४० इ. ।

र कर्मकाण्डको दार्शनिक व्याख्या गरिएको हुन्छ। ब्राह्मणभागमा मूलतः यज्ञको आधिभौतिक व्याख्यान उपलब्ध हुन्छ भने आरण्यकमा त्यसको आध्यात्मिक र आधिदैविक व्याख्यान पाइन्छ। अर्थात् ब्राह्मण-भागमा विभिन्न किसिमका द्रव्यात्मक यज्ञको स्थूल वर्णन गरिएको हुन्छ भने आरण्यकमा तिनको आध्यात्मिक तथ्य उद्घाटन गरिएको हुन्छ। यही नै ब्राह्मण र आरण्यकको भिन्नता हो। ब्राह्मण-ग्रन्थमा प्रायः सकाम कर्मकै अनुष्ठानसम्बन्धी चर्चा गरिएको हुन्छ भने आरण्यकमा सकाम कर्म र त्यसको फलसम्बन्धी चर्चा प्रायः भेटिंदैन। त्यसैले अपेक्षाकृत रूपमा ब्राह्मणभन्दा आरण्यकको आध्यात्मिक महत्त्व बढी रहेको मानिन्छ। प्राणविद्याको महत्त्व प्रकाशन गर्नु आरण्यकको विशिष्ट विषय प्रतीत हुन्छ[१६२]। वैदिक साहित्यका कतिपय लेखकहरू आरण्यकलाई ब्राह्मण र उपनिषद्बीचको कडीका रूपमा स्विकार्दै उपनिषद्मा वर्णित आध्यात्मिक तत्त्वको धरातल आरण्यक नै भएको कुरा बताउँदछन्[१६३]।

५.५.३ उपनिषद्-शब्दको अर्थ

'उपनिषद्' शब्दको व्युत्पत्ति विद्वान्हरूद्वारा विभिन्न किसिमले गरिएको पाइन्छ। यदि यसलाई 'उप' (निकट), 'नि' (तल) उपसर्गपूर्वक '√सद्' (बस्नु) धातुबाट निष्पन्न मान्ने हो भने उपनिषद् शब्दले गुरुका नजिक तल बसेर गुरुबाट प्राप्त गरिने विद्या वा तद्विषयक ग्रन्थलाई बुझाउँछ[१६४]। जसअनुसार उपनिषद्-विद्या योग्य अन्तेवासी शिष्यद्वारा मात्र ग्राह्य र अत्यन्त गुप्त हुन्छ[१६५]। अत एव उपनिषद्हरू निभृततम रहस्य भएका हुँदा यिनमा निहित उपदेश अति गूढ छ भन्ने मान्यता विद्वान्हरूमा रहीआएको पाइन्छ। शङ्कराचार्यका अनुसार 'उपनिषद्' शब्द 'उप + नि' उपसर्गपूर्वक '√सद्' (विशरण, गति र अवसादन) धातुमा[१६६] 'क्विप्' प्रत्यय लागेर निष्पन्न हुन्छ र यसको शाब्दिक अर्थ **'ब्रह्मविद्या'** भन्ने हुन्छ; जसको परिशीलनबाट मुमुक्षुको संसार-बीजभूता अविद्याको विनाश, ब्रह्मतत्त्वको प्राप्ति र पुनर्जन्म गराउने कर्म तथा गर्भवासादिक दुःखको सर्वथा उच्छेद हुन्छ। उपनिषद् शब्दको मुख्य अर्थ 'ब्रह्मविद्या' भए पनि गौणरूपमा यसले तद्विषयक ग्रन्थलाई

---

१६२. द्र.- वैदिक साहित्य और संस्कृति, पृ. २३३–२३६।

१६३. संस्कृत वाङ्मय का बृहद् इतिहास, पृ. ४४४।

१६४. उपगम्य गुरुं निषद्य व्रते स्थित्वा ब्रह्मतत्त्वं ज्ञायते येनासौ वेदभाग उपनिषद् -वे.पर्या., पृ. ५।

१६५. तमेतं नाऽपुत्राय वाऽन्तेवासिने वा ब्रूयात् -काण्वबृहदारण्यकोपनिषद् ६.३.१२।

१६६. 'सद्लृ' धातुका तीन अर्थ हुन्छन्– १) **विशरण** - जीर्णशीर्ण बन्नु वा नाश हुनु, २) **गति** - जानु, ज्ञान गर्नु वा प्राप्त गर्नु ३) **अवसादन** - उदासीन, शिथिल वा निराश बन्नु। उपनिषद् वा ब्रह्मविद्याको अनुशीलनबाट मुमुक्षुको संसार-बीजभूत अविद्या नाश (विशरण) हुन्छ। त्यसपछि जगद्विषयक अनित्यज्ञानमा उदासीनता वा शिथिलता पैदा भई मिथ्याज्ञानको अवसादन (उन्मूलन) हुन्छ र ब्रह्मतत्त्वको ज्ञान (गति) प्राप्त हुन्छ।

समेत बुझाउँदछ[१६७]।

प्राचीन कालमा उपनिषद्-विद्याको अध्ययन रहस् (एकान्त) स्थानमा गरिन्थ्यो, अतः यसलाई 'रहस्य-विद्या' पनि भनिन्छ। उपनिषद्हरूका विभिन्न स्थानमा 'रहस्य-विद्या' वा 'ब्रह्मविद्या' अर्थमा उपनिषद् शब्दको प्रयोग भएको पाइन्छ। यसप्रकार वेदको जुन भागमा वा ग्रन्थमा रहस्यात्मक ज्ञान आत्मविद्याको चर्चा गरिएको हुन्छ त्यसलाई 'उपनिषद्' भनिन्छ। उपनिषद् वेदका अन्तिम भाग तथा सारभूत सिद्धान्त भएकाले यिनलाई 'वेदान्त' पनि भनिन्छ।

५.५.४ उपनिषद्-भागको मुख्य प्रतिपाद्य

उपनिषद्मा मूलतः अध्येतालाई जीवात्मा र ब्रह्मको एकता बुझाउनका लागि आवश्यक पर्ने विभिन्न विषयहरूको चर्चा गरिएको हुन्छ। 'ब्रह्म' भनेको के हो? त्यसको स्वरूप कस्तो हुन्छ? मानव-जीवनको सत्यता के हो? लक्ष्य के हुनुपर्छ? लक्ष्यप्राप्तिका मार्ग के-के हुन सक्छन्? जीवन कसरी जिउनुपर्छ? हाम्रा अनुभवमा आउने कुनकुन कुरा नित्य र कुनकुन अनित्य हुन्? अनित्य विषयप्रतिको आसक्ति हटाई मनमा वैराग्य कसरी ल्याउन सकिन्छ? शम (मानसिक स्थिरता वा आनन्द), दम (इन्द्रिय-निग्रह), उपरति (विरक्ति), तितिक्षा (सहिष्णुता/सहनशीलता), श्रद्धाजस्ता मनोभाव कसरी विकसित गर्ने इत्यादि कुराहरूको विस्तृत विवेचना उपनिषद्हरूमा गरिएको हुन्छ। आस्तिक नास्तिक सबै भारतवर्षीय दार्शनिक चिन्तनका प्रमुख स्रोत उपनिषद् नै हुन् भन्ने कुरा सबैले स्वीकार गरेका छन्।

६. वेदको चार भागमा विभाजन

विभिन्न पुराणमा विभिन्न आख्यायिकाका माध्यमबाट वेदसम्बद्ध विभिन्न विषयको चर्चा गरिएको भेटिन्छ। वेदको चार भागमा विभाजन, विभिन्न शाखाको विस्तार, यजुर्वेदको शुक्लत्व र कृष्णत्वसम्बन्धी आख्यान, वेदका दुई सम्प्रदाय इत्यादि विभिन्न विषयको चर्चा पुराणहरूमा विस्तृत रूपमा गरिएको छ। सम्भवतः लामो समयको अन्तरालमा राष्ट्रमा भएका विभिन्न घटना, युगगत प्रभाव, वैयक्तिक प्रमाद वा शिथिलता इत्यादि कारणले हुन सक्छ, पुराणहरूको सैद्धान्तिक अध्ययन-अध्यापन परम्परा धेरै समयदेखि विशृङ्खलित हुँदै आएको र वर्तमानमा लुप्तप्राय नै देखिन्छ। यसैले गर्दा हुन सक्छ विभिन्न पुराणका कुनै पनि आख्यान वा ऐतिहासिक विवरणमा परस्पर ठूलो भिन्नता रहेको पाइन्छ। यस्तो स्थितिमा विभिन्न पुराणलाई आधार मानेर कुनै एउटा मूल विषयको विवेचना गर्ने हो भने त्यसमा विभिन्न विसङ्गति उद्भावित हुन्छन्। त्यसैले युक्ति, तर्क र तारतम्यरहित कतिपय पौराणिक

१६७. सदेर्धातोर्विशरणगत्यवसादनार्थस्योपनिपूर्वस्य क्विप्प्रत्ययान्तस्य रूपमुपनिषदिति । .... तस्माद् विद्यायां मुख्यया वृत्त्योपनिषच्छब्दो वर्तते ग्रन्थे तु भक्त्या । -शङ्कराचार्य, कठोपनिषद् सम्बन्धभाष्य। द्र.- तैत्तिरीयोपनिषद्को सम्बन्धभाष्य पनि।

विषयहरूको विश्लेषणबाट एउटै निष्कर्षमा पुग्न अत्यन्त कठिन हुन्छ । यति हुँदाहुँदै पनि **'वेदको उपबृंहण** (अनुशीलन/व्याख्या-विश्लेषण) **इतिहास-पुराणबाट नै गर्नुपर्छ'**[१६८] भन्ने हाम्रो प्राचीन मान्यता रहेको र पुराणका कतिपय विषयहरू प्रमाणयुक्त तथा सङ्गतिमूलक पनि हुने भएकाले यहाँ पौराणिक उल्लेखलाई नै आधार मानी वेदको विभाजन, शाखाविस्तार र तत्सम्बद्ध विषयहरूको सङ्क्षिप्त चर्चा गरिएको छ । यहाँ वर्णन गरिएका कतिपय विषय प्रमाणमूलक, कतिपय मृग्यमूलक (अनुसन्धेय) र कतिपय काल्पनिक पनि हुन सक्छन्, त्यस्ता विषयहरूको उचित समाधान अनुसन्धाता विद्वान्हरूबाट नै हुनेछ।

पौराणिक उल्लेख र वेदका मध्यकालिक भाष्यकारहरूको भनाइअनुसार वर्तमानमा उपलब्ध ऋक्, यजुः, साम र अथर्वरूप चार वेद सृष्टिको आरम्भकालमा एउटै (यजुर्वेदका नामबाट एकै ठाउँमा सङ्कलित) थियो[१६९] । सत्ययुग, त्रेतायुग र द्वापरयुगको समाप्तिभन्दा केही पहिलासम्म ऋषिहरूमा एउटै वेदको अध्ययन र अध्यापनक्रम निरन्तर चलिरहेको थियो । द्वापरयुगको समाप्ति हुनुभन्दा केही वर्षपूर्व महर्षि पराशरका पुत्र कृष्णद्वैपायनले (व्यासले) भावी कलियुगमा हुन सक्ने मानिसहरूको बुद्धिक्षीणता, ज्ञानदुर्बलता, शक्तिहीनता र आयुःक्षीणतालाई आफ्नो दिव्यदृष्टिले विचार गरी ब्रह्मपरम्परादेखि श्रुतिरूपमा प्राप्त हुँदै आएको (गुरुले शिष्यलाई र शिष्यले प्रशिष्यलाई विधिपूर्वक सुनाउँदै/पढाउँदै आएको) एकात्मक वेदलाई ऋक्, यजुः, साम र अथर्व गरी चार भागमा विभक्त गरे ।[१७०]

६.१ विभाजनको आधार यज्ञ

यसरी विभाजन गर्दा वेदव्यासले मन्त्रको आशयअनुरूपका यज्ञक्रिया सम्पन्न गर्न पछिका पुस्तालाई सजिलो होस् भन्ने मुख्य उद्देश्य राखी मन्त्रको

---

१६८. इतिहासपुराणाभ्यां वेदं समुपबृंहयेत्। बिभेत्यल्पश्रुताद् वेदो मामयं प्रहरिष्यति ॥
-महाभारत, आदिपर्व, अध्याय १, श्लो.२६७-२६८ ।

१६९. एक एवासीद्यजुर्वेदस्तं चतुर्धा व्यकल्पयत्। चातुर्होत्रमभूत्तस्मिंस्तेन यज्ञमकल्पयत् ॥
-वायुपु. १.६०.१७, ब्रह्माण्डपु. अनुषङ्गपाद ३४.१७ ।

१७०. द्र.- भाग.१.४.१६-२०;१२.६.४४-४७, ५०। तत्रादौ ब्रह्मपरम्परया प्राप्तं वेदं वेदव्यासो मन्दमतीन् मनुष्यान् विचिन्त्य तत्कृपया चतुर्धा व्यस्य ऋग्यजुःसामाथर्वाख्यांश्चतुरो वेदान् पैल-वैशम्पायन-जैमिनि-सुमन्तुभ्यः क्रमादुपदिदेश ते च स्वशिष्येभ्यः। एवं परम्परया सहस्रशाखो वेदो जातः। तत्र व्यासशिष्यो वैशम्पायनो याज्ञवल्क्यादिभ्यः स्वशिष्येभ्यो यजुर्वेदमध्यापयत् । -महीधर, मा.सं. भाष्यारम्भ।
-पूर्वं भगवता व्यासेन जगदुपकारार्थमेकीभूयस्थिता वेदा व्यस्ताः शाखाश्च परिच्छिन्नाः । -भट्टभास्कर, तै.सं. १.१.१ को भाष्यारम्भ, पृ. ५ ।
-वेदं तावदेकं सन्तमतिमहत्त्वाद् दुरध्येयमनेकशाखाभेदेन समाम्नासिषुः। सुखग्रहणाय व्यासेन समाम्नातवन्तः । -दुर्गाचार्य, निरु. १.२०.२ ।

याज्ञिक उपयोगितालाई मुख्य आधार बनाएका थिए।[१७१] याज्ञिक उपयोगिता भनेर यहाँ के स्पष्ट गर्न खोजिएको हो भने वेदमा बताइएका अग्निष्टोम-सोमयाग जस्ता श्रौतयज्ञहरू चार गणमा विभक्त सोह्र ऋत्विक्[१७२] र तिनले गर्नुपर्ने भनी निश्चित गरिएका पृथक्-पृथक् कर्मद्वारा मात्र सम्पन्न हुन्छन्। तीमध्ये चार गणका **प्रमुख ऋत्विक्हरू होता, अध्वर्यु, उद्गाता र ब्रह्मा** हुन्छन्। यज्ञमा **होताले** ऋक्मन्त्रहरूको पाठ (शस्त्रपाठ) गर्दछन् भने उनका सहयोगी तीन ऋत्विक्ले यथोक्त सहयोग गर्दछन्। **अध्वर्युले** र उनका सहयोगी ऋत्विक्हरूले यजुर्मन्त्रको पाठद्वारा यज्ञका विभिन्न कर्म (इतिकर्तव्यता/इज्या) सम्पन्न गर्दछन् भने **उद्गाताले** र उनका सहयोगीले यज्ञमा यथोक्त सामगान (स्तुति/स्तोत्रपाठ) गर्दछन्। **ब्रह्मा** र उनका सहयोगीले यज्ञको निरीक्षण, अनुज्ञाप्रदान, सन्देह निराकरण, प्रायश्चित्तादि विधान (जातविद्या) सम्पन्न गर्दछन्।[१७३] यसप्रकार भिन्नभिन्न गणका प्रमुख चार ऋत्विक्द्वारा सम्पन्न गरिने यज्ञकर्म र ती कर्मसँग सम्बद्ध एकात्मक वेदका भिन्नभिन्न मन्त्रसमुदायलाई कृष्णद्वैपायनले (व्यासले) चार भागमा विभक्त गरी **हौत्रकर्म**-(होता नामक ऋत्विक्ले गर्ने कर्म -शस्त्र = ऋक्मन्त्रहरूको पाठ)सँग सम्बद्ध ऋक्/पद्यात्मक मन्त्रहरूको समुदायलाई **'ऋग्वेद'**, **आध्वर्यवकर्म**-(अध्वर्युले गर्ने कर्म -इज्या = यज्ञसम्बन्धी विभिन्न कर्म)सँग सम्बद्ध यजुः/गद्यात्मक मन्त्रहरूको समुदायलाई **'यजुर्वेद'**, **औद्गात्रकर्म**-(उद्गाताले गर्ने कर्म -स्तुति = साममन्त्रहरूको पाठ/गान) सँग सम्बद्ध साम/गेयात्मक मन्त्रहरूको समुदायलाई **'सामवेद'** र **ब्राह्मकर्म**-(ब्रह्मा नामका ऋत्विक्ले गर्ने कर्म - विघ्नशमन, त्रुटिपरिमार्जन, प्रायश्चित्तादि)सँग सम्बद्ध गद्य-पद्यात्मक (ऋक्-यजुःस्वरूपात्मक) प्रायः शान्तिक-पौष्टिक कर्मविधायक तथा अभिलषित फलप्रदायक मन्त्रहरूको समुदायलाई **'अथर्ववेद'** नाम दिएका हुन्।

माथिको विश्लेषणबाट कृष्णद्वैपायनले एकात्मक वेदलाई चार भागमा

---

१७१. चातुर्होत्रं कर्मशुद्धं प्रजानां वीक्ष्य वैदिकम्। व्यदधाद् यज्ञसन्तत्यै वेदमेकं चतुर्विधम्॥
ऋग्यजुःसामाथर्वाख्या वेदाश्चत्वार उद्धृताः।-भाग. १.४.१९-२०।
-एक आसीद् यजुर्वेदस्तं चतुर्धा व्यकल्पयत्। चातुर्होत्रमभूत् तस्मिँस्तेन यज्ञम् अकल्पयत्॥
आध्वर्यवं यजुर्भिस्तु ऋग्भिर्हौत्रं तथैव च। औद्गात्रं सामभिश्चक्रे ब्रह्मत्वं चाप्यथर्वभिः॥
-ब्रह्माण्डपु. अनुषङ्गपाद ३४.१७-१८। वायुपु. १.६०.१७-१८।

१७२. सोह्र ऋत्विक् यसप्रकार छन्—

ब्रह्मगण	उद्गातृगण	होतृगण	अध्वर्युगण
ब्रह्मा	उद्गाता	होता	अध्वर्यु
ब्राह्मणाच्छंसी	प्रस्तोता	मैत्रावरुण (प्रशास्ता)	प्रतिप्रस्थाता
पोता	प्रतिहर्ता	अच्छावाक	नेष्टा
आग्नीध्र	सुब्रह्मण्य	ग्रावस्तुत्	उन्नेता

-कात्यायनश्रौतसूत्र ७.१.७।

१७३. ऋग्यजुःसामाथर्वाख्यान् वेदान् पूर्वादिभिर्मुखैः।
शस्त्रमिज्यां स्तुतिस्तोमं प्रायश्चित्तं व्यधात् क्रमात्॥ -भाग. ३.१२.३७।

विभक्त गर्दा मन्त्रहरूको याज्ञिक उपयोगितालाई मुख्य आधार बनाएका थिए भन्ने स्पष्ट हुन्छ[१७४]। यसका साथै वेदव्यासले गरेको यसप्रकारको (याज्ञिक उपयोगितालाई आधार मानी गरिएको) विभाजन काल्पनिक नभएर श्रुतिवचनमा नै आधारित थियो भन्ने कुरा वेदकै निम्नलिखित ऋचाबाट पुष्टि हुन्छ।

ऋचां त्वः पोषमास्ते पुपुष्वान् गायत्रं त्वो गायति शक्वरीषु।
ब्रह्मा त्वो वदति जातविद्यां यज्ञस्य मात्रां विमिमीत उ त्वः॥ –ऋ.१०.७१.११।

प्रस्तुत ऋक्मन्त्रको निरुक्तकार यास्कले (नि.१.८.१) र भाष्यकार सायणले (वे.भा.भू., पृ. १३) यज्ञपरक व्याख्या गरेका छन्। अर्थात् निरुक्तकार यास्क र सायणको उल्लेखअनुसार यस मन्त्रले यज्ञमा ऋत्विक्हरूले गर्ने कर्मको विनियोग बताएको छ– **"इति ऋत्विक्कर्मणां विनियोगमाचष्टे"**। मन्त्रमा प्रयोग भएका चारवटा **'त्व'**शब्द ऋक्, साम, अथर्व र यजुर्वेदसँग सम्बद्ध क्रमशः होता, उद्गाता, ब्रह्मा र अध्वर्युनामक चार ऋत्विक्का विशेषण हुन् र यिनी **'एक'** शब्दका पर्यायवाची बनेर यहाँ प्रयोग भएका छन्। अतः यास्क र सायणका अनुसार मन्त्रको अर्थ यस्तो हुन्छ–

त्वः = **'होता'** नामको एक ऋत्विक् (यज्ञानुष्ठानको समयमा) **ऋचां** = (आफूसँग सम्बद्ध ऋग्वेदका) ऋचाहरूको [पाठद्वारा (शस्त्रपाठद्वारा)] **पोषं पुपुष्वान्**= (यज्ञकर्मको) पोषण गर्दै, **आस्ते** = बस्तछ। **त्वः** = **'उद्गाता'** नामको (सामवेदसँग सम्बद्ध) एक ऋत्विक्, **शक्वरीषु** = शक्वरी शब्दद्वारा बुझिने ऋचाहरूमा, **गायत्रं** = 'गायत्र'नामक साम (स्तोत्र), **गायति** = गाउँदछ। **त्वः** = **'ब्रह्मा'** नामको (चारै वेदको ज्ञाता) एक ऋत्विक्, **जातविद्यां** = जातविद्या (यज्ञानुष्ठान गर्दा विभिन्न समयमा उत्पन्न हुनसक्ने त्रुटिहरूको परिमार्जनका लागि प्रायश्चित्तादि विधान, अनुज्ञा इत्यादि), **वदति** = बोल्छ (कुनै कारणले यज्ञमा वैकल्य देखिएमा ऋत्विक्-यजमानहरूलाई यथोचित निर्देश गर्दछ)। **त्वः** = **'अध्वर्यु'** नामको (यजुर्वेदसँग सम्बद्ध)[१७५] अर्को ऋत्विक्, **यज्ञस्य मात्रां** = यज्ञको स्वरूप, **विमिमीते** = विशेष प्रकारले निष्पादन गर्दछ (यज्ञका विभिन्न काम सम्पन्न गर्दछ)।

६.२ वर्तमान विभाजन अट्ठाइसौं

केही वैदिक ग्रन्थ र अधिकांश पौराणिक ग्रन्थमा उल्लेख भएअनुसार वेद प्रत्येक कल्पको[१७६] आदिमा पूर्वकल्पको स्मरणका आधारमा ब्रह्माजीबाट[१७७] तथा

१७४. अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम्। दुदोह यज्ञसिद्ध्यर्थमृग्यजुःसामलक्षणम्॥
-मनु.१.२३।

१७५. अध्वर्युः कर्मसु वेदयोगात् -का.श्रौ.१.८.२९।

१७६. ब्रह्माजीको एक दिनलाई कल्प भनिन्छ। एक कल्पमा १,२०,००,००० दिव्यवर्ष हुन्छन् भने मानुषवर्ष चाहिँ ४,३२,००,००,००० हुन्छन्।

१७७. सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत्। दिवं च पृथिवीं चाऽन्तरिक्षमथो स्वः॥
-ऋ.१०.१९०.३।

मन्वन्तरका[१७८] आदिमा र महायुगका[१७९] आदिमा समेत विभिन्न ऋषिहरूबाट प्रचारित र विभाजित हुन्छन्[१८०] । पौराणिक ग्रन्थमा उल्लेख भएअनुसार कृष्णद्वैपायनले (वेदव्यासले) गरेको वैदिक शब्दराशिको यो विभाजन अट्ठाइसौं हो[१८१] । यसअघि कल्पारम्भदेखि वर्तमान महायुगको (चतुर्युगीको) आरम्भसम्म स्वयम्भू (स्वायम्भुव), प्रजापति, उशना, बृहस्पतिलगायतका सत्ताइस वेदव्यासले सत्ताइस द्वापरयुगमा सत्ताइसपटक वेदको विभाजन गरेका थिए[१८२] । वेदको व्यास (विस्तार) अर्थात्

- तस्मै नूनमभिद्यवे वाचा विरूपनित्यया। वृष्णे चोदस्व सुष्टुतिम् ॥ -ऋ. ८.७५.६ ।
- यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदाँश्च प्रहिणोति तस्मै।
  तं ह देवमात्मबुद्धिप्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये ॥ -श्वेताश्व.उ. ६.१८ ।
- अनादिनिधना नित्या वागुत्सृष्टा स्वयम्भुवा। ऋषीणां नामधेयानि याश्च वेदेषु सृष्टयः ॥
  नानारूपं च भूतानां कर्मणां च प्रवर्तनम्। वेदशब्देभ्य एवादौ निर्मिमीते स ईश्वरः ॥
  -महा. शान्ति. २३२.२५-२६ ।
- अनादिनिधना दिव्या वागुत्सृष्टा स्वयम्भुवा। आदौ वेदमयी भूता यतः सर्वाः प्रवृत्तयः ॥
  -कूर्मपु. १.२.२७ ।
- कल्पेषु वेदाश्च पुनःपुनरावर्तकाः स्मृताः। मन्त्राश्चैव तथा देवि मुक्त्वा तु शतरुद्रियम् ॥
  -स्कन्दपु. प्रभासखण्ड १.४.४१ ।
- प्राजापत्या श्रुतिर्नित्या तद्विकल्पास्त्विमे स्मृताः। अनित्यभावाद् देवानां मन्त्रोत्पत्ति पुनः पुनः ॥
  -वायुपु. १.६१.७५ ।

१७८. मन्वन्तर भनेको एक मनुको प्रजापालनको काल हो। यो अवधि ३०,६७,२०,००० मानुषवर्षको हुन्छ।

१७९. सत्य (१७,२८,०००), त्रेता (१२,९६,०००), द्वापर (८,६४,०००) र कलियुगको (४,३२,०००) समय जोड्दा एक महायुग बन्दछ। यसलाई चतुर्युगी वा दिव्ययुग पनि भनिन्छ। यसको अवधि ४३,२०,००० मानुषवर्षको हुन्छ।

१८०. सर्वमन्वन्तरेष्वेवं शाखाभेदाः समाश्रिताः। प्राजापत्या श्रुतिर्नित्या तद्विकल्पास्त्विमे मताः ॥
-विष्णुपु. ३.६.३२ । द्र.- ब्रह्माण्डपु. २.३५.८४ ।
-ऋषीणां तप्यतामुग्रं तपः परमदुश्चरम्। मन्त्राः प्रादुर्बभूवुर्हि पूर्वमन्वन्तरेष्विह ॥
-वायुपु. ५९.६०-६१ । द्र.- मत्स्यपु. १४५.६२ ।
-तथैव वेदशास्त्राणि लोकधर्मांश्च शाश्वतान्। प्रलयं प्रकृतिं प्राप्य युगादौ सृजते पुनः ॥
-महा. शान्ति. २१०.१६ ।

१८१. पौराणिक मान्यताअनुसार सत्य, त्रेता, द्वापर र कलियुग गरी चारै युगको समयावधि मिलाउँदा (जोड्दा) एक महायुग वा चतुर्युगी हुन्छ। यस्ता ७१ महायुग (चतुर्युगी) मिलाउँदा एक मन्वन्तर हुन्छ। कल्पारम्भदेखि वर्तमान महायुगको आरम्भसम्म यस्ता ६ वटा मन्वन्तर र २७ महायुग व्यतीत भइसके। वर्तमानमा अट्ठाइसौं महायुगका पनि सत्य, त्रेता, द्वापर तीन युग व्यतीत भई कलियुगको प्रथम चरण चल्दैछ। यस्ता प्रत्येक चतुर्युगीका बीचमा द्वापरयुगको समाप्तिभन्दा केही पहिला विशिष्ट तपले सम्पन्न महर्षिद्वारा एकात्मक वेदलाई चार भागमा विभाजन गरिन्छ भन्ने पौराणिक मान्यता रहीआएको छ (द्र.- भाग. १२.६.४६-४७, ४९-५०)।

१८२. अष्टाविंशतिकृत्वो वै वेदा व्यस्ता महर्षिभिः । वैवस्वतेऽन्तरे ह्यस्मिन् द्वापरेषु पुनः पुनः ॥ वेदव्यासा व्यतीता ये अष्टाविंशतिसत्तमाः । चतुर्धा वै कृतो वेदो द्वापरेषु पुनः पुनः ॥ द्वापरे प्रथमं व्यस्ताः स्वयं वेदाः स्वयम्भुवा। द्वितीये द्वापरे चैव वेदव्यासः प्रजापतिः ॥ .... अष्टाविंशतिरित्येते वेदव्यासाः पुरातनाः -विष्णुपु. ३.३.९-१९ । द्र.- देवीभागवत १.३.२६-३३;

विभाजन गरेका कारण उनीहरू 'वेदव्यास' नामले चिनिएका हुन्[१८३] । वेदको यस्तो विभाजन कलियुगका लागि मात्र हुने गर्दछ र कलियुगको समाप्तिसँगै विभाजनको महत्त्व पनि समाप्त हुन्छ। अर्थात् पुनः सत्ययुग प्रारम्भ भएपछि ऋषिहरूद्वारा वेदको पूर्ववत् स्मरण भई एकात्मक वेदको अस्तित्व कायम हुन्छ।[१८४]

६.३ वेदको विभाजन काल्पनिक? (सर्गारम्भदेखि नै वेद विभक्त थिए)

यसप्रकार वेदका प्राचीन भाष्यकार, सुदीर्घकालिक पौराणिक परम्परा र त्यसका अनुयायी धेरै विद्वान्हरूमा 'वेदव्यासले नै एकात्मक वेदलाई चार भागमा विभक्त गरेका हुन्' भन्ने मान्यता रहीआए पनि वेदव्यासरचित भनिएका पुराणहरूलाई कपोलकल्पित र झूटा मान्ने आर्यसमाजका संस्थापक स्वामी दयानन्दले[१८५] भने उक्त मान्यताको खण्डन यसरी गरेका छन्—

"...जो कोई यह कहते हैं कि वेदों को व्यास जी ने इकट्ठे किये यह बात झूठी है क्योंकि व्यास जी के पिता, पितामह, प्रपितामह, पराशर, शक्ति, वसिष्ठ और ब्रह्मा आदि ने भी चारों वेद पढे थे।" (सत्यार्थप्र. २३७ पृ.)

दयानन्दको यो मत सबै विद्वान्का लागि मान्य नभए पनि यसलाई तथ्यहीन विचार मान्न अवश्य सकिँदैन । प्रसिद्ध इतिहासकार पं. भगवद्दत्तले वैदिक वाङ्मयका विभिन्न वचन र प्राचीन इतिहासका उद्धरण प्रस्तुत गर्दै वेदव्यासपूर्व पनि वेद एकभन्दा अधिक थिए भन्ने प्रमाण दिएर निष्कर्षमा सर्गारम्भदेखि नै चतुष्पादात्मक वेदको (चार वेदको) अस्तित्व रहेको कुरा सिद्ध गरेका छन्[१८६] ।

वायुपु. २३.११४-२२६; वै.वा.इ. भाग १, पृ. १६१ इ.।

१८३. विव्यास वेदान् यस्मात् स तस्माद् व्यास इति स्मृतः। -महा. आदि. ६३.८८ [विव्यास शाखाभेदेन विस्तारितवान्। अतो व्यास इति तस्य नामेत्यर्थः -नीलकण्ठटीका]। द्र.- वै.वा.इ. ३, पृ. ७२।

१८४. चतुर्युगान्ते वेदानां जायते किल विप्लवः। प्रवर्तयन्ति तानेत्य भुवि सप्तर्षयो दिवः॥
-विष्णुपु. ३.२.४४।
-युगान्तेऽन्तर्हितान् वेदान् सेतिहासान् महर्षयः। लेभिरे तपसा पूर्वमनुज्ञाताः स्वयम्भुवा॥
-महा. शान्ति. २१०.१९।

१८५. दयानन्दको विचारमा वर्तमानमा प्रसिद्ध भागवतआदि १८ पुराण वेदव्यासले रचना गरेकै होइनन्। यी कुनै सम्प्रदायी व्यक्तिहरूले बनाएका कपोलकल्पित ग्रन्थमात्र हुन्। अतः हामीले वेदव्यासरचित भनेर बुझ्दै र मान्दै आएका पुराणहरू अप्रामाणिक र झूटा हुन्। उनका विचारमा इतिहास, पुराण भनेका महाभारत, भागवत आदि नभएर ऐतरेय, शतपथ, गोपथ इत्यादि ब्राह्मणग्रन्थभित्रका निश्चित भाग नै इतिहास, पुराण, कल्प, गाथा र नाराशंसी हुन् (द्र.- स.प्र., ११ समु., पृ. २३६-२३७ र ऋग्वे.भा.भू., पृ. ९८-१०३)।

१८६. द्र.- वै.वा.इ. प्रथम भाग, पृ. १४६-१५३। भगवद्दत्तको भनाइअनुसार वेदव्यासले वेदको चार विभाग गरेका होइनन् किन्तु उनले वेदका विभिन्न पाठान्तरलाई (पाठभेदलाई) एकत्रित गरी वेदका शाखा निर्माण गरेका हुन्। यसरी पाठान्तरको सङ्कलनबाट शाखानिर्माण गरेपछि उनले

यसका साथै उनले चार वेद जान्नाले नै 'ब्रह्मा' हुने र यस्ता ब्रह्मा अर्थात् ब्रह्मा नामका ऋषि आदिसृष्टिदेखि नै अनेक भइसके भन्ने कुरा उल्लेख गर्दै कृष्णद्वैपायन व्यासको आनुवंशिक सम्बन्ध कृतयुगका (सत्ययुगका) ब्रह्मासँग जोडेका छन्[१८७]। उनले दिएका प्रमाणअनुसार कृतयुगका आरम्भमा प्रसिद्ध **ब्रह्माका** (जसको वास्तविक नाम अज्ञात छ) पुत्र **मैत्रावरुण वसिष्ठ,** वसिष्ठका पुत्र **शक्ति,** शक्तिका पुत्र **पराशर** र पराशरका पुत्र (दाशराजकी कन्या मत्स्यगन्धा, योजनगन्धा वा सत्यवतीका पुत्र) **कृष्णद्वैपायन** हुन्। यसरी पं. भगवद्दत्तले आफ्नो ग्रन्थमा गरेको विश्लेषणबाट दयानन्दको भनाइ तथ्यहीन नभएको कुरा सिद्ध हुनुका साथै वेदको अनादित्वसमेत स्थापित हुन्छ। वस्तुतः हाम्रो सनातन परम्पराले चारै वेदलाई अनादि, अपौरुषेय मान्दै आएको छ र यसलाई पुष्टि गर्ने कतिपय प्रमाणहरू वैदिक वाङ्मयमा नै उपलब्ध हुन्छन्। उदाहरणका लागि वैदिक वाङ्मयका विभिन्न स्थलमा चारै वेदका वाचक बहुवचनान्त पद **'वेदाः'**को प्रयोग हुनु[१८८] र कल्पका आदिमा नै ब्रह्मालाई वेदहरू प्राप्त भएको कुरा उपनिषद्मा उल्लेख हुनुले[१८९] वेदव्यासपूर्व मात्र नभएर कल्पका आदिमा नै वेद एकभन्दा अधिक थिए भन्ने पुष्टि हुन्छ। यसैगरी अथर्ववेदसंहिताका विभिन्न स्थलमा कहीं दुई वेदका[१९०], कहीं तीन वेदका[१९१] र कहीं चार वेदका नाम प्राप्त हुनु[१९२]; वैदिक संहिताहरूमा नै त्रिविध मन्त्र वा मन्त्रत्रयात्मक चार वेदको

ब्राह्मणग्रन्थका सामग्रीलाई पनि निश्चित क्रम दिएर तत्तत् शाखानुकूल विभाग गरेका हुन्। केही व्यक्तिले ब्राह्मणलाई पनि वेद भन्ने गरेकाले वेदव्यासले गरेको ब्राह्मणको विभाजनलाई लिएर वेदव्यासले वेदको विभाजन गरेको प्रचार उनीहरूले (ब्राह्मणग्रन्थलाई वेद मान्नेहरूले) गरेका हुन्। अर्थात् वेदव्यासले पाठान्तरको सङ्कलन गरी शाखानिर्माण र तिनै शाखानुकूलका वैदिक कर्मकाण्डसम्बद्ध ब्राह्मणग्रन्थको विभाग गरेका हुन् भन्ने निष्कर्ष भगवद्दत्तले दिएका छन् (ऐ., पृ. १५३)।

१८७. द्र.- वै.वा.इ. प्रथम भाग, पृ. १५०, १६६-१६७। तु.- मुण्डकोपनिषद्मा (१.१.१-३) उक्त आदिसृष्टिका ब्रह्माको वंश, ऐ., पृ. १५०।

१८८. यस्मिन् वेदा निहिता विश्वरूपाः -अ.सं. ४.३५.६ (वेदाः ऋग्यजुःसामाद्याः -सा.भा.)। ब्रह्म प्रजापतिर्धाता लोका वेदाः सप्त ऋषयोऽग्नयः -अ.सं. १९.९.१२ (वेदाः साङ्गाश्चत्वारः -सा.भा.)। वेदेभ्यः स्वाहा -तै.सं. ७.५.११.२। ब्रह्म ह वै ब्रह्माणं पुष्करे ससृजे। स ...सर्वांश्च वेदान् -गो.ब्रा. १.१.१६।

१८९. यो ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै -श्वेताश्व.उ. ६.१८। पूर्वं कल्पादौ सृजति तस्मै ब्रह्मणे प्रहिणोति = गमयति तस्य बुद्धौ वेदानाविर्भावयति -वेदान्तसूत्र १.३.३० शाङ्करभाष्यका व्याख्याता श्रीगोविन्द। विपूर्वो दधाति करोतीत्यर्थः, पूर्वं कल्पादौ प्रहिणोति ददाति -ऐ., आनन्दगिरीय व्याख्या।

१९०. **ऋचं साम यजामहे** -अ.सं. ७.५४.१।

१९१. **ऋचं साम यदप्राक्षं हविरोजो यजुर्बलम्** -ऐ. ७.५४.२, द्र.- १२.१.३८ पनि।

१९२. यस्माद् **ऋचो** अपातक्षन् यजुर्यस्मादपाकषन्।
सामानि यस्य लोमानि-अथर्वाङ्गिरसो मुखम् -ऐ. १०.७.२०, द्र.- १५.६.८ पनि।

आविर्भावबारे चर्चा भेटिनु[१९३] तथा ब्राह्मणग्रन्थ[१९४] र उपनिषद्हरूमा[१९५] समेत चारै वेदको नाम प्राप्त हुनुले अनादिकालदेखि नै वेद चारवटै भएको बुझिन्छ। त्यसैले चार वेदको अनादित्व वा पौर्वापर्य भङ्ग हुने गरी वर्णन गरिएका पौराणिक प्रसङ्गलाई प्रमुख आधार मान्न उपयुक्त देखिँदैन। यस विषयमा विस्तृत विवेचना गरी ठोस निष्कर्षमा पुग्नु वैदिक विद्वान्हरूको दायित्व हुँदाहुँदै पनि उनीहरूले त्यसो नगरी पौराणिक परम्परालाई नै बढी मान्यता दिएजस्तो देखिनु चिन्तनीय विषय हो।

७. वेदका शाखा

वेदका शाखासम्बन्धी विवरण पौराणिक ग्रन्थ[१९६], प्रत्येक वेदका आ-आफ्ना चरणव्यूह-परिशिष्टादि ग्रन्थ[१९७] र कतिपय उपनिषद्हरूमा समेत उपलब्ध हुन्छ[१९८]।

१९३. तस्माद्यज्ञात्सर्वहुत ऋचः सामानि जज्ञिरे। छन्दांसि जज्ञिरे तस्माद्यजुस्तस्मादजायत॥ -ऋ. १०.९०.९, मा.सं. ३१.७, अ.सं. १९.६.१३, तै.आ. ३.१२.४। ऋग्भ्यः स्वाहा यजुर्भ्यः स्वाहा सामभ्यः स्वाहाऽङ्गिरोभ्यः स्वाहा -तै.सं. ७.५.११.२।

१९४. ऋचां प्राची महती दिगुच्यते, यजुषां दक्षिणा, साम्नामुदीची, अथर्वाङ्गिरसां प्रतीची -तै.ब्रा. ३.१२.९.१ । प्रजापतिर्यज्ञमतनुत, स ऋचैव हौत्रमकरोद् यजुषाध्वर्यवं साम्नौद्गात्रम् अथर्वाङ्गिरोभिर्ब्रह्मत्वम्....स वा एष त्रिभिर्वेदैर्यज्ञस्यान्यतरः पक्षः संस्क्रियते, मनसैव ब्रह्मा यज्ञस्यान्यतरं पक्षं संस्करोति -गो.ब्रा. १.३.२ । अथ ह प्रजापतिः सोमेन यक्ष्यमाणो वेदानुवाच– कं वो होतारं वृणीयां, कमध्वर्युं, कमुद्गातारं, कं ब्रह्माणमिति । ते ऊचुः– ऋग्विदमेव होतारं वृणीष्व, यजुर्विदमध्वर्युं, सामविदमुद्गातारम्, अथर्वाङ्गिरोविदं ब्रह्माणम् -गो.ब्रा. १.२.२४। एवं वा अरेऽस्य महतो भूतस्य निश्वसितमेतद् यदृग्वेदो यजुर्वेदः सामवेदोऽथर्वाङ्गिरसः -श.ब्रा. १४.५.४.१०, का.बृ.उ. ४.५.१२।

१९५. ऋग्वेदं भगवोऽध्येमि यजुर्वेदं सामवेदमाथर्वणं चतुर्थम् -छां.उ. ७.१.२ र ४ पनि द्र. । ऋग्वेदादिविभागेन वेदाश्चत्वार उद्धृताः। तेषां शाखा ह्यनेकाः स्युस्तासूपनिषदस्तथा॥ -मुक्ति.उ. १.११ । तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः -मुं.उ. १.१.५ । तस्य यजुरेव शिरः, ऋग्दक्षिणः पक्षः, सामोत्तरः पक्षः, आदेश आत्मा, अथर्वाङ्गिरसः पुच्छं प्रतिष्ठा -तै.उ. २.३.१। ऋग्यजुःसामाथर्वाणश्चत्वारो वेदाः साङ्गाः सशाखाश्चत्वारः पादा भवन्ति -नृ.पू.ता.उ. १.२। द्र.- 'तेभ्यस्तप्तेभ्यस्त्रयो वेदा अजायन्त, अग्नेर्ऋग्वेदो वायोर्यजुर्वेदः सूर्यात् सामवेदः' (श.ब्रा. ११.५.८.३ तु.- ऐ.ब्रा. २५.७), 'अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम्' (मनु. १.२३) इत्यादि वचनका आधारमा दयानन्दले सिद्ध गरेको वेदको अनादित्व (ऋग्वे.भा.भू. 'वेदोत्पत्तिविषयः' पृ. १९, २२–२३; स.प्र., पृ. १४४, १४६, २३७)।

१९६. द्र.- श्रीमद्भागवत (१२.६.५४–८०, १२.७.१-४), वायुपुराण (१.६०.२४–३२, ६३–६६; १.६१.१–१०, २४–५४), विष्णुपुराण (३.४.१६–२६; ३.५.१-२, २७-२९; ३.६.१-१४), ब्रह्माण्डपुराणको अनुषङ्गपाद ३४.१३-१५, २४–३२; ३५.१–१३, २८–६१) इत्यादि।

१९७. द्र.- शौनक, कात्यायन र कौशिककृत चरणव्यूहपरिशिष्टहरू।

१९८. एकविंशतिशाखायामृग्वेदः परिकीर्तितः। शतं च नवशाखासु यजुषामेव जन्मनाम्॥ साम्नः सहस्रशाखाः स्युः पञ्चशाखा अथर्वणः॥-सीतोपनिषद् २४-२५ पद्य। ऋग्वेदस्य तु शाखाः स्युरेकविंशतिसङ्ख्यका। नवाधिकशतं शाखा यजुषो मारुतात्मज॥

यस्ता विभिन्न ग्रन्थमा वेदका शाखाहरूको सङ्ख्या र नामका विषयमा समेत विविधता रहेको देखिन्छ। वर्तमानमा वेदका सबै शाखा र तत्सम्बद्ध ग्रन्थहरू उपलब्ध नभएकाले वास्तवमा वेदका शाखाहरूको सङ्ख्या यति नै थियो र वास्तविक नाम यही नै थियो भनेर सिद्ध गर्ने स्पष्ट आधार हामीसँग छैन । यस्तो स्थिति हुँदाहुँदै पनि हाम्रो परम्परागत मान्यता र केही उपलब्ध ग्रन्थहरूको उल्लेखलाई आधार मान्दा वेदका शाखाहरूको सङ्ख्या मूलतः ११३१ रहेको बुझिन्छ। यीमध्ये कतिपय शाखाहरूको नाममा विविधता र अस्पष्टता रहे पनि कुल सङ्ख्यामा चाहिँ विद्वान्हरूले पाणिनीय व्याकरणका महाभाष्यकार पतञ्जलि मुनिको उल्लेखलाई मुख्य आधार मान्ने गरेको देखिन्छ। उनले आफ्नो महाभाष्यमा ऋग्वेदका २१ शाखा, यजुर्वेदका १०१ शाखा, सामवेदका १००० शाखा र अथर्ववेदका ९ शाखा गरी जम्मा ११३१ शाखा भएको कुरा उल्लेख गरेका छन्[१९९] ।

७.१ शाखा शब्दको अर्थ

वेदका शाखाबोधक 'शाखा'शब्द व्याप्त्यर्थक **'शाखृ'** धातुबाट निष्पन्न गर्न सकिन्छ। निरुक्तकार यास्कले भने शयनार्थक **'शीङ्'** धातु वा सामर्थ्यबोधक **'शक्लृ'** धातुबाट 'शाखा'शब्द निष्पन्न भएको मान्दछन्[२००] । उनको आशयअनुसार 'आकाशमा सुत्ने वा फैलिने शील (स्वभाव) जसको छ ती शाखा हुन्'[२०१] भन्ने **पहिलो निर्वचन** हुन सक्छ भने **दोस्रो निर्वचन** 'अन्तरिक्षमा फैलिएका हस्तरूप शाखाले वृक्षको मूलबाट आफ्नो आहार ग्रहण गर्ने सामर्थ्य राख्ने (वृक्षका अवयव) शाखा हुन्'[२०२] भन्ने हुन सक्छ । यसप्रकार यास्कले गरेका दुवै निर्वचन वृक्षका अवयवरूप शाखाको (हाँगाको) स्थितिमा लक्षित भएका देखिन्छन्। अतः यास्कले गरेको निर्वचनअनुसारको **'शाखा'** शब्दबाट हामीले प्रयोग गर्दै र बुझ्दै आएको परम्परागत रूपमा भिन्न तर एउटै वेदअन्तर्गतको मन्त्र, ब्राह्मण (आरण्यक र उपनिषद्समेत), कल्पसूत्र इत्यादिले युक्त वाङ्मय बुझिंदैन । अर्थात् यास्कले गरेको 'शाखा' शब्दको निर्वचन वृक्षका हाँगामा लक्षित भएकाले त्यसले परम्परागत रूपमा मन्त्रब्राह्मणात्मक वेद र कल्पसूत्रादि वाङ्मयका लागि प्रयोग हुँदै आएको 'शाखा' शब्दलाई बुझाउन सक्तैन । त्यसैले व्याप्त्यर्थक पाणिनीय धातुलाई नै आधार मानेर **'धर्मोत्पादक समग्र क्रियालाई ढाक्न वा आफूमा अन्तर्भूत गराउन सक्ने**

सहस्रसङ्ख्यया जाताः शाखाः साम्नः परन्तप । अथर्वणस्य शाखाः स्युः पञ्चाशद् भेदतो हरे ॥-मुक्तिकोपनिषद् १.१२-१३।

१९९. चत्वारो वेदाः साङ्गाः सरहस्या बहुधा भिन्ना एकशतमध्वर्युशाखाः सहस्रवर्त्मा सामवेद एकविंशतिधा बाह्वृच्यं नवधाऽऽथर्वणो वेदः -व्या.म.भा. १.१.१।

२००. शाखा खशयाः, शक्नोतेर्वा। -नि. १.१४.१९।

२०१. खे = आकाशे, शयनं = प्रसरणं (विस्तारः) शीलं यासां ताः शाखाः। -वे.पर्या., पृ. १२।

२०२. अन्तरिक्षे वर्तमाना हस्तरूपाः शाखा वृक्षमूलात् स्वाहारं गृह्णन्तीति शाखाः।

वैदिक शब्दराशि वा वाङ्मय नै शाखा हो'[२०३] भन्ने निर्वचन गरेमा 'शाखा' शब्दले वेदको स्वरूपअनुकूलको भाव प्रकट गर्न सक्तछ।

७.२ शाखाहरूको विस्तार (पौराणिक परम्पराअनुसार)

पौराणिक उल्लेखअनुसार महर्षि कृष्णद्वैपायनले (वेदव्यासले) वेदलाई चार भागमा विभक्त गरेपछि ती वेद क्रमशः चार शिष्यलाई पढाए। तीमध्ये 'पैल' नामका शिष्यलाई ऋग्वेद, वैशम्पायनलाई यजुर्वेद, जैमिनिलाई सामवेद र सुमन्तुलाई अथर्ववेद पढाए।[२०४] श्रीमद्भागवतपुराणअनुसार वेदको यो विभाजन पनि कालान्तरमा मानवको धारणाशक्ति, बुद्धि आदिमा ह्रास आउन थालेपछि दुर्ग्राह्य हुँदै गयो। त्यसपछि व्यासका शिष्य पैल, वैशम्पायन, जैमिनि र सुमन्तुले आफ्ना शिष्यहरूलाई र तिनीहरूले पनि पुनः आफ्ना शिष्यहरूलाई प्रत्येक वेद भिन्नभिन्न शाखामा विभक्त गरेर पढाए।[२०५] यसप्रकार श्रीमद्भागवत (१२.६.५४-८०, १२.७.१-४), वायुपुराण (१.६०.२४-३२, ६३-६६; १.६१.१-१०, २४-५४), विष्णुपुराण (३.४.१६-२६; ३.५.१-२, २७-२९; ३.६.१-१४), ब्रह्माण्डपुराणको अनुषङ्गपाद ३४.१३-१५, २४-३२; ३५.१-१३, २८-६१) इत्यादि पौराणिक ग्रन्थमा उल्लेख भएअनुसार वेदव्यासका चार शिष्यमध्ये **पैलले** इन्द्रप्रमिति, बाष्कलि नामका दुई शिष्यलाई; **वैशम्पायनले** चरक र याज्ञवल्क्यलाई, **जैमिनिले** सुमन्तुलाई र अथर्ववेदवित् **सुमन्तुले** कबन्धलाई वेदव्यासबाट अध्ययन गरेका आ-आफ्ना मन्त्रसंहिता (वेद) पढाए र **इन्द्रप्रमितिलगायतका उनीहरूका शिष्यले पनि आ-आफ्ना शिष्यलाई आ-आफ्ना वेद पढाउँदै गए**। यस्तो अध्ययन-अध्यापनको क्रम धेरै कालसम्म चल्दै जाँदा चारै वेदका विभिन्न शाखाहरूको आविर्भाव भयो भन्ने बुझिन्छ।

यसप्रकार पौराणिक परम्पराअनुसार द्वापरयुगको समाप्ति हुनुभन्दा केही पहिला अर्थात् कृष्णद्वैपायन नामक वेदव्यासको कालसम्म वेद एउटै थियो। उनले यसलाई चार भागमा विभक्त गरे र आफ्ना चार शिष्यलाई एक-एक वेद पढाए। वेदव्यासका चार शिष्यले पनि आफ्ना विभिन्न शिष्यलाई र उनीहरूले पनि आफ्ना शिष्यहरूलाई आ-आफ्ना वेद अध्यापन गर्दै जाँदा एउटै वेदका विभिन्न शाखा उत्पन्न भए। यहाँ विचारणीय कुरा के छ भने हाम्रो सनातन परम्परामा आ-आफ्ना शाखासहितका चारै वेद अनादिपरम्परासिद्ध अर्थात् अपौरुषेय मानिन्छन् तर **पौराणिक परम्परालाई आधार बनाएर विश्लेषण गर्ने हो भने वेदका शाखा चार वेदजस्तै अनादि हुन् भन्न नमिल्ने देखिन्छ**। किनकि वेदका शाखाहरू पाठभेद,

२०३. शाखति व्याप्नोति धर्मोत्पादिकां क्रियां सा वेदवाणी शाखा।-वे.पर्या., पृ. १२।

२०४. द्र.- भाग. १.४.२१-२२; १२.६.५०-५३।

२०५. त एत ऋषयो वेदं स्वं स्वं व्यस्यन्ननेकधा।
शिष्यैः प्रशिष्यैस्तच्छिष्यैर्वेदास्ते शाखिनोऽभवन्॥ -भाग. १.४.२३।

उच्चारणभेद इत्यादि कारणबाट विस्तारित हुँदै गएका हुन् भन्ने कुरा सबैले स्वीकार गरेकै छन् तर 'अनादिपरम्परासिद्ध आर्षपाठमा (वेदमन्त्रमा) विपरिणाम ल्याउँदा (परिवर्तन गर्दा) त्यस्तो परिवर्तित अंश वा मन्त्रमा मानुषत्व रहन जाने भएकाले अर्थात् मन्त्र **पौरुषेय हुने भएकाले** त्यसो गर्न हुँदैन'[२०६] भन्ने माध्यन्दिन-शतपथब्राह्मणको वचनलाई आधार मान्ने हो भने आर्षपाठमा पाठान्तर पैदा भएर विस्तारित हुँदै आएका वेदका शाखालाई अनादि र अपौरुषेय भन्न मिल्दैन। अर्को कुरा वेदव्यासले आफ्ना शिष्यलाई चार वेद पढाउने बेलासम्म ऋगादि चार वेदका विभिन्न शाखा भएका वा वेदव्यासले आफ्ना चार शिष्यलाई शाखासहितका चार वेद पढाएका थिए भन्ने स्पष्ट उल्लेख पनि पुराणमा पाइँदैन[२०७] । त्यसैले वेदव्यासले पढाएका चार संहिता (वेद) मूलवेद र उनका शिष्यपरम्परामा विभिन्न कारणले विभिन्न स्वरूप र शाखामा विभक्त हुँदै गएका संहिता-(वेद)मात्र शाखा हुन् कि जस्तो बुझिन्छ[२०८] । हाम्रो सनातन परम्परा धेरै लामो समयदेखि चल्दै आएको र यसले विभिन्न कालखण्डमा विभिन्न आरोह-अवरोहसमेत भोग्नुपर्ने परिस्थिति सिर्जना भएकाले हाम्रो मूल विषय वा परम्परामा कहीं न कहीं उथलपुथल आएको अनुमान गर्न सकिन्छ। जेसुकै भए पनि लामो कालखण्डका विभिन्न घटना, परिस्थिति र परिवर्तनका कारण वर्तमानमा उपलब्ध वेदशाखामध्ये कुन शाखा वेदव्यासले नै पढाएका मूलवेद हुन् र कुन चाहिं उनका शिष्यले पढाएका शाखासंहिता (वेद) हुन् भनेर केलाउने स्पष्ट आधार हामीसँग छैन।

७.३ शाखाहरूको पारस्परिक निरपेक्षता

हाम्रो सनातन परम्परामा प्रत्येक वेदका सबै शाखालाई पूर्णवेद मान्ने र

२०६. तदु हैकेऽन्वाहुः, 'होता यो विश्ववेदसः' इति। नेद् अरमित्यात्मानं ब्रवाणीति। तदु तथा न ब्रूयाद्। मानुषं ह ते यज्ञे कुर्वन्ति, व्यृद्धं वै तद् यज्ञस्य यन्मानुषम्; नेद् व्यृद्धं यज्ञे करवाणीति। तस्माद्यथैवर्चाऽनूक्तमेवमेवानुब्रूयाद्- 'होतारं विश्ववेदसम्' इत्येव।-श.ब्रा. १.४.१.३५।
अर्थात् याज्ञिक प्रयोगका अवसरमा **'होतारं विश्ववेदसम्'** यस्तो आर्षपाठलाई छोडेर केही शाखान्तरीय व्यक्तिहरू मन्त्रमा थोरै परिवर्तन गरी **'होता यो विश्ववेदसः'** भन्ने पाठ पढ्दछन् तर मन्त्रमा यस्तो परिवर्तन गर्न हुँदैन। यसो गर्दा परिवर्तित पाठ मानुष हुन जान्छ र मानुषी भाषाको प्रयोगले यज्ञको अपूर्वोत्पादन (पुण्योत्पादन) गर्ने सामर्थ्य नष्ट हुन्छ। अतः ऋचामा (आर्षपाठमा) जस्तो पढिएको छ त्यस्तै पढ्नुपर्छ।

२०७. यद्यपि विष्णुपुराणको **"वेदमेकं चतुर्भेदं कृत्वा शाखाशतैर्विभुः । करोति बहुलं भूयो वेदव्यासस्वरूपधृक्॥"** (३.२.५६) यस वचनबाट वेदव्यासको स्वरूप धारण गर्ने प्रभुले नै वेद र तिनका शाखाको विभाग प्रस्तुत गरेको भन्ने सङ्केत प्राप्त हुन्छ तथापि वृक्षरूप ऋग्वेदलाई पैलले पहिलोचोटि विभाजन गरे [**"बिभेद प्रथमं विप्र पैल ऋग्वेदपादपम् । इन्द्रप्रमितये प्रादाद् बाष्कलाय च संहिते ॥"**] भन्ने विष्णुपुराणकै (३.३.१६) वचनबाट माथिको कुरा खण्डित हुन्छ।

२०८. द्र.- **ऋग्वेदादिभाष्यभूमिका** 'ग्रन्थप्रामाण्याप्रामाण्यविषयः' (पृ. ३१६) शीर्षकअन्तर्गतको टिप्पणी ३ -सम्पा. युधिष्ठिर मीमांसक २००२ सन्।

तिनीहरूमा विभेद नगरी सबैलाई समान दृष्टिले हेर्ने गरिन्छ। किनभने वेदका प्रत्येक शाखा महाभारत वा रामायणका पर्व वा काण्डजस्ता परस्परमा सापेक्ष नभई निरपेक्ष हुन्छन् । महाभारत, रामायण इत्यादि ग्रन्थको कुनै एउटा पर्व वा काण्डले समग्र ग्रन्थको कथा वा प्रतिपाद्यलाई समेट्न सक्तैन । अतः त्यस्ता ग्रन्थमा कुनै एक पर्व वा काण्ड अर्को पर्व वा काण्डप्रति सापेक्ष भएकाले त्यस्तो पर्व वा काण्ड समग्र ग्रन्थको एउटा भागमात्र हुने गर्दछ तर वेदका प्रत्येक शाखा अर्का शाखाप्रति निरपेक्ष हुने भएकाले यी आफैमा पूर्ण र स्वतन्त्र मानिन्छन् । उदाहरणार्थ वेदमा विधान गरिएका दर्शपूर्णमास, सोमयाग इत्यादि यज्ञ सम्पन्न गर्नका लागि यजुर्वेदका कुनै एक शाखाले ऋग्वेदका कुनै एक शाखाको र सामवेदका कुनै एक शाखाको अपेक्षा राख्तछ तर यजुर्वेदकै अर्को शाखाको अपेक्षा राख्तैन। यसरी वेदका प्रत्येक शाखाले आ-आफ्ना शाखामा उपदिष्ट कर्म निरपेक्ष रूपले पूरा गर्न सक्ने भएकाले याज्ञिक र विषयगत दृष्टिले समेत प्रत्येक शाखा आफैमा पूर्ण र स्वतन्त्र मानिन्छन् ।

यहाँ एउटा जिज्ञासा उत्पन्न हुन्छ कि यदि प्रत्येक शाखा आफैमा पूर्ण छ र त्यसलाई एउटा पूर्णवेद मानिन्छ भने वेदका जति शाखा छन् त्यति नै वेद नभनेर किन चार वेद भनिएको हो त? यसको समाधान के हो भने प्रत्येक शाखा पूर्णवेद भए पनि ऋक्, यजुः, साम र अथर्व शब्दले वेदका तीनप्रकारका शैली र चार प्रकारका विषयलाई (याज्ञिक प्रयोगका विषयलाई) समेटेका हुनाले उच्चारणशैलीका आधारमा तीन वेद (त्रयी/त्रयीविद्या) र याज्ञिक उपयोगिता वा विषयका आधारमा चार वेद भनिएको हो[२०९] ।

७.४ शाखाविस्तारको पृष्ठभूमि

हाम्रा प्राचीन ग्रन्थ र परम्परामा समेत शाखाविस्तार वा भेदको स्पष्ट कारण उल्लेख भएको नपाइए पनि वर्तमानमा उपलब्ध शाखाहरूको तुलनात्मक अध्ययन गर्दा पद वा मन्त्रको क्रमभेद, मन्त्रको उच्चारणभेद[२१०] तथा पाठभेद, न्यूनातिरिक्त

---

२०९. द्र.- यसै ग्रन्थका शीर्षक : 'ऋक्, यजुः र सामशब्दका अर्थ', 'विभाजनको आधार यज्ञ' ।

२१०. तैत्तिरीय-प्रातिशाख्यमा (५.३८-४०) उल्लेख भएअनुसार विभिन्न शाखामा एउटै मन्त्रका विभिन्न उच्चारण देखिन्छन्— **सरद् ढ वा अश्वस्य। सरद् ह वा अश्वस्य। सरद्द ह वा अश्वस्य** (द्र.- वै.वा.इ. भाग १, पृ. १७९) । यसैगरी एउटै वेदका विभिन्न शाखामा उच्चारणशैली, **स्वरप्रदर्शन** आदिमा पनि स्पष्ट भेद देखिन्छ।

पाठ[२११], **प्रयोगभेद**[२१२] **(कर्मकाण्डगत प्रयोगको शैलीभेद) इत्यादि कारण नै शाखाभेद वा विस्तारका मूल आधार** हुन् भन्न सकिन्छ।[२१३] वैदिक वाङ्मयका इतिहासकार पं. भगवद्दत्तले महाभाष्यकार पतञ्जलिको वचन[२१४] उद्धृत गर्दै **वेदको अर्थ नित्य भए पनि वर्णानुपूर्वी अनित्य** भएकाले वर्णानुपूर्वीको भेदले (पाठभेदले) गर्दा काठक, कालापक इत्यादि शाखाभेद भएको हो भनेर पाठान्तरलाई नै शाखाविस्तारको मूल कारण मानेका छन्[२१५] । जतिबेला मन्त्रब्राह्मणात्मक शब्दराशिले लिखित स्वरूप वा ग्रन्थको निश्चित आकार प्राप्त गरेको थिएन त्यतिबेला पनि हाम्रा पूर्वज धर्मलाई साक्षात्कार गरेका ऋषिहरूले श्रुतिपरम्परामा मात्र अधारित वैदिक शब्दराशिबाट विभिन्न ठाउँ, समय र अवस्थामा विभिन्न किसिमका श्रौत-स्मार्त यज्ञहरू सम्पन्न गर्दथे। मानवजीवनको सबैभन्दा श्रेष्ठतम कर्म भनेकै यज्ञ हो[२१६], यज्ञ नै धर्म हो[२१७], जसले यागानुष्ठान गर्दछ त्यो नै धार्मिक हो[२१८], वेदको प्रवर्तन नै यज्ञका लागि भएको हो[२१९] इत्यादि वैदिक उद्घोष र प्राचीन ग्रन्थकारको भनाइ तथा वैदिक ग्रन्थमा पाइने कैयौं श्रौत-स्मार्त यज्ञको चर्चा-परिचर्चा र प्रशंसाबाट हाम्रा पूर्वज द्विज-गृहस्थहरूको जीवनचक्र यज्ञकै वरिपरि घुमेको थियो भन्ने स्पष्ट हुन्छ। एक दिनदेखि हजारौं

२११. जस्तै- इषे त्वोर्जे त्वा वायव स्थ देवो वः (मा.सं. १.१)। इषे त्वोर्जे त्वा वायवः स्थोपायवः स्थ देवो वः (तै.सं. १.१.१.१)। इषे त्वोर्जे त्वा वायवस्थोपायवस्स्थ देवो वः (काठकसं. १.१)। इषे त्वा सुभूताय वायव स्थ देवो वः (मै.सं. १.१.१)। एष वोऽमी राजा (मा.सं. ९.४०, १०.१८)। एष वः कुरवो राजैष वः पञ्चाला राजा (काण्वसं. ११.३.३)। एष वो भरता राजा (तै.सं. १.८.१०.२)। एष ते जनते राजा (काठकसं. १५.७ र मै.सं. २.६.९)। यहाँ एउटै वेदका विभिन्न शाखामा पाठभेद र न्यूनातिरिक्त पाठ स्पष्ट देखिन्छ।

२१२. वेदभाष्यकार सायणले काण्वसंहिताको भाष्योपक्रमणिकामा पाठभेद र प्रयोगभेदबाट नै एउटै वेदमा शाखाभेद हुने कुरा यसरी स्पष्ट गरेका छन्– **'यद्यप्येनयोः शाखयोराध्वर्यव एव प्रयोगः प्रतिपाद्यते, तथापि मन्त्रपाठविशेषैः प्रयोगविशेषैर्महान् भेदः। स चानुष्ठातृभेदेन व्यवस्थितविषयत्वान्न विकल्प्यते। अत एव 'स्वाध्यायोऽध्येतव्यः' इति स्वकीयशाखाध्ययन-मनुष्ठानविशेषाय विहितम्'** (वे.भा.भू., पृ. १०५)। द्र.- **'यथा मन्त्रेषु पाठभेदः शाखाभेदेन व्यवस्थितः...'** (वे.भा.भू., पृ. २५)।

२१३. **'जैमिनीयन्यायमाला'**का प्रणेता माधवाचार्यले काठक, काण्व आदि नामभेद, धर्मभेद, पुनरुक्ति, अशक्ति इत्यादिलाई शाखाभेदको कारण मानेका छन्। द्र.- जै.न्या. २.४.२। तु.- वे.पर्या., पृ. १४-१५।

२१४. न हि च्छन्दांसि क्रियन्ते नित्यानि च्छन्दांसीति। यद्यप्यर्थो नित्यो या त्वसौ वर्णानुपूर्वी साऽनित्या। तद्भेदाच्चैतद् भवति काठकं कालापकं मौदकं पैप्पलादकमिति।-व्या.म.भा. ४.३.१०१, वा. ३।

२१५. वै.वा.इ. प्रथम भाग, पृ. १७७ र द्र.- १७५–१७९ पृ.।

२१६. यज्ञो वै श्रेष्ठतमं कर्म -श.ब्रा. १.७.१.५।

२१७. **यागादिरेव धर्मः** -अर्थसं., पृ. ११। **चोदनालक्षणोऽर्थो धर्मः** -जै.सू. १.१.२। **यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्** -ऋ. १०.९०.१६।

२१८. यो हि यागमनुतिष्ठति तं धार्मिक इति समाचक्षते -शाबरभाष्य, जै.सू. १.१.२।

२१९. **आम्नायस्य क्रियार्थत्वादानर्थक्यमतदर्थानाम्...** -जै.सू. १.२.१। **वेदा हि यज्ञार्थमभिप्रवृत्ताः...** -वेदाङ्ग-आर्चज्यो. ३६ पद्य।

दिनको समय लगाएर कठिन श्रमका साथ सम्पन्न गरिने विभिन्न किसिमका श्रौतयज्ञमा चारै वेदका ज्ञाता ऋत्विक्हरू विभिन्न स्थानबाट एकत्रित हुने गर्दथे। यज्ञानुष्ठानमा उनीहरूले आ-आफ्ना भागमा तोकिएका निश्चित कर्महरू निश्चित मन्त्रहरूको उच्चारणका साथ सम्पन्न गर्दथे। यसप्रकार श्रुतिपरम्परामा नै आधारित वैदिक मन्त्रहरूको उच्चारण र विभिन्न कर्मको अनुष्ठान लामो कालखण्डसम्म विभिन्न भौगोलिक क्षेत्रमा अगाडि बढ्दै जाँदा विभिन्न स्थानका ऋत्विक्हरूका बीच मन्त्रको उच्चारण, कर्मको अनुष्ठान गर्ने शैली वा प्रयोगमा एकरूपता कायम हुन सकेन होला। फलस्वरूप विभिन्न स्थान, समय र अवस्थामा सम्पन्न गरिने यस्ता यज्ञहरूको अनुष्ठान गर्ने क्रममा, मन्त्रको उच्चारणमा, कर्मानुसार गरिने मन्त्रको विनियोगमा (प्रयोगमा) र अनुष्ठान गर्ने शैली वा पद्धतिमा धेरै विभेद देखापर्दै गएहोलान्। भौगोलिक दूरीको अवकाश, समयसीमाको विस्तार, वैयक्तिक प्रमाद, आनुवंशिक भाषागत वा उच्चारणगत प्रभाव आदिका कारण एउटै गुरुपरम्पराबाट सुन्दै, पढ्दै, बुझ्दै, शिक्षित र दीक्षित हुँदै आएका एउटै वेदका अध्येता तथा प्रयोगकर्ता शिष्यहरूमा पनि पदको क्रमभेद, मन्त्रको उच्चारणभेद तथा पाठभेद, न्यूनातिरिक्त पाठ, प्रयोगभेद इत्यादि वैषम्य सिर्जना हुँदै गएपछि तिनीहरू विभिन्न वर्गमा विभाजित हुँदै गएहोलान्।

वेदव्यासले चार शिष्यलाई चार वेद पढाएपछि जतिबेलासम्म ती वेदमा (मन्त्रसंहितामा) उपर्युक्त वैषम्य देखा परेको थिएन त्यतिबेलासम्म ती-ती संहिता वा वेदका अध्येतृवर्ग ऋग्वेदी, यजुर्वेदी, सामवेदी र अथर्ववेदीका नामले परिचित थिए। जब एउटै वेदका अध्येताहरूमा पनि पाठभेद, प्रयोगभेद आदि वैषम्य बढ्दै गयो तब उनीहरूमा पनि वर्गभेद देखाउनुपर्ने स्थिति सिर्जना भयो। एउटै वेदका अध्येता विभिन्न वर्गमध्ये एउटा निश्चित वर्गमा एक किसिमको पदको क्रम, मन्त्रको उच्चारण तथा पाठ र प्रयोग प्रचलित हुन थाले भने अर्को वर्गमा अर्कै किसिमका पद, उच्चारण तथा पाठ र प्रयोग देखा पर्न थाले। यस्तो विविधता देखिन थालेपछि विभिन्न वर्ग वा समुदायमा विभाजित एउटै वेदका अध्येताहरूलाई ऋग्वेदी, यजुर्वेदी इत्यादि नामबाट मात्र आफ्नो चिनारी प्रस्तुत गर्न कठिन हुँदै गयो। यस्तो स्थितिमा एउटै संहिता वा वेदका एक किसिमका पाठ, उच्चारण, प्रयोग आदिबाट अर्कै किसिमका पाठ, उच्चारण, प्रयोग आदिको पार्थक्य वा वैशिष्ट्य देखाउनका लागि पृथक्-पृथक् वर्ग वा समुदायमा प्रचलित विशिष्ट पाठका आद्यप्रवचनकर्ता आचार्यका नामबाट विभिन्न नामका मन्त्रब्राह्मणात्मक शब्दराशि (वेद) प्रसिद्ध भए, **जसलाई हामी 'शाखा' भन्दछौं**। उदाहरणका लागि **शाकलद्वारा प्रोक्त**[२२०] (पढाइएको) ऋग्वेदको एक किसिमको निश्चित पाठ, उच्चारण,

---

२२०. पाणिनीय सूत्र **'तेन प्रोक्तम्'** (४.३.१०१) मा टीका लेख्दै काशिका-विवरण-पञ्जिकाकार जिनेन्द्रबुद्धि भन्दछन्– **'तेन व्याख्यातं तदध्यापितं वा प्रोक्तमित्युच्यते।'** अर्थात् **'प्रोक्त'**को

विनियोग (प्रयोग) आदिले सुसज्जित र व्यवस्थित पाठलाई **शाकलशाखीय ऋग्वेद** वा शाकलशाखीय-ऋग्वेदसंहिता; **शाङ्खायनद्वारा प्रोक्त** ऋग्वेदकै अर्को किसिमको निश्चित पाठ, उच्चारण, विनियोग आदिले युक्त पाठलाई **शाङ्खायनीय-ऋग्वेद** वा शाङ्खायनशाखीय-ऋग्वेदसंहिता भनेर चिनिन्छ। ऋग्वेदका यस्ता शाखासंहिता वा मन्त्रब्राह्मणात्मक वेद २१ प्रकारका थिए भन्ने उल्लेख प्राचीन ग्रन्थमा पाइन्छ। यसैगरी **यजुर्वेदका** शाखाहरूमा तित्तिरिद्वारा प्रोक्त **तैत्तिरीय**, कठद्वारा प्रोक्त **कठ वा काठक**; कण्वद्वारा प्रोक्त **काण्व**, मध्यन्दिनद्वारा प्रोक्त **माध्यन्दिनीय**; **सामवेदका** शाखाहरूमा कुथुमिद्वारा प्रोक्त **कौथुम**, जैमिनिद्वारा प्रोक्त **जैमिनीय**; **अथर्ववेदका** शाखाहरूमा पिप्पलादप्रोक्त **पैप्पलाद**, शौनकद्वारा प्रोक्त **शौनकीय** इत्यादि नामले प्रसिद्ध छन्।

यहाँ ध्यान दिन योग्य कुरा के छ भने चारै वेदका आ-आफ्ना शाखामा मन्त्रहरूको जुन निश्चित पदक्रम, उच्चारणविधि, पाठको विभेद, न्यूनाधिक मन्त्रसङ्ख्या, प्रयोग अर्थात् शैलीभेद इत्यादि देखिन्छन् ती सबै ती-ती शाखाका प्रवचनकर्ता आचार्यद्वारा नै निश्चित गरिएका हुन् । अतः हामीलाई वेदको उच्चारणविधि, पदक्रम, विनियोग आदि कुनै पनि विषय परिवर्तन गर्ने वा क्रमभङ्ग गर्ने अधिकार छैन । अर्थात् वेदमा प्रयोग भएका शब्द अर्थका वाचकमात्र नभएर तिनमा अन्य गूढतत्त्व पनि लुकेको हुने भएकाले लौकिक शब्द वा वाक्यमा झैं जस्तो मन लाग्यो त्यस्तै उच्चारण गर्न वा शब्दको निश्चित क्रमलाई परिवर्तन गर्न मिल्दैन[२२१]।

७.५ चरण र शाखा शब्दको अर्थभेद

'चरण' र 'शाखा' शब्द अति प्राचीन कालदेखि शास्त्रमा प्रयोग हुँदै आएका देखिन्छन्। समय व्यतीत हुँदै जाने क्रममा कतिपय विद्वान्हरूले र धेरै जनसाधारणले यी दुई शब्दलाई पर्यायवाची शब्दका रूपमा हेर्ने गरेको पनि पाइन्छ। तसर्थ यी दुई शब्दमा पाठकलाई भ्रम उत्पन्न नहोस् भन्ने उद्देश्यले यहाँ त्यसबारे सङ्क्षिप्त विवेचना गर्नु उपयुक्त ठहर्दछ। पाणिनिले आफ्नो अष्टाध्यायीका केही सूत्रमा 'चरण' शब्दको प्रयोग गरेका छन्[२२२]। पाणिनिसूत्रका व्याख्याताहरूमध्ये कसैले चरण शब्दको अर्थ

अर्थ 'प्रवचन गरिएको' भन्ने हो [आख्या प्रवचनात् -जै.सू. १.१.३०] र प्रवचन भनेको व्याख्या गर्नु वा पढाउनु हो (द्र.- वै.वा.इ. १.१७७ पृ.)।

२२१. नियतवाचोयुक्तयो नियतानुपूर्व्या भवन्ति। -नि. १.१५.४।

२२२. अनुवादे चरणानाम् २.४.३। चरणेभ्यो धर्मवत् ४.२.४६। चरणे ब्रह्मचारिणि ६.३.८६।

'शाखाध्यायी मनुष्यहरूको समुदाय'[२२३], कसैले **'शाखा'**[२२४] र कसैले **'शाखा तथा त्यसका अध्येतृ-समुदाय** दुवै (तीमध्ये पनि 'शाखा' अर्थ मुख्य)'[२२५] भन्ने गरेका छन्। केही आधुनिक विश्लेषकहरूले यसैको अनुगमन गर्दै चरण शब्दले 'वेदका कुनै एउटामात्र शाखाको अध्ययन गर्ने अध्येताहरूको समुदाय तथा एकशाखाको मात्र अध्ययन-अध्यापन गरिने शिक्षणसंस्थालाई बुझाउँदछ' भन्ने विश्लेषण गरेको देखिन्छ[२२६]। यसप्रकार केही प्राचीन विद्वान् तथा आधुनिक विश्लेषकहरूले चरण शब्दको अर्थलाई लिएर विभिन्न तर्क प्रस्तुत गरे पनि सबै विद्वान् यसमा सहमत छैनन्।

वस्तुतः वेदका उपलब्ध शाखाहरूको अध्ययन तथा तिनका कल्पसूत्र र लक्षणग्रन्थहरूको रचनाशैलीलाई विश्लेषण गर्दा **चरण, शाखा, प्रतिशाखा, अनुशाखा** इत्यादि शब्दहरूले वेदका भिन्नाभिन्नै स्वरूपलाई बुझाएको तथ्य सिद्ध हुन्छ। भन्न खोजेको तात्पर्य के हो भने प्रत्येक वेदका भिन्नभिन्न शाखामा आ-आफ्नै किसिमका परम्परागत भिन्नता रहे पनि एउटै वेदका शाखाहरूका बीचमा समेत कुनैमा बढी समानता र कुनैमा अलि भिन्नता रहेको देखिन्छ। यस्तो विभेद वा समानता प्रायः पदको क्रममा, मन्त्रको उच्चारण तथा पाठमा र विनियोगमा (कर्मकाण्डगत प्रयोगको शैलीमा) रहने गर्दछ। त्यसैले बढी भिन्नता भएका एउटै वेदका शाखाहरूका लागि यथासम्भव छुट्टाछुट्टै कल्पग्रन्थ, लक्षणग्रन्थ आदिको रचना गर्ने र बढी समानता भएका शाखाहरूका लागि एउटै कल्पग्रन्थ र लक्षणग्रन्थबाट काम चलाउने परम्परा वैदिक विद्वान्हरूमा रहेको बुझिन्छ। उदाहरणका लागि—

क) शुक्लयजुर्वेदका माध्यन्दिनीय तथा काण्वशाखीय व्यक्तिहरूले कात्यायनश्रौतसूत्र र पारस्करगृह्यसूत्रबाटै आ-आफ्ना श्रौत-स्मार्त कर्मकाण्ड चलाउने परम्परा देखिनु।

ख) ऋग्वेदका शाकलशाखीय, बाष्कलशाखीय तथा आश्वलायनशाखीय व्यक्तिहरूले आश्वलायन-श्रौतसूत्र तथा गृह्यसूत्रबाटै आफ्ना कर्मकाण्ड सञ्चालन गर्ने परम्परा देखिनु[२२७]।

---

२२३. चरणशब्दः शाखानिमित्तकः पुरुषेषु वर्तते (पाणिनिसूत्र २.४.३ मा 'काशिका'वृत्तिकार जयादित्य) । शाखाऽध्येतृविशेषाश्चरणाः (पा.सू. २.४.३ 'बालमनोरमा'नामक टीकाकार वासुदेव वाजपेयी)।

२२४. चरणः शाखा। -पा.सू. ६.३.८६ मा 'सिद्धान्तकौमुदी'नामक प्रक्रियाग्रन्थकार भट्टोजिदीक्षित।

२२५. चरणशब्दः कठकलापादिषु शाखाभेदेषु मुख्यः, तदध्यायिषु पुरुषादिषु गौणः (पा.सू. २.४.३ र ६.३.८६ मा पदमञ्जरीकार हरदत्त)। अन्य जानकारीका लागि द्र.- काशिकाविवरणपञ्जिकाकार (न्यासकार) जिनेन्द्रबुद्धिको भनाइ पा.सू. २.४.३ मा।

२२६. द्र.- सं.वा.बृ.इ., प्रथम खण्ड, पृ. ५७–६४।

२२७. आश्वलायनश्रौतसूत्र तथा गृह्यसूत्रका भाष्यकारहरूमध्ये कतिपयले यी कल्पग्रन्थको सम्बन्ध ऋग्वेदका सबै शाखासँग रहेको छ भन्दछन् भने कतिपयले चाहिँ यी कल्पग्रन्थ शाकल र

ग) कृष्णयजुर्वेदका तैत्तिरीयशाखासँग सम्बद्ध व्यक्तिहरूले अर्कै शाखासँग सम्बद्ध बौधायन, आपस्तम्ब आदि श्रौत-गृह्यसूत्रबाट नै आफ्नो कर्मकाण्ड सञ्चालन गर्नु।

घ) प्रातिशाख्य आदि लक्षणग्रन्थहरू निश्चित शाखाविशेषमा आधारित नभई प्रायः चरणसँगै सम्बद्ध हुनु (जस्तै वाजसनेयिप्रातिशाख्य शुक्लयजुर्वेदका १५ वटै शाखा अर्थात् वाजसनेय चरणसँग सम्बद्ध हुनु)।

माथिका उदाहरणबाट चारै वेदका कल्पग्रन्थ तथा लक्षणग्रन्थहरू शाखाविशेषसँग भन्दा आ-आफ्ना चरणसँग सम्बद्ध हुन्छन् भन्ने बुझिन्छ। यद्यपि वेदको लक्षणग्रन्थअन्तर्गत पर्ने 'प्रातिशाख्य'नामक ग्रन्थका बारेमा विद्वान्हरूले गरेको व्युत्पत्तिअनुसार[२२८] वेदका जति शाखा हुन् त्यति नै शाखासँग सम्बद्ध पृथक्-पृथक् प्रातिशाख्य हुनुपर्ने कुरा विदित हुन्छ र कतिपय विद्वान्हरूले यस्तो सम्भावना पनि व्यक्त गरेका छन्[२२९], तथापि उपलब्ध प्रातिशाख्यहरूको अध्ययन गर्दा यस्तो देखिँदैन। अर्थात् प्रातिशाख्यहरूको अध्ययन गर्दा के देखिन्छ भने यिनमा एक-एक शाखाका नियमहरूको निर्देश नभएर एक-एक चरणका सबै शाखाका नियमहरू सामान्यरूपमा उल्लिखित छन् । त्यसैले निरुक्तकार यास्कले प्रातिशाख्यहरू (पार्षदहरू) चरणसँग सम्बद्ध भएको कुरा उल्लेख गर्दछन्[२३०]।

उपर्युक्त विवेचनाबाट **'शाखा' र 'चरण' शब्द पर्यायवाची नभएर भिन्नाभिन्नै अर्थका वाचक** हुन् भन्ने स्पष्ट हुन्छ । चरण र शाखाको भिन्नता देखाउने क्रममा वैदिक वाङ्मयका प्रसिद्ध इतिहासकार पं. भगवद्दत्तले प्रायः बाह्रौं शताब्दीका भोजवर्माको ताम्रपत्रको उल्लेख[२३१] उद्धृत गर्दै **'शाखा' चरणको अवान्तर विभाग** भएको कुरा स्पष्ट पारेका छन्[२३२] । अर्थात् उनको भनाइअनुसार

बाष्कलशाखीय संहितासँग सम्बद्ध छन् भन्ने उल्लेख गरेका छन्। द्र.- सं.वा.बृ.इ., भाग १, पृ. ११०-१११।

२२८. शाखायां शाखायां प्रति प्रतिशाखम्, प्रतिशाखं भवमिति प्रातिशाख्यम् -अनन्तदेव, वा.प्रा. १.१ । शाखां शाखां प्रति प्रतिशाखम्, प्रतिशाखेषु भवं प्रातिशाख्यम् -युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ., भाग २, पृ. ३२६।

२२९. द्र.- डा. सूर्यकान्तसम्पादित ऋक्तन्त्रको भूमिका पृ. २ र अथर्वप्रातिशाख्यको भूमिका पृ. ३०।

२३०. **पदप्रकृतीनि सर्वचरणानां पार्षदानि** -निरु. १.६.१७ । सबै चरणका पार्षद-(प्रातिशाख्य)हरू पदप्रकृतिक छन् अर्थात् सबै चरणका पार्षदहरू पदलाई प्रकृति मानेर संहितामा हुने विपर्ययको वर्णन गर्दछन्।

२३१. जमदग्निप्रवराय वाजसनेयचरणाय यजुर्वेदकण्वशाखाध्यायिने.... (Inscriptions of Bengal, Volume III published by the Varendra Research Society, Rajashahi, 1929. p. 21) अर्थात् जमदग्निप्रवर, वाजसनेय चरणका यजुर्वेदीय काण्वशाखाध्यायीका लागि...। द्र.- सं.व्या.शा.इ. भाग २, पृ. ३२८ । ज्योत्स्ना.भू. २ पृ.।

२३२. वै.वा.इ. भाग १, पृ. १७३-१७४ । तु.- प्रथम मत यह है, कि शाखायें वेद के अवयव हैं। सब शाखायें मिलकर चरण बनता है। और सब चरण मिलकर पूरा वेद बनता है। दूसरा मत है,

'चरण' पद शाखासमूहको वाचक हो भने 'शाखा' पद त्यसैको अवान्तर विभाग हो। वाजसनेयिप्रातिशाख्यका भाष्यकार अनन्तदेवले पनि शुक्लयजुर्वेदका काण्व, माध्यन्दिन आदि पन्ध्र शाखामा एउटामात्र प्रातिशाख्य भएको कुरा उल्लेख गरेका छन्[२३३]। यसरी भगवद्दत्तले उद्‌धृत गरेको ताम्रपत्रको उल्लेख र अनन्तदेवको भनाइबाट एउटै लक्षणग्रन्थका नियम धेरै शाखामा लागू हुने र एउटा चरणमा धेरै शाखा अन्तर्भूत हुने कुरा स्पष्ट हुन्छ। मीमांसक कुमारिल भट्टले त आफ्नो तन्त्र-वार्तिकमा प्रातिशाख्यमात्र नभएर धर्मशास्त्र र गृह्यसूत्रसमेत वेदका चरणलाई नै आधार मानी प्रवृत्त हुने गरेको सङ्केत गरेका छन्[२३४]। यसअतिरिक्त **'कुनै एउटा वेदको प्रातिशाख्यको तद्‌वेदीय अनेक शाखासँग सम्बद्धता रहेको हुन्छ'** भन्ने तैत्तिरीय-प्रातिशाख्यका भाष्यकार गोपालयज्वाको स्वीकारोक्ति[२३५], बलदेव उपाध्यायले उद्‌धृत गरेको **'चरणको अर्थ विशेष शाखाको अध्ययन गर्ने एकतापन्न मनुष्यहरूको समुदाय हो'**[२३६] भन्ने भवभूतिकृत 'मालतीमाधव'नामक रूपकका प्राचीन व्याख्याता जगद्धरको भनाइ, **'चरण शब्दले कुनै एक संहिताका विभिन्न आचार्यद्वारा प्रोक्त शाखाहरूलाई** (कुनै एक संहिताका पाठभेदबाट उत्पन्न भएका अवान्तर विभागलाई) **बुझाउँछ र प्रत्येक प्रातिशाख्यले आ-आफ्ना चरणका समस्त शाखाहरूको सन्धि आदि नियम सामान्य रूपले उल्लेख गर्दछन्'** भन्ने संस्कृत व्याकरण-शास्त्रका प्रसिद्ध इतिहासकार युधिष्ठिर मीमांसकको स्पष्टोक्ति[२३७] आदिबाट 'चरण' शब्दको अर्थ कुनै वेदको एउटामात्र शाखाको अध्ययन गर्ने समुदाय भन्ने नभएर परस्परमा धेरै भिन्नता (पाठ, उच्चारण, प्रयोग आदिमा) नभएका प्रायः एउटै नियममा बाँधिन सक्ने परम्परागत रूपमा भिन्न (अर्थात् विभिन्न आचार्यद्वारा प्रोक्त) तर एउटै वेदका विभिन्न शाखाको समुदाय हो भन्ने बुझ्न सकिन्छ। यही विषय हाम्रा गुरुवर प्रो. श्रीकिशोर मिश्रले आफ्नो **'वेदशाखापर्यालोचनम्'** भन्ने ग्रन्थमा (पृ. १६) याज्ञिक-पीयूषपादको सङ्ग्रहकारिका[२३८] उद्‌धृत गर्दै **'एकै किसिमको व्रतद्वारा (नियमद्वारा) अध्ययन गर्न सकिने वेदका शाखाहरूको समूह नै चरण हो'** भनेर 'चरण' शब्दको

कि शाखायें वेद व्याख्यान हैं (उही पृ. १७५)।

२३३. तस्मात् सिद्धं काण्वादिपञ्चदशशाखासु एकमेव प्रातिशाख्यमिति। -वा.प्रा. १.१ भाष्य।

२३४. धर्मशास्त्राणां गृह्यग्रन्थानाञ्च प्रातिशाख्यलक्षणवत् प्रतिचरणं पाठव्यवस्थोपलभ्यते।-तं.वा. १.३.१५।

२३५. द्र.- 'ज्योत्स्नावृत्ति'को भूमिका, पृ. २ को टिप्पणी ७ मा युगलकिशोर मिश्रद्वारा उद्‌धृत वचन।

२३६. चरणशब्दः शाखाविशेषाध्ययनपरैकतापन्नजनसङ्घवाची। -वै.सा.सं., पृ. ११३। तु.- सं.वा.बृ.इ. भाग १, पृ. ५९।

२३७. द्र.- सं.व्या.शा.इ. भाग २, पृ. ३२८-३२९।

२३८. वेदस्याध्ययनार्थं यद् व्रतं तच्चरणं भवेत्। व्रतक्रमविभेदेन चरणानि बहूनि च॥ शाखाभेदेऽपि यत्रैक्यं व्रतानां दृश्यते विधौ। ताः सर्वा अपि शाखाः स्युरेकस्मिंश्चरणे ध्रुवम्॥

अर्थ स्पष्ट पार्नुभएको छ। वस्तुतः 'चरण' शब्द अध्ययन[२३९], आचरण[२४०] (व्रत/नियम) इत्यादि अर्थमा पनि प्रयोग हुने भएकाले एउटै चरणका विभिन्न शाखामा उच्चारण, स्वरप्रदर्शन आदि वैषम्य रहे पनि कतिपय शारीरिक वा मानसिक व्रत[२४१] (नियम) आदि धर्ममा रहने एकरूपता नै एकचरणत्व हो।

यसप्रकार माथि गरिएको विश्लेषणबाट हामी के निष्कर्षमा पुग्न सक्छौं भने **'शाखा'** भनेका ऋक्, यजुः, साम र अथर्वमध्ये कुनै एउटा वेदका भिन्न-भिन्न प्रवचनकर्ता आचार्यहरूको परम्पराबाट (गुरुमुखोच्चारणाऽनूच्चारण परम्पराबाट) प्रसिद्ध हुँदै आएका; परस्परमा कर्मभेद तथा विषयभेद नभएका[२४२] तर केही पाठभेद, उच्चारणभेद, क्रमभेद, प्रयोगभेद आदि वैषम्यका कारण पृथक्-पृथक् रूपमा अवगत हुने; प्रायः आ-आफ्ना किसिमका मन्त्रसंहिता, ब्राह्मण, कल्पसूत्रादि वाङ्मयले युक्त विशिष्ट आनुपूर्विक स्वाध्याय हुन्[२४३] र **'चरण'** भनेको परस्परमा प्रायः मिल्दाजुल्दा नियम भएका उक्त शाखाहरूको समूह हो। यसैगरी **'प्रतिशाखा'** भनेको चरण हो भने **'अनुशाखा'** भनेको चरणकै अवान्तर शाखा हो[२४४]।

---

२३९. **चरणशब्दोऽध्ययनवचनः, इह तूपचारादध्येतृषु वर्तते। चरणशब्देन शाखाऽध्यायिनो गृह्यन्ते** -कैयट, पा.सू. ४.१.६३ को **'गोत्रं च चरणैः सह'** वार्तिकअन्तर्गतको पातञ्जल महाभाष्यको 'प्रदीप'नामक टीका। **ब्रह्म वेदः, तस्य वेदस्य चरणम् अध्ययनं तच्चरणम्।** -सिद्धान्तकौमुदी ६.३.८६ मा बालमनोरमा टीका।

२४०. **अत्र भिक्षाचर्यचरणम्** -पा.गृ. २.५.१, **ब्रह्मचर्यचरणम्** इत्यादि ठाउँमा 'चरण' शब्द व्रत, अनुष्ठान, नियम, आचरण आदि अर्थमा प्रयोग भएको देखिन्छ।

२४१. 'व्रत' भनेको शास्त्रद्वारा घोषित नियम हो जसलाई 'तप' पनि भनिन्छ– शास्त्रोदितो हि नियमो व्रतं तच्च तपो मतम्। नियमास्तु विशेषास्तु व्रतस्यैव दमादयः॥ व्रतं हि कर्तृसन्तापात्तप इत्यभिधीयते। इन्द्रियग्रामनियमान्नियमश्चाभिधीयते॥ -अग्निपुराण १७५.२-३ र गरुडपुराण १.१२८.१। वैदिक वाङ्मय, स्मृति, पुराण आदि ग्रन्थमा **असत्यभाषणादि त्याग गर्ने व्रत** (द्र.- तै.सं. २.५.५.६); **स्नातक वा ब्रह्मचारीले पालन गर्नुपर्ने व्रत** (द्र.- गो.ब्रा. १.२.६–७, पा.गृ. २.५ इ.); **प्रायश्चित्तरूप व्रत** (द्र.- मनु. ११.११७, १७०, १७६; याज्ञ. ३.२५१–२५२, २५४, २५८) इत्यादि विभिन्न किसिमका शारीरिक र मानसिक व्रतको विस्तृत चर्चा गरिएको छ।

२४२. यहाँ **'कर्म'** भनेर ऋगादि चतुर्वेदोक्त हौत्र, आध्वर्यव इत्यादि यज्ञकर्मलाई र **'विषय'** भनेर चारै वेदका आ-आफ्ना प्रतिपाद्य विषयलाई सङ्केत गरिएको हो। अर्थात् चार वेदमा परस्पर कर्मभेद र विषयभेद हुन सक्छन् तर एउटै वेदका शाखामा यस्तो हुन सक्तैन। द्र.- **'शाखाभेदात्कर्मभेदो न वा कर्मात्र भिद्यते'** (जै. न्या. २.४.२) इत्यादि।

२४३. **स्वाध्यायैकदेशो मन्त्रब्राह्मणात्मकः शाखेत्युच्यते।** तयोर्मन्त्रब्राह्मणयोरन्यतरभेदेन वेदेऽवान्तर-शाखाभेदः स्यादिति चेत्, सत्यम्। **-महादेव,** कृष्णयजुर्वेदीय सत्याषाढ-श्रौतसूत्र (१.१) को 'वैजयन्ती'नामक भाष्यको भूमिका, पृ. ५।

२४४. **'इत्येताः प्रतिशाखाभ्योऽप्यनुशाखा द्विजोत्तम'** (अनुशाखा अवान्तरशाखाः -व्याख्याकार श्रीधर स्वामी) -विष्णुपु. ३.४.२५। अर्थात् इन प्रतिशाखाओं से भी अनुशाखाएं हुईं -पं. भगवद्दत्त, वै.वा.इ. भाग १, पृ. १७४। प्राचीन काल में चरण के अर्थ में प्रतिशाखा शब्द का व्यवहार

७.६ उपलब्ध शाखाहरूको सङ्क्षिप्त विवरण

वर्तमानमा वेदका निम्नलिखित केही शाखामात्र कुनै पूर्ण र कुनै अपूर्ण रूपमा उपलब्ध छन्—

७.६.१ ऋग्वेदका शाखा

१. शाकल-शाखा : यो शाखा अहिले भारतका विभिन्न प्रदेश तथा नेपाल संस्कृत विश्वविद्यालयमा समेत अध्ययन-अध्यापन र अनुसन्धानमा प्रसिद्ध छ। यसलाई **शैशिरीय-शाकलशाखा** पनि भनिन्छ। यसका मन्त्रसंहिता, ऐतरेयब्राह्मण, ऋक्सर्वानुक्रमणी, अनुवाकानुक्रमणी, शैशिरीयशिक्षा, ऋक्प्रातिशाख्य, विकृतिवल्ली इत्यादि ग्रन्थ वर्तमानमा उपलब्ध छन् तर श्रौतसूत्र र गृह्यसूत्र पाइँदैनन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

२. शाङ्खायनीय-शाखा : यसको मन्त्रसंहिता, शाङ्खायन-ब्राह्मण, शाङ्खायन-आरण्यक, शाङ्खायन-श्रौतसूत्र र शाङ्खायन-गृह्यसूत्र उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

३. कौषीतकि-शाखा : यसका कौषीतकि-ब्राह्मण, कौषीतकि-ब्राह्मणोपनिषद्, र कौषीतकि-गृह्यसूत्र उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

४. आश्वलायनीय-शाखा : यसका मन्त्रसंहिता, आश्वलायनश्रौतसूत्र र आश्वलायनगृह्यसूत्र उपलब्ध छन्। ऋग्वेदीहरूले यिनै सूत्रबाट आफ्नो कर्मकाण्ड चलाउने गरेको देखिन्छ। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

७.६.२ कृष्णयजुर्वेदका शाखा

१. तैत्तिरीयशाखा : यो शाखा अहिले दक्षिणभारत, महाराष्ट्र आदि प्रदेशमा बहुप्रचारित र पठनपाठनमा समेत रहेको छ। यसका तैत्तिरीयसंहिता, तैत्तिरीयब्राह्मण, तैत्तिरीयारण्यक, तैत्तिरीयोपनिषद्, तैत्तिरीय-प्रातिशाख्य इत्यादि ग्रन्थ पाइन्छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

२. मैत्रायणीय-शाखा : यसका मैत्रायणीसंहिता, मैत्रायणीय आरण्यक-उपनिषद् र मैत्रायणीयशुल्बसूत्र उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

३. कठशाखा : यसका काठकसंहिता, काठकब्राह्मण, कठोपनिषद् र काठक-गृह्यसूत्र (लौगाक्षि-गृह्यसूत्र) उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

होता था। और जिन्हें सम्प्रति शाखा के नाम से पुकारते हैं, उनके लिए अवान्तरशाखा शब्द प्रयुक्त होता था -युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ. भाग २, पृ. ३२८।

४. कपिष्ठलकठ-शाखा : यसको संहितामात्र अपूर्ण रूपमा उपलब्ध छ। यसको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

५. आपस्तम्बशाखा : यसका आपस्तम्ब-श्रौतसूत्र, आपस्तम्ब-गृह्यसूत्र, आपस्तम्ब-धर्मसूत्र र आपस्तम्ब-शुल्बसूत्र उपलब्ध छन्। यिनको विशेष सम्बन्ध तैत्तिरीयशाखासँग रहेको मानिन्छ। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

६. बौधायनशाखा : यसका पनि बौधायन-श्रौतसूत्र, बौधायन-गृह्यसूत्र, बौधायन-धर्मसूत्र र बौधायन-शुल्बसूत्र उपलब्ध छन्। यिनको पनि विशेष सम्बन्ध तैत्तिरीयशाखासँग नै रहेको मानिन्छ। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

७. वाधूलशाखा : यसका वाधूल-अन्वाख्यान (ब्राह्मण), वाधूलश्रौतसूत्र र वाधूलस्मृति उपलब्ध छन्। यिनको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८. वैखानसशाखा : यसका वैखानसश्रौतसूत्र, वैखानसगृह्यसूत्र र वैखानस-धर्मसूत्र उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

९. हिरण्यकेशिशाखा (सत्याषाढशाखा) **:** यसका हिरण्यकेशि/-सत्याषाढ-श्रौतसूत्र, हिरण्यकेशि/सत्याषाढ-गृह्यसूत्र, हिरण्यकेशि/सत्याषाढधर्मसूत्र र हिरण्यकेशिशुल्बसूत्र उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

१०. आग्निवेश्यशाखा : यस शाखाको आग्निवेश्यगृह्यसूत्र उपलब्ध छ। यसको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

११. भारद्वाजशाखा : यस शाखाका भारद्वाज-श्रौतसूत्र र भारद्वाज-गृह्यसूत्र उपलब्ध छन्। यिनको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

१२. मानवशाखा : मैत्रायणीय चरणअन्तर्गतको मानवशाखाका मानव-श्रौतसूत्र, मानवगृह्यसूत्र र मानवशुल्बसूत्र उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

१३. वाराहशाखा : यस शाखाका वाराहश्रौतसूत्र र वाराहगृह्यसूत्र उपलब्ध छन्। यिनको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

१४. श्वेताश्वतरशाखा : यस शाखाको श्वेताश्वतरोपनिषद् उपलब्ध छ। यसको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

७.६.३ शुक्लयजुर्वेदका शाखा

१. माध्यन्दिनीय-वाजसनेयिशाखा : अहिलेसम्म नेपाल अधिराज्य र भारतका विभिन्न ठाउँमा यस शाखाको अध्ययन-अध्यापन चलिरहेको छ। भारतको

उत्तरप्रदेश र नेपालका अधिकांश द्विजहरू यस शाखाका अध्येता मानिन्छन्। यसका माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदसंहिता, माध्यन्दिनीय-वाजसनेयि-शतपथ-ब्राह्मण, कात्यायनश्रौतसूत्र, पारस्करगृह्यसूत्र र विभिन्न परिशिष्टहरू उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

२. काण्व-वाजसनेयिशाखा : भारतको बङ्गाल, उडीसा, वाराणसी आदि क्षेत्रमा प्रसिद्ध यो शाखा अहिले अध्ययन-अध्यापनमा रहेको छ। यसका काण्व-वाजसनेयि-शुक्लयजुर्वेसंहिता, काण्व-वाजसनेयि-शतपथब्राह्मण र केही काण्व-परिशिष्टहरू उपलब्ध छन् । यस शाखाका अध्येताहरूले कात्यायनश्रौतसूत्र र पारस्करगृह्यसूत्रबाट नै आफ्ना श्रौत-स्मार्त कर्महरू सञ्चालन गर्दछन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

३. कात्यायन-वाजसनेयिशाखा : यस शाखाको कात्यायनगृह्यसूत्र उपलब्ध छ। यसको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

७.६.४ सामवेदका शाखा

१. कौथुमशाखा : उत्तरभारत, गुजरात र तामिलनाडुमा विशेष प्रचार-प्रसारमा रहेको यो शाखा राणायनीय चरणअन्तर्गतको मानिन्छ[२४५] । हाल नेपाल संस्कृत विश्वविद्यालयमा पनि यसको अध्ययन-अध्यापन भइरहेको छ । यसका आर्चिकसंहिता, गानसंहिता, ताण्ड्यब्राह्मण, षड्विंशब्राह्मण, सामविधानब्राह्मण, आर्षेयब्राह्मण, देवताध्यायब्राह्मण, छान्दोग्यब्राह्मण (उपनिषद्ब्राह्मण), संहितोपनिषद् ब्राह्मण, वंशब्राह्मण, लाट्यायनश्रौतसूत्र, आर्षेयकल्प (मशककल्प), क्षुद्रकल्प, प्रतिहारसूत्र, निदानसूत्र, उपनिदानसूत्र, गोभिलगृह्यसूत्र, गौतमधर्मसूत्र, ऋक्तन्त्र, सामतन्त्र, फुल्लसूत्र, नारदीयशिक्षा, सामवेदसर्वानुक्रमणी लगायतका ग्रन्थहरू उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

२. जैमिनीयशाखा : भारतको केरलराज्य र तामिलनाडुका केही क्षेत्रमा प्रसिद्ध यो शाखा वर्तमानमा पनि अध्ययन-अध्यापनमा रहेको छ। यसका जैमिनीयसंहिता (आर्चिक र गान दुवै), जैमिनीयब्राह्मण, जैमिनीयार्षेयब्राह्मण, जैमिनीयोपनिषद्-ब्राह्मण, केनोपनिषद्, जैमिनीय-श्रौतसूत्र, जैमिनीय-गृह्यसूत्र उपलब्ध छन् । यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

३. राणायनीयशाखा : केही अध्येताले **'राणायनीय'** शाखा नभएर चरणमात्र हुन सक्ने विचार[२४६] व्यक्त गरेको पाइए पनि धैरैले यसलाई स्वतन्त्र शाखाकै

---

२४५. तत्र राणायनीयानां सप्त भेदा भवन्ति- राणायणीयाः शाट्यमुग्र्याः.... शार्दूलाः कौथुमाश्चेति ।-कात्यायनकृत चरणव्यूहपरिशिष्ट, सामवेदखण्ड।

२४६. द्र.- वै.ध.मू., पृ. १५१-१५३।

रूपमा उल्लेख गरेका छन्[२४७]। यस शाखाको आर्चिक-संहिताको अङ्ग्रेजी अनुवाद लण्डनबाट प्रकाशित भएको छ[२४८] भने गान-संहिताको आंशिक भाग केहीवर्ष अघिमात्र भारतबाट प्रकाशित भएको छ[२४९]। कौथुमशाखाको संहिता र राणायनीय-शाखाको संहितामा उच्चारणका दृष्टिले भिन्नता रहे पनि मन्त्रसङ्ख्या र शब्दमा समानता देखिन्छ भन्ने लेखकहरूको भनाइ छ। यसको अवान्तर शाखा **'सात्यमुग्रि'** हो भनी बलदेव उपाध्यायले लेखेका छन्[२५०]। यस शाखाका द्राह्यायण-श्रौतसूत्र र खादिरगृह्यसूत्र (द्राह्यायण-गृह्यसूत्र) उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ। हाल राणायनीय-गानसंहिताको अध्ययन-अध्यापन (गोवर्द्धनी-पद्धतिअनुसार) वाराणसीमा भइरहेको छ। यस शाखाका अनुयायी मूलतः भारतको कर्नाटक राज्यमा पाइन्छन्।

७.६.५ अथर्ववेदका शाखा

१. शौनकीयशाखा : यसलाई कहीं **'शौनकिशाखा'** र कहीं **'शौनकशाखा'** भन्ने गरेको पनि पाइन्छ। विशेषगरी भारतको गुजरातमा प्रसिद्ध यो शाखा हाल भारतका विभिन्न प्रदेश तथा नेपालको संस्कृत विश्वविद्यालयमा समेत अध्ययन-अध्यापनमा रहेको छ। यो शाखा आदित्य-सम्प्रदायको मानिन्छ। यसका अथर्ववेदसंहिता, मुण्डकोपनिषद्, माण्डूक्योपनिषद्, कौशिकगृह्यसूत्र, वैतान-श्रौतसूत्र, अथर्ववेदपरिशिष्ट (७२ परिशिष्टको सङ्ग्रह), माण्डूकी-शिक्षा, दन्त्योष्ठ-विधि, पञ्चपटलिका, अथर्ववेदीया चतुरध्यायिका, अथर्वप्रातिशाख्य, अथर्ववेदीय-बृहत्सर्वानुक्रमणिका ग्रन्थहरू वर्तमानमा उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

२. पैप्पलादशाखा : पाणिनीयव्याकरणका महाभाष्यकार पतञ्जलिले आफ्नो महाभाष्यमा यसै शाखाको पहिलो मन्त्र **'शन्नो देवी'** उद्धृत गरेका हुँदा उनको समयसम्म यो शाखा प्रसिद्ध रहेको अनुमान गर्न सकिन्छ। वर्तमानमा भने यो शाखा त्यति प्रसिद्ध छैन। पैप्पलादशाखाका अनुयायीहरू भारतको उडीसामा छन् भन्ने सुनिए तापनि यसको परम्परागत अध्ययन-अध्यापन कुनै निश्चित स्थानमा भइरहेको भन्ने जानकारी प्राप्त छैन। हाल यसका पैप्पलाद-अथर्ववेदसंहिता, गोपथब्राह्मण र प्रश्नोपनिषद् गरी जम्मा तीन ग्रन्थ उपलब्ध छन्। यी सबैको परिचय यसै ग्रन्थको

२४७. द्र.- सं.वा.बृ.इ. भाग १, पृ. २८१। 'कल्पसूत्र' वै.वा.बृ.इ., सप्तम खण्ड, पृ. १३३, १३७, ३१८। वै.सा.सं., पृ. १४१।

२४८. **Translation of the Sanhitā of the Sāma Veda,** by John Stevenson, London : Printed for the Oriental translation fund of Great Britain and Ireland, 1842.

२४९. राणायनीयशाखीयं सामगानम् (आग्नेयमारभ्य महानाम्न्यन्तो भागः), सम्पा. डा. विजय कुमार शर्मा, श्री शारदापीठ विद्यासभा, द्वारका, सन् २०१२।

२५०. वै.सा.सं., पृ. १४१।

भाग २ मा दिइएको छ।

यसप्रकार वेदका ११३१ शाखामध्ये वर्तमानमा कुनै शाखाका कल्पग्रन्थमात्र, कुनैका उपनिषद्मात्र र कुनैका संहितामात्र उपलब्ध हुन्छन् भने कतिपय शाखाका संहिता, ब्राह्मण, शिक्षा, कल्पसूत्रादि प्रायः सबै ग्रन्थ प्राप्त छन्। यसरी मन्त्र, ब्राह्मण, कल्पसूत्रादि वाङ्मय सबै उपलब्ध हुने पूर्णशाखा र यीमध्ये केहीमात्र आंशिक रूपमा उपलब्ध हुने अपूर्ण शाखालाई गन्ने हो भने ऋग्वेदका ४, कृष्णयजुर्वेदका १४, शुक्लयजुर्वेदका ३, सामवेदका ३ र अथर्ववेदका २ गरी **जम्मा २६ शाखामात्र वर्तमानमा उपलब्ध** छन्। यीमध्ये पनि **ऋग्वेदको** शाकलशाखा, **कृष्णयजुर्वेदको** तैत्तिरीयशाखा, **शुक्लयजुर्वेदका** काण्व र माध्यन्दिनीयशाखा, **सामवेदका** कौथुम, जैमिनीय र राणायनीयशाखा तथा **अथर्ववेदको** शौनकीयशाखा गरी जम्मा **आठवटा शाखामात्र** विभिन्न ठाउँमा अध्ययन-अध्यापन र अनुसन्धानमा प्रयोग भइरहेका छन्।

७.७ वेदका शाखासम्बन्धी पृथक् मतको विवेचना

स्वामी दयानन्द सरस्वती र उनको मतका समर्थक कतिपय विद्वान्हरूले वेदका ११३१ शाखामध्ये ऋक्, यजुः, साम र अथर्व नामका चार संहिता (मन्त्रभाग) मूलवेद र अन्य ११२७ शाखा तिनै चार वेदका व्याख्यान हुन् भन्दछन्[२५१]। दयानन्दका विचारमा ऋग्वेदसंहिता (शाकलशाखा), यजुर्वेदसंहिता (वाजसनेयि-शुक्लयजुर्वेद-माध्यन्दिनीयशाखा), सामवेदसंहिता (कौथुमशाखा) र अथर्ववेदसंहिता (शौनकीयशाखा) अर्थात् चार वेद सर्वज्ञ, सर्वविद्यायुक्त, सर्वशक्तिमान् ईश्वरद्वारा प्राप्त भएका हुन्[२५२]। त्यसैले यी भ्रमादिदोषरहित र सूर्यजस्तै स्वप्रकाशित भएकाले स्वतः प्रमाणयोग्य छन् भने बाँकी सबै शाखा एवं ब्राह्मण-ग्रन्थहरू वेदका व्याख्यान भएकाले परतः प्रमाणयोग्य (उक्त चार वेदका अनुकूल भएमात्र) हुन्छन्। दयानन्दले उक्त चार वेदबाहेकका शाङ्खायन, आश्वलायन, तैत्तिरीय, काठक, काण्व, जैमिनीय, पैप्पलाद इत्यादि विशेषण लागेका ऋगादि वेदका सबै शाखासंहिता र तत्सम्बद्ध सबै ब्राह्मणग्रन्थलाई शाङ्खायन, आश्वलायन इत्यादि ऋषिहरूबाट नै व्याख्यान गरिएका ऋषिकृत ग्रन्थ मान्दछन्। उनले चार वेदलाई मूलवृक्ष तथा शाखालाई त्यसैका हाँगा मान्दै वृक्षरूप मन्त्रसंहिता परमेश्वरकै नामबाट प्रसिद्ध भएका र शाखारूप मन्त्रसंहिता शाङ्खायन, आश्वलायन (ज-जसले तिनको व्याख्यान गरे) इत्यादि ऋषिहरूकै नामबाट प्रसिद्ध भएको कुरा उल्लेख गरेका छन् (स.प्र., समु. ७, पृ. १४६)। दयानन्दीय मतका समर्थक विद्वान्हरूले वेदका विभिन्न शाखामा रहेका **'भ्रातृव्यस्य वधाय** (मा.सं. १.१८) > **द्विषतो वधाय** (काण्वसं. १.३); **सचिविदं सखायम्** (ऋ. १०.७१.६) > **सखिविदं सखायम्** (तै.आ.

२५१. द्र.- सत्यार्थप्रकाश, समु.७, पृ.१४६। ऋग्वेदादिभाष्यभूमिकाको 'ग्रन्थप्रामाण्याऽप्रामाण्यविषयः' पृ. ३१६-३१७। वैदिक वाङ्मय का इतिहास, प्रथम भाग, पृ. १७६-१७९ र १५३।

२५२. द्र.- ऋग्वे.भा.भू. 'वेदोत्पत्तिविषयः' पृ. ११-१८।

१.३.१ र २.१५.१); **इषे त्वोर्जे त्वा वायवः स्थोपायवः स्थ** (तै.सं. १.१.१.१) > **इषे त्वोर्जे त्वा वायवस्स्थोपायवस्स्थ** (काठकसं. १.१) > **इषे त्वा सुभूताय वायव स्थ** (मै.सं. १.१.१); **एष वोऽमी राजा** (मा.सं. ९.४०, १०.१८) > **एष वः कुरवो राजैष वः पञ्चाला राजा** (काण्वसं. ११.३.३) > **एष वो भरता राजा** (तै.सं. १.८.१०.२) > **एष ते जनते राजा'** (काठकसं. १५.७ र मै.सं. २.६.९) इत्यादि पाठान्तरलाई नै वेदका व्याख्यान मान्दछन्। अर्थात् उनीहरूका विचारमा ऋग्वेदसंहिता (शाकलशाखा), यजुर्वेदसंहिता (वाजसनेयि-शुक्लयजुर्वेद-माध्यन्दिनीयशाखा), सामवेदसंहिता (कौथुमशाखा) र अथर्ववेदसंहिता (शौनकीयशाखा) मूलवेद तथा यी संहितामा रहेका पाठ मूल हुन् भने त्यही अर्थलाई बताउने पाठान्तरयुक्त अन्य सबै संहिता शाखा वा मूलवेदका व्याख्यान हुन्[२५३]।

यसप्रकार दयानन्द र उनको मतका समर्थक विद्वान्हरूले शाखाहरूलाई अथवा वेदका पाठान्तरलाई मूलवेदका व्याख्यान भने पनि त्यसलाई पुष्टि गर्ने स्पष्ट प्रमाण उनीहरूले दिन सकेका छैनन्। **पहिलो विषय** वर्तमानमा उपलब्ध र बहुप्रसिद्ध ऋगादि वेदका चार संहितालाई उनीहरूले अनादिपरम्परासिद्ध मूलवेद माने पनि ती सबै शाखासंहिता नै हुन्। दयानन्दले वृक्षरूप मन्त्रसंहिता परमेश्वरकै नामबाट र शाखारूप मन्त्रसंहिता विभिन्न ऋषिका नामबाट प्रसिद्ध भएको तर्क राखे पनि त्यो पूर्णतः निराधार छ। किनभने वर्तमानमा उपलब्ध सबै मन्त्रसंहिता र ब्राह्मणग्रन्थ कुनै न कुनै शाखाका (शाखाप्रवक्ता आचार्य वा ऋषिका) नामबाट नै धेरै पहिलेदेखि प्रसिद्ध हुँदै आएका छन्। दयानन्दले परमेश्वरकै नामबाट प्रसिद्ध र मूलवेद भनेका चारवटै संहिता क्रमशः शाकलशाखा, शुक्लयजुर्वेद-माध्यन्दिनीयशाखा, कौथुमशाखा र शौनकीयशाखाका नामबाट नै वैदिक साहित्यमा प्रसिद्ध छन् र यो कुरा उनकै मतका समर्थक विद्वान्हरूले समेत स्विकारेको देखिन्छ[२५४]। यसबाट वर्तमानमा उपलब्ध वैदिक संहितामध्ये कुनैलाई मूलवेद र कुनैलाई शाखावेद भन्ने दयानन्दको तर्क स्वतः खण्डित हुन्छ।

दोस्रो विषय माथि उद्धृत गरेजस्तै वेदका विभिन्न शाखामा व्यवस्थित रूपले रहेका पाठान्तरलाई मूलवेदका व्याख्यान अर्थात् शाखा मान्ने दयानन्दीय

---

२५३. द्र.- स.प्र., समु. ७, पृ. १४६। वै.वा.इ. प्रथम भाग, पृ. १७६-१७९। ऋग्वे.भा.भू. 'ग्रन्थ-प्रामाण्याऽप्रामाण्यविषयः' पृ. ३१६।

२५४. अत्रेदं विचार्यते– यत् काश्चतस्रो मन्त्रसंहिताश्चैतादृश्यो याः शाखाप्रवक्तृनामभिर्न व्यवह्रियन्त इति? तथा सति कासां संहितानां स्वतःप्रामाण्यं स्वीक्रियते ग्रन्थकारेण, कासां च शाखात्वं मत्वा परतःप्रामाण्यमिति? अत्रोच्यते– ग्रन्थकृता याश्चतस्रः संहिता वेदत्वेनाऽभ्युपगतास्ता अपि तत्तत्प्रवक्तृनामभिर्व्यवह्रियन्ते, यथा शाकलसंहिता, माध्यन्दिनसंहिता, कौथुमसंहिता, शौनकसंहिता चेति.....।-युधिष्ठिरमीमांसक, ऋग्वे.भा.भू. 'ग्रन्थप्रामाण्याऽप्रामाण्यविषयः' पृ. ३१६, टि. ३।

मतको तर्क पनि कुन मूलसंहिता र कुन शाखासंहिता हुन् भन्ने नै नछुट्टिएपछि स्वतः खण्डित हुन्छ। यसअतिरिक्त दयानन्दले भनेजस्तै शाकल, माध्यन्दिन, कौथुम र शौनक शाखालाई मूलसंहिता (वेद) नै माने पनि चार मन्त्रसंहिताबाहेकका अन्य मन्त्रसंहिताहरूमा रहेका पाठान्तरलाई मूल संहिताका व्याख्यान मान्न सकिने अवस्था कथमपि देखिँदैन। किनकि माथि प्रस्तुत गरिएका पाठान्तर निश्चित शाखाका निश्चित मन्त्रका निश्चित अवयवमात्र हुन्, पूर्ण मन्त्र होइनन्। त्यसैले विभिन्न शाखामा रहेका केही मन्त्रका निश्चित पाठान्तरलाई व्याख्यान मान्न सकिँदैन। यदि शाखामा रहेका पाठान्तर मूल संहिताका व्याख्यान भएका भए त्यस्ता पाठान्तर निश्चित मन्त्रका निश्चित अंशमा मात्र होइन, धेरै मन्त्रका धेरै अंशमा रहेको देखिनुपर्थ्यो, तर त्यस्तो देखिँदैन। यसको विपरीत एउटै वेदका विभिन्न शाखासंहिताको तुलनात्मक अध्ययन गर्दा निश्चित मन्त्रहरूमा केही पाठभेद, उच्चारणभेद र क्रमभेद रहे पनि धेरै मन्त्रमा समान पाठ र समान क्रम रहेको वास्तविकता छर्लङ्ग हुन्छ। अर्थात् एउटै वेदका विभिन्न शाखामा पढिएका मन्त्रहरूका बीचमा परस्पर धेरै पाठभेद र क्रमभेद रहेको हुँदैन। मन्त्रसङ्ख्या र तिनको निर्देश गर्ने क्रममा (मन्त्र, कण्डिका, सूक्त, अनुवाक, प्रपाठक, वर्ग इत्यादिमा) भने शाखाहरूका बीचमा एकरूपता नहुन सक्छ। यदि शाखागत आंशिक पाठभेदलाई नै व्याख्यान मान्ने हो भने ऋगादि चारै वेदका **'सहस्रशीर्षा'** इत्यादि असङ्ख्य मन्त्रमा रहेका पाठान्तरलाई[२५५] पनि व्याख्यान नै मानेर एउटा वेदलाई मूलसंहिता र अर्को वेदलाई शाखासंहिता भन्नुपर्ने स्थिति आउँछ। तर यस्तो कुरो अरू त के, स्वयं दयानन्द र उनका मतानुयायी विचारकहरूलाई पनि स्वीकार्य छैन। त्यसैले पाठान्तरलाई मूलवेदका व्याख्यान मान्ने कुरो निराधार हो।

तेस्रो विषय हाम्रो सनातन परम्परामा प्रत्येक वेदका आ-आफ्ना शाखासँग सम्बद्ध ब्राह्मणग्रन्थहरूमा गरिएको विधानअनुसार तत्तत् शाखाका श्रौतसूत्रहरूले आ-आफ्ना शाखासंहितामा पढिएका मन्त्रहरूको विभिन्न यज्ञकर्ममा विनियोग बताउँदछन् र सोहीअनुरूप याज्ञिकहरूले कर्ममा मन्त्रको विनियोग गर्दछन्। यसरी यज्ञमा मन्त्रको विनियोग (प्रयोग) गर्दा आफ्ना शाखासंहितामा जस्तो पाठ पढिएको छ सोहीअनुरूप गर्नुपर्दछ, शाखान्तरीय पाठको प्रयोग गर्नु हुँदैन भन्ने शास्त्रीय मान्यता रहेको छ। उदाहरणका लागि वाजसनेयि-शुक्लयजुर्वेदसंहिताको एक मन्त्रमा 'वायवः स्थ' (१.१) पाठ छ भने कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहितामा 'वायवः स्थ, उपायवः स्थ' (१.१.१) पाठलाई एक मन्त्र मानिएको छ। अतः माध्यन्दिन-शतपथब्राह्मणले उक्त मन्त्रको विनियोग बताउने क्रममा शाखान्तरीय पाठ **'उपायवः**

---

२५५. सहस्रशीर्षा पुरुषः....स भूमिं विश्वतो वृत्वा (ऋ. १०.९०.१), ...स भूमिं सर्वतो वृत्वा (सा.वे. ६१७), ...स भूमिं सर्वत स्पृत्वा (मा.सं. ३१.१), सहस्रबाहुः पुरुषः....स भूमिं विश्वतो वृत्वा (अ.सं. १९.६.१)।

स्थ'लाई निषेध गरी **'वायवः स्थ'** मात्र पढ्नुपर्छ भन्ने विधान गरेको छ[२५६]। यदि शाखा मन्त्रका व्याख्यान (पाठान्तर) भएका भए यज्ञमा मूलवेदका मन्त्रकै प्रयोग हुनुपर्थ्यो, न कि शाखागत पाठान्तरको। वस्तुतः आ-आफ्ना शाखासंहितामा पढिएका विभिन्न पाठान्तरलाई तत्तत् शाखाका ब्राह्मणग्रन्थ, श्रौतसूत्र र याज्ञिकहरूले मन्त्र नै मानेर यज्ञमा तिनको (पाठान्तरको) विनियोग गर्दछन्। त्यसैले एउटै वेदका विभिन्न शाखामा रहेका पाठान्तर कुनै मूल वेदका व्याख्यान नभएर शाखागत मन्त्र नै हुन् भन्ने स्पष्ट हुन्छ।

उपर्युक्त विवेचनाबाट वेदका शाखासम्बन्धमा स्वामी दयानन्द सरस्वती र उनका मतानुयायी कतिपय विद्वान्हरूले दिएका तर्क निराधार हुन् भन्ने पुष्टि हुन्छ। अर्थात् उनीहरूले भनेजस्तै वर्तमानमा उपलब्ध शाखामध्ये कुनै मूलवेद र कुनै शाखावेद (शाखासंहिता) नभएर सबै शाखा नै हुन्। त्यसैले कुनै शाखा स्वतः प्रामाण्य र कुनै परतः प्रामाण्य हुन सक्तैनन्। एउटै वेदका विभिन्न शाखामा वा चार वेदका भिन्नभिन्न संहितामा रहेका पाठान्तर (एउटै अर्थबोधक पद) कुनै शाखा वा वेदका व्याख्यान नभएर ती आ-आफ्ना शाखा वा वेदका मन्त्र नै हुन्।

८. वेदका अङ्ग र उपाङ्गशास्त्रहरू

यसअघि वेदका प्रमुख भाग मन्त्रसंहिता र तत्सम्बद्ध विषय, ब्राह्मण, आरण्यक, उपनिषद्लगायत वेदका शाखासम्बन्धी विस्तृत विवरण प्रस्तुत गरियो। यस प्रकरणमा माथि उल्लेख गरिएका वेदका अङ्ग र उपाङ्गसम्बद्ध ग्रन्थका विषयमा सङ्क्षिप्त चर्चा प्रस्तुत गरिएको छ।

८.१ वेदाङ्गशास्त्र-प्रणयनको पृष्ठभूमि

वेद विश्वकै अति प्राचीन र भावको गाम्भीर्य बोकेको वाङ्मय हो भन्ने कुरा पौरस्त्य तथा पाश्चात्त्य सबै विद्वान्हरूले स्विकारेका छन्। अति प्राचीन कालमा रचना गरिएको सामान्य कृतिको आशय बुझ्न त पछिल्ला पुस्तालाई कठिन हुन्छ भने आधिभौतिक, आधिदैविक र आध्यात्मिक रहस्यले ओतप्रोत भएका तथा भाषिक दृष्टिले समेत केही पृथक् नियममा आबद्ध वैदिक ऋचाहरूको अर्थगाम्भीर्य बुझ्न हामीजस्ता साधारण मानिसलाई कठिन हुनु स्वाभाविक कुरा हो। हामीजस्ताको के कुरा, अति प्राचीन कालका श्रुतर्षिहरूलाई समेत वेदको अर्थ (धर्मको प्रत्यक्षज्ञान) दुरूह बन्दै गएको तथ्य निरुक्तकार यास्कले उल्लेख गरेका छन्। यास्कका अनुसार पहिला कठिन तपस्याका प्रभावले[२५७] ऋषिहरूले धर्मको

२५६. तस्मादाह– 'वायवः स्थ' इति। 'उपायवः स्थ' इत्युहैक आहुः, उप हि....तदु तथा न ब्रूयात्।-श.ब्रा. १.७.१.३; तु.- १.४.१.३५।

२५७. ऋषीणां तप्यतामुग्रं तपः परमदुश्चरम्। मन्त्राः प्रादुर्बभूवुर्हि पूर्वमन्वन्तरेष्विह॥
-वायुपु. ५९.६०-६१। द्र.- मत्स्यपु. १४५.६२।

साक्षात्कार गरेका[२५८] (के काम गर्दा कस्तो फल प्राप्त हुन्छ भन्ने फलविपरिणाम बुझेका) थिए[२५९]। कालक्रमअनुसार पछिल्ला पुस्ताहरूमा (आफूभन्दा उत्तरकालिक ऋषिहरूमा) धर्मको साक्षात्कार गर्ने क्षमता कम हुँदै गएको देखेपछि उनीहरूले उत्तरकालिक ऋषिहरूलाई आफूले साक्षात्कार गरेको धर्मको उपदेश मन्त्रद्वारा गर्न थाले[२६०]। अर्थात् उनीहरूले आफूले साक्षात्कार गरेका विभिन्न मन्त्रहरू गुरु-शिष्य प्रक्रियाद्वारा अन्य ऋषिहरूलाई सुनाउँदै गए[२६१]। प्राचीन ऋषिहरूले श्रवणविना नै धर्मको (वैदिक मन्त्रहरूको) साक्षात्कार गरेका थिए। अतः मन्त्रद्रष्टा भएका कारण उनीहरूको **'ऋषित्व'**[२६२] स्वतःसिद्ध थियो, किन्तु पछिल्ला ऋषिहरू मन्त्रद्रष्टा (धर्मको साक्षात्कार गरेका) नभई मन्त्रका श्रवणकर्ता भएका हुँदा अर्थात् मन्त्रको श्रवणपछि मात्र धर्मको ज्ञान गर्न सक्ने भएकाले उत्तरकालिक ऋषिहरूलाई **'श्रुतर्षि'** भनिन्छ[२६३]। यिनै श्रुतर्षिहरूले आफूले प्राप्त गरेको मन्त्रोपदेशका आधारमा मन्त्रका क्रम र प्रकरण मिलाई मन्त्रसंहिताका रूपमा वेदको अध्ययन-अध्यापन परम्परालाई अगाडि बढाउँदै गए र ब्राह्मणग्रन्थद्वारा यज्ञको स्वरूप निश्चित गरी त्यसमा (यज्ञमा) मन्त्रप्रयोगको व्यवस्थासमेत मिलाए। कालक्रमअनुसार अगाडि बढ्दै जाँदा आफूभन्दा पछाडिका पुस्तालाई वेदको श्रवणपरम्परा धान्न पनि कठिन हुने अनुभव गरी श्रुतर्षिहरूले श्रुतिपरम्परामा मात्र सीमित वेदको अध्ययन-अध्यापनको क्रमलाई अझै सरल बनाउने उपाय खोज्दै गए। फलस्वरूप मन्द प्रतिभा, क्षीण आयु इत्यादिका कारण श्रुतिपरम्पराबाट (मौखिक पठनपाठनबाट) मात्र वेदार्थ ग्रहण गर्न कठिन अनुभव गर्दै गएका अवरकालिक (पछिल्ला पुस्ताका) मनुष्यहरूलाई वेदार्थ, यसको अध्ययनप्रक्रिया, यज्ञको अनुष्ठान, वेदमूलक आचारविचार इत्यादि बुझ्न सजिलो होस् भन्ने उन्नत भावनाबाट प्रेरित भई श्रुतर्षिहरूले **(१) शिक्षा, (२) कल्प, (३) व्याकरण, (४) निरुक्त, (५) छन्द** र **(६) ज्योतिष** नामका वेदका छ अङ्गहरू प्रणयन गरेका हुन्[२६४]।

---

२५८. साक्षात्कृतधर्माण ऋषयो बभूवुः।-निरुक्त १.२०.२।

२५९. ऋषन्ति अमुष्मात् कर्मण एवमर्थावता मन्त्रेण संयुक्तादमुना प्रकारेणैवंलक्षणः फलविपरिणामो भवतीत्यृषयः। तदेतत् कर्मणः फलविपरिणामदर्शनमौपचारिक्या वृत्त्योक्तम्– 'साक्षात्कृत-धर्माण' इति। न हि धर्मस्य दर्शनमस्ति, अत्यन्तापूर्वो हि धर्मः।-ऐ., दुर्गावृत्ति।

२६०. तेऽवरेभ्योऽसाक्षात्कृतधर्मभ्य उपदेशेन मन्त्रान् सम्प्रादुः।-ऐ.।

२६१. ते अवरेभ्य उपदेशेन शिष्योपाध्यायिकया वृत्त्या मन्त्रान् ग्रन्थतोऽर्थतश्च सम्प्रादुः सम्प्रदत्तवन्तः, तेऽपि चोपदेशेनैव जगृहुः॥-ऐ., दुर्गावृत्ति।

२६२. ऋषिर्दर्शनात् -नि. २.११.१। अनधीतमेव तत्त्वतो ददृशुः तपोविशेषेण -दुर्गावृत्ति।

२६३. अवरेभ्योऽवरकालीनेभ्यः शक्तिहीनेभ्यः श्रुतर्षिभ्यः। तेषां हि श्रुत्वा ततः पश्चादृषित्वमुपजायते, न यथा पूर्वेषां साक्षात्कृतधर्मणां श्रवणमन्तरेणैव॥- दुर्गाचार्य, निरुक्तवृत्ति १.२०.२। द्र.- 'ऋषि पाँच प्रकारका' -वै.वा.इ., भाग १, पृ. ३४६।

२६४. उपदेशाय ग्लायन्तोऽवरे बिल्मग्रहणायेमं ग्रन्थं समाम्नासिषुर्वेदं च वेदाङ्गानि च।-नि. १.२०.२।

८.२ 'अङ्ग' शब्दको अर्थ

'अङ्ग' शब्दको व्युत्पत्तिलभ्य अर्थ **'उपकारक'** भन्ने हुन्छ– **'अङ्ग्यन्ते ज्ञायन्ते अमीभिरित्यङ्गानि'**। अर्थात् जसबाट कुनै वस्तुको स्वरूप ज्ञान गर्न, विषयको अर्थ बुझ्न, प्रयोग वा अनुष्ठानमा पूर्णता ल्याउन सहायता मिल्दछ त्यस्ता विषयवस्तु, ज्ञान, प्रयोग आदिलाई 'अङ्ग' भनिन्छ। वेदका अङ्ग अर्थात् वेदाङ्ग भनेका माथि उल्लेख गरिएका छप्रकारका वाङ्मय हुन्। वेदाङ्गहरूले वेदको अध्ययन-अध्यापन प्रक्रिया, वेदमा प्रतिपादित वा सङ्केतित यज्ञका विभिन्न स्वरूप, तिनको अनुष्ठान गर्ने विधि, सामाजिक आचारविचार, वैदिक शब्दहरूको स्वरूप तथा तिनको अर्थ इत्यादि कुरा बुझ्न र प्रयोग गर्न ठूलो सहयोग पुऱ्याउँछन्। **मुण्डकोपनिषद्**मा (१.१.४-५) परम पुरुषार्थप्राप्तिका (ब्रह्मज्ञानका) साधनभूत धर्मज्ञानका हेतु भएकाले वेद र वेदाङ्गलाई **'अपरा विद्या'** भनिएको छ भने वेदकै एक अंश उपनिषद्लाई **'परा विद्या'** भनिएको छ ।

८.३ वेदका अङ्गशास्त्रको मुख्य प्रयोजन

वेद पौरस्त्य ज्ञान-विज्ञान, धर्म, दर्शन, साहित्य, संस्कृति र सदाचारका मूल स्रोत हुन्। त्यसैले पौरस्त्य परम्परामा वेदप्रति अत्यन्त श्रद्धा गर्ने र यिनलाई अति पवित्र एवं प्रामाणिक ग्रन्थका रूपमा स्विकार्ने गरिन्छ। यही श्रद्धा र पवित्रताका कारण वेदका प्रत्येक स्वर, वर्ण, अक्षर, पद आदिमा किञ्चित् परिवर्तन वा च्युति हुनु महान् अनर्थ हो भन्ने मान्यता प्राचीन कालदेखि रहीआएको छ। मन्त्रसंहिता र ब्राह्मणग्रन्थ दुवैलाई वेद मान्ने प्राचीन परम्पराअनुसार वेदको स्वरूपलाई हेर्ने हो भने एकातर्फ स्वर, वर्ण, पद आदिले युक्त नियतानुपूर्वी मन्त्रसंहिता रहेका छन् भने अर्कातर्फ तिनै मन्त्रलाई आधार मानी यज्ञका विभिन्न स्वरूप र तिनको अनुष्ठानसम्बन्धी विस्तृत चर्चा गरिएका ब्राह्मणग्रन्थहरू रहेका छन्। यिनै मन्त्र-ब्राह्मणात्मक वेदका उच्चारणपक्ष, अर्थपक्ष र प्रयोगपक्षको संरक्षण तथा संवर्धन गरी सुदीर्घकालिक इतिहास बोकेको विश्वसभ्यताको आदिम स्रोत वेदप्रति सबैको आस्था र विश्वास जगाउन तथा पछिल्ला पुस्तालाई आफ्नो परम्पराप्रति गर्व गर्न सक्ने बनाउन ऋषिहरूले वेदाङ्गवाङ्मयको उपदेश गरेका हुन्। छवटै वेदाङ्गको विशिष्ट प्रयोजन सङ्क्षेपमा यसप्रकार उल्लेख गर्न सकिन्छ।

८.३.१ शिक्षाशास्त्रको प्रयोजन

वेदका मन्त्रको यथार्थ उच्चारण गर्न सिकाउनु शिक्षाशास्त्रको मुख्य प्रयोजन

निरुक्तकार यास्कको प्रस्तुत वाक्यको व्याख्यामा वृत्तिकार दुर्गाचार्यले 'एकात्मक वेदलाई वेदव्यासले विभिन्न शाखामा विभक्त गरेर उपदेश गरेको' कुरा पनि उल्लेख गरेका छन्। यसबाट वेदका शाखा र वेदाङ्गको उपदेश श्रुतर्षिहरूबाट समकालमा भएको भन्ने बुझिन्छ। त्यसैले यो विषय चिन्तनीय छ।

हो । शिक्षाशास्त्रमा मुख्यतः स्वशाखीय वेदका मन्त्रमा निहित स्वर-व्यञ्जनादि वर्णको, उदात्त, अनुदात्त, स्वरित इत्यादि स्वरको उच्चारणविधि; मन्त्रोच्चारण, हस्तस्वर प्रदर्शन आदिमा आवश्यक पर्ने शरीरका विभिन्न अवयवको स्थिति; अध्ययनविधि, गुरु र शिष्यका धर्मजस्ता विभिन्न विषयको विस्तृत चर्चा गरिएको हुन्छ। तैत्तिरीयोपनिषद्मा वर्ण, स्वर, मात्रा, बल, साम र सन्तानलाई शिक्षाशास्त्रका विषय मानिएको छ[२६५] । अर्थात् वैदिक मन्त्रमा रहेका अ, आ, इ, ई ... क्, ख्, ग् इत्यादि **वर्ण**; अकारादि वर्णको उदात्त, अनुदात्त वा स्वरित रूपमा गरिने उच्चारणका प्रकार **(उदात्तादि स्वर)**; अकारादि स्वरको परिमाणविशेषको अर्थात् ह्रस्वादि **मात्राको**[२६६]; वर्णहरूको उच्चारण गर्ने स्थान र प्रयत्नको **(बलको)** जानकारी दिनु र मन्त्रको दोषरहित माधुर्यादि गुणयुक्त उच्चारण[२६७] **(साम)** सिकाउनु शिक्षाशास्त्रको उद्देश्य हो । यसैगरी **सन्तान** भनेको दुई वर्णका बीचको सन्धि (वर्णको लोप, आगम, विकार वा प्रकृतिभाव हुने योग) अर्थात् संहिता (वर्णहरूको अतिशय सान्निध्य) हो[२६८] । यद्यपि पदहरूको स्वतन्त्र अस्तित्व हुन्छ तथापि कहिलेकाहीं आवश्यकताअनुसार एउटा पदको उच्चारणपछि तुरुन्त अर्को पदको उच्चारण गरे मात्र वाक्यको अर्थ स्पष्ट हुन्छ। यही कुरालाई यहाँ सन्तान (संहिता) भनिएको हो। यसप्रकार मन्त्रोच्चारणका विभिन्न नियमको शिक्षण गर्नु शिक्षाशास्त्रको मुख्य प्रयोजन हो । यस्ता शिक्षाग्रन्थ वेदका प्रत्येक शाखाअनुसार प्रायः भिन्नाभिन्नै उपलब्ध हुन्छन् । यीमध्ये ऋग्वेदको शैशिरीयशिक्षा, कृष्णयजुर्वेदको व्यासशिक्षा, शुक्लयजुर्वेदको याज्ञवल्क्यशिक्षा, सामवेदको नारदीयशिक्षा, अथर्ववेदको माण्डूकी शिक्षा र सर्ववेदसाधारण पाणिनीयशिक्षा मुख्य मानिन्छन् । शिक्षाशास्त्रसम्बन्धी विस्तृत विवरण र प्रत्येक शिक्षाग्रन्थको पृथक् पृथक् परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.२ कल्पशास्त्रको प्रयोजन

मन्त्रको प्रकृति र आशय बुझी विभिन्न यज्ञमा तिनको यथार्थ विनियोग गर्न, अविकलित रूपमा विभिन्न द्रव्ययज्ञ सम्पन्न गर्न, विभिन्न संस्कारहरूको

---

२६५. शीक्षां व्याख्यास्यामः। वर्णः, स्वरः, मात्रा, बलम्, साम, सन्तानः। इत्युक्तः शीक्षाध्यायः।-१.२.१।

२६६. एकमात्रो भवेद् ह्रस्वो द्विमात्रो दीर्घ उच्यते। त्रिमात्रस्तु प्लुतो ज्ञेयो व्यञ्जनञ्चार्धमात्रिकम् ॥ -याज्ञवल्क्यशिक्षा १.१६ । अर्थात् ह्रस्व, दीर्घ तथा प्लुत स्वरको उच्चारण-काललाई क्रमशः एकमात्र, द्विमात्र र त्रिमात्र भनिन्छ भने व्यञ्जनको उच्चारण-काललाई आधामात्रा मानिएको छ।

२६७. माधुर्यमक्षरव्यक्तिः पदच्छेदस्तु सुस्वरः। धैर्यं लयसमर्थञ्च षडेते पाठका गुणाः ॥ -पाणिनीयशिक्षा ३३ पद्य।

२६८. परः सन्निकर्षः संहिता।-पाणिनीय अष्टाध्यायी सूत्रपाठ १.४.१०९ ।

अनुष्ठानद्वारा संस्कृत बन्न, विभिन्न किसिमका सामाजिक धर्म र नियमहरूको यथार्थ परिपालन गर्न मानवसमाजलाई अभिप्रेरित गर्नु कल्पशास्त्रको मुख्य प्रयोजन हो। कल्पशास्त्र पनि श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र र परिशिष्ट गरी चार भागमा विभक्त छ।

८.३.२.१ श्रौतसूत्र (श्रौतकल्प)

वेदका मन्त्र तथा ब्राह्मणभागमा क्रमबद्ध वर्णन गरिएका अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमासजस्ता विभिन्न श्रौतयज्ञहरूको सूत्रशैलीमा प्रतिपादन गरिएका ग्रन्थलाई श्रौतसूत्र वा श्रौतकल्प भनिन्छ। यस्ता श्रौतसूत्रहरू प्रत्येक वेदका शाखाअनुसार भिन्नाभिन्नै हुन्छन्। वर्तमानमा उपलब्ध श्रौतसूत्रमध्ये **ऋग्वेदका** आश्वलायन-श्रौतसूत्र र शाङ्खायन-श्रौतसूत्र; **कृष्णयजुर्वेदका** मानवश्रौतसूत्र, वाराहश्रौतसूत्र, भारद्वाज-श्रौतसूत्र, आपस्तम्बश्रौतसूत्र, बौधायनश्रौतसूत्र, हिरण्यकेशी वा सत्याषाढश्रौतसूत्र, वाधूलश्रौतसूत्र, वैखानसश्रौतसूत्र; **शुक्लयजुर्वेदको** कात्यायनश्रौतसूत्र; **सामवेदका** जैमिनीय-श्रौतसूत्र, लाट्यायन-श्रौतसूत्र, द्राह्यायण वा खादिरश्रौतसूत्र, मशक वा आर्षेयकल्प र **अथर्ववेदको** वैतानश्रौतसूत्र प्रमुख मानिन्छन्। उपर्युक्त श्रौतसूत्र र अन्य थप श्रौतसूत्रहरूको पृथक् पृथक् परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.२.२ गृह्यसूत्र (गृह्यकल्प)

वेदका मन्त्रसंहिता तथा ब्राह्मणग्रन्थमा स्पष्ट र पूर्ण रूपमा प्रतिपादित नभएका तर विभिन्न प्रसङ्गमा उल्लिखित र सङ्केतित विषयलाई आधार बनाएर ऋषिहरूले स्मरण गरी एकत्रित गरेका स्नान, सन्ध्योपासन, तर्पण, श्राद्ध, देवार्चनजस्ता स्मार्तकर्म र गर्भाधान, पुंसवन, उपनयन, विवाह, अन्त्येष्टिजस्ता संस्कारहरूको सूत्रशैलीमा वर्णन गरिएका ग्रन्थलाई गृह्यसूत्र, गृह्यकल्प वा स्मार्तसूत्र भनिन्छ। गृह्यसूत्रहरू पनि प्रत्येक वेदका शाखाअनुसार प्रायः भिन्नाभिन्नै हुन्छन्। वर्तमानमा उपलब्ध गृह्यसूत्रमध्ये **ऋग्वेदका** आश्वलायन-गृह्यसूत्र, शाङ्खायन-गृह्यसूत्र, कौषीतकि-गृह्यसूत्र; **कृष्णयजुर्वेदका** काठक वा लौगाक्षि-गृह्यसूत्र, मानव-गृह्यसूत्र, वाराह-गृह्यसूत्र, भारद्वाज-गृह्यसूत्र, आपस्तम्ब-गृह्यसूत्र, बौधायन-गृह्यसूत्र, हिरण्यकेशी वा सत्याषाढ-गृह्यसूत्र, आग्निवेश्य-गृह्यसूत्र, वैखानस-गृह्यसूत्र; **शुक्लयजुर्वेदका** पारस्कर-गृह्यसूत्र र कात्यायन-गृह्यसूत्र; **सामवेदका** जैमिनीय-गृह्यसूत्र, गोभिल-गृह्यसूत्र, कौथुम-गृह्यसूत्र, द्राह्यायण वा खादिरगृह्यसूत्र र **अथर्ववेदको** कौशिक-गृह्यसूत्र प्रसिद्ध छन्। यी गृह्यसूत्रहरूको पृथक् पृथक् परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.२.३ धर्मसूत्र

धर्मसूत्रमा मुख्यतः वर्णधर्म, आश्रमधर्म, राजधर्म, सामान्यधर्म, सदाचारका विषय, व्यवहार-(न्यायनिरूपण)सम्बद्ध विषय, प्रायश्चित्तकर्मजस्ता विभिन्न विषयको

प्रतिपादन गरिएको हुन्छ। गृह्यसूत्रमा मुख्यतः गृहस्थाश्रमसँग सम्बद्ध विषयको वर्णन गरिएको हुन्छ भने धर्मसूत्रमा प्रायः चारै आश्रमसँग सम्बद्ध विषयहरूको चर्चा पाइन्छ। गृह्यसूत्रहरू प्रायः प्रत्येक वेदका स्वशाखाअनुरूप रचना गरिएका हुन्छन् भने धर्मसूत्रहरूको शाखासम्बन्ध अलि शिथिल प्रतीत हुन्छ।

धर्मसूत्रलाई कसैले कल्परूप वेदाङ्गमा र कसैले धर्मशास्त्ररूप उपाङ्गमा समावेश गरेको देखिन्छ। वस्तुतः धर्मसूत्रलाई वेदाङ्ग वा वेदका उपाङ्ग जे भने पनि यसको सम्बन्ध कल्पशास्त्रसँग नै जोडिने भएकाले यस विषयमा अधिक उल्लेख गर्नु आवश्यक देखिँदैन, तथापि अधिकांश विद्वान्हरूले धर्मसूत्रलाई कल्परूप वेदाङ्गभित्रै राखेर हेर्ने गरेकाले यहाँ पनि उपाङ्गमा धर्मसूत्रको समावेश गरिएको छैन। अर्थात् धर्मसूत्र र धर्मशास्त्रबीचको पारस्परिक सम्बन्ध अत्यन्त निकट भए पनि यिनीहरूका बीचमा शाखासम्बन्ध, रचनाशैली, भाषागत प्रयोग, विषयगत क्रम इत्यादि भिन्नता रहेकाले धर्मसूत्रलाई धर्मशास्त्रअन्तर्गत राख्नुभन्दा कल्पसूत्रअन्तर्गत राख्नु उपयुक्त हुन्छ भन्ने यस ग्रन्थकारको विचार छ।

वर्तमानमा **ऋग्वेदसम्बद्ध** वासिष्ठधर्मशास्त्र वा सूत्र; **शुक्लयजुर्वेदसँग** सम्बद्ध शङ्खलिखितधर्मसूत्र; **कृष्णयजुर्वेदसम्बद्ध** आपस्तम्बधर्मसूत्र, बौधायन-धर्मसूत्र, हिरण्यकेशी वा सत्याषाढधर्मसूत्र, विष्णुधर्मसूत्र, वैखानसधर्मसूत्र र **सामवेदसम्बद्ध** गौतमधर्मसूत्र प्रसिद्ध छन्। यी र केही अन्य धर्मसूत्रको पृथक् पृथक् परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.२.४ परिशिष्ट

'परिशिष्ट' शब्द शेषबोधक वा अधिकारबोधक पाणिनीय धातुमा 'परि' उपसर्ग लागेर निष्पन्न हुन्छ[२६९]। पहिलो धातुबाट निर्मित परिशिष्ट शब्दले अवशेषात्मक (उपयोग गरेर बाँकी रहेको अंश) अर्थको बोध गराउँछ भने दोस्रो धातुबाट निर्मित परिशिष्ट शब्दले अधिकारात्मक वा उपदेशात्मक अर्थ दिन्छ। वेदका परिशिष्टहरू कुनै ग्रन्थ वा प्रकरणविशेषका अवशेषात्मक भाग नभएर उपदेशात्मक ग्रन्थ हुन्। वर्तमानमा चारै वेदसँग सम्बद्ध विभिन्न परिशिष्टग्रन्थ उपलब्ध भए पनि यस्ता ग्रन्थ प्रायः आ-आफ्ना वेदका सबै शाखाका अध्येतालाई काम लाग्ने हिसाबले रचना गरिएका देखिन्छन्। अर्थात् परिशिष्टग्रन्थ वेदका निश्चित शाखाविशेषसँग मात्र सम्बद्ध नभई प्रायः सबै शाखाध्यायीका लागि उपयोगी हुन्छन्। कल्पशास्त्रसँग सम्बद्ध परिशिष्टहरूमा श्रौतसूत्रले, गृह्यसूत्रले वा दुवैले आकाङ्क्षा गरेका विषयहरू प्रतिपादित हुन्छन्।

वैदिक वाङ्मयमा परिशिष्टग्रन्थको सङ्ख्या अत्यधिक रहेको छ। धेरै परिशिष्टको वर्गविभाजन नगर्दा कुन परिशिष्ट कुन वर्गको हो भन्ने अन्योल वैदिक विद्वान्हरूमा समेत देखिएकाले उक्त अन्योल हटाउनका लागि **समग्र वैदिक**

२६९. शिष असर्वोपयोगे (पा.धा. १८१८)। शासु अनुशिष्टौ (पा.धा. १०७५)।

परिशिष्टहरूलाई जम्मा ८ वर्गमा विभक्त गरी तिनीहरूको पृथक् पृथक् परिचय **यसै ग्रन्थको भाग २ मा 'परिशिष्ट-वाङ्मय'**अन्तर्गत दिइएको छ।

८.३.३ व्याकरणशास्त्रको प्रयोजन

वैदिक शब्दहरूको प्रकृति-प्रत्यय निरूपण, पद-पदार्थको सम्बन्ध, पदका उदात्तादि स्वरको ज्ञान दिलाई वेदार्थ निर्णयमा सहयोग पुऱ्याउनु व्याकरणशास्त्रको मुख्य प्रयोजन हो। अर्को शब्दमा भन्दा वैदिक र लौकिक भाषामा प्रयुक्त शब्दहरूको प्रकृति-प्रत्यय देखाई असाधु शब्दको निराकरण र साधु शब्दको पदस्वरूप निदर्शन गरी त्यसको अर्थनिश्चय गर्नु व्याकरणशास्त्रको सामान्य प्रयोजन हो। यसका मुख्य प्रयोजन चाहिँ रक्षा, ऊह, आगम, लघु र असन्देह गरी पाँच किसिमका भएको कुरा पातञ्जल महाभाष्यमा उल्लेख गरिएको छ[२७०]। व्याकरणशास्त्र र यससँग सम्बद्ध विभिन्न ग्रन्थहरूको विशेष परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.४ निरुक्तशास्त्रको प्रयोजन

व्याकरणशास्त्रद्वारा स्पष्ट हुन नसकेका पद-पदार्थको सम्बन्ध निरूपण, कठिन वैदिक शब्दहरूको अर्थनिरूपण र देवतातत्त्वको विवेचना गरी वैदिक मन्त्रको अर्थज्ञानमा सहयोग पुऱ्याउनु निरुक्तशास्त्रको मुख्य उद्देश्य हो[२७१]। निरुक्त निर्वचनविज्ञान, भाषाविज्ञान र शब्दार्थविज्ञानको सबैभन्दा प्राचीन ग्रन्थ हो। हालसम्म उपलब्ध शब्दकोशहरूमा संसारकै सर्वप्राचीन शब्दकोश निघण्टुको व्याख्या निरुक्तले गरेको छ। यास्क-मुनिले रचना गरेको यस ग्रन्थमा करिब ६०० ऋचाहरूको व्याख्या गरिएको छ। यो ग्रन्थ पाणिनीय व्याकरणभन्दा धेरै पुरानो मानिन्छ। निरुक्तशास्त्रको विशेष परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.५ छन्दःशास्त्रको प्रयोजन

वेदका मन्त्रमा रहेका देवताविशेष वा तत्त्वविशेषसित सम्बद्ध विभिन्न छन्दहरूको ज्ञान दिलाई वेदार्थ प्रतिपादनमा सहायता प्रदान गर्नु छन्दःशास्त्रको प्रयोजन हो। सामान्यतः नवीन काव्यको सिर्जना र उच्चारणमा लयमाधुर्य प्रदर्शनका लागि छन्दको ज्ञान आवश्यक हुन्छ भन्ने धारणा कतिपय विद्वान्हरूमा रहेको देखिन्छ। अत एव वैयाकरणहरू 'चदि आह्लादे दीप्तौ च' धातुबाट 'छन्दस्' पद निष्पन्न भएको मान्दछन्। अर्थात् छन्दोबद्ध रचनाको पाठबाट सबैको मन आह्लादित हुने भएकाले श्रवणसुख प्रदान गर्नु नै छन्दःशास्त्रको प्रयोजन हो भन्ने निर्मूल धारणा सामान्य जनमानसमा रहेको पाइन्छ। वस्तुतः वैदिक ऋचा र लौकिक काव्यको समेत यथार्थ ज्ञानका लागि छन्दोज्ञान अपरिहार्य हुन्छ। अत एव महर्षि जैमिनिले

---

२७०. रक्षोहागमलघ्वसन्देहाः प्रयोजनम्।-व्याकरणमहाभाष्य १.१.१।

२७१. निरुक्तं पदविभागमन्त्रार्थदेवतानिरूपणार्थं शास्त्रम् -वर्गद्वयवृत्ति, ऋ.प्रा., सू. ४ को व्याख्या।

अर्थअनुसार पादव्यवस्था भएका मन्त्रलाई ऋचा भनेका छन्[२७२]। अर्थात् एउटा छन्दमा प्रायः चार पाउ हुन्छन्। ती पाउहरूमा प्रयोजनअनुकूल अर्थको सम्पूर्ति भएमा त्यस्ता अर्थानुसार पादव्यवस्था भएका मन्त्र ऋचा हुन्छन् भन्ने जैमिनिको आशय हो। त्यसैले वैदिक मन्त्रको यथार्थ ज्ञान दिलाउनु छन्दःशास्त्रको मुख्य प्रयोजन हो। यसअतिरिक्त वैदिक यज्ञमा विभिन्न मन्त्रको यथायोग्य विनियोग गर्नका लागि पनि छन्दोज्ञान आवश्यक हुन्छ। वैदिक र लौकिक छन्दःशास्त्रसम्बन्धी ज्ञान दिलाउने स्वतन्त्र र प्रामाणिक ग्रन्थ पिङ्गलच्छन्दःसूत्र वर्तमानमा उपलब्ध छ। आचार्य पिङ्गलद्वारा रचित यो ग्रन्थ ८ अध्यायमा विभक्त छ। यस ग्रन्थको आरम्भदेखि ४ अध्यायको सातौं सूत्रसम्म वैदिक छन्द र त्यसपछिका सबै सूत्रमा लौकिक छन्दका बारेमा वर्णन गरिएको छ। यससम्बन्धी अधिक जानकारी यसै ग्रन्थको भाग २ मा दिइएको छ।

८.३.६ ज्योतिषशास्त्रको प्रयोजन

विभिन्न यज्ञका लागि आवश्यक पर्ने तिथि, नक्षत्र, मास, ऋतु इत्यादि कालविशेषको यथार्थ निरूपण गरी यज्ञानुष्ठानमा सहयोग पुऱ्याउनु ज्योतिषशास्त्रको मुख्य प्रयोजन हो। यसमा मुख्यतया अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमासजस्ता श्रौतकर्मसँग सम्बद्ध कालका विषयमा वर्णन गरिएको हुन्छ। ज्योतिषशास्त्रसम्बन्धी उपलभ्यमान ग्रन्थहरूमा पहिलो र प्रामाणिक ग्रन्थ लगधमुनिद्वारा प्रोक्त वेदाङ्गज्योतिष हो। यसको रचनाकाल ई.पू. १४१० मानिन्छ। यसमा पञ्चवर्षात्मक युग, माघशुक्लादि संवत्सर, अयन, ऋतु, मास, पक्ष, तिथि, पर्व, विषुवत्तिथि, नक्षत्र, अधिमास इत्यादि श्रौतस्मार्त कृत्यका लागि आवश्यक विषयहरू प्रतिपादित छन्। ज्योतिषशास्त्रसम्बन्धी अन्य परिचय यसै ग्रन्थको भाग २ मा दिइएको छ।

यसप्रकार वेदका छवटै अङ्गको अध्ययनविना वेदको यथार्थ ज्ञान असम्भव हुने भएकाले यही कुरा स्पष्ट पार्न **चरणव्यूहसूत्र** (यजुर्वेदखण्ड), **पाणिनीय-शिक्षा** आदिमा उक्त षडङ्गलाई वेदपुरुषका विभिन्न अङ्गका रूपमा चित्रण गरिएको छ[२७३]। जसअनुसार शिक्षाशास्त्र वेदपुरुषको नाक, कल्पशास्त्र हात, व्याकरणशास्त्र मुख, निरुक्तशास्त्र कान, छन्दःशास्त्र पाउ र ज्योतिषशास्त्र आँखा हुन्।

ऋषिहरूले वेदमा प्रत्यक्ष उपदिष्ट कतिपय विषय वा शब्दहरूको सङ्कलन गरेर तथा कतिपय विषय वेदमा प्रत्यक्ष उपलब्ध नहुने तर विभिन्न शाखा-प्रशाखामा सङ्केतित उक्त छ वेदाङ्ग र छ उपाङ्गसँग सम्बद्ध विभिन्न विषय र प्रसङ्गहरूको स्मरण गरी ग्रन्थका रूपमा उपदेश गरेका हुनाले वेदाङ्ग र वेदका उपाङ्गहरूलाई 'स्मृति' भन्ने गरिन्छ। यीमध्ये पनि वेदाङ्गहरूलाई **'महास्मृति'** र मनुस्मृति, याज्ञवल्क्यस्मृति-

---

२७२. जैमिनीयधर्ममीमांसासूत्र २.१.३५।

२७३. छन्दः पादौ तु वेदस्य हस्तौ कल्पोऽथ पठ्यते। ज्योतिषामयनं चक्षुर्निरुक्तं श्रोत्रमुच्यते॥ शिक्षा घ्राणं तु वेदस्य मुखं व्याकरणं स्मृतम्। तस्मात् साङ्गमधीत्यैव ब्रह्मलोके महीयते॥-शौनकीय तथा कातीय चरणव्यूहसूत्रको यजुर्वेदखण्ड र पा.शि. ४१-४२ पद्य।

लगायतका मुख्यतः 'स्मृति' नामबाट प्रसिद्ध स्मृतिहरूलाई **'अनुस्मृति'** भनिन्छ। वैदिक परम्परामा यिनै षडङ्गलाई **'षट्शास्त्र'** पनि भनिन्छ।

८.४ वेदका उपाङ्गशास्त्रहरू

वेदका उपाङ्गहरू, यिनको नाम र सङ्ख्याका विषयमा विभिन्न ग्रन्थमा विभिन्न किसिमले उल्लेख गरिएको पाइन्छ। यज्ञेश्वरप्रणीत **'आर्यविद्यासुधाकर'** नामक ग्रन्थमा धर्मशास्त्र, पुराण, मीमांसा र न्यायविस्तर गरी चार किसिमका शास्त्रलाई वेदका उपाङ्ग मानिएको छ[२७४]। यो कुरा याज्ञवल्क्यस्मृति (१.३), लौगाक्षिस्मृति, भविष्यपुराण (१.२.६-७), विष्णुपुराण (३.६.२८-२९) इत्यादि स्मृति-पुराणहरूको अनुकूल देखिन्छ[२७५] तापनि शौनकीय चरणव्यूहसूत्र, कातीय-चरणव्यूहसूत्र जस्ता वेदकै परिशिष्ट वा अनुक्रमणी-साहित्यअन्तर्गतका ग्रन्थमा **(१) प्रतिपद (२) अनुपद (३) छन्दोभाषा (४) धर्मशास्त्र (५) मीमांसान्याय र (६) तर्क** गरी जम्मा छ उपाङ्गको उल्लेख भएकाले[२७६] यहाँ पनि यिनै ६ उपाङ्गका बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ।

८.४.१ प्रतिपद

यो उपाङ्ग स्वतन्त्र ग्रन्थका रूपमा हाल उपलब्ध छैन। यसको चर्चा शौनकीय चरणव्यूहसूत्रका व्याख्याता महीदास, अण्णाशास्त्री आदिले गरेका छन् तर यसको वास्तविक ग्रन्थ कुन हो, यसका प्रतिपाद्य विषयवस्तु केके हुन् इत्यादि विषयका बारेमा स्पष्ट उल्लेख कतै पाइँदैन। कातीय चरणव्यूहको पीयूषकणिकाख्य व्याख्यामा गुरुवर डा. श्रीकिशोर मिश्रले **'प्रतिपद भनेको वेदका प्रत्येक चरणलाई आधार मानी रचना गरिएको उपाङ्गशास्त्र हो'**[२७७] भन्ने सङ्केतमात्र गर्नुभएको छ। उहाँले यस विषयमा अन्य केही कुरा खुलाउनुभएको छैन। 'वैदिक धर्म मूल रूपमा' नामक ग्रन्थका लेखक शिवराज आचार्यले शमान, विसर्गलोपालोप, रङ्ग, विलङ्घ्य, न-त-पर, अवर्णि, अनवग्रह इत्यादिजस्तो **शिक्षारूप वेदाङ्गको अनुगामी र पदपाठज्ञानोपयोगी विद्यास्थान 'प्रतिपद'** हुन सक्ने अनुमान गरेका छन् (पृ. १६६)। त्यसैले यसको वास्तविक स्वरूप के हो निश्चित छैन।

८.४.२ अनुपद

यो उपाङ्ग पनि कस्तो स्वरूपको ग्रन्थ वा शास्त्र हो भन्ने निश्चित छैन।

---

२७४. अथ चत्वार्युपाङ्गानि वेदानां सम्प्रचक्षते। धर्मशास्त्रं पुराणं च मीमांसा न्यायविस्तरः॥-पृ. ४०।
२७५. द्र.- वैदिक धर्म मूल रूपमा, पृ. १६५-१६६, टि. ३-५ (द्वितीय संस्करण २०६२)।
२७६. तथा प्रतिपदमनुपदं छन्दोभाषा धर्मो मीमांसान्यायस्तर्क इत्युपाङ्गानि।-कातीय तथा शौनकीय चरणव्यूह, यजुर्वेदखण्ड।
२७७. प्रतिपदं प्रतिचरणं भिद्यमानमुपाङ्गशास्त्रम्।-वेदशाखापर्यालोचन, पृ. ६३।

सामगानसँग सम्बद्ध 'अनुपदसूत्र' र 'कल्पानुपदसूत्र'[२७८]नामक हाल उपलब्ध ग्रन्थलाई अनुपद भन्ने हो भने यसलाई कल्पशास्त्रसँग सम्बद्ध उपाङ्ग मान्न सकिन्छ।

८.४.३ छन्दोभाषा

यस उपाङ्गका बारेमा विद्वान्हरूमा मतैक्य देखिंदैन। कसैले वेद र वेदाङ्ग-शास्त्रका पद, वाक्य आदिको एकएक गरी गरिने व्याख्यालाई छन्दोभाषा भनिएको अनुमान गर्दै यसलाई व्याकरण र निरुक्तको अनुगामी उपाङ्ग मान्न सकिने विचार व्यक्त गरेका छन्[२७९] भने कसैले 'छन्दोभाषा' भनेको प्रातिशाख्यका नामबाट प्रसिद्ध उपाङ्गशास्त्र हो भनेका छन[२८०]। प्रातिशाख्यलाई पनि कसैले वेदाङ्गको शिक्षाशास्त्रभित्रै समावेश गरेर हेर्नुपर्ने विचार व्यक्त गरेका छन् भने कसैले व्याकरणशास्त्रभित्र र धेरैले स्वतन्त्र उपाङ्गशास्त्रका रूपमा चिनाउने प्रयास गरेका छन्[२८१]। त्यसैले यो विषय्र पृथक् रूपमा विवेचना गर्नुपर्ने भएकाले यहाँ यतिमात्र सङ्केत गर्नु उपयुक्त होला।

८.४.४ धर्मशास्त्र

यो उपाङ्ग कल्परूप वेदाङ्गको अनुगामी शास्त्र हो। कल्पशास्त्रमा विभिन्न स्वरूपका यज्ञको अनुष्ठानसम्बन्धी चर्चा हुने र यज्ञलाई नै धर्म मान्ने प्राचीन परम्पराअनुसार यज्ञ वा धर्मका अनुगामी शास्त्रलाई धर्मशास्त्र भनिएको अनुमान गर्न सकिन्छ। धर्मशास्त्र भनेका विभिन्न किसिमका स्मृति हुन्[२८२]। यद्यपि सबै वेदाङ्ग र उपाङ्ग पनि विभिन्न ऋषिहरूद्वारा स्मरणका आधारमा प्रवृत्त भएका हुनाले स्मृति नै मानिन्छन् र कतिपयले पुराणलाई पनि स्मृतिकै कोटिमा राखेर हेर्ने गरेको पाइन्छ तथापि स्मृतिहरूमा वेदाङ्गस्मृतिको महत्त्वपूर्ण स्थान भएकाले **वेदाङ्गलाई महास्मृति** र अन्यलाई **अनुस्मृति** मान्ने प्राचीन व्यवहारअनुसार **मन्वादि स्मृतिहरू नै धर्मशास्त्र वा स्मृतिका नामले प्रसिद्ध** भएको देखिन्छ।

मनुस्मृति, याज्ञवल्क्यस्मृतिलगायतका १८ प्रधान स्मृतिहरू[२८३];

---

२७८. अनुपदसूत्र र कल्पानुपदसूत्रको जानकारीका लागि द्र.- यसै ग्रन्थको भाग २ मा 'श्रौतसूत्र' नामक शीर्षकअन्तर्गत।

२७९. शिवराज आचार्य, वैदिक धर्म मूल रूपमा, पृ. १६६-१६७ (द्वि.सं. २०६२)।

२८०. छन्दोभाषेति प्रातिशाख्यापरपर्यायमुपाङ्गशास्त्रं प्रसिद्धम्।-श्रीकिशोरमिश्र, वे.पर्या., पृ. ६३।

२८१. द्र.- कौण्डिन्न्यायनशिक्षाको उपबन्ध, पृ.१३-१९; तैत्तिरीयप्रातिशाख्यको वैदिकाभरणव्याख्या १९.५ र १९.९; ज्योत्स्नावृत्तिको भूमिका खष्-खष्ठ इत्यादि।

२८२. धर्मशास्त्रं तु वै स्मृतिः -मनु. २.१०। स्मृतिस्तु धर्मसंहिता -अमरकोष १.६.६।

२८३. मन्वत्रिविष्णुहारीतयाज्ञवल्क्योशनोऽङ्गिराः। यमापस्तम्बसंवर्ताः कात्यायनबृहस्पती॥
पराशरव्यासशङ्खलिखिता दक्षगौतमौ। शातातपो वसिष्ठश्च धर्मशास्त्रप्रयोजकाः॥
-याज्ञवल्क्यस्मृति १.४-५।

जाबालि, नाचिकेतप्रभृति उपस्मृतिहरू[२८४]; १८ महापुराण[२८५]; १८ उपपुराण र ऐतिहासिक ग्रन्थ रामायण[२८६], महाभारत[२८७] इत्यादि धर्मशास्त्रअन्तर्गतका ग्रन्थ मानिन्छन् । यसअतिरिक्त बङ्गालका जीमूतवाहनले लेखेको **दायभाग**, लक्ष्मीधर विरचित **कृत्यकल्पतरु**, श्रीधरविरचित **स्मृत्यर्थसार**, देवण्णभट्टले लेखेको **स्मृतिचन्द्रिका**, हेमाद्रिरचित **चतुर्वर्गचिन्तामणि**, नेपाली विद्वान् चन्द्रेश्वर ठक्कुरले बनाएको **स्मृतिरत्नाकर**, कर्णाटकप्रान्तीय राजा बुक्कका कुलगुरु मन्त्री माधवले रचना गरेको **पराशरमाधवीय** (पराशरस्मृतिको व्याख्या), बङ्गाली धर्मशास्त्रविद् रघुनन्दन भट्टाचार्यको **स्मृतितत्त्व**, कमलाकर भट्टको **निर्णयसिन्धु**, मित्रमिश्रकृत **वीरमित्रोदय** र दाक्षिणात्य द्रविड विद्वान् काशीनाथ उपाध्यायद्वारा लिखित **धर्मसिन्धु** पनि धर्मशास्त्रीय निबन्धग्रन्थका रूपमा प्रसिद्ध छन् ।[२८८]

८.४.५ मीमांसान्याय

मीमांसा भनेको गहन विचार, परीक्षण वा अनुसन्धान हो भने न्याय भनेको प्रणाली, तरिका, रीति, नीति वा पद्धति हो । शास्त्रीय प्रसङ्गमा भने मुख्यतः वेद-वेदाङ्गका विभिन्न वाक्य र प्रकरणहरूका विषयमा व्यवस्थित तथा तर्कसङ्गत निर्णय गर्ने पद्धतिहरूको सङ्ग्रह गरिएको शास्त्रलाई मीमांसान्याय भनिन्छ । केही पूर्वाचार्यहरूले यसलाई न्यायशास्त्र पनि भन्ने गरेको पाइन्छ । वैदिक परम्परामा मीमांसान्यायका दुई शाखा प्रसिद्ध छन्– धर्ममीमांसा र ब्रह्ममीमांसा ।

क) धर्ममीमांसा– महर्षि जैमिनिद्वारा प्रवर्तित मीमांसाशास्त्रलाई धर्ममीमांसा भनिन्छ । मीमांसाशास्त्रको आरम्भ **'अथातो धर्मजिज्ञासा'** भन्ने सूत्रबाट भएकाले

---

२८४. द्र.- वैदिक धर्म मूल रूपमा, पृ. १६८-१६९ (द्वि.सं. २०६२) ।

२८५. अष्टादश पुराणानि पुराणज्ञाः प्रचक्षते । ब्राह्मं पाद्मं वैष्णवं च शैवं भागवतं तथा ॥
अथाऽन्यं नारदीयं च मार्कण्डेयं च सप्तमम् । आग्नेयमष्टमं चैव भविष्यं नवमं तथा ॥
दशमं ब्रह्मवैवर्तं लैङ्गमेकादशं स्मृतम् । वाराहं द्वादशं चैव स्कान्दं चाऽत्र त्रयोदशम् ॥
चतुर्दशं वामनं च कौर्मं पञ्चदशं स्मृतम् । मात्स्यं च गारुडं चैव ब्रह्माण्डं च ततः परम् ॥
-विष्णुपु. ३.६.२१-२४ ।

२८६. वर्तमानमा उपलब्ध अध्यात्मरामायण, आनन्दरामायण, अद्भुतरामायण इत्यादिमध्ये वाल्मीकीय रामायण प्राचीनतम मानिन्छ । अतः यसलाई संस्कृत साहित्यको आदिकाव्य र वाल्मीकिलाई आदिकवि भन्ने गरिन्छ । भारतवर्षीय परम्पराअनुसार यसको रचना त्रेतायुगका अन्त्यमा भएको मानिन्छ भने आधुनिक विचारकहरूका मतमा यसको रचना ई.पू. ५०० वर्षको हाराहारीमा भएको हो ।

२८७. महाभारतलाई पञ्चम वेद पनि भन्ने गरिन्छ । यसका रचयिता वेदव्यास कृष्णद्वैपायन हुन् । भारतवर्षीय परम्पराअनुसार यसको रचना द्वापरयुगका अन्त्यमा वा कलियुगका आदिमा भएको मानिन्छ (भगवद्दत्त, वै.वा.इ. १, पृ. १७१) भने आधुनिक विचारकहरूका मतमा यसको रचना ई.पू. ३००-४०० वर्षको हाराहारीमा भएको हो ।

२८८. अन्य जानकारीका लागि द्र.- वै.ध.मू., पृ. १६७-१८८ र १९२-१९९ (द्वि.सं. २०६२) ।

यसलाई **धर्ममीमांसा,** जैमिनिले प्रवर्तन गरेकाले **जैमिनीयमीमांसा,** वैदिक अध्वर अर्थात् यज्ञसम्बन्धी मीमांसा गरिएकाले **अध्वरमीमांसा,** १२ अध्यायमा विभक्त भएकाले **द्वादशलक्षणी** र धर्म तथा ब्रह्मको मीमांसा गर्ने क्रममा पूर्व अर्थात् पहिला धर्मको चर्चा गरिएकाले यसलाई **पूर्वमीमांसा** पनि भनिन्छ। ६० पाद, लगभग १००० अधिकरण र २७५० सूत्रमा निबद्ध यो ग्रन्थ वेदका वाक्य र प्रकरणहरूको अर्थनिर्णयका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ। यसमा शबरस्वामीले रचना गरेको **शाबरभाष्य** उपलब्ध छ भने यस भाष्यको पनि व्याख्या **श्लोकवार्तिक-तन्त्रवार्तिक**मा कुमारिल भट्टले गरेका छन्। यसअतिरिक्त जैमिनीयधर्ममीमांसालाई नै आधार मानी धेरै विद्वान्हरूले विभिन्न ग्रन्थको रचना गरेका छन्। जसमध्ये मण्डनमिश्रकृत **मीमांसानुक्रमणिका,** पार्थसारथि मिश्रकृत **शास्त्रदीपिका,** माधवाचार्यकृत **जैमिनीय-न्यायमाला** र **जैमिनीय-न्यायमाला-विस्तर,** खण्डदेवको **भाट्टदीपिका,** आपदेवको **मीमांसान्यायप्रकाश,** लौगाक्षिभास्करको **अर्थसङ्ग्रह** इत्यादि ग्रन्थ मुख्य मानिन्छन्।

ख) ब्रह्ममीमांसा– ब्रह्ममीमांसाअन्तर्गतं बादरायणकृत **ब्रह्ममीमांसासूत्र** (ब्रह्मसूत्र) प्रसिद्ध छ। यसमा शङ्कराचार्यले शारीरक-मीमांसाभाष्य (शाङ्करभाष्य) रचना गरेका छन्। ४ अध्याय र १६ पाउमा विभक्त यस ग्रन्थमा शाङ्करभाष्यअनुसार ५५५ सूत्र र १९१ अधिकरण छन्। ब्रह्ममीमांसा नित्य र अनित्य वस्तुको विचार गर्ने, अनित्य वस्तुप्रतिको रागात्मक भाव हटाई वैराग्य उत्पन्न गराउने, चित्तमा एकाग्रता ल्याउने, जीवात्मा र परमात्माको एकता देखाउनेजस्ता दार्शनिक चिन्तनले भरिएका उपनिषद्ग्रन्थमा आधारित छ। वेदको अन्तिम वा सारभूत भाग भएकाले उपनिषद् लाई वेदान्त भनिन्छ र ब्रह्ममीमांसा पनि मुख्यतः उपनिषद्मै आधारित आत्मज्ञानपरक शास्त्र भएकाले यो वेदान्तअन्तर्गत नै पर्दछ।

८.४.६ तर्क

लौकिक दृष्टिबाट सिद्ध गर्न सकिने पदार्थको विवेचन र त्यसैका आधारमा पदार्थविशेषको सम्भावना वा असम्भावनाको प्रतिपादन गर्ने साङ्ख्य, योग, न्याय, वैशेषिक, लोकायत (चार्वाक) इत्यादि दर्शनसँग सम्बद्ध तर्कयुक्त विचारशास्त्र वा हेतुविद्यालाई तर्क वा तर्कशास्त्र भनिन्छ। यद्यपि मीमांसान्याय पनि तर्कशास्त्र नै हो तथापि त्यो स्वतन्त्र मानवबुद्धिका तर्कका आधारमा नचल्ने र वेद-वेदाङ्गका आधारमा मात्र चल्ने तर्क भएकाले त्यसको गणना छुट्टै गरिएको हो। तर्कलाई आन्वीक्षिकी पनि भनिन्छ[२८९]।

यसप्रकार वैदिक मन्त्रको उच्चारणसम्बन्धी ज्ञान शिक्षाशास्त्रबाट प्राप्त हुन्छ भने वैदिक यज्ञहरूको अनुष्ठान र सामाजिक धर्मको परिपालन गरी सुसंस्कृत मानव बन्ने प्रेरणा विस्तृत कल्पशास्त्र र तत्सम्बद्ध उपाङ्गशास्त्रबाट प्राप्त हुन्छ। व्याकरणशास्त्रले शब्दको स्वरूप पत्ता लगाई असाधु शब्दको परित्याग

२८९. आन्वीक्षिकीं तर्कविद्यामनुरक्तो निरर्थिकाम् ॥-महा. शान्ति. १८०.४७।

र साधु शब्दको प्रयोग गर्न सिकाउँछ भने निरुक्तले कठिन वैदिक शब्दहरूको अर्थनिरूपण तथा देवतातत्त्वको विवेचना गर्न सहयोग गर्दछ। छन्दःशास्त्रले वेदका अक्षरका सङ्ख्याविशेषबाट सङ्केतित अर्थहरूको विवरण थाहा पाउन मद्दत गर्दछ भने ज्योतिषशास्त्रले कालको यथार्थ ज्ञान गराई तदनुरूप यज्ञको अनुष्ठान गर्दा हुने फलप्राप्तिमा सहयोग पुऱ्याउँछ। समग्रमा भन्दा वैदिक मन्त्रको उच्चारणविधि, वेदाध्ययनका विभिन्न प्रक्रिया र नियम, शब्दको स्वरूप एवं त्यसको अर्थ, वैदिक यज्ञानुष्ठानका विभिन्न विधि, नियम र प्रक्रियाको ज्ञान दिलाई प्रत्येक मानवलाई शिक्षित, सुसंस्कृत तथा सभ्य बनाउन वेदाङ्ग र उपाङ्गसाहित्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसैले विशाल वैदिक वाङ्मयमा निहित गूढ रहस्यलाई बुझ्न, तदनुरूप आचरण गर्न, धर्म, अर्थ, काम, मोक्षजस्ता लोकजीवनका प्रमुख लक्ष्य मानिने चारै पुरुषार्थमा सफलता प्राप्त गर्न चाहने मानवले विशाल वेदाङ्ग र उपाङ्गसाहित्यको गम्भीर अध्ययन गर्न जरुरी हुन्छ।

९. उपवेदहरू

वैदिक वाङ्मयकै प्रसङ्गमा अन्य केही ग्रन्थहरूको नाम उल्लेख गर्नुपर्दा ऋग्वेदसँग सम्बद्ध **अर्थवेद** [कौटलीय अर्थशास्त्र, शुक्रनीति, कामन्दकीयनीतिसार, पञ्चतन्त्र, हितोपदेश, चाणक्यनीतिदर्पण इत्यादि प्राचीन अर्थशास्त्र/राजनीतिशास्त्रसँग सम्बद्ध ग्रन्थ] वा **स्थापत्यवेद** [काश्यपशिल्प, मनुष्यालयचन्द्रिका, मयमत, मानसार इत्यादि वास्तुविद्यासँग सम्बद्ध ग्रन्थ]; यजुर्वेदसँग सम्बद्ध **धनुर्वेद** [शस्त्र, अस्त्र, यन्त्र, युद्धनियम इत्यादि युद्धशास्त्रसम्बद्ध कतिपय ग्रन्थ]; सामवेदसँग सम्बद्ध **गान्धर्ववेद** [नारदसंहिता, भरतनाट्यशास्त्र, सङ्गीतरत्नाकर इत्यादि विभिन्न सङ्गीतशास्त्र] र अथर्ववेदसँग सम्बद्ध **आयुर्वेद** [चरकसंहिता, सुश्रुतसंहिता, अष्टाङ्गहृदय, काश्यपसंहिता, भावप्रकाश, कामसूत्रलगायतका ग्रन्थ] गरी चार उपवेदहरू पनि वैदिक वाङ्मयभित्रकै उल्लेख्य ग्रन्थ मानिन्छन्।

द्वितीय भाग :

वैदिक साहित्यको संरचनागत स्वरूप

१. संहिताग्रन्थको स्वरूप

संहिताग्रन्थ मूलतः ऋग्वेदसंहिता, यजुर्वेदसंहिता, सामवेदसंहिता र अथर्ववेदसंहिता गरी चार किसिमका हुन्छन्। यजुर्वेदसंहिता चाहिँ शुक्लयजुर्वेद र कृष्णयजुर्वेद गरी दुई सम्प्रदायमा (आदित्य र ब्रह्म) विभक्त छ। यसरी यजुर्वेदका दुई सम्प्रदायलाई समेत ग्रहण गर्दा जम्मा पाँच प्रकारका संहिता प्रचलनमा रहेका छन्। उक्त संहितालाई पनि शाखाका आधारमा छुट्ट्याउँदा ऋग्वेदका २१, शुक्लयजुर्वेदका १५, कृष्णयजुर्वेदका ८६, सामवेदका १००० र अथर्ववेदका ९ गरी जम्मा ११३१ वटा शाखासंहिता पहिला प्रचलनमा रहेको कुरा प्राचीन ग्रन्थहरूमा उल्लेख गरिएको छ[१]। उक्त संहितामध्ये वर्तमानमा **ऋग्वेदका** शाकल, शाङ्खायनीय र आश्वलायनीय; **कृष्णयजुर्वेदका** तैत्तिरीय, मैत्रायणी, कठ, कपिष्ठलकठ (अपूर्ण); **शुक्लयजुर्वेदका** काण्व र माध्यन्दिनीय; **सामवेदका** कौथुम, जैमिनीय र राणायनीय तथा **अथर्ववेदका** शौनकीय र पैप्पलाद गरी **जम्मा १४ वटा शाखासंहिता** मात्र उपलब्ध छन्। यीमध्ये पनि ऋग्वेदको शाकल, कृष्णयजुर्वेदको तैत्तिरीय, शुक्लयजुर्वेदका उक्त दुईवटै, सामवेदका उक्त तीनवटै र अथर्ववेदको शौनक गरी जम्मा आठवटा शाखासंहिता मात्र वर्तमानमा विभिन्न ठाउँमा अध्ययन-अध्यापन र अनुसन्धानमा प्रयोग भइरहेका छन्। यहाँ वर्तमानमा उपलब्ध सबै शाखा-संहिताका संरचनागत स्वरूप प्रस्तुत गरिएको छ।

१.१ शैशिरीय-शाकल-ऋग्वेदसंहिता

ऋग्वेदसंहिताको अष्टक-क्रम र मण्डल-क्रम गरी दुई किसिमको विभाग प्राचीन कालदेखि चल्दै आएको छ।

क) अष्टकक्रम : यस विभागअन्तर्गत सम्पूर्ण संहिता आठ अष्टकमा विभक्त छ। एक अष्टकमा आठ अध्याय भएकाले आठ अष्टकमा जम्मा (८×८) ६४ अध्याय रहेका छन्। अध्यायको अवान्तर विभागलाई **वर्ग** भनिन्छ। 'वर्ग' भनेको ऋचाहरूको समूह हो। अतः एउटा वर्गमा एकभन्दा बढी ऋचा हुनुपर्ने भए पनि अपवादस्वरूप प्रथम मण्डलको ९९ औं सूक्त तथा वर्ग जम्मा एक ऋचाको रहेको छ। अन्यत्र सामान्यतया दुईदेखि आठ ऋचासम्मका वर्ग रहेका छन्। अष्टकक्रमको विभाग प्राचीन भए पनि यो ऋषि, देवता, विषयवस्तु इत्यादि कुनै निश्चित क्रमलाई आधार मानेर विभक्त भएको देखिँदैन। त्यसैले अष्टकक्रमको विभाग अध्ययन-सौकर्यलाई मात्र ध्यानमा राखेर गरिएको हो भन्ने विद्वान्हरूको भनाइ छ। यसप्रकार **अष्टक> अध्याय> वर्ग> ऋचा गरी जम्मा चार भागमा विभक्त** ऋग्वेदसंहितामा **आठ अष्टक, ६४ अध्याय,** बालखिल्य-सूक्तमा (८.४९-५९) रहेका १८ वर्गलाई छोडेर[२]

---

१. द्र.- यसै ग्रन्थको भाग १, शीर्षक 'वेदका शाखा'।

२. कतिपयले बालखिल्य ऋचाहरू खिलसूक्तअन्तर्गत पर्ने भएकाले तिनलाई प्रस्तुत संहिताको

(२६५+२२१+२२५+२५०+२३८+३१३+२४८+२४६=) **२००६ वर्ग** (बालखिल्यका १८ वर्गलाई समेत गणना गर्दा २०२४ वर्ग) र **१०४७२** (बालखिल्यका ८० ऋचा पनि जोड्दा १०५५२) **ऋचा** (मन्त्र) रहेका छन्।

हाल त्यति प्रचलनमा नरहेको यो विभाग सूत्रकालमा बढी प्रचलित भएको देखिन्छ। अनुवाकानुक्रमणीकार शौनक, परवर्ती वेदभाष्यकार, निरुक्तका वृत्तिकार दुर्गाचार्य आदिले अष्टकक्रमको विभागलाई बढी स्विकारेको देखिन्छ । यस विभागअन्तर्गत **स्थलसङ्केत प्रस्तुत गर्दा चार अङ्क उल्लेख गर्ने परम्परा** रहेको छ। जसअनुसार पहिलो अङ्कले अष्टक, दोस्रोले अध्याय, तेस्रोले वर्ग र चौथोले ऋचा वा मन्त्रसङ्ख्या जनाइन्छ। यसको उपयोग दुर्गाचार्यले आफ्नो निरुक्तवृत्तिमा गरेका छन् । मुद्रित ऋग्वेदसंहिताहरूमा चाहिँ सामान्यतया तीन अङ्कको मात्र (अष्टक, अध्याय र वर्गको तथा मण्डल, अनुवाक र सूक्तको) उल्लेख भेटिन्छ। यिनमा पनि म्याक्समूलरद्वारा सम्पादित संस्करण तथा पूनाबाट प्रकाशित संस्करणहरूका एक पृष्ठमा **अष्टक, अध्याय र वर्गबोधक ३ अङ्क**को प्रयोग गरिएको छ भने अर्को पृष्ठमा **मण्डल, अनुवाक र सूक्तबोधक ३ अङ्क**को प्रयोग गरी अष्टकको सङ्केत अक्षरमा पनि गरिएको छ। विश्वबन्धुद्वारा सम्पादित संस्करणको एक पृष्ठमा **अष्टक, अध्याय र वर्गबोधक ३ अङ्क** तथा अर्को पृष्ठमा मण्डलको उल्लेख अक्षरमा नै गरी **सूक्त र मन्त्रबोधक २ अङ्क**को प्रयोग गरिएको छ । यसैगरी सातवलेकरद्वारा सम्पादित संहिताको मूल संस्करण तथा लक्ष्मण स्वरूपद्वारा सम्पादित ऋगर्थदीपिकाका हरेक पृष्ठको माथिल्लो भागमा एकातर्फ **मण्डल, सूक्त र मन्त्रबोधक ३ अङ्क**को प्रयोग गरिएको छ भने अर्कातर्फ **अष्टक, अध्याय, वर्ग र मन्त्रबोधक ४ अङ्क**को प्रयोग गरिएको छ।

ख) मण्डलक्रम : ऋग्वेदसंहिताको दोस्रो विभाग मण्डलक्रम हो। यो विभाग ऐतिहासिक, वैज्ञानिक र वर्तमानमा बहुप्रचलित रहेको छ । यस विभागअनुसार समग्र ऋग्वेदसंहिता दश मण्डलमा विभक्त छ । दश मण्डलमा विभक्त भएको हुनाले प्राचीन ग्रन्थहरूमा ऋग्वेदसंहितालाई **दशतयी वा दाशतयी** भनेर चिनाइएको पाइन्छ[३] । कतिपय विद्वान्हरूका मतमा शाकल ऋषिले आफूभन्दा पूर्व अविभक्त रहेको ऋग्वेदसंहितालाई दश मण्डलमा विभक्त गरी आफ्ना शिष्यलाई प्रवचन गरेका थिए[४] । यसप्रकार मण्डलक्रमको विभाग प्राचीन भए पनि परवर्ती भाष्यकारहरूले

अङ्कका रूपमा ग्रहण गर्दैनन्।

३. 'अवो देवस्य सानसि द्युम्नम्' इति दाशतयीषु पाठः -वररुचि, निरुक्तसमुच्चय, द्वितीय कल्प, मन्त्र ३० को व्याख्या, पृ. ३० । दश अवयवा (मण्डलरूपा) अस्या इति दशतयी, दशतय्येव दाशतयी = ऋक्संहिता -सम्पा., ऐ. टि. ६ । न दाशतय्येकपदा काचिदस्तीति वै यास्कः -ऋ.प्रा. १७.४२ । न त्वृक् संस्तविकी दशतयीषु विद्यते -यास्क, नि. ७.८.६ । दशमण्डलावायवप्रविभागेन तायत इति दशतयः ऋग्वेदः, तस्य शाखाः दशतय्यः -ऐ., दुर्गावृत्ति ।

४. सं.वा.बृ.इ. १, पृ. १३२ मा उद्धृत पं. हरिप्रसाद शास्त्रीको मत ।

यसको भन्दा स्वाध्यायमा उपयुक्त अष्टक-क्रमलाई अनुसरण गरेको देखिन्छ। जेसुकै भए पनि मण्डलक्रमको विभागमा निश्चित नियमको अनुसरण गरिएकाले अष्टकक्रमको अपेक्षामा यो वैज्ञानिक मानिन्छ। मण्डलको अर्थ वृत्ताकार परिधि, बिम्ब, सङ्घात इत्यादि हुने भएकाले यहाँ एक प्रकारका ऋषिहरूद्वारा दृष्ट मन्त्र वा सूक्तहरूको सङ्घात (समूह) भन्ने अर्थमा 'मण्डल' शब्दको प्रयोग भएको अनुमान गर्न सकिन्छ। त्यसैले आर्यविद्यासुधाकरकार भट्ट यज्ञेश्वरले विभिन्न ऋषिद्वारा दृष्ट अनेक सूक्तहरूको एकर्षिकर्तृक सङ्ग्रहलाई मण्डल भनेका छन्[५]। ऋग्वेदसंहिताका अधिकांश मण्डलहरूमा प्रायः एक-एक कुलका ऋषिहरूले देखेका ऋचाहरूको सङ्ग्रह भएकाले[६] कतिपय ठाउँमा तिनै ऋषिहरूका नामबाट सम्बद्ध मण्डलको नामकरण गरेको भेटिन्छ। उदाहरणका लागि दोस्रो मण्डल गृत्समद ऋषिसँग सम्बद्ध भएकाले यसको नाम 'गार्त्समद', तेस्रोको 'वैश्वामित्र' (विश्वामित्र कुलका ऋषिसँग सम्बद्ध), चौथोको 'वामदेव्य', पाँचौंको 'आत्रेय' (अत्रिसम्बद्ध), छैटौंको 'भारद्वाज' (भरद्वाजसम्बद्ध), सातौंको 'वासिष्ठ' (वसिष्ठसम्बद्ध), आठौंको 'काण्व' वा 'प्रगाथ' (कण्व र अङ्गिरासम्बद्ध) र नवौं मण्डलको नाम 'पावमान' (सोम वा पवमान देवतासँग सम्बद्ध) भनेर कतिपय ठाउँमा चिनाइएको पाइन्छ[७]। यसरी मण्डलक्रमको विभागमा एउटा निश्चित सिद्धान्तलाई आधार बनाइएको छ। मण्डलक्रमको प्रयोग संहिताका भाष्यकारहरूले गरेको नदेखिए पनि ऋक्सर्वानुक्रमणीकार कात्यायन र बृहद्देवताकार शौनकले मण्डल-सूक्तको क्रमलाई नै मान्यता दिएका छन्। यसबाट मण्डलक्रमको विभाग प्राचीन हो भन्ने पुष्टि हुन्छ।

यस विभागमा मण्डलपछिको दोस्रो क्रम अनुवाक हो भने त्यसपछिको सूक्त र अन्तिम क्रम ऋचाको हो। अर्थात् मण्डलको अवान्तर विभाग अनुवाक र त्यसको अवान्तर सूक्त भएकाले एक मण्डलमा अनेक अनुवाक, एक अनुवाकमा अनेक सूक्त र एक सूक्तमा अनेक (३ देखि ५८ सम्म) ऋचा रहेका हुन्छन्। यसप्रकार **मण्डल> अनुवाक> सूक्त> ऋचा गरी अष्टक-क्रमजस्तै जम्मा चार भागमा विभक्त** ऋग्वेदसंहितामा **दश मण्डल,** (२४+४+५+५+६-+६+६+१०+७+१२=) **८५ अनुवाक**[८], बालखिल्य सूक्तबाहेक (१९१+४३-+६२+५८+८७+७५+१०४+९२+११४+१९१=) **१०१७ सूक्त**[९] (बालखिल्यका ११ सूक्त जोड्दा १०२८ सूक्त) र बालखिल्यका ८० ऋचासहित

---

५. तत्तदृषिदृष्यानां बहूनां सूक्तानामेकर्षिकर्तृकः सङ्ग्रहो मण्डलमिति -आर्यविद्यासुधाकर, पृ. ३०।

६. अथ ऋषयः शतर्चिनो माध्यमा गृत्समदो विश्वामित्रो वामदेवोऽत्रिर्भरद्वाजो वसिष्ठः प्रगाथाः पावमान्यः क्षुद्रसूक्ता महासूक्ता इति -आश्व.गृ. ३.४.२।

७. द्र.- कात्यायनकृत ऋग्वेदसर्वानुक्रमणी, पृ. ५, १४, ३३, १०४, १३५ इ.।

८. पञ्चाशीतिर्दाशतयेऽनुवाका दृष्टाः पुराणैर्ऋषिभिर्महात्मभिः। -शौनक, अनुवाका. ३७ श्लो.।

९. सहस्रमेतत्सूक्तानां निश्चितं खैलिकैर्विना। दश सप्त च पठ्यन्ते सङ्ख्यातं वै पदक्रमम्॥ -ऐ. ३९ श्लो.।

(२००६+४२९+६१७+५८९+७२७+७६५+८४१+१७१६+११०८+१७५४=) **१०५५२ ऋचा** (बालखिल्यका ८० घटाउँदा १०४७२ ऋचा) रहेका छन्।

यहाँ नित्य द्विपदाका १७ र नैमित्तिक द्विपदाका १४० ऋचासमेत जोडेर १०५५२ वा १०४७२ ऋचा पुऱ्याइएको हो[१०]। ऋग्वेदसंहिताको शाकल्यकृत पदपाठमा **१,५३,८२६ पदहरू** भएको कुरा शौनककृत अनुवाकानुक्रमणीमा बताइएको छ[११]। **अक्षरसङ्ख्या** चाहिँ सातवलेकरको सम्पादकत्वमा स्वाध्यायमण्डल, औन्धबाट प्रकाशित (सन् १९४०) ऋग्वेदसंहितामा (पृ. ७६७) **३,९७,२६५** देखाइएको छ भने अनुवाकानुक्रमणी तथा माध्यन्दिनशतपथब्राह्मणमा (१०.४.२.२३) **४,३२,०००** भनिएको छ[१२]। पाठकहरूलाई सजिलो होस् भन्ने उद्देश्यले अष्टकक्रम र मण्डलक्रम अनुसार पृथक्-पृथक् रूपमा अध्याय, अनुवाक, वर्ग, सूक्त इत्यादिको सङ्ख्या तालिकामा प्रस्तुत गरिएको छ।

अष्टकक्रम					**मण्डलक्रम**			
अष्टक	अध्याय	वर्ग	ऋचा	अक्षर	मण्डल	अनु.	सूक्त	ऋचा
१	८	२६५	१३७०	४८९३१	१	२४	१९१	२००६
२	८	२२१	११४७	५१७१८	२	४	४३	४२९
३	८	२२५	१२०९	४७६३६	३	५	६२	६१७
४	८	२५०	१२८९	४९७६२	४	५	५८	५८९
५	८	२३८	१२६३	४८०२२	५	६	८७	७२७
६	८	३१३	१६५०	४८४१२	६	६	७५	७६५
७	८	२४८	१२६३	४७५६२	७	६	१०४	८४१
८	८	२४६	१२८१	५२१७८	८	१०	९२	१६३६
	६४	२००६	१०४७२	३९४२२१	९	७	११४	११०८
बालखिल्यका		१८	८०	३०४४	१०	१२	१९१	१७५४
जम्मा		२०२४	१०५५२	३९७२६५	-	८५	१०१७	१०४७२
						बालखिल्यका	११	८०
						बालखिल्यसहित	१०२८	१०५५२

मण्डलक्रमको विभागअनुसार **स्थलसङ्केत प्रस्तुत गर्दा अनुवाकको ग्रहण नगरी तीन अङ्क उल्लेख गर्ने परम्परा** रहेको छ। जसअनुसार पहिलो अङ्कले मण्डल, दोस्रोले सूक्त र तेस्रोले ऋचा वा मन्त्रसङ्ख्या जनाइन्छ। यसको प्रयोग पूर्ववर्ती तथा पश्चवर्ती धेरै ग्रन्थहरूमा गरिएको पाइन्छ। मुद्रित केही ऋग्वेदसंहिताहरूमा चाहिँ मण्डल, अनुवाक र सूक्तको मात्र सङ्केत जनाउन तीन अङ्कको प्रयोग गरेको पनि भेटिन्छ।

व्याख्या र संस्करण : ऋग्वेदसंहिताका प्राचीन व्याख्याहरूमा स्कन्दस्वामी, नारायण, उद्गीथ, माधव भट्ट, वेङ्कटमाधव र सायणका भाष्यहरूलाई सनातन परम्पराका वैदिक विद्वान्हरूले आदरका साथ ग्रहण गर्दछन्। नेपाल र

---

१०. यस विषयमा अधिक जानकारीका लागि द्र.- सं.वा.बृ.इ. १, पृ. १५५-१६०; वै.ध.मू. १३६-३७ पृ.; वै.सा.सं., पृ. ११० इ.।

११. शाकल्यदृष्टे पदलक्षमेकं सार्धं च वेदे त्रिसहस्रयुक्तम्। शतानि चाष्टौ दशकद्वयं च पदानि षट् चेति हि चर्चितानि॥ -४५ श्लो.।

१२. चत्वारि वाव शतसहस्राणि द्वात्रिंशच्चाक्षरसहस्राणि -अनुवाका., अन्तिम पद्य।

भारतका प्रायः सबै संस्कृत-विश्वविद्यालयहरूका वेद विषयसँग सम्बद्ध शास्त्रीदेखि आचार्य तहसम्मका पाठ्यक्रमहरूमा सायण, महीधर, उवटलगायतका यिनै प्राचीन भाष्यहरू[१३] अध्ययन-अनुसन्धानका लागि तोकिएका छन् । यसअतिरिक्त स्वामी दयानन्दको ऋग्वेदभाष्य (संस्कृत र हिन्दी भाषामा, १-७ मण्डल), दामोदर सातवलेकरको सुबोधभाष्य (हिन्दी भाषामा) लगायतका दर्जनौं व्याख्या ऋग्वेदसंहितामा उपलब्ध छन्।

हालसम्म शाकलशाखीय ऋग्वेदसंहिताका धेरै संस्करण विभिन्न स्थानबाट विभिन्न व्यक्तिका भाष्य र अनुवादसहित प्रकाशित भइसकेका छन् । देवनागरी लिपिमा प्रकाशित भएका संस्करणमध्ये ऋग्वेदसंहिताको पहिलो प्रकाशन 'इष्ट इण्डिया कम्पनी'को निर्देशन र म्याक्समूलर तथा पशुपति आनन्द गजपति रायको सम्पादकत्वमा सन् १८४९ देखि १८७५ का बीचमा १-५ भागमा सम्पन्न भएको थियो। म्याक्समूलरले २६ वर्षको कठोर परिश्रमबाट मूल मन्त्र, तिनका पदपाठ र सायणको भाष्यसहित ऋग्वेदसंहिताको सम्पादन सर्वप्रथम देवनागरी लिपिमा गरेका थिए[१४]। यसपछिका केही प्रमुख संस्करण यहाँ प्रस्तुत गरिएका छन्।

१. **ऋग्वेदसंहिताका केही सूक्तको अंग्रेजी अनुवाद [RIG-VEDA-SANHITA** (The Sacred Hymns of the Brahmans, Vol. 5) Translated and Explained by F. Max Muller, Vol. I, Hymns to the Maruts or the Storm-Gods, London : Trubner and Co., 60, Paternoster Row, 1869.]

२. **फ्रेंच-अनुवाद [Rig-Veda, ou Livre des Hymnes** (Vols 1-4), Traduit do Sanscrit, Par M. Langlois, Paris : Firmin Didot, 1848-1851. पुनर्मुद्रण : **MONDE ANGIEN,** Grivlisation orientale **POESIE LYRIOUE**, Inde-Rig-Veda, Rraduction De A. Langlois, Paris : 12, Rue Du Cardinal-Fesch, 1870]

३. **जर्मन भाषामा पद्यानुवाद [RIG-VEDA** (2 Vols.), by Hermann Grassmann, Leipzig : F. A. Brockhaus, 1876-1877.]

४. **रोमन लिपिमा सम्पादन [DIE HYMNEN DES RIGVEDA** (Vol. 1-2, Mandala I-VI & VII-X), by Theodor Aufrecht, Bonn :

१३. चारै वेदसँग सम्बद्ध मन्त्रसंहिताहरूमा लेखिएका प्राचीन भाष्य तथा अर्वाचीन अध्ययन-अनुसन्धान, प्रकाशन आदिको विस्तृत जानकारीका लागि यसै ग्रन्थकारद्वारा लिखित **'वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू'** नामक ग्रन्थ हेर्न अनुरोध छ।

१४. **RIG-VEDA-SANHITA,** The Sacred Hymns of The Brahmans; Together with the Commentary of Sayanacharya, Edited by Dr. Max Muller, Volume I, Published Under The East-India-Company, London, W. H. Allen and Co., Booksellers To The Honourable The East-India-Company, 7, Leadenhall Street, **1849.**

bei Adolph Marcus, 1877.]

५. जर्मन भाषामा अनुवाद [**DER RIGVEDA** (6 Vols.), by Alfred Ludwig, Tempsky in Prag (Written in German) 1876-1888.]

६. सायणभाष्यमा आधारित विल्सनको अंग्रेजी अनुवाद [**ṚIG-VEDA-SANHITĀ** (A Collection of Ancient Hindu Hymns), The Frist-Eighth Ashtakas or Books[१५] of the Rig-Veda, The oldest authority for the Religious and Social, Institution of the Hindus, Translated from the original Sanskrit, by **H. H. Wilson**, Edited by : E. B. Cowell, W. F. Webster, **London :** N. Trubner and Company and W. H. Allen, Volums : 1-6, 1854-1888.]

७. विल्सन-अनुवादको नयाँ संस्करण [**RIGVEDA SAMHITA** (4 Volumes, Pages : 2485, Sanskrit Text, English Translation and Notes), English translation According to H. H. Wilson & Bhasya of Sayanacharya, Edited by : Ravi Prakash Arya & K. L. Joshi, Indica Books, Varanasi, 2002 . Rep. : Parimal Publications, Delhi, 2005 (4 Vols. Pages : 2300).]

८. विल्सन-अनुवादकै नयाँ संस्करण [**The Rg-Veda : hymns of the Rg-Veda** (Vols. 1-6, Translation based on the Commentary of Sayanacharya), Translated by H. H. Wilson, Author : Vashishtha Narayan Jha, Sri Satguru Publications, Delhi 2002.]

विल्सन-अनुवादका अन्य प्रकाशन : Bangalore Printing & Publishing, 1946. Nag Publishers (6 Vols.), 1978. Cosmo Publications, Delhi 1977, 2003 & 2012. General Books LLC, 2009.

---

१५. विल्सन-अनुवादका १-६ भागको प्रकाशन निम्नबमोजिम भएको पाइन्छ–

१. प्रथम अष्टक Vol. 1, London : N. Trubner and Co. 60, Paternoster Row, Second edition 1866.

२. द्वितीय अष्टक Vol. 2, University of Michigan, Ann Arbor, Michigan, USA, 1851 तथा London : Wm. H. Allen and Co. 1854.

३. तृतीय र चतुर्थ अष्टक Vol. 3, London : W. H. Allen and Co. 7, Leadenhall Street, 1857.

४. पञ्चम अष्टक Vol. 4, Edited by E. B. Cowell, London : N. Trubner and Co. 60, Paternoster Row, 1866.

५. षष्ठ र सप्तम अष्टकका केही भाग Vol. 5, Edited by E. B. Cowell and W. F.Webster, London : N. Trubner and Co. 1888.

६. सप्तमका बाँकी अंश र अष्टम अष्टक Vol . 6, Edited by E. B. Cowell and W. F. Webster, London : N . Trubner and Co. 1888.

Lightning Source Incorporated, 2008. Kessinger Publishing, 2010. Nabu Press, 2012. etc.

९. **म्याक्समूलरको दोस्रो सम्पादन सायणभाष्य र पदपाठसहित १-४ भाग [RIG-VEDA-SAMHITA,** The Sacred Hymns of the Brahmans, Together with the Commentary of Sayanacharya, Edited by **F. Max Muller**, Second Editon, (Volume : I, Mandala : 1; Volume : II, Mandala : 2-6; Volume : III, Mandala : 7-9; Volume : IV, Mandala : 10) Published Under the Patronage of His Highness the Maharajah of Vijayanagara, Londen : Henry Frowde Oxford University Press Warehouse, Amen Corner, 1890, 1892.] **पुनर्मुद्रण :** चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, प्रथम संस्करण, सन् १९६६ । **पुनर्मुद्रण :** (१-५ भाग) चौखम्बा कृष्णदास अकादमी, वाराणसी, सन् २००६ ।

१०. **अंग्रेजी पद्यानुवाद [THE HYMNS OF THE RIGVEDA,** Translated with a Popular Commentary by Ralph T. H. Griffith (Vol. I-IV), Benares : E. J. Lazarus and Company, 1889-1892 . [Second edition Complete in tow volumes 1896-1897].

११. **जर्मन अनुवाद [DER RIGVEDA IN AUSWAHL** (2 Vols.)], Edited and translated by Karl F. Geldner, Stuttgart, 1907-1908. Revised Edition : **DER RIGVEDA,** Gottingen : Vandenhoeck snd Ruprecht : Lipzig, J. C. Hinrichs, 1923. and (3 Vols.), Harvard Oriental Series, Vol. 33-35, Cambridge, Mass : Harvard University Press, 1951.

१२. **ऋक्संहिता** (सायणभाष्य र पदपाठसहित, १-८ भाग), सम्पा. महामहोपाध्याय राजाराम शास्त्री र शिवराम शास्त्री 'गोरे', मुम्बयी, शकसंवत् १८१० ।

१३. **ऋग्वेदसंहिता** (सायणभाष्य र पदपाठसहित, १-४ भाग), सम्पा. नारायण शर्मा सोनटक्के, चिन्तामणि गणेश काशीकरलगायत, तिलक महाराष्ट्र विद्यापीठको शाखाभूत संस्था 'वैदिक संशोधन मण्डल', पूना, शकसं. १८५५ (सन् १९३३, प्रथम भाग, प्रथम मण्डल), श.सं. १८५८ (सन् १९३६, द्वितीय भाग, २-५ मण्डल), श.सं. १८६३ (सन् १९४१, तृतीय भाग, ६-८ मण्डल), श.सं. १८६८ (सन् १९४६, चतुर्थ भाग, ९-१० मण्डल) । द्वितीय संस्करण, सन् १९७२ । तृतीय संस्करण, सन् १९८४ । चतुर्थ संस्करण, सन् १९९५ ।

१४. **ऋग्वेदसंहिता** (मूलमात्र, ऋषि-देवतासूची, अनुवाकसूत्र, अनुवाकानुक्रमणी, अध्यायानुक्रमणी, परिशिष्टमन्त्र, सोदाहरण अष्टविकृति-लक्षण,

ऋग्वेद-सर्वानुक्रमणी, शौनकीय अनुवाकानुक्रमणी, छन्दःसङ्ख्या, परिभाषाखण्ड, छन्दका उदाहरण र ऋक्मन्त्रको वर्णानुक्रम-सूचीसहित), सम्पा. सातवलेकर-कुलज दामोदर भट्टका पुत्र भट्टाचार्य श्रीपाद शर्मा, प्रकाशक : वसन्त श्रीपाद सातवलेकर, स्वाध्यायमण्डल, औन्ध-नगर (सातारा-प्रदेश), सन् १९४०।

१५. **ऋग्वेदका केही सूक्तको अंग्रेजी अनुवाद** [THE SECRET OF THE VEDA, by Sri Aurobindo, Sri Aurobindo Ashram, Pondicherry, First edition 1956, Fourth ed. 1998, Third impression 2003.]

१६. **ऋग्वेदसंहिता** (स्कन्दस्वामी, उद्‌गीथ, वेङ्कटमाधव र मुद्‌गलका यथोपलब्ध भाष्यसहित, १-८ भाग), सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, पञ्जाब, सन् १९६३-१९६६।

१७. **ऋग्वेदसंहिता** (मूल र पदपाठमात्र, १-२ भाग) [The Hymns of the Rig-Veda in the Samhita and Pada Texts, By F. Max Muller, Second Edition, Vol. I-II, London : Trubner and Co. 1877.] पुनर्मुद्रण : चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, तृतीय संस्करण, सन् १९६५।

१८. **ऋग्वेदसंहिता** (सायणभाष्य, पदपाठ र हिन्दी अनुवादसहित, १-९ भाग), अनु. पं. रामगोविन्द त्रिवेदी, चौखम्बा विद्याभवन, वाराणसी, प्रथम संस्करण, सन् १९९१। पुनर्मुद्रण : सन् २००७।

१९. **ऋग्वेदभाष्य** (१-९ भाग, ऋ. ७.६१.२ सम्म), भाष्यकार : **स्वामी दयानन्द सरस्वती**, वैदिक यन्त्रालय, अजमेर, प्रथम संस्क. सन् १८७७-१८९९। पुनर्मुद्रण : **प्रथम** (१.१-१.६१), **चतुर्थ** (२.१-२.४३), **पञ्चम** (३.१-६२) र **अष्टम भाग** (६.१-७५), वैदिक यन्त्रालय अजमेर, वि.सं. १९६१। **द्वितीय** (१.६२-१.१२१, पञ्चम संस्क., वि.सं. १९६५), **तृतीय** (१.१२२-१.१९१, पञ्चम संस्क., वि.सं. १९६५), **षष्ठ** (४.१-५८, चतुर्थ संस्क., वि.सं. २०४४), र **सप्तम भाग** (चतुर्थ संस्क., वि.सं. २०५६) वैदिक पुस्तकालय, दयानन्द आश्रम, केसरगंज, अजमेर। **नवम भाग** (७.१-७.६१.२), जैयद पुस्तकालय, दिल्ली, चतुर्थ संस्क., वि.सं. २०४६। **प्रथम भाग** (मण्डल १, सूक्त १-१९), सम्पा. युधिष्ठिर मीमांसक, प्रका. चौधरी प्रतापसिंह, ५७ एल. मोडल टाउन, करनाल (हरयाणा), प्रथम संस्क. वि.सं. २०२९ (सन् १९७३)।

२०. **ऋग्वेदभाष्य** (१-४ भाग), भाष्यकार : दयानन्द सरस्वती, सम्पा. प्रो. सत्यदेव निगमालङ्कार, श्रद्धानन्द अनुसन्धान प्रकाशन केन्द्र, गुरुकुल काँगडी विश्वविद्यालय, हरिद्वार, सन् २०१०-२०११।

२१. **ऋक्संहिता** (१.१.१-१.११९.९ सम्म), स्कन्दस्वामी र वेङ्कटमाधवकृत व्याख्यासहित, सम्पा. साम्बशिव शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९२९ ।

२२. **ऋगर्थदीपिका**[१६] (वेङ्कटमाधवकृत व्याख्या, १-४ भाग), सम्पा. लक्ष्मणस्वरूप, मोतीलाल बनारसीदास, लाहोर र बनारस, सन्१९३९, १९४०, १९४३ र १९५५।

२३. **ऋग्वेदसंहिता** (नेपाली अनुवादसहित, १-२ भाग), सम्पा. डा. प्रसन्न चन्द्र गौतम, कुलचन्द्र गौतम स्मृति संस्था, काठमाडौं, वि.सं. २०६७ ।

१.२ शाङ्खायन-ऋग्वेदसंहिता

ऋग्वेदको शाङ्खायनीय शाखासँग सम्बद्ध यो संहिता तीनवर्ष अघिमात्र सन् २०१३ मा भारतको उज्जैनस्थित महर्षि सान्दीपनि राष्ट्रीय वेदविद्या प्रतिष्ठानबाट पहिलोपटक चार भागमा प्रकाशित भएको छ । प्रो. अमलधारी सिंह गौतमले सम्पादन गरेको यस संहिताका १-४ भागमा भूमिकाबाहेक कुल २७०७ पृष्ठ रहेका छन् । भूमिकादि भागको कुल पृष्ठसङ्ख्या १-३९ (i-xxxix) रहेको छ । यस ग्रन्थको प्रथम भागमा १-२ अष्टक (पृ. १-६६९), द्वितीय भागमा ३-४ अष्टक (पृ. ६७१-१३०१), तृतीय भागमा ५-६ अष्टक (पृ. १३०३-२०२९) र चतुर्थ भागमा ७-८ अष्टक (पृ. २०३१-२७०७) गरी प्रत्येक भागमा २/२ अष्टक अर्थात् १६/१६ अध्याय समाविष्ट छन् र प्रत्येक अष्टकको अन्त्यमा मन्त्रहरूको वर्णानुक्रम सूची पनि समावेश गरिएको छ। शाङ्खायनीय शाखाका मन्त्र र तिनको पदपाठसहित प्रकाशित भएको यो संहिता पनि पूर्वोक्त शाकलसंहिताजस्तै अष्टक-क्रममा अष्टक> अध्याय> वर्ग> ऋचा र मण्डल-क्रममा पनि मण्डल> अनुवाक> सूक्त> ऋचा गरी चार-चार भागमा विभक्त छ । अतः यस संहिताको स्थलनिर्देश पनि शाकलसंहिताजस्तै ४ वा ३ अङ्कले गर्नुपर्छ।

१.३ आश्वलायन-ऋग्वेदसंहिता

ऋग्वेदको आश्वलायनीय शाखासँग सम्बद्ध यस संहिताका समग्र भागको मुद्रण केही वर्षअघिमात्र सम्पन्न भएको छ। प्रो. व्रजबिहारी चौबेको सम्पादकत्वमा इन्दिरागान्धी राष्ट्रीय कला केन्द्र, नयाँ दिल्लीबाट सन् २००९ मा प्रकाशित 'आश्वलायनशाखीया ऋग्वेदसंहिता' (पदपाठयुता) दुई भागमा उपलब्ध छ। यसको विभाजन शाकलशाखीय ऋग्वेदसंहिताजस्तै अष्टकक्रम र मण्डलक्रम दुवैमा गरिएको छ। **अष्टकक्रममा** अष्टक> अध्याय> वर्ग> ऋचा र **मण्डलक्रममा** पनि मण्डल> अनुवाक> सूक्त> ऋचा गरी चार-चार भागमा विभक्त यस संहिताको

१६. वेङ्कटमाधवले ऋग्वेदसंहिताका सबै मण्डलमा व्याख्या लेखेका भए पनि यस ग्रन्थकारसँग ऋगर्थदीपिकाका १-४ भागमात्र रहेका र प्रस्तुत संस्करणका अन्य भाग प्रकाशित भए-नभएको जानकारी प्राप्त गर्न नसकेकाले यहाँ अधिगत भागको मात्र प्रकाशनवर्ष उल्लेख गरिएको छ।

स्थलसङ्केत शाकलशाखीय ऋग्वेदसंहिताजस्तै चार वा तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ। यस संहितामा ६४ अध्याय, १० मण्डल, २०५५ वर्ग र १०७६१ ऋचा छन्।

१.४ माध्यन्दिनीय-वाजसनेयि-शुक्लयजुर्वेदसंहिता

यो संहिता ४० अध्याय, ३०३ अनुवाक, १९७५ कण्डिका[१७] र ३९८८ मन्त्रमा विभक्त छ। अर्थात् संहिताको अवान्तर विभाग अध्याय, त्यसको अवान्तर अनुवाक, त्यसभित्रका कण्डिका र कण्डिकाभित्रका विभाग मन्त्र हुन्। अनुवाकसूत्राध्यायमा अध्याय, अनुवाक र कण्डिकाको मात्र सङ्ख्या उल्लेख गरिएको छ। मन्त्रको सङ्ख्या चाहिँ नाग प्रकाशकबाट प्रकाशित 'यजुर्वेदसंहिता'को गुटिकामा (द्वि.सं. १९९७ सन्) उल्लेख भएअनुसार यहाँ प्रस्तुत गरिएको हो। यसअतिरिक्त यस संहितामा ९०५२५ अक्षर र १२३० अनुस्वार (गुं) रहेका छन् भन्ने कुरा पूर्वाचार्यहरूलाई उद्धृत गर्दै शिवराज आचार्यले लेखेका छन्[१८]। यसप्रकार **अध्याय> अनुवाक> कण्डिका> मन्त्र गरी जम्मा चार भागमा विभक्त** शुक्लयजुर्वेद-माध्यन्दिनसंहिताको **स्थलसङ्केत प्रस्तुत गर्दा अनुवाक र मन्त्रलाई छोडेर दुई अङ्कको मात्र उल्लेख गर्ने प्रचलन** छ। जसअनुसार पहिलो अङ्कले अध्याय र दोस्रोले कण्डिकासङ्ख्या बुझिन्छ। पारस्करगृह्यसूत्रमा चाहिँ अनुवाकलाई पनि महत्त्व दिँदै कतिपय स्थलमा यसैका आधारमा मन्त्रको विनियोग गरिएको देखिन्छ[१९]। यहाँ पाठकहरूलाई सजिलोका लागि माध्यन्दिनसंहिताका अध्याय, अनुवाक, कण्डिका र मन्त्र-सङ्ख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

पूर्वविंशति अनु. २०२, कण्डिका १२११, मन्त्र २५८५

अध्याय	अनु.	कण्डिका	मन्त्र	अध्याय	अनु.	कण्डिका	मन्त्र
१	१०	३१	१३७	११	७	८३	१२२
२	७	३४	९५	१२	७	११७	१२९
३	१०	६३	७९	१३	७	५८	१३२
४	१०	३७	८२	१४	८	३१	१६५
५	१०	४३	१५०	१५	७	६५	१३६
६	८	३७	११७	१६	९	६६	२८०
७	२५	४८	१४०	१७	९	९९	१०६
८	२३	६३	१५०	१८	१३	७७	८९
९	८	४०	११७	१९	७	९५	१२०
१०	८	३४	१३९	२०	९	९०	१००
-	११९	४३०	१२०६	-	८३	७८१	१३७९

१७. कण्डिकास्तु परिज्ञेयाः शतान्येकोनविंशतिः।
पञ्चसप्तत्यधिकानि वेदे माध्यन्दिनीयके॥-कात्यायनकृत चरणव्यूहपरिशिष्ट, यजुर्वेदखण्ड।

१८. वै.ध.मू., पृ. १४६।

१९. द्र.- पा.गृ. १.१६.८-९ र ३.८.१३।

उत्तरविंशति अनु. १०१, कण्डिका ७६४, मन्त्र १४०३

अध्याय	अनु.	कण्डिका	मन्त्र	अध्याय	अनु.	कण्डिका	मन्त्र
२१	६	६१	६१	३१	२	२२	२२
२२	१९	३४	२६७	३२	२	१६	१६
२३	११	६५	८३	३३	७	९७	९७
२४	४	४०	४०	३४	६	५८	५८
२५	१५	४७	५०	३५	२	२२	२८
२६	२	२६	६२	३६	२	२४	२४
२७	४	४५	४५	३७	२	२१	५५
२८	४	४६	५०	३८	३	२८	७५
२९	४	६०	६०	३९	२	१३	११६
३०	२	२२	१७७	४०	२	१७	१७
-	७१	४४६	८९५	-	३०	३१८	५०८

दशकका आधारमा

दशक	अनुवाक	कण्डिका	मन्त्र
पहिलो	११९	४३०	१२०६
दोस्रो	८३	७८१	१३७९
तेस्रो	७१	४४६	८९५
चौथो	३०	३१८	५०८
जम्मा	३०३	१९७५	३९८८

व्याख्या र संस्करण : माध्यन्दिन-शुक्लयजुर्वेदसंहिताका प्राचीन भाष्यहरूमा उवट र महीधरका भाष्य तथा नवीन भाष्यहरूमा स्वामी दयानन्दको 'यजुर्वेदभाष्य' नामक संस्कृत र हिन्दी व्याख्या, स्वामी करपात्रको 'वेदार्थपारिजात' संज्ञक विस्तृत संस्कृत व्याख्या (हिन्दी भाषासहित), दामोदर सातवलेकरको सुबोधभाष्य (हिन्दीमा), रामकृष्णको 'तत्त्वबोधिनी', ईश्वरचन्द्रको 'प्रकाश' हिन्दीभाष्य-लगायतका व्याख्या प्रकाशित भएका छन्। यस संहिताका विभिन्न संस्करण विभिन्न समय र स्थानबाट प्रकाशित छन्, जसको केही विवरण यहाँ प्रस्तुत गरिएको छ।

१. **महीधरको भाष्यसहित सम्पादन** [**THE VAJASANEYI-SAMHITA** in the **Madhyandina** and the **Kanva-Sakh,** with the Commentary of Mahidhara, edited by Albrecht Weber, Berlin, 1849. Repr. Varanasi, 1972 (Chowkhamba Sanskrit Series, 103).]

२. **अंग्रेजी पद्यानुवादसहित** [The Texts of the **WHITE YAJUR-VEDA**, Translated with a Popular Commentary by Ralph T. H. Griffith, E. J. Lazarus and Company, Benares, 1899 . (Original from : Harvard University), Repr. Chowkhamba Sanskrit Series Office, 1976]

३. **उवटको भाष्यसहित,** सम्पा. वासुदेव शास्त्री, निर्णयसागर प्रेस, बम्बई, सन् १९२९ ।
४. **मूलमात्र,** सम्पा. दामोदर सातवलेकर, स्वाध्यायमण्डल, सन् १९५७ ।
५. **उवट र महीधरको भाष्यसहित,** सम्पा. पं. जगदीशलाल शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली, प्र.सं., सन् १९७१ ।
६. **पदपाठमात्र,** (माध्यन्दिनसंहितायाः पदपाठः), सम्पा. युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, सोनीपत, वि.सं. २०२८ ।
७. **'वेदार्थपारिजात'संज्ञक विस्तृत भूमिका** (संस्कृत तथा हिन्दी भाषायुक्त, १-२ खण्ड, पृ.सं. ९०८ + १३६६ =२२७४), 'वेदार्थपारिजात'संज्ञक **संस्कृत भाष्य** र विभिन्न विद्वान्का हिन्दी अनुवाद एवं भूमिकासहित (१-८ भाग), संस्कृत भाष्यकार : अनन्तश्री-विभूषित स्वामी **करपात्रमहाराज,** सम्पादक तथा हिन्दी अनुवादक : पं. व्रजवल्लभ द्विवेदी-प्रभृति, प्रकाशक : श्री राधाकृष्ण धानुका प्रकाशन संस्थान, कलकत्ता + वृन्दावन, वि.सं. २०३६-३७, २०४३, २०४४, २०४६, २०४८, २०४९, २०६३ इ. ।
८. **उवट र महीधरका भाष्य,** पदपाठ, विविध परिशिष्ट र 'तत्त्वबोधिनी' हिन्दी व्याख्यासहित, सम्पा. वासुदेव लक्ष्मण शास्त्री, व्याख्याकार : डा. रामकृष्ण शास्त्री, चौखम्बा विद्याभवन, वाराणसी, तृ.सं., सन्१९९९ । पुनर्मुद्रण : सन् २००७ ।
९. **'प्रकाश' हिन्दी भाष्यसहित,** भाष्यकार : ईश्वरचन्द्र, परिमल पब्लिकेशन्स, दिल्ली, सन् २००४ ।
१०. **दयानन्दको भाष्यसहित** (१-४ भाग), वैदिक यन्त्रालय, अजमेर, प्रथम संस्क. सन् १८७८-१८८९, द्वि.सं. वि.सं. १९६१, सन् १९२३ इ. । पुनर्मुद्रणः सार्वदेशिक आर्य प्रतिनिधि सभा, ३/५ महर्षि दयानन्द भवन, रामलीला मैदान, नई दिल्ली, सन् १९७५ । पुनर्मुद्रण : **यजुर्वेदभाष्य** (१-३ भाग, कुल पृष्ठ २०८५), सम्पा. प्रो. ज्ञानप्रकाश शास्त्री, गुरुकुल काँगडी प्रकाशन, गुरुकुल काँगडी विश्वविद्यालय, हरिद्वार, सन् २००८ ।

१.५ काण्व-वाजसनेयि-शुक्लयजुर्वेदसंहिता

यस संहिताको विभाग पनि अध्याय, अनुवाक र कण्डिकामा गरिएको छ । यसमा ४० अध्याय छन् । अध्यायको अवान्तर विभाग अनुवाक तथा त्यसको अवान्तर विभाग कण्डिका हो । ४० अध्याय ४ दशक र ३१७ अनुवाकमा[२०] विभक्त छन् भने उक्त अनुवाकमा २०८६ कण्डिका रहेका छन् । केही अनुसन्धाताहरूका अनुसार काण्वसंहितामा उडियापाठ (उडिसा राज्यमा प्रचलित पाठ) र महाराष्ट्र पाठ गरी दुई किसिमका पाठ रहेका छन् । उडियापाठमा ४१ अध्याय रहेका छन् भने जम्मा

२०. कहीं यस संहिताको अनुवाकसङ्ख्या ३२८ उल्लेख गरिएको छ (द्र.- वै.वा.इ. १, पृ. २६९-२७१ । सं.वा.बृ.इ. १, पृ. २७४) ।

कण्डिका (मन्त्र) २०९५ छन् । महाराष्ट्रीय परम्परामा चार दशकमा विभक्त यो संहिता उडिया-परम्परा अनुसार तलकुडी (पूर्वविंशति) र उपरकुडी (उत्तरविंशति) गरी दुई विंशतिमा विभक्त भएको मानिन्छ । उडिया भाषामा 'कुडी'को अर्थ बीस हुन्छ[२१] ।

यसरी **काण्वसंहिताको विभाजन अध्याय> अनुवाक> कण्डिका गरी तीन** भागमा भए पनि **स्थलसङ्केत प्रस्तुत गर्दा** कहीं तीन अङ्कको र कहीं दुई अङ्कको मात्र प्रयोग भएको पाइन्छ । अतः तीन अङ्क भएमा क्रमशः अध्याय, अनुवाक र कण्डिकालाई बुझ्नुपर्दछ भने दुई अङ्क भएमा अध्याय र मन्त्रसङ्ख्यालाई ग्रहण गर्नु पर्दछ ।

व्याख्या र संस्करण : काण्वसंहितामा हलायुध, सायण, आनन्दबोध र अनन्ताचार्यले भाष्य लेखेका छन्[२२] । यी भाष्यहरू विभिन्न स्थानबाट विभिन्न समयमा प्रकाशित भएका छन् ।

१. **पहिलो सम्पादन [THE VAJASANEYI-SAMHITA** in the **Madhyandina** and the **Kanva-Sakha,** with the Commentary of Mahidhara, edited by Albrecht Weber, Berlin, 1849. Repr. Varanasi, 1972 (Chowkhamba Sanskrit Series, 103)].
२. **हलायुधको 'ब्राह्मणसर्वस्व'संज्ञक व्याख्यासहित**, बनारस, वि.सं. १९३५ ।
३. **पूर्वार्ध, सायणको भाष्यसहित**, सम्पा. माधव शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९१५ ।
४. **मूलमात्र**, सम्पा. दामोदर सातवलेकर, स्वाध्यायमण्डल, औन्ध-नगर, कलकत्ता, सन् १९४० । पु.मु. चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् २००९ ।
५. **आनन्दबोधको भाष्य** (३१-४० अध्याय), सारस्वती सुषमा (वि.सं. २००९-११), सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी ।
६. **उत्तरार्ध, सायणको भाष्यसहित,** मुख्य सम्पा. डा. भागीरथप्रसाद त्रिपाठी 'वागीश' शास्त्री, सं. सं. वि., वाराणसी, सन् १९७८ ।
७. **समग्र, सायण, अनन्त र आनन्दबोधको व्याख्यासहित** (१-५ भाग), सम्पा. डा. बी. आर. शर्मा, वैदिक संशोधन मण्डल, पूना, सन् १९८८, १९९२ र १९९८ ।

१.६ कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहिता

कृष्णयजुर्वेदका जति शाखाहरू वर्तमानमा उपलब्ध छन् ती सबैमा मन्त्र र ब्राह्मणभाग पृथक्-पृथक् रूपमा विभक्त भएका देखिँदैनन् । संहितामा नै पहिला मन्त्र पढेपछि कहीं त्यही प्रपाठकमा, कहीं अर्को प्रपाठकमा र कहीं अर्को काण्डमा

२१. अन्य जानकारीका लागि द्र.- सं.वा.बृ.इ. १, पृ. २७१-२७४ ।
२२. विशेष जानकारीका लागि द्र.- **वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू** नामक ग्रन्थको शीर्षक 'शुक्लयजुर्वेदका भाष्यकार' ।

ब्राह्मणभाग पढिएको छ। ब्राह्मणभागमा पनि पहिला ब्राह्मण, त्यसपछि मन्त्रको पाठ एउटै प्रपाठक, दोस्रो प्रपाठक वा काण्डान्तरमा राखिएको पाइन्छ। यसरी संहिता र ब्राह्मणभागको भिन्नता छुट्ट्याउने स्पष्ट आधार नभए पनि मन्त्रको आधिक्य भएको भागलाई संहिता र ब्राह्मणको बाहुल्य रहेको भागलाई ब्राह्मण भन्ने परम्परा वैदिकहरूमा रहेको छ।

याज्ञवल्क्यद्वारा वमन गरिएका यजुर्मन्त्रहरू वैशम्पायनका अन्य शिष्यहरूद्वारा तित्तिरीजस्तै पक्षीको रूप धारण गरी ग्रहण गरिएको हुनाले 'तैत्तिरीय' र वमित यजुष्को ग्रहण गर्दा त्यसको मलिनता वा कृष्णत्व भएका कारण 'कृष्णयजुर्वेद' नाम रहेको कुरा पौराणिक विषयलाई आधार बनाएर कतिपयले उल्लेख गरे पनि यो विषय युक्तिसम्मत नभएकाले अनादरणीय नै मानिन्छ। वस्तुतः मन्त्र र ब्राह्मणको भिन्नता छुट्ट्याउने स्पष्ट आधार नभएको वा दुवै भाग सँगै पढिएका कारण याज्ञिक प्रयोगमा ऋत्विक्हरूलाई मन्त्र-ब्राह्मणको भिन्नता सुस्पष्ट गर्न अलमल भई उनीहरूको बुद्धिमा मालिन्य सिर्जना गर्ने वेद भएकाले 'कृष्णयजुर्वेद' र 'तित्तिरि' ऋषिद्वारा प्रोक्त भएकाले 'तैत्तिरीय' भन्ने अभिधान यसका लागि सर्वस्वीकार्य देखिन्छ।

तैत्तिरीयसंहितामा सारस्वत र आर्षेय गरी दुई किसिमको पाठपरम्परा रहेको छ। सारस्वत पाठ अध्ययनका लागि र आर्षेयपाठ याज्ञिक प्रयोगका लागि उपयोग गर्ने गरेको बुझिन्छ। सत्याषाढ, आपस्तम्ब, बौधायन इत्यादि कृष्णयजुर्वेदीय परम्पराका आचार्यहरूले आफ्ना गृह्यसूत्रहरूमा आर्षेयपाठकै उल्लेख गरेका छन् भने 'काण्डानुक्रमणिका'मा पनि यही पाठ प्रसिद्ध छ[२३]। यसरी तैत्तिरीयसंहितामा द्विविध पाठको परम्परा रहेका कारण यसको स्वरूपका विषयमा पनि विद्वान्हरूका बीचमा ऐकमत्य देखिँदैन। आर्षेय पाठक्रमअनुसार संहिता, ब्राह्मण र आरण्यकग्रन्थको पृथक्-पृथक् अस्तित्व नस्विकारी तीनवटै भागको समाहारलाई 'तैत्तिरीय-यजुर्वेद' भनिन्छ। यस पाठमा तैत्तिरीय-यजुर्वेदको विभाग काण्डमा गरिएको पाइन्छ र यसको विभाग विभिन्न आचार्यका मतमा भिन्नाभिन्नै रहेको छ। कसैले चार, कसैले पाँच, कसैले छ, कसैले सात, कसैले आठ र कसैले नौ काण्ड यसमा भएको मानेका छन्[२४]।

वर्तमानमा प्रचलित तैत्तिरीयसंहिता, तैत्तिरीयब्राह्मण, तैत्तिरीयारण्यक र तैत्तिरीयोपनिषद्का ग्रन्थहरू सारस्वत पाठअन्तर्गतका मानिन्छन्। त्यसैले मन्त्र, ब्राह्मण आदिको साङ्कर्य भए पनि यिनीहरूका अलग-अलग ग्रन्थ उपलब्ध छन्। तैत्तिरीयसंहिताको काण्ड, प्रपाठक र अनुवाक गरी मुख्यतया तीन किसिमको विभाग वर्तमानमा प्रचलित छ। यस संहितामा **७ काण्ड** छन् भने ती काण्ड क्रमशः ८+६+५+७+७+६+५ गरी **४४ प्रपाठकमा** विभक्त छन्। प्रपाठकपछिको क्रम अनुवाक हो। सात काण्डमा क्रमशः १४६+७५+५५+८२+१२०+६६+१०७ गरी जम्मा **६५१** <u>अनुवाक रहेका छन्</u>। कात्यायनकृत चरणव्यूहपरिशिष्टमा र भट्टभास्करको भाष्यमा

२३. द्र.- तै.सं.भू., पृ. ६३, ६७। वे.पर्या., पृ. ३६।
२४. द्र.- वे.पर्या., पृ. ३६-३७। तै.सं.भू., पृ. ६३-८४।

प्रपाठकलाई 'प्रश्न' भनिएको छ। चरणव्यूहमा उल्लेख भएअनुसार संहिता, ब्राह्मण र आरण्यक गरी त्रिविधात्मक समग्र 'तैत्तिरीय-यजुर्वेद'मा **२,१९८ पञ्चाशती**[२५], **१,९२,०९० पद, २,५३,८६८ अक्षर र ब्राह्मणग्रन्थका वाक्यहरू १९,४८८** रहेका छन्[२६]। कृष्णयजुर्वेद मन्त्र-ब्राह्मणात्मक भएकाले यहाँ ऋक् र यजुर्मन्त्रको परिमाण बताइएको छैन। यसरी **तैत्तिरीयसंहिताको विभाजन काण्ड> प्रपाठक> अनुवाक गरी मूलतः तीन भागमा** भए पनि यसको **स्थलसङ्केत प्रस्तुत गर्दा प्रायः चार अङ्कको प्रयोग** गरिन्छ। जसअनुसार पहिलो अङ्कले काण्ड, दोस्रोले प्रपाठक, तेस्रोले अनुवाक र चौथो अङ्कले अनुवाकभित्रका मन्त्र वा ब्राह्मणसङ्ख्या जनाइन्छ।

व्याख्या र संस्करण : तैत्तिरीयसंहितामा कुण्डिन, भवस्वामी, गुहदेव, भट्टभास्कर, क्षुर र सायणले भाष्य लेखेका छन्[२७] भने ए. बी. कीथले अंग्रेजी र परमेश्वरानन्दले हिन्दी अनुवाद लेखेका छन्। यस संहिताका प्रमुख संस्करण निम्नलिखित छन्।

१. **पहिलो सम्पादन सायणभाष्यसहित [The Sanhitā of the Black Yajur Veda,** with Commentary of Mādhava Āchārya, (Vols 1-6) Edited by Dr. E. Roer, E. B. Cowell (vol. 1-2), Maheśachandra Nyāyaratna (vol. 3-4) and Pandit Satyavrata Sāmaśramī (vol. 5-6), Asiatic Society of Bengal, Calcutta, 1860-1899].

२. **दोस्रो सम्पादन [DIE TAITTIRIYA-SAMHITA,** ed. by A. Weber, Leipzig : Brockhaus, 1871-1872 (Indische Studien, 11-12)].

३. **भट्टभास्करको भाष्यसहित** (१-१२ भाग), सम्पा. ए. महादेव शास्त्री र के. रङ्गाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १८९४-१८९८। **पुनर्मुद्रण :** (१-१० भाग), मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८६।

४. **सायणको भाष्यसहित** (१-९ भाग), सम्पा. काशीनाथ शास्त्री आगाशे, आनन्दाश्रम मुद्रणालय, पूना, प्र.सं., सन् १९००-१९०८। द्वि.सं. सन् १९४०-

---

२५. विद्यार्थीहरूलाई अध्ययनादि सौकर्यका लागि प्रत्येक दीर्घ अनुवाकहरूमा पचास पदको विराम (अवसान) कल्पना गरिएको छ। त्यसैलाई पञ्चाशती वा पञ्चाशत् भनिन्छ। -तै.सं.भू., पृ. ३१-३२।

२६. काण्डास्तु सप्त विज्ञेयाः प्रश्नाश्चाधिक्यकाश्चतुः। चत्वारिंशत्तु विज्ञेया अनुवाकाः शतानि षट्॥
एकपञ्चाशदधिकाः सङ्ख्याः पञ्चाशदुच्यते। द्विसहस्रं चैकशतमष्यनवति चाधिका॥
लक्षैकं तु द्विनवतिसहस्राणि प्रकीर्तितम्। पदानि नवतिश्चैव तथैवाक्षरमुच्यते॥
लक्षद्वयं त्रिपञ्चाशत् सहस्राणि शताष्टकम्। अष्टषष्ट्यधिकं चैव यजुर्वेदप्रमाणकम्॥
शाखावाक्यान्ययुतानि सहस्राणि नवानि च। चतुःशतान्यशीतिश्च अष्टौ वाक्यानि गण्यते॥
-च.परि., यजुर्वेदखण्ड, वे.पर्या., पृ. ६४। तै.सं.भू., पृ. ३१।

२७. विशेष जानकारीका लागि द्र.- **वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू** नामक ग्रन्थको शीर्षक 'कृष्णयजुर्वेदका भाष्यकार'।

१९५१ । तृ.सं. (१-८ भाग), सम्पा. नरहरि शास्त्री 'तलेकर', सन् १९५९ । चतुर्थ सं., सन् १९७८-१९८० । **पुनर्मुद्रण :** (१-५ भाग), सम्पा. मैत्रयी देशपाण्डे, न्यू भारतीय बुक कर्पोरेशन, दिल्ली, सन् २०१२ ।

५. **अंग्रेजी अनुवाद** [The Veda of the Black Yajus School : entitled **Tittiriya Sanhita,** Translated from the Original Sanskrit, Prose and Verse, by A. B. Keith, Harvard Oriental Series, Vol. 18-19 (America), 1914. (Repr. by Motilal Banarsidass, Delhi, 1967)].

६. **मूलमात्र,** सम्पा. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, गुजरात, द्वि.सं., वि.सं. २०१३, पञ्चम सं., सन् १९९९ ।

७. **सायणभाष्य, हिन्दी अनुवाद र टिप्पणीसहित** (१-२ भाग, प्रथम काण्डको चौधौं अनुवाकसम्म), हिन्दी अनुवादक : परमेश्वरानन्द शास्त्री, प्रधान सम्पा. मण्डन मिश्र, सम्पा. अमीरचन्द्र शास्त्री र रुद्रदेव त्रिपाठी, श्री लालबहादुर शास्त्री केन्द्रीय संस्कृत विद्यापीठ, दिल्ली, वि.सं. २०३७ (सन् १९८१) ।

१.७ कृष्णयजुर्वेदीय-मैत्रायणीसंहिता

'मित्रयु' नामक आचार्यद्वारा प्रोक्त भएकाले यस शाखाको नाम 'मैत्रायणी' रहेको हो[२८] । तैत्तिरीयसंहिताजस्तै मन्त्र र ब्राह्मणभागको संयुक्त पाठ रहेको यो संहिता चार काण्डमा विभक्त छ र ती काण्डको नाम क्रमशः 'आदिम, मध्यम, उपरि र खिल' राखिएको छ। **चार काण्ड** क्रमशः ११+१३+१६+१४ गरी जम्मा **५४ प्रपाठकमा** विभक्त छन् । प्रपाठकको विभाग अनुवाकमा भएको छ। जसअनुसार आदिम काण्डमा १६५, मध्यममा १५१, उपरिमा १८० र खिलकाण्डमा १५८ गरी जम्मा **६५४ अनुवाक** यस संहितामा रहेका छन् । अनुवाकपछिको क्रम कण्डिका (मन्त्र) हो । यस संहिताको पहिलो काण्डमा ६९५, दोस्रोमा ७८३, तेस्रोमा ४८५ र चौथो काण्डमा ११८१ गरी जम्मा **३१४४ कण्डिका** (मन्त्र) रहेका छन् । यसरी **मैत्रायणीसंहिताको विभाजन काण्ड> प्रपाठक> अनुवाक> कण्डिका** गरी **जम्मा चार भागमा** भए पनि यसको **स्थलसङ्केत प्रस्तुत गर्दा प्रायः तीन अङ्कको प्रयोग** भएको पाइन्छ । जसअनुसार पहिलो अङ्कले काण्ड, दोस्रोले प्रपाठक र तेस्रोले अनुवाकसङ्ख्या बुझिन्छ । यदि चार अङ्कको प्रयोग गरेमा **अन्तिम अङ्कले अनुवाकभित्रका मन्त्र वा ब्राह्मणसङ्ख्या** बुझ्नु पर्दछ ।

यो संहिता पं. श्रीपाद दामोदर सातवलेकरको सम्पादकत्वमा स्वाध्याय-मण्डल पारडी (जि. बलसाड) बाट 'यजुर्वेदीय मैत्रायणीसंहिता'का नामले (चतुर्थ संस्करण, सन् १९८३?) प्रकाशित भएको छ। यस संहिताको अन्त्यमा (पृ. ५४३-५६४) **'मैत्रायणीयमारण्यकम् अथवा मैत्रायणीया उपनिषद्'** नामबाट आरण्यक वा उपनिषद्भाग पनि समावेश गरिएको छ । यस संहिताका अन्य संस्करण

२८. वै.वा.इ. १, पृ. २९६ । सं.वा.बृ.इ. १, पृ. २४२, टि. १ ।

निम्नबमोजिम रहेका छन्।

१. **पहिलो सम्पादन [MAITRAYANI SAMHITA** : die Samhita der Maitrayaniya-Sakha, (Buch 1-4) herausgegeben von Leopold von Schroeder, Leipzig, 1881-1886. Reprinted : 1923 and 1970-1972.]

२. **यजुर्वेदीय-मैत्रायणीसंहिता**, सम्पा. श्रीपाद दामोदर सातवलेकर, स्वाध्याय मण्डल, औन्ध-नगर, प्रथम संस्करण, सन् १९४२। पञ्चम सं., सन् २००५।

१.८ कृष्णयजुर्वेदीय-काठकसंहिता

'कठ' नामक आचार्यद्वारा प्रोक्त भएकाले यस शाखाको नाम 'काठक' रहेको हो। तैत्तिरीयसंहिताजस्तै मन्त्र र ब्राह्मणभागको संयुक्त पाठ रहेको यो संहिता चार ग्रन्थ वा खण्डमा विभक्त छ। यसमा पहिलो ग्रन्थको नाम **इठिमिका,** दोस्रोको **मध्यमिका,** तेस्रोको **ओरिमिका** र चौथोका नाम **अश्वमेध** राखिएको छ। यीमध्ये आदिक्रमका **तीन ग्रन्थ** (भाग) **स्थानक, अनुवाक र मन्त्रमा**[२९] **विभक्त** छन् भने 'अश्वमेध' नामक **अन्तिम ग्रन्थ** (भाग) **वचन, अनुवाक र मन्त्रमा विभक्त** छ। यसप्रकार यो संहिता स्थूल रूपमा चार ग्रन्थमा विभक्त छ भने तिनका अवान्तर विभागअन्तर्गत स्थानक वा वचन, अनुवाक र मन्त्र पर्दछन्। **समग्र काठकसंहितामा ४ ग्रन्थ** (भाग), **४० स्थानक, १३ अनुवचन वा वचन, ६६८ अनुवाक**[३०] **र ३०९३ मन्त्र** (संहिता तथा ब्राह्मण दुवै मिलाएर) रहेका छन्। यसको विस्तृत विवरण तलको तालिकाबाट स्पष्ट हुनेछ। काठकसंहिताको विभागमा प्रारम्भका तीन ग्रन्थ (विभाग) इठिमिका, मध्यमिका र ओरिमिकामा पढिएका **याज्या**[३१] तथा **अनुवाक्या**[३२]हरूको पनि स्वतन्त्र सत्ता मानेर यस संहितालाई पाँच ग्रन्थ वा विभागका रूपमा स्वीकार्ने परम्परा पनि देखिन्छ। यसका पाँच ग्रन्थ वा भाग स्विकार्ने हो भने याज्यानुवाक्या-हरूको स्थिति ओरिमिका र अश्वमेध भागका बीचमा (चतुर्थ ग्रन्थका रूपमा) रहन्छ[३३]। पाठक वर्गलाई यस संहिताको स्वरूप बुझ्न सजिलो होस् भन्ने उद्देश्यले संहिताअन्तर्गतका विभिन्न विभाग तालिकामा प्रस्तुत गरिएको छ।

---

२९. यहाँ 'मन्त्र' भनेर संहिताका मन्त्र तथा ब्राह्मणका वाक्य दुवैलाई बुझ्नुपर्छ।

३०. सातवलेकरद्वारा सम्पादित काठकसंहिताको भूमिका (प्रस्ताव) पृ. १२ तथा बलदेव उपाध्याय-द्वारा लिखित 'वैदिक साहित्य और संस्कृति'को पृ. १३२ मा यस संहिताको अनुवाकसङ्ख्या ८४३ उल्लेख गरिएको छ तर यस ग्रन्थकारले प्रत्येक ग्रन्थ र स्थानकअनुसार अनुवाक गणना गर्दा ६६८ अनुवाक मात्र यस संहितामा रहेका देखिन्छन्।

३१. दर्शपौर्णमासादि श्रौतयागमा मन्त्रको आरम्भमा 'ये३ यजामहे' र अन्त्यमा 'वौ३षट्' (वषट्कार) जोडेर देवतालाई हविः प्रदान गर्नका लागि होताद्वारा पढिने आधा वा पूर्ण ऋचालाई याज्या भनिन्छ।

३२. श्रौतयागमा देवतालाई हविः प्रदान गर्नुभन्दा पहिला सम्बद्ध देवतालाई अनुकूल बनाउनका लागि होताद्वारा पढिने ऋग्विशेषलाई (ऋचालाई) अनुवाक्या वा पुरोऽनुवाक्या भनिन्छ।

३३. द्र.- काठकसं. भू., पृ. ११-१३। सं.वा.बृ.इ. १, पृ. २३९।

प्रथम विभाग इठिमिका

स्थानक	अनुवाक	मं./ब्रा.	स्थानक	अनुवाक	मं./ब्रा.
१	१२	५०	१०	१३	५४
२	१५	११७	११	१३	६४
३	१०	४०	१२	१५	६५
४	१६	१४३	१३	१६	९४
५	६	३६	१४	१०	३५
६	११	५५	१५	१३	६५
७	१७	११८	१६	२१	२५१
८	१७	८२	१७	१९	११५
९	१९	८५	१८	२१	१३४
-	१२३	७२६	-	१४१	८७७
जम्मा				२६४	१६०३

द्वितीय, तृतीय र चतुर्थ विभाग

मध्यमिका			ओरिमिका			अश्वमेध		
स्था.	अनु.	मं./ब्रा.	स्था.	अनु.	मं./ब्रा.	वचन	अनु.	मं./ब्रा.
१९	१४	४२	३१	१५	४९	१	११	१६
२०	१५	४९	३२	७	१७	२	१०	१०
२१	१४	७७	३३	८	२०	३	१०	१९
२२	१५	६८	३४	१९	३९	४	१०	३७
२३	१२	४८	३५	२०	९९	५	२१	२५
२४	१०	२६	३६	१५	४४	६	५	६२
२५	१०	३४	३७	१८	६०	७	११	११
२६	१२	३९	३८	१४	१६३	८	३	३
२७	१०	३१	३९	१५	१२०	९	१०	१०
२८	१०	२५	४०	१४	१३५	१०	६	१६
२९	१०	२५	१०	१४५	७४६	११	६	६
३०	१०	५१				१२	१	१
१२	१४२	५१५				१३	१३	१३
जम्मा							११७	२२९

एकत्रित विभाग

विभाग	स्थानक	अनुवाक	मन्त्र/ब्राह्मण
इठिमिका	१८	२६४	१६०३
मध्यमिका	१२	१४२	५१५
ओरिमिका	१०	१४५	७४६
अश्वमेध	वचन १३	११७	२२९
जम्मा	स्था. ४० + वचन १३ = ५३	६६८	३०९३

यस संहिताको स्थलसङ्केत प्रस्तुत गर्दा तीन अङ्कको उल्लेख गर्ने गरिन्छ। जसअनुसार प्रथम अङ्कले स्थानक वा वचन, द्वितीय अङ्कले अनुवाक र तृतीय अङ्कले मन्त्र जनाइन्छ।

संस्करण :

१. **पहिलो सम्पादन [THE KATHAKA SAMHITA** (Books I and II), by Leopold von Schroeder, The Journal of the Royal Asiatic Society of Great Britain and Ireland, Vol. 1, 1834, Vol. 2 1910. (Cambridge University Press)]

२. **यजुर्वेदीय काठकसंहिता,** सम्पा. दामोदर सातवलेकर, स्वाध्यायमण्डल, औन्ध-नगर, प्र. संस्क., वि.सं. १९९८ (सन् १९४२)। चतुर्थ संस्क., पारडी, सन् १९८३?

३. The full-moon and new-moon Sacrifices of the **Katha-Sakha,** with an introduction, the text, expiatory rites, appendices, index of Mantras and English translation, ed. by **P. D. Navathe,** Adarsha Sanskrit Shodha Samstha, Delhi, 2010.

१.९ कृष्णयजुर्वेदीय-कपिष्ठलकठसंहिता

कृष्णयजुर्वेदसँग सम्बद्ध कपिष्ठलकठसंहिता अष्टक> अध्याय> खण्ड वा कण्डिका गरी जम्मा तीन भागमा विभक्त छ। हाल यस संहिताका प्रथम अष्टकका १-८ अध्याय, चतुर्थ अष्टकका २५-३१ अध्याय, पञ्चम अष्टकका ३४-३९ अध्याय र षष्ठ अष्टकका ४०-४७ (४८?) अध्याय गरी जम्मा २९ अध्याय मात्र उपलब्ध छन्। उपलब्ध अध्यायहरूमा क्रमशः १९, १७, १२, ८, ९, ९, ८, १२, १०, ९, ६, ११, ८, ८, २१, १, ९, ६, ८, ६, ५, ५, ८, ६, ९, ८, ८, ११ र १८ गरी जम्मा २७५ खण्ड वा कण्डिका छन्। यी खण्ड वा कण्डिकाका कतिपय स्थलमा पनि केही अंश त्रुटित छन्। यसरी अपूर्ण रूपमा उपलब्ध यो संहिता रघुवीरको सम्पादकत्वमा सन् १९३२ मा लाहोरबाट प्रकाशित भएको थियो भने यसको अर्को संस्करण मेहरचन्द लक्ष्मणदास, दिल्लीबाट सन् १९६८ मा प्रकाशित छ। यसको स्थलसङ्केत २ अङ्कद्वारा गरिन्छ।

१.१० सामवेद

ऋक्, यजुः, साम गरी गणनाका आधारमा तेस्रो स्थानमा रहेको सामवेदलाई वैदिक तथा लौकिक साहित्यमा महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ। जागरणशील व्यक्तिको मात्र सामगानमा पहुँच हुने कुरा ऋग्वेदसंहितामा उल्लेख गरिएको छ[३४] भने भगवद्गीतामा श्रीकृष्णले सामवेदलाई नै आफ्नो स्वरूप बताउनुभएको छ[३५]। याज्ञिक दृष्टिबाट श्रौतयज्ञमा उद्गाता वा उद्गातृ गणका ऋत्विक्ले गर्ने कर्म र तत्सम्बद्ध विषयको प्रतिपादन गर्ने वेदलाई सामवेद भनिन्छ। **सामवेदको संहिताभागअन्तर्गत** छन्द, आरण्यक, माहानाम्न र उत्तर गरी **चारवटा आर्चिकग्रन्थ; एउटा स्तोभग्रन्थ;** गेय (वेय), आरण्य, ऊह र ऊह्य गरी चार प्रमुख गान एवं यिनै

३४. यो जागार तमु सामानि यन्ति -५.४४.१४।
३५. वेदानां सामवेदोऽस्मि -१०.२२।

गानका परिशिष्टरूप माहानाम्न, भारण्ड, तवश्यावीय र गायत्रसाम गरी **आठवटा गानग्रन्थसहित जम्मा १३ प्रकारका ग्रन्थ पर्दछन्**[३६] ।

१.१०.१ साम शब्दको अर्थ

'साम' शब्द गीतिविशेष अर्थात् गानका भाकाविशेषमा रूढ भएको देखिन्छ[३७] । वैदिक यज्ञ, ईश्वरको उपासना वा भक्तिरसमा निमग्न मानवद्वारा ऋक्-मन्त्रलाई आश्रय बनाएर निश्चित लयविशेषमा गाइने मन्त्र नै साम हुन्[३८] । यसरी 'साम' शब्दको अर्थ निश्चित ऋचाहरूमा आवश्यकताअनुसार विभिन्न स्वरको प्रयोग गरी गाइने गीतिविशेष भन्ने भए पनि गीतिविशेषमा ढाल्न सकिने ऋचाहरूको प्राधान्य भएको वेदलाई 'सामवेद' र त्यसभित्र रहेका शुद्ध ऋचाहरूलाई समेत 'साममन्त्र' भन्ने चलन छ। बृहदारण्यकोपनिषद्मा 'साम'को व्युत्पत्ति यसरी गरिएको छ– **'सा च अमश्चेति तत्साम्नः सामत्वम्'** (१.३.२२)। यहाँ 'सा' सर्वनाम पदले 'ऋक्' र 'अम' पदले षड्ज, ऋषभ इत्यादि स्वरसमुदायलाई लक्षित गरिएको बुझिन्छ। यसबाट साम शब्दको व्युत्पत्तिलभ्य अर्थ 'ऋचासँग सम्बद्ध स्वरप्रधान गायन'[३९] भन्ने हुन्छ।

जुन ऋचामा साम गाइन्छ ती ऋचालाई 'सामयोनि' भन्ने चलन छ । सामवेदसंहितामा यस्तै ऋचाहरूको सङ्ग्रह छ। अर्थात् यहाँ सङ्कलित ऋचा वस्तुतः साम नभई गानोपयोगी ऋचा (मन्त्र) हुन् । वास्तविक साम चाहिँ गानग्रन्थमा सङ्कलित हुन्छन्[४०] ।

१.१०.२ कौथुमशाखीय-सामवेदसंहिताको स्वरूप

वर्तमानमा बहुप्रचलित यो संहिता पूर्वार्चिक र उत्तरार्चिक गरी दुई भागमा विभक्त छ। पूर्वार्चिकलाई छन्द, छन्द आर्चिक, छन्दःसंहिता, योनिग्रन्थ पनि भनिन्छ भने उत्तरार्चिकलाई उत्तरा, उत्तरसंहिता इत्यादि नामले पनि चिनिन्छ। ऋचाहरूको समूहलाई यहाँ आर्चिक भनिएको छ। **पूर्वार्चिकमा ६ अध्याय र छवटै प्रपाठक** रहेका छन्। प्रत्येक प्रपाठकमा दुई अर्ध (प्रपाठकको आधा) र प्रत्येक अर्धमा दश (२×५)

३६. सामवेदीयसंहिताभागे छन्दः, आरण्यकः, माहानाम्नः, उत्तरश्चेति चत्वार आर्चिकग्रन्थाः; एकश्च स्तोभग्रन्थः; गेयम्, आरण्यम्, ऊहम्, ऊह्यञ्चेति चत्वारः प्रधानाः; माहानाम्नम् भारण्डं तवश्यावीयं गायत्रञ्चेति तेषामेव परिशिष्टरूपाः –इत्यष्टौ ग्रन्थाः; एषामेव त्रयोदशानां संहितात्वव्यवहारो दृश्यते साम्प्रतम्।-सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. १ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।

३७. गीतिषु सामाख्या -जै.सू. २.१.३६ ।

३८. ऋच्यध्यूढं साम गीयते -छां.उ. १.६.१ ।

३९. तया सह सम्बद्धः अमो नाम स्वरो यत्र वर्तते तत्साम -बलदेव, वै.सा.सं., पृ. १३६ ।

४०. वस्तुतस्तु सामवेदसंहिताशब्देन गानग्रन्था एव ग्रहणीयाः तेष्वेव सामव्यवहारात् जैमिन्यादिकृत-सामलक्षणसङ्गतेश्च। आर्चिकगानग्रन्थानां तु सामवेदीयत्वमतिप्राचीनार्यकोविदैः सामार्थबोधसुकराय रैवतादिसामाख्याभिव्यक्तयेऽपि च श्रौते कर्मणि विहितानां सामशून्यानामपि कतृचां स्वरूपख्यापनाय च ऋग्वेदात् सङ्गृह्य विहितमिति च स्फुटम्।-सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. १-२ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।

दशति वा खण्ड रहेका छन्। यद्यपि दश ऋचाको समूहलाई एक दशति भनिन्छ र सामान्यतः यहाँ पनि यो नियम लागू भएको छ तथापि कतिपय दशतिहरूमा ऋचाहरूको न्यूनाधिक्य पनि रहेको छ। अतः दशतिको विभागलाई प्रायिक मान्नु पर्दछ। मुख्यतः छन्द र देवताको ऐक्यलाई लक्षित गरी ऋचाहरूलाई दशतिमा विभक्त गरेको प्रतीत हुन्छ।

पूर्वार्चिकको **प्रथम अध्यायलाई आग्नेय काण्ड वा पर्व** भनिन्छ र यसमा प्रायः अग्निविषयक ऋचाहरू सङ्कलित छन्। यसमा १२ खण्ड वा दशति र ११४ मन्त्र रहेका छन्। **द्वितीयदेखि चतुर्थसम्मका तीन अध्यायलाई ऐन्द्र काण्ड वा पर्व** भनिन्छ। यसमा प्रायः इन्द्रविषयक ऋचा सङ्कलित छन्। दोस्रो, तेस्रो र चौथो अध्यायमा क्रमशः १२, १२, १२ (=३६) खण्ड वा दशति र ११८, ११९, ११५ (=३५२) मन्त्र पढिएका छन्। **पाँचौं अध्यायमा** प्रायः सोमसम्बद्ध मन्त्र रहेकाले **यसलाई पावमान काण्ड वा पर्व** भनिन्छ। यसमा ऋग्वेदसंहिताको नवौं पवमान-मण्डलअन्तर्गतका सोमविषयक ऋचाहरू सङ्कलित छन्। यस अध्यायमा ११ खण्ड वा दशति र ११९ मन्त्र छन्। **छैटौं अध्याय आरण्यकाण्ड वा पर्व**का नामले चिनिन्छ। यसमा ५ खण्ड वा दशति र ५५ मन्त्र छन्। यसपछि **'महानाम्नी आर्चिक'** नामबाट १० मन्त्र सङ्कलित छन्। यी दश ऋचालाई कसैले परिशिष्टका रूपमा ग्रहण[४१] गरे पनि हाम्रा गुरुवर प्रो.डा. श्रीकिशोर मिश्रको यस विषयमा पूर्णतः विमति छ। उहाँका अनुसार 'अग्न आयाहि'देखि पुरीषपदान्तसम्मको भाग (पूर्वार्चिकको आरम्भदेखि उत्तरार्चिक आरम्भ हुनुपूर्वको महानाम्न्यार्चिकको अन्त्यसम्मको भाग) पूर्वार्चिक हो र महानाम्नी ऋचाहरू (१० वटा) छैटौं अध्याय वा आरण्यकाण्डअन्तर्गत नै पर्दछन्[४२]।

यसरी सामवेदसंहिताको **पूर्वार्चिकमा ६ अध्याय, ६ प्रपाठक, १२** अर्ध (प्रपाठकको आधा), १२+१२+१२+१२+११+५ गरी जम्मा **६४ खण्ड** र ११४+११८+११९+११५+११९+५५+१० गरी जम्मा **६५० मन्त्र** रहेका छन्।

उत्तरार्चिकको विभाग पनि पूर्वार्चिकजस्तै प्रपाठकात्मक र अध्यायात्मक गरी दुई किसिमको रहेको छ। प्रपाठकात्मक विभागअन्तर्गत ९ प्रपाठक रहेका छन्। आदिदेखि पाँचौं प्रपाठकसम्मका प्रत्येक प्रपाठकमा दुई अर्ध र बाँकी चार प्रपाठकका प्रत्येक प्रपाठकमा तीन अर्ध छन्। यसरी **उत्तरार्चिकमा ९ प्रपाठक र २२ अर्ध** हुन्छन्। **अध्यायात्मक विभागमा** चाहिँ **२१ अध्याय, १२० खण्ड** (६+६+६+६+७+७+७+६+९+१२+३+६+६+४+४+४+४+४+५+७+१ = १२०) र **१२२५ मन्त्र** (६२+६२+५५+५६+६९+७६+८५+५९+७८+९४+३२+५६+५४+४६-

४१. द्र.- वै.सा.सं., पृ. १३७।
४२. वे.पर्या., पृ. ४१-४२।

+३८+४४+४०+५४+५४+८४+२७ = १२२५) रहेका छन्। यसप्रकार सामवेदसंहितामा पूर्वार्चिकका ६५० र उत्तरार्चिकका १२२५ गरी **जम्मा १८७५ मन्त्र** छन्।

सामवेदसंहिताको पूर्वार्चिकमा विभिन्न सामका योनिभूत ऋचाहरू (जुन-जुन ऋचाहरूमा सामविशेषको उत्पत्ति वा विशेष सम्बन्ध हुन्छ त्यस्ता ऋचाहरू) मात्र पढिएका छन् भने उत्तरार्चिकमा प्रायः तृचात्मक (तीन ऋचावाला) सूक्तहरू सङ्ग्रह गरिएका छन्। कहीं कहीं १२ ऋचासम्मका सूक्त पनि उत्तरभागमा रहेका छन्। सामान्यतः तृचात्मक सूक्तमा पहिलो ऋचा योनिऋक् (योनिमन्त्र) हुन्छ भन्ने मान्यता भए पनि सर्वत्र यो नियम लागू हुँदैन। योनिऋचासहित तीन ऋचाको पाठ भएकाले यसलाई तृच-पाठ भनिन्छ। **उत्तरार्चिकमा यस्ता तृचहरू २८७ छन्।** यीमध्ये २२६ तृचका प्रथम ऋचाहरू पूर्वार्चिकमा पढिएका छन् भने ६१ तृचका प्रथम ऋचा पूर्वार्चिकमा उपलब्ध छैनन्[४३]। **सामवेदसंहिताका १८७५ मन्त्रमध्ये पूर्वार्चिकमा पढिएका २७२ ऋचा उत्तरार्चिकमा दोहोरिएका** हुँदा तिनलाई घटाउँदा १६०३ मात्र शुद्ध ऋचा हुने र यीमध्ये पनि १५०४ ऋचा ऋग्वेदसंहिताका शाकल र शाङ्खायनसंहितामा पाइने भएकाले **९९ ऋचामात्र** नवीन (ऋग्वेदका कुनै शाखाविशेषका) रहेका छन् भन्ने कुरा आधुनिक विद्वान्हरूले उल्लेख गरेका छन्[४४]।

यसरी आर्चिक, अध्याय, प्रपाठक, अर्ध, खण्ड, दशति र मन्त्र गरी विभिन्न विधामा विभक्त सामवेदसंहिताको **स्थलसङ्केत प्रस्तुत गर्दा सामान्यतः पूर्वार्चिक र उत्तरार्चिकको सङ्केत शब्दमा नै गर्ने र बाँकीलाई बुझाउन तीन अङ्कको प्रयोग गर्ने परम्परा** रहेको छ। जसअनुसार पहिलो अङ्कले अध्याय, दोस्रोले खण्ड र तेस्रोले मन्त्रसङ्ख्या जनाइन्छ।

व्याख्या र संस्करण : कौथुमशाखीय सामवेद-आर्चिकसंहितामा माधव, गुणविष्णु, सायण, भरतस्वामी, भगवदाचार्य इत्यादि विद्वान्हरूले भाष्य लेखेका छन्[४५]। यस संहिताका केही प्रमुख संस्करण निम्नबमोजिम रहेका छन्।

१. **देवनागरी लिपिमा पहिलो सम्पादन [Die Hymnen des Sama-Veda,** by Theodor Benfey, Leipzig : F. A. Brockhaus, 1848.]
२. **सायणको भाष्य र गानसंहितासहित** (१-५ भाग), सम्पा. पं. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८७४-१८७८।
३. **सायणको भाष्यसहित**, जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९२।
४. **माधव र भरतस्वामीको भाष्यसहित** [SĀMAVEDA-SAMHITĀ, Edited by Prof. C. Kunhan Raja, Tha Adyar Library, Madrass, 1941]

---

४३. द्र.- सामवेद और यजुर्वेद भाष्य की प्रस्तावना, पृ. २५। सं.वा.बृ.इ. १, पृ. २९१।
४४. द्र.- वै.सा.सं., पृ. १३७।
४५. विशेष जानकारीका लागि द्र.- **वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू** नामक ग्रन्थको शीर्षक 'सामवेदका भाष्यकार'।

५. **माधव, भरतस्वामी र सायणको भाष्यसहित** [SAMAVEDA SAMHITA OF THE KAUTHUMA SCHOOL : with Padapatha and the Commentaries of Madhava, Bharatasvamin and Sayana, Edited with critical notes and an introduction (Vols. 1-3), by B. R. Sharma, Dept. of Sanskrit and Indian Studies, Harvard University, America, 2000 (Harvard Oriental Series, Vols. 57-59)].

६. **स्वामी भगवदाचार्य-प्रणीत 'सामसंस्कार' भाष्य तथा हिन्दी टीकासहित** (१-२ भाग), चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् २००३।

७. **ग्रिफिथको अंग्रेजी पद्यानुवादसहित** [HYMNS OF THE SAMA-VEDA, Translated with a popular Commentary by Ralph T. H. Griffith, Kotagiri, Nilgiri (Tamil Nadu), Frist ed.1893. Revised and enlarged ed. 1991. (enlarged by Nag Sharan Singh and Surendra Pratap, Nag Publishers, Delhi).] पुनर्मुद्रण : [SAMAVEDA SAMHITA, Sanskrit text with English translation of R. T. H. Griffith, Edited and revised with introduction and exegetical notes by Ravi Prakash Arya, Parimal Publications, Delhi, 1996.]

८. **अंग्रेजी अनुवादसहित** [SAMAVEDA SAMHITA, with English translation (Vols. 1-2), by Svami Satya Prakash Saraswati, assisted by Satyakam Vidyalankar, Veda Pratishthan, 1991-1992 .]

९. **मूलमात्र,** सम्पा. दामोदर सातवलेकर, स्वाध्यायमण्डल, औन्ध, सन् १९३९। पुनर्मुद्रण : पारडी, गुजरात, सन् १९५८। अर्थ र स्पष्टीकरणसहित, तृतीय संस्क., सन् १९८३।

१.१०.२.१ सामगानपद्धति

सामवेद-आर्चिक-संहिताका माथि उल्लिखित ऋचाहरूलाई (योनिमन्त्रहरूलाई) आधार बनाएर पूर्वज ऋषिहरूले विभिन्न किसिमका गान प्रवर्तन गरेका छन्। आर्चिकसंहिताका ऋचाहरू उदात्त, अनुदात्त र स्वरित गरी तीन स्वरमा मात्र पढिन्छन् भने गानसंहिताका मन्त्रहरू षड्ज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद गरी सात स्वरमा गाइन्छन्। गान गर्दा सामका योनिभूत पूर्वोक्त ऋचाहरूमा स्वरूप परिवर्तन वा गीतिअनुकूलको शाब्दिक परिवर्तन गरिन्छ। यस्तो परिवर्तनलाई **'सामविकार'** भनिन्छ। यी मूलतः **विकार, विकर्षण, विश्लेष, अभ्यास, विराम, आगम, स्तोभ र लोप** गरी आठ किसिमका हुन्छन्। जस्तै–

अग्न आयाहि वीतये गृणानो हव्यदातये। नि होता सत्सि बर्हिषि॥ (सा.सं., पू. १.१.१) यो सामवेद आर्चिकसंहिताको सामयोनि-ऋचा हो। यसलाई गान गर्दा मन्त्र वा शब्दमा निम्नबमोजिमका परिवर्तन आउँछन्–

ओ। ओऽग्नाइ॥ आयाहिऽ३वोइतोयाऽ२इ। तोयाऽ२इ। गृणानोह। व्यदातोयाऽ२इ। तोयाऽ२इ ॥ नाइहोतासाऽ२३ ॥ त्साऽ२इवाऽ२३४औहोवा । हीऽ२३४षी ॥[४६]

१) विद्यमान वर्णका स्थानमा वर्णान्तरको उच्चारण **विकार** हो । जस्तै- अग्ने> **ओऽग्नाइ** । २) ह्रस्वका स्थानमा दीर्घ र दीर्घका स्थानमा प्लुत स्वरको उच्चारण **विकर्षण** हो— आयाहि> **आयाहिऽ३**। ३) एक पदको पृथक्करण वा सन्धि-विच्छेदलाई **विश्लेष** भनिन्छ— वीतये> **वोइतोयाऽ२इ**। ४) कुनै पदको दुई-तीनपटक उच्चारण गर्नु **अभ्यास** हो— तये> **तोयाऽ२इ**। ५) उच्चारणगत सुविधाका लागि कुनै निश्चित पदका बीचमा रोकिनु **विराम** हो— गृणानो हव्यदातये> **गृणानो ह**। यहाँ 'ह' पढेर विश्राम गरेपछि अन्य वर्णको उच्चारण हुन्छ— **व्यदातोयाऽ२इ । तोयाऽ२इ ॥** ६) अधिक वर्णको उच्चारण गर्नु **आगम** हो— नि होता सत्> **नाइहोता साऽ२३ । त्साऽ२इ**। ७) अनन्वित तर गानानुकूल पदको उच्चारणलाई **स्तोभ**[४७] भनिन्छ— ....> **वाऽ२३४ औहोवा ॥ हीऽ२३४ षी** । ८) ऋचामा रहेका कुनै वर्णविशेषको उच्चारण नहुनु **लोप** हो । जस्तै- मन्त्रमा रहेको **'बर्हि'** पद गानमा उच्चारण नहुनु । यसरी विभिन्न कारणबाट परिवर्तित मन्त्रसमुदायको उच्चारणलाई गान भनिन्छ । यस्ता गान विभिन्न प्रकारका हुन्छन्। माथि उदाहरणमा प्रस्तुत गरिएको सामवेदसंहिताको प्रथम ऋचामा तीन किसिमका साम गाइने भए पनि यहाँ प्रथम सामको मात्र उदाहरण दिइएको हुँदा बाँकी साम गानग्रन्थबाटै हेर्न पाठकवर्गलाई अनुरोध गरिन्छ।

१.१०.२.२ गानग्रन्थ र गानका प्रकार

कौथुमशाखीय सामवेदका वेयगान, आरण्यगान, ऊहगान र ऊह्यगान गरी चार किसिमका गानग्रन्थ र गानका प्रकार रहेका छन्।

१.१०.२.२.१ वेयगान

यसलाई 'ग्रामे गेयगान' वा 'ग्रामगेयगान' पनि भनिन्छ। वेयगान सामवेदसंहिता-को पूर्वार्चिकका १-५ अध्यायमा सङ्कलित सामयोनिभूत ५८५ ऋचामा सम्पन्न हुन्छ[४८] । यसमा आग्नेय, ऐन्द्र र पवमान नामका **तीन काण्ड वा पर्व** छन्। आग्नेय काण्डमा १८०, ऐन्द्र काण्डमा ६३३ र पवमान काण्डमा ३८५ गरी जम्मा **११९८ साम** यस ग्रन्थमा रहेका छन्। काण्ड वा पर्वको अवान्तर विभाग प्रपाठकमा गरिएको छ। वेयगानमा **१७ प्रपाठक** छन् भने प्रत्येक प्रपाठकका पूर्व र उत्तर गरी दुई विभाग पनि छन्। पं. सत्यव्रत सामश्रमीले सामवेदसंहिताको छन्द-आर्चिकअन्तर्गत वेयगानको

---

४६. सामवेद-कौथुमशाखीय ग्रामेगेय-(वेय, प्रकृति)गानम्, सम्पा. सुब्रह्मण्य शर्मा, चेन्नई, सन् २००६, १।१ (पृ. ६) बाट उद्धृत।

४७. स्तोभ सार्थक र निरर्थक गरी दुई किसिमका हुन्छन्। नृमणे, निधीमहि इत्यादि सार्थक स्तोभ हुन् भने हाई, हाउ, औहो, वाई इत्यादि निरर्थक स्तोभ हुन्।

४८. गेयगानं छन्द-आर्चिकमूलकम् -सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. २ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।

पनि सम्पादन गरी सन् १८७४ मा कलकत्ताबाट प्रकाशित गराएका थिए। योभन्दा अझै शुद्ध संस्करण कृष्णस्वामी श्रौतीले ग्रन्थाक्षरमा तिरुपतिबाट सन् १८८९ मा प्रकाशित गराएका थिए[४९]। यसका अन्य संस्करण निम्नबमोजिम छन्—

१. **कौथुमशाखीय-ग्रामेगेयगानम्** (प्रकृतिगानम्), पारडी, गुजरात, सन् १९५८।
२. **सामवेद-कौथुमशाखीय-ग्रामेगेयगानम्** [Grāmegeya (Veya, Prakṛti) Gānam, Edited by Subramania Sarma, Chennai, 2006].

१.१०.२.२.२ आरण्यगान

आरण्यगान सामवेदसंहिताको पूर्वार्चिकको छैटौं अध्याय र महानाम्न्यार्चिक भागमा पठित सामयोनिभूत ६५ ऋचामा सम्पन्न हुन्छ[५०]। 'आरण्य'को अर्थ एकान्त वा रहस्य मान्दै प्रसिद्ध वैदिक विद्वान् सातवलेकरले एकान्त स्थलमा बसेर गाइने भएकाले यसअन्तर्गतका सामलाई आरण्यक (आरण्यगान) भनिएको विचार व्यक्त गरेका छन्[५१]। हाम्रा आदरणीय गुरुवर प्रो. श्रीकिशोर मिश्रले आरण्यको अर्थ 'आसमन्ताद् रण्यं रमणीयम्' व्युत्पत्तिद्वारा 'हृदयावर्जक गान' भन्ने गर्नुभएको छ[५२]। आरण्यगान अर्कपर्व, द्वन्द्वपर्व, व्रतपर्व, शुक्रियपर्व र महानाम्नीपर्व गरी **पाँच भागमा विभक्त** छ। यसका पाँच पर्वमा क्रमशः ८९+७७+८४+४० र ४ गरी जम्मा **२९४ साम** रहेको कुरा ब्रजविहारी चौबेले उल्लेख गरेका छन्[५३], तर सुब्रह्मण्य शर्माको सम्पादकत्वमा चेन्नईबाट प्रकाशित संस्करणमा आरण्यगानका सामसङ्ख्या २९० मात्र देखाइएको छ[५४]। **पर्वको विभाग ६ प्रपाठकमा** गरिएको छ। सामश्रमीको संस्करणमा (भाग २, सन् १८७६, पृ. ३८७-५१८) यो गानभाग पनि मुद्रित भएको छ।

१. **सामवेद-कौथुमशाखीय-आरण्यकगानम्** [Āraṇyak-Gānam, Edited by Subramania Sarma, Chennai, 2006].

१.१०.२.२.३ ऊहगान[५५]

वेयगानको लयलाई (स्वर, राग आदिलाई) आधार मानेर सामवेदसंहिताको

---

४९. वै.वा.इ. १, पृ. २४३।
५०. आरण्यगानं किञ्चिदारण्यकमूलकं परन्न तत्क्रमानुगतम्, किञ्चित् स्तोभमूलकं तदपि न तत्क्रमानुगतम्, किञ्चिच्च छन्दोग्रन्थमूलकमेव -सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. २ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।
५१. अरण्ये (रहस्ये/एकान्ते) अधीयमानत्वाद् गेयत्वाच्चैतेषां साम्नाम् आरण्यकत्वेन रहस्यत्वेन च प्रसिद्धिः -आरण्यगानभू. ३ पृ. (उ., सं.वा.बृ.इ. १, पृ. २९६, टि. २)।
५२. वे.पर्या., पृ. ४४।
५३. सं.वा.बृ.इ. १, पृ. २९६-९७।
५४. द्र.- पृ. ११८।
५५. कौथुमशाखायाः ऊहगानम् ऊह्यगानम् (कौथुम-राणायनीय-सामवेद-गानसंहिता), सम्पा. पं. रामनाथ दीक्षित, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, वि.सं. २०२३।

उत्तरार्चिकमा सङ्कलित सूक्तहरूमा गाइने सामलाई ऊहगान भनिन्छ[५६]। वेयगानका ११९८ साममध्ये २९४ सामलाई मात्र आधार बनाएर तथा कहीं कहीं निश्चित सामको पुनरावृत्तिसमेत गरेर ऊहगान गरिन्छ। ऊहगानमा सङ्कलित सामको विभिन्न श्रौतयागमा विनियोग भएको छ। तिनै विभिन्न याज्ञिक कर्मका विनियोगलाई आधार बनाएर ऊहगान **सात पर्वमा** (भागमा) **विभक्त** भएको छ। ती पर्वको नाम र सामसङ्ख्या यसप्रकार रहेको छ– १) दशरात्रपर्व २२२, २) संवत्सरपर्व १५२, ३) एकाहपर्व १५८, ४) अहीनपर्व १४६, ५) सत्रपर्व १२१, ६) प्रायश्चित्तपर्व ५० र ७) क्षुद्रपर्व ८७। यसप्रकार कौथुमशाखीय ऊहगानसंहितामा **९३६ साम** रहेका छन्। **पर्वको अवान्तर विभाग २३ प्रपाठकमा** गरिएको छ। यो भाग पनि सामश्रमीकै संस्करणमा मुद्रित भएको छ।

१.१०.२.२.४ ऊह्यगान

आरण्यगानको लयलाई आधार मानेर सामवेदसंहिताको उत्तरार्चिकमा सङ्कलित सूक्तहरूमा गाइने सामलाई ऊह्यगान वा रहस्यगान भनिन्छ[५७]। आरण्यगानका २९४ साममध्ये ७१ सामलाई आधार बनाएर गाइने २०४ साम ऊह्यगानअन्तर्गत पर्दछन्। सोमयागादि विभिन्न श्रौतकर्ममा गाइने ऊह्यगानसंहिता पनि ऊहगानजस्तै दशरात्रादि क्षुद्रपर्वसम्मका सात पर्व वा भागमा विभक्त छ। ती सात पर्वमा क्रमशः २९+४०+२३+२७+१४+१९ र ५२ गरी जम्मा **२०४ साम** ऊह्यगानसंहितामा रहेका छन्। **यसमा १६ प्रपाठक र ३२ अर्धप्रपाठक** रहेका छन्। यो भाग पनि सामश्रमीको कलकत्ता संस्करणमा (भाग ५, सन् १८७८, पृ. ३८१-६००) छापिएको छ।

यसरी पूर्वार्चिकका १-५ अध्यायमा योनिमन्त्र ५८५ छन्। तिनमा गीयमान वेयगानका साम ११९८ छन्। पूर्वार्चिकको छैटौं अध्यायअन्तर्गत ५५+१० गरी ६५ योनिमन्त्र अरण्यकाण्डमा पढिएका छन्। तिनमा गीयमान आरण्यगानका साम २९४ हुन्छन्। वेयगानका ११९८ साममध्ये २९४ सामलाई आधार बनाएर गीयमान ऊहगानका साम ९३६ छन्। आरण्यगानका २९४ साममध्ये ७१ सामलाई आधार बनाएर गीयमान ऊह्यगानका साम २०४ हुन्छन्। सबै मिलाउँदा जम्मा सामसङ्ख्या २६३२ हुन्छ।

१-५ अध्यायका सामयोनि-ऋचा	५८५	वेयगानका सामसङ्ख्या	११९८
६ अध्यायका सामयोनि-ऋचा	६५	आरण्यगानका सामसङ्ख्या	२९४
वेयगानका प्रकृति-साम	२९४	ऊहगानका सामसङ्ख्या	९३६
आरण्यगानका प्रकृति-साम	७१	ऊह्यगानका सामसङ्ख्या	२०४
		जम्मा सामको सङ्ख्या	**२६३२**

---

५६. तृतीयमूहगानमुत्तरार्चिकमूलकं परन्न तदार्चिकानुसृतमपितु दशरात्रादिक्रमेणैव... -सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. १-२ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।

५७. तुरीयमूह्यगानमप्युत्तरार्चिकमूलकम् -सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. २ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।

कौथुमशाखीय सामगानका सङ्ख्याका विषयमा विद्वान्हरूमा मतैक्य देखिँदैन। भगवद्दत्त र बलदेव उपाध्यायले सामगानको सङ्ख्या २७२२ उल्लेख गरेका छन्[५८] भने गुरुवर श्रीकिशोर मिश्रले १४९४, ९३६ र २०९ गरी सामगानको सङ्ख्या २६३९ उल्लेख गर्नुभएको छ[५९]।

गानसंहिता पनि प्रकृति र विकृति गरी दुई भागमा विभक्त भएको कुरा विद्वान्हरूले उल्लेख गरेका छन्। सम्प्रदायविद्हरूका अनुसार ग्रामगेयगान (वेयगान) र आरण्यगान मिलेर प्रकृतिगान हुन्छ[६०]। ऊहगानको प्रकृति वेयगान हो भने ऊह्यगानको प्रकृति आरण्यगान हो। अतः ऊह र ऊह्यगान विकृतिगान हुन् भन्ने विद्वान्हरूको भनाइ छ।

१.१०.३ राणायनीय-सामवेदसंहिता

यो संहिता वर्तमानमा सर्वत्र उपलब्ध छैन र यसका ब्राह्मण, श्रौतसूत्र, गृह्यसूत्र इत्यादि ग्रन्थ पनि स्वतन्त्र रूपमा उपलब्ध छैनन्। राणायनीयसंहिताको जे. स्टेवेन्सनले गरेको अंग्रेजी अनुवाद[६१] यस ग्रन्थकारसँग रहे पनि यस संहिताको मूल देवनागरी लिपि हालसम्म अवलोकन गर्ने अवसर मिलेको छैन। विद्वान्हरूको उल्लेखअनुसार राणायनीयसंहिता मन्त्रगणना तथा स्वरूपका दृष्टिमा कौथुमसंहिता-जस्तै भए पनि यी दुई संहितामा केही उच्चारणगत भिन्नता रहेका छन्[६२]। हाल यसै शाखाको गोवर्धनी पद्धतिमा आधारित भएर 'वैदिक उन्नयन संस्थान' वाराणसीको ब्रह्मनालमा गानसंहिताको अध्ययन-अध्यापन भइरहेको छ र यो संहिता आंशिक रूपमा प्रकाशित पनि भएको छ[६३]।

१.१०.४ जैमिनीय-सामवेदसंहिता[६४]

यस शाखाका अध्येताहरू वर्तमानमा पनि दक्षिण भारतको तामिलनाडु र केरल प्रान्तमा पाइने कुरा विद्वान्हरूले उल्लेख गरेका छन्। जैमिनीय शाखाका आर्चिक तथा गानसंहिता दुवैको अवलोकन यस ग्रन्थकारले गर्न पाएको छैन। यसको आर्चिकसंहिता डा. रघुवीरको सम्पादकत्वमा दिल्लीबाट चार भागमा स्वराङ्कनविना नै प्रकाशित भएको कुरा सामवेदका विद्वान् डा. श्रीराम अधिकारीले

---

५८. द्र.- वै.वा.इ. १, पृ. २४४। वै.सा. सं., पृ. २४३।
५९. वे.पर्या., पृ. ४६।
६०. ग्रामेगेयगानमारण्यकगानमित्युभयमपि मिलित्वा प्रकृतिगानत्वेन व्यवह्रियते सम्प्रदायविद्भिः -सातवलेकर, आ.गा.भू., पृ. ३ (उ., सं.वा.बृ.इ. १, पृ. २९८, टि. ३)। वै.सा.सं., पृ. १४६।
६१. **Translation of the Sanhitā of the Sāma Veda,** by John Stevenson, London : Printed for the Oriental translation fund of Great Britain and Ireland, 1842.
६२. वै.सा.सं., पृ. १४१। सं.वा.बृ.इ. १, पृ. २८१।
६३. राणायनीयशाखीयं सामगानम् (आग्नेयमारभ्य महानाम्न्यन्तो भागः), सम्पा. डा. विजय कुमार शर्मा, श्री शारदापीठ विद्यासभा, द्वारका, सन् २०१२।
६४. जैमिनीयसंहिता (सामवेदीया), रघुवीरेण परिष्कृता, सरस्वती विहार, लाहोर, सन् १९३८।

उल्लेख गरेका छन्[६५]। गानसंहिताको प्रथम भाग चाहिँ 'जैमिनीयसामगानम्' नामले सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसीबाट १९७६ मा प्रकाशित भएको छ। **जैमिनीय आर्चिकसंहितामा ऋचाको सङ्ख्या १६९३** (कौथुमसंहिताभन्दा २८२ ऋचा कम) र **गानसंहितामा** वेयगानका १२३२, आरण्यगानका २९१, ऊहगानका १८०२ र ऊह्यगानका ३५६ गरी **जम्मा ३६८१ गान** (साम) रहेको कुरा विद्वान्हरूले उल्लेख गरेका छन्[६६]।

१.११ शौनकीय-अथर्ववेदसंहिता

अथर्ववेदका नौ शाखामध्ये सम्प्रति पूर्ण रूपमा उपलब्ध र अध्ययन-अध्यापनमा समेत प्रचलित शौनकीयसंहिताको विभाजन काण्ड, प्रपाठक, सूक्त र मन्त्रमा गरिएको छ। यसमा **२० काण्ड, ३६ प्रपाठक, १११ अनुवाक र ७३६ सूक्त** छन्। यस संहिताका सूक्तसङ्ख्याका विषयमा मतैक्य देखिँदैन। कहीं ७३०, कहीं ७३१, कहीं ७३९ इत्यादि विभिन्न किसिमले सूक्तसङ्ख्या उल्लेख गरिएको पाइन्छ। यस्तो भिन्नता मूलतः भिन्न-भिन्न संस्करणमा सूक्तगत मन्त्रहरूको सङ्ख्याभेद र सूक्तका बीचमा रहेका स-साना पर्यायसूक्तको गणना गर्ने वा नगर्ने भन्ने विषयले भएको हुन सक्छ। यस विषयमा छुट्टै लेख अपेक्षित भएकाले यहाँ वैदिक विद्वान् दामोदर सातवलेकरद्वारा १८६० शकसंवत्‌मा सम्पादन भई औन्ध नगरबाट प्रकाशित अथर्ववेदसंहितालाई आधार बनाएर ७३६ सूक्तको उल्लेख गरिएको हो। यस संहितामा **मन्त्र वा ऋचा** चाहिँ **५९८७** रहेका छन्। यसको विस्तृत विवरण तलको विभागबोधक तालिकाबाट स्पष्ट हुनेछ।

विभागबोधक तालिका

कां.	प्र.	अनु.	सूक्त	मन्त्र	काण्ड	प्र.	अनु.	सूक्त	मन्त्र
१	२	६	३५	१५३	११	२	५	१०	३१३
२	२	६	३६	२०७	१२	२	५	५	३०४
३	२	६	३१	२३०	१३	१	४	९	१८८
४	३	८	४०	३२४	१४	१	२	२	१३९
५	३	६	३१	३७६	१५	१	२	१८	२३०
६	३	१३	१४२	४५४	१६	१	२	९	१०३
७	२	१०	११८	२८६	१७	१	१	१	३०
८	२	५	१०	२९३	१८	२	४	४	२८३
९	२	५	१०	३१३	१९	१	७	७२	४५३
१०	२	५	१०	३५०	२०	१	९	१४३	९५८
-	२३	७०	४६३	२९८६	-	१३	४१	२७३	३००१
						२३	७०	४६३	२९८६
जम्मा						३६	१११	७३६	५९८७

६५. संस्कृतमा के छ?, पृ. ३६।

६६. वै.वा.इ. १, पृ. २४४-२४५। वै.सा.सं., पृ. १४२-१४३। वै.ध.मू. १५१ पृ.।

यसरी काण्ड> प्रपाठक> अनुवाक> सूक्त> मन्त्र गरी जम्मा पाँच भागमा विभक्त शौनकीय अथर्ववेदसंहिताको स्थलसङ्केत प्रस्तुत गर्दा **तीन अङ्कको उल्लेख गर्ने परम्परा** रहेको छ। जसअनुसार पहिलो अङ्कले काण्ड, दोस्रोले सूक्त र तेस्रो अङ्कले मन्त्रसङ्ख्या बुझाउँदछन्।

माथि उल्लिखित विभागका अतिरिक्त लामा-लामा सूक्तका ऋचाहरू दशतिका आधारमा पनि विभक्त रहेका र कहीं कहीं अर्थसूक्त तथा पर्यायसूक्त आदि नामले समेत सूक्तहरूको विभाजन गरिएको भेटिन्छ। विषयवैविध्य, विषयसाम्य र सूक्तपरिमाणलाई आधार मानेर पाश्चात्त्य विद्वान्हरूले शौनकीय अथर्ववेदसंहितालाई तीन भागमा विभाजन गरी हेरेका छन्। उनीहरूको विभाजनअनुसार १-७ काण्डमा विविधविषयक लघुसूक्तहरू, ८-१२ काण्डमा विविधविषयक दीर्घसूक्तहरू र १३-१८ काण्डमा एकविषयक सूक्तहरू रहेका छन्। किन्तु अथर्ववेदको लक्षणग्रन्थ 'अथर्ववेदीय पञ्चपटलिका'मा गरिएको यस संहिताको विभाजनक्रम केही भिन्न प्रकारको रहेको छ। उक्त ग्रन्थको विभाजनअनुसार **प्रथम विभाग**-(१-७ काण्ड) मा पर्यायरहित लघुसूक्तहरूको सङ्ग्रह गरिएको; **द्वितीय विभाग**-(८-११)मा पर्यायसूक्तहरू रहेका र प्रत्येक काण्डमा दश-दश दीर्घसूक्तहरूको सङ्ग्रह गरिएको हुँदा जम्मा ४० सूक्तहरू यस विभागमा रहेका; **तृतीय विभाग**-(१२-१८)मा पनि पर्यायसूक्तहरू भएका तर सूक्तसङ्ख्याको निश्चित क्रम चाहिं यस विभागमा देखिँदैन। पञ्चपटलिकाको गणनाअनुसार अथर्ववेद-संहिताका **१-१८ काण्डमा ४६२७ मन्त्रहरू** मात्र रहेका छन्।

यसरी अथर्ववेदको लक्षणग्रन्थमा पनि अथर्ववेद-संहिताका १८ काण्डहरूको मात्र चर्चा गरिएको हुँदा ह्विटनीप्रभृति केही पाश्चात्त्य विद्वान्हरू अथर्ववेद-संहितामा पहिला १८ काण्डहरू मात्र रहेका र पछिका २ काण्डहरू ऋग्वेदबाट ल्याएर समायोजन गरिएका हुन् भन्ने निराधार चर्चा गर्दछन्। वास्तवमा १९-२० काण्डका केही ऋचाहरूको ऋग्वेदीय ऋचाहरूसँग समानता देखिए पनि सबै ऋचा ऋग्वेदसँग नमिल्ने तथा अथर्ववेद-संहिताका बीसौं काण्डमा रहेका कुन्ताप सूक्तहरू-(१२७-१३६)को उल्लेख ऋग्वेदमा कतै नपाइने हुँदा पाश्चात्त्य विद्वान्हरूको उक्त भनाइ भ्रमपूर्ण हो भन्ने कुरा सिद्ध हुन्छ।

१.११.१ मन्त्रसङ्कलनमा विशिष्ट क्रम

शौनकसंहिताका मन्त्रहरूको सङ्कलनमा एक विशिष्ट शैली रहेको देखिन्छ। यस संहिताको प्रथम काण्डदेखि सात काण्डसम्मको **प्रथम विभागमा** विभिन्न विषयसँग सम्बद्ध लघुसूक्तहरूको सङ्ग्रह गरिएको छ र १-५ काण्डसम्म काण्ड-क्रमानुसार सूक्तहरूमा मन्त्रसङ्ख्याको वृद्धि हुँदै गएको छ। प्रथम काण्डमा चार

मन्त्रात्मक सूक्तहरूको अधिकता, द्वितीय काण्डमा पाँच, तृतीयमा छ, चतुर्थमा सात र पाँचौं काण्डमा ११ मन्त्रसङ्ख्या भएका सूक्तहरूको आधिक्य देखिन्छ। फेरि छैटौं काण्डमा तीन मन्त्र भएका सूक्तहरू अधिक छन् भने सातौंमा एक अथवा दुई मन्त्र भएका लघुसूक्तहरूको सङ्ग्रह छ। यसरी **१-५ काण्डसम्म काण्डक्रमानुसार सूक्तमा मन्त्रहरूको वृद्धि** भएको देखिन्छ भने **छैटौं र सातौं काण्डमा क्रमानुसार सूक्तमा मन्त्रसङ्ख्याको** न्यूनता रहेको छ।

द्वितीय विभाग ८-१२ मा प्रथम विभागमा जस्तै काण्डगत विषयहरूमा एकरूपता नदेखिए पनि सूक्तहरूमा गरिएको मन्त्रहरूको सङ्ग्रह चाहिँ प्रायः समान किसिमको नै रहेको छ। अर्थात् यस विभागमा विविध विषयक दीर्घसूक्तहरू सङ्कलित छन्।

तृतीय विभाग १३-२० मा सङ्ख्यात्मक दृष्टिले सूक्त र मन्त्रहरूको सङ्कलनमा निश्चित क्रम नदेखिए पनि **काण्डगत विषयहरूमा भने प्रायः एकरूपता नै रहेको** देखिन्छ। १३ काण्डमा अध्यात्मतत्त्व रोहितरूप सूर्यको वर्णन; १४ काण्डमा वैवाहिक विषयको वर्णन; १५ काण्डमा अध्यात्मविषयक व्रात्यको वर्णन; १६ काण्डमा दुःस्वप्ननाशन, दुःखविमोचनादि विषयको वर्णन; १७ मा अभ्युदयार्थ सूर्यप्रार्थना; १८ मा पितृमेध; १९ मा यज्ञतत्त्व, विराट्पुरुष, नक्षत्र, छन्द, काल, कामादि विषय र भैषज्यकर्महरूको वर्णन; २० काण्डमा प्रायः इन्द्रस्तुतिविषक मन्त्रहरू भेटिन्छन् र यी मन्त्रहरू विभिन्न श्रौतयागसँग सम्बद्ध छन्। यसरी यस विभागमा प्रायः विषयहरूको एकरूपता देख्न सकिन्छ।

भाष्य र संस्करण : शौनकीय-अथर्ववेदसंहितामा सायणले लेखेको प्राचीन भाष्य र गङ्गेश्वरानन्दले लेखेको अर्वाचीन भाष्य संस्कृत भाषामा उपलब्ध छन् भने अन्य विभिन्न विद्वान्हरूले विभिन्न समय र स्थानबाट हिन्दी एवं अंग्रेजी अनुवाद पनि प्रकाशित गराएका पाइन्छन्। यस संहिताका केही प्रमुख संस्करणहरू निम्नबमोजिम रहेका छन्।

१. **पहिलो सम्पादन, रुडोल्फ रोथ र विलियम डी. ह्विटनीद्वारा (मूलमात्र) [ATHARVA VEDA SANHITA** herausgegeben von R. Roth und W. D. Whitney, Erster Band. Text. Berlin : Ferd. Dummler's Verlagsbuchhandlung 1856.]

२. **ह्विटनीकोअंग्रेजीअनुवाद, सी.आर. ल्यानमेनद्वारासम्पादित [ATHARVA-VEDA SAMHITA,** Translated into English With Critical and Exegetical Commentary by William Dwight Whitney, Revised and Brought Nearer to Completion and Edited by Charles Rockwell Lanman, Volumes 7-8 of Harvard Oriental

Series, **First Published :** Harvard University, Cambridge, Massachusetts, America, 1905. (**Reprinted :** Motilal Banarsidass Publishers, Delhi, 1962, 1971, 1984, 1993, 1996, 2001, 2011).]

३. उक्त अनुवादकै परिमार्जनसहित पुनर्मुद्रण [**ATHARVA-VEDA SAMHITA,** Sanskrit Text, Enghish Translation, Notes & Index of Verses Accordign to the Translation of W. D. Whitney and Bhasya of Sayanacarya (3 Vols.), Edited and revised by **K. L. Joshi**, Parimal Sanskrit Publications, Delhi, 1st edition (December 10, 2000).]

४. **अथर्ववेदसंहिता** (सायणभाष्य र पदपाठसहित, १-४ भाग), संशोधक : पं. शङ्कर पाण्डुरङ्ग, निर्णयसागर मुद्रणालय, मुम्बयी, सन् १८९५-१८९८।

५. **ग्रिफिथको अंग्रेजी पद्यानुवाद [THE HYMNS OF THE ATHARVA-VEDA** (Vols. 1-2), Translated with a popular Commentary by Ralph T. H. Griffith, E. J. Lazarus and Company, Benares, 1st edition :1895-96. 2nd ed. 1916-17.]

६. **ब्लूमफील्डद्वारा गरिएको अथर्ववेदका केही सूक्तको अंग्रेजी अनुवाद [HYMNS OF THE ATHARVA-VEDA,** Together with Extracts from the ritual books and the commentries translated by Maurice Bloomfield, Sacred Books of the East, Volume 42 (USA), 1897.]

७. **अथर्ववेदसंहिता** (मूलमात्र) सम्पा. दामोदर सातवलेकर, स्वाध्याय-मण्डल, औन्ध, प्रथम संस्क. शकसंवत् १८६० (सन् १९३९), पुनर्मुद्रण सन् १९५७।

८. **अथर्ववेद (शौनकीय) [सायणभाष्य, पदपाठ र पाठभेदादि टिप्पणीसहित** १-४ भाग, प्रथम भाग १-५ काण्ड, द्वि. भा. ६-१०, तृ.भा. ११-१८, चतुर्थ भाग १-२ खण्डात्मक, खण्ड १, १९-२० काण्ड, खण्ड २ : मन्त्र, पद, ऋषि, देवता र छन्दसूची], सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, सन् १९६०-१९६४ (वि.सं. २०१७-२०२१)। पुनर्मुद्रण : सन् १९९०-१९९५।

९. **अथर्ववेदसंहितायाः पञ्चम-नवम-दशम-द्वादश-त्रयोदश-चतुर्दश-पञ्चदश-षोडश-विंशकाण्डानि** (अभिनव-सायणभाष्यसमन्वितानि, १-६ भागाः), भाष्यकार : स्वामी गङ्गेश्वरानन्द उदासीन, सम्पा. गोविन्दानन्द, नवलकिशोर

इत्यादि, सद्गुरु गङ्गेश्वर इण्टरनेशनल वेदमिशन, बम्बई, वि.सं. २०४०-२०४१।

१०. **कुन्तापसूक्तसौरभ** (अथर्ववेदीय कुन्ताप सूक्तको आध्यात्मिक भाष्य), जगन्नाथ वेदालङ्कार, गुरु गङ्गेश्वर चतुर्वेद प्रकाशन संस्थान, वृन्दावन, सन् १९८३।

११. **अथर्ववेदीय व्रात्यकाण्ड** ('श्रुतिप्रभ'संज्ञक संस्कृत भाष्य र भाषानुवाद-सहित), सम्पूर्णानन्द, मोतीलाल बनारसीदास, बनारस, वि.सं. २०१२।

१२. **अथर्ववेदसंहिता (सायणभाष्य र हिन्दी अनुवादसहित** १-८ भाग), अनु. तथा सम्पा. पं. रामस्वरूप शर्मा गौड, चौखम्बा विद्याभवन, वारा., सन् १९९०।

१३. **अथर्ववेद-भाषाभाष्य**, भाष्यकार एवं प्रकाशक : पं. क्षेमकरणदास त्रिवेदी, प्रयाग, वि.सं. १९६९ (सन् १९१२-१९२०)। पुनर्मुद्रण : सार्वदेशिक आर्य प्रतिनिधि सभा, नई दिल्ली, सन् २०००।

१.१२ पैप्पलाद-अथर्ववेदसंहिता

अथर्ववेदको पैप्पलादसंहिता पहिला बहुप्रचारित थियो भन्ने कुरा पातञ्जल महाभाष्यादि ग्रन्थहरूमा यसै शाखासंहिताको पहिलो मन्त्र **'शन्नो देवी'**को उल्लेखद्वारा बुझिए पनि वर्तमानमा यो शाखा सर्वत्र उपलब्ध छैन र यसको अध्ययन-अध्यापन पनि कतै भएको देखिँदैन। विभिन्न स्थानबाट भिन्न-भिन्न समयमा प्रकाशित पैप्पलादसंहिताका अनेक संस्करण यस ग्रन्थकारको सङ्ग्रहमा रहे पनि यहाँ **संस्करण 'क'** र **संस्करण 'ख'** गरी दुईवटा प्रमुख संस्करणको मात्र चर्चा गरिएको छ।

संस्करण 'क' : यो ग्रन्थ **'अथर्ववेदीया पैप्पलादसंहिता'**का नामबाट दुई भागमा प्रकाशित भएको छ। पहिलो भाग **वि.सं. १९९३** (सन् १९३६) र दोस्रो भाग **वि.सं. १९९६** (सन् १९४०) मा **आचार्य रघुवीरद्वारा परिष्कृत** भई **'सरस्वती विहार, लवपुर-(लाहोर)'**बाट प्रकाशित भएका छन्[६७]। यस ग्रन्थको **पहिलो भागमा** १ देखि १३ काण्डसम्मका मन्त्र रहेका छन् भने **दोस्रो भागमा** १४ काण्डको आरम्भदेखि अठारौं काण्डको छब्बीसौं सूक्तको पहिलो मन्त्रसम्मका ऋचाहरू उपलब्ध छन्। पहिलो र दोस्रो भागका पृष्ठसङ्ख्या क्रमशः १-१६४ र १६५-२८४ रहेका छन्। पहिलो भागमा पनि १-२ पृष्ठ र १-४ सूक्त उपलब्ध छैनन्। शौनकीय-अथर्ववेदसंहिताको पहिलो ऋचा **'ये त्रिषप्ता'** यसमा १.६ सूक्तको आरम्भमा पढिएको छ। यस ग्रन्थका प्रत्येक पृष्ठमा तीन प्रकोष्ठ रहेका छन्। **पहिलो प्रकोष्ठमा** पैप्पलाद-संहिताका मन्त्र वा मन्त्रांशसँग मेल खाने अन्य संहिता, ब्राह्मण, कल्पसूत्र इत्यादिका स्थलसङ्केत र केही पाठभेदको समेत निर्देश गरिएको छ। **दोस्रो प्रकोष्ठमा** यथाशक्य परिष्कृत पैप्पलादसंहिताका मन्त्रहरू दिइएका छन् भने **तेस्रो प्रकोष्ठमा** कोशका (हस्तलिपिका) अपपाठहरू सन्निविष्ट छन्। ग्रन्थको मूल भागमा हस्तलिपिमा

६७. प्रथम भागको पुनर्मुद्रण : आर्ष साहित्य प्रचार ट्रष्ट, सन् १९७९।

रहेका सन्दिग्ध अक्षर, त्रुटियुक्त अक्षर र सर्वथा लुप्त अक्षरलाई चिनाउनका लागि विभिन्न सङ्केतचिह्नको प्रयोग गरिएको छ। यो ग्रन्थ अत्यन्त जीर्ण अवस्थामा रहेको छ। प्रस्तुत संस्करणका **काण्ड, अनुवाक र सूक्तको योजना** यसप्रकार रहेको छ–

काण्ड	अनु.	सूक्त	काण्ड	अनु.	सूक्त	काण्ड	अनु.	सूक्त
१	२२	११२	७	४	२०	१३	१	१४
२	१८	९१	८	४	२०	१४	१	४
३	८	४०	९	४	२५	१५	५	२३
४	८	४०	१०	२	१६	१६	२२	१५५
५	८	४०	११	१	७	१७	८	४१
६	४	२२	१२	१	७	१८	४	२६
-	६८	३४५	-	१६	९४	-	४१	२६३
१-१८ काण्डसम्म जम्मा अनुवाक र सूक्तसङ्ख्या							१२५	७०३

यसरी उक्त संस्करणको विभाग मूलतः काण्ड, अनुवाक, सूक्त र मन्त्रमा रहेको छ। उपलब्ध १-१८ काण्डमा १२५ अनुवाक र ७०३ सूक्त रहेका छन्। यसमा मन्त्रसङ्ख्या भने कति छ भन्ने कुरा यस ग्रन्थकारले गणना नगरेको र ग्रन्थमा पनि समग्र मन्त्रसङ्ख्याको उल्लेख कतै नभएकाले यहाँ मन्त्र वा ऋचाको सङ्ख्या प्रस्तुत गरिएको छैन। स्थलसङ्केत चाहिँ सोही ग्रन्थका माथिल्ला दायाँ र बायाँ भागका प्रत्येक पृष्ठमा क्रमशः तीन र चार अङ्कद्वारा गरिएको छ। जसअनुसार दायाँ भागका **तीन अङ्कमध्ये पहिलो अङ्कले काण्ड, दोस्रोले सूक्त र तेस्रोले मन्त्रसङ्ख्या** जनाउँदछन् भने बायाँ भागका चार अङ्कमध्ये पहिलो अङ्कले काण्ड, दोस्रोले अनुवाक, तेस्रोले अनुवाकभित्रका कण्डिका (कहीं-कहीं सूक्त पनि) र चौथो अङ्कले मन्त्रसङ्ख्या जनाउँदछन्। यस संस्करणका समग्र भागको (१-२० काण्डको) पुनर्मुद्रण[६८] सन् २००८ मा भएको कुरा पत्ता लागे पनि उक्त पुनर्मुद्रित संस्करण यस ग्रन्थकारको नजरमा आएको छैन।

<u>संस्करण 'ख'</u> : यो ग्रन्थ पनि **'अथर्ववेदीया पैप्पलादसंहिता'**का नामले दीपक भट्टाचार्यको सम्पादकत्वमा विस्तृत भूमिका [Introduction, Ix-lvi] र पाठान्तर-निर्देशको टिप्पणीसहित एशियाटिक सोसाइटी, कलकत्ताबाट तीन भागमा प्रकाशित भएको छ। **१-१५ काण्डात्मक पहिलो भाग** (मूलग्रन्थपृष्ठ १-८४०) सन् १९९७ मा, **१६ औं काण्डको दोस्रो भाग** (मू.ग्रं.पृ. ८४१-११४०) सन् २००८ मा र **१७-१८ काण्डात्मक तेस्रो भाग** (मू.ग्रं.पृ. ११४१-१४००) सन् २०११ मा प्रकाशित भएका छन्। यसरी यो संस्करण पनि हालसम्म अपूर्ण रूपमा नै यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ। माथि उल्लिखित संस्करण 'क'मा रहेका अपपाठ, त्रुटियुक्त र सर्वथा लुप्त अक्षर यस संस्करणमा रहेका छैनन्। अर्थात् संस्करण 'क' मा

६८. **Paippalada-Samhita of the Atharva-Veda** : Books 1-20, edited by Raghuvira, with a conspectus of Saunaka and Paippalada verse-index, foreword in English by Lokesh Chandra, Aditya Prakashan, Delhi, 2008 (Sata-pitaka Series Indo-Asian Literatures, V. 622)

रहेका अपूर्णतालाई यथासम्भव पूर्णता दिने काम यसमा गरिएको छ। त्यसैले यस संस्करणमा सूक्तसङ्ख्या र मन्त्रसङ्ख्या पनि संस्करण 'क' मा भन्दा अधिक रहेका छन्। यस संस्करणको भूमिकामा (भाग १, xxii) सम्पादकले सबै काण्डका कण्डिका र मन्त्रको सङ्ख्या पनि उल्लेख गरेका छन्। यहाँ सोही उल्लेखलाई तालिकामा प्रस्तुत गरिएको छ। यस संस्करणमा सूक्तलाई कण्डिका भनिएको छ र प्रत्येक पृष्ठको माथिल्लो भागमा तथा मूल भागमा काण्ड, कण्डिका र मन्त्रसङ्ख्याको निर्देश स्पष्ट रूपमा गरिएको छ। अनुवाकको उल्लेख मूल भागमा भए पनि प्रत्येक पृष्ठको माथिल्लो भागमा यसको उल्लेख गरिएको छैन। प्रस्तुत संस्करणका **काण्ड, कण्डिका र मन्त्रको योजना** यसप्रकार रहेको छ–

कां.	कं.	मं.	कां.	कं.	मं.	कां.	कं.	मं.
१	११२	४८३	८	२०	२३०	१५	२३	२२७
२	९१	४८५	९	२९	३०४	१६	१५५	१३६१
३	४०	२७८	१०	१६	१६५	१७	५५	४९४
४	४०	३०२	११	१६	१४८	१८	८२	७३४
५	४०	३५४	१२	२२	१९८	१९	५६	९०२
६	२३	२३७	१३	९	६५	२०	६५	६३७
७	२०	२११	१४	९	८४	जम्मा	९२३	७८९९

१. अथर्ववेदीया पैप्पलादसंहिता (१-२ भाग, १-१८ काण्ड), सम्पा. रघुवीर, सरस्वती विहार, लाहोर, सन् १९३६ र १९४०।
२. अथर्ववेदीया पैप्पलादसंहिता (१-३ भाग, १-१८ काण्ड), [दुर्गामोहन-भट्टाचार्यपादैराविष्कृताभ्य उत्कलीयाक्षरलिखितपुस्तिकाभ्यः शारदाक्षर-लिखितभुर्जपत्रपुस्तिकायाश्च दीपकभट्टाचार्येण पाठान्तर-प्रदर्शनपूर्वकं टिप्पण्यादिभिः सह यथासम्भवं संस्कृता] सम्पा. दीपक भट्टाचार्य, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९९७, २००८ र २०११।
३. अथर्ववेदीया पैप्पलादसंहिता (उपोद्घात र टिप्पणीसहित, १-२ काण्ड), सम्पा. दुर्गामोहन भट्टाचार्य, संस्कृत-महाविद्यालय, कलकत्ता, सन्१९६४, १९७०।

२. ब्राह्मणग्रन्थको स्वरूप

संहिताजस्तै मूलतः ऋक्, यजुः, साम र अथर्ववेदसम्बद्ध ब्राह्मणग्रन्थ पनि चार किसिमका हुन्छन्। यजुर्वेदका शुक्ल र कृष्ण गरी दुई विभागलाई समेत गन्दा पाँच प्रकारका ब्राह्मणग्रन्थ हुन्छन्। वेदका विभिन्न शाखासँग सम्बद्ध ११३१ संहिताग्रन्थ भएजस्तै ब्राह्मणग्रन्थ पनि पहिले त्यति नै थिए भन्ने मान्यता वैदिक विद्वान्हरूमा रहेको छ। वर्तमानमा चाहिँ **ऋग्वेदसम्बद्ध** शाकल चरणअन्तर्गतको ऐतरेयब्राह्मण र शाङ्खायन शाखाको शाङ्खायन-ब्राह्मण वा कौषीतकिब्राह्मण २; **शुक्लयजुर्वेदसम्बद्ध** माध्यन्दिनीय-वाजसनेयि-शतपथब्राह्मण तथा काण्व-

वाजसनेयि-शतपथब्राह्मण २; **कृष्णयजुर्वेदसम्बद्ध** तैत्तिरीय चरणअन्तर्गत आत्रेय शाखाको तैत्तिरीयब्राह्मण र कठशाखासँग सम्बद्ध **काठकब्राह्मण र वाधूलशाखासँग सम्बद्ध वाधूल-अन्वाख्यान (ब्राह्मण)** ३; **सामवेदसम्बद्ध** कौथुम शाखाका ताण्ड्यब्राह्मण, षड्विंशब्राह्मण, सामविधानब्राह्मण, आर्षेयब्राह्मण, देवताध्यायब्राह्मण, छान्दोग्यब्राह्मण, संहितोपनिषद्ब्राह्मण र वंशब्राह्मण गरी (आठ भागमा विभक्त एउटै ब्राह्मण?) ८; जैमिनीय शाखाका जैमिनीयब्राह्मण, जैमिनीय आर्षेयब्राह्मण तथा जैमिनीय उपनिषद्ब्राह्मण गरी ३ र अथर्ववेदसम्बद्ध (शाखासम्बन्ध अनिश्चित) गोपथब्राह्मण १ गरी **जम्मा १९ वटा ब्राह्मणग्रन्थ मात्र** मुद्रित र उपलब्ध छन्। यहाँ यिनै ब्राह्मणग्रन्थको संरचनागत स्वरूप प्रस्तुत गरिएको छ।

२.१ ऐतरेयब्राह्मण

ऋग्वेदको शाकल चरणअन्तर्गतका मुद्गल, गोखुल (गालव), वात्स्य, शालीय र शैशिरीय गरी पाँचवटै शाखाको साझा मानिने **ऐतरेयब्राह्मण ४० अध्याय र २८५ खण्डमा विभक्त** छ। प्रत्येक पाँच अध्यायको समूहलाई 'पञ्चिका' भन्ने नाम दिइएको छ। यसप्रकार ४० अध्यायमा जम्मा **८ पञ्चिका** हुन्छन्। यसको स्थलसङ्केत प्रस्तुत गर्दा कसैले तीन अङ्कको पनि प्रयोग गरेको भेटिन्छ। तीन अङ्कको उल्लेख गर्ने हो भने सबैभन्दा ठूलो भाग पञ्चिका भएकाले पहिलो अङ्कले पञ्चिका, दोस्रोले अध्याय र तेस्रोले खण्ड बुझ्नुपर्छ। तर तीन अङ्कले पाठकलाई भ्रम सिर्जना गर्ने भएकाले **दुई अङ्कद्वारा नै स्थलसङ्केत प्रस्तुत गर्नु उपयुक्त** हुन्छ। यसो गर्दा पहिलो अङ्कले अध्याय र दोस्रो अङ्कले खण्ड जनाइन्छ।

भाष्य : ऐतरेयब्राह्मणमा भट्ट गोविन्दस्वामी (ई.सं. ११-१२ औं शताब्दी), जयस्वामी (सन् १४००), भट्टभास्कर (विक्रमको एघारौं शताब्दी), षड्गुरुशिष्य (वि.सं. १२००-१२५०) र सायण (वि.सं. १३७२-१४४४) गरी पाँचजना विद्वान्ले पृथक्-पृथक् भाष्य लेखेको कुरा उल्लेख गरिएको छ[६९]। वर्तमानमा चाहिँ यसमा षड्गुरुशिष्य र सायणका व्याख्यामात्र प्रकाशित भएका छन्। ऐतरेयब्राह्मणका निम्नलिखित **संस्करण** उल्लेख्य छन्—

ऐतरेयब्राह्मण :

१. अंग्रेजी अनुवासहित (१-२ भाग), सम्पा. मार्टिन हग, बम्बई, सन् १८६३।
२. रोमन लिपि, सायणको भाष्यांशसहित, थ्यूडोर अउफ्रेक्ट (Theodor Aufrecht), बोन (Bonn), जर्मनी, सन् १८७९।
३. अंग्रेजी अनुवाद, ए.बी. कीथ, Harvard Oriental Series, 1920.
४. सायणको भाष्यसहित (१-४ भाग), सम्पा. सत्यव्रत सामश्रमी, बिब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १८९५-१९०६।

६९. द्र.- वै.वा.इ. ३, पृ. २१०-२१५। वै.सा.सं. पृ. ६१-६३। सं.वा.बृ.इ. १, पृ. ३८७।

५. षड्गुरुशिष्यकृत 'सुखप्रदा'वृत्तिसहित (१-३ भाग), सम्पा. अनन्तकृष्ण शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम् (केरल), सन् १९४२, १९५२ र १९५५।
६. सायणभाष्यसहित (१-२ भाग), सम्पा. काशीनाथ शास्त्री आगाशे, आनन्दाश्रम, पूना, सन् १८९६, पुनर्मुद्रण : सन् १९३१ र १९७९ ।
७. सायणभाष्य तथा हिन्दी अनुवादसहित (१-२ भाग), सम्पा. डा. सुधाकर मालवीय, तारा प्रिंटिंग वर्क्स, वाराणसी, सन् १९८० र १९८३ ।

२.२ शाङ्खायनब्राह्मण (कौषीतकिब्राह्मण)

ऋग्वेदको शाङ्खायन शाखासम्बद्ध यो ब्राह्मण **३० अध्याय** र **२२७ खण्डमा** विभक्त छ। बी. लिण्डनरले **कौषीतकिब्राह्मणका** नामबाट यसको प्रकाशन गरेका भए पनि दुवैमा समान पाठ र विभाग रहेकाले शाङ्खायन र कौषीतकी एउटै शाखाका नामान्तर भएजस्तो बुझिन्छ। कसैले यस ब्राह्मणको सम्बन्ध बाष्कल शाखासँग रहेको कुरा उल्लेख गरेका छन्[७०]। हालसम्म यसमा कुनै प्राचीन भाष्य प्रकाशित भएको कुरा यस ग्रन्थकारलाई जानकारी छैन। यसका प्रकाशित संस्करण निम्नलिखित छन्।

१. Das Kaushītaki Brāhmaṇa, ed. by B. Lindner, Jena, Hermann Costenoble, 1887. tr. by A. B. Keith, Harvara Oriental Series, vol. 25, 1920. ed by H. Bhattacharya, Calcutta, 1970.
२. शाङ्खायनब्राह्मण, सम्पा. गुलाब राय वजेशङ्कर ओझा, आनन्दाश्रम, पूना, सन् १९११। पुनर्मुद्रण : मोतीलाल बनारसीदास, दिल्ली, सन् १९७१।
३. ***The Sankhayana Brahmana*** *(Containing the Original Sanskrit Text with Hindi Translation, Introduction and Appendices)* Ratna Publications, Varanasi, 1987.

२.३ शतपथब्राह्मण

ब्राह्मणग्रन्थहरूमा सबैभन्दा विशाल र वैदिक यज्ञानुष्ठानका सर्वाङ्ग क्रियाकलापको प्रतिपादन गर्ने **शुक्लयजुर्वेदको माध्यन्दिनीय-वाजसनेयि-शतपथ-ब्राह्मण** सबै ब्राह्मणभन्दा गौरवपूर्ण मानिन्छ। यो ग्रन्थ मूलतः **काण्ड> प्रपाठक> अध्याय> ब्राह्मण> कण्डिका वा खण्ड गरी पाँच भागमा विभक्त** छ। यसमा काण्डको उपविभाग प्रपाठकमा, यसको अवान्तर विभाग अध्यायमा, अध्यायको उपविभाग ब्राह्मणमा र ब्राह्मणको विभाग कण्डिकामा गरिएको छ। यसको **स्थलसङ्केत प्रस्तुत गर्दा प्रपाठकलाई छोडेर चार अङ्कको प्रयोग** गर्ने प्रचलन छ। जसअनुसार पहिलो अङ्कले काण्ड, दोस्रोले अध्याय, तेस्रोले ब्राह्मण र चौथो अङ्कले

७०. सं.वा.बृ.इ. १, पृ. ३९५।

कण्डिका (ब्राह्मणभित्रका खण्ड) जनाइन्छ । **यस ब्राह्मणमा १४ काण्ड, ६८ प्रपाठक, १०० अध्याय, ४३८ ब्राह्मण र ७६२४ कण्डिका छन् भन्ने पाश्चात्त्य विद्वान् वेबरको उल्लेख**[७१]लाई भारतीय विद्वान्हरूले उद्धृत गरेको पाइन्छ। यसमा **ग्रन्थ/-श्लोकसङ्ख्या २४,००० र अक्षरसङ्ख्या ७,६८,०००** भएको कुरा पनि विद्वान्हरूले उल्लेख गरेका छन्।

शुक्लयजुर्वेदको काण्व-वाजसनेयि-शतपथब्राह्मणमा चाहिँ १७ काण्ड, १०४ अध्याय, ४३५ ब्राह्मण र ६८०६ कण्डिका छन्[७२]। विलेम क्यालेन्डको उल्लेखअनुसार (Introduction, pp. 6, Motilal Banarsidass, rep. 1998) यस ब्राह्मणमा १०४ अध्याय, ४४६ ब्राह्मण, ५८६५ कण्डिका र १८,९०० ग्रन्थ छन्। यसमा प्रपाठक नामक उपखण्ड छैन। यसको पनि स्थलसङ्केत चार अङ्कद्वारा नै गरिन्छ।

भाष्य : माध्यन्दिन-शतपथब्राह्मणमा हरिस्वामी (सन् ६३८) र सायणले तथा यसै ब्राह्मणको आरण्यकभागमा द्विवेदगङ्ग र वासुदेवले लेखेका संस्कृत भाष्य (व्याख्या) उपलब्ध छन् भने समग्र ब्राह्मणमा पं. मोतीलाल शास्त्री (सन् १९०८-१९६०) ले विस्तृत रूपमा हिन्दी भाषामा लेखेको विज्ञानभाष्य, गङ्गाप्रसाद उपाध्यायको 'रत्नदीपिका' लगायतका विभिन्न हिन्दी र अंग्रेजी अनुवादहरू पनि उपलब्ध छन्। हरिस्वामीले यस ब्राह्मणका १, ४ र ८ काण्डका केही अध्यायमा तथा काण्ड १२-१३ का समग्र भागमा 'श्रुत्यर्थविवृत्ति' नामक भाष्य लेखेका छन् भने बाँकी भागमा सायणले 'वेदार्थप्रकाश' नामक भाष्य लेखेका छन्। मोतीलाल शास्त्रीको भाष्य चाहिँ 'विज्ञानभाष्य'का नामबाट प्रायः १८,००० पृष्ठमा प्रकाशित छ। काण्वशाखीय शतपथब्राह्मणमा चाहिँ महाभारतका प्रसिद्ध भाष्यकार नीलकण्ठले भाष्य लेखेको कुरा केही विद्वान्ले उल्लेख[७३] गरे पनि वर्तमानसम्म यस ग्रन्थमा कुनै प्राचीन भाष्य प्रकाशित भएको छैन।

संस्करण : माध्यन्दिन तथा काण्व-शतपथब्राह्मणका निम्नलिखित संस्करण उल्लेख्य छन्–

माध्यन्दिन-शतपथब्राह्मण :

१. सम्पा. ए. वेबर, बर्लिन, सन् १८४९ । हरिस्वामीको भाष्यसहित यसैको पुनर्मुद्रण, लाइपजिग, सन् १९२४ तथा हरिस्वामी, सायण, द्विवेदगङ्गको भाष्यसहित चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९६४ ।
२. The Satapatha-Brahmana, According to the Text of the Mādhyandina School, Translated by Julius Eggeling, Part

७१. P. 117, Weber, Albrecht, The History of Indian Literature, Fourth ed. London : Trubner and Co. 1904.
७२. Ibid., p. 117-18.
७३. द्र.- वै.वा.इ. ३, पृ. २१८। वै.सा.सं., पृ. ६१।

I-V, Oxford : at the Clarendon Press, 1882-1900 (The Sacred Books of the East, Translated by Various Oriental Scholars and Edited by F. Max Muller, Vol. 12, 26, 41, 43, 44).

३. हरिस्वामी, सायण र वासुदेवको यथोपलब्ध व्याख्यासहित (१-५ भाग), सम्पा. विभिन्न विद्वान्हरू, गङ्गाविष्णु श्रीकृष्णदास, लक्ष्मी वेङ्कटेश्वर प्रेस, बम्बई, सन् १९४०। पुनर्मुद्रण : (फोटो) नाग पब्लिशर्स, दिल्ली, सन् १९९० र २००२।

४. सायणभाष्यसहित (१-९ भाग), सम्पा. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १९०३-१९११।

५. पं. मोतीलाल शर्माको विज्ञानभाष्यसहित, राजस्थान वैदिक तत्त्व शोध संस्थान, मानवाश्रम, जयपुर, सन् १९५६।

६. पं. गङ्गाप्रसाद उपाध्यायको 'रत्नदीपिका' हिन्दी भाष्यसहित (१-३ भाग), प्राचीन वैज्ञानिक अध्ययन-अनुसन्धान संस्थान, दिल्ली, सन् १९६७, १९६९ र १९७०। पुनर्मुद्रण : सम्पा. सत्यप्रकाश सरस्वती (१-३ भाग), विजयकुमार गोविन्दराम हासानन्द, दिल्ली, सन् २००३, २०१० र २०१४।

७. सायणभाष्य र प्रो. युगलकिशोर मिश्रद्वारा आफ्नो हिन्दी अनुवादसहित सम्पादित, (२ भाग, १-२ काण्ड), सं. सं. विश्वविद्यालय, वाराणसी, सन् २००४ र २००६।

काण्वशाखीय शतपथब्राह्मण :

१. विलेम क्यालेन्डको सम्पादन तथा अंग्रेजी भूमिकासहित, मोतीलाल बनारसीदास, लाहोर, सन् १९२६। पुनर्मुद्रण, दिल्ली, सन् १९८३ र १९९८।

२. संशोधित आवृत्ति (मूलमात्र), सम्पा. पिंपलापुरे-कुलज वामनपुत्र गुणाकर, महर्षि सान्दीपनि राष्ट्रीय वेद विद्या प्रतिष्ठान, उज्जैन, सन् २००२, द्वि.सं. २००५।

२.४ तैत्तिरीयब्राह्मण

कृष्णयजुर्वेदीय तैत्तिरीयब्राह्मण **अष्टक, अध्याय र अनुवाक** वा **काण्ड, प्रपाठक र अनुवाक** गरी मूलतः तीन भागमा विभक्त छ। मूलक्रममा पहिलो विभागलाई र भाष्यक्रममा दोस्रो विभागलाई ग्रहण गरिएको देखिन्छ। यस ग्रन्थको पहिलो र दोस्रो काण्डमा (अष्टकमा) ८×८ प्रपाठक (अध्याय) तथा तेस्रो काण्डमा १२ प्रपाठक रहेका छन्। यसरी पहिला दुई काण्ड ८×८ अध्यायमा र तेस्रो काण्ड ८+४ अध्यायमा विभक्त भएकाले तीन र आधा (चार अध्याय) अष्टकलाई दृष्टिगत गरेर मूल पाठमा अष्टक र अध्यायक्रमलाई नै स्विकारिएको हुन सक्छ।

भाष्यकारहरूले चाहिँ अष्टकका स्थानमा 'काण्ड' र अध्यायका स्थानमा 'प्रपाठक' (भट्टभास्करले चाहिँ 'प्रश्न') शब्दको प्रयोग गरेका छन्। शब्द जेसुकै प्रयोग गरे पनि ग्रन्थ मूलतः तीन भागमा विभक्त छ। पहिलो विभाग सबैभन्दा ठूलो, दोस्रो विभाग मध्यम र तेस्रो विभाग कनिष्ठ हो। पहिलो विभागका तीन काण्ड वा अष्टकमध्ये **प्रथम काण्डमा ८ प्रपाठक** (अध्याय वा प्रश्न), **द्वितीय काण्डमा ८ प्रपाठक र तृतीय काण्डमा १२** गरी समग्र ग्रन्थमा **जम्मा २८ प्रपाठक** वा अध्याय रहेका छन्। प्रपाठक वा अध्यायको अवान्तर विभाग चाहिँ अनुवाक हो। मैसूर संस्करणका अनुसार अनुवाकहरूको सङ्ख्या प्रथम अष्टकमा (काण्डमा) ७८, द्वितीयमा ९६ र तृतीयमा १७९ रहेको छ[७४]। सबै जोड्दा ३५३ अनुवाक हुन्छन्। यसरी **समग्र तैत्तिरीयब्राह्मण ३ काण्ड, २८ प्रपाठक र ३५३ अनुवाकमा विभक्त** छ। यसको **स्थलसङ्केत प्रस्तुत गर्दा प्रायः ४ अङ्कको प्रयोग** गर्ने चलन छ। जसअनुसार पहिलो अङ्कले काण्ड वा अष्टक, दोस्रोले प्रपाठक वा अध्याय, तेस्रोले अनुवाक र चौथो अङ्कले अनुवाकभित्र रहेका ब्राह्मण वा मन्त्रलाई जनाइन्छ।

भाष्य : तैत्तिरीयब्राह्मणका भाष्यकारका रूपमा भवस्वामी (वि.सं. आठौं शताब्दीपूर्व) र रामाण्डार (रामाग्निचित्) को नामसमेत केही विद्वान्‌ले उल्लेख गरेका छन्[७५]। वर्तमानमा चाहिँ भट्टभास्कर मिश्र (वि.सं. एघारौं शताब्दी) र सायणका भाष्यमात्र उपलब्ध छन्। **संस्करण :** तैत्तिरीयब्राह्मणका निम्नलिखित संस्करण उल्लेख्य छन्–

१. सायणभाष्यसहित (१-३ भाग), सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८५९-१८६२।
२. सायणभाष्यसहित (१-३ भाग), सम्पा. नारायण शास्त्री, आनन्दाश्रम मुद्रणालय, पूना, सन् १८९८, पुनर्मुद्रण : सन् १९३४ र १९९९।
३. भट्टभास्करको र केही माधवीय भाष्यसहित (१-४ भाग), सम्पा. ए. महादेव शास्त्री, आर. शाम शास्त्री र एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९०८, १९२१, १९११ र १९१३।

२.५ काठकब्राह्मण

काठकब्राह्मण कृष्णयजुर्वेदको कठशाखा (चरक शाखाको अवान्तर विभाग) अन्तर्गत पर्दछ। यस ब्राह्मणका केही अंशको पहिलो मुद्रण होल्यान्डका प्रसिद्ध विद्वान् विलेम क्यालेन्डले गरेका थिए[७६] भने दोस्रो मुद्रण सूर्यकान्तले

---

७४. सायणभाष्यअनुसार तृतीय काण्डको दसौं प्रपाठकमा ११ अनुवाकमात्र रहेकाले यस काण्डको जम्मा अनुवाकसङ्ख्या १६४ मात्र हुन्छ।
७५. द्र.- वै.वा.इ. ३, पृ. २१९ र २२५। ऐ., भाग २, पृ. ११९-२१। वै.सा.सं., पृ. ६२।
७६. W. Caland, **"Brāhmaṇa-en Sūtra Aanwinsten"** (Verslagen en Mededelingen der Koninklijke Nederlandsche Akademie van Wetenschappen, Afd.

'काठकसङ्कलनम्' नामक ग्रन्थमा गरेका थिए[७७]। उक्त मुद्रणअनुसार उपलब्ध यस ब्राह्मणमा **७ भाग वा ब्राह्मण र २० खण्ड** छन्। पहिलो भाग **अग्न्याधेयब्राह्मणमा** ११ खण्ड, दोस्रो भाग **अमाब्राह्मणमा** १ खण्ड, तेस्रो भाग **काठकसंहिता ४०.७.४४ को ब्राह्मण** १ खण्ड, चौथो भाग **ग्रहेष्टिब्राह्मण** (तु.- काठकसंहिता २०.१३, २३.७, २६.१०, २७.२५, ३०.३३, ३७.१२) १ खण्ड, पाँचौं भाग **उपनयनब्राह्मण** १ खण्ड, छैटौं भाग **श्राद्धब्राह्मण** ४ खण्ड र सातौं भाग **मेखलाब्राह्मण** १ खण्ड गरी जम्मा ७ भाग र २० खण्ड हुन्छन्।

२.६ वाधूल-अन्वाख्यान (ब्राह्मण)

कृष्णयजुर्वेदको वाधूल शाखासँग सम्बद्ध यो अनुब्राह्मण प्रपाठक, अनुवाक, पटल र ब्राह्मणवाक्य गरी चार भागमा विभक्त छ। यसमा ५ प्रपाठक, तिनमा क्रमशः १२, १०, ८, ५६, २८ = ११४ अनुवाक र १९, १३, १३, ९४, ३४ = १७३ पटल छन्। पटलअन्तर्गत सूत्रात्मक शैलीका अनेक ब्राह्मणवाक्य छन्। विस्तृत विषयसूची, भूमिका (Introduction) एवं अन्त्यमा पदानुक्रमणी र मन्त्रानुक्रमणी समावेश गरिएको यस ग्रन्थको सम्पादन प्रो. व्रजबिहारी चौबेले गरेका छन्।

१. वाधूल-अन्वाख्यानम्, सम्पा. डा. व्रजबिहारी चौबे, कात्यायन वैदिक साहित्य प्रकाशन, होशिआरपुर (पञ्जाब), वि.सं. २०५८।

२.७ ताण्ड्यब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण 'ताण्ड्यमहाब्राह्मण', 'पञ्चविंशब्राह्मण' र 'प्रौढब्राह्मण'का नामले पनि चिनिन्छ। 'ताण्डि' नामक आचार्यद्वारा प्रोक्त भएकाले यसलाई ताण्ड्यब्राह्मण भनिएको हो[७८]। २५ अध्याय भएका कारण यसलाई पञ्चविंश र आकारप्रकारको विशालता एवं वर्ण्यविषयको गरिमाका कारण महाब्राह्मण वा प्रौढब्राह्मण भनिएको हुन सक्छ। **यो ग्रन्थ २५ प्रपाठक वा अध्याय र ३४७ खण्डमा विभक्त** छ। सायणले आफ्नो भाष्यमा प्रपाठकका स्थानमा अध्याय शब्दको प्रयोग गरेका छन्। यसको **स्थलसङ्केत प्रस्तुत गर्दा तीन अङ्कको उल्लेख** गर्ने प्रचलन छ। जसअनुसार पहिलो अङ्कले प्रपाठक वा अध्याय, दोस्रोले खण्ड र तेस्रोले खण्डअन्तर्गतका ब्राह्मण वा मन्त्र जनाइन्छ।

यसमा हरिस्वामीका पुत्र जयस्वामी र नारायणाचार्यले पनि भाष्य लेखेको कुरा विद्वान्हरूले उल्लेख गरेका छन्[७९], तर वर्तमानमा सायणको भाष्यमात्र उपलब्ध छ। यसका **संस्करण** निम्नलिखित छन्–

Letterkunde, 5. Reeks, Deel iv, 1920), pp. 461-498.

७७. काठकसङ्कलनम् -सूर्यकान्त, मेहरचन्द लक्ष्मणदास, लाहोर, सन् १९४३।

७८. वै.वा.इ. ३, पृ. १९-२२।

७९. ऐ., पृ. २२५-२६। वै.सा.सं., पृ. ६२।

१. सायणभाष्यसहित (१-२ भाग), सम्पा. आनन्दचन्द्र वेदान्तवागीश, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७० र १८७४।
२. W. Caland को अंग्रेजी अनुवाद PAÑCAVIMṢ́A-VRĀHMAṆA The Brāhmaṇa of Twenty Five Chapters, Calcutta : The Asiatic Society of Bengal, 1931.
३. सायणभाष्यसहित (१-२ भाग), सम्पा. चिन्नस्वामी तथा पट्टाभिराम शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, बनारस, सन् १९३५-१९३६। पुनर्मुद्रण, सन् १९८७।

२.८ षड्विंशब्राह्मण

सामवेदकै कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण **५ प्रपाठक** र **४८ खण्डमा** विभक्त छ। सायणले आफ्नो भाष्यमा प्रपाठकका स्थानमा अध्याय शब्दकै प्रयोग गरेका छन्। उनले तेस्रो प्रपाठकलाई दुई अध्यायमा विभक्त गरेका छन्। यसरी सायणभाष्यका अनुसार यस ब्राह्मणमा ६ अध्याय वा प्रपाठक हुन्छन्। **पाँचौं प्रपाठकलाई 'अद्भुतब्राह्मण'** पनि भनिन्छ। कतिपय विद्वान्ले यस प्रपाठकलाई प्रक्षिप्त मान्दछन्। प्रपाठकको विभाग खण्डमा गरिएको छ। पहिलो प्रपाठकमा ७, दोस्रोमा १०, तेस्रोमा १२ (सायणभाष्यानुसार ३ अध्यायमा ५ र चतुर्थमा ७ = १२ खण्ड), चौथोमा ७ र पाँचौंमा १२ खण्ड गरी समग्र ब्राह्मणमा ४८ खण्ड हुन्छन्। अध्यायक्रम अनुसार पहिलो र दोस्रोमा ७+७, तेस्रोमा ९, चौथोमा ६, पाँचौंमा ७ र छैटौं अध्यायमा १२ खण्ड गरी जम्मा ४८ खण्ड हुन्छन्। पाँचौं प्रपाठकका अन्तिम दुई खण्डमा (छैटौं अध्यायका ११-१२ खण्डमा) सायणले भाष्य लेखेका छैनन्। यसरी दसौं खण्डमा नै ब्राह्मणको समाप्ति भएको मान्ने सायणको मतअनुसार यसमा जम्मा ४६ खण्ड स्वीकृत छन्। मूलतः प्रपाठक वा अध्याय र खण्डमा विभक्त यस ग्रन्थको **स्थलसङ्केत तीन अङ्कमा** प्रस्तुत गरिन्छ। जसअनुसार पहिलो अङ्कले प्रपाठक वा अध्याय, दोस्रोले खण्ड र तेस्रोले खण्डभित्रका ब्राह्मण वा मन्त्र जनाइन्छ। सायणको 'वेदार्थप्रकाश' नामक भाष्यमात्र उपलब्ध यस ग्रन्थका निम्नलिखित संस्करण उल्लेख्य छन्–

१. दैवत र षड्विंशब्राह्मण, सायणभाष्यसहित, सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८८१।
२. विज्ञापनभाष्यसहित, सम्पा. एच. एफ. ईलसिंह, लाइडेन, सन् १९०८।
३. सायणको भाष्यसहित, सम्पा. प्रो. बी. आर. शर्मा, केन्द्रीय संस्कृत विद्यापीठ, तिरुपति, प्रथम संस्क. सन् १९६७, पुनर्मुद्रण १९८३।

२.९ सामविधानब्राह्मण

सामवेदकै कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण **३ प्रपाठक** र **२५ खण्डमा**

विभक्त छ। पहिलो र दोस्रो प्रपाठक ८×८ खण्डमा र तेस्रो प्रपाठक ९ खण्डमा विभक्त छ। यसको पनि स्थलसङ्केत तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ। अभिचारकर्मको बाहुल्य रहेको यस ब्राह्मणमा भरतस्वामी (विक्रमको चौधौं शताब्दी) र सायणका भाष्य उपलब्ध छन्। यसको **स्थलसङ्केत ३ अङ्कद्वारा** प्रस्तुत गरिन्छ।

१. सायणभाष्यसहित, सम्पा. ए. सी. बर्नेल, लन्डन, सन् १८७३।
२. सायणभाष्य तथा बंगला अनुवादसहित, सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९५१ (सन् १८९५)।
३. सा.भा. र भरत स्वामीको विवृत्तिसहित, सम्पा. बी. आर. शर्मा, केन्द्रीय संस्कृत विद्यापीठ, तिरुपति, प्रथम संस्क. सन् १९६४, पुनर्मुद्रण १९८०।

२.१० आर्षेयब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण **३ प्रपाठक र ८२ खण्डमा** विभक्त छ। पहिलो प्रपाठकमा २८ खण्ड, दोस्रोमा २५ र तेस्रोमा २९ गरी जम्मा ८२ खण्ड यसमा रहेका छन्। यसमा सामवेदका ऋषिसँग सम्बद्ध विवरण प्रस्तुत गरिएको हुँदा यसलाई आर्षानुक्रमणी भन्न सकिन्छ। यसमा सायण र कश्यप भट्टभास्कर मिश्रले भाष्य लेखेका[८०] भए पनि हाल सायणको भाष्यमात्र उपलब्ध छ।

१. सम्पा. ए. सी. बर्नेल, मंगलोर, सन् १८७६।
२. सायणभाष्यसहित, सम्पा. बी. आर. शर्मा, केन्द्रीय संस्कृत विद्यापीठ, तिरुपति, प्रथम संस्क. सन् १९६७, पुनर्मुद्रण १९८४।
३. सायणभाष्य र सरला टीकासहित, टीकाकार : उमेशप्रसाद दास, जगदीश संस्कृत पुस्तकालय, दिल्ली, प्रथम संस्क., सन् २००४।

२.११ देवताध्यायब्राह्मण वा दैवतब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण अत्यन्त लघु आकारको छ। **३ खण्ड र ६२ कण्डिकामा** विभक्त यसका पहिलो खण्डमा २६, दोस्रोमा ११ र तेस्रोमा २५ कण्डिका छन्। यस ब्राह्मणमा विशेषतः छन्दहरूको वर्णन गरिएको छ। यसको **स्थलसङ्केत २ अङ्कद्वारा** प्रस्तुत गरिन्छ। सायणको भाष्यमात्र उपलब्ध यस ब्राह्मणका निम्नलिखित संस्करण उल्लेख्य छन्–

१. दैवत र षड्विंशब्राह्मण, सायणभाष्यसहित, सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८८१।
२. देवताध्यायब्राह्मण, सायणभाष्यसहित, सम्पा. बी. आर. शर्मा, केन्द्रीय संस्कृत विद्यापीठ तिरुपति, सन् १९६५, पुनर्मुद्रण १९८३।

२.१२ मन्त्रब्राह्मण वा छान्दोग्यब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण **२ प्रपाठक र १६ खण्डमा**

८०. वै.वा.इ. ३, पृ. २२८।

विभक्त छ। दुवै प्रपाठकमा ८×८ खण्ड छन्। यसमा विभिन्न मन्त्रसंहिता र ब्राह्मणग्रन्थबाट लिइएका मन्त्रहरूको सङ्ग्रह गरिएको छ। यिनै मन्त्र गोभिल-गृह्यसूत्रमा विभिन्न संस्कारका लागि विनियोग गरिएका छन्। यसमा गुणविष्णुको (सन् ११५० भन्दा पहिला) 'छान्दोग्यमन्त्रभाष्य' र सायणको 'वेदार्थप्रकाश' नामक भाष्य गरी दुई किसिमका व्याख्या उपलब्ध छन्। यसको स्थलसङ्केत तीन अङ्कद्वारा नै प्रस्तुत गरिन्छ।

१. मन्त्रब्राह्मण, सायणभाष्य, स्वोपज्ञभाष्य र बंगला अनुवादसहित, सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९४७।
२. छान्दोग्यब्राह्मण, गुणविष्णु र सायणको भाष्यसहित, सम्पा. दुर्गामोहन भट्टाचार्य, संस्कृत महाविद्यालय, कलकत्ता, सन् १९५८।

२.१३ संहितोपनिषद्ब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण जम्मा **१ प्रपाठक** र **५ खण्डमा** विभक्त छ। यसमा सामवेदका आरण्यगान र ग्रामेगेयगानको नाम लिइएको छ। साथै यसमा केही पुराना ब्राह्मणवाक्य र श्लोकहरू सङ्गृहीत छन्। निरुक्तको प्रसिद्ध 'विद्या ह वै ब्राह्मणमाजगाम'को मूल यसै ब्राह्मणको तेस्रो खण्डमा उपलब्ध छ। यसमा सामवेदका प्रातिशाख्यरूप सूत्र, सामतन्त्र र फुल्लसूत्रादि पनि रहेका छन्। यस ब्राह्मणमा सायणको 'वेदार्थप्रकाश' नामक भाष्य र द्विजराज भट्टको (वि.सं. १६४५) भाष्य गरी दुईवटा भाष्य (व्याख्या) उपलब्ध छन्। द्विजराजको भाष्य सबै खण्डमा उपलब्ध छ भने सायणको भाष्य चाहिँ प्रथम खण्डमा मात्र उपलब्ध छ। यसको स्थलसङ्केत पनि तीन अङ्कद्वारा नै प्रस्तुत गरिन्छ।

१. द्विजराज भट्टको भाष्यसहित, सम्पा. ए. सी. बर्नेल, मंगलोर, सन् १८७७।
२. दुवै भाष्यसहित, सम्पा. बी. आर. शर्मा, तिरुपति, सन् १९६५, पुनर्मुद्रण १९८३।

२.१४ वंशब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण **१ प्रपाठक** र **३ खण्डमा** विभक्त छ। प्रथम खण्डमा २७, द्वितीयमा ३५ र तृतीय खण्डमा १५ गरी जम्मा ७७ ब्राह्मण वा मन्त्र सूत्रशैलीमा निबद्ध छन्। यसमा सामवेदका आचार्यहरूको वंश-परम्परा दिइएको छ। यसको स्थलसङ्केत तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ। सायणको भाष्यमात्र उपलब्ध यस ब्राह्मणका निम्नलिखित संस्करण उल्लेख्य छन्।

१. सायणभाष्यसहित, सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९४९।
२. सम्पा. बी. आर. शर्मा, तिरुपति, सन् १९६५, पुनर्मुद्रण १९८३।

२.१५ जैमिनीयब्राह्मण

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध यस ब्राह्मणको विभागका विषयमा

त्यति स्पष्टता देखिँदैन । सन् १९५४ मा नागपुरबाट प्रकाशित संस्करणअनुसार यो ब्राह्मण **३ भाग** र **११८२ खण्डमा** विभक्त छ । यसको पहिलो भागमा ३६०, दोस्रोमा ४३७ र तेस्रो भागमा ३८५ खण्ड छन् । बडोदाको सूचीपत्रलाई उद्धृत गर्दै पं. भगवद्दत्तले जैमिनीयब्राह्मणको अर्को विभाग पनि प्रस्तुत गरेका छन्[८१] । उक्त सूचीपत्रअनुसार यस ब्राह्मणका आठ भागमा क्रमशः ३६०+३८८+१५२+-१५३+९९+३७+८४+१५४ खण्ड रहेका छन् । सबै एकत्रित गर्दा **१४२७ खण्ड** हुन्छन् । प्रपञ्चहृदयको उल्लेखलाई आधार मान्ने हो भने यस ब्राह्मणमा **१३४८ खण्ड** र आरण्यकभागमा **१५० खण्ड** छन्[८२] । यसैगरी रघुवीरद्वारा सम्पादित लाहोरको संस्करण (वि.सं. १९९४) **प्रथम काण्डमा ३६४ खण्ड** छन् भने रघुवीर र लोकेशचन्द्रद्वारा सम्पादित संस्करण १९९६ मा **१११५ खण्ड** छन् । यस संस्करणमा उल्लेख भएअनुसार उक्त ग्रन्थको प्रथम भागमा २८७, द्वितीय भागमा ४४२ र तृतीय भागमा ३८६ खण्ड छन् र सबैको कुल योग १११५ हुन्छ । यसरी विभिन्न ग्रन्थ र संस्करणहरूमा पृथक्-पृथक् सङ्ख्या उल्लेख भएकाले जैमिनीयब्राह्मणको खण्डसङ्ख्या यति छ भनेर निश्चित रूपमा भन्न सकिने अवस्था देखिँदैन ।

यस ब्राह्मणको अर्को नाम **'तलवकारब्राह्मण'** हो । सामवेदीय ब्राह्मणहरूमा शतपथब्राह्मणजस्तै विपुलकाय र यागानुष्ठानका विभिन्न विषयको रहस्योद्घाटन गर्ने यो ब्राह्मण गौरवशाली भएर पनि यसमा कुनै भाष्य प्रकाशित भएको देखिँदैन । यसको **स्थलसङ्केत काण्ड वा भाग र खण्डबोधक २ अङ्कद्वारा** प्रस्तुत गरिन्छ ।

१. जैमिनीयब्राह्मण, सम्पा. रघुवीर तथा लोकेशचन्द्र, नागपुर, सन् १९५४ । पुनर्मुद्रण : मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८६ र १९९६ ।
२. प्रथम काण्ड, सम्पा. डा. रघुवीर, सरस्वती विहार, लाहोर (लवपुर), वि.सं. १९९४ (सन् १९३७) ।

२.१६ जैमिनीय आर्षेयब्राह्मण

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध यो ब्राह्मण **जम्मा ८४ खण्डमा विभक्त** छ । लघुकाय यस ब्राह्मणलाई तलवकार शाखाका ऋषिहरूको अनुक्रमणी भन्न सकिन्छ । आग्नेय आदि सामका पर्व, ग्रामगेयगान र आरण्यगानका ऋषिहरूको सूची यसमा दिइएको छ । यसको पाठ कौथुमशाखीय आर्षेयब्राह्मणभन्दा नितान्त भिन्न छ । बडोदाको सूचीपत्रमा दिइएको विभागलाई[८३] आधार मान्ने हो भने आर्षेयब्राह्मण जैमिनीयब्राह्मणको सातौं भाग हो । यसमा पनि कुनै भाष्य उपलब्ध छैन ।

१. सम्पा. ए. सी. बर्नेल, मंगलोर, सन् १८७८ ।

---

८१. वै.वा.इ. ३, पृ. २६ ।
८२. तद्ब्राह्मणमुत्तरपादः खण्डसमूहः । तत्प्रमाणं सहस्रादधिकअष्टचत्वारिंशदुत्तरं शतत्रयम् । तदारण्यकं पञ्चाशदुत्तरशतं खण्डाः । -प्र.हृ., पृ. २० ।
८३. द्र.- वै.वा.इ. ३, पृ. २६ ।

२. सम्पा. बी. आर. शर्मा, तिरुपति, प्रथम संस्क. सन् १९६७, पुनर्मुद्रण १९८४।

२.१७ जैमिनीयोपनिषद्ब्राह्मण

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध यस ब्राह्मणलाई **'तलवकार आरण्यक'** तथा **'तलवकार-उपनिषद्ब्राह्मण'** पनि भनिन्छ। यसमा **४ अध्याय** छन्[८४]। यी अध्यायअन्तर्गत क्रमशः १८, ५, ७ र १२ गरी **४२ अनुवाक;** ६०, १५, ४२ र २८ गरी **जम्मा १४५ खण्ड र अनेक ब्राह्मण** (सूत्रात्मक शैलीमा निबद्ध) छन्। यसरी **अध्याय> अनुवाक> खण्ड> ब्राह्मण वा सूत्र** गरी चार भागमा विभक्त भए पनि यस ब्राह्मणको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ, जसले पछिल्लो विभाग ब्राह्मण वा सूत्रलाई बुझाउँदैन। यसमा अभिचारकर्म तथा तन्त्रप्रक्रियाको विशेष वर्णन गरिएको छ। यसका साथै यज्ञ, यज्ञप्रक्रिया, ओङ्कार र गायत्रीको पनि विश्लेषणात्मक अध्ययन यस ब्राह्मणमा प्रस्तुत छ। यसमा पनि कुनै प्राचीन भाष्य उपलब्ध छैन। बडोदाको सूचीपत्रअनुसार यो जैमिनीयब्राह्मणको आठौं भाग हो[८५]।

१. The Jaminiya of Talavakara Upanishad Brahmana, By Hanns Oertel, Journal of the American Oriental Society, Vol. 16 (1896), p. 79-260.
२. केनोपनिषद्सहित, सम्पा. पं. भगवद्दत्त, दयानन्द महाविद्यालय संस्कृत ग्रन्थमाला ३, लाहोर, सन् १९२१।
३. सम्पा. बी. आर. शर्मा, तिरुपति, सन् १९६६।

२.१८ गोपथब्राह्मण

अथर्ववेदसँग सम्बद्ध एकमात्र गोपथब्राह्मण पहिला १०० प्रपाठात्मक थियो भन्ने कुरा अथर्ववेदीय चरणव्यूहपरिशिष्टमा उल्लेख[८६] भए पनि वर्तमानमा चाहिं यस ब्राह्मणका ११ प्रपाठकमात्र उपलब्ध छन्। यसको विभाग पूर्व र उत्तर गरी २ ब्राह्मणमा (भागमा) गरिएको छ। पूर्वब्राह्मणमा ५ र उत्तरब्राह्मणमा ६ प्रपाठक छन्। प्रपाठकको विभाग कण्डिकामा गरिएको छ। पूर्वब्राह्मणका पाँच प्रपाठकमा क्रमशः ३९+२४+२३+२४+२५ गरी १३५ कण्डिका रहेका छन् भने उत्तरब्राह्मणका छ प्रपाठकमा क्रमशः २६+२४+२३+१९+१५+१६ गरी १२३ कण्डिका रहेका छन्। यसरी **सबै जोड्दा २ ब्राह्मण** (भाग), **११ प्रपाठक र २५८ कण्डिका** यस ब्राह्मणमा रहेका छन्। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। जसअनुसार पहिलो अङ्कले ब्राह्मणसङ्ख्या, दोस्रोले प्रपाठकको सङ्ख्या र तेस्रोले कण्डिकाको सङ्ख्या जनाइन्छ।

८४. द्र.- यसै ग्रन्थमा प्रस्तुत 'तलवकार आरण्यक'।
८५. द्र.- वै.वा.इ. ३, पृ. २६।
८६. तत्र गोपथः शतप्रपाठकं ब्राह्मणमासीत्। तस्यावशिष्टे द्वे ब्राह्मणे पूर्वमुत्तरं च -अ.परि. ४९.४.५।

यस ब्राह्मणमा अथर्ववेदसंहिताको आरम्भ **'शन्नो देवीः'** मन्त्रबाट हुने कुरा उल्लेख भएको[८७] र उक्त मन्त्र पैप्पलादसंहिताको आरम्भमा उपलब्ध हुने भएकाले गोपथब्राह्मण पैप्पलादशाखासँग सम्बद्ध रहेको अनुमान गर्न सकिन्छ, तर यस ब्राह्मणमा पढिएका धेरैजसो मन्त्र र मन्त्रका प्रतीकहरू अथर्ववेदको शौनकसंहितामा उपलब्ध हुने भएकाले शौनकीय शाखासँग पनि यसको सम्बन्ध रहेको बुझिन्छ। यसअतिरिक्त गोपथब्राह्मणमा उद्धृत मन्त्रहरू कुनै शौनकसंहितामा मात्र, कुनै पैप्पलादसंहितामा मात्र र कुनै दुवैमा उपलब्ध हुने भएकाले यसको शाखासम्बद्धता निश्चित गर्न सकिने अवस्था छैन।

गोपथब्राह्मणमा आजसम्म कुनै प्राचीन भाष्य लेखिएको जानकारी प्राप्त भएको छैन। वर्तमानमा पं. क्षेमकरणदास त्रिवेदीद्वारा लेखिएको आर्यसमाजी हिन्दी अनुवाद संस्कृत टिप्पणीसहित उपलब्ध छ। यस ब्राह्मणका निम्नलिखित संस्करण उल्लेख्य छन्–

१. सम्पा. राजेन्द्रलाल मित्र तथा हरचन्द विद्याभूषण, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७२।
२. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९१।
३. Das Gopatha Brāhmaṇa, By Dieuke Gaastra, Leiden, 1919.
४. सम्पा. डा. विजयपाल, सावित्री देवी बागडिया ट्रष्ट, कलकत्ता, सन् १९८०।
५. पं. क्षेमकरणदास त्रिवेदीको हिन्दी भाष्यसहित, सम्पा. डा. प्रज्ञादेवी एवं मेधादेवी, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९७७, १९९३, १९९९।

३. आरण्यकग्रन्थको स्वरूप

आरण्यकको उपलब्धि वेदको ब्राह्मणभागमा नै हुने भएकाले मन्त्र-ब्राह्मणात्मक वेदमा सबै आरण्यक र प्रमुख उपनिषद्हरू अन्तर्भूत हुन्छन्। अर्थात् मन्त्रब्राह्मणात्मक स्वरूपलाई वेद मान्ने परम्परामा आरण्यक साक्षात् वेद हुन्। आरण्यकभाग प्रायः ब्राह्मणग्रन्थका अन्त्यमा पढिएका हुन्छन्। जति ब्राह्मणग्रन्थ थिए वा छन् त्यति नै आरण्यक हुनुपर्ने भन्ने परम्परागत मान्यता भए पनि सबै ब्राह्मणग्रन्थमा आरण्यक उपलब्ध हुँदैनन्। वर्तमानमा अनुपलब्ध ब्राह्मण र तीभित्रका आरण्यक कति थिए भन्ने कुरा इतिहासको गर्भमा नै रहेको छ। हाल उपलब्ध आरण्यक चाहिँ ऋग्वेदसम्बद्ध ऐतरेय-ब्राह्मणअन्तर्गतको ऐतरेय आरण्यक र शाङ्खायन ब्राह्मणअन्तर्गतको शाङ्खायन आरण्यक २; शुक्लयजुर्वेदसम्बद्ध माध्यन्दिन-शतपथब्राह्मण-अन्तर्गतको बृहद्-आरण्यक तथा काण्व-शतपथब्राह्मणअन्तर्गतको बृहदारण्यक २; कृष्णयजुर्वेदसम्बद्ध तैत्तिरीयशाखाअन्तर्गतको तैत्तिरीय आरण्यक र मैत्रायणीय शाखाअन्तर्गतको मैत्रायणीय आरण्यक २ तथा सामवेदसम्बद्ध जैमिनीय

८७. शन्नो देवीरभिष्टय इत्येवमादिं कृत्वा अथर्ववेदमधीयते -गो.ब्रा. १.१.२९।

उपनिषद्ब्राह्मण वा.तलवकार आरण्यक १ गरी जम्मा सातवटा मात्र छन्। यहाँ यिनै आरण्यकको स्वरूपबारे सङ्क्षिप्त चर्चा गरिएको छ।

३.१ ऐतरेय आरण्यक

ऋग्वेदको ऐतरेयब्राह्मणसँग सम्बद्ध **यो ग्रन्थ ५ आरण्यक, १८ अध्याय र अनेक खण्डमा विभक्त** छ। पहिलो आरण्यकमा ५, दोस्रोमा ७, तेस्रोमा २, चौथोमा १ र पाँचौं आरण्यकमा ३ गरी जम्मा १८ अध्याय यसमा रहेका छन्। प्रत्येक अध्याय विभिन्न खण्डमा विभक्त छन्। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ।

ऐतरेय आरण्यकमा षड्गुरुशिष्यले लेखेको 'मोक्षप्रदा' नामक टीका त्रिवेन्द्रम् र मद्रासका हस्तलेखमा विद्यमान भएको जानकारी भगवद्दत्तले दिएका छन्[८८]। हाल यसमा सायणको भाष्यमात्र उपलब्ध छ।

१. सायणको भाष्यसहित, सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७६, पुनर्मुद्रण : सन् १९२६।
२. सभाष्य, सम्पा. बाबा शास्त्री फडके, आनन्दाश्रम, सन्१८९८। पुनर्मु., १९५९।
३. भूमिका, अनुवाद र टिप्पणीसहित, सम्पा. ए. बी. कीथ, अक्सफोर्ड, सन्१९०९।
४. सभाष्य, सम्पा. मुनीश्वरदेव, विश्वेश्वरानन्द वैदिक शो. सं., प्र.सं., सन् १९९२।

३.२ शाङ्खायन आरण्यक

ऋग्वेदको शाङ्खायन ब्राह्मणसँग सम्बद्ध यो ग्रन्थ १५ अध्याय र १४६ खण्डमा विभक्त छ। १-१५ अध्यायमा क्रमशः ८, १८, ७, १५, ८, २०, २३, ११, ८, ८, ८, ८, १, २ र १ खण्ड छन्। यसको **स्थलसङ्केत दुई अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यसमा कसैको भाष्य पनि उपलब्ध छैन।

१. The Śāṅkhāyana Āraṇyaka, With an Appendix on the Mahāvrata, By A . B . Keith, The Royal Asiatic Society, London, 1908.
२. सम्पा. श्रीधर शास्त्री पाठक, आनन्दाश्रम, पूना, सन् १९२२।
३. सम्पा. भीमदेव, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, सन् १९८०।

३.३ बृहदारण्यक (माध्यन्दिनीय)

शुक्लयजुर्वेदीय-माध्यन्दिन-शतपथब्राह्मणअन्तर्गतको बृहदारण्यक ६ अध्याय र ४४ **ब्राह्मणमा विभक्त** छ। प्रथम अध्यायमा ४, द्वितीयमा ५, तृतीयमा ११, चतुर्थमा ३, पञ्चममा १५ र षष्ठ अध्यायमा ४ गरी १-६ अध्यायमा जम्मा ४२ ब्राह्मण छन्[८९]। **प्रत्येक ब्राह्मण विभिन्न खण्ड वा कण्डिकामा विभक्त** छन्। यसको

८८. वै.वा.इ. ३, पृ. २५२।
८९. तु.- ४४ ब्राह्मण, वै.वा.इ. ३, पृ. २३४।

स्थलसङ्केत तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ।

यो आरण्यक **'बृहदारण्यकोपनिषद्'** नामबाट प्रसिद्ध छ। माध्यन्दिन-शतपथ-ब्राह्मणको अन्तिम वा चौधौं काण्डलाई 'उपनिषद्काण्ड' भनिए पनि यस आरण्यक वा उपनिषद्को आरम्भ **'उषा वा अश्वस्य'** भन्ने वाक्य अर्थात् माध्यन्दिन-शतपथ-ब्राह्मणको दसौं काण्डको छैटौं अध्यायको चौथो ब्राह्मणबाट हुन्छ[९०]। यसपछिको सबै भाग आरण्यक नभए पनि विभिन्न स्थानबाट आरण्यक वा उपनिषद्-अंश छनौट गरी यसको उपदेश गरिएको प्रतीत हुन्छ। यसरी आरण्यक र उपनिषद् दुवै नामबाट प्रसिद्ध यस ग्रन्थको कति भाग आरण्यक र कति भाग उपनिषद् भनेर छुट्ट्याउने स्पष्ट आधार छैन। काण्वशाखीय बृहदारण्यकोपनिषद्को व्याख्याको आरम्भमा आचार्य शङ्करले उल्लेख गरेको कुरालाई[९१] आधार मान्ने हो भने उपनिषद् र आरण्यकमा विषयगत भिन्नता हुँदैन। शङ्करका अनुसार ब्रह्मतत्त्वको नजिक पुऱ्याउने ब्रह्मविद्याको प्रतिपादक ग्रन्थ उपनिषद् हो भने त्यही ग्रन्थ अरण्यमा पढाइँदा आरण्यक हुन्छ। शङ्करले जेजस्तो अर्थ गरे पनि आरण्यकको प्राचीन नाम 'रहस्यविद्या' पनि भएको[९२] र बृहदारण्यकमा समेत आलङ्कारिक रूपबाट याज्ञिक रहस्यको सङ्क्षिप्त वर्णन उपलब्ध हुने भएकाले यसलाई 'आरण्यक' तथा अधिकांश भागमा आत्मज्ञानका तत्त्वको उपदेश भएकाले 'उपनिषद्' भनिएको हुन सक्छ।

यस आरण्यकका प्रधान पात्र याज्ञवल्क्य भए पनि उनका साथमा विदेहराज जनक, गार्गी, मैत्रेयीजस्ता ब्रह्मवादिनी स्त्रीहरूको उत्कृष्ट रूपसमेत प्रस्तुत गरिएको छ। यसका साथै सन्यासधर्मको स्पष्ट विधान यसमा उपलब्ध हुन्छ[९३]। काण्वशाखीय बृहदारण्यक र यसको अन्तर पाठभेदका रूपमा मात्र देखिन्छ।

भाष्य र संस्करण : आचार्य शङ्करभन्दा पूर्वकालिक विद्वान् भर्तृप्रपञ्चले माध्यन्दिन-बृहदारण्यकमा विस्तृत भाष्य लेखेको कुरा विद्वान्हरूले उल्लेख गरेका छन्[९४] तर वर्तमानसम्म यो भाष्य कतै मुद्रित भएको पाइँदैन। यस ग्रन्थमा द्विवेदगङ्गको 'मुख्यार्थप्रकाशिका' नामक मुख्य-मुख्य पदहरूको व्याख्या तथा वासुदेव भगवान्का 'वासुदेवप्रकाशिका' नामक भाष्य (व्याख्या) प्रकाशित छन्। यी दुई भाष्य माध्यन्दिन-शतपथब्राह्मणको अन्त्यमा पृथक्-पृथक् प्रकाशित छन्[९५]। माध्यन्दिन-

९०. मुद्रित बृहदारण्यकोपनिषद् चाहिँ 'द्वया ह प्राजापत्याः...' (मा.श.ब्रा. १४.४.१) बाट आरम्भ हुन्छ।

९१. उषा वा अश्वस्य ... सेयं ब्रह्मविद्या उपनिषच्छब्दवाच्या तत्पराणां सहेतोः संसारस्याऽत्यन्तावसादनात्। उप-नि-पूर्वस्य सदेस्तदर्थत्वात्। तादर्थ्याद् ग्रन्थोऽप्युपनिषद् उच्यते। सेयं षडध्यायी अरण्येऽनूच्यमानत्वाद् आरण्यकम्, बृहत्वात् परिमाणतो बृहदारण्यकम्।

९२. द्र.- यसै ग्रन्थको शीर्षक 'आरण्यकपदार्थ' अन्तर्गत।

९३. एतमेव विदित्वा मुनिर्भवति... अथ भिक्षाचर्यं चरन्ति -मा.श.ब्रा. १४.७.२५-२६। काण्व.बृ.उ. ४.४.२२।

९४. द्र.- वै.वा.इ. ३, पृ. २५२-२५३।

९५. द्र.- यसै ग्रन्थको शीर्षक 'शतपथब्राह्मण' अन्तर्गतका संस्करण।

बृहदारण्यक उपनिषद्को स्वतन्त्र प्रकाशन सर्वप्रथम ओटो बोह्तलिङ्क (Otto Bohtlingk, 1815-1904) को सम्पादकत्वमा **Brahadaranjakopanishad in der Madhjandina Recension** (सेंट पीटर्सबर्ग, सन् १८८९) नामबाट भएको थियो।

३.४ बृहदारण्यक (काण्वशाखीय)

शुक्लयजुर्वेदको काण्वशाखीय बृहदारण्यक **६ अध्याय र ४७ ब्राह्मणमा विभक्त** छ। प्रथम अध्यायमा ६, द्वितीयमा ६, तृतीयमा ९, चतुर्थमा ६, पञ्चममा १५ र षष्ठ अध्यायमा ५ गरी १-६ अध्यायमा जम्मा ४७ ब्राह्मण छन् र **प्रत्येक ब्राह्मण विभिन्न खण्ड वा कण्डिकामा विभक्त** छन्। यसको पनि **स्थलसङ्केत तीन अङ्कद्वारा** नै प्रस्तुत गरिन्छ।

भाष्य र संस्करण : काण्व-बृहदारण्यकोपनिषद्मा आचार्य शङ्करले लेखेको प्रसिद्ध शाङ्करभाष्यबाहेक अन्य धेरै विद्वान्ले विभिन्न भाष्य वा व्याख्या लेखेका छन्। तीमध्ये शाङ्करभाष्य र हिन्दी अनुवादसहितका १० वटा संस्करण (वि.सं. १९९५-२०६१ सम्म ४२,२५० प्रति) गीताप्रेस, गोरखपुरबाट प्रकाशित भइसकेका छन्। यसअतिरिक्त यस ग्रन्थमा लेखिएका विभिन्न भाष्य र भाष्यकार तथा वार्तिक र वार्तिककारहरूको सूची थ्यूडोर अउफ्रेक्टको सूचीपत्रहरूको सूचीग्रन्थ (Catalogus Catalogorum, 1903) लाई उद्धृत गर्दै वैदिक वाङ्मयका इतिहासकार पं. भगवद्दत्तले प्रस्तुत गरेका छन्[१६]। यसमा १८ प्रकारका भाष्य तथा ४ प्रकारका वार्तिकसहित यथासम्भव तिनका कर्ताहरूको सूची प्रस्तुत गरिएको छ।

३.५ तैत्तिरीय आरण्यक

कृष्णयजुर्वेदको तैत्तिरीयब्राह्मणसँग सम्बद्ध **यो ग्रन्थ १० प्रपाठकमा विभक्त** छ। भट्टभास्करले आफ्नो भाष्यमा प्रपाठकलाई 'प्रश्न' संज्ञा दिएका छन्। **प्रत्येक प्रपाठक (प्रश्न) विभिन्न अनुवाकमा विभक्त** छन्। सायणभाष्यसहितको तैत्तिरीय-आरण्यकमा उल्लेख भएअनुसार यस ग्रन्थको प्रथम प्रपाठकमा ३२, द्वितीयमा २०, तृतीयमा २१, चतुर्थमा ४२, पञ्चममा १२, षष्ठमा १२, सप्तममा १२, अष्टममा ९ र नवम प्रपाठकमा १० अनुवाक छन्। यसरी १-९ प्रपाठकमा जम्मा १७० अनुवाक छन्। दसौं प्रपाठक चाहिं अस्तव्यस्त छ। यस प्रपाठकको आरम्भमा सायणले उल्लेख गरेअनुसार द्रविडपाठमा ६४ अनुवाक, आन्ध्रपाठमा ८० अनुवाक, कर्णाटकका कतिपय पाठमा ७४ अनुवाक र अन्य पाठमा ८९ अनुवाक छन्। यस्तो अवस्थामा यथासम्भव पाठान्तर प्रस्तुत गर्दै ८० अनुवाकयुक्त आन्ध्रपाठको व्याख्या गरिन्छ[१७] भन्ने सायणको वचनबाट उनले दसौं प्रपाठकमा ८० अनुवाक मानेको

१६. वै.वा.इ. ३, पृ. २५३-२५४।
१७. तत्र द्रविडानाम् ... अपरेषां नवाशीतिपाठः । तत्र वयं पाठान्तराणि यथासम्भवं

स्पष्ट हुन्छ। भट्टभास्करले चाहिँ दसौं प्रपाठकका ६४ अनुवाक मानेका छन्। यसरी दसौं प्रपाठकका अनुवाकसङ्ख्यामा मतैक्य नरहेको हुँदा सायणको अभिमतअनुसार ८० अनुवाक थप्दा तैत्तिरीय आरण्यका कुल प्रपाठकमा १७०+८० = **२५० अनुवाक** हुन्छन्।

यसप्रकार प्रपाठक र अनुवाकमा विभक्त तैत्तिरीयारण्यकको **स्थलसङ्केत प्रस्तुत गर्दा २ वा ३ अङ्क दिने प्रचलन** छ। जसअनुसार पहिलो अङ्कले प्रपाठक वा प्रश्न र दोस्रो अङ्कले अनुवाक जनाइन्छ। तेस्रो अङ्कको पनि प्रयोग भएमा त्यसले अनुवाकभित्रका आरण्यक वा मन्त्रसङ्ख्या बुझ्नुपर्छ।

भाष्य र संस्करण : तैत्तिरीयारण्यकमा भट्टभास्कर र सायणका दुई प्रधान भाष्य उपलब्ध छन्। यस ग्रन्थका निम्नलिखित संस्करण उल्लेख्य छन्–

१. सायणभाष्यसहित, सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७२।
२. सायणभाष्यसहित (१-२ भाग), सम्पा. बाबा शास्त्री फडके, आनन्दाश्रम, पूना, सन् १८९७ र १८९८। पुनर्मुद्रण, सन् १९२६-२७, १९६७ र १९६९ तथा १९८१-८२।
३. भट्टभास्करको भाष्यसहित (१-३ भाग) [The Taittirīyāraṇyaka with the Commentary of Bhaṭṭabhāskara Miśra, edited by A. Mahādeva Śāstri and K. Raṅgācārya, originally appeared as vols. 26, 27 and 29 of The Government Oriental Library Series, Bibliotheca Sanskrita, Mysore 1900-1902, reprinted Delhi 1985.]

३.६ मैत्रायणीय आरण्यक

कृष्णयजुर्वेदको मैत्रायणीय शाखासँग सम्बद्ध यो ग्रन्थ 'मैत्रायणीयमारण्यकम्' अथवा **'मैत्रायणीया उपनिषद्'** नामबाट श्रीपाद दामोदर सातवलेकरद्वारा सम्पादित 'यजुर्वेदीय मैत्रायणी-संहिता' स्वाध्यायमण्डल, पारडी (सन् १९४२) द्वारा प्रकाशित ग्रन्थको अन्त्यमा (पृ. ५४३-५६४) र स्वतन्त्र रूपमा समेत मुद्रित छ। यसमा कुल **७ प्रपाठक र ७३ खण्ड** छन्। प्रथम प्रपाठकमा ४, द्वितीयमा ७, तृतीयमा ५, चतुर्थमा ६, पञ्चममा २, षष्ठमा ३८ र सप्तममा ११ खण्ड छन्। यसको **स्थलसङ्केत दुई अङ्कद्वारा** प्रस्तुत गरिन्छ। **'मैत्रायण्युपनिषद्'** नामबाट 'ईशाद्यष्टोत्तरशतोपनिषदः' (पृ. १५९-१६५, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९१) ग्रन्थमा प्रकाशित उपनिषद्मा ५ प्रपाठक र उक्त ग्रन्थकै पृ. २०१-२०५ मा प्रकाशित **'मैत्रेय्युपनिषद्'**मा ३ अध्यायमात्र छन्। यसप्रकार मैत्रायणीय आरण्यक वा उपनिषद्का नामबाट प्रसिद्ध

सूचयन्तोऽशीतिपाठं प्राधान्येन व्याख्यास्यामः -सायण, तै.आ., दसौं प्रपाठकको आरम्भ।

यस ग्रन्थमा शङ्कराचार्य, नारायण आदिले भाष्य वा दीपिका लेखेको कुरा सुन्नमा आए पनि[९८] हाल तिनीहरूका भाष्य उपलब्ध भएको जानकारी यस ग्रन्थकारलाई छैन। आनन्दाश्रम, पूनाबाट प्रकाशित 'उपनिषदां समुच्चय' नामक ग्रन्थको पृ. ३४५-४७५ मा रामतीर्थको दीपिका (भाष्य) सहित 'मैत्र्युपनिषद्' वा आरण्यक उपलब्ध छ।

३.७ तलवकार आरण्यक

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध यस आरण्यकलाई **'जैमिनीय उपनिषद्ब्राह्मण'** पनि भनिन्छ। यो आरण्यक वा उपनिषद्ब्राह्मण ४ अध्याय, अनेक अनुवाक र खण्डमा विभक्त छ। यसको प्रथम अध्यायमा १८ अनुवाक र ती अनुवाक ६० खण्डमा विभक्त छन्। द्वितीय अध्यायमा ५ अनुवाक र १५ खण्ड, तृतीयमा ७ अनुवाक र ४२ खण्ड तथा चतुर्थमा १२ अनुवाक र २८ खण्ड छन्। यसप्रकार यस आरण्यक वा उपनिषद्ब्राह्मणमा **जम्मा ४ अध्याय, ४२ अनुवाक र १४५ खण्ड** रहेका छन्। यस आरण्यकको चतुर्थ अध्यायको दसौं अनुवाकदेखि **'केनोपनिषद्'** आरम्भ हुन्छ। यसमा कुनै प्राचीन भाष्य उपलब्ध छैन। यसको प्रकाशन 'जैमिनीय उपनिषद्ब्राह्मण' नामबाट भएको छ[९९]।

४. उपनिषद्ग्रन्थको स्वरूप

केही उपनिषद् वेदको मन्त्रभागमा (संहिताभागमा), धेरै ब्राह्मणभागअन्तर्गतका आरण्यकभागमा र केही स्वतन्त्र रूपमा उपलब्ध हुन्छन्। आरण्यक र उपनिषद्को पार्थक्य नामका आधारमा पहिल्याउन सकिए पनि विषयवस्तुका दृष्टिले यिनको भिन्नता छुट्ट्याउने स्पष्ट आधार देखिंदैन। त्यसैले मैत्रायणीय, बृहदारण्यकजस्ता आरण्यकग्रन्थहरू उपनिषद्का नामले पनि प्रसिद्ध छन्। संहिता, ब्राह्मण र आरण्यकजस्तै उपनिषद्हरू पनि वेदका प्रत्येक शाखाअनुसार भिन्नाभिन्नै हुन्छन्। कतिपय शाखाका मन्त्र र ब्राह्मणभाग दुवैमा उपनिषद्भाग (मन्त्रोपनिषद् र ब्राह्मणोपनिषद्) उपलब्ध हुने भएकाले उपनिषद्हरूको सङ्ख्या वेदका शाखाभन्दा बढी नै रहेको अनुमान गर्न सकिन्छ। वर्तमानसम्म वेदका धेरै शाखाहरू लुप्त भइसके पनि ती शाखासँग सम्बद्ध केही उपनिषद्हरू चाहिं प्राप्त हुन्छन्। त्यसैले हाल उपलब्ध वेदका शाखाभन्दा उपनिषद्को सङ्ख्या बढी नै छ।

४.१ उपनिषद्को सङ्ख्या

'उपनिषद्' नामबाट प्रकाशित ग्रन्थ वा तिनीहरूको सङ्ख्या यति नै छ भन्ने निश्चित गर्न सकिंदैन। सन् १६५६ तिर मुगलशासक शाहजहाँका ज्येष्ठ पुत्र मुहम्मद दाराशिकोहले काशीका पण्डित तथा सन्यासीहरूको सहायताबाट ईशावास्यादि ५०

९८. द्र.- वै.वा.इ. ३, पृ. २५७।
९९. द्र.- यसै ग्रन्थको शीर्षक जैमिनीयोपनिषद्ब्राह्मण।

उपनिषद्हरूको[१००] अनुवाद फारसी भाषामा गराएका थिए[१०१] भने अंग्रेज विद्वान् कोलब्रुकका सङ्ग्रहमा ५२ उपनिषद् थिए। चौखम्बा विद्याभवन वाराणसीबाट सन् १९९१ मा प्रकाशित **'ईशाद्यष्टोत्तरशतोपनिषदः'** नामक ग्रन्थमा ईशावास्यादि मुक्तिकोपनिषद् सम्मका ११२ उपनिषद् सङ्गृहीत छन् भने गजानन शम्भु शास्त्रीद्वारा सम्पादित तथा अड्यार पुस्तकालय, मद्रासबाट प्रकाशित **'उपनिषद् वाक्यमहाकोष'**मा 'अक्षमाला'देखि 'हेरम्ब'सम्मका २२३ उपनिषद्को सूची (पृ. १५-२४) दिइएको छ। यसैगरी मोतीलाल बनारसीदास, दिल्लीबाट सन् १९७० मा प्रकाशित **'उपनिषत्-सङ्ग्रह'**मा १८८ उपनिषद् छन् भने कसैले २४७ उपनिषद् पनि भएको कुरा उल्लेख गरेका छन्[१०२]।

यसरी अर्वाचीन र साम्प्रदायिक उपनिषद्हरूको सङ्ख्या निश्चित गर्न नसकिए पनि मुक्तिकोपनिषद् १.४४ मा परिगणित १०८ उपनिषद् अलि प्राचीन र सर्वमान्य भनिन्छन्। यी उपनिषद्हरूमा पनि आचार्य शङ्करद्वारा व्याख्या गरिएका ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, छान्दोग्य र बृहदारण्यक गरी १० उपनिषद् (मुक्ति.उ. १.३०) तथा कौषीतकिब्राह्मणोपनिषद्, श्वेताश्वतरोपनिषद्, मैत्रायणीयोपनिषद् (मैत्रायणीयारण्यकोपनिषद्) एवं बाष्कल-मन्त्रोपनिषद् गरी **जम्मा १४ उपनिषद्** प्रायः उपलब्ध **वेदका शाखासँग प्रत्यक्ष सम्बद्ध** भएकाले प्राचीन, मौलिक र प्रामाणिक मानिन्छन्। अतः यहाँ यिनै प्रमुख उपनिषद्हरूको सङ्क्षिप्त स्वरूप प्रस्तुत गरिएको छ।

४.१.१ ऐतरेयोपनिषद्

ऋग्वेदीय ऐतरेयारण्यकको द्वितीय आरण्यकअन्तर्गतका ४-६ अध्यायलाई 'ऐतरेयोपनिषद्' भनिन्छ। यो उपनिषद् **३ अध्याय र ५ खण्डमा विभक्त** छ। पहिलो अध्यायमा ३ खण्ड, दोस्रो तथा तेस्रो अध्यायमा १/१ खण्ड गरी जम्मा पाँच खण्ड हुन्छन्। प्रत्येक खण्डमा उपनिषद्का वाक्य वा मन्त्रहरूको सङ्ख्या अङ्कमा उल्लेख गरिएको छ। यसरी **अध्याय> खण्ड> मन्त्र** गरी तीन भागमा विभक्त यस उपनिषद्को **स्थलनिर्देश तीन अङ्कद्वारा** नै गरिन्छ। यसमा शाङ्कर-भाष्यसहितका हिन्दी अनुवाद, आनन्दगिरिको संस्कृत टीकालगायतका व्याख्या उपलब्ध छन्।

४.१.२ कौषीतकि-ब्राह्मणोपनिषद्

ऋग्वेदको कौषीतकि वा शाङ्खायन आरण्यकअन्तर्गतका ३-६ अध्यायलाई कौषीतकि-उपनिषद् भनिन्छ। यो उपनिषद् **४ अध्याय र ५० खण्डमा विभक्त** छ। पहिलो अध्यायमा ७, दोस्रोमा १५, तेस्रोमा ८ र चौथो अध्यायमा २० खण्ड छन्।

---

१००. द्र.- उपनिषद्युगीन संस्कृति, पृ. १४।
१०१. सं.वा.बृ.इ. १, पृ. ५१२। वै.सा.सं., पृ. २४४।
१०२. वै.ध.मू., पृ. १३५।

४.१.३ बाष्कल-मन्त्रोपनिषद्

ऋग्वेदको बाष्कल शाखासँग सम्बद्ध मानिने यो उपनिषद् छन्दोबद्ध भएका कारण मन्त्रोपनिषद्‌का नामले पनि चिनिन्छ। यसमा २५ मन्त्र वा पद्य छन् र यो उपनिषद् अड्यार पुस्तकालय, मद्रासबाट सन् १९३३ मा प्रकाशित 'अप्रकाशिता उपनिषदः' नामक ग्रन्थको पृ. ३७-४७ मा वृत्तिसहित प्रकाशित छ भने मोतीलाल बनारसीदास, दिल्लीबाट सन् १९७० मा प्रकाशित 'उपनिषत्-सङ्ग्रह'को भाग २ को पृ. ३७-३९ मा पनि मुद्रित छ।

४.१.४ बृहदारण्यकोपनिषद्

यस ग्रन्थका आरण्यक र उपनिषद्भाग पृथक्-पृथक् रूपमा उपलब्ध नहुने भएकाले एउटै ग्रन्थ आरण्यक र उपनिषद् दुवै नामले प्रसिद्ध छ। शाखाअनुसार काण्व र माध्यन्दिन गरी यो उपनिषद् वा आरण्यक दुई किसिमको छ। यी दुवैको स्वरूप आरण्यकग्रन्थको प्रकरणमा प्रस्तुत गरिएकाले पाठकवर्गलाई त्यहींबाट यिनका स्वरूप अवगत गर्न अनुरोध गरिन्छ।

४.१.५ ईशावास्योपनिषद्

शुक्लयजुर्वेदका काण्व-वाजसनेयि-संहिता तथा माध्यन्दिन-वाजसनेयि-संहिताका अन्तिम वा चालीसौं अध्याय 'ईशावास्योपनिषद्'का नामले प्रसिद्ध छन्। संहिताअन्तर्गत मन्त्रभागमा उपलब्ध हुने भएकाले यी दुई उपनिषद्लाई **'मन्त्रोपनिषद्'** पनि भनिन्छ। **काण्वशाखीयमा १८ मन्त्र र माध्यन्दिनीयमा १७ मन्त्र** रहेका यी उपनिषद् 'ईशावास्यमिदं सर्वम्' मन्त्रबाट आरम्भ हुने भएकाले यिनको नाम 'ईशावास्योपनिषद्' रहेको बुझिन्छ। यी दुई उपनिषद्मा केही पाठभेद र मन्त्रको क्रमभेद रहे पनि प्रतिपाद्य विषय समान छ। आकारका दृष्टिले अत्यन्त लघु भए पनि विषयका दृष्टिले उपनिषद्हरूमा यिनको स्थान गौरवपूर्ण र अग्रगण्य रहेको छ। **काण्वशाखीय उपनिषद्मा आचार्य शङ्कर, सायण,** आनन्दगिरिलगायतका विभिन्न विद्वान्ले भाष्य लेखेका छन् भने **माध्यन्दिनीय उपनिषद्मा उवट, महीधर र करपात्र स्वामीका भाष्य** उपलब्ध छन्। हाल बजारमा उपलब्ध 'ईशावास्योपनिषद्'का ग्रन्थहरू प्रायः काण्वशाखीय नै हुने गर्दछन्। यिनको **स्थलसङ्केत १ अङ्कद्वारा** प्रस्तुत गरिन्छ।

४.१.६ तैत्तिरीयोपनिषद्

कृष्णयजुर्वेदीय तैत्तिरीयारण्यकका ७-९ प्रपाठकलाई तैत्तिरीयोपनिषद् भनिन्छ। यो उपनिषद् शीक्षावल्ली, ब्रह्मानन्दवल्ली र भृगुवल्ली गरी **तीन वल्ली वा भाग र ३१ अनुवाकमा विभक्त** छ। तैत्तिरीयारण्यकमा शीक्षावल्लीलाई 'सांहिती उपनिषद्' र ब्रह्मानन्द तथा भृगुवल्लीलाई 'वारुणी उपनिषद्' भनिएको छ।

शीक्षावल्लीमा १२, ब्रह्मानन्दवल्लीमा ९ र भृगुवल्लीमा १० अनुवाक छन्। गद्यमय यस उपनिषद्का अनुवाकभित्रका विभिन्न वाक्य वा उपनिषद्वचनको सङ्ख्या अङ्कमा उल्लेख गरिएको छ। यसरी **वल्ली> अनुवाक> मन्त्र** (उपनिषद्वाक्य) गरी तीन भागमा विभक्त यस उपनिषद्को **स्थलनिर्देश तीन अङ्कद्वारा** गरिन्छ। यसमा शाङ्करभाष्यसहितका हिन्दी अनुवाद, आनन्दगिरिको संस्कृत टीकालगायतका व्याख्या उपलब्ध छन्।

४.१.७ मैत्रायणीयोपनिषद्

यसको स्वरूप आरण्यकग्रन्थको प्रकरणमा प्रस्तुत गरिएको छ।

४.१.८ कठोपनिषद्

कृष्णयजुर्वेदको कठशाखासँग सम्बद्ध मानिने यो उपनिषद् प्रायः पद्यात्मक छ। **दुई अध्याय र ६ वल्लीमा विभक्त** यस ग्रन्थका दुवै अध्यायमा ३/३ वल्ली छन्। प्रथम अध्यायका तीन वल्लीमा क्रमशः २९, २५, १७ मन्त्र तथा द्वितीय अध्यायका तीन वल्लीमा क्रमशः १५, १५, १८ गरी जम्मा **११९ मन्त्र** यस उपनिषद्मा रहेका छन्। यसरी **अध्याय> वल्ली> मन्त्र** गरी तीन भागमा विभक्त यस उपनिषद्को **स्थलसङ्केत तीन अङ्कद्वारा** नै प्रस्तुत गरिन्छ। यसमा शाङ्करभाष्यसहितका विभिन्न हिन्दी अनुवाद, आनन्दगिरिको टीकालगायतका व्याख्या उपलब्ध छन्।

४.१.९ श्वेताश्वतरोपनिषद्

कृष्णयजुर्वेदको वर्तमानमा अनुपलब्ध श्वेताश्वतर शाखासँग सम्बद्ध मानिने यस उपनिषद्लाई **'मन्त्रोपनिषद्'** पनि भनिन्छ। यो उपनिषद् **६ अध्यायमा विभक्त** छ। प्रथम अध्यायमा १६ मन्त्र, द्वितीयमा १७, तृतीयमा २१, चतुर्थमा २२, पञ्चममा १४ र षष्ठ अध्यायमा २३ मन्त्र गरी जम्मा **११३ मन्त्र** यस ग्रन्थमा रहेका छन्। यस उपनिषद्को **स्थलसङ्केत दुई अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यसमा तथाकथित शाङ्करभाष्य उपलब्ध भए पनि यो भाष्य आचार्य शङ्कद्वारा रचित हो वा होइन भन्ने कुरा विवादास्पद नै छ[१०३]। यस उपनिषद्मा उपनिषद्-ब्रह्मयोगिविरचित संस्कृत व्याख्या अड्यार पुस्तकालयबाट प्रकाशित १०८ उपनिषद्अन्तर्गत पृ. १७५-२३४ मा उपलब्ध छ भने हिन्दी अनुवाद चाहिँ गीताप्रेसद्वारा प्रकाशित 'ईशादि नौ उपनिषद्'मा उपलब्ध छ।

४.१.१० छान्दोग्योपनिषद्

सामवेदीय कौथुम शाखाको छान्दोग्यब्राह्मण (मन्त्रब्राह्मण) अन्तर्गतको मानिने यो उपनिषद् पूर्णतः गद्यात्मक छ। यसमा **८ अध्याय र १५४ खण्ड** छन्। पहिलो अध्यायमा १३, दोस्रोमा २४, तेस्रोमा १९, चौथोमा १७, पाँचौंमा २४, छैटौंमा

---

१०३. वेदवती वैदिक, उ.यु.सं., पृ. १७।

१६, सातौंमा २६ र आठौं अध्यायमा १५ गरी जम्मा १५४ खण्ड हुन्छन्। प्रत्येक खण्डभित्र उपनिषद्‌वाक्य वा मन्त्रहरू रहेका छन्। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यसमा हिन्दी अनुवादसहितको शाङ्करभाष्य, आनन्दगिरिको टीका इत्यादि व्याख्या उपलब्ध छन्। यसअतिरिक्त माधवप्रसाद देवकोटाले दण्डान्वयी पदार्थ र सरल वाक्यार्थसहित नेपाली भाषामा अनुवाद गरेको 'छान्दोग्योपनिषद्' पनि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट वि.सं. २०३५ मा प्रकाशित भएको छ।

४.१.११ केनोपनिषद्

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध तलवकार-आरण्यक-(जैमिनीय उपनिषद्‌ब्राह्मण)को चतुर्थ अध्यायको दसौं अनुवाकदेखि आरम्भ हुने केनोपनिषद् **४ खण्डमा विभक्त** छ। आदिका २ खण्ड पद्यात्मक छन् भने पछिल्ला २ खण्ड गद्यात्मक छन्। प्रथम खण्डमा ८, द्वितीय खण्डमा ५, तृतीय खण्डमा १२ र चतुर्थ खण्डमा ९ गरी **जम्मा ३४ मन्त्र** यसमा रहेका छन्। यसको **स्थलसङ्केत दुई अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यसमा आचार्य शङ्करका पदभाष्य र वाक्यभाष्य गरी दुई किसिमका भाष्य तथा स्वामी आनन्दगिरिको संस्कृत टीकालगायतका व्याख्या उपलब्ध छन्।

४.१.१२ प्रश्नोपनिषद्

यो उपनिषद् अथर्ववेदीय पैप्पलाद-शाखाको ब्राह्मणअन्तर्गतको मानिन्छ। वर्तमानमा अथर्ववेदको एकमात्र गोपथब्राह्मण उपलब्ध छ। यस ब्राह्मणको शाखासम्बन्ध स्पष्ट नभएको र उपलब्ध भागमा प्रश्नोपनिषद्‌का कुनै अंश पनि प्राप्त नहुने भएकाले यो उपनिषद् अथर्ववेदको कुन ब्राह्मणअन्तर्गतको हो भन्ने निश्चित गर्न सकिँदैन। 'सुकेशा'लगायतका छ ऋषिहरू पिप्पलाद ऋषिका समीपमा गई छवटा प्रश्न गरेका र तिनको उत्तर पिप्पलाद ऋषिले क्रमशः दिएको प्रसङ्ग यस उपनिषद्‌मा उपलब्ध हुने भएकाले यसको सम्बन्ध अथर्ववेदको पैप्पलाद शाखासँग रहेको स्पष्ट हुन्छ। यस उपनिषद्‌मा **६ प्रश्न र ६७ मन्त्र** (खण्ड) छन्। पहिलो प्रश्नमा १६, दोस्रोमा १३, तेस्रोमा १२, चौथोमा ११, पाँचौंमा ७ र छैटौं प्रश्नमा ८ मन्त्र वा खण्ड छन्। यसको **स्थलसङ्केत दुई अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यस ग्रन्थमा गद्य र पद्य दुवै भए पनि पद्यभागका अपेक्षा गद्यभाग धेरै देखिन्छ। यसमा आचार्य शङ्करको शाङ्करभाष्य, आनन्दगिरिको संस्कृत टीका र हिन्दी अनुवादहरू उपलब्ध छन्।

४.१.१३ मुण्डकोपनिषद्

अथर्ववेदको शौनक-शाखासँग सम्बद्ध मानिने यस उपनिषद्‌लाई **'मन्त्रोपनिषद्'** पनि भनिन्छ। केही अपवादलाई छोडेर यो ग्रन्थ पद्यमा (मन्त्रमा) उपलब्ध छ। शौनकीय शाखाको भनिए पनि वर्तमान शौनकीय अथर्ववेदसंहितामा यसका मन्त्र उपलब्ध हुँदैनन्। यो उपनिषद् **३ मुण्डक र ६ खण्डमा विभक्त** छ। प्रत्येक मुण्डक २/२ खण्डमा विभक्त छन्। प्रथम मुण्डकका १-२ खण्डमा ९+१३

मन्त्र, द्वितीय मुण्डकका १-२ खण्डमा १०+११ मन्त्र र तृतीय मुण्डकका १-२ खण्डमा १०+११ मन्त्र गरी समग्र उपनिषद्मा **जम्मा ६४ मन्त्र** छन्। यसरी मुण्डक> खण्ड> मन्त्र गरी तीन भागमा विभक्त यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यसमा आचार्य शङ्करको शाङ्करभाष्य, आनन्दगिरिको टीका र हिन्दी अनुवादहरू उपलब्ध छन्।

४.१.१४ माण्डूक्योपनिषद्

अथर्ववेदको शौनकशाखीय ब्राह्मणभागसँग सम्बद्ध मानिने यो उपनिषद् **जम्मा १२ खण्ड वा वाक्यमा विभक्त** छ। आकारका दृष्टिले अत्यन्त सानो भए पनि वर्ण्यविषयका दृष्टिले यो उपनिषद् महनीय मानिन्छ। 'मुमुक्षुहरूका लागि माण्डूक्यउपनिषद्को अध्ययन नै पर्याप्त हुने र यसबाट पूर्ण ज्ञान प्राप्त हुन नसके मात्र १० उपनिषद्को अध्ययन गर'[१०४] भन्ने मुक्तिकोपनिषद्को उक्तिले पनि यसको महत्त्व स्पष्ट पार्दछ। अथर्ववेदको महावाक्य **'अयमात्मा ब्रह्म'** (खं. २) यसै उपनिषद्मा उपलब्ध हुन्छ। आचार्य शङ्करका गुरु गोविन्दपाद र उनका पनि गुरु आचार्य गौडपादले यस उपनिषद्मा **'माण्डूक्यकारिका'** नामक कारिकाहरू (श्लोकहरू) लेखेका छन्। **यी कारिका आगमप्रकरण, वैतथ्यप्रकरण, अद्वैतप्रकरण र आलातशान्तिप्रकरण गरी चार खण्डमा विभक्त** छन्। यी प्रकरणमा क्रमशः २९, ३८, ४८ र १०० गरी **जम्मा २१५ कारिका** रहेका छन्। उपनिषद्को मुख्य भाग अर्थात् १२ खण्ड आगमप्रकरणमा नै समाप्त हुन्छन्। आचार्य शङ्करले उपनिषद्का वाक्य तथा गौडपादीय कारिका दुवैमा आफ्नो भाष्य लेखेका छन्। यसमा आनन्दगिरिको टीका र विभिन्न हिन्दी अनुवादहरू पनि उपलब्ध छन्। यस उपनिषद्मा स्वामी विद्यानन्द गिरिले पनि आनन्दगिरिको टीकाका आधारमा 'मिताक्षरा' नामक हिन्दी अनुवाद लेखेका छन्[१०५]।

गौडपादीय कारिकासहितको माण्डूक्योपनिषद्को स्थलसङ्केत प्रस्तुत गर्दा उपर्युक्त आगमादि प्रकरणको नाम अक्षरमा उल्लेख गरी कारिकाको सङ्ख्या अङ्कमा दिनु पर्दछ। उपनिषद्वाक्यको मात्र स्थलसङ्केत चाहिँ १ अङ्कद्वारा नै गरिन्छ।

४.२ उपनिषद्का भाष्य र संस्करण

उपर्युक्त १४ उपनिषद्मध्ये कौषीतकिब्राह्मणोपनिषद्मा शङ्करानन्दको दीपिका र ई. बी. कोवेलको अंग्रेजी अनुवाद उपलब्ध छ (एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८६१)। मैत्रायणीयोपनिषद् र बृहदारण्यक-उपनिषद्को जानकारी 'आरण्यकग्रन्थको स्वरूप' शीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ। अन्य दश उपनिषद्मा आचार्य शङ्करको शाङ्करभाष्य, त्यसको आनन्दगिरि-टीका, विभिन्न विद्वान्हरूले

---

१०४. माण्डूक्यमेकमेवालं मुमुक्षूणां विमुक्तये। तथाप्यसिद्धं चेज्ज्ञानं दशोपनिषदं पठ ॥- १.२६-२७।

१०५. अथर्ववेदीयमाण्डूक्योपनिषद्, सम्पा. लोकेशानन्द शास्त्री, कैलास आश्रम, ऋषिकेश, सन् १९७२।

लेखेका अनेक किसिमका संस्कृत, हिन्दी र अंग्रेजी अनुवाद उपलब्ध छन्। हालसम्म उपनिषद्वाङ्मयका विभिन्न संस्करण विभिन्न स्थानबाट प्रकाशित भइसकेका छन् र विभिन्न विद्वान्ले विभिन्न भाषामा तिनको व्याख्या तथा अनुवाद पनि गरेका छन्। यहाँ ती सबै संस्करण र अनुवाद वा व्याख्याहरूको विवरण उल्लेख गर्न सम्भव र आवश्यक नभएकाले अनुवादहरूमा प्रमुख शाङ्करभाष्य र प्रकाशनमा गीताप्रेस, गोरखपुरका विभिन्न संस्करणलाई आधार बनाइएको छ। धेरै उपनिषद्का धेरै संस्करण र अनुवादहरू गीताप्रेसबाट प्रकाशित भइसकेका छन्।

५. वेदका अङ्गग्रन्थहरूको स्वरूप

शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी वेदका अङ्गग्रन्थहरू छ प्रकारका रहेका छन् भने उपाङ्गहरू पनि त्यति नै प्रकारका छन्। 'छन्दोभाषा' नामक उपाङ्ग वा शिक्षाशास्त्रअन्तर्गतको वेदाङ्ग मानिने प्रातिशाख्यसहित यहाँ वेदका अङ्गग्रन्थहरूको संरचनागत स्वरूपबारे सङ्क्षिप्त चर्चा गरिएको छ।

५.१ शिक्षाशास्त्र

वैदिक शिक्षाशास्त्र भनेका वेदका मन्त्रको यथार्थ उच्चारण गर्न सिकाउने ग्रन्थ हुन्। यिनमा मुख्यतः स्वशाखीय वेदका मन्त्रमा निहित स्वर-व्यञ्जनादि वर्णको र उदात्त, अनुदात्त, स्वरित इत्यादि स्वरको उच्चारणविधि; मन्त्रोच्चारण, हस्तस्वर प्रदर्शन आदिमा आवश्यक पर्ने शरीरका विभिन्न अवयको स्थिति; अध्ययनविधि, गुरु र शिष्यका धर्मजस्ता विभिन्न विषयको विस्तृत चर्चा गरिएको हुन्छ। यस्ता शिक्षाग्रन्थ वेदका प्रत्येक शाखाअनुसार प्रायः भिन्नाभिन्नै उपलब्ध हुन्छन्।

वर्तमानमा उपलब्ध शिक्षाशास्त्रमध्ये **ऋग्वेदका** शैशिरीयशिक्षा, शौनकशिक्षा र पाणिनीयशिक्षा ३; **शुक्लयजुर्वेदका** याज्ञवल्क्यशिक्षा, वर्णरत्नप्रदीपिका-शिक्षा, प्रातिशाख्यप्रदीप-शिक्षा र सम्प्रदायप्रबोधिनी शिक्षा ४; **कृष्णयजुर्वेदका** व्यासशिक्षा, चारायणीयशिक्षा, कौहलीयशिक्षा, सर्वसम्मतशिक्षा, पारिशिक्षा र कौण्डिन्न्यशिक्षा ६; **सामवेदका** नारदीयशिक्षा, लोमशी शिक्षा र गौतमी शिक्षा ३ तथा अथर्ववेदको माण्डूकी शिक्षा १ गरी **जम्मा १७ वटा शिक्षा प्रमुख** शिक्षाअन्तर्गत पर्दछन्। यसअतिरिक्त यिनै वा यस्तै प्रकृतिका शिक्षाशास्त्रीय विषयका विभिन्न आकाङ्क्षा परिपूर्तिका लागि रचना गरिएका ऋग्वर्णलक्षण, स्वरव्यञ्जनशिक्षा, अवसाननिर्णय-शिक्षा, गलदृक्शिक्षा, कालनिर्णयशिक्षा, मात्रालक्षण, दन्त्योष्ठविधिजस्ता विभिन्न वेद र शाखासँग सम्बद्ध अनेक किसिमका शिक्षाग्रन्थ वर्तमानमा उपलब्ध छन्। यस्ता शिक्षाको परिचय यसै ग्रन्थको परिशिष्टवाङ्मयअन्तर्गत **'शिक्षापरिशिष्ट'** नामक शीर्षकमा दिइएको हुँदा यहाँ चार वेदसँग सम्बद्ध उपर्युक्त प्रमुख शिक्षा र **सर्ववेद-लोकसाधारण** केही शिक्षाको संरचनागत स्वरूप प्रस्तुत गरिएको छ।

५.१.१ ऋग्वेदीय-शिक्षाग्रन्थ

ऋग्वेदका निम्नलिखित तीनवटा शिक्षाग्रन्थ प्रमुख मानिन्छन्—

५.१.१.१ शैशिरीयशिक्षा

ऋग्वेदको शैशिरीय-शाकल-शाखासँग सम्बद्ध मानिने यो शिक्षा १७८ पद्यमा निबद्ध छ। यसको पहिलो प्रकाशन 'द जर्नल अफ वैदिक स्टडीज्' नामक पत्रिकामा तारापाद चौधरीद्वारा सम्पादित भई सन् १९३५ मा लाहोरबाट भएको थियो[१०६]। त्यसपछि शिवराज आचार्यद्वारा लिखित 'कौण्डिन्न्यायनशिक्क्षा'को अनुबन्धमा (पृ. ७९१-८००) पनि यसको मुद्रण भएको छ।

५.१.१.२ शौनकशिक्षा

६७ पद्यमा निबद्ध यो शिक्षा सर्वप्रथम के. एन. एम. दिवाकरद्वारा सम्पादित भई त्रिपुणित्तुर, केरलबाट सन् १९६२ मा 'मलायलम्' भाष्यसहित प्रकाशित भएको थियो। यसपछि यसको मूलभाग मात्र कौण्डिन्न्यायनशिक्क्षाको अनुबन्धमा (पृ. ७८८-७९१) प्रकाशित छ।

५.१.१.३ पाणिनीयशिक्षा

पाणिनीयशिक्षाका विविध पाठमध्ये ६० पद्ययुक्त पाठलाई ऋग्वेदीय शिक्षाअन्तर्गत राख्ने गरिएको पाइन्छ। कसैले यसलाई सर्ववेदसाधारण मानेका छन् भने कतिपयले सामवेदसम्बद्ध पनि भनेको पाइन्छ[१०७]। हालसम्म यस शिक्षाका अनेक व्याख्या र संस्करणहरू विभिन्न स्थानबाट प्रकाशित भएका छन्। तीमध्ये अज्ञातकर्तृक **'पञ्जिका'** (१-२३ पद्यमा मात्र) र **'शिक्षाप्रकाश'**[१०८] (१-३२ पद्यमा मात्र) नामक व्याख्या अलि प्राचीन मानिन्छन्। यी दुवै व्याख्या, पाणिनीयशिक्षाका १८, २१, २३, ३२, ३५ र ६० पद्ययुक्त **६ किसिमका पाठ,** विस्तृत भूमिका (Introduction), अंग्रेजी अनुवाद एवं विविध परिशिष्टसहित मनोमोहन घोषद्वारा सम्पादित भई सन् १९३८ मा कलकत्ता युनिभर्सिटीबाट यो शिक्षा प्रकाशित भएको छ। यो संस्करण विविध दृष्टिले महत्त्वपूर्ण मानिन्छ। यसपछि शिवराज आचार्यद्वारा रचित **'वेदाङ्गशिक्षाविमर्श'** नामक व्याख्यायुक्त संस्करण (चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९८) उल्लेख्य रहेको छ। यसअतिरिक्त यस ग्रन्थकारको नजरमा नआएका **'प्रकाश, प्रकाशिका, प्रदीप, अभिनवराजलक्ष्मी'** लगायतका व्याख्या र संस्करणहरूको उल्लेख शिवराज आचार्यले आफ्नो

---

१०६. **Śaiśirīya-Śikṣā,** ed. by Tarapada Chowdhurry, Journal of Vedic Studies, Vol. II, No. 2, Aug. 1935, Lahore.

१०७. यसबारे अन्य जानकारीका लागि द्र. शिवराज आचार्यद्वारा व्याख्यात 'पाणिनीयशिक्षा'को भूमिका, पृ. १२-२० (चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९८)।

१०८. यो व्याख्या 'शिक्षासङ्ग्रह' (सं.सं.वि., वाराणसी, सन् १९८९) मा पनि मुद्रित छ।

व्याख्यायुक्त पाणिनीयशिक्षाको भूमिकामा गरेका छन्।

५.१.२ शुक्लयजुर्वेदीय-शिक्षाग्रन्थ

शुक्लयजुर्वेदका निम्नलिखित चारवटा शिक्षाग्रन्थ प्रमुख मानिन्छन्—

५.१.२.१ याज्ञवल्क्यशिक्षा

शुक्लयजुर्वेदसँग सम्बद्ध शिक्षाग्रन्थहरूमा सर्वप्राचीन र अति महत्त्वपूर्ण मानिने याज्ञवल्क्यशिक्षाका मुद्रित पाठहरूमा एकरूपता देखिँदैन। **शिक्षासङ्ग्रहमा मुद्रित पाठमा २३२ पद्य** छन् भने **शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताका अन्त्यमा** (परिशिष्ट-भागमा) मुद्रित पाठअन्तर्गत प्रथम भागमा ७८ पद्य, द्वितीय भागमा १-३६ पद्य क्रमशः उल्लेख भए पनि त्यसपछिका भागमा श्लोकसङ्ख्या दिइएको छैन। अन्तिम भागमा सप्तविध संयोगपिण्डको वर्णन अधिकांश पद्य र केही गद्यमा गरिएको छ। यसैगरी **अमरनाथ शास्त्रीद्वारा सम्पादित तथा व्याख्यात याज्ञवल्क्यशिक्षा स्वर र वर्ण गरी २ प्रकरण** तथा मात्रा-अधिकार, अध्ययनविधि-अधिकार, हस्तचालनविधि, स्वरसंहिताविधि, वर्ण-दैवतादि-अधिकार, सन्धि-अधिकार, वर्णोच्चारण-अधिकार, पद-अधिकार एवं प्रकीर्णक-अधिकार गरी **९ खण्डमा विभक्त** छ। स्वरप्रकरण अर्थात् **पूर्वार्धमा ४ खण्ड** र ९२ पद्य छन् भने वर्णप्रकरण अर्थात् **उत्तरार्धमा ५ खण्ड** र ११६ पद्य छन्। यसप्रकार अमरनाथ शास्त्रीद्वारा सम्पादित संस्करणमा **जम्मा २०८ पद्य** रहेका छन्। अध्ययन-अध्यापनका लागि सुव्यवस्थित भएकाले यो संस्करण उपयुक्त मानिन्छ।

१. 'शिक्षावल्ली' विवृत्तिसहित, सम्पा. अमरनाथ शास्त्री, प्रकाशक : दीक्षित कृष्णचन्द्र शर्मा, काशी, वि.सं. २०१९।

५.१.२.२ वर्णरत्नप्रदीपिका शिक्षा

अमरेशद्वारा प्रणीत भएकाले यसलाई **'अमरेशी शिक्षा'** पनि भनिएको पाइन्छ। २२७ पद्यमा विभक्त यो शिक्षा शुक्लयजुःप्रातिशाख्यको अनुगामी देखिन्छ। यसको मुद्रण शिक्षासङ्ग्रहमा (सं.सं.वि., वाराणसी, सन् १९८९) भएको छ।

५.१.२.३ प्रातिशाख्यप्रदीप-शिक्षा

गद्यात्मक शैलीमा निबद्ध यस शिक्षाका रचयिता बालकृष्ण शर्मा 'गोडशे' हुन्। यसमा गद्यबोधक अंकको प्रयोग भए पनि तिनको क्रम क्रमशः नभएकाले र पृथक्-पृथक् खण्डको विभाग पनि नदेखाइएकाले अंक निरर्थक जस्ता प्रतीत हुन्छन्। यसमा शुक्लयजुःप्रातिशाख्य, प्रतिज्ञासूत्र, याज्ञवल्क्यशिक्षा, वर्णरत्नप्रदीपिका शिक्षा, केशवीय-शिक्षालगायतका शुक्लयजुर्वेदीय शिक्षाग्रन्थहरूबाट लिइएका विषयहरूको विवेचनात्मक प्रतिपादन गरिएको छ। यो पनि शिक्षासङ्ग्रहमा मुद्रित छ।

५.१.२.४ सम्प्रदायप्रबोधिनी शिक्षा

आचार्य गोपालचन्द्र मिश्रद्वारा विरचित यो शिक्षा सामान्य, स्वर, वर्णोच्चारण र विशेष प्रकरण गरी **चार भाग एवं १४६ पद्यमा विभक्त** छ। यसमा शुक्लयजुःप्रातिशाख्य, याज्ञवल्क्यशिक्षालगायतका प्राचीन शिक्षा-प्रातिशाख्य-ग्रन्थहरूमा उपलब्ध नहुने सम्प्रदायानुगत (गुरुपरम्पराद्वारा विदित) विषयहरूको विशिष्ट प्रतिपादन भएकाले यस शिक्षाको नाम 'सम्प्रदायप्रबोधिनी' राखिएको हो। यो ग्रन्थ शुक्लयजुःप्रातिशाख्यको **'ज्योत्स्नावृत्ति'** (सम्पा. डा. युगलकिशोर मिश्र, सं.सं.वि., वाराणसी, सन् १९८९) अन्तर्गत परिशिष्टभागमा (पृ. २९३-३१५) 'टुप्टीका' नामक सुबोधिनी व्याख्यासहित प्रकाशित छ।

५.१.३ कृष्णयजुर्वेदीय-शिक्षाग्रन्थ

कृष्णयजुर्वेदका निम्नलिखित छवटा शिक्षाग्रन्थ प्रमुख मानिन्छन्—

५.१.३.१ व्यासशिक्षा

कृष्णयजुर्वेदीय तैत्तिरीयशाखाका शिक्षाग्रन्थहरूमा सबैभन्दा महत्त्वपूर्ण र सर्वाङ्ग-विषययुक्त मानिने व्यासशिक्षा संज्ञा, प्रगृह्य, परिभाषा, दीर्घ, व्यञ्जनपरदीर्घ, आगम, लोप, वैकृत, षत्व, णत्व, रेफ, सन्धिलगायतका **२८ प्रकरणमा विभक्त** छ र यसमा कुल **५२५ पद्य** छन्। तैत्तिरीयसंहिताको उच्चारणविषयक विभिन्न विधान प्रस्तुत गर्ने यस शिक्षामा सूर्यनारायण सूरावधानीको 'वेदतैजस' नामक विद्वत्तापूर्ण व्याख्या र यसै व्याख्यामा आधारित 'सर्वलक्षणमञ्जरीसङ्ग्रह' नामक व्याख्या उपलब्ध छन्। पं. पट्टाभिराम शास्त्रीद्वारा विस्तृत भूमिकासहित सम्पादित यो शिक्षा 'वेदतैजस' व्याख्याका साथ वेदमीमांसा अनुसन्धान केन्द्र, वाराणसीबाट सन् १९७६ मा प्रकाशित छ।

५.१.३.२ चारायणीयशिक्षा

कृष्णयजुर्वेदको चारायणीय शाखासँग सम्बद्ध यो शिक्षा १० अध्याय र अनेक पद्यमा विभक्त छ। यसको प्रकाशन सर्वप्रथम कौण्डिन्न्यानशिक्क्षाको अनुबन्धमा (पृ. ८०२-८१९) भएको पाइन्छ।

५.१.३.३ कौहलीयशिक्षा

कृष्णयजुर्वेदको तैत्तिरीय शाखासँग सम्बद्ध यो शिक्षा कोहल ऋषिद्वारा प्रणीत मानिन्छ। ८१ पद्यमा विभक्त यो शिक्षा स्वर र वर्णविषयक ज्ञानका लागि उपयोगी देखिन्छ। यसको पहिलो प्रकाशन 'द जर्नल अफ वैदिक स्टडीज्' नामक पत्रिकाको भाग १ मा साधुरामद्वारा सम्पादित भई सन् १९३५ मा लाहोरबाट भएको थियो। यसपछि शिवराज आचार्यद्वारा लिखित कौण्डिन्न्यानशिक्क्षाको अनुबन्धमा (पृ. ८१९-८२३) पनि यसको प्रकाशन भएको छ।

५.१.३.४ सर्वसम्मतशिक्षा

पद्य र सूत्रमा विभक्त यस शिक्षामा कहीं ४९ पद्य, कहीं ९८ र कहीं १२१ पद्य-सूत्र उल्लेख भएको पाइन्छ। यसको (४९ पद्ययुक्त) पहिलो प्रकाशन अटो फ्रेंकको सम्पादकत्वमा सन् १८८६ मा गोटिंगनबाट भएको थियो भने दोस्रो (१२१ पद्य-सूत्रयुक्त) प्रकाशन कौण्डिन्न्यायनशिक्क्षाको अनुबन्धमा (पृ. ८२३-८३०) भएको छ। यसमा ४ अध्याय र १७० श्लोक भएको कुरा पनि उल्लिखित देखिन्छ[१०९]।

५.१.३.५ पारिशिक्षा

कृष्णयजुर्वेदको तैत्तिरीय शाखासँग सम्बद्ध यो शिक्षा १७३ पद्यसूत्रमा विभक्त छ। यसको पहिलो प्रकाशन कौण्डिन्न्यायनशिक्क्षाको अनुबन्धमा (पृ. ८३०-८३८) भएको छ।

५.१.३.६ कौण्डिन्न्यशिक्षा

'वेदविकृतिलक्षणसङ्ग्रह'[११०] मा मुद्रित यो शिक्षा १०० पद्यमा विभक्त छ भने ओरियन्टल रिसर्च इंस्टिच्युट मैसूरको पाण्डुलिपिमा ८६ पद्यमात्र रहेका छन्। यसमा संहिताका भेद, पदलक्षण, क्रमपाठका प्रयोजन, क्रमपाठ, जटापाठ, घनपाठ, विकृतिपाठका फल इत्यादि विषय वर्णित छन्।

यसअतिरिक्त **आत्रेयशिक्षा** (१८, ५, ४ = २७ पद्य, अपूर्ण), **शम्भुशिक्षा** (पद्यात्मक), **बोधायनशिक्षा** (अप्राप्य), **वाल्मीकिशिक्षा** (अप्राप्य) र **हारीतशिक्षा** (अप्राप्य) पनि कृष्णयजुर्वेदीय शिक्षा मानिन्छन्।

५.१.४ सामवेदीय-शिक्षाग्रन्थ

सामवेदका निम्नलिखित तीनवटा शिक्षाग्रन्थ प्रमुख मानिन्छन्—

५.१.४.१ नारदीयशिक्षा

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो शिक्षा नारदकर्तृक मानिन्छ। यो शिक्षा प्रपाठक, कण्डिका र पद्य गरी ३ भागमा विभक्त छ। प्रथम प्रपाठकमा ८ कण्डिका र तिनमा क्रमशः १४, १६, १५, १२, १९, २१, १९ ११ गरी १२७ पद्य-सूत्र छन् भने द्वितीय प्रपाठकमा पनि ८ कण्डिका र तिनमा क्रमशः ११, १८, ११, १०, ११, १०, १३, ३२ गरी ११६ पद्य छन्। यसरी यस ग्रन्थमा **जम्मा २ प्रपाठक, १६ कण्डिका र २४३ पद्य-सूत्र** रहेका छन्। यसका श्लोकसङ्ख्याका विषयमा धेरै मतभेद रहेकाले यहाँ शिवराज आचार्यको 'शिक्षाविवेचनी' व्याख्यायुक्त संस्करणका आधारमा उक्त श्लोकसङ्ख्या उल्लेख गरिएको छ। यस शिक्षामा भट्ट शोभाकरको 'शिक्षाविवरण'

---

१०९. सं.वा.बृ.इ. २, पृ. ५५।

११०. K.V. Abhyankar and G.V. Devasthali, *Vedavikṛtilakṣaṇa-saṁgraha, A collection of twelve tracts on Vedavikṛtis and allied topics,* Bhandarkar Oriental Research Institute: Poona 1978.

नामक प्राचीन व्याख्या पनि उपलब्ध छ।

१. सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, सन् १८९०।
२. 'शिक्षाभाष्य' टीकासहित ('शिक्षासङ्ग्रह' अन्तर्गत, सन् १९८९)।
३. हिन्दी टीकासहित, गान्धर्व महाविद्यालय, लाहोर, सन् १९०९।
४. भट्ट शोभाकरको 'शिक्षाविवरण'सहित, श्री पीताम्बरापीठ संस्कृत परिषद्, दतिया, मध्यप्रदेश, वि.सं. २०२१।
५. भट्ट शोभाकरको व्याख्या र अंग्रेजी अनुवादसहित, भाण्डारकर ओरियन्टल रिसर्च इंस्टिच्युट, पूना, सन् १९८६।
६. शिवराज आचार्यको संस्कृत र हिन्दी व्याख्यासहित, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००२।

५.१.४.२ लोमशी शिक्षा

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो शिक्षा गर्गाचार्यद्वारा प्रणीत मानिन्छ। ८ खण्डमा विभाजित यस शिक्षामा क्रमशः ९,६, ७, ९, ११, ७, १४ र १० गरी ७३ पद्य एवं १ गद्य छन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

५.१.४.३ गौतमी शिक्षा

गौतमप्रणीत यो शिक्षा सामवेदको गौतमीय शाखासँग सम्बद्ध मानिन्छ। गद्यात्मक भाषामा निबद्ध यो शिक्षा २ प्रपाठक र १५ खण्डमा विभक्त छ। यसको मुद्रण पनि शिक्षासङ्ग्रहमा भएको छ।

५.१.५ अथर्ववेदीय-शिक्षाग्रन्थ

अथर्ववेदको निम्नलिखित एउटमात्र शिक्षाग्रन्थ प्रमुख मानिन्छ–

५.१.५.१ माण्डूकी शिक्षा

मण्डूक ऋषिप्रणीत यो शिक्षा १६ खण्ड र १८२ पद्यमा विभक्त छ। अथर्ववेदसँग सम्बद्ध यो शिक्षा पं. भगवद्दत्तको सम्पादकत्वमा पाणिनि वैदिक ग्रन्थमाला ८ अन्तर्गत सन् १९८२ मा नई दिल्लीबाट र शिक्षासङ्ग्रहअन्तर्गत पनि प्रकाशित भएको छ।

५.१.६ सर्ववेद-लोकसाधारण शिक्षाग्रन्थ

वेदका शाखाविशेषसँग सम्बद्ध उपर्युक्त शिक्षाग्रन्थबाहेक प्रायः सबै वेद र लौकिक शिक्षाशास्त्रीय विषयसँगसमेत सम्बद्ध केही प्रमुख शिक्षाग्रन्थहरू निम्नबमोजिम रहेका छन्।

५.१.६.१ आपिशलीयशिक्षा

सर्ववेद-लोकसाधारण शिक्षाग्रन्थहरूमा सर्वोत्तम मानिने यो शिक्षा ९ खण्ड वा प्रकरणमा विभक्त छ। उपक्रमात्मक प्रथम खण्डमा ५ गद्यसूत्र, स्थानविधायक

द्वितीय खण्डमा २२ सूत्र, करणविषयक तृतीय खण्डमा १० सूत्र, आभ्यन्तर-प्रयत्नविषयक चतुर्थ खण्डमा १२ सूत्र, बाह्य-प्रयत्नविषयक पञ्चम खण्डमा ११ सूत्र, स्थानपीडन-संज्ञक षष्ठ खण्डमा ३ सूत्र, वर्णको १८ प्रभेद उल्लेख गर्ने सप्तम खण्डमा १३ गद्यसूत्र र १ पद्य, वर्णविषयक अष्टम खण्डमा ५ सूत्र तथा नाभितलप्रयत्न र उपसंहारविषयक नवम खण्डमा २३ गद्यसूत्र र ३ पद्य (२४-२६) छन्।

१. सम्पा. डा. रघुवीर, The Journal of Vedic Studies, प्रथम भाग, अङ्क २, सन् १९३४, लाहोर।
२. शिक्षासूत्राणि (आपिशलि, पाणिनि र चन्द्रगोमिविरचित), सम्पा. युधिष्ठिर मीमांसक, अजमेर, वि.सं. २०२४।
३. कौण्डिन्न्यायनशिक्क्षाको अनुबन्ध (पृ. ८३८-८४०) मा प्रकाशित।

५.१.६.२ कौण्डिन्न्यायनशिक्क्षा

नेपाली विद्वान् शिवराज आचार्य कौण्डिन्न्यायनद्वारा प्रणीत यो शिक्षा स्वाध्यायशाला, काठमाडौंबाट वि.सं. २०४९ मा प्रकाशित छ। ९ अध्याय र अनेक प्रकरण वा खण्डमा विभक्त यस शिक्षाको आदिमा उपबन्ध र अन्त्यमा अनुबन्ध भाग पनि समाविष्ट छन्। उपबन्ध भागमा वेदाङ्ग शिक्षाशास्त्रको सङ्क्षिप्त इतिहास प्रस्तुत गरिएको छ भने अनुबन्ध भागमा कतिपय दुर्लभ शिक्षाग्रन्थहरू मुद्रित छन्। ग्रन्थको मूल भाग १-९ अध्यायमा क्रमशः शिक्षाशास्त्रको उपक्रम, वर्ण, स्वर, मात्रा, बल, साम र सन्तान-निरूपण गरी अष्टम अध्यायमा संस्कृत शिक्षाशास्त्रको आधुनिक शिक्षाशास्त्रसँग तुलना गरिएको छ भने नवम वा अन्तिम अध्यायमा वैदिक शिक्षाशास्त्रको महत्त्व उल्लेख गर्दै ग्रन्थको उपसंहार गरिएको छ। प्राचीन शिक्षाशास्त्रसम्बन्धी विशेष जानकारी राख्न चाहने अनुसन्धाताका लागि यो ग्रन्थ निकै उपादेय रहेको छ।

५.१.६.३ चान्द्रवर्णसूत्र

चन्द्रगोमीले रचना गरेको शिक्षासम्बद्ध यस ग्रन्थलाई **'वर्णसूत्र'** पनि भनिन्छ। ४८ सूत्रमा निबद्ध यस ग्रन्थमा वर्णका स्थान, करण, प्रयत्न, वर्णभेद, मात्रा, स्वर आदिको वर्णन गरिएको छ। यो ग्रन्थ मनोमोहन घोषद्वारा सम्पादित 'पाणिनीय-शिक्षा' (कलकत्ता युनिभर्सिटी, सन् १९३८) अन्तर्गत (पृ. ४५-४६) मुद्रित छ।

५.१.६.४ पथ्यास्वस्ति

मधुसूदन शर्मा ओझाद्वारा प्रणीत यो ग्रन्थ मातृकापरिष्कार, यमपरिष्कार, गुणपरिष्कार, अक्षरनिर्देश र सन्धिपरिष्कार गरी ५ प्रपाठक, अनेक खण्ड र निबन्धात्मक सूत्र-शैलीमा निबद्ध छ। यो ग्रन्थ मधुसूदन ओझाकृत **'वाक्पदिका'** नामक ग्रन्थको प्रकरणभूत **'वर्णसमीक्षा'**को एक अवान्तर प्रकरण हो। यसमा

सम्पादकको हिन्दी व्याख्या पनि उपलब्ध छ।

१. सम्पा. सुजनदास स्वामी, राजस्थान प्राच्यविद्या प्रतिष्ठान, जोधपुर, द्वि.सं. सन् १९९६।

५.१.६.५ वर्णशिक्षा

४८ पद्यमा निबद्ध यस शिक्षामा वर्णका लिङ्ग, गुण, देवता इत्यादिको वर्णन गरिएको छ। यो शिक्षा ओरियन्टल रिसर्च इंस्टिच्युट, मैसूरबाट सन् १९७८ मा प्रकाशित छ।

५.१.६.६ षोडशश्लोकी शिक्षा

रामकृष्णप्रणीत यो शिक्षा १६ श्लोकमा निबद्ध भएकाले यसको नाम षोडशश्लोकी राखिएको हो। शिक्षासम्बद्ध साधारण विषयहरूको सङ्ग्रह गरिएको यो शिक्षा शिक्षासङ्ग्रहमा मुद्रित छ।

यसअतिरिक्त **गद्य-सूत्ररूप पाणिनीयशिक्षा**[१११] तथा **पाणिनीयशिक्षासूत्र**[११२] (वृद्धपाठ) लाई पनि शिवराज आचार्यले साधारण शिक्षाअन्तर्गत राखेका छन् (कौण्डि. शि., उपबन्ध, पृ. ७३-७५)।

५.२ प्रातिशाख्य

ऋक्, यजुः, साम र अथर्ववेदका आ-आफ्ना चरण[११३] अन्तर्गतका विभिन्न शाखासंहिताको पाठ र तिनका पद-क्रमादि पाठसँग सम्बद्ध नियम; उदात्तादि स्वर, अकारादि वर्ण, ह्रस्व-दीर्घादि मात्रा, लोप-आगम-वर्णविकार आदि संस्कार, सन्धिजस्ता वैदिक मन्त्रको उच्चारणमा आवश्यक पर्ने विभिन्न किसिमका नियम तथा वेदको अध्ययनविधि बताउने शिक्षाशास्त्रजस्तै ग्रन्थविशेषलाई प्रातिशाख्य भनिन्छ। यद्यपि वेदका प्रत्येक शाखासँग सम्बद्ध भएकाले यस्ता ग्रन्थको नाम 'प्रातिशाख्य' रहेको कुरा शाब्दिक व्युत्पत्तिबाट[११४] अवगत हुन्छ, तथापि वर्तमानसम्म वेदका प्रत्येक शाखासँग सम्बद्ध पृथक्-पृथक् प्रातिशाख्यको अस्तित्व नदेखिएको र नसुनिएकाले यी ग्रन्थ वेदका शाखाविशेषसँग मात्र नभएर आ-आफ्ना वेदका चरणसँग सम्बद्ध भएको देखिन्छ। अतः वर्तमानसम्म उपलब्ध वेदका शाखाभन्दा प्रातिशाख्यको सङ्ख्या न्यून नै रहेको पाइन्छ। प्रातिशाख्य शाखाभन्दा पनि चरणसँग

---

१११. वि.सं. १९३६ मा दयानन्द सरस्वतीद्वारा सम्पादित तथा प्रकाशित।

११२. सम्पा. युधिष्ठिर मीमांसक, अजमेर, वि.सं. २०२४।

११३. परस्परमा प्रायः मिल्दाजुल्दा नियम भएका एउटै वेदका अनेक शाखाहरूको समूहलाई 'चरण' भनिन्छ।

११४. शाखायां शाखायां प्रति प्रतिशाखम्, प्रतिशाखं भवमिति प्रातिशाख्यम् -अनन्तदेव, वा.प्रा. १.१ भाष्य। शाखां शाखां प्रति प्रतिशाखम्, प्रतिशाखेषु भवं प्रातिशाख्यम् -युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ. २, पृ. ३२६।

नै सम्बद्ध हुन्छन् भन्ने कुरा विभिन्न स्थानका प्राचीन उल्लेखबाट[११५] पनि पुष्टि हुन्छ।

प्रातिशाख्यका लागि **'पार्षद वा पारिषद'** शब्दको प्रयोग[११६] पनि प्राचीन ग्रन्थमा उपलब्ध हुन्छ भने कतिपयले वेदका उपाङ्गअन्तर्गतको **'छन्दोभाषा'**लाई नै प्रातिशाख्यको पर्यायवाची शब्द मानेको पाइन्छ[११७]।

प्रातिशाख्यलाई कसैले वेदाङ्गको शिक्षाशास्त्रभित्रै समावेश गरेर हेर्नुपर्ने विचार व्यक्त गरेका छन् भने कसैले व्याकरणशास्त्रभित्र र धेरैले स्वतन्त्र उपाङ्गशास्त्रका रूपमा चिनाउने प्रयास गरेका छन्[११८]। यसबारे पृथक् विवेचना गर्नुपर्ने भएकाले यहाँ शिक्षाशास्त्रसँगै समावेश नगरी यसको नजिकै राखेर प्रातिशाख्यलाई स्वतन्त्र शास्त्रका रूपमा प्रस्तुत गरिएको छ।

वर्तमानमा **ऋग्वेदको** ऋग्वेदप्रातिशाख्य १; **शुक्लयजुर्वेदको** शुक्लयजुः-प्रातिशाख्य वा वाजसनेयिप्रातिशाख्य १; **कृष्णयजुर्वेदको** तैत्तिरीयप्रातिशाख्य १; **सामवेदका** ऋक्तन्त्र, सामतन्त्र, अक्षरतन्त्र र पुष्पसूत्र वा फुल्लसूत्र ४ तथा **अथर्ववेदका** अथर्ववेद-प्रातिशाख्य र अथर्ववेदीया (शौनकीय) चतुरध्यायिका २ गरी **जम्मा ९ वटा प्रातिशाख्य** उपलब्ध छन्। यहाँ यिनै प्रातिशाख्यको संरचनागत स्वरूप प्रस्तुत गरिएको छ।

५.२.१ ऋग्वेदप्रातिशाख्य

शाखा : वर्तमानमा ऋग्वेदसम्बद्ध एकमात्र प्रातिशाख्य 'ऋग्वेदप्रातिशाख्य'का नामबाट उपलब्ध छ र यसका प्रणेता अचार्य शौनक हुन्। ऋग्वेदकै आश्वलायन, बाष्कल र शाङ्खायनप्रातिशाख्यको नाम अवगत भए पनि यी प्रातिशाख्य हाल उपलब्ध छैनन्[११९]। तैत्तिरीयप्रातिशाख्यका व्याख्याकार गार्ग्य गोपाल यज्वाले ऋग्वेदप्रातिशाख्यलाई शाकल र बाष्कल शाखाको साझा प्रातिशाख्य मानेका छन्[१२०] भने ऋग्वेदप्रातिशाख्यकै पूर्वभाग वर्गद्वयमा यसलाई शैशिरीय-आम्नायअन्तर्गतको

---

११५. क) पदप्रकृतीनि सर्वचरणानां पार्षदानि -नि. १.१७.४।
ख) प्रतिपञ्चदशशाखायां भिन्नानि प्रातिशाख्यानि नोपदिष्यनि, किन्तु श्रौतस्मार्तसूत्रवत् प्रातिशाख्यसूत्रमपि पञ्चदश-शाखासाधारणं समाम्नातम् -अनन्तदेव, प्रतिज्ञापरिशिष्ट २.१ भाष्य।
ग) धर्मशास्त्राणां गृह्यग्रन्थानां च प्रातिशाख्यलक्षणवत् प्रतिचरणं पाठव्यवस्थोपलभ्यते -कुमारिल भट्ट, तन्त्रवार्तिक १.३.१५।

११६. नि. १.१७.४। सर्ववेदपारिषदं हीदं शास्त्रम् -व्याकरणमहाभाष्य ६.३.१४।

११७. छन्दोभाषेति प्रातिशाख्यापरपर्यायमुपाङ्गशास्त्रं प्रसिद्धम्।-श्रीकिशोरमिश्र, वे.पर्या., पृ. ६३।

११८. द्र.- कौण्डिन्न्यायनशिक्षाको उपबन्ध, पृ. १३-१९; तैत्तिरीयप्रातिशाख्यको वैदिकाभरणव्याख्या १९.५ र १९.९; ज्योत्स्नावृत्तिको भूमिका vi-viii इत्यादि।

११९. द्र.- सं.व्या.शा.इ. २, पृ. २५-२६।

१२०. बह्वृचानां शाकल-बाष्कलशाखाद्वयात्मकं प्रातिशाख्यं प्रसिद्धम् -वैदिकाभरणव्याख्या, तै.प्रा. ४.११।

मानिएको छ[१२१]। ऋग्वेदका शाखाभेद-प्रवर्तक शाकलका पाँच शिष्यमध्ये शैशिर एक मानिन्छन्[१२२]। उनले प्रवर्तन गरेको शैशिरीयशाखा ऋग्वेदको शाकल-चरणअन्तर्गत पर्ने भएकाले[१२३] यो प्रातिशाख्य उक्त चरणसँग सम्बद्ध शैशिरीय-शाकल-शाखीय ऋग्वेदसंहितालगायतका संहिताहरूको अनुगामी लक्षणग्रन्थ हो भन्न सकिन्छ। संस्कृत वाङ्मयका सुप्रसिद्ध विद्वान् युधिष्ठिर मीमांसकले पनि उक्त प्रातिशाख्यको सम्बन्ध शाकल-चरणका संहिताहरूसँग भएको बताएका छन्[१२४]।

स्वरूप : ऋग्वेदप्रातिशाख्यको स्वरूप दुई किसिमको रहेको पाइन्छ। एउटा स्वरूप पूर्णतः पद्यात्मक रहेको छ भने अर्को चाहिँ केही पद्य र अधिकांश गद्य-सूत्रमा निबद्ध छ। पद्यात्मक प्रातिशाख्यको रचना अनुष्टुप्, त्रिष्टुप् एवं जगती गरी तीन छन्दमा भएको छ र यसमा जम्मा ५१९ पद्य[१२५] छन्। केही पद्यसहित गद्य-सूत्रात्मक प्रातिशाख्यमा चाहिँ सूत्रसङ्ख्या समान देखिँदैन। मङ्गलदेव शास्त्रीद्वारा सम्पादित संस्करणमा १०६७ पद्य-सूत्र छन् भने प्रभुदत्त शर्माद्वारा सम्पादित संस्करणमा चाहिँ ८९८ पद्य-सूत्रको उल्लेख छ। यसको विवरण तलको तालिकाबाट स्पष्ट हुनेछ। सूत्रसङ्ख्यामा समानता नरहे पनि यसको स्वरूप चाहिँ सर्वत्र समान छ। जसअनुसार यो प्रातिशाख्य (यसको आदिमा समाविष्ट १० पद्य-सूत्रात्मक **'वर्गद्वय'**बाहेक) **३ अध्याय** र प्रत्येक अध्यायमा ६/६ पटल गरी जम्मा **१८ पटलमा विभक्त** छ। कहीं पटललाई पनि विभिन्न वर्गमा विभक्त गरिएको पाइन्छ। यसप्रकार अध्याय> पटल> वर्ग> पद्य वा सूत्र गरी ऋग्वेदप्रातिशाख्यको विभाग चार भागमा भए पनि यो विभाग कृत्रिम भएको कुरा वीरेन्द्रकुमार वर्माले उल्लेख गरेका छन्[१२६]। उनको उल्लेखअनुसार ऋग्वेदप्रातिशाख्यको मौलिक विभाग पटल र तदन्तर्गत सूत्रको हो। अतः यस प्रातिशाख्यको **स्थलनिर्देश २ अंकद्वारा** मात्र गरिन्छ। जसअनुसार पहिलो अंकले पटल र दोस्रोले तदन्तर्गतका पद्य वा सूत्र जनाइन्छ।

मङ्गलदेवको संस्करणमा देखाइएका सूत्रसङ्ख्या

प.	सूत्र	प.	सूत्र	प.	सूत्र	प.	सूत्र	प.	सूत्र	प.	सूत्र
१	१०३	४	९८	७	५६	१०	२२	१३	५०	१६	९२
२	८२	५	६१	८	५०	११	७१	१४	६९	१७	५०
३	३४	६	५६	९	५२	१२	२६	१५	३३	१८	६२
यस संस्करणअनुसार जम्मा सूत्रसङ्ख्या										१०६७ मात्र	

१२१. अस्य ज्ञानार्थमिदमुत्तरत्र वक्ष्ये शास्त्रमखिलं शैशिरीये -ऋ.प्रा., वर्गद्वय, पद्य ७।

१२२. मुद्गलो गोखुलो वात्स्यः शैशिरः शिशिरस्तथा। पञ्चैते शाकलाः शिष्याः शाखाभेदप्रवर्तकाः॥ -ऋ.प्रा., वर्गद्वय, पद्य ७ को वृत्तिमा विष्णुमित्रद्वारा उद्धृत।

१२३. द्र.- वै.ध.मू., पृ. १३७, टि. १-५ र शौनककृत अनुवाकानुक्रमणी, श्लोक ९।

१२४. सं.व्या.शा.इ. २, पृ. ३३५।

१२५. १-१८ पटलका पद्यसङ्ख्या क्रमशः २६, ४४, १९, ४१, २८, १५, ३४, ३०, ३०, १४, ३७, ९, २०, ३०, १६, ६०, ३२ र ३४ रहेका छन्।

१२६. ऋग्वेदप्रातिशाख्य : एक परिशीलन, भूमिका, पृ. २३।

प्रभुदत्त शर्माको संस्करणमा देखाइएका सूत्रसङ्ख्या

प.	सूत्र	प.	सूत्र	प.	सूत्र	प.	सूत्र	प.	सूत्र	प.	सूत्र
१	२९	४	७२	७	५४	१०	२१	१३	४९	१६	७३
२	४७	५	५७	८	५०	११	७१	१४	६८	१७	६४
३	३३	६	५६	९	५१	१२	२४	१५	३३	१८	४६
यस संस्करणअनुसार जम्मा सूत्रसङ्ख्या										८९८ मात्र	

व्याख्या : ऋग्वेदप्रातिशाख्यको प्रारम्भका १-१० पद्य-सूत्रात्मक दुई वर्गमा देवमित्रका पुत्र विष्णुमित्रले लेखेको 'प्रातिशाख्यभाष्य' प्रकाशित छ र यसलाई **'वर्गद्वयवृत्ति'** भनिन्छ। विष्णुमित्रले लेखेको ऋग्वेदप्रातिशाख्यका १८ वटै पटलको 'ऋज्वर्थ'संज्ञक व्याख्या डेक्कन कलेजमा हस्तलेखका रूपमा रहेको कुरा बलदेव उपाध्याय र युधिष्ठिर मीमांसकले लेखेका छन्[१२७] । यस प्रातिशाख्यका १८ वटै पटलमा वज्रटका पुत्र उवटले लेखेको भाष्य **'पार्षदव्याख्या'**का नामबाट प्रकाशित भएको छ। यो व्याख्या अत्यन्त प्रामाणिक र महत्त्वपूर्ण मानिन्छ। उवटले प्रारम्भका दुई वर्गमा भाष्य लेखेका छैनन्। यी दुई वर्गमा उवटले भाष्य नलेख्नुको कारण उनका दृष्टिमा वर्गद्वय ऋग्वेदप्रातिशाख्यको अङ्ग नहुनु वा यसको अनुपलब्धि हुन सक्ने कुरा युधिष्ठिर मीमांसकले औंल्याएका छन्[१२८] । वर्गद्वयका वृत्तिकार विष्णुमित्रका अनुसार वर्गद्वय तथा उत्तरभागका (वर्गद्वयसहितको समग्र ऋग्वेदप्रातिशाख्यका) कर्ता एउटै हुन्[१२९] ।

उवट-भाष्यका अतिरिक्त यस प्रातिशाख्यमा चिन्ताहरण शर्माको सहायताबाट **पशुपतिनाथ शास्त्रीले लेखेको भाष्य** (पूर्णतः उवटभाष्यमा आधारित) र डा. **वीरेन्द्रकुमार वर्माले लेखेको हिन्दी अनुवाद** महत्त्वपूर्ण मानिन्छन् । वर्माले प्रातिशाख्यको वर्गद्वय तथा १८ वटै पटलमा प्रत्येक सूत्रको अर्थ, विष्णुमित्र र उवट-भाष्यको आक्षरिक अनुवाद एवं अनेक टिप्पणी हिन्दी भाषामा प्रस्तुत गरेका छन्। यही व्याख्या वा संस्करणको पूरक ग्रन्थका रूपमा **'ऋग्वेदप्रातिशाख्य : एक परिशीलन'** नामक पृथक् ग्रन्थ पनि वर्माले लेखेका छन् । विस्तृत भूमिका (१-३८ पृ.), शब्दसूची र मन्त्रसूचीसहित तयार गरिएको यो ग्रन्थ ध्वनिप्रकरण, उच्चारणदोष-प्रकरण, सन्धिप्रकरण, स्वरप्रकरण, छन्दःप्रकरण, क्रमपाठ-प्रकरण र वेदाध्ययन-प्रकरण गरी ७ भागमा विभक्त छ। वर्माले यसमा ऋग्वेदप्रातिशाख्यका विषयवस्तुको राम्रो मूल्याङ्कन गरेका छन् । यो ग्रन्थ भूमिकाबाहेक ४३० पृष्ठमा प्रकाशित छ। ऋग्वेदप्रातिशाख्यका **प्रमुख संस्करण** निम्नबमोजिम रहेका छन् ।

१. सूत्रहरूको फ्रेंच भाषामा अनुवाद तथा उवट भाष्यका आधारमा सङ्क्षिप्त

१२७. वै.सा.सं., पृ. २९२। सं.व्या.शा.इ. २, पृ. ३३५ र ३४४-३४५ ।
१२८. सं.व्या.शा.इ. २, पृ. ३३५ ।
१२९. द्र.- 'इति वर्णराशिः क्रमश्च', वर्गद्वय, सूत्र १० को व्याख्या तथा सं.व्या.शा.इ. २, पृ. ३३८ ।

व्याख्यासहित [Pratisakhya du Rgveda, M. A. Regnier, Journal Asiatique, 1856-1859.]।

२. सूत्रहरूको जर्मन भाषामा अनुवाद तथा उवट-भाष्यका आधारमा सङ्क्षिप्त व्याख्यासहित [Rig-Veda-Prātiśākhya (Sanskrit Text, with German Translation and Notes), ed. by F. Max Muller, London : Trubner and Co. 1869.]।
३. उवट-भाष्यसहित, सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, सन् १८६९।
४. उवट-भाष्यसहित, सम्पा. प्रभुदत्त शर्मा, बनारस संस्कृत सीरीज, सन् १९०३।
५. उवट-भाष्यसहित, सम्पा. हितव्रत सामकण्ठ, कलकत्ता, सन् १९०५।
६. वर्गद्वयवृत्ति, उवटभाष्य एवं अंग्रेजी अनुवादसहित (१-३ भागमा), सम्पा. डा. मङ्गलदेव शास्त्री, इण्डियन प्रेस, इलाहाबाद, सन् १९३१। (प्रथम भाग : (Introduction), अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् १९२२, तृतीय भाग : (English Translation of the Text, Additional Notes, Several Appendices and Indices), मोतीलाल बनारसीदास, लाहोर, सन् १९३७)। पुनर्मुद्रण सन् १९५३।
७. पशुपतिनाथ शास्त्री र चिन्ताहरण शर्माको उवट-भाष्यमा आधारित व्याख्या-सहित, संस्कृत साहित्य परिषद् ग्रन्थमाला, कलकत्ता, सन् १९२९।
८. वर्गद्वयवृत्ति, उवटभाष्य एवं हिन्दी अनुवादसहित, अनुवादक एवं परिष्कर्ता : डा. वीरेन्द्रकुमार वर्मा, काशी हिन्दू विश्वविद्यालय, बनारस, सन् १९७०। पुनर्मुद्रण : चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८६ र २०११।
९. उवट-भाष्यसहित, सम्पा. डा. रामप्रसाद त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९८६।
१०. ऋग्वेदप्रातिशाख्य (एक परिशीलन), लेखक : डा. वीरेन्द्रकुमार वर्मा, सम्पा. डा. सिद्धेश्वर भट्टाचार्य, काशी हिन्दू विश्वविद्यालय संस्कृत ग्रन्थमाला ७, बनारस, सन् १९७२।

५.२.२ शुक्लयजुःप्रातिशाख्य

यस प्रातिशाख्यलाई **'वाजसनेयि-प्रातिशाख्य'** तथा **'कात्यायन-प्रातिशाख्य'** पनि भनिन्छ। यस प्रातिशाख्यका रचयिता कात्यायन हुन्। यो ग्रन्थ शुक्लयजुर्वेदका १५ वटै शाखासँग सम्बद्ध मानिन्छ[१३०]। **८ अध्याय र अनेक सूत्रमा विभक्त** यो ग्रन्थ अन्तिम अध्यायका केही पद्यबाहेक सूत्रशैलीमा निबद्ध छ। सूत्रसङ्ख्या चाहिँ विभिन्न संस्करणमा पृथक्-पृथक् रहेको पाइन्छ। वीरेन्द्रकुमार वर्माद्वारा सम्पादित संस्करणमा ७३४ सूत्र छन् भने अन्य संस्करणहरूमा कहीं ७२७, कहीं ७४० र कहीं ७२६ रहेका पाइन्छन्। यस ग्रन्थका विषयको **स्थलनिर्देश २ अङ्कद्वारा** गरिन्छ।

वाजसनेयिप्रातिशाख्यमा उवटको 'मातृमोद'संज्ञक भाष्य, अनन्त भट्टको

१३०. तस्मात् सिद्धं काण्वादिपञ्चदशशाखासु एकमेव प्रातिशाख्यमिति -अनन्तभाष्य, वा.प्रा. १.१।

'पदार्थप्रकाश' नामको भाष्य र श्रीराम शर्माको 'ज्योत्स्नावृत्ति' गरी तीनवटा भाष्य प्रकाशित छन्। उवटले माध्यन्दिनसंहिताबाट र अनन्तले काण्वसंहिताबाट मन्त्रका उदाहरण प्रस्तुत गरेको पाइन्छ।

१. सूत्रको जर्मन अनुवादसहित [Vājasaneyi-prātiśākhya, ed. and tr. into German, by Albrecht Weber, Indische Studien, Band 4, Berlin, 1858.]।
२. उवटको भाष्य, प्रतिज्ञासूत्र, भाषिकसूत्र, जटादिविकृतिलक्षण, ऋग्यजुः-परिशिष्ट, अनुवाकाध्याय-परिशिष्ट र शौनकोक्त चरणव्यूह-परिशिष्टसहित, सम्पा. पं. युगलकिशोर शर्मा पाठक, ब्रजभूषण दास एण्ड कम्पनी, बनारस, सन् १८८८ (वि.सं. १९४५)।
३. उवट-भाष्यसहित, सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९३।
४. उवट तथा अनन्त-भाष्यसहित, सम्पा. वेङ्कटराम शर्मा, मद्रास विश्वविद्यालय, मद्रास, सन् १९३४।
५. अंग्रेजी अनुवादसहित, इन्दु रास्तोगी, चौखम्बा सं.सीरीज, वारा., सन् १९६७।
६. उवट तथा अनन्तभाष्य र हिन्दी अनुवादसहित, सम्पा. तथा अनु. डा. वीरेन्द्रकुमार वर्मा, ज्ञान प्रकाशन प्रतिष्ठान, वाराणसी, सन् १९७५। पुनर्मुद्रण : चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८९ र २०१०।
७. ज्योत्स्नावृत्ति (श्रीराम शर्माप्रणीत), सम्पा. डा. युगलकिशोर मिश्र, सं.सं.वि., वाराणसी, सन् १९८९।

५.२.३ तैत्तिरीयप्रातिशाख्य

कृष्णयजुर्वेदका अनेक शाखामध्ये वर्तमानमा तैत्तिरीय-चरणसँग सम्बद्ध एकमात्र प्रातिशाख्य 'तैत्तिरीयप्रातिशाख्य'का नामबाट उपलब्ध छ। यो ग्रन्थ तैत्तिरीय-चरणअन्तर्गत औखेय, खाण्डिकेय, आत्रेय, शाट्यायन, हिरण्यकेशी, भारद्वाज, आपस्तम्ब-शाखाहरूको साधारण प्रातिशाख्य मानिन्छ। यस ग्रन्थका रचयिता अज्ञात नै छन्। कसैले यसका रचयिता आत्रेय वा कार्तिकेय हुन सक्ने सम्भावना व्यक्त[१३१] गरे पनि यसलाई प्रमाणका रूपमा लिन सकिँदैन।

तैत्तिरीयप्रातिशाख्य २ प्रश्न (प्रपाठक) २४ अध्याय र ५४५ सूत्रमा विभक्त छ। अर्थात् यस ग्रन्थका १-२४ अध्यायमा क्रमशः ६१, ५२, १५, ५४, ४१, १४, १६, ३५, २४, २५, १९, ११, १६, ३३, ९, ३१, ८, ७, ५, १२, १६, १५, २० र ६ गरी जम्मा **५४५ सूत्र** छन्[१३२]। यस प्रातिशाख्यको प्रश्नद्वयात्मक विभाग भाष्यकारहरूद्वारा आदृत नभएकाले १-२४ अध्यायात्मक विभागलाई नै बढी मान्यता दिइएको

१३१. सं.वा.बृ.इ. २, पृ. २०।
१३२. उक्त सूत्रसङ्ख्या विलियम डी. ह्विटनीको संस्करणमा आधारित भई यस ग्रन्थकारले गणना गरेको हो। प्रो. व्रजबिहारी चौबेले (सं.वा.बृ.इ. २, पृ. १७) यस प्रातिशाख्यमा ५६९ सूत्र रहेको कुरा उल्लेख गरेका छन्।

पाइन्छ। त्यसैले यसको **स्थलसङ्केत प्रस्तुत गर्दा अध्याय र सूत्रबोधक २ अंकमात्र** उल्लेख गरिन्छ। वर्ण्य-विषयका दृष्टिले यस प्रातिशाख्यको विभाग तीन किसिमले भएको देखिन्छ। आदिका १-४ अध्याय **साधारणविधि,** त्यसपछिका ५-१६ अध्याय **संहिताधिकारविधि** र अन्त्यका १७-२४ अध्याय **उच्चारणकल्प**का नामले व्यवहृत छन्।

तैत्तिरीयप्रातिशाख्यमा लेखिएका अनेक भाष्यमध्ये वर्तमानमा तीन भाष्यमात्र उपलब्ध छन्। तीमध्ये माहिषेयले लेखेको **'पदक्रमसदनभाष्य'**; आत्रेय, वररुचि, माहिषेयलगायतका पूर्ववर्ती भाष्यकारहरूको सार ग्रहण गरी सोमयार्यले लेखेको **'त्रिभाष्यरत्न'** र गार्ग्य गोपाल यज्वाले लेखेको **'वैदिकाभरण'** नामका व्याख्या विभिन्न स्थानबाट मुद्रित भएका पाइन्छन्। यसअतिरिक्त तैत्तिरीयप्रातिशाख्यमा (१७.८) तथा सोमयार्यकृत भाष्यमा (५.१) स्मरण गरिएका आत्रेय र वररुचि[१३३] पनि यस प्रातिशाख्यका भाष्यकार हुन सक्ने अनुमान विद्वान्हरूले गरेका छन्[१३४]। यसका साथै वीर राघव कविको 'शब्दब्रह्मविलास', भैरव आर्यको 'वर्णक्रमदर्पण', पद्मनाभको 'विवरण', अज्ञात लेखकको 'वैदिकभूषण' वा 'भूषणरत्न' नामका तैत्तिरीय-प्रातिशाख्यका व्याख्याहरू विभिन्न पुस्तकालयमा हस्तलेखका रूपमा उपलब्ध भएको कुरा युधिष्ठिर मीमांसकले उल्लेख गरेका छन्[१३५]। यस प्रातिशाख्यमा विलियम डी. ह्विट्नीको **अंग्रेजी अनुवाद** र डा. जमुना पाठकको 'शशिप्रभा' संज्ञक **हिन्दी व्याख्या** पनि प्रकाशित छन्।

१. **The Tāittirīya-Prātiçākhya with its commentary, the Tribhāshyaratna :** Text, Translation, and Notes, by William D. Whitney, (Journal of the American Oriental Society, Volume 9, 1871, New Haven, USA) . Reprinted : Motilal Banarsidass, Delhi 1973.
२. त्रिभाष्यरत्न टीकासहित, सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८७२।
३. त्रिभाष्यरत्न र वैदिकाभरण व्याख्यासहित, सम्पा. आर. शाम शास्त्री (R. Shama Sastri) र कस्तूरि रङ्गाचार्य (K. Raṅgacharya), Government Oriental Library Series, Bibliotheca Sanskrit, No. 33, Mysore, 1906.
४. माहिषेयकृत पदक्रमसदन-भाष्यसहित, सम्पा. वेङ्कटराम शर्मा विद्याभूषण, मद्रास विश्वविद्यालय संस्कृत सीरीज नं. १, मद्रास, सन् १९०३। पुनर्मुद्रण : पाणिनि, नई दिल्ली, सन् १९८२।

---

१३३. तै.प्रा. १.२८; २.१४, १९; ४.१९-२०; ८.४०; १८.७; २१.१५ मा त्रिभाष्यरत्नका कर्ता सोमयार्यद्वारा उद्धृत।
१३४. सं.व्या.शा.इ. २, पृ. ३६०-३६१। वै.सा.सं., पृ. २९७-२९८।
१३५. सं.व्या.शा.इ. २, पृ. ३६४-३६५।

५. गार्ग्य गोपाल यज्वाको वैदिकाभरण-भाष्य र हिन्दी व्याख्यासहित, सम्पा. डा. जमुना पाठक, चौखम्बा विद्याभवन, वाराणसी, सन् २०१२।

५.२.४ ऋक्तन्त्र (सामप्रातिशाख्य)

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो प्रातिशाख्य **'ऋक्तन्त्रव्याकरण'**का नामले पनि चिनिन्छ। यसका रचनाकारका विषयमा मतैक्य देखिँदैन। कसैले **शाकटायन**[१३६] र कसैले **औदव्रजि**[१३७] यसका रचयिता हुन सक्ने अनुमान गरेका छन्। ऋक्तन्त्रका सम्पादक डा. सूर्यकान्तका विचारमा ऋक्तन्त्रको प्रथम संस्करण औदव्रजिले गरे भने दोस्रो संस्करण त्यसको केही परिवर्तन र परिवर्धनका साथ शाकटायनले गरे। वर्तमानमा उपलब्ध ऋक्तन्त्र तेस्रो संस्करण हो र यो निश्चित रूपमा पाणिनिभन्दा उत्तरवर्ती रचना हो[१३८]। युधिष्ठिर मीमांसकले चाहिँ सूर्यकान्तको विचारमा असहमति जनाउँदै ऋक्तन्त्रको वर्तमान स्वरूप पाणिनिपूर्वकै रहेको र यसका रचयिता शाकटायन गोत्रका द्वितीय औदव्रजि हुन सक्ने सम्भावना व्यक्त गरेका छन्[१३९]।

सामवेदसंहिताको पूर्वार्चिक तथा उत्तरार्चिक भागको लक्षणग्रन्थ मानिने यो प्रातिशाख्य **५ प्रपाठक** र तिनमा क्रमशः ४, ६, ८, ७, ७ खण्ड गरी **जम्मा ३२ खण्डमा विभक्त** भएको कुरा सामवेदीय-सर्वानुक्रमणीकार हरदत्तले उल्लेख गरेका छन्[१४०]। ऋक्तन्त्र-वृत्तिकारले आफ्नो वृत्तिको अन्त्यमा[१४१] यस ग्रन्थमा जम्मा सूत्रसङ्ख्या २८० रहेको कुरा उल्लेख गरे पनि सूर्यकान्तद्वारा सम्पादित संस्करणमा सामतन्त्रको पहिलो सूत्र **'स्वरोऽनन्त्यः'**[१४२]सहित **सूत्रको सङ्ख्या जम्मा २८७** देखाइएको छ। यसरी प्रपाठक, खण्ड र सूत्र गरी तीन भागमा विभक्त यस ग्रन्थको **स्थलसङ्केत प्रस्तुत गर्दा ३ अंककै प्रयोग** हुन्छ।

ऋक्तन्त्रमा अज्ञातकर्तृक वृत्ति पनि प्रकाशित भएको छ र यो वृत्ति शिक्षात्मक प्रथम प्रपाठकबाहेकका अन्य प्रपाठकमा मात्र उपलब्ध छ। उक्त वृत्तिमाथि पनि एक विवृत्ति लेखिएको छ र यो **'ऋक्तन्त्रविवृत्ति'**का नामबाट डा. सूर्यकान्त-सम्पादित

---

१३६. द्र.- साम.सर्वा., पद्य ३१, पृ. ३ मा हरदत्तको वचन। सं.व्या.शा.इ. २, पृ. ३८३। कौण्डि.शि., पृ. २६, टि. २-३ इ.।

१३७. सं.व्या.शा.इ. २, पृ. ३८३-३८६।

१३८. ऋक्तन्त्र, भू., पृ. ३९-४३, उ., सं.व्या.शा.इ. २, पृ. ३८५।

१३९. सं.व्या.शा.इ. २, पृ. ३८६।

१४०. ऋचां तन्त्रव्याकरणे पञ्चसङ्ख्या-प्रपाठकम्। शाकटायनदेवेन द्वात्रिंशत् खण्डका-स्मृताः॥ तत्रादिमे प्रपाठके चत्वारः खण्डसम्मताः। द्वितीये रस इत्युक्तस्तृतीये वसुसंज्ञकम्॥ चतुर्थे पञ्चमे चैव मुनिसङ्ख्या समीरिताः। -साम.सर्वा., पद्य २९-३१, पृ. ३।

१४१. "इति छन्दोगशाखायाम् ऋक्तन्त्राभिधानव्याकरणवृत्ति समाप्ता। ऋक्तन्त्रव्याकरणं शाकटायनादिभिः कृतम्। सूत्राणां सङ्ख्या २८० अशीत्यधिकशतद्वयं सूत्राणि।" -ऋक्तन्त्र-वृत्तिको अन्त्यमा, पृ. ६१, टि. ११।

१४२. यस सूत्रलाई गणना नगर्दा ऋक्तन्त्रको सूत्रसङ्ख्या २८६ हुन्छ।

ऋक्तन्त्रको अन्त्यमा समाविष्ट छ।

१. सम्पा. ए. सी. बर्नेल (A. C. Burnell) मंगलोर, सन् १८७९।
२. ऋक्तन्त्रम् (सामप्रातिशाख्यम्) [अज्ञातकर्तृक वृत्ति, विवृत्ति, हरदत्तकृत सामवेद-सर्वानुक्रमणी र अंग्रेजी भूमिकासहित], मेहरचन्द लछमनदास, लाहोर, प्रथम संस्करण सन् १९३३, पुनर्मुद्रण : दिल्ली, सन् १९७०।

५.२.५ सामतन्त्र

सामवेदको कौथुम शाखासँग सम्बद्ध मानिने यस लक्षणग्रन्थका प्रवक्ता औदव्रजि भएको कुरा सामवेदीय-सर्वानुक्रमणीकार हरदत्तले उल्लेख गरेका छन्[१४३]। **ऋक्तन्त्रको अन्तिम सूत्र 'स्वरोऽनन्त्यः'** (सामतन्त्र १.१.१) सामतन्त्रको पहिलो सूत्रका रूपमा पढिएका कारण यसको (सामतन्त्रको) रचना ऋक्तन्त्रको लगतै भएको र यो ग्रन्थ ऋक्तन्त्रकै उत्तरभाग हुन सक्ने अनुमान केही लेखकले गरेका छन्[१४४]। सामतन्त्र वेयगान र आरण्यगान नामका प्रकृतिभागको लक्षणग्रन्थ मानिन्छ[१४५]। सामवेदीय सर्वानुक्रमणी, पद्य ३४-३९ (पृ. ४) का अनुसार सामतन्त्र **१५ प्रपाठक र १५८ खण्डमा विभक्त** छ। जसअनुसार १, ४, ६, ७ र १३ प्रपाठकमा ११-११ खण्ड (= **५५**); २, ३, ५, ८, १० र ११ प्रपाठकमा १०-१० खण्ड (= ६०); ९ र १२ प्रपाठकमा ९-९ खण्ड (= **१८**); १४ औं प्रपाठकमा **१२** र **१५** औं प्रपाठकमा **१३** खण्ड छन्। **सामतन्त्रका १-१३ प्रपाठकसम्मको भागलाई सामतन्त्र र त्यसपछिका २ प्रपाठकलाई 'अक्षरतन्त्र' वा 'संज्ञालक्षण'का रूपमा व्यवहार** गरिने कुरा पं. रामनाथ दीक्षितले लेखेका छन्[१४६]। अतः उनको उल्लेखलाई आधार मान्दा १-१३ प्रपाठकसम्मको भागमात्र सामतन्त्र हो र यसका मात्र खण्डसङ्ख्या १३३ तथा **सूत्र १३११** रहेका छन्[१४७]। यसरी प्रपाठक, खण्ड र सूत्र गरी तीन भागमा विभक्त सामतन्त्रको **स्थलनिर्देश पनि ३ अंकद्वारा** नै गरिन्छ।

सामतन्त्रमा अज्ञातकर्तृक विस्तृत व्याख्या प्रकाशित छ। यसअतिरिक्त महागणपतिद्वारा विरचित **'सामतन्त्रप्रकाशिका'** नामक सामतन्त्रभाष्यको विवरणरूप व्याख्या उपलब्ध हुने कुरा रामनाथ दीक्षितले लेखेका छन्[१४८]।

१. सामतन्त्र (अज्ञातकर्तृक व्याख्यासहित), सम्पा. पं. रामनाथ दीक्षित, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, सन् १९६१।

---

१४३. सामतन्त्रं प्रवक्ष्यामि सुखार्थं सामवेदिनाम्। औदव्रजिकृतं सूक्ष्मं सामगानां सुखावहम्॥ -साम.सर्वा. ३४ पद्य, पृ. ४।
१४४. सं.वा.बृ.इ. २, पृ. २७।
१४५. रामनाथ, साम.सर्व., पृ. १२५।
१४६. साम.सर्व., पृ. १२५।
१४७. सं.वा.बृ.इ. २, पृ. २७।
१४८. साम.सर्व., पृ. १३०।

५.२.६ अक्षरतन्त्र

सामवेदकै कौथुम शाखासँग सम्बद्ध अक्षरतन्त्र सामतन्त्रको उत्तरभाग हो भन्ने कुरा १५ प्रपाठकात्मक सामतन्त्रका मूल पुस्तक, ताडपत्र आदिमा १-१३ प्रपाठकलाई सामतन्त्र र त्यसपछिका २ प्रपाठकलाई अक्षरतन्त्र वा **संज्ञालक्षणका** रूपमा स्विकारिएबाट स्पष्ट हुन्छ[१४९] । सामतन्त्रकै उत्तरभाग (शेषभूत अंश) भएका कारण अक्षरतन्त्रका रचयिता पनि **औदव्रजि** हुने कुरा उक्तिप्रसिद्ध छ, तर अक्षरतन्त्रका प्रकाशक पं. सत्यव्रत सामश्रमीले यसका रचयिता ऋक्तन्त्र-प्रवक्ता शाकटायनका समकालिक महामुनि **आपिशलि** हुन् भन्ने कुरा उल्लेख गरेका छन्[१५०]। सामश्रमीले सामतन्त्र र अक्षरतन्त्रको भेद पनि उल्लेख गरेका छन्। उनको उल्लेखअनुसार सामतन्त्रमा सामगानका योनिभूत ऋचाहरूमा हुने अक्षरविकार, विश्लेष, विकर्षण, अभ्यास, विरामजस्ता विषयहरू वर्णित छन् भने अक्षरतन्त्रमा स्तोभसँग सम्बद्ध पाता, सुष्वा, एना, जारा, शता, नन्दाप्रभृति स्वर एवं वान्तादि पर्वहरूको विवेचन गरिएको हुन्छ[१५१] । सङ्क्षेपमा भन्दा ऋचाहरूको स्वरसम्बद्ध विषयको विचार गर्ने ग्रन्थ **ऋक्तन्त्र;** सामको विकार, विश्लेष आदि विचार गर्ने ग्रन्थ **सामतन्त्र** र स्तोभाक्षरको विचार गर्ने ग्रन्थ **अक्षरतन्त्र** वा संज्ञालक्षण हो[१५२] । **'स्तोभ'** भनेका सामगानका अवसरमा ऋक्-अक्षरभन्दा भिन्न रूपमा उच्चरित हुने 'औ, हौ, ओ, होइ, वा' इत्यादि अक्षर हुन्। सामगानमा प्रयुक्त ऋग्व्यतिरिक्त सबै सार्थक वा निरर्थक ध्वनिलाई **'अक्षर'** भनिन्छ[१५३] । अतः तिनै ध्वनि वा स्तोभसम्बद्ध विषयको विवेचन गर्ने ग्रन्थलाई 'अक्षरतन्त्र' भनिएको हो।

वर्तमान अक्षरतन्त्रमा **२ प्रपाठक, २५ खण्ड र २३७ सूत्र** छन्। प्रथम प्रपाठकमा १२ खण्ड तथा ११६ सूत्र छन् भने द्वितीय प्रपाठकमा १३ खण्ड एवं १२१ सूत्र छन्। रामनाथ दीक्षितको उल्लेखअनुसार अक्षरतन्त्रमा २ प्रपाठक, २६ खण्ड र २६० सूत्र छन्[१५४] । यसको **स्थलनिर्देश पनि ३ अंकद्वारा** नै गरिन्छ।

अक्षरतन्त्रमा अज्ञातकर्तृक वृत्तिको प्रकाशन पं. सत्यव्रत सामश्रमीले गरेका छन्। उनले प्राप्त गरेको वृत्ति आदि र अन्त्यभाग नभएको तथा लेखकको प्रमादबाट विकृतसमेत थियो[१५५]। अतः उक्त वृत्ति त्यत्तिकै प्रकाशनयोग्य नभएकाले

१४९. द्र.- ऐ., पृ. १२५ र १२८।
१५०. ग्रन्थोऽयम् ऋक्तन्त्रप्रणेतुः शाकटायनस्य समकालिकेन महामुनिना भगवता आपिशलिना प्रोक्तः, सामतन्त्रं तु गार्ग्येणेति वयमुपदिष्याः प्रामाणिकैः। -अक्षरतन्त्र, भू., पृ. २।
१५१. सामतन्त्रे खलु साम्नां योनिगता एवाक्षरविकार-विश्लेष-विकर्षणाऽभ्यास-विरामादयश्चिन्तिताः। इह तु खलु साम्नां स्तोभगताः पातास्वरादयो वान्तपर्वादयश्च बोधिता इति भेदः। -अक्षरतन्त्र, भू., पृ. १।
१५२. रामनाथ दीक्षित, साम.सर्व., पृ. १२८।
१५३. अनृगाद्यक्षरम् -अक्षरतन्त्र १.१.१।
१५४. साम.सर्व., पृ. १२८।
१५५. 'वृत्तिरनतिप्राचीनाऽपि लेखकप्रमादादित एवाद्यन्तदुष्टा दृश्यते... तामेव संस्कर्तुमयमारम्भः।'

सामश्रमीले त्यसमा थपघट गरी सुयोग्य वृत्ति लेखे[१५६]। यो वृत्तिसहित अक्षरतन्त्रको पहिलो प्रकाशन **'उषा'** पत्रिकामा कलकत्ताबाट भएको थियो । अन्य प्रकाशन निम्नबमोजिम भएका छन्।

१. स्तोभभाष्यम्-अक्षरतन्त्रम् (उपर्युक्त वृत्तिसहित), सम्पा. पं. रामनाथ दीक्षित, सर सी. पी. रामस्वामी ऐयर फाउन्डेशन, मद्रास, सन् १९८४।
२. अक्षरतन्त्रम् (वृत्तिसहित), सम्पा. डा. श्रीकृष्ण शर्मा, निर्मल पब्लिकेशन्स, दिल्ली, सन् १९९४।

५.२.७ पुष्पसूत्र वा फुल्लसूत्र

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो प्रातिशाख्य ऊह तथा ऊह्यगानको लक्षणग्रन्थ मानिन्छ । बलदेवले पुष्प ऋषिद्वारा प्रणीत भएकाले यसको नाम 'पुष्पसूत्र' रहेको कुरा उल्लेख गरेका छन्[१५७] भने हरदत्तले वररुचि[१५८], सूर्यकान्तले औदव्रजि[१५९] र म्याक्समूलरले गोभिल[१६०] यस प्रातिशाख्यका रचयिता हुन् भनेका छन्। यसरी रचनाकारका विषयमा मतैक्य नरहे पनि युधिष्ठिर मीमांसकले हरदत्तको उल्लेखलाई महत्त्व दिँदै याज्ञवल्क्यका नाति, कात्यायनका पुत्र सूत्रकार वररुचि यस प्रातिशाख्यका रचयिता हुन सक्ने सम्भावना व्यक्त गरेका छन्[१६१] । सामवेदीय वंशब्राह्मणमा औदव्रजिको विशेषणका रूपमा प्रयोग भएको 'पुष्पयशस्'[१६२] शब्दलाई आधार मान्ने हो भने पुष्पसूत्रका रचयिता (पुष्पयशा> पुष्पाचार्य) औदव्रजि नै हुन सक्ने अनुमान पनि गर्न सकिन्छ।

विभिन्न यज्ञमा गाइने सामको लक्षण र गानको व्यवस्था बताउने पुष्पसूत्र **१० प्रपाठकमा विभक्त** छ र प्रपाठकको विभाग कण्डिका वा खण्डमा गरिएको छ। एकाध पद्यबाहेक पूर्णतः लामा-लामा गद्यमा निबद्ध यस ग्रन्थका १० प्रपाठकमा क्रमशः २७, २९, २८, २८, १२, १२, १२, १०, १० (९?) र ११ गरी **जम्मा १७९ कण्डिका वा खण्ड** रहेका छन्[१६३]। पं. रामनाथ दीक्षितले उल्लेख गरेका १२९ खण्ड चाहिँ चिन्तनीय छन्[१६४]। यसरी प्रपाठक र खण्डमा विभक्त यस ग्रन्थको **स्थलनिर्देश**

-उ., सं.व्या.शा.इ. २, पृ. ३९१।
१५६. अस्याक्षरतन्त्रस्य सत्यव्रत-सामश्रमी व्याख्यानं कृतवान् -रामनाथ दीक्षित, साम.सर्व., पृ. १२९।
१५७. वै.सा.सं., पृ. २९८।
१५८. सूत्रकारं वररुचिं वन्दे पाणिं च वेधसम् । फुल्लसूत्रविधानेन खण्डप्रपाठकानि च ॥ -साम.सर्वा., पद्य ४३, पृ. ४।
१५९. ऋक्तन्त्र, भू., पृ. ३६।
१६०. A History of Ancient Sanskrit Literature, p. 210.
१६१. सं.व्या.शा.इ. २, पृ. ३६८।
१६२. पुष्पयशस औदव्रजेः, पुष्पयशा औदव्रजिः -वंशब्रा. ३.४-५।
१६३. द्र.- साम.सर्वा., पद्य ४४-४८, पृ. ४-५। जी. एच. तर्लेकरद्वारा अनूदित संस्करणमा कुल कण्डिका-सङ्ख्या १७९ नै रहे पनि प्रपाठक ४ मा २९ र ९ मा ९ कण्डिका छन्।
१६४. अस्मिन् पुष्पसूत्रे दश प्रपाठकाः, एकैकस्मिन् प्रपाठके प्रायशः दश खण्डाश्च सन्ति ।

२ अंकद्वारा गरिन्छ।

पुष्पसूत्रको पाँचौं प्रपाठकदेखि दसौं वा अन्तिम प्रपाठकसम्म अजातशत्रु भट्ट उपाध्यायको भाष्य उपलब्ध छ। यसबाहेक दामोदर त्रिपाठीका पुत्र रामकृष्ण दीक्षितको (नानाभाई द्वितीयको) **'फुल्लदीप'**संज्ञक व्याख्या पनि बी. आर. शर्माद्वारा सम्पादित संस्करणमा प्रकाशित छ र यस व्याख्यामा **प्रपाठकलाई 'अध्याय'** भनिएको छ[१६५]।

१. जर्मन अनुवादसहित, सम्पा. डा. रिचर्ड साइमन (Richard Simon), बर्लिन, सन् १९०९।
२. अजातशत्रुको भाष्यसहित (१-२ भाग), सम्पा. लक्ष्मण शास्त्री 'द्रविड', चौखम्बा संस्कृत सीरीज अफिस, बनारस, सन् १९२२-१९२३।
३. अजातशत्रुका भाष्य-विवरण र रामकृष्णको फुल्लदीपसहित (१-३ भाग), सम्पा. बी. आर. शर्मा, नेपाल रिसर्च सेन्टर, काठमाडौं, सन् १९८५।
४. अंग्रेजी अनुवादसहित (१-२ भाग), अनु. तथा सम्पा. जी. एच. तर्लेकर, इन्दिरा गान्धी राष्ट्रिय कला केन्द्र, नयाँ दिल्ली, सन् २००१।

५.२.८ अथर्वप्रातिशाख्य

वर्तमानमा अथर्ववेदसँग सम्बद्ध दुई प्रातिशाख्य 'अथर्वप्रातिशाख्य' र 'अथर्ववेदीया चतुरध्यायिका' नामबाट उपलब्ध छन् । पहिलो ग्रन्थको शाखा-सम्बद्धताका विषयमा विभिन्न विद्वान्हरूले विभिन्न मत व्यक्त गरेका छन् भने दोस्रो प्रातिशाख्य अथर्ववेदको शौनक-चरणसँग सम्बद्ध भएकाले **'शौनकीया चतुरध्यायिका'** नामबाट पनि चिनिन्छ।

अथर्वप्रातिशाख्यमा दिइएका अधिकांश उदाहरण शौनकीय-अथर्ववेदसंहितामा उपलब्ध हुने भएकाले यो प्रातिशाख्य पनि शौनकीय चरणसँग नै सम्बद्ध भएजस्तो लाग्दछ, तर यस विषयमा विद्वान्हरूका पृथक्-पृथक् मत रहेकाले यस्तै हो भनेर निश्चित गर्न सकिने अवस्था छैन । अथर्वप्रातिशाख्यका सम्पादक सूर्यकान्तले गरेको अध्ययनअनुसार शङ्कर पाण्डुरङ्गद्वारा सङ्गृहीत अथर्ववेदसंहिताका हस्तलेख 'अथर्वप्रातिशाख्य'अनुकूलका थिए भने रुडोल्फ रोथ तथा ह्विटनीद्वारा सङ्गृहीत हस्तलेख 'शौनकीया चतुरध्यायी'अनुकूलका थिए। अतः पाण्डुरङ्ग-सम्पादित अथर्ववेद-संहिता 'अथर्वप्रातिशाख्य'-अनुकूलको र ह्विटनी-सम्पादित संहिता चतुरध्यायीको अनुकूल रहेको हुँदा अथर्वप्रातिशाख्य शौनकीय शाखाको होइन भन्ने धारणा सूर्यकान्तले व्यक्त गरेका छन्[१६६] । यसको विपरीत

एकोनत्रिंशदुत्तरशतं खण्डा विलसन्त्यत्र ग्रन्थे । -साम.सर्व., पृ. १३१।

१६५. 'इति फुल्लदीपे तृतीयाध्यायस्य अष्टाविंशः खण्डः ।' 'इति त्रिपाठिदामोदरसूनुना दीक्षितरामकृष्णेन नानाभाईद्वितीयनाम्ना कृते फुल्लदीपे तृतीयोऽध्यायः ।' 'पुष्पसूत्रे तृतीयः प्रपाठकः समाप्तः ।' -तृतीय प्रपाठकको अन्तिम पुष्पिका।

१६६. Atharva Pratisakhya, Intro., p. 43-50.

युधिष्ठिर मीमांसकका विचारमा अथर्वप्रातिशाख्यले पाण्डुरङ्ग एवं ह्विटनी-सम्पादित दुवै संहिताको अनुगमन नगर्ने भएकाले यो प्रातिशाख्य अन्य कुनै संहितासँग सम्बद्ध छ[१६७]। यस प्रातिशाख्यका कर्ता अज्ञात नै छन्।

अथर्वप्रातिशाख्यका **लघु र दीर्घ गरी दुई किसिमका पाठ** उपलब्ध छन्। सूर्यकान्तद्वारा सम्पादित संस्करणमा यी दुवै पाठ उपलब्ध छन् भने विश्वबन्धुद्वारा सम्पादित संस्करण लघुपाठात्मक मात्र हो। पाठ दुई किसिमका भए पनि दुवै पाठ तीन प्रपाठकमा विभक्त छन्। प्रथम प्रपाठकमा ३ पाद छन् भने द्वितीय र तृतीय प्रपाठकमा ४-४ पाद छन्। पादअन्तर्गत रहेका सूत्रहरूको सङ्ख्या चाहिँ संस्करणअनुसार केही भिन्न देखिन्छ। विश्वबन्धुद्वारा सम्पादित लघुपाठका तीन प्रपाठकमा क्रमशः ५९, ८४, ८३ गरी जम्मा २२६ सूत्र छन् भने सूर्यकान्त-सम्पादित लघुपाठमा क्रमशः ५७, ८२, ८२ गरी जम्मा २२१ सूत्र छन्। दीर्घपाठमा चाहिँ २२३ सूत्र देखाइएका छन्। यसरी **३ प्रपाठक, ११ पाद र २२१, २२३ वा २२६ सूत्रमा विभक्त** अथर्व-प्रातिशाख्यको **स्थलनिर्देश गर्दा ३ अंकको प्रयोग** हुन्छ। सूर्यकान्त-सम्पादित अथर्व-प्रातिशाख्यअन्तर्गतका दीर्घपाठात्मक १-३ प्रपाठकमा क्रमशः २२, २२ र २६ = ७० **वटा उपविभाग** पनि अंकमा उल्लेख गरिएका छन्। स्थलनिर्देशमा चाहिँ यिनको उल्लेख हुँदैन। यस प्रातिशाख्यमा अज्ञातकर्तृक सङ्क्षिप्त भाष्य पनि उपलब्ध छ।

१. अज्ञातकर्तृक भाष्य, सूर्यकान्तकृत अंग्रेजी अनुवाद, विस्तृत भूमिका, सूत्र र शब्दानुक्रमणीसहित, सम्पा. सूर्यकान्त, मेहरचन्द लछमनदास, दिल्ली, सन् १९६८ (प्रथम संस्क. लाहोर, सन् १९३९)।
२. सूत्रको मूल-लघुपाठ, भूमिका, टिप्पणी र विविध परिशिष्टसहित, सम्पा. विश्वबन्धु शास्त्री, निर्णयसागर, मुम्बयी, सन् १९२३।

५.२.९ अथर्ववेदीया चतुरध्यायिका

चार अध्यायमा विभक्त भएकाले 'चतुरध्यायी वा चतुरध्यायिका' तथा अथर्ववेदको शौनक-चरणसँग सम्बद्ध भएकाले 'शौनकीय' विशेषणबाट पनि चिनिने यस ग्रन्थलाई ह्विटनीले आफ्नो सम्पादनमा **'अथर्ववेद-प्रातिशाख्य'** वा **'शौनकीया चतुरध्यायिका'** नाम दिएका छन्। युधिष्ठिर मीमांसकले यसलाई **'अथर्व चतुरध्यायी'** र **'शौनकीय चतुरध्यायी'**का नामबाट चिनाएका छन्[१६८]। कतिपय हस्तलेखमा **'कौत्स-व्याकरण'**का नामबाट समेत व्यवहृत यस ग्रन्थलाई कतिपयले प्रातिशाख्य र कतिपयले प्रातिशाख्यसदृश लक्षणग्रन्थ भनेको पाइन्छ[१६९]। जुनसुकै

---

१६७. सं.व्या.शा.इ. २, पृ. ३७३-३७६।
१६८. सं.व्या.शा.इ. २, पृ. ३२६ र ३७७।
१६९. द्र.- ह्विटनीसम्पादित संस्करण र सं.व्या.शा.इ. २, पृ. ३२६ र ३७८।

नाम दिए पनि यस ग्रन्थका कर्ता आचार्य कौत्स मानिन्छन्[१७०]।

चतुरध्यायिका अध्याय, पाद र सूत्र गरी तीन भागमा विभक्त छ। यसमा **जम्मा ४ अध्याय,** प्रत्येक अध्यायमा ४-४ पादका दरले **१६ पाद** र **४३४** वा **५२५ सूत्र** छन्। ह्विटनीद्वारा सम्पादित संस्करणका ४ अध्यायमा क्रमशः १०५, १०७, ९६, १२६ गरी जम्मा ४३४ सूत्र छन् भने जमुना पाठकद्वारा सम्पादित संस्करणमा क्रमशः ११०, १०७, १२६, १८२ गरी जम्मा ५२५ सूत्र छन्। सूत्रसङ्ख्या जति भए पनि यस ग्रन्थका विषयको **स्थलनिर्देश गर्दा ३ अंकको प्रयोग** हुन्छ। यस चतुरध्यायिकामा विलियम ह्विटनीको अंग्रेजी अनुवाद र डा. जमुना पाठकका 'निर्मल' तथा 'शशिकला' नामका संस्कृत एवं हिन्दी व्याख्या उपलब्ध छन्।

१. Atharva-veda-prātiśākhya or Śaunakīyā Caturadhyāyikā, Text, Translation and Notes, by William. D. Whitney, Journal of the American Oriental Society, Vol. II (New Haven, USA, 1862), Reprinted : Chowkhamba Sanskrit Series Office, Varanasi, 1962.
२. अथर्ववेदीया चतुरध्यायिका (संस्कृत र हिन्दी व्याख्यासहित), सम्पादक तथा व्याख्याकार : डा. जमुना पाठक, वाणी मन्दिर, नई सडक, वाराणसी, सन् १९९८।

५.३ कल्पशास्त्र (कल्पसूत्र)

मूलतः आ-आफ्ना शाखाका मन्त्रसंहिता र ब्राह्मणग्रन्थमा उल्लिखित वा सङ्केतित अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमास, अग्निष्टोम-सोमयागजस्ता **श्रौतयाग**[१७१] एवं मन्त्रब्राह्मणात्मक ग्रन्थमा सङ्केतित गर्भाधान, पुंसवन, जातकर्म, नामकरण, चूडा, उपनयन, विवाह, अन्त्येष्टिजस्ता संस्कार र स्नान, सन्ध्योपासन, औपासनहोम, तर्पण, श्राद्ध, उपाकर्म, नवान्नप्राशन, शालाकर्म (वास्तुशान्ति), वृषोत्सर्गजस्ता विभिन्न नित्य-नैमित्तिक-काम्य कर्मसँग सम्बद्ध **स्मार्तयाग** वा **गृह्यकर्म**हरूको[१७२] प्रयोगविधि बताउने वा यसको कल्पना गर्ने शास्त्रलाई **कल्पशास्त्र** भनिन्छ[१७३]।

---

१७०. द्र.- सं.व्या.शा.इ. २, पृ. ३७८ र अथर्ववेदीया चतुरध्यायिका, भू., पृ. 'क-ङ'।

१७१. श्रुति अर्थात् मन्त्रसंहिता र ब्राह्मणग्रन्थमा विधान गरिएका (बताइएका) अथवा श्रुतिसँग साक्षात् सम्बन्ध भएका उपर्युक्त कर्मविशेषलाई श्रौतयाग वा श्रौतकर्म भनिन्छ।

१७२. श्रुतिमा प्रत्यक्ष विधान नगरिएका तर कहीं कहीं साङ्केतिक रूपमा उपलब्ध हुने केही कर्म र विभिन्न शाखा-परम्पराका आधारमा पूर्वर्षिहरूद्वारा स्मरण गरिएका (स्मृतिपूर्वक सङ्कलन गरिएका) उपर्युक्त संस्कार वा कर्मविशेषलाई स्मार्तयाग वा स्मार्तकर्म भनिन्छ। यस्ता याग वा कर्म गृह्य अग्निमा (आवसथ्य अग्निमा) अनुष्ठित हुने भएकाले यिनैलाई गृह्यकर्म पनि भनिन्छ।

१७३. कल्प्यते समर्थ्यते यागप्रयोगोऽत्र -सायण, वे.भा.भू., पृ. ५०। कल्पो वेदविहितानां कर्मणामानुपूर्व्येण कल्पनाशास्त्रम् -वर्गद्वयवृत्ति, ऋ.प्रा., सू. ४ को व्याख्या।

यस्ता ग्रन्थ प्रायः सूत्रात्मक शैलीमा रचना गरिएका हुँदा यिनलाई **कल्पसूत्र** पनि भनिन्छ। श्रौतकर्म बताउने ग्रन्थ **श्रौतसूत्र;** मूलतः गृहस्थाश्रमसँग सम्बद्ध गृह्यकर्म (स्मार्तकर्म) बताउने ग्रन्थ **गृह्यसूत्र;** वर्णधर्म, आश्रमधर्म, राजधर्म, सामान्यधर्म, सदाचार, प्रायश्चित्त, सामाजिक व्यवहारजस्ता प्रायः चारै आश्रमसँग सम्बद्ध विषयको प्रतिपादन गर्ने ग्रन्थ **धर्मसूत्र** र प्रायः श्रौतसूत्र वा गृह्यसूत्रले अपेक्षा गरेका विषयहरू बताउने ग्रन्थ **परिशिष्ट** गरी कल्पशास्त्र चार किसिमका हुन्छन्। उक्त शास्त्रहरू प्रत्येक वेदका शाखाअनुसार प्रायः भिन्नाभिन्नै हुन्छन् भन्ने मान्यता वैदिक परम्परामा भए पनि वर्तमानमा चाहिँ प्रत्येक शाखाअनुसारका सबै कल्पशास्त्र उपलब्ध छैनन्। कृष्णयजुर्वेदका कल्पशास्त्र अपेक्षाकृत बढी उपलब्ध छन् भने अन्य वेदका कल्पग्रन्थ कम नै उपलब्ध हुन्छन्।

५.३.१ श्रौतसूत्र

वर्तमानमा **ऋग्वेदका** आश्वलायनश्रौतसूत्र र शाङ्खायनश्रौतसूत्र २; **शुक्लयजुर्वेदको** कात्यायनश्रौतसूत्र १; **कृष्णयजुर्वेदका** बौधायन, वाधूल, मानव, भारद्वाज (अपूर्ण), आपस्तम्ब, काठक (आंशिक), हिरण्यकेशी (सत्याषाढ), वाराह र वैखानसश्रौतसूत्र ९; **सामवेदका** आर्षेयकल्प (मशक कल्पसूत्र), क्षुद्रकल्पसूत्र, लाट्यायनश्रौतसूत्र, उपग्रन्थसूत्र, पञ्चविधसूत्र, निदानसूत्र, उपनिदानसूत्र, कल्पानुपदसूत्र, द्राह्यायण वा खादिरश्रौतसूत्र र जैमिनीयश्रौतसूत्र १० तथा **अथर्ववेदको** वैतानश्रौतसूत्र १ गरी **जम्मा २३ श्रौतसूत्र उपलब्ध** छन्। सामवेदका १० श्रौतसूत्रअन्तर्गत मानिने ताण्ड्यलक्षण, अनुपदसूत्र र अनुस्तोत्रलाई पनि गणना गर्ने हो भने श्रौतसूत्रको जम्मा सङ्ख्या २६ पुग्दछ। यहाँ यिनै श्रौतसूत्रहरूको संरचनागत स्वरूप प्रस्तुत गरिएको छ।

५.३.१.१ आश्वलायनश्रौतसूत्र

मूलतः ऋग्वेदको आश्वलायन शाखासँग सम्बद्ध यो श्रौतसूत्र यसका भाष्यकार गार्ग्यनारायण र सर्वानुक्रमणीका वृत्तिकार षड्गुरुशिष्यको उल्लेखअनुसार शाकल तथा बाष्कल शाखा र ऐतरेयब्राह्मणसँग पनि सम्बद्ध भएको मानिन्छ[१७४]। शैशिरीय-शाकलशाखाका मन्त्रसंहिता, ब्राह्मण, अनुक्रमणी, शिक्षा, प्रातिशाख्य इत्यादि प्रशस्त ग्रन्थ उपलब्ध भए पनि श्रौतसूत्र र गृह्यसूत्र पृथक् उपलब्ध छैनन्। अतः यस शाखाका अध्येताहरू आश्वलायनश्रौतसूत्र र गृह्यसूत्रका आधारमा आफ्ना कर्मकाण्ड सञ्चालन गर्दछन्[१७५]। वेदभाष्यकार सायण (ऋ.१.८.१ को अवतरणिका), आश्वलायनश्रौतसूत्रका प्राचीन-भाष्यकार देवस्वामी, कीथ इत्यादि विद्वान्हरूको मतअनुसार यस श्रौतसूत्रका प्रणेता आचार्य शौनक हुन् भने आश्वलायनगृह्यसूत्रका

१७४. द्र.- आ.श्रौ. १.१.१ को वृत्ति तथा ऋग्वेदीय सर्वानुक्रमणी-वृत्तिको उपोद्घात (उ., वै.वा.इ. १, पृ. १७४)।

१७५. द्र.- सं.वा.बृ.इ. १, पृ. ११०-१११।

प्रणेता शौनकका शिष्य आश्वलायन हुन्[१७६]।

१२ अध्यायको यो ग्रन्थ पूर्वषट्क र उत्तरषट्क गरी दुई भागमा विभक्त छ। प्रत्येक अध्याय विभिन्न खण्डमा विभक्त छन्। पूर्वषट्कमा ९६ र उत्तरषट्कमा ६९ गरी जम्मा **१६५ खण्ड** यस ग्रन्थमा रहेका छन्। प्रत्येक खण्डभित्र अनेक सूत्र समाविष्ट छन्। यसरी **अध्याय, खण्ड र सूत्रमा विभक्त यस श्रौतसूत्रको स्थलसङ्केत प्रस्तुत गर्दा तीन अङ्कको प्रयोग** गरिन्छ।

व्याख्या र संस्करण : आश्वलायनश्रौतसूत्रमा देवस्वामी, नरसिंहका पुत्र गार्ग्यनारायण, देवत्रात इत्यादि विद्वान्ले भाष्य लेखेका छन्। यसअतिरिक्त यस श्रौतसूत्रमा भास्कर मिश्रद्वारा उद्धृत भगवान्को व्याख्या, प्रथम र द्वितीय अध्यायको सिद्धान्तिभाष्य[१७७], टिप्पू भट्टविरचित 'सङ्ग्रहदीपिका' नामको व्याख्या[१७८], कृष्ण भट्टका पुत्र त्र्यम्बकको व्याख्या[१७९] र षड्गुरुशिष्यको 'अभ्युदयप्रदा' नामक व्याख्या (१-९ अध्याय) भएको कुरा कुन्दनलाल शर्माले उल्लेख गरेका छन्[१८०]। वर्तमानमा चाहिँ नारायण-वृत्तिसहितको श्रौतसूत्र बढी प्रसिद्ध र उपलब्ध छ।

१. नारायणको वृत्तिसहित, सम्पा. रामनारायण विद्यारत्न, एशियाटिक सोसाइटी, कलकत्ता, प्रथम संस्क. सन् १८६४-७४, पुनर्मुद्रण सन् १९८९।
२. नारायणवृत्तिसहित, सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम, पूना, सन् १९१७।
३. नारायणवृत्तिसहित, सम्पा. पं. पट्टाभिराम शास्त्री र रामनाथ दीक्षित, लालबहादुर शास्त्री संस्कृत विद्यापीठ, दिल्ली, सन् १९८४-१९८५।

५.३.१.२ शाङ्खायनश्रौतसूत्र

मूलतः ऋग्वेदको शाङ्खायन शाखासँग सम्बद्ध यो श्रौतसूत्र बाष्कल शाखासँग पनि सम्बद्ध मानिन्छ। यसका रचयिता सुयज्ञ शाङ्खायन हुन्[१८१]। यस श्रौतसूत्रमा **१८ अध्याय, ४६१ खण्ड र अनेक सूत्र** रहेका छन्। अल्फ्रेड हिलेब्रान्टद्वारा चार भागमा सम्पादित यस ग्रन्थको प्रथम भागमा १-१८ अध्यायका सूत्र र विभिन्न पाठ (Text) तथा सूचीपत्र (Index) हरू दिइएका छन् भने बाँकी तीन भागमा सूत्रको व्याख्या दिइएको छ। यसका अध्यायअनुसार खण्डसङ्ख्या निम्नानुसार

१७६. पूर्वे द्वादशाध्यायाः शौनकस्य कृतिः, अमी चत्वार आश्वलायनस्य कृतिः -देवस्वामिभाष्य, आश्व.गृ. १.१.१, पृ. २, अड्यार पुस्तकालय, सन् १९४४। द्र.- कल्पसूत्र, पृ. २३-२४, २८, २४७, २४९।
१७७. गवर्नमेन्ट संस्कृत कलेज, बनारसद्वारा प्रकाशित।
१७८. एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, वि.सं. १९६१।
१७९. ऐ.।
१८०. कल्पसूत्र, पृ. २९-३०।
१८१. द्र.- आश्व.गृ. ३.४.४। वै.वा.इ. १, पृ. २१४।

रहेका छन्– १७, १७, २१, १९, २०, १३, २७, २५, २८, २१, १५, २७, २९, ८४, २७, ३०, १७, २४ = ४६१ खण्ड। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ।

व्याख्या र संस्करण : शाङ्खायनश्रौतसूत्रमा अग्निस्वामीको भाष्य, वरदत्तका पुत्र आनर्तदेशीय ब्रह्मदत्तको भाष्य[१८२], नारायणद्वारा लिखित 'निरञ्जन-पद्धति' (१-४ अध्यायमा), गोविन्दका कारिका (केही अंशमा, सन् १८९९) र विलेम क्यालेन्डको अंग्रेजी अनुवाद[१८३] उपलब्ध हुने कुरा कुन्दनलाल शर्माले लेखेका छन्[१८४]। वर्तमानमा चाहिँ आनर्तीयभाष्य र गोविन्दका भाष्य बढी प्रचलित छन्।

१. १-१६ अध्यायमा आनर्तीय भाष्य र १७-१८ अध्यायमा गोविन्दको भाष्यसहित (१-४ भाग), सम्पा. अल्फ्रेड हिलेब्रान्ट, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८५-१८९९। पुनर्मुद्रण : मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८१।

५.३.१.३ कात्यायनश्रौतसूत्र

वर्तमानमा उपलब्ध शुक्लयजुर्वेदका काण्व र माध्यन्दिन शाखासंहिता तथा ब्राह्मणसँग सम्बद्ध[१८५] मानिने एकमात्र श्रौतसूत्र कात्यायनका नामबाट प्रसिद्ध छ। यसमा माध्यन्दिनसंहिताका मन्त्र प्रतीकका रूपमा र काण्वसंहिताका मन्त्र प्रायः पूर्ण रूपमा उद्धृत गरिएकाले यो श्रौतसूत्र माध्यन्दिन-शाखासँग बढी निकट रहेको अनुभूत हुन्छ। यति हुँदाहुँदै पनि यस श्रौतसूत्रका कतिपय अंश माध्यन्दिन-शतपथ-ब्राह्मणभन्दा काण्व-शतपथब्राह्मणका नजिक भएको कुरा विवेचकहरूले उल्लेख गरेका छन्[१८६]। यस श्रौतसूत्रका मुख्य स्रोत शतपथब्राह्मण र ताण्ड्यब्राह्मण भएको तथा कात्यायन-श्रौतसूत्रका २२-२४ अध्याय ताण्ड्यब्राह्मणबाट ग्रहण गरिएको कुरा कुन्दनलालले लेखेका छन्[१८७]। यस श्रौतसूत्रका रचयिता कात्यायन हुन् भन्ने कुरा सर्वसम्मत छ।

कात्यायनश्रौतसूत्र **२६ अध्यायमा** विभक्त छ। प्रत्येक अध्यायको विभाजन अनेक **कण्डिका र सूत्रमा** गरिएको छ। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यस श्रौतसूत्रमा भर्तृयज्ञले लेखेको व्याख्या सर्वप्राचीन मानिन्छ। प्राचीन भाष्यमध्येकै 'पितृभूमिभाष्य'को सङ्केत पनि भगवद्दत्तले गरेका छन्[१८८]। यसपछिको कर्कोपाध्याय वा कर्काचार्यले लेखेको कर्कभाष्य सर्वत्र प्रसिद्ध र समग्र सूत्रमा

१८२. द्र.- वै.वा.इ. १, पृ. २१२-२१३।
१८३. सम्पा. लोकेशचन्द्र, सरस्वती विहार ग्रन्थमाला, नागपुर, सन् १९५३।
१८४. कल्पसूत्र, पृ. ३८।
१८५. तु.- स्मरन्ति हि पञ्चदशशाखोपनिबन्धनं कृतमाचार्येण। ..... उच्यते, शाखाद्वयमधिकृत्य तात्पर्येणानुप्रवृत्त आचार्यः -कर्कभाष्य, का.श्रौ. २.१.३।
१८६. कल्पसूत्र, पृ. ८९।
१८७. ऐ., पृ. ९३ र ८९।
१८८. वै.वा.इ. २, पृ. २००।

उपलब्ध छ। देवयाज्ञिकले पनि यस श्रौतसूत्रमा भाष्य र पद्धति लेखेका छन्। उनको देवयाज्ञिकभाष्य श्रौतसूत्रको आधा भाग अर्थात् १-११ अध्यायको समाप्तिसम्म मुद्रित भएको छ भने देवयाज्ञिक-पद्धति चाहिँ १-२४ अध्याय (२४.६.६ सम्म) सम्म मुद्रित छ। यस ग्रन्थमा अनन्तदेवले पनि भाष्य लेखेका छन्। पं. विद्याधर गौडले लेखेको 'सरलावृत्ति' समग्र सूत्रमा मुद्रित र उपलब्ध छ। **संस्करण :**

१. कर्क र देवयाज्ञिक-भाष्यको सारसहित, सम्पा. ए. वेबर, बर्लिन, सन् १८५६ (The Crautasutra of Katyayana, With extracts from the Commentraries of Karka and Yajnikadeva, edited by Dr. Albrecht Weber) । पुनर्मुद्रण : चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९७२ र २०१३।
२. कर्कभाष्यसहित, सम्पा. वी. पी. मदनमोहन पाठक, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९०३-१९०८।
३. कर्कभाष्यसहित (प्रथम भाग १-११ अध्याय), सम्पा. नित्यानन्द पर्वतीय, चौ. सं. सी. अ., वाराणसी, सन् १९२८ (वि.सं. १९८५)।
४. देवयाज्ञिक-पद्धतिसहित, सम्पा. विद्याधर शर्मा गौड, चौ. सं. सी. अ., सन् १९३३-३७, पुनर्मुद्रण वि.सं. २०६१।
५. विद्याधरकृत सरला वृत्तिसहित, अच्युत ग्रन्थमाला, वाराणसी, वि.सं. १९८७। पुनर्मुद्रण : चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, द्वि.सं., सन् १९९०।

५.३.१.४ बौधायनश्रौतसूत्र

यस श्रौतसूत्रको सम्बन्ध कृष्णयजुर्वेदको बौधायन शाखासँग रहेको कुरा नामबाट अवगत भए पनि यसका मन्त्रसंहिता, ब्राह्मणग्रन्थ आदिको चर्चा कहीं प्राप्त नहुने भएकाले यो सौत्रशाखा मात्र भएको अनुमान गर्न सकिन्छ। यस शाखाका बौधायनश्रौतसूत्र, बौधायनगृह्यसूत्र, बौधायनधर्मसूत्र र बौधायनशुल्बसूत्र तैत्तिरीयसंहिता वा शाखा-परम्परासँग सम्बद्ध भएको कुरा अधिकांश वैदिक विद्वान् र इतिहासकारहरूले स्विकारेको देखिन्छ। बौधायनश्रौतसूत्रको सम्बन्ध शतपथ-ब्राह्मणसँग पनि भएको विद्वान्हरूले उल्लेख गरेका छन्[१८९]। समस्त बौधायन-कल्पका कर्ता एउटै व्यक्ति बौधायन भएको कुरा वैदिक परम्परा र इतिहासकार हरूको उल्लेखबाट बुझ्न सकिन्छ[१९०]।

बौधायनश्रौतसूत्र मूलतः क) मुख्यसूत्र (प्रश्न १-१९), ख) द्वैधसूत्र (प्रश्न २०-२३), ग) कर्मान्तसूत्र (प्रश्न २४-२६), घ) प्रायश्चित्तसूत्र (प्रश्न २७-२९)

---

१८९. द्र.- कल्पसूत्र, पृ. ४६-४८।
१९०. ऐ., पृ. ४८-४९।

र ङ) शुल्बसूत्र (प्रश्न ३०) गरी जम्मा **पाँच विभाग, ३० प्रश्न र ८२६ खण्डमा**[१९१] **विभक्त** छ। प्रश्नभित्र विभिन्न अध्याय र अध्यायभित्र अनेक खण्ड छन्। विलेम क्यालेन्डद्वारा सम्पादित संस्करणको मूल भागमा प्रत्येक **अध्यायको सङ्केत 'प्रथमः, द्वितीयः, तृतीयः'** इत्यादि शब्दले गरिएको छ भने **खण्डको सङ्केत '१, २, ३'** इत्यादि अङ्कद्वारा गरिएको छ। ग्रन्थको माथिल्लो भागमा (प्रत्येक पृष्ठको सिरानमा) प्रश्न र खण्डबोधक दुई अङ्कमात्र प्रयोग गरिएको छ। यस ग्रन्थको नाममा 'सूत्र' शब्द जोडिए पनि यसको रचना सूत्रशैलीमा भएको देखिँदैन। ब्राह्मणग्रन्थजस्तै प्रवचन-शैलीमा रचना गरिएको हुनाले यसमा सूत्रबोधक अङ्कको प्रयोग गरिएको छैन। यसको अन्तिम वा तीसौं प्रश्न **'बौधायनशुल्बसूत्र'**का नामले चिनिन्छ। शुल्बसूत्रमा १० अध्याय र २१ खण्ड छन्। शुल्बसूत्रभन्दा पछाडि **'प्रवरसूत्र'** समावेश गरिएको छ। प्रवरसूत्रमा १० अध्याय र ५४ कण्डिका छन्। बौधायन-श्रौतकल्पका विषयको **स्थलसङ्केत प्रस्तुत गर्दा** अध्यायलाई छोडेर **प्रश्न र खण्डबोधक दुई अङ्कको प्रयोग** गरिन्छ।

भाष्य र संस्करण : बौधायनश्रौतसूत्रका अनेक व्याख्याताहरूको चर्चा विलेम क्यालेन्डले गरेका छन्। उनलाई उद्धृत गर्दै यस श्रौतसूत्रमा भवस्वामीको 'विवरण-भाष्य' (१-२६ प्रश्नसम्म), सायणको भाष्य (प्रथम प्रश्नमा मात्र), वासुदेव दीक्षितको 'महाग्निसर्वस्व'भाष्य (दसौं र सत्रौं प्रश्नमा), वेङ्कटेश्वरको व्याख्या (२४-२६ प्रश्नमा) र द्वारकानाथ यज्वाको व्याख्या (२७-३० प्रश्नमा) भएको कुरा कुन्दनलाल शर्माले उल्लेख गरेका छन्[१९२]। यसअतिरिक्त यस श्रौतसूत्रसँग सम्बद्ध विभिन्न याज्ञिक प्रयोग पनि विभिन्न विद्वान्द्वारा तयार गरिएको कुरा शर्माले उल्लेख गरेका छन्। उपर्युक्त भाष्यमध्ये वर्तमानमा सायण, वेङ्कटेश्वर र द्वारकानाथका भाष्यमात्र उपलब्ध हुने कुरा चिन्तामणि गणेश काशीकरले उल्लेख गरेका छन्[१९३]। बलदेव उपाध्यायले क्यालेन्डद्वारा सम्पादित बौधायनश्रौतसूत्र गोविन्दस्वामीको भाष्यसहित मैसूरबाट प्रकाशित भएको[१९४] कुरा लेखेका भए पनि यो विषय चिन्तनीय नै छ।

१. The Baudhayana Srauta Sutra, Belonging to the Taittiriya Samhita, Edited by Dr. W. Caland (Vols. 1-3), Calcutta : Printed at the Baptist Mission Press, and Publised by the Asiatic Society, 1904 (vol. 1), 1907 (vol. 2), 1913 (vol. 3). पुनर्मुद्रण : (१-२ भाग), मुन्शीराम मनोहरलाल, दिल्ली, सन् १९८२।

२. बौधायनश्रौतसूत्रम् (दर्शपूर्णमासभागात्मकम्) सायणभाष्योपेतम्, सम्पा.

१९१. प्रश्न ३० को अन्त्यमा राखिएको 'प्रवरप्रश्न'मा ५४ खण्ड छन्। यी पनि जोड्ने हो भने बौधायनश्रौतसूत्रमा जम्मा ८८० खण्ड हुन्छन्।

१९२. कल्पसूत्र, पृ. ५०।

१९३. सं.वा.बृ.इ. २, पृ. ६८।

१९४. वै.सा.सं., पृ. २१५।

डा. रूपनारायण पाण्डेय, गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ, प्रयाग, सन् १९८२।

५.३.१.५ वाधूलश्रौतसूत्र

यस श्रौतसूत्रको सम्बन्ध कृष्णयजुर्वेदको वाधूल-शाखासँग रहेको छ। कतिपय इतिहासकार र वैदिक विद्वान्हरूले यसको सम्बन्ध तैत्तिरीय-शाखासँग पनि भएको कुरा बताउँदछन् तर यस श्रौतसूत्रमा उद्धृत मन्त्रहरूमध्ये केही तैत्तिरीयसंहितामा उपलब्ध नै नहुने र अधिकांश मन्त्र पाठभेदसहित त्यहाँ उपलब्ध हुने भएकाले यो छुट्टै पूर्ण शाखा भएको अनुमान पनि विद्वान्हरूले गरेका छन्[१९५]। यसका प्रवक्ता वाधूल ऋषि वा यस गोत्रसँग आबद्ध आचार्य हुन्[१९६]।

वाधूलश्रौतसूत्र **प्रपाठक> अनुवाक> खण्ड/पटल> सूत्र** गरी चार भागमा विभक्त छ। यसमा १५ प्रपाठक, ७७ अनुवाक र २८२ पटल छन्। अतः सूत्रसहित यसको **स्थलसङ्केत दिंदा चार अङ्क उल्लेख गर्नु आवश्यक** हुन्छ। हालसम्म यस श्रौतसूत्रमा कुनै भाष्य प्रकाशित भएको जानकारी यस ग्रन्थकारलाई छैन।

संस्करण :

१. जर्मन अनुवादसहित, विलेम क्यालेन्ड, Acta Orientalia (Vols I, II, IV, VI) सन् १९२३, १९२४, १९२६ र १९२८।
२. सम्पा. प्रो. व्रजबिहारी चौबे, कात्यायन वैदिक साहित्य प्रकाशन, होशियारपुर, पञ्जाब, सन् १९९३।

५.३.१.६ मानवश्रौतसूत्र

यो श्रौतसूत्र कृष्णयजुर्वेदको मैत्रायणीय चरणसँग सम्बद्ध छ। त्यसैले यसलाई मानव-मैत्रायणीय वा मैत्रायणीय-श्रौतसूत्र पनि भनिन्छ[१९७]। यो श्रौतसूत्र **भाग> अध्याय> खण्ड> सूत्र** गरी चार भागमा विभक्त छ। यसमा परिशिष्टसहित ११ भाग छन्। यी भाग क्रमशः **१.** प्राक्सोम (१-८ अध्याय), **२.** अग्निष्टोमकल्प (१-५ अध्याय), **३.** प्रायश्चित्तकल्प (१ अध्याय), **४.** प्रवर्ग्य (१ अध्याय), **५.** इष्टिकल्प (१-२ अध्याय), **६.** चयनकल्प (१-२ अध्याय), **७.** वाजपेयकल्प (१-२ अध्याय), **८.** अनुग्राहिककल्प (१ अध्याय), **९.** राजसूयकल्प (१-५ अध्याय), **१०.** शुल्बकल्प (१-३ अध्याय) र **११.** परिशिष्टका नामबाट चिनाइएका छन्। प्रत्येक भाग विभिन्न अध्याय, खण्ड र सूत्रमा विभक्त छन्। माथि उल्लेख गरिएअनुसार मानवश्रौतसूत्रका **१-१० भागमा जम्मा ३० अध्याय** हुन्छन्। यस ग्रन्थको **अन्तिम वा एघारौं भाग परिशिष्ट**का रूपमा सङ्गृहीत छ र यसमा प्रतिग्रहकल्प,

१९५. कल्पसूत्र, पृ. ५१।
१९६. द्र.. सं.वा.बृ.इ. २, पृ. ७६।
१९७. भगवद्दत्तले मानवशाखालाई सौत्रशाखामात्र भनेका छन् -वै.वा.इ. १, पृ. २३३।

मूलजातशान्ति, यमलशान्ति, अश्लेषाशान्ति, दन्ताप्त्यशान्ति, प्रसवेकृतशान्ति, नित्यरुद्रजपविधानकल्प, नैमित्तिकरुद्रजपकल्प, प्रवराध्याय र श्राद्धकल्पहरूको विधान गरिएको छ। यस विभागअनुसार मानवश्रौतसूत्रको **स्थलसङ्केत प्रस्तुत गर्दा चार अङ्कको प्रयोग** गरिन्छ।

मानवश्रौतसूत्रको अर्को विभाग पनि उल्लिखित छ। जसअनुसार समग्र श्रौतसूत्र **१) प्राक्सोम, २) इष्टिकल्प, ३) अग्निष्टोम, ४) राजसूय** र **५) चयन** गरी पाँच भागमा विभक्त भएको र यी भागमा क्रमशः ८, २, ५, ६, ५ अध्याय हुन सक्ने कुरा सम्पादकलाई उद्धृत गर्दै कुन्दनलालले लेखेका छन्[१९८]।

भाष्य र संस्करण : मानवश्रौतसूत्रको 'प्राक्सोम' भागमा प्रसिद्ध मीमांसक कुमारिल भट्टले भाष्य लेखेका छन्। यसको प्रकाशन प्रो. गोल्डस्टुकरको सम्पादकत्वमा लन्डनबाट भएको छ (सन् १८६१)। 'प्राक्सोम' भागमा नै बालकृष्ण मिश्रले लेखेको 'मानवसूत्रवृत्ति', अग्निस्वामीद्वारा विरचित 'अग्निष्टोमभाष्य' र नारदका पुत्र शिवदासले लेखेको 'मानव-शुल्बभाष्य' पनि हस्तलेखमा सुरक्षित छन्। यस श्रौतसूत्रका केही भागमा आधारित बालकृष्ण मिश्रलगायतका विद्वान्ले लेखेका पद्धतिहरू उपलब्ध छन्। यस श्रौतसूत्रको अग्निष्टोम-पद्धति कलकत्ता संस्कृत कलेजमा सुरक्षित छ[१९९]। यसप्रकार यस ग्रन्थको प्राक्सोम-भागबाहेक अन्य भागमा लेखिएका कुनै प्राचीन भाष्य प्रकाशित भएको देखिँदैन।

१. १-५ भाग (दर्शपूर्णमासदेखि इष्टिकल्पसम्म), सम्पा. फ्रीड्रीक नाउर (F. Knauer), सेन्ट पिटर्सबर्ग (St. Petersburg), सन् १९००-१९०३।
२. छैटौं भाग (चयनकल्प), सम्पा. जे. एम. गेल्डर (Jeannette M. Gelder), लाइडेन, सन् १९२१।
३. सम्पूर्ण (१-२ भाग), सम्पा. तथा अंग्रेजी अनुवादक : जे. एम. गेल्डर, अन्तर्राष्ट्रिय भारतीय संस्कृति संस्थान, दिल्ली, सन् १९६१-६३। पुनर्मुद्रण : सन् १९८५।
४. सम्पा. प्रमोद बाला मिश्रा, नाग पब्लिशर्स, दिल्ली, सन् २००३।

५.३.१.७ भारद्वाजश्रौतसूत्र

यस श्रौतसूत्रको सम्बन्ध कृष्णयजुर्वेदको भारद्वाज शाखासँग रहेको कुरा नामबाट अवगत भए पनि हालसम्म यसका मन्त्रसंहिता, ब्राह्मणग्रन्थ इत्यादि उपलब्ध छैनन्। अनुसन्धाताहरूले यसको सम्बन्ध तैत्तिरीयसंहितासँग रहेको कुरा उल्लेख गरे पनि यसमा मैत्रायणी, काठक, वाजसनेय र शौनकसंहिताका मन्त्रहरू

१९८. कल्पसूत्र, पृ. ५७।
१९९. ऐ., पृ. ५९-६०।

पनि उद्धृत छन्[२००]। भारद्वाज-श्रौतसूत्र तथा गृह्यसूत्रका कर्ता भरद्वाज हुन्। **प्रश्न, खण्ड र सूत्र गरी तीन भागमा विभक्त** यो श्रौतसूत्र **अपूर्ण रूपमा उपलब्ध** छ। यो ग्रन्थ पन्ध्रौं प्रश्नको पञ्चम खण्ड वा कण्डिकासम्म उपलब्ध छ। यसको स्थलसङ्केत तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ। यसमा कुनै भाष्य वा व्याख्या मुद्रित भएको जानकारी यस ग्रन्थकारलाई छैन। **संस्करण :**

१. प्रश्न १-१२ (१-२ भाग), सम्पा. डा. रघुवीर, जर्नल अफ वैदिक स्टडीज, लाहोर, सन् १९३४-३५।
२. भारद्वाजश्रौतसूत्र (पैतृमेधिक तथा परिशेषसूत्रसहित, १-२ भाग), डा. चिन्तामणि गणेश काशीकरद्वारा सम्पादित तथा अंग्रेजीमा अनूदित, वैदिक संशोधन मण्डल, पूना, सन् १९६४।

५.३.१.८ आपस्तम्बश्रौतसूत्र

मूलतः यस कल्पको सम्बन्ध कृष्णयजुर्वेदीय आपस्तम्ब शाखासँग रहेको भए पनि वैदिक विद्वान् र विवेचकहरूले तैत्तिरीयसंहितासँग नै यसको विशेष सम्बन्ध छ भन्दछन्। यसमा तैत्तिरीयसंहिताका मन्त्रहरू प्रतीकका रूपमा उद्धृत भए पनि तैत्तिरीयब्राह्मणका मन्त्रहरू चाहिँ सकल पाठमा उद्धृत छन्। यसअतिरिक्त ऋग्वेदसंहितालगायत अन्यशाखीय मन्त्रहरूको उपयोग पनि यसमा गरिएको कुरा विवेचकहरू बताउँदछन्। कृष्णयजुर्वेदबाहेक सामवेदको पञ्चविंशब्राह्मण, शुक्ल-यजुर्वेदको शतपथब्राह्मण, कात्यायनश्रौतसूत्र इत्यादिसँग पनि यस श्रौतसूत्रको घनिष्ठ सम्बन्ध रहेको छ[२०१]।

आपस्तम्बप्रणीत **यो कल्प ३० प्रश्नमा विभक्त** छ। जसमध्ये १-२४ प्रश्नमा श्रौतसूत्रका विषय (प्रश्न २४ मा परिभाषा, प्रवर र हौत्रकसूत्र) २५-२६ प्रश्नमा आपस्तम्बमन्त्रपाठ (गृह्यकर्ममा विनियोज्य मन्त्र), प्रश्न २७ मा गृह्यसूत्र, प्रश्न २८-२९ मा धर्मसूत्र र अन्तिम प्रश्न ३० मा शुल्बसूत्रका विषय प्रतिपादित छन्। यसप्रकार जम्मा **२४ प्रश्नमा विभक्त** आपस्तम्बश्रौतसूत्रमा **५८९ कण्डिका** र **८,०६३ सूत्र** रहेका छन्[२०२]। यस श्रौतसूत्रको विभाग प्रश्न> पटल> कण्डिका> सूत्र गरी चार भागमा भए पनि पटललाई छोडेर **स्थलनिर्देशमा तीन अङ्कको** प्रयोग गरिन्छ।

भाष्य र संस्करण : आपस्तम्बश्रौतसूत्रमा धूर्तस्वामीका नामबाट प्रसिद्ध सर्वप्राचीन व्याख्या मुद्रित छ। सम्प्रदायविद्का अनुसार उनको भाष्य अग्निचयनभागसम्मको (१-१७ प्रश्नको) मात्र हो। वाजपेयदेखि विश्वसृजामयनसम्मको (१८-२१ प्रश्नको) भाष्य कपर्दिस्वामीको हो। धूर्तस्वामीकै

२००. ऐ., पृ. ६१। सं.वा.बृ.इ. २, पृ. ७०-७२।
२०१. कल्पसूत्र, पृ. ६५-७५।
२०२. ऐ., पृ. ६६ मा ५८८ कण्डिका र ७५९ सूत्र भएको भनी उल्लिखित कुरा गलत छ।

नामबाट प्रसिद्ध परिभाषासूत्रको (प्रश्न २४ को) व्याख्यालाई कसैले रुद्रदत्तविरचित मानेका छन्। धूर्तस्वामीका भाष्यमा रामाग्निचित्को (रामाण्डारको) वृत्ति उपलब्ध छ। यस श्रौतसूत्रका १-१५ प्रश्नमा रुद्रदत्तले पनि स्वतन्त्र वृत्ति लेखेका छन्। उपर्युक्त व्याख्याका अतिरिक्त यस कल्पमा आधारित भएर लेखिएका विभिन्न याज्ञिक प्रयोग र पद्धतिहरू पनि अनेक पुस्तकालयमा सुरक्षित छन् भने कतिपय प्रकाशित पनि छन्[२०३]।

१. रुद्रदत्तको वृत्तिसहित (१-३ खण्ड), सम्पा. रिचर्ड गार्बे, बिब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १८८२-१९०२। पुनर्मुद्रण : मुन्शीराम मनोहरलाल, दिल्ली, सन् १९८३।

२. विलेम क्यालेन्ड, 'डेस श्रौतसूत्र डेस आपस्तम्ब' (जर्मन अनुवाद, १-३ भाग), गोटिंगन (Gottingen), सन् १९२१ (प्रश्न १-७), एम्स्टर्डम (Amsterdam), सन् १९२४ (प्रश्न ८-१५) तथा सन् १९२८ (प्रश्न १६-२४)।

३. धूर्तस्वामीको भाष्य, रामाग्निचित्को वृत्ति र रुद्रदत्तको टिप्पणीसहित (१-३ भाग, प्रश्न १-१०), सम्पा. नृसिंहाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९४४-१९६०।

४. धूर्तस्वामीको भाष्यसहित (१-२ भाग), सम्पा. चिन्नस्वामी शास्त्री र पट्टाभिराम शास्त्री ओरियन्टल इंस्टिच्युट, बरोडा, सन् १९५५ र १९६३।

५.३.१.९ काठकश्रौतसूत्र

कृष्णयजुर्वेदको कठशाखासँग सम्बद्ध यो श्रौतसूत्र हालसम्म पूर्ण रूपमा प्रकाशित भएको जानकारी छैन। यस श्रौतसूत्रका १५० भन्दा बढी उद्धरणको सङ्कलन गरी डा. रघुवीरले[२०४] र 'काठकश्रौतसूत्रसङ्कलनम्'का नामबाट डा. सूर्यकान्तले (लाहोर, सन् १९४३) यसको प्रकाशन गरेका छन्[२०५]। काठक वा लौगाक्षिगृह्यसूत्रका व्याख्याता देवपालको भनाइअनुसार काठकश्रौतसूत्रमा ३९ अध्याय थिए[२०६]।

१. ***Kathaka-Samkalanam:*** *Extracts from the lost Kathaka-Brahmana, Kathaka SrautaSutra and Kathaka Grihya Sutras*, Meharchand Lachhmandas Publications, 1981, (first published in 1943).

५.३.१.१० हिरण्यकेशिश्रौतसूत्र (सत्याषाढश्रौतसूत्र)

मूलतः कृष्णयजुर्वेदको हिरण्यकेशि-शाखासँग सम्बद्ध यस श्रौतसूत्रलाई

---

२०३. ऐ., पृ. ७३-७५।

२०४. जर्नल अफ वैदिक स्टडीज, लाहोर, सन् १९२८ तथा १९३४।

२०५. काठकसङ्कलन, मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८१।

२०६. कल्पसूत्र, पृ. ७५-७६।

सत्याषाढश्रौतसूत्र पनि भनिन्छ। कसैले सूत्रभेदलाई आधार मानेर तैत्तिरीय-शाखा-अन्तर्गतकै उपशाखा हिरण्यकेशी हो भनेका छन्[२०७] भने कसैले परम्पराका आधारमा यसलाई आपस्तम्ब शाखाअन्तर्गतको मान्दछन्[२०८]। यस श्रौतसूत्रका व्याख्याकार महादेव दीक्षितका अनुसार आचार्य हिरण्यकेशीले सत्यको अवलम्बन गरेका कारण उनका पिताद्वारा हिरण्यकेशीकै अर्को नाम सत्याषाढ राखिएको थियो[२०९]। यसबाट यस कल्पका प्रवक्ता हिरण्यकेशी वा सत्याषाढ हुन् भन्ने कुरा अवगत हुन्छ।

हिरण्यकेशिकल्प २९ प्रश्नमा विभक्त छ। उक्त प्रश्नमध्ये प्रश्न १९-२० मा गृह्यसूत्रका विषय, प्रश्न २५ मा शुल्बसूत्रका विषय, प्रश्न २६-२७ मा धर्मसूत्रका विषय र प्रश्न २८-२९ मा पितृमेधसूत्रका विषय प्रतिपादित छन्। बाँकी १-१८ प्रश्न र २१-२४ प्रश्नमा श्रौतसूत्रका विषय प्रतिपादित छन्। यसरी श्रौतकर्मका बीचमा गृह्यकर्मको उपदेश र पितृमेधसूत्रभन्दा पहिला धर्मसूत्रका विषय प्रतिपादन गर्नु यस कल्पको वैशिष्ट्य देखिन्छ। यस कल्पका गृह्यसूत्र (१९-२० प्रश्न), शुल्बसूत्र (२५ प्रश्न), धर्मसूत्र (२६-२७ प्रश्न) र पितृमेधसूत्रलाई (२८-२९ प्रश्न) अलग गर्दा **हिरण्यकेशिश्रौतसूत्रमा जम्मा २२ प्रश्न** हुन्छन्। यी **प्रश्नहरू अनेक पटल र सूत्रमा विभक्त** छन्। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। जसमध्ये पहिलो अङ्कले प्रश्न, दोस्रोले पटल र तेस्रो अङ्कले सूत्रको बोध गराउँदछन्।

भाष्य र संस्करण : हिरण्यकेशिकल्पमा विभिन्न व्याख्या लेखिए पनि एउटै व्यक्तिद्वारा समग्र कल्प पूरा गरिएका व्याख्या कुनै पनि छैनन्। तीमध्ये १) महादेव शास्त्रीको 'वैजयन्ती'संज्ञक व्याख्या (प्रश्न १-६ र २८-२९ मा), २) महादेव शास्त्री दीक्षित सोमयाजीको प्रयोगचन्द्रिका (प्रश्न ११-१८, २१-२५ मा), ३) गोपीनाथ भट्टको ज्योत्स्ना (प्रश्न ७-१० मा), ४) वाञ्छेश्वर सुधीको व्याख्या (प्रश्न २४ मा), ५) मातृदत्तको व्याख्या (प्रश्न १९-२० गृह्यसूत्रमा) र ६) महादेवको उज्ज्वला (प्रश्न २६-२७ धर्मसूत्रमा) व्याख्याबाट हिरण्यकेशिकल्प पूरा भएको छ। यसअतिरिक्त महादेव सोमयाजीद्वारा लिखित दर्शपूर्णमास, चतुर्मास्य, नक्षत्रेष्टि, प्रायश्चित्तेष्टि तथा भट्ट गोपीनाथ दीक्षितको संस्काररत्नमाला (१-२ भाग), त्र्यम्बक ओकको आचार भूषणजस्ता हिरण्यकेशिकल्पमा आधारित भएर लेखिएका विभिन्न पद्धति र आह्निक ग्रन्थहरू उपलब्ध छन्।

१. सत्याषाढश्रौतसूत्र (गृह्यसूत्र, धर्मसूत्र, पितृमेधसूत्र र शुल्बसूत्रसहित १-१० भाग), वैजयन्ती-प्रयोगचन्द्रिका-ज्योत्स्ना-उज्ज्वलाप्रभृति व्याख्यासहित, सम्पा. काशीनाथ शास्त्री र शङ्कर शास्त्री मारुलकार, आनन्दाश्रम मुद्रणालय,

---

२०७. सं.वा.बृ.इ. २, पृ. ९५।
२०८. कल्पसूत्र, पृ. ७८।
२०९. सत्यावलम्बनतया विदिताद्यसत्याषाढाभिधामभजदात्मपितुः सकाशात्। -सत्या.श्रौ., भाग १, उपो., पृष्ठ १४।

पूना, सन् १९०७-१९३२।

५.३.१.११ वाराहश्रौतसूत्र

कृष्णयजुर्वेदको मैत्रायणीय चरणअन्तर्गतको वाराह-शाखासँग सम्बद्ध यस श्रौतसूत्रमा प्रायः मैत्रायणीसंहिताका मन्त्रहरू उद्धृत छन्। अन्य शाखाका उद्धरणहरूमा तैत्तिरीयसंहिताका मन्त्र अधिक छन्। यस श्रौतसूत्रका प्रकाशित संस्करणमा अनेक विषयको न्यूनता रहेको देखिन्छ। अग्निष्टोम, प्रवर्ग्य, इष्टिकल्प, प्रायश्चित्तजस्ता महत्त्वपूर्ण विषय यसमा उपलब्ध छैनन्। त्यसैले यो श्रौतसूत्र बीच-बीचमा खण्डित र अपूर्ण प्रतीत हुन्छ।

वाराहश्रौतसूत्रको विभाग प्राक्सौमिक, अग्निचय र वाजपेयादि गरी तीन प्रकरणमा गरिएको छ। पहिलो प्रकरण प्राक्सौमिकमा ७ अध्याय र ३८ खण्ड छन् भने दोस्रो प्रकरण अग्निचयनमा २ अध्याय एवं १३ खण्ड छन्। अन्तिम वा तेस्रो वाजपेयादि-प्रकरणमा ४ अध्याय र १९ खण्ड छन्। यसप्रकार **समग्र श्रौतसूत्रमा ३ प्रकरण** (भाग), **१३ अध्याय र ७० खण्ड** छन्। खण्डअन्तर्गत सूत्रपाठ उपलब्ध छ। यसरी **प्रकरण> अध्याय> खण्ड> सूत्र** गरी चार भागमा विभक्त यस श्रौतसूत्रको **स्थलसङ्केत चार अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यस ग्रन्थमा कुनै व्याख्या उपलब्ध छैन।

१. मैत्रायणीय-वाराहश्रौतसूत्र, सम्पा. विलेम क्यालेन्ड तथा डा. रघुवीर, मेहचन्द लछमनदास, लाहोर, सन् १९३३। पुनर्मुद्रण : दिल्ली, सन् १९७१।
२. वाराहश्रौतसूत्र, सम्पा. चिन्तामणि गणेश काशीकर, पुणे, सन् १९८८।

५.३.१.१२ वैखानसश्रौतसूत्र

कृष्णयजुर्वेदको तैत्तिरीयसंहितासँग सम्बद्ध मानिने यो श्रौतसूत्र सबैभन्दा अर्वाचीन र वैष्णव सम्प्रदायसँग गाँसिएको कुरा विवेचकहरूले उल्लेख गरेका छन्। वैखानसको अर्थ औखेय भएकाले यो कल्प कृष्णयजुर्वेदको औखेय शाखाको हुन सक्ने कुरा केही विद्वान्ले उल्लेख गरेका छन्[२१०]। साम्प्रदायिक मान्यताअनुसार यस कल्पको रचना विखना (विखनस्) मुनिले गरेका हुन्।

वैखानस-कल्पमा ३२ प्रश्न रहेका छन् र यसको आरम्भ गृह्यकल्पबाट हुन्छ। **श्रौतसूत्र गृह्यसूत्रको उपजीवी भएजस्तो देखिने यस कल्पको पितृमेध-प्रकरण पनि गृह्यसूत्रमा नै समावेश** गरिएको छ। यस कल्पका ३२ प्रश्नमध्ये आदिका १-७ प्रश्नमा गृह्यसूत्र, ८-१० प्रश्नमा धर्मसूत्र, ११ औं प्रश्नमा प्रवरसूत्र र १२-३२ प्रश्नमा श्रौतसूत्रका विषय प्रतिपादित छन्। यसप्रकार **जम्मा २१ प्रश्नमा विभक्त** यस श्रौतसूत्रका प्रत्येक प्रश्न अनेक **खण्डमा विभाजित** छन्। यो श्रौतसूत्र लामा-लामा गद्यमा निबद्ध भएकाले यसमा सूत्रसङ्ख्या उल्लेख गरिएको छैन। त्यसैले प्रश्न र खण्डमात्र बुझाउन यसको **स्थलसङ्केत दुई अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यस

२१०. कल्पसूत्र पृ. ८४। सं.वा.बृ.इ. २ पृ. ४१७। वै.श्रौ.सू. : पृ. १४५।

श्रौतसूत्रमा श्रीनिवास दीक्षितले भाष्य लेखेका भए पनि उक्त व्याख्या प्रकाशित भएको जानकारी छैन।

१. वैखानसश्रौतसूत्र, सम्पा. विलेम क्यालेन्ड, रोयल एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९४१। पुनर्मुद्रण : मुन्शीराम मनोहरलाल पब्लिशर्स, दिल्ली, सन् १९९१।

५.३.१.१३ आर्षेयकल्प वा मशक-कल्पसूत्र

मशक वा मशक गार्ग्यद्वारा रचित यो कल्पसूत्र सामवेदको कौथुम शाखासँग सम्बद्ध मानिन्छ। यसमा ३६१ दिनसम्म चल्ने 'गवामयन'यागदेखि सहस्र-संवत्सरात्मक सत्रयागसम्मका वैदिक यज्ञहरूमा प्रयोग हुने साम र तीसँग सम्बद्ध विषयको विवरण प्रस्तुत गरिएको छ। सामवेदको ताण्ड्यमहाब्राह्मणबाट केही प्रभावित यस कल्पले यज्ञमा विनियोज्य अधिकांश गानहरू ऊहगान तथा रहस्य-गानबाट (ऊह्यगानबाट) ग्रहण गरेको देखिन्छ भने केही गानहरू वेयगान र आरण्य-गानबाट पनि लिएको छ। यस कल्पलाई सूत्रको संज्ञा दिइए पनि यसको अधिकांश भाग लामा गद्यमा रचना गरिएको छ।

आर्षेयकल्पमा **११ अध्याय वा प्रपाठक** छन्। यस कल्पका व्याख्याकार वरदराजले समग्र सूत्रलाई ११ अध्यायमा विभक्त गरेका छन् भने ग्रन्थका प्रथम सम्पादक विलेम क्यालेन्डले यसमा ११ प्रपाठक भएको चर्चा गरेका छन्। अध्यायहरू **११९ खण्डमा**[२११] र खण्डहरू स्तोत्रविवरणात्मक अनेक सूत्रमा विभक्त छन्। सूत्र भनिए पनि कुनै कण्डिका वा सूत्र निकै लामा र कुनै अपेक्षाकृत छोटा छन्। यसरी अध्याय/प्रपाठक> खण्ड> सूत्र गरी तीन भागमा विभक्त यस कल्पको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यस कल्पका १-२ अध्यायमा गवामयन, ३-५ अध्यायमा एकाह, चातुर्मास्यजस्ता याग, ६-८ अध्यायमा अहीनयाग र ९-११ अध्यायमा सत्रयागको वर्णन गरिएको छ।

व्याख्या र संस्करण : आर्षेयकल्पसूत्रमा वरदराजको 'विवृत्ति'संज्ञक वैदुष्यपूर्ण व्याख्या प्रकाशित छ।

१. Der Arseyakalpa des Samaveda, Edited by Dr. W. Caland, Leipzig, 1908.
२. आर्षेयकल्प, वरदराजको विवृत्तिसहित, सम्पा. प्रो. बेल्लिकोत्तु रामचन्द्र शर्मा, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशियारपुर, सन् १९६७। पु.मु., १९७५।

५.३.१.१४ क्षुद्रकल्प

मशक गार्ग्यद्वारा नै रचित यो ग्रन्थ बाह्य दृष्टिले पृथक् प्रतीत भए पनि

२११. सा.सर्व., पृ. १११ मा मशककल्पका खण्डसङ्ख्या ११५ उल्लेख गरिएको छ, जुन चिन्तनीय छ।

वस्तुतः यो आर्षेयकल्पकै दोस्रो भाग वा परिशिष्ट हो[२१२]। अतः क्षुद्रकल्पका व्याख्याकार श्रीनिवासले यसलाई आर्षेयकल्पकै भाग मानेर 'उत्तर-कल्पसूत्र' भनेका छन्। यसमा एक दिनदेखि कैयौं वर्षसम्म अनुष्ठान गरिने सोमयागमा प्रयोग हुने सामगानको विवरण ताण्ड्यमहाब्राह्मणको अनुगमन गर्दै प्रस्तुत गरिएको छ।

ताण्ड्यब्राह्मण तथा लाट्यायनश्रौतसूत्रको पूरक मानिने यो कल्पसूत्र ६ अध्याय, ३ प्रपाठक र ४३ खण्डमा विभक्त छ। विलेम क्यालेन्डले यस ग्रन्थलाई ३ प्रपाठक र ६ अध्यायमा विभक्त गरेका छन्। अध्यायक्रमलाई स्विकार्दा प्रत्येक २ अध्यायमा १/१ प्रपाठक हुन्छन् भने प्रपाठक-क्रमलाई स्विकार्दा प्रतिप्रपाठक २ अध्याय हुन्छन्। अध्यायभन्दा प्रपाठकको सङ्ख्या कम भएकाले दोस्रो क्रम नै स्वीकार्य हुन्छ। जसअनुसार **समग्र ग्रन्थमा ३ प्रपाठक**, प्रतिप्रपाठक २ अध्यायका हिसाबले **६ अध्याय** र १-२ अध्यायमा ११ खण्ड, ३-४ अध्यायमा १६ खण्ड तथा ५-६ अध्यायमा १६ गरी जम्मा **४३ खण्ड** रहेका छन्। प्रत्येक खण्डभित्र ब्राह्मणसदृश गद्यशैलीका स्तोत्रविवरण वा सूत्र रहेका छन्। यसरी **प्रपाठक> अध्याय> खण्ड> सूत्र** गरी चार भागमा विभक्त भए पनि यस कल्पको स्थलसङ्केत प्रस्तुत गर्दा अध्यायलाई छोडेर प्रपाठक> खण्ड र सूत्र बुझाउनका लागि **तीन अङ्कमात्र** उल्लेख गरिन्छ।

भाष्य र संस्करण : क्षुद्रकल्पमा शतक्रतु कुमार ताताचार्यका पुत्र श्रीनिवासले विस्तृत व्याख्या लेखेका छन्।

१. आर्षेयकल्पसँगै, सम्पा. विलेम क्यालेन्ड, लाइपजिग, सन् १९०८।
२. हिन्दी अनुवादसहित, सम्पा. राजाराम, आर्ष ग्रन्थावली, लाहोर, सन् १९२१।
३. श्रीनिवासको भाष्यसहित, सम्पा. प्रो. बेल्लिकोत्तु रामचन्द्र शर्मा (बी. आर. शर्मा), पञ्जाब युनिभर्सिटी, होशियारपुर, सन् १९७४।

५.३.१.१५ लाट्यायनश्रौतसूत्र

लाटप्रदेशसँग (गुजरातसँग) सम्बद्ध[२१३] लाटीय वा लाटिद्वारा निर्मित भएकाले[२१४] 'लाट्यायन' नामबाट प्रसिद्ध यस श्रौतसूत्रको सम्बन्ध सामवेदको कौथुम शाखासँग रहेको छ। मूलतः ताण्ड्यब्राह्मणमा आधारित यस सूत्रमा आर्षेयकल्पका वचन पनि प्रशस्त उद्धृत छन्।

---

२१२. मशककल्पसूत्रमधिकृत्य पूर्वं विचारः कृतः । तस्यैव शेषभूतोऽयं ग्रन्थः । कल्पसूत्रं (मशककल्पसूत्रं) सप्तदशाध्यायात्मकम्। तत्र एकादशाध्यायाः कल्पसूत्रत्वेन, अवशिष्टभागाः क्षुद्रकल्पत्वेन व्यवह्रियन्ते । यथा ताण्ड्यशेषस्य षड्विंशस्य ब्राह्मणान्तरत्वेन गणनां कृत्वा अष्टौ ब्राह्मणानीति व्यवहारः, तद्वत् कल्पक्षुद्रयोरेकत्वेऽपि पृथक् परिगणय्य दश सूत्राणीति व्यवहारः सङ्गच्छते -रामनाथ दीक्षित, सा.सर्व., पृ. ११६-१७।

२१३. द्र.- तन्त्रवार्तिक १.३.११।

२१४. कल्पसूत्र, पृ. १२९।

प्रपाठक> कण्डिका> सूत्र गरी तीन भागमा विभक्त यस श्रौतसूत्रमा १० **प्रपाठक, १२९ कण्डिका** र **२५८४** वा **२६४१ सूत्र** छन्। सातौं प्रपाठकमा १३ र दसौंमा २० कण्डिका छन् भने बाँकी सबै प्रपाठकमा १२/१२ कण्डिका छन्। सूत्रसङ्ख्या चाहिँ सी. बी. वैद्यका अनुसार २५८४ र अस्को परपोलाका अनुसार २६४१ छन्[२१५]। यस श्रौतसूत्रको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ।

भाष्य र संस्करण : लाट्यायनश्रौतसूत्रमा अग्निस्वामी, रामकृष्ण दीक्षित र मुकुन्द झा बख्शीले भाष्य (व्याख्या) लेखेका छन्।

१. अग्निस्वामीको भाष्यसहित, सम्पा. आनन्दचन्द्र वेदान्तवागीश, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७२। पु.मु. : मुन्शीराम मनोहरलाल पब्लिशर्स, दिल्ली, सन् १९८२।

२. अग्निष्टोमप्रकरण, सम्पादक तथा व्याख्याता : मुकुन्द झा बख्शी, चौखम्बा संस्कृत ग्रन्थमाला, वाराणसी, सन् १९३२। पुनर्मुद्रण : सन् १९८४।

३. The Śrauta Sūtras of Lāṭyāyana and Drāhyāyaṇa (A study), Pratial trans. by Asko Parpola, Helsinki, 1968-69.

५.३.१.१६ उपग्रन्थसूत्र

सामवेदका १० श्रौतसूत्रमा[२१६] उपग्रन्थसूत्रको समेत गणना गरिए पनि वस्तुतः यसलाई श्रौतपरिशिष्ट भन्नु उपयुक्त हुन्छ। सामसारसर्वस्वका लेखक रामनाथ दीक्षितका अनुसार उपग्रन्थसूत्रका कर्ता महर्षि कात्यायन हुन्। यस ग्रन्थमा यज्ञमा उत्पन्न हुन सक्ने सम्भावित दोषहरूको प्रायश्चित्तविधान गरिएको छ। यसमा वेङ्कटेश दीक्षित नामका कुनै विद्वान्को व्याख्या भएको कुरा सुनिएको छ भनी रामनाथले लेखेका छन्[२१७]। गद्यात्मक शैलीमा निबद्ध यस ग्रन्थको विभाग **प्रपाठक र खण्ड** गरी जम्मा २ भागमा गरिएको छ। यसमा **४ प्रपाठक** र प्रत्येक प्रपाठकमा १३/१३ खण्ड गरी **जम्मा ५२ खण्ड** छन्। यस ग्रन्थको प्रकाशन सर्वप्रथम सत्यव्रत सामश्रमीले 'उषा' पत्रिकाको चौथो अङ्कमा गराएका थिए[२१८]।

---

२१५. ऐ., पृ. १२९-१३०।

२१६. द्राह्यायणमनुपदं निदानं कल्पमेव च। उपग्रन्थाश्च क्षुद्राश्च तन्दालक्षणमेव च। सूत्रं पञ्चविधं ज्ञेयं कल्पानुपदमेव च। अनुस्तोत्रं तु विज्ञेया सूत्राणां दशकं स्मृतम्॥ -हरदत्त, सामवेदसर्वानुक्रमणी, पृ. २, पद्य ९-१०।

२१७. द्र.- सा.सर्व., पृ. ११२-११४।

२१८. Satyavrata Sāmaśhramī, ed. **"Sāmavedīyam Upagranthasūtram"**, Ushā 4, Calcutta, 1897, Cited by Gonda, Jan, in the Ritual Sutras p. 537.

५.३.१.१७ पञ्चविधसूत्र

यसलाई पनि सामवेदका १० श्रौतसूत्रमध्ये एक मान्ने परम्परा छ तर यसका विषयवस्तु याज्ञिक प्रयोगभन्दा उच्चारणपक्षसँग बढी सम्बद्ध[२१९] भएकाले यसलाई सामवेदीय शिक्षाग्रन्थको परिशिष्ट मान्नु उपयुक्त हुन्छ। यो ग्रन्थ प्रपाठक> खण्डिका> सूत्र गरी **३ भागमा विभक्त** छ र यसमा **२ प्रपाठक** तथा प्रत्येक प्रपाठकमा ७/७ खण्डिका गरी **जम्मा १४ खण्डिका** रहेका छन्। यसको प्रकाशन भाष्य र **मात्रालक्षण**सहित बी. आर. शर्माले तिरुपतिबाट सन् १९७० मा गराएका छन्[२२०]।

५.३.१.१८ निदानसूत्र

सामवेदीय कौथुम शाखाका दश श्रौतसूत्रअन्तर्गत तृतीय स्थानमा गणना गरिएको यो सूत्र आचार्य पतञ्जलिद्वारा विरचित मानिन्छ। यो ग्रन्थ प्रपाठक> पटल> खण्ड> सूत्र गरी **४ भागमा विभक्त** छ। जसअनुसार यस ग्रन्थमा १० **प्रपाठक,** प्रपाठकमा क्रमशः ४+४+४+४+४+४+३+४+३+४ गरी जम्मा **३८ पटल** र प्रत्येक प्रपाठकमा १३/१३ खण्ड छन्। सबै जोड्दा **१३० खण्ड** हुन्छन्। खण्डभित्र अनेक सूत्र भए पनि ग्रन्थमा सूत्रसङ्ख्याको उल्लेख नभएकाले **स्थलसङ्केत प्रस्तुत गर्दा** सूत्रबाहेकका तीन विभाग बुझाउन **तीन अङ्कै प्रयोग** उपयुक्त हुन्छ। प्रथम प्रपाठकका १-७ खण्डमा छन्दःसम्बन्धी विवरण प्रस्तुत गरिएकाले यो भाग **'छन्दोविचिति'** वा 'छन्दोविचय'का नामले चिनिन्छ। यसपछिका प्रपाठक र खण्डहरूमा स्तोम, तिनका विभिन्न विभाग एवं सामगानविषयक अन्य विवरण प्रस्तुत गरिएको छ। निदानसूत्रको प्रथम पटलमा हृषिकेश शर्मा वा पेत्ता शास्त्री र तातप्रसादको 'तत्त्वसुबोधिनी' वृत्ति उपलब्ध छन्[२२१]। **संस्करण :**

१. सम्पा. सत्यव्रत सामश्रमी 'उषा' पत्रिकाअन्तर्गत, कलकत्ता, सन् १८९७।
२. सम्पा. ए. वेबर (१.१-७ खण्ड), इन्दिशे स्टुडियन : ८, पृ. ८३-१२५।
३. सम्पा. कैलाशनाथ भटनागर, प्र.सं., लाहोर, सन् १९३९। द्वि.सं. : मेहरचन्द लछमनदास, दिल्ली, सन् १९७१।

५.३.१.१९ उपनिदानसूत्र

छन्दोविचय, सामगानां छन्दः, छन्दःपरिशिष्ट, छन्दोगपरिशिष्ट इत्यादि नामले समेत चिनिने यस ग्रन्थमा विशेषतः सामवेदीय छन्दहरूको र सामान्यतः वैदिक छन्दहरूको पनि प्रतिपादन गरिएको छ। यस ग्रन्थको अन्तिम पुष्पिकालाई

---

२१९. द्र.- सा.सर्व., पृ. ११९।
२२०. Sharma, Bellikoth Ramachandra, ed. **Pancavidha-Sūtra** with Commentaty, (Tirupati : Kendriya Sanskirt Vidyapeetha, 1970).
२२१. कल्पसूत्र, पृ. १४७।

आधार मानेर यसका रचयिता गार्ग्य हुन सक्ने अनुमान गरिन्छ[२२२]। यो ग्रन्थ २ पटल र ८ प्रपाठक वा अध्यायमा विभक्त छ। प्रपाठकभित्र अनेक सूत्र छन्। यसको स्थलसङ्केत तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ। यसमा रामकृष्ण त्रिपाठीले व्याख्या लेखेका छन्[२२३]।

१. सम्पा. मङ्गलदेव शास्त्री, सरस्वती भवन, वाराणसी, सन् १९३१।

५.३.१.२० ताण्ड्यलक्षण

यो ग्रन्थ हालसम्म प्रकाशित भएको जानकारी छैन। रामनाथ दीक्षितका अनुसार यसमा ३ प्रपाठक र २४ खण्ड छन् (सा.सर्व., पृ. ११८-१९)।

५.३.१.२१ अनुपदसूत्र

यो ग्रन्थ पनि वर्तमानसम्म प्रकाशित भएको जानकारी छैन। रामनाथ दीक्षितका अनुसार यसमा १० प्रपाठक र प्रत्येक प्रपाठकमा प्रायः १५ खण्ड छन्। यसले ताण्ड्यब्राह्मणको अनुसरण गर्दै यजुर्मन्त्रहरूको विनियोग बताउँदछ (सा.सर्व., पृ. ९७)।

५.३.१.२२ अनुस्तोत्र

सामवेदीय श्रौतसूत्रहरूको अन्तिम ग्रन्थ मानिने यो अनुस्तोत्र पनि प्रकाशित भएको जानकारी छैन। रामनाथ दीक्षितले आफ्नो ग्रन्थ सामसारसर्वस्वको पृ. १२०-२१ मा यसको सङ्क्षिप्त परिचय दिएका छन्।

५.३.१.२३ कल्पानुपदसूत्र

सामवेदका १० श्रौतसूत्रमध्ये एक मानिने यो ग्रन्थ प्रपाठक र खण्ड गरी जम्मा २ भागमा विभक्त छ। प्रथम प्रपाठकमा १२ खण्ड र द्वितीय प्रपाठकमा पनि १२ खण्ड गरी जम्मा **२ प्रपाठक** र **२४ खण्ड** यसमा रहेका छन्।

५.३.१.२४ द्राह्यायण वा खादिरश्रौतसूत्र

सामवेदीय द्राह्यायण (खादिर) श्रौतसूत्रको शाखासम्बद्धताका विषयमा विद्वान्हरूमा ऐकमत्य नरहे पनि कुन्दनलाल शर्माले यसलाई राणायनीय शाखासँग सम्बद्ध मानेका छन्[२२४]। राणायन वसिष्ठगोत्रीय भएकाले[२२५] यस श्रौतसूत्रलाई 'वासिष्ठसूत्र' पनि भनिने कुरा उनले लेखेका छन्। शिवराज आचार्यले राणायनीय शाखाको पृथक् अस्तित्वमाथि नै शङ्का व्यक्त गर्दै यो श्रौतसूत्र राणायनीय चरणअन्तर्गतको कौथुम शाखासँग सम्बद्ध हुन सक्ने कुरालाई पुष्टि गर्न रामनाथ

---

२२२. कल्पसूत्र, पृ. १४८। सा.सर्व., पृ. १०९।
२२३. कल्पसूत्र, पृ. १४८।
२२४. कल्पसूत्र, पृ. १३७-१३८।
२२५. भगवद्दत्त, वै.वा.इ. १, पृ. २४५।

दीक्षितका भनाइ उद्धृत गरेका छन्[२२६] । तर राणायनीयसंहिताको पनि पृथक् प्रकाशन भइसकेको हुँदा यो श्रौतसूत्र राणायनीय शाखासँग नै सम्बद्ध भएको तथ्य बढी स्वीकार्य हुन सक्छ भन्ने धारणा यस ग्रन्थकारको रहेको छ।

द्राह्यायणश्रौतसूत्रको विभाजनमा पनि एकरूपता देखिँदैन। एउटा विभाजन पटल> खण्ड> सूत्रमा गरिएको छ भने अर्को किसिमको विभाजनमा अध्याय> पटल र सूत्र-क्रमलाई मान्यता दिइएको छ। पहिलो विभाजनअनुसार यसमा **३२ पटल, १२८ खण्ड**[२२७] र **३२२२ सूत्र** छन् भने दोस्रो विभाजनअनुसार यसमा १० अध्याय छन् र अध्यायहरू अनेक पटलमा विभक्त छन्। डा. बी. आर. शर्माद्वारा सम्पादित धन्विन्-भाष्यसहितको द्राह्यायणश्रौतसूत्रमा **प्रपाठक> पटल> खण्ड> सूत्र** गरी चार विभाग देखाइएको छ। जसअनुसार यसमा **३१ पटल र १२८ खण्ड** रहेका देखिन्छन्[२२८] । सूत्रको गणना यस ग्रन्थकारले गरेको छैन। जुन विभाजनलाई माने पनि यसको **स्थलसङ्केत प्रस्तुत गर्दा** प्रपाठक वा अध्यायलाई छोडेर **पटल> खण्ड र सूत्रका बोधक तीन अङ्कको** प्रयोग गर्नुपर्छ।

भाष्य र संस्करण : द्राह्यायणश्रौतसूत्रमा रुद्रस्कन्दले 'औद्गात्रसारसङ्ग्रह' र धन्वीले 'छन्दोगसूत्रदीप' नामक भाष्य लेखेका छन्। यसअतिरिक्त मखस्वामीको व्याख्या पनि यसमा भएको कुरा रुद्रस्कन्दले औद्गात्रसङ्ग्रहमा र धन्वी तथा अग्निस्वामीले आ-आफ्ना भाष्यमा उल्लेख गरेका छन्[२२९] ।

१. धन्विन्भाष्यसहित, (१-११.४ सम्म), J. N. Reuter, Luzac and Co. London, 1904.

२. धन्विन्भाष्यसहित (१-१५ पटल), डा. रघुवीर, Journal of Vedic Studies, Vol. I, No. I, Lahore, 1934.

३. धन्विन्भाष्यसहित (सम्पूर्ण, १-३१ पटल), सम्पा. डा. बी. आर. शर्मा, गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ, प्रयाग, सन् १९८३।

४. धन्विन्भाष्यसहित, सम्पा. म. रामनाथ दीक्षित, सर सि.पी. रामस्वामी ऐय्यर फाउन्डेशन, मद्रास, सन् १९८२।

---

२२६. वै.ध.मू., पृ. १५२-१५३। कौथुमशाखायाः कल्पसूत्राणि दशेत्युक्तम्। तत्रेदं द्राह्यायणीयं सूत्रं प्रथमं स्थानमर्हति ..... अत एव कौथुमशाखाध्यायिनः द्राह्यायणसूत्रिण इति व्यपदिश्यन्ते। -रामनाथ दीक्षित, सा.सर्व., पृ. ८१।

२२७. अस्को परपोलाका अनुसार यसमा ३१ पटल र १२९ खण्ड छन् -कल्पसूत्र, पृ. १३७, टि. ३। रामनाथ दीक्षितले पनि यसका ३१ पटल मानेका छन् -सा.सर्व., पृ. ८१।

२२८. यस ग्रन्थअन्तर्गतका २२ र २८ औं पटलमा ५-५ खण्ड, २७ औं पटलमा ६ खण्ड र बाँकी सबैमा ४-४ खण्ड छन्। त्यसैले ४×२८= ११२ +५+५+६= १२८ खण्ड हुन्छन्।

२२९. कल्पसूत्र, पृ. १४१।

५.३.१.२५ जैमिनीयश्रौतसूत्र

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध यो श्रौतसूत्र आंशिक रूपमा (अग्निष्टोम-प्रकरण मात्र) प्रकाशित छ । यस ग्रन्थकारसँग जैमिनीयश्रौतसूत्रको **अग्निष्टोम-प्रकरणमात्र उपलब्ध छ। यस प्रकरणमा जम्मा १-२६ खण्ड** छन् र त्यस-अन्तर्गत सूत्रहरू निबद्ध छन्, तर सूत्रमा सङ्ख्याबोधक अङ्कहरू उल्लेख गरिएका छैनन् । जैमिनीयश्रौतसूत्रसँग सम्बद्ध यसभन्दा अतिरिक्त अंश यस ग्रन्थकारको नजरमा नआएकाले यहाँ कुन्दनलाल शर्मा र डा. ओमप्रकाश पाण्डेयले दिएको विवरणअनुसार[२३०] उक्त श्रौतसूत्रको स्वरूप प्रस्तुत गरिएको छ।

जैमिनीयश्रौतसूत्र १) सूत्र, २) कल्प र ३) पर्यायाध्याय वा परिशेष गरी तीन खण्डमा विभक्त छ । **पहिलो सूत्रखण्डमा** दीर्घवाक्यात्मक २६ कण्डिका रहेका छन् भने **दोस्रो कल्पखण्डमा** अनेक उपखण्ड (कण्डिका?) छन् । यसलाई कौथुमशाखीय मशक-कल्पको समानान्तर रचना मानिएको छ। **तेस्रो पर्यायाध्याय वा परिशेषखण्डमा** १२ अध्याय र ती अध्याय अनेक उपखण्डमा (कण्डिकामा?) विभक्त छन्। यसरी कहीं (१-२ खण्डमा) **खण्ड> उपखण्ड/कण्डिका> सूत्र गरी तीन भागमा** र कहीं (तेस्रो खण्ड) **खण्ड> अध्याय> उपखण्ड/कण्डिका> सूत्र गरी चार भागमा विभक्त** यस ग्रन्थको स्थलसङ्केत कसरी प्रस्तुत गर्ने भन्ने कुरा सुस्पष्ट छैन। तथापि पहिला दुई खण्डका विषयलाई तीन अङ्कद्वारा र पछिल्लो खण्डका विषयलाई चार अङ्कद्वारा स्थलनिर्देश गर्नु उपयुक्त हुने देखिन्छ।

व्याख्या र संस्करण : यस श्रौतसूत्रमा भवत्रातको वृत्ति प्रकाशित छ । यसअतिरिक्त अग्निष्टोम प्रकरणमा २१५ पद्यात्मक 'वैनतेयकारिका' (ड्यूक गास्ट्राद्वारा सम्पादित संस्करण, लाइडेन, सन् १९०६ को अन्त्यमा प्रकाशित), अज्ञातकर्तृक ११६ पद्यात्मक 'कारिका', 'क्रतुदीपिका', चन्द्रशेखर भट्टाचार्यद्वारा विरचित 'प्रयोगवृत्ति'जस्ता विभिन्न कारिका र प्रयोग-पद्धति यस श्रौतसूत्रमा लेखिएको कुरा अनुसन्धाताहरूले उल्लेख गरेका छन्।

१. डच-अनुवाद, अग्निष्टोमान्त प्रकरण, ड्यूक गाष्ट्रा (Dieuke Gaastra), Lieden, 1906 .
२. भवत्रातको वृत्तिसहित, सम्पा. प्रेमनिधि शास्त्री, सरस्वती विहार ग्रन्थमाला, दिल्ली, सन् १९६६ ।

५.३.१.२६ वैतानश्रौतसूत्र

अथर्ववेदको शौनकीय शाखासँग सम्बद्ध यो श्रौतसूत्र 'वैतानकल्प'का नामबाट पनि चिनिन्छ । अथर्ववेदका पाँच कल्पग्रन्थ नक्षत्रकल्प, वैतानकल्प, संहिताविधि (कौशिकगृह्यसूत्र), आङ्गिरसकल्प र शान्तिकल्पमध्ये यो कल्पसूत्र-

२३०. द्र.- कल्पसूत्र, पृ. १२१-१२८ र सं.वा.बृ.इ. २, पृ. १०८-१०९ ।

मात्र श्रौतकर्मसँग सम्बद्ध छ। यसका प्रवर्तक महर्षि कौशिक हुन्। यस ग्रन्थमा सोमादित्यद्वारा लिखित 'आक्षेपानुविधि'संज्ञक सङ्क्षिप्त भाष्यमात्र वर्तमानमा उपलब्ध छ। सोमादित्यले आफूभन्दा पूर्ववर्ती भाष्यकार वाचस्पतिको उद्धरण विभिन्न स्थलमा गरेका छन्।

वैतानश्रौतसूत्र ८ अध्याय र ४३ कण्डिकामा विभक्त छ। पहिलो अध्यायमा ४, दोस्रोमा ६, तेस्रोमा १४, चौथोमा ३, पाँचौंमा ३, छैटौंमा ५, सातौंमा ३ र आठौं अध्यायमा ५ कण्डिका छन् र प्रत्येक कण्डिकामा अनेक सूत्र छन्। यसरी **अध्याय> कण्डिका> सूत्र** गरी तीन भागमा विभक्त यस श्रौतसूत्रको **स्थलनिर्देश ३ वा २ अङ्कद्वारा** गरिन्छ। तीन अङ्कको स्थलनिर्देशमा पहिलो अङ्कले अध्याय जनाउँछ भने दुई अङ्कको स्थलनिर्देशमा त्यसले कण्डिका बुझाउँदछ।

१. जर्मन अनुवादसहित, रिचर्ड गार्बे, लन्डन तथा स्ट्रासबर्ग, सन् १८७८।
२. जर्मन अनुवाद तथा आलोचनात्मक टिप्पणीसहित, विलेम क्यालेन्ड, एम्स्टर्डम, सन् १९१०।
३. अंग्रेजी अनुवाद (१-२७ कण्डिका), एस. एन. घोषाल, इण्डियन हिस्ट्री क्वार्टली, सङ्ख्या ३४, सन् १९५९।
४. सोमादित्यको भाष्यसहित, सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, सन् १९६७ (वि.सं. २०२४)।

५.३.२ गृह्यसूत्र

वर्तमानमा **ऋग्वेदका** आश्वलायनगृह्यसूत्र, शाङ्खायनगृह्यसूत्र र कौषीतकिगृह्यसूत्र ३; **शुक्लयजुर्वेदका** पारस्करगृह्यसूत्र, कात्यायनगृह्यसूत्र र बैजवापगृह्यसङ्कलन ३; **कृष्णयजुर्वेदका** बौधायन, मानव, भारद्वाज, आपस्तम्ब, काठक (लौगाक्षि), आग्निवेश्य, हिरण्यकेशी (सत्याषाढ), वाराह र वैखानस-गृह्यसूत्र ९; **सामवेदका** गोभिलगृह्यसूत्र, खादिर/द्राह्यायणगृह्यसूत्र, कौथुमगृह्यसूत्र र जैमिनीयगृह्यसूत्र ४; एवं **अथर्ववेदको** कौशिकगृह्यसूत्र १ गरी **जम्मा २० गृह्यसूत्र उपलब्ध** छन्। यहाँ यिनै गृह्यसूत्रको सङ्क्षिप्त स्वरूप प्रस्तुत गरिएको छ।

५.३.२.१ आश्वलायनगृह्यसूत्र

ऋग्वेदको आश्वलायन शाखासँग सम्बद्ध यस गृह्यसूत्रको उपयोग शाकल तथा बाष्कल शाखाका अध्येताहरू पनि गर्दछन्। आश्वलायन-श्रौतसूत्रका प्रणेता आचार्य शौनक र यस गृह्यसूत्रका प्रणेता आश्वलायन हुन् भन्ने विद्वान्हरूको भनाइ छ[२३१]। यो ग्रन्थ **४ अध्याय, ५५ वा ५० खण्ड**[२३२] र अनेक **सूत्रमा विभक्त** छ। यसको

२३१. कल्पसूत्र, पृ. २३-२४, २४७, २४९।
२३२. नारायणवृत्तिवाला संस्करणमा ५५ खण्ड छन् भने हरदत्तको वृत्तियुक्त संस्करणमा ५० खण्ड छन्।

स्थलनिर्देश तीन अङ्कद्वारा गरिन्छ। यस गृह्यसूत्रमा दिवाकरका पुत्र नारायणको 'विवरण'संज्ञक भाष्य प्रसिद्ध छ। यसअतिरिक्त देवस्वामीको भाष्य, हरदत्त मिश्रको 'अनाविला' टीका र कुमारिल भट्टका गृह्यकारिका पनि यस गृह्यसूत्रमा उपलब्ध छन्। **संस्करण :**

१. नारायणको वृत्ति र गृह्यपरिशिष्टसहित, सम्पा. आर. विद्यारत्न तथा वेदान्त-वागीश, बिब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १८६६-१८६९। पुनर्मुद्रण : सन् १९८६।

२. नारायणको वृत्ति, गृह्यपरिशिष्ट तथा गृह्यकारिकासहित, जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९३।

३. नारायणको वृत्ति, गृह्यपरिशिष्ट तथा गृह्यकारिकासहित, सम्पा. वासुदेव लक्ष्मण पणशीकर, बम्बई, सन् १९०९।

४. अनाविला टीकासहित, सम्पा. टी. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९२३।

५. प्रथम अध्याय, देवस्वामी र नारायणको भाष्यसहित, सम्पा. स्वामी रवितीर्थ, अड्यार पुस्तकालय, मद्रास, सन् १९४४। पुनर्मुद्रण, सन् १९८०।

६. देवस्वामीको भाष्य १-४ अध्याय (गृह्यपरिशिष्टसहित), सम्पा. पं. के. पी. ऐथल, अड्यार पुस्तकालय, मद्रास, सन् १९८०।

७. नारायणको वृत्ति, गृह्यपरिशिष्ट तथा गृह्यकारिकासहित, सम्पा. पुरुषोत्तम शास्त्री रानाडे, आनन्दाश्रम, पूना, सन् १९३६। पुनर्मुद्रण : सम्पा. गणेश शास्त्री गोखले, १९७८।

८. Sharma, N. N., Asvalayana Gṛhyasūtram, with Sanskrit Commentary of Narayana, English translation, Introduction and Index, Eastern Book Linkers, Delhi: 1976.

९. गार्ग्यनारायणको वृत्ति, सविमर्श 'शशिप्रभा' हिन्दी व्याख्या, गृह्यपरिशिष्ट, गृह्यकारिका र गृह्यसूत्रानुक्रमणीसहित, हिन्दी व्याख्याकार तथा सम्पा. डा. जमुना पाठक, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् २०११।

५.३.२.२ शाङ्खायनगृह्यसूत्र

मूलतः ऋग्वेदको शाङ्खायन शाखासँग सम्बद्ध यो गृह्यसूत्र बाष्कल शाखासँग पनि नजिक नहेको कुरा केही विद्वान्हरूले उल्लेख गरेको पाइन्छ। यसका कर्ता सुयज्ञ शाङ्खायन हुन्। **६ अध्याय, ९६ खण्ड र अनेक सूत्रमा विभक्त** यस ग्रन्थमा नारायणको भाष्य, ओल्डेनबर्गको जर्मन अनुवाद र रामचन्द्रकृत पद्धतिका उद्धरण उपलब्ध छन्। यसको स्थलनिर्देश तीन अङ्कद्वारा गरिन्छ।

१. नारायण-भाष्य, ओल्डेनबर्गको जर्मन अनुवाद र रामचन्द्रकृत पद्धतिका उद्धरणसहित, सम्पा. ए. वेबर, इन्दिशे स्टुडियन, भाग १५, बर्लिन, सन् १८७८।
२. नारायणको भाष्यांशसहित, सम्पा. मोतीलाल सहगल, दिल्ली, सन् १९६०।
३. शाङ्खायनगृह्यसूत्रसङ्ग्रह, सम्पा. सोमनाथ उपाध्याय, वाराणसी, सन् १९०८।
४. Sehgal, S.R., Śāṅkhāyana-Gṛhya-Sūtram belonging to the Ṛgveda, Sri Satguru Publications, Delhi: 1987.
५. नारायणप्रणीत गृह्यप्रदीप, 'शशिप्रभा' हिन्दीव्याख्या र सूत्रानुक्रमणीसहित, व्याख्याकार तथा सम्पा. डा. जमुना पाठक, चौखम्बा कृष्णदास अकादमी, वाराणसी, सन् २०१२।

५.३.२.३ कौषीतकिगृह्यसूत्र (शाम्बव्यगृह्यसूत्र)

यो गृह्यसूत्र ऋग्वेदको कौषीतकी, शाङ्खायन वा शाम्बव्यमध्ये कुन शाखासँग सम्बद्ध छ भन्ने निश्चित गर्न सकिंदैन। कल्पसूत्रकार कुन्दनलाल शर्माले यस गृह्यसूत्रको सम्बन्ध शाम्बव्य शाखासँग रहेको देखाउने प्रयास गरेका छन्[२३३] भने शिवराज आचार्यले कौषीतकि-शाखाअन्तर्गत यस गृह्यसूत्रको उल्लेख गरेका छन्[२३४]। काशीमा मुद्रित कौषीतकि-गृह्यसूत्रको अन्तिम पुष्पिकाअनुसार[२३५] यो गृह्यसूत्र शाङ्खायन शाखाको हो। यसप्रकार शाखासम्बन्ध स्पष्ट गर्न नसकिए पनि कौषीतकी र शाङ्खायन शाखासँग यस गृह्यसूत्रको घनिष्ठ सम्बन्ध रहेको कुरा विवेचकहरूले उल्लेख गरेका छन्। यसका प्रणेता कुषीतकका पुत्र कहोल कौषीतकी[२३६] वा शाम्बव्य हुन सक्ने अनुमान गरिन्छ[२३७]। जैमिनीयश्रौतसूत्रका भाष्यकार भवत्रातले शाम्बव्य कल्पमा २४ पटल रहेको कुरा उल्लेख गरे पनि श्रौतकल्पमा कति र गृह्यकल्पमा कति पटल थिए निश्चित छैन[२३८]। यो गृह्यसूत्र अध्याय> खण्ड> सूत्र गरी **तीन भागमा विभक्त** छ। यसमा **५ अध्याय** र यिनमा क्रमशः २१+८+१५+४+८ गरी जम्मा **५६ खण्ड** छन्। यसको **स्थलनिर्देश** तीन अङ्कद्वारा गरिन्छ।

१. भवत्रातको भाष्यसहित, सम्पा. ति. रा. चिन्तामणि, मद्रास विश्वविद्यालय, मद्रास, सन् १९४४। पुनर्मुद्रण, दिल्ली, सन् १९८२।

---

२३३. कल्पसूत्र, पृ. २५९-२६२।
२३४. वै.ध.मू., पृ. १४१।
२३५. इति शाङ्खायनशाखायाः कौषीतकिगृह्यसूत्रे षष्ठोऽध्यायः -उ., भगवद्दत्त, वै.वा.इ. १, पृ. १७९।
२३६. ऐ.,। कौषीतकी शाङ्खायनका शिष्य थिए -कल्पसूत्र, पृ. २६१।
२३७. कल्पसूत्र, पृ. २६२।
२३८. भगवद्दत्त, वै.वा.इ. १, पृ. १८०।

२. वासुदेवकृत शाङ्खायन-गृह्यसूत्रसङ्ग्रहसहित, सम्पा. पं. रत्नगोपाल भट्ट, काशी संस्कृत सीरीज, सन् १९०८ ।

३. भवत्रातको विवरण, 'शशिप्रभा' हिन्दीव्याख्या, परिशिष्ट र सूत्रानुक्रमणी-सहित, व्याख्याकार तथा सम्पा. डा. जमुना पाठक, चौखम्बा संस्कृत सीरीज आफिस, वाराणसी, सन् २०१२ (वि.सं. २०६९)।

५.३.२.४ पारस्करगृह्यसूत्र

शुक्लयजुर्वेदका पन्ध्र शाखामध्ये यो गृह्यसूत्र कुन-कुन शाखासँग सम्बद्ध छ भन्ने कुरा स्पष्ट छैन। यसलाई कहीं 'कातीयगृह्यसूत्र'[२३९] र कहीं 'वाजसनेयगृह्यसूत्र'[२४०] पनि भनिएको देखिन्छ। यस भनाइलाई आधार मान्दा पारस्करगृह्यसूत्रका रचयिता कात्यायन हुन् भन्ने कुरा 'कातीय' शब्दले सङ्केत गर्दछ भने शुक्लयजुर्वेदका सबै शाखा वाजसनेयि-चरणअन्तर्गतका भएकाले 'वाजसनेय' शब्दले यस गृह्यसूत्रको सम्बन्ध उक्त सबै शाखासँग रहेको बुझिन्छ। केही विद्वान्ले यस गृह्यसूत्रका रचयिता पारस्कर हुन सक्ने अनुमान गरे पनि पातञ्जल-महाभाष्य, काशिकावृत्तिलगायतका ग्रन्थमा 'पारस्कर'लाई देशवाची शब्दका रूपमा ग्रहण गरिएको[२४१] तथा वैदिक परम्परामा कात्यायन-श्रौतसूत्र र पारस्करगृह्यसूत्रका रचयिता एउटै व्यक्ति रहेको कुरा मान्य भएकाले कात्यायन नै यस सूत्रका प्रणेता हुन् भन्ने प्रमाण बलियो छ। शुक्लयजुर्वेदीय माध्यन्दिन-शाखाका अध्येताहरूले यही गृह्यसूत्रलाई आफ्नो स्मार्तसूत्र मानेर यसकै आधारमा लौकिक कर्मकाण्ड सम्पन्न गर्दछन्।

पारस्करगृह्यसूत्र ३ काण्ड, ५१ कण्डिका र अनेक सूत्रमा विभक्त छ। पहिलो काण्डमा १९, दोस्रोमा १७ र तेस्रो काण्डमा १५ कण्डिका छन्। यस गृह्यसूत्रका परिशिष्टका रूपमा **'वापीकूपतडागप्रतिष्ठा'** (दीक्षित कामदेवकृत भाष्य र पद्धति-संहित), कात्यायनकृत **'त्रिकण्डिकास्नानसूत्र'** (हरिहरको भाष्य र पद्धतिसहित, १-३ कण्डिका), कात्यायनका १८ परिशिष्टअन्तर्गत 'श्राद्धकल्प'का नामबाट प्रसिद्ध **'श्राद्धसूत्र'** (कर्कभाष्य, गदाधरको भाष्य र पद्धति तथा कृष्णमिश्रको 'श्राद्धकाशिका'-संज्ञक व्याख्यासहित, १-९ कण्डिका) र **'भोजनसूत्र'** (मूलमात्र) प्रायः गृह्यसूत्रसँगै प्रकाशित भएका देखिन्छन्। यस गृह्यसूत्रका विषयको **स्थलनिर्देश तीन अङ्कद्वारा** गरिन्छ भने स्नानसूत्र र श्राद्धपरिशिष्टका विषयको सङ्केत कण्डिकाबोधक १ अङ्कद्वारा गरिन्छ।

पारस्करगृह्यसूत्रमा धेरै विद्वान्हरूले विभिन्न किसिमका भाष्य र पद्धति

---

२३९. जयरामको 'सज्जनवल्लभभाष्य'को अन्तिम पुष्पिका, पृ. ३९९ ।

२४०. Hillebrandt, Rituelliterature, p. 27, उ., कल्पसूत्र, पृ. ३०४, टि. १ ।

२४१. पारस्करो देशः -पतञ्जलि, व्या.म.भा. ६.१.५ (पा.सू. ६.१.१५७ को भाष्य); काशिका ६.१.१५७ । पारस्करप्रभृतयो रूढिशब्दा यथाकथञ्चिद्व्युत्पाद्याः -पा.सू. ६.१.१५७ मा न्यास तथा पदमञ्जरी ।

लेखेका छन्। तीमध्ये विक्रमको एघारौं शताब्दीतिरका **कर्कोपाध्याय**को कर्कभाष्य, करिब तेह्रौं शताब्दीका **हरिहर अग्निहोत्री**को व्याख्या र पद्धति, चौधौं शताब्दीका **गदाधर दीक्षित**को भाष्य र पदार्थक्रम (१-२ काण्डमा मात्र), प्रायः उक्त अवधिकै **जयराम**को 'सज्जनवल्लभ'संज्ञक भाष्य, **विश्वनाथ**को 'गृह्यसूत्रप्रकाशिका' नामक भाष्य, प्रयाग भट्टका नाति **रामकृष्ण**को **'संस्कारगणपति'**संज्ञक व्याख्या[२४२] (१-२ काण्डको मात्र), **रेणु दीक्षित**को **'कातीयगृह्यकारिका'**[२४३] बढी उपलब्ध र उल्लेख्य छन्। यसबाहेक **भर्तृयज्ञ** (कर्कभन्दा प्राचीन), वासुदेव, कामदेव, गङ्गाधर, देवयाज्ञिक, अनन्त, परशुराम, वेणीराम गौड, हरि शर्मा, मुरारी मिश्र इत्यादि विद्वान्हरूले पनि उक्त ग्रन्थमा विभिन्न व्याख्या र पद्धति लेखेको कुरा अध्येताहरूले बताएका छन्[२४४]। पारस्करगृह्यसूत्रका **प्रमुख संस्करण** निम्नबमोजिम छन्।

१. जर्मन अनुवाद, ए. एफ. स्टेन्ज्लर (A. F. Stenzler), लाइपजिग, सन् १८७६-७८।

२. अंग्रेजी अनुवाद, हरमान ओल्डेनबर्ग, पवित्र प्राच्य ग्रन्थमाला, भाग २९, सन् १८८६।

३. कर्क-जयराम-हरिहर-गदाधरभाष्य, वाप्यादिप्रतिष्ठा, शौच-स्नान-श्राद्ध र भोजनसूत्रका यथोपलब्ध भाष्यसहित, सम्पा. पं. देवनाथ शर्मा एवं पं. बालमुकुन्द शर्मा भट्ट, मेडिकल हल यन्त्रालय, काशी, वि.सं. १९५२।

४. कर्क-जयराम-हरिहर-गदाधर-विश्वनाथभाष्य, वाप्यादिप्रतिष्ठा, शौच-स्नान-श्राद्ध र भोजनसूत्रका यथोपलब्ध भाष्यसहित, सम्पा. महादेव शर्मा बाक्रे, गुजराती प्रिंटिंग प्रेस, बम्बई, प्र.संस्क., सन् १९१७, द्वि.संस्क. मुन्शीराम मनोहरलाल पब्लिशर्स प्रा.लि., दिल्ली, सन् १९८२।

५. वेणीराम गौडको व्याख्यासहित, वाराणसी, वि.सं. १९९५।

५.३.२.५ कात्यायनगृह्यसूत्र

कात्यायन-वाजसनेयिशाखाअन्तर्गतको मानिने यो गृह्यसूत्र पनि पारस्करगृह्यसूत्रजस्तै काण्ड, कण्डिका र सूत्रमा विभक्त छ। यस गृह्यसूत्रको पहिलो काण्डमा २४, दोस्रोमा २० र तेस्रो काण्डमा १६ कण्डिका छन्। यसरी जम्मा ३ काण्ड, ६० कण्डिका र अनेक सूत्रमा विभक्त यस ग्रन्थमा **पारस्करगृह्यसूत्रभन्दा ९ कण्डिका बढी** देखिन्छन्। यस गृह्यसूत्रमा जायाधिगमन (१.१३), गर्भाधान (१.१४), यमलजनन-प्रायश्चित्त (१.१९), मारुत-यमलचरु-विधान (१.२०),

---

२४२. संस्कारगणपति -रामकृष्ण भट्ट, सम्पा. ढुण्डिराज शास्त्री, चौखम्बा संस्कृत ग्रन्थमाला, वाराणसी, सन् १९३८।

२४३. जयपुर, राजस्थान, सन् १९८९।

२४४. द्र.- सं.वा.बृ.इ. २, पृ. १४६-४७। वै.ध.मू., पृ. १४७-४८।

मूलशान्तिविधि (१.२१), कर्णवेध (२.२), वेदव्रत (२.७), धर्मजिज्ञासा (२.१२) र वापी-कूप-तडागादिप्रतिष्ठा (३.५) गरी नौवटा विषय पारस्कर-गृह्यसूत्रभन्दा अधिक छन्। उक्त अधिक विषय र कण्डिकाबाहेकको अन्य पाठ पारस्करगृह्यसूत्र र यसमा प्रायः समान रहेको छ। यस ग्रन्थका विषयको **स्थलनिर्देश पनि ३ अङ्कद्वारा** नै प्रस्तुत गरिन्छ।

१. कात्यायनगृह्यसूत्र, सम्पा. युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, सोनीपत, हरयाणा, सन् १९८३।

५.३.२.६ बैजवापगृह्यसङ्कलन

शुक्लयजुर्वेदीय बैजवाप-शाखाका मन्त्र-ब्राह्मणलगायतका ग्रन्थ उपलब्ध छैनन् । बैजवाप आचार्यको नाम मैत्रायणीसंहिता, माध्यन्दिन-बृहदारण्यक उपनिषद् इत्यादिमा र बैजवापकल्पको उल्लेख कुमारिल भट्टको तन्त्रवार्तिक, कात्यायनश्रौतसूत्रका कर्कभन्दा अघिका भाष्यकार पितृभूमिको व्याख्यामा उपलब्ध हुने कुरा अनुसन्धाताहरूले उल्लेख गरेका छन्[२४५] । पं. भगवद्दत्तले विभिन्न ग्रन्थमा उपलब्ध भएका बैजवापगृह्यसूत्रका केही उद्धरणहरूको सङ्कलन गरी 'बैजवाप-गृह्यसङ्कलन'का नामबाट चौथो प्राच्यविद्या सम्मेलनको लेखसङ्ग्रह, भाग २ मा प्रकाशित गरेका छन्[२४६] ।

५.३.२.७ बौधायनगृह्यसूत्र

बौधायन कल्पअन्तर्गतको यो गृह्यकल्प क) **गृह्यसूत्र,** ख) **गृह्यपरिभाषा-सूत्र** र ग) **गृह्यशेषसूत्र वा गृह्यपरिशिष्ट** गरी तीन भागमा विभक्त छ। पहिलो भाग गृह्यसूत्रमा **४ प्रश्न,** प्रत्येक प्रश्नमा क्रमशः ११+११+१३+१२ गरी **४७ अध्याय** र तिनमा क्रमशः ३३६+३४९+२७७+८९ गरी जम्मा **१०५१ सूत्र** रहेका छन्। दोस्रो भाग गृह्यपरिभाषासूत्रमा **२ प्रश्न** र तिनमा क्रमशः १६ तथा ७ गरी जम्मा **२३ अध्याय** छन्। यसैगरी तेस्रो भाग गृह्यशेषसूत्रमा **५ प्रश्न** र तिनमा क्रमशः २४+२२+२३+२१+८ गरी जम्मा **९८ अध्याय** छन्। उपर्युक्त सबै भागका अध्यायहरू अनेक सूत्रमा विभक्त छन्।

यसरी **बौधायनगृह्यसूत्रका तीनवटै भाग प्रश्न> अध्याय> सूत्र गरी तीन भागमा विभक्त** भएकाले यी भागको **स्थलसङ्केत पनि ३ अङ्कद्वारा** नै गरिन्छ। जसअनुसार पहिलो अङ्कले प्रश्न, दोस्रोले अध्याय र तेस्रो अङ्कले सूत्र बुझ्नुपर्दछ। यस गृह्यसूत्रमा कुनै प्रचीन व्याख्या प्रकाशित भएको देखिँदैन। **संस्करण :**

१. बोधायनगृह्यसूत्र (गृह्यपरिभाषा, गृह्यशेष, पितृमेध र पितृमेधशेष-सूत्रसहित), सम्पा. एल. श्रीनिवासाचार्य, Oriental Research Institute, Mysore:

२४५. द्र.- कल्पसूत्र, पृ. ३१०-११। वै.ध.मू., पृ. १४९।
२४६. P. 59-67, Vol. II, Fourth All India Oriental Conference, Proceedings, 1928.

1904. पुनर्मुद्रण : आर. शाम शास्त्री, मैसूर, सन् १९२० र दिल्ली, सन् १९८२।

२. बौधायनपरिशेषसूत्र (खण्ड ७), सम्पा. ए.बी. कीथ, जर्नल अफ रोयल एशियाटिक सोसाइटी, लन्डन, सन् १९०९।
३. बौधायनगृह्यशेषसूत्रको सङ्ग्रह (Selection from Baudhayana Grihya Sutra Parisista) रोमनाक्षरमा अंग्रेजी अनुवादसहित, पी. एन. यू. हर्टिङ्ग, सन् १९२२।

५.३.२.८ मानवगृह्यसूत्र

यो गृह्यसूत्र कृष्णयजुर्वेदको मैत्रायणीय चरणअन्तर्गतको मानिन्छ। त्यसैले यसलाई 'मैत्रायणीय-मानवगृह्यसूत्र' वा 'मानव-मैत्रायणीय-गृह्यसूत्र' पनि भनिन्छ। पं. भगवद्दत्तका अनुसार कृष्णयजुर्वेदको मानवशाखा सौत्रशाखा नै हो[२४७]। मानव-गृह्यसूत्र **पुरुष> खण्ड> सूत्र गरी तीन भागमा विभक्त** छ। **प्रथम पुरुषमा** २३ र **द्वितीय पुरुषमा** १८ गरी **जम्मा ४१ खण्ड** यस गृह्यसूत्रमा रहेका छन्। प्रत्येक खण्डभित्र अनेक सूत्र छन्। यसको **स्थलसङ्केत ३ अङ्कद्वारा** गरिन्छ। यस गृह्यसूत्रमा अष्टावक्रको भाष्य उपलब्ध छ।

१. अष्टावक्रभाष्यका उद्धरणसहित, फ्रीड्रिक नाउर, सेंट पीटर्सबर्ग, सन् १८९७।
२. अष्टावक्रभाष्यसहित, सम्पा. विनयतोष भट्टाचार्य, गायकवाड ओरियन्टल सीरीज ३५, बरोडा।
३. अष्टावक्रभाष्यसहित, सम्पा. रामकृष्ण हर्षजी शास्त्री, केन्द्रीय पुस्तकालय, बरोडा, सन् १९२६। पुनर्मुद्रण : मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८२।

५.३.२.९ भारद्वाजगृह्यसूत्र

कृष्णयजुर्वेदीय पाँच खाण्डिकीय शाखाअन्तर्गतको भारद्वाज शाखासँग सम्बद्ध[२४८] यस गृह्यसूत्रका प्रणेता भरद्वाज मानिन्छन्। यो गृह्यसूत्र प्रश्न र कण्डिका वा खण्ड गरी जम्मा २ भागमा विभक्त छ। यसमा जम्मा **३ प्रश्न** क्रमशः २८, ३२ र २१ खण्डमा (जम्मा **खण्ड ८१**) विभक्त छन्। यसका सूत्र लामा-लामा गद्यमा उल्लेख गरिएका र तिनको सङ्ख्याबोधक अङ्क पनि नराखिएको हुँदा **स्थलनिर्देश गर्दा प्रश्न र खण्डबोधक २ अङ्कको मात्र प्रयोग** गर्नुपर्ने हुन्छ। यस गृह्यसूत्रमा कपर्दिस्वामीको टीका र भट्टरङ्गको प्रयोगवृत्ति भएको सङ्केत[२४९] प्राप्त भए पनि यी मुद्रित भए-नभएको जानकारी छैन।

---

२४७. वै.वा.इ. १, पृ. २३३।
२४८. द्र.- वै.वा.इ. १, पृ. २३७। कल्पसूत्र, पृ. २७३।
२४९. ध.शा.इ. ३, पृ. १५८३।

१. सम्पा. एच. जे. डब्ल्यू. सलोमन्स, लाइडेन, सन् १९१३ । पुनर्मुद्रण : मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८१ र १९९२।

५.३.२.१० आपस्तम्बगृह्यसूत्र

आपस्तम्ब कल्पका ३० प्रश्नमध्ये सत्ताइसौं प्रश्न आपस्तम्बगृह्यसूत्रका नामबाट प्रसिद्ध छ। यो गृह्यसूत्र **पटल> खण्ड> सूत्र** गरी **तीन भागमा** विभक्त छ र यसमा **८ पटल** तथा **२३ खण्ड** छन्। चतुर्थ पटलअन्तर्गतको १ खण्डात्मक 'उपाकर्मोत्सर्जनपटल'लाई पनि समावेश गर्दा यस ग्रन्थमा जम्मा **२४ खण्ड** हुन्छन्। यसको **स्थलनिर्देश ३ वा २ अङ्कद्वारा** गरिन्छ। दुई अङ्कको प्रयोग गरेमा पटलको गणना नगरी खण्ड र सूत्रमात्र बुझिन्छन्।

५.३.२.१०.१ आपस्तम्बयज्ञपरिभाषासूत्र

आपस्तम्बश्रौतसूत्रको चौबीसौं प्रश्न 'आपस्तम्बयज्ञपरिभाषासूत्र'का नामबाट प्रसिद्ध छ। **१४ कण्डिका** र **३१५ सूत्र** रहेको यस सूत्रग्रन्थमा यज्ञसम्बद्ध विभिन्न विषयको परिभाषा, गोत्र-प्रवरसम्बद्ध विषय (५-१० कण्डिका) र होताका कर्मसँग सम्बद्ध विषय (हौत्रक) प्रतिपादित छन्।

५.३.२.१०.२ आपस्तम्बीय एकाग्निकाण्ड

आपस्तम्बीय कल्पअन्तर्गत गृह्यकर्मसँग सम्बद्ध मन्त्रहरूको सङ्ग्रहलाई (२५-२६ प्रश्नलाई) 'एकाग्निकाण्ड' वा **'आपस्तम्बमन्त्रपाठ'** भनिन्छ । यस सङ्ग्रहमा **२ प्रपाठक** र तिनमा क्रमशः १८ + २२ गरी जम्मा **४० खण्ड** छन्।

व्याख्या र संस्करण : आपस्तम्बगृह्यसूत्र, यज्ञपरिभाषासूत्र र एकाग्निकाण्डमा हरदत्त मिश्रको 'अनाकुला' व्याख्या उपलब्ध छ भने गृह्यसूत्रमा सुदर्शनाचार्यको 'तात्पर्यदर्शन' नामक व्याख्या तथा यज्ञपरिभाषासूत्रमा कपर्दिस्वामीको व्याख्या उपलब्ध छ।

१. आपस्तम्बगृह्यसूत्र (हरदत्त र सुदर्शनाचार्यकृत व्याख्याका उद्धरणसहित), सम्पा. मौरिस विन्टर्निट्ज, वियना (Vienna), सन् १८८७।
२. आपस्तम्बमन्त्रपाठ (The Mantra-Patha or the Prayer Book of the Apastambins), मौरिस विन्टर्निट्ज, अक्सफोर्ड, सन् १८९७।
३. आपस्तम्बगृह्यसूत्र (यज्ञपरिभाषासूत्र र हरदत्तको व्याख्यासहित), सम्पा. महादेव शास्त्री, मैसूर, सन् १९९३।
४. कृष्णयजुर्वेदीय एकाग्निकाण्ड (हरदत्तको व्याख्यासहित), सम्पा. एल. श्रीनिवासाचार्य, मैसूर, सन् १९०२।
५. आपस्तम्बपरिभाषासूत्र (कपर्दि-हरदत्तभाष्यसहित, २४.१-४), सम्पा. ए. महादेव शास्त्री, मैसूर, सन् १८९३।

६. आपस्तम्बगृह्यसूत्र (सुदर्शनाचार्यको व्याख्यासहित), सम्पा. वैद्यनाथ शास्त्री, कुम्भकोणम्, सन् १९०३।
७. आपस्तम्बगृह्यसूत्र (हरदत्त र सुदर्शनाचार्यको व्याख्यासहित), सम्पा. पं. चिन्नस्वामी शास्त्री, चौखम्बा सं. सीरीज, बनारस, सन् १९२८। पुनर्मुद्रण : हिन्दी अनुवादसहित, सन् १९७१।

५.३.२.११ काठकगृह्यसूत्र (लौगाक्षिगृह्यसूत्र)

कृष्णयजुर्वेदको कठशाखासँग सम्बद्ध यो गृह्यसूत्र लौगाक्षिगृह्यसूत्रका नामबाट पनि चिनिन्छ। इतिहासकार पं. भगवद्दत्तले कठ र लौगाक्षिलाई भिन्न-भिन्न व्यक्ति भन्दै वैखानसहरूको 'आनन्दसंहिता'मा देखाइएको पृथकताका आधारमा काठक र लौगाक्षिगृह्यसूत्र पृथक्-पृथक् हुन सक्ने सम्भावनालाई जोड दिएका छन्[२५०]। सूर्यकान्तले पनि भगवद्दत्तकै मतलाई समर्थन गरेको कुरा बताउँदै कुन्दनलाल शर्माले काठक र लौगाक्षिगृह्यसूत्रको उल्लेख पृथक्-पृथक् शीर्षकमा गरेका छन्[२५१]। काठकगृह्यसूत्रका सम्पादक विलेम क्यालेन्डले चाहिँ लौगाक्षिगृह्यसूत्रलाई काठकगृह्यसूत्रकै नामान्तर मानेको कुरा कुन्दनलालले उल्लेख गरेका छन्। यसप्रकार पहिलो मतअनुसार यस गृह्यसूत्रका प्रणेता कठाचार्य हुन् भने दोस्रो मतअनुसार लौगाक्षि हुन्। नाम भिन्नाभिन्नै भए पनि काठक र लौगाक्षिगृह्यसूत्रमा विषयको भिन्नता छैन[२५२]।

काठकगृह्यसूत्रको विभाजन दुई किसिमको रहेको देखिन्छ। विलेम क्यालेन्डद्वारा सम्पादित संस्करणमा यसको विभाजन **अध्याय> कण्डिका> सूत्र** गरी तीन भागमा गरिएको छ। जसअनुसार यसमा **पाँच अध्याय** छन् र प्रत्येक अध्यायमा क्रमशः १२ + १२ + १६ + १४ + १९ गरी **जम्मा ७३ कण्डिका** हुन्छन्। पाँच अध्याय भएकाले यसलाई अध्यायान्तमा **'गृह्यपञ्चिका'** पनि भनिएको छ। मधुसूदन कौलको सम्पादकत्वमा प्रकाशित संस्करणमा चाहिँ अध्यायको उल्लेख नगरी लौगाक्षिगृह्यसूत्रको क्रम **कण्डिका र सूत्रमा मात्र** देखाइएको छ। कण्डिकाको सङ्ख्या चाहिँ उक्त दुवै संस्करणमा समान छ। यसरी काठक वा लौगाक्षिगृह्यसूत्रको विभाजन दुई किसिमको देखिएकाले यसको **स्थलनिर्देश पनि ३ वा २ अङ्कद्वारा** गर्नुपर्ने हुन्छ। तीन अङ्कद्वारा स्थलनिर्देश गर्दा पहिलो अङ्कले अध्याय बुझिन्छ भने दुई अङ्कको स्थलनिर्देशमा **पहिलोले कण्डिका र दोस्रोले सूत्रसङ्ख्या** जनाउँदछ।

भाष्य र संस्करण : काठक वा लौगाक्षिगृह्यसूत्रमा आदित्यदर्शनको 'विवरण'संज्ञक व्याख्या (६५ कण्डिकासम्ममात्र), ब्राह्मणवलको 'गृह्यपद्धति' र देवपालको भाष्य गरी तीन किसिमका व्याख्या लेखिएका छन्। विलेम क्यालेन्डले

२५०. वै.वा.इ. १, पृ. २२७।
२५१. कल्पसूत्र, पृ. २८७-२९१।
२५२. ऐ.।

उक्त तीनवटै व्याख्याका उद्धरणसहित 'काठकगृह्यसूत्र'का नामबाट र मधुसूदन कौलले 'लौगाक्षिगृह्यसूत्र'का नामबाट देवपालको भाष्यसहित यसको प्रकाशन गराएका छन्।

१. Caland, W., The Kāṭhakagṛhyasūtra with extracts from three commentaries, an appendix and indexes, The Research Department, D.A.V. College, Lahore: 1925.
२. लौगाक्षिगृह्यसूत्राणि (देवपालभाष्यसहित, १-२ भाग), सम्पा. पं. मधुसूदन कौल शास्त्री, काश्मीर संस्कृत ग्रन्थावलि, ग्रन्थाङ्क ४९ र ५५, काश्मीर, श्रीनगर। प्रथम भाग (१-४० कण्डिका) वि.सं. १९८४ (सन् १९२८)। द्वितीय भाग (४१-७३ कण्डिका) वि.सं. १९९१ (सन् १९३४)।

५.३.२.१२ आग्निवेश्यगृह्यसूत्र

कृष्णयजुर्वेदीय वाधूल-शाखाका चार घटकमध्ये यो गृह्यसूत्र आग्निवेश्य-शाखाको हो भन्ने कुरा इतिहासकारहरूले उल्लेख गरेका छन्[२५३]। आग्निवेश्यद्वारा प्रणीत मानिने गद्यात्मक भाषामा निबद्ध यो गृह्यसूत्र **प्रश्न, अध्याय र खण्डमा विभक्त** छ। यसमा **३ प्रश्न** र तिनमा क्रमशः ७ + ७ + १२ गरी **जम्मा २६ अध्याय** छन्। अध्यायभित्र पुनः खण्ड रहेको सङ्केत १, २, ३ इत्यादि अङ्कले गरे पनि अक्षरमा तिनको उल्लेख गरिएको छैन। सूत्रको सङ्ख्या पनि उल्लेख नभएकाले यस ग्रन्थका विषयको **स्थलसङ्केत २ अङ्कद्वारा** नै गर्नु उपयुक्त हुन्छ। यदि तीन अङ्क प्रयोग गरेमा **तेस्रो अङ्कले खण्डसङ्ख्या** बुझ्नु पर्दछ। यसको सम्पादन रवि वर्माले गरेका छन्।

१. Varma, L.A. Ravi, Āgniveśyagṛhyasūtra, University of Travancore Trivandrum: 1940.

५.३.२.१३ हिरण्यकेशिगृह्यसूत्र (सत्याषाढगृह्यसूत्र)

कृष्णयजुर्वेदका पाँच खाण्डिकीय शाखामध्ये[२५४] एक मानिने हिरण्यकेशी वा सत्याषाढगृह्यसूत्र हिरण्यकेशि-कल्पको १९-२० प्रश्नअन्तर्गत पर्दछ। हिरण्यकेशी वा सत्याषाढद्वारा विरचित मानिने यो ग्रन्थ **प्रश्न> पटल> खण्ड> सूत्र** गरी चार भागमा विभक्त छ। यसमा **२ प्रश्न,** प्रतिप्रश्नमा ८+८ पटल र २९+२० खण्ड गरी **जम्मा १६ पटल** तथा **४९ खण्ड** छन्। खण्डहरू अनेक सूत्रमा विभक्त छन्। अतः यसको **स्थलसङ्केत गर्दा प्रश्न, पटल, खण्ड र सूत्रका बोधक ४ अङ्क** नै प्रयोग गर्नुपर्दछ।

हिरण्यकेशिगृह्यसूत्रमा मातृदत्तको वृत्ति उपलब्ध छ। आनन्दाश्रमबाट १-१०

२५३. कल्पसूत्र, पृ. २९१। सं.वा.बृ.इ. २, पृ. १४०।
२५४. आपस्तम्बी बौधायनी सत्याषाढी हिरण्यकेशी औधेयी - द्र. वै.वा.इ. १, पृ. २३७।

भागमा प्रकाशित **'सत्याषाढश्रौतसूत्र'**अन्तर्गतको आठौं भागको पृ. ५११-६५४ मा **हिरण्यकेशिगृह्यसूत्र** (मातृदत्तको वृत्तिसहित), त्यसपछि **हिरण्यकेशिगृह्यशेषसूत्र**[२५५] (पृ. १-१२६), **हिरण्यकेशिगृह्यकारिका**[२५६] (पृ. १-१८) र विविध **हौत्रपरिशिष्टहरू** संलग्न छन्। यस ग्रन्थका संस्करण निम्नलिखित छन्।

१. Kirste, J., The Gṛihyasūtra of Hiraṇyakesin with extracts from the commentary of Matṛdatta, Alfred Hoelder, Vienna: 1889.
२. अंग्रेजी अनुवाद, हरमान ओल्डेनबर्ग, पवित्र प्राच्य ग्रन्थमाला (Sacred Books of the East), भाग ३०।
३. मातृदत्तको व्याख्यासहित (सत्याषाढश्रौतसूत्र, भाग ८ अन्तर्गत), आनन्दाश्रम मुद्रणालय, पूना, सन् १९२९।

५.३.२.१४ वाराहगृह्यसूत्र

कृष्णयजुर्वेदको मैत्रायणीय चरणअन्तर्गतको वाराह शाखासँग सम्बद्ध यस गृह्यसूत्रलाई **'वाराह-मैत्रायणीय-गृह्यसूत्र'** पनि भनिन्छ। यो गृह्यसूत्र खण्ड र सूत्र गरी जम्मा दुई भागमा विभक्त छ। यसमा **१७ खण्ड र ३६६ सूत्र** छन्। अतः यसको **स्थलनिर्देश २ अङ्कद्वारा** गरिन्छ। यसमा उदयनारायण सिंहको हिन्दी अनुवादबाहेक कुनै प्राचीन भाष्य मुद्रित भएको जानकारी छैन। यस गृह्यसूत्रका निम्नलिखित संस्करण उपलब्ध छन्।

१. सम्पा. डा. आर. शाम शास्त्री, गवर्नमेन्ट ओरियन्टल सीरीज, मैसूर, सन् १९२०।
२. Vira, Raghu, Vārāha-Gṛhyasūtra with short extracts from the paddhatis, Lahore : 1932, Reprint : Meharchand Lachmandas, New Delhi: 1982.
३. हिन्दी अनुवादसहित, अनु. ठाकुर उदयनारायण सिंह, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, पुनर्मुद्रित संस्क., सन् २००७।

५.३.२.१५ वैखानसगृह्यसूत्र

कृष्णयजुर्वेदीय वैखानस-कल्पका ३२ प्रश्नमध्ये आदिका १-७ प्रश्नलाई वैखानसगृह्यसूत्र वा **वैखानसस्मार्तसूत्र** भनिन्छ। यसमा **७ प्रश्न, ४६ पटल र १२० खण्ड** छन्। यस गृह्यसूत्रका **प्रथम प्रश्नमा** १० पटल र २१ खण्ड, **द्वितीय प्रश्नमा** ६ पटल र १८ खण्ड, **तृतीय प्रश्नमा** ६ पटल र २३ खण्ड, **चतुर्थ प्रश्नमा** ६ पटल र १४ खण्ड, **पञ्चम प्रश्नमा** ६ पटल र १५ खण्ड, **षष्ठ प्रश्नमा** ८ पटल र २० खण्ड एवं **सप्तम प्रश्नमा** ४ पटल र ९ खण्ड छन्। पटल वा खण्डभित्र अनेक सूत्र निबद्ध छन्। यसरी **प्रश्न> पटल> खण्ड> सूत्र गरी चार भागमा विभक्त** भए

---

२५५. यो गृह्यशेषसूत्र प्रश्न, पटल र खण्डमा विभक्त छ। यसमा १ प्रश्न, ८ पटल र १४३ खण्ड छन्।
२५६. यसमा २६० श्लोक छन्।

पनि वैखानस-गृह्यसूत्रको वाजपेयी-भाष्यमा पटलको तथा श्रीनिवासको भाष्यमा खण्डको उल्लेख भएको छ। त्यसैले पटलको व्यवस्थालाई वैकल्पिक मानेर यस गृह्यसूत्रका विषयको **स्थलसङ्केत प्रस्तुत गर्दा तीन अङ्क उल्लेख गर्नु उपयुक्त** हुन्छ। यदि दुई अङ्कमात्र उल्लेख भएमा त्यसको पहिलो अङ्कले प्रश्न र दोस्रोले खण्डमात्र बुझ्नु पर्दछ।

वैखानसगृह्यसूत्रमा श्रीनिवासमखि-वेदान्तदेशिकले लेखेको **'सूत्रतात्पर्यचिन्तामणि'** नामक विस्तृत व्याख्या (१-६ प्रश्नमा मात्र) र नृसिंह वाजपेयीको **भाष्यसङ्ग्रह** (गृह्यसूत्रका २-७ प्रश्नमा तथा धर्मसूत्रका १-३ प्रश्नमा) गरी दुई किसिमका संस्कृत-व्याख्या वर्तमानमा उपलब्ध छन्। यसअतिरिक्त यस गृह्यसूत्रमा तेलगु अक्षरमा लेखिएको माधवाचार्य-विरचित भाष्य, सुन्दरराजको 'वैखानसगृह्यप्रयोगवृत्ति' र 'वैखानसीय मन्त्रसंहिता'नामक मन्त्रसङ्ग्रह मद्रासका पुस्तकालयहरूमा हस्तलेखका रूपमा सुरक्षित रहेको कुरा कुन्दनलालले लेखेका छन्[२५७]। उनका अनुसार माधवाचार्यका पुत्र नृसिंह वाजपेयीको तेलगु अक्षरमा लेखिएको 'दर्पण' नामक व्याख्या सन् १८९५ मा कुम्भकोणबाट प्रकाशित भएको थियो। यसैगरी कृष्ण भट्टाचार्यलगायतका पण्डितहरूको सम्पादकत्वमा 'वैखानस-मन्त्रप्रश्नः सस्वरः प्रश्नचतुष्टयात्मकः' नामक मन्त्रसंहिता सन् १९१० मा ग्रन्थाक्षरमा प्रकाशित भएको कुरा पनि कुन्दनलालले उल्लेख गरेका छन्। वर्तमानमा चाहिँ निम्नलिखित संस्करण बजारमा उपलब्ध छन्।

१. श्रीनिवासमखि-वेदान्तदेशिक र नृसिंह वाजपेयीका व्याख्या तथा धर्मसूत्र, प्रवरसूत्र र 'अगस्त्यसकलाधिकार' नामक अनुबन्धसहित (१-२ भाग), सम्पा. वैयाकरणपञ्चानन आकुलमन्नाडु श्री रों. पार्थसारथि भट्टाचार्य, तिरुमल तिरुपति देवस्थान, तिरुपति, प्रथम संस्करण सन् १९६७, पुनर्मुद्रण सन् १९९७।
२. Caland, W., Vaikhānasasmartasūtram: Vaikhānasagṛhyasūtram Vaikhānasadharmasūtram, The Asiatic Society, Calcutta: 1927. Reprint : With English Translation 1929. Meharchhand Lachmandas, New Delhi: 1989.

५.३.२.१६ गोभिलगृह्यसूत्र

सामवेदको कौथुम शाखासँग सम्बद्ध मानिने यो गृह्यसूत्र प्रपाठक> खण्ड> सूत्र गरी तीन भागमा विभक्त छ। यसमा **४ प्रपाठक** र तिनमा क्रमशः ९+१०+१०+१० गरी **३९ खण्ड** छन्। यस सूत्रको स्थलनिर्देश तीन अङ्कले गरिन्छ।

यस गृह्यसूत्रमा भट्टनारायणको विस्तृत व्याख्या उपलब्ध छ। यसबाहेक चन्द्रकान्त तर्कालङ्कारको व्याख्या, मुकुन्द झा बख्शीको 'मृदुला'संज्ञक टीका (१-२

---

२५७. कल्पसूत्र, पृ. ३०३-३०४।

प्रपाठकमा मात्र), सत्यव्रत सामश्रमीको 'सरला' संस्कृत व्याख्या, उदयनारायण सिंहको हिन्दी अनुवाद, एफ. नाउरको जर्मन अनुवाद तथा एच. ओल्डेनबर्गको अंग्रेजी अनुवाद विभिन्न स्थान र मितिमा प्रकाशित भएका छन्।

१. म.म.श्री तर्कालङ्कारको संस्कृत व्याख्या तथा सम्पादनसहित (१-२ भाग), एशियाटिक सोसाइटी, कलकत्ता, प्रथम संस्क. सन् १८७१ र १८७९, द्वि.संस्क. सन् १९०८।
२. जर्मन अनुवादसहित (१-२ भाग), एफ. नाउर, दोरेपत, सन् १८८४ र १८८६।
३. अंग्रेजी अनुवाद, हरमान ओल्डेनबर्ग (The Grihya-Surtas, 1886, p. 169-217)
४. भट्टनारायणको व्याख्यासहित, सम्पा. चिन्तामणि भट्टाचार्य, कलकत्ता संस्कृत ग्रन्थमाला, सन् १९३६। पुनर्मुद्रण : मुन्शीराम मनोहरलाल पब्लिशर्स प्रा.लि., दिल्ली, सन् १९८२।
५. सत्यव्रत सामश्रमीको संस्कृत व्याख्या र उदयनारायण सिंहको हिन्दी अनुवादसहित, मुजफ्फपुर, बिहार, सन् १९०६-१९०८। पुनर्मुद्रण १९३४। चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९२ र १९९९।
६. मुकुन्द झा बख्शीको मृदुला टीकासहित, बनारस, सन् १९३३। पुनर्मुद्रण : मृदुला टीका (१-२ प्रपा.), 'सरला' संस्कृत व्याख्या तथा 'अनाकुला' हिन्दी व्याख्यासहित, सम्पा. तथा व्याख्याकार डा. सुधाकर मालवीय, चौखम्बा संस्कृत संस्थान, वाराणसी, द्वितीय संस्क. वि.सं. २०५४, सन् १९९७।

५.३.२.१७ खादिरगृह्यसूत्र (द्राह्यायणगृह्यसूत्र)

सामवेदको राणायनीय शाखासँग सम्बद्ध मानिने यस गृह्यसूत्रलाई कहीं शार्दूल शाखाअन्तर्गतको पनि भनिएको भेटिन्छ[२५८]। कौथुमशाखीय गोभिल-गृह्यसूत्रमा पूर्णतः आधारित यो गृह्यसूत्र र द्राह्यायण-गृह्यसूत्रमा कुनै भिन्नता नरहेको कुरा कुन्दनलाल शर्माले उल्लेख गरेका छन्[२५९]। उनले खादिर-गृह्यसूत्र र द्राह्यायण-गृह्यसूत्रको पृथक्-पृथक् शीर्षकमा विवेचना गरे पनि यी दुवैका विषयवस्तु, विभाजनक्रम, भाष्य (व्याख्या) र शब्दसमेत समान रहेको कुरा आफै उल्लेख गरेका छन्। अतः यहाँ द्राह्यायण-गृह्यसूत्रलाई खादिर-गृह्यसूत्रकै नामान्तर मानी त्यसको पृथक् स्वरूप प्रस्तुत गरिएको छैन।

खादिर-गृह्यसूत्र **४ पटल, १९ खण्ड र अनेक सूत्रमा विभक्त** छ। यसको प्रथम, द्वितीय र तृतीय पटलमा ५/५ खण्ड छन् भने चतुर्थ पटलमा ४ खण्ड छन्। यस ग्रन्थका विषयको **स्थलसङ्केत तीन अङ्कले** प्रस्तुत गरिन्छ। खादिरगृह्यसूत्रमा

२५८. वै.वा.इ. १, पृ. २४६।
२५९. कल्पसूत्र, पृ. ३१८-३२०।

रुद्रस्कन्दको व्याख्या, पट्टाभिराम आर्यको 'सूत्रार्थबोधिनी' वृत्ति र उदयनारायण सिंहको हिन्दी अनुवाद गरी तीन किसिमका व्याख्या उपलब्ध छन्।

१. खादिरगृह्यसूत्र (रुद्रस्कन्दको व्याख्यासहित), सम्पा. ए. महादेव शास्त्री र एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९१३।
२. द्राह्यायणगृह्यसूत्रवृत्ति (रुद्रस्कन्दप्रणीत), सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम मुद्रणालय, पूना, सन् १९१४।
३. खारिदगृह्यसूत्र (श्रीपट्टाभिराम आर्यविरचित सूत्रार्थबोधिनी वृत्तिसहित), Published by : P. Ramadoss, Anandatandavapuram, Madrass (South India) 1955.
४. द्राह्यायणगृह्यसूत्र (रुद्रस्कन्दको वृत्ति र हिन्दी अनुवादसहित), डा. उदयनारायण सिंह, मुजफ्फपुर, बिहार, सन् १९३४। पुनर्मुद्रणः चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन्१९९१।

५.३.२.१८ कौथुमगृह्यसूत्र

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो गृह्यसूत्र गोभिल-गृह्यसूत्रभन्दा निकै भिन्न रहेको र यो मूल कौथुमगृह्यसूत्र नभएर त्यसका आधारमा रचित सङ्क्षिप्त विवरण भएको कुरा कुन्दनलालले उल्लेख गरेका छन्[२६०]। यो ग्रन्थ **जम्मा २१ खण्ड** वा कण्डिकामा मात्र विभक्त छ। यसको **रचनाशैली पूर्णतः गद्यात्मक र पद्धतिजस्तो** भएकाले सूत्रसङ्ख्याको उल्लेख गरिएको छैन। अतः यसका विषयको **स्थलनिर्देश** पनि खण्ड वा कण्डिकाबोधक **१ अङ्कद्वारा** गर्नुपर्ने हुन्छ। यस ग्रन्थको सम्पादन डा. सूर्यकान्तले गरेका छन्।

१. Kauthuma-Gṛhya, edited with introduction, notes and indices by Sūryakānta, The Asiatic Society, Calcutta, 1956.

५.३.२.१९ जैमिनीयगृह्यसूत्र

सामवेदको जैमिनीय शाखासँग सम्बद्ध यो गृह्यसूत्र **पूर्वार्ध र उत्तरार्ध** गरी दुई भागमा विभक्त छ। यसको पूर्वार्धमा २४ खण्ड र उत्तरार्धमा ९ खण्ड गरी **जम्मा ३३ खण्ड** समग्र ग्रन्थमा रहेका छन्। सूत्र भनिए पनि यसको रचनाशैली प्रायः गद्यात्मक र एकाध स्थानमा पद्यात्मक रहेको देखिन्छ। त्यसैले यस ग्रन्थका विषयको **स्थलनिर्देश** गर्दा **अर्ध र खण्डबोधक २ अङ्कको मात्र प्रयोग** गरिन्छ।

१. मूलपाठ र सुबोधिनी टीकाका अंशसहित, सम्पा. विलेम क्यालेन्ड, एम्सटर्डम, सन्१९०५।
२. श्रीनिवासाध्वरीको भाष्यसार र क्यालेन्डको अंग्रेजी अनुवादसहित, पञ्जाब ओरियन्टल सीरीज, लाहोर, सन् १९२२। पुनर्मुद्रण : मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८४।

२६०. कल्पसूत्र, पृ. ३१५-३१६।

५.३.२.२० कौशिकगृह्यसूत्र

अथर्ववेदको शौनकीय शाखासँग सम्बद्ध यो गृह्यसूत्र **'संहिताविधि'** नामबाट पनि प्रसिद्ध छ। वेदभाष्यकार सायणका अनुसार अथर्ववेदका पाँच कल्पग्रन्थ कौशिक, वैतान, नक्षत्रकल्प, आङ्गिरसकल्प र शान्तिकल्प[२६१] शौनकीय शाखालगायतका चार शाखासँग सम्बद्ध र गोपथब्राह्मणअनुकूल रहेका छन्[२६२]। यी पाँच कल्पग्रन्थ र अथर्ववेदका ७२ परिशिष्टबाहेक अथर्ववेदसँग सम्बद्ध अन्य कल्पग्रन्थको नाम कतै उल्लेख भएको पाइँदैन। उक्त पाँच कल्पग्रन्थमध्ये एकमात्र वैतानश्रौतसूत्र श्रौतकल्पसँग सम्बद्ध छ भने अन्य सबै कल्प स्मार्तग्रन्थ हुन्। वर्तमानमा नक्षत्रकल्पलगायतका तीन कल्पग्रन्थ उपलब्ध छैनन्। उपलब्ध कल्पग्रन्थका प्रणेता महर्षि कौशिक हुन्।

वैतानश्रौतसूत्रको पनि उपजीव्य प्रतीत हुने कौशिकगृह्यसूत्रमा अथर्ववेदसंहिताका मन्त्रहरूको प्रत्यक्ष विनियोग भएका कारण यसलाई 'संहिताविधि' भनिएको हो। यो ग्रन्थ **१४ अध्याय, १४१ कण्डिका** र अनेक सूत्रमा विभक्त छ। यसमा अध्यायअनुसारका कण्डिकासङ्ख्या क्रमशः ९, ८, ७, १२, १०, ३, १०, ९, ६, ५, १०, ३, ४४ र ५ रहेका छन्। यसरी **अध्याय> कण्डिका> सूत्र गरी तीन भागमा विभक्त** भए पनि यस ग्रन्थको **स्थलनिर्देश** अध्यायलाई छोडेर दुई अङ्कद्वारा गर्ने चलन छ।

भाष्य र संस्करण : कौशिकगृह्यसूत्रमा दारिल र केशवका सङ्क्षिप्त भाष्य तथा प्रो. डा. श्रीकिशोर मिश्रको भाष्य (१ अध्यायमा मात्र) गरी जम्मा तीन किसिमका व्याख्या उपलब्ध छन्। दारिलको भाष्य १-४८ कण्डिकासम्म क्रमशः उपलब्ध छ भने त्यसपछिका केही कण्डिकामा कतै-कतै मात्र उपलब्ध हुन्छ। केशवको भाष्य पनि १-९३ कण्डिकासम्म उपलब्ध छ[२६३]। यी दुवै भाष्य अत्यन्त सङ्क्षिप्त र केही शब्दको मात्र अर्थनिर्देशमा सीमित भएकाले यिनबाट सबै सूत्रको अर्थ स्पष्ट हुँदैन। गुरुवर मिश्रको भाष्य चाहिँ विस्तृत र सुस्पष्ट भाषामा लेखिएको भए पनि यो प्रथम अध्यायमा मात्र सीमित छ। अतः उपर्युक्त व्याख्यामध्ये कुनै पनि भाष्यबाट आथर्वण परम्पराको समुचित ज्ञान लिन सकिने अवस्था छैन।

कौशिकगृह्यसूत्रको **प्रथम संस्करण** मौरिस ब्लूमफील्ड (Maurice Bloomfield) को सम्पादकत्वमा (The Kauśika-Sūtra of Atharva Veda) नामले अमेरिकाको बाल्टिमोर (Baltimore) बाट प्रकाशित हुने (Journal of

२६१. Bolling, G. M., The Sahntikalpa of the Atharva Vedas, Transactions of the American Philological Association, Vol. xxxv, p . 81-127.

२६२. तत्र शौनकीयादिषु चतसृषु शाखासु अनुवाक-सूक्त-ऋगादीनां गोपथब्राह्मणानुसारेण पञ्चभिः सूत्रैर्विनियोगोऽभिहितः। तानि च सूत्राणि कौशिकं वैतानं नक्षत्रकल्पः आङ्गिरसकल्पः शान्तिकल्पश्चेति। -सायण, वे.भा.भू., पृ. १३८।

२६३. केशवकृत **'कौशिकपद्धति'** (१-१४ अध्याय) को पाण्डुलिपि यस ग्रन्थकारसँग सुरक्षित छ।

American Oriental Society) नामक पत्रिकाको भाग १४ मा दारिल तथा केशवका भाष्यको उद्धरणसहित सन् १८८९ मा प्रकाशित भएको थियो। यसको **दोस्रो संस्करण** सन् १९७२ मा मोतीलाल बनारसीदास, दिल्लीबाट प्रकाशित भएको छ। यसमा ब्लूमफील्डले विशिष्ट विचारपूर्ण विस्तृत भूमिका (Introduction) लेखेका छन् भने मूल ग्रन्थमा विभिन्न पाठभेद, दारिलको सङ्क्षिप्त भाष्य, आफ्ना सङ्क्षिप्त टिप्पणी र कतिपय सूत्रमा अन्य ग्रन्थसँग तुलनायोग्य स्थलसङ्केत पनि प्रस्तुत गरी अन्त्यमा केशवको भाष्य समावेश गराएका छन्। यस सूत्रका अन्य संस्करण निम्नबमोजिम छन्।

१. कौशिकसूत्र (दारिल र केशवको भाष्यसहित, १-२ भाग), सम्पा. एच. आर. दिवेकर, बी. पी. लिमयेप्रभृति, तिलक महाराष्ट्र विद्यापीठ, पूना, सन् १९७२।
२. हिन्दी भाषानुवादसहित, उदयनारायण सिंह, शास्त्रप्रकाशन भवन, बिहार, वि.सं. १९९९।
३. पीयूषकणिकाभाष्यसहित (प्रथम अध्यायमात्र) -डा. श्रीकिशोर मिश्र, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, सन् १९९८।

५.३.३ धर्मसूत्र

मन्त्र, ब्राह्मण, श्रौतसूत्र र गृह्यसूत्रहरू प्रत्येक वेदका आ-आफ्ना शाखा-अनुसार पृथक्-पृथक् भएजस्तै धर्मसूत्रहरू पनि छुट्टाछुट्टै हुन्छन् भन्ने वैदिक मान्यता छ। वर्तमानमा चाहिँ चारै वेदसँग सम्बद्ध प्रत्येक शाखाका धर्मसूत्र पृथक्-पृथक् उपलब्ध छैनन्। मीमांसक कुमारिल भट्टका अनुसार वेदका प्रातिशाख्यहरू चरणअनुसार उपलब्ध भएजस्तै गृह्यसूत्र र धर्मसूत्रहरू पनि वेदका विभिन्न चरणसँग (शाखासमूहसँग) सम्बद्ध हुन्छन्[२६४]। वर्तमानमा धर्मशास्त्र वा स्मृतिका नामबाट उपलब्ध हुने केही धर्मसूत्रको शाखासम्बन्ध विद्वान्हरूले निश्चित गरेका छन् भने केहीको सम्बन्ध अनिश्चित नै छ। तीमध्ये **ऋग्वेदसम्बद्ध** वासिष्ठधर्मशास्त्र/सूत्र (वासिष्ठस्मृति); **शुक्लयजुर्वेदसँग सम्बद्ध** मानिने शङ्खलिखित धर्मसूत्र; **कृष्णयजुर्वेदसँग सम्बद्ध** बौधायनधर्मसूत्र, आपस्तम्बधर्मसूत्र, हिरण्यकेशी वा सत्याषाढधर्मसूत्र, वैखानसधर्मसूत्र र विष्णुधर्मसूत्र; **सामवेदसम्बद्ध** गौतमधर्मसूत्र र **वेदका शाखासम्बन्ध ज्ञात नभएका** काश्यपधर्मसूत्र, सुमन्तुधर्मसूत्र तथा हारीतधर्मसूत्र उपलब्ध हुन्छन्[२६५]। अतः यहाँ उपर्युक्त धर्मसूत्रहरूको सङ्क्षिप्त स्वरूप प्रस्तुत गरिएको छ।

---

२६४. धर्मशास्त्राणां गृह्यग्रन्थानाञ्च प्रातिशाख्यलक्षणवत् प्रतिचरणं पाठव्यवस्थोपलभ्यते ।-तं.वा. १.३.१५ (मीमांसादर्शन, भाग १, पृ. २४४, आनन्दाश्रम, सन् १९२९)।
२६५. द्र.- ध.शा.इ. १, पृ. ९-२७। कल्पसूत्र, पृ. ४७६-५२७। वै.ध.मू., पृ. १६७-६८ इ.।

५.३.३.१ वासिष्ठधर्मसूत्र

ऋग्वेदसँग सम्बद्ध यो धर्मसूत्र वसिष्ठ ऋषिद्वारा प्रणीत मानिन्छ। यसलाई **'वासिष्ठधर्मशास्त्र', 'वसिष्ठस्मृति'** वा **'वशिष्ठसंहिता'** पनि भनिएको पाइन्छ। यो ग्रन्थ **३० अध्याय र अनेक सूत्रमा विभक्त** छ। सूत्र भनिए पनि यो ग्रन्थ छोटा-छोटा सूत्रमा मात्र विभक्त नभई यसका अध्यायभित्र अनेक पद्य, वैदिक मन्त्र र ब्राह्मणवाक्यसमेत समाविष्ट छन्। यस ग्रन्थका विषयको **स्थलसङ्केत अध्याय र सूत्रबोधक २ अङ्कद्वारा** गरिन्छ।

वासिष्ठधर्मसूत्रका विभिन्न संस्करण विभिन्न मितिमा विभिन्न स्थानबाट प्रकाशित भएका पाइन्छन्। तीमध्ये जीवानन्दद्वारा सम्पादित तथा सन् १८७६ मा कलकत्ताबाट प्रकाशित **'धर्मशास्त्रसङ्ग्रह'** (स्मृतिसङ्ग्रह) को उत्तरार्ध भागको पृ. ४५६-४९६ मा **'वशिष्ठसंहिता'**का नामबाट यस धर्मसूत्रको प्रकाशन भएको छ। यस संस्करणमा जम्मा १-२१ अध्यायमात्र मुद्रित भएका छन्। त्यसपछि ए. ए. फ्युरर (Alois Anton Fuhrer, Ph .D .) को सम्पादकत्वमा बम्बईबाट सन् १८८३ मा प्रकाशित संस्करणमा **'श्रीवासिष्ठधर्मशास्त्रम्'**का नामबाट र आनन्दाश्रमबाट सन् १९२९ मा प्रकाशित **'स्मृतीनां समुच्चयः'**अन्तर्गत पृ. १८७-२३१ मा तथा नाग प्रकाशकद्वारा सन् १९८८ मा प्रकाशित **'स्मृतिसन्दर्भ'**को भाग ३ अन्तर्गत पृ. १४६८-१५४३ मा **'वसिष्ठस्मृति'**का नामबाट यस धर्मसूत्रको प्रकाशन भएको छ। उपर्युक्त १८७६ को संस्करणबाहेक अन्य सबै संस्करणमा ३० अध्याय नै छन् तर संस्करण-अनुसार सूत्रसङ्ख्या र तिनको क्रममा एकरूपता देखिँदैन। यस ग्रन्थका अन्य संस्करण निम्नबमोजिम रहेका छन्।

१. श्रीवासिष्ठधर्मशास्त्रम् APHORISMS ON THE SACRED LAW OF THE ĀRYAS, AS TAUGHT IN THE SCHOOL OF VASISHṬHA Edited and Rev. By Alois Anton Fuhrer, Ph .D., Bombay : Government Central Book Depot 1883. पुनर्मुद्रण : Bhandarkar Oriental Research Institute, Poona, 1930.
२. कृष्ण पण्डित धर्माधिकारीको 'विद्वन्मोदिनी' व्याख्या, बनारस, शकसं. १७८१ र हिन्दी अनुवादसहित, लाहोर, सन् १९०४।

५.३.३.२ शङ्खलिखित धर्मसूत्र

महर्षि शङ्खद्वारा लिखित यो धर्मसूत्र स्वतन्त्र ग्रन्थका रूपमा उपलब्ध छैन। तन्त्रवार्तिकको उल्लेखअनुसार[२६६] यस धर्मसूत्रका अध्येता शुक्लयजुर्वेदसँग

२६६. पुराणमानवेतिहासव्यतिरिक्त-गौतम-वसिष्ठ-शङ्खलिखित-हारीता-ऽऽपस्तम्ब-बौधायनादि-प्रणीतधर्मशास्त्राणां गृह्यग्रन्थानां च प्रातिशाख्यलक्षणवत् प्रतिचरणं पाठव्यवस्थोपलभ्यते। तद्यथा गौतमीयगोभिलीये छन्दोगैरेव परिगृहीते, वासिष्ठं बह्वृचैरेव, शङ्खलिखितोक्तं च वाजसनेयिभिः... । -तन्त्रवार्तिक १.३.१५ (मीमांसादर्शन, भाग १, पृ. २४३-४४, आनन्दाश्रम,

सम्बद्ध वाजसनेयि-ब्राह्मण हुन् । तन्त्रवार्तिकमा यस धर्मसूत्रका अनुष्टुप् छन्दयुक्त वाक्यहरू उद्धृत गरिएको र विश्वरूपपछिका भाष्यकार तथा निबन्धकारहरूका उद्धरणमा अधिकांश गद्यवाक्य भेटिने कुरा वामन काणेले लेखेका छन्[२६७] ।

शङ्खलिखित-धर्मसूत्रका विभिन्न संस्करण विभिन्न मितिमा विभिन्न स्थानबाट प्रकाशित भएका पाइन्छन् । तीमध्ये जीवानन्दद्वारा सम्पादित तथा सन् १८७६ मा कलकत्ताबाट प्रकाशित **'धर्मशास्त्रसङ्ग्रह'** (स्मृतिसङ्ग्रह) को उत्तरार्ध भागको पृ. ३४३-३७४ मा **'शङ्खसंहिता'**का नामबाट र उक्त ग्रन्थकै पृ. ३७५-३८२ मा **'लिखितसंहिता'**का नामबाट यस धर्मसूत्रको प्रकाशन भएको छ। पहिलो शङ्खसंहितामा १८ अध्याय छन् तर श्लोकसङ्ख्या कति छ भन्ने उल्लेख गरिएको छैन। यसको अन्त्यमा 'इति शाङ्खीये धर्मशास्त्रेऽष्टादशोऽध्यायः... शङ्खविरचितं धर्मशास्त्रं समाप्तम्' भन्ने उल्लेख छ। यसैगरी दोस्रो लिखितसंहितामा अध्याय र श्लोकसङ्ख्या उल्लेख गरिएको छैन[२६८]। यसको अन्त्यमा 'इति श्रीमहर्षिलिखितप्रोक्तं धर्मशास्त्रं समाप्तम्' भन्ने उल्लेख छ।

आनन्दाश्रमबाट सन् १९२९ मा प्रकाशित **'स्मृतीनां समुच्चयः'**अन्तर्गत पृ. १८२-१८६ मा तथा नाग प्रकाशकद्वारा सन् १९८८ मा प्रकाशित **'स्मृतिसन्दर्भ'**को भाग ३ अन्तर्गत पृ. १४५५-१४६४ मा **'लिखितस्मृति'**का नामबाट, उक्त ग्रन्थहरूकै पृ. ३७२-३७३ तथा १४६४-१४६७ मा **'शङ्खलिखितस्मृति'**का नामबाट, पृ. ३७४-३९५ एवं पृ. १४१५-१४५४ मा **'शङ्खस्मृति'**का नामबाट र पृ. १२४-१२७ तथा पृ. १४०८-१४१५ मा **'लघुशङ्खस्मृति'**का नामबाट यस धर्मसूत्रको प्रकाशन भएको छ। उक्त दुवै संस्करणका लिखितस्मृतिमा **९६ श्लोक** रहेका छन् भने शङ्खलिखित-स्मृतिमा **३२ श्लोक** छन्। यसैगरी शङ्खस्मृतिमा **१८ अध्याय** र तिनमा क्रमशः ८, १२, १२, १५, १८, ७, ३४, १६, १५, २१, ५, ३१, १७, ३३, २५, २४, ६६ र १६ गरी जम्मा **३७५ श्लोक** छन् भने लघुशङ्खस्मृतिमा **७१ श्लोक** छन्। यी सबै स्मृतिको अन्त्यमा क्रमशः 'इति लिखितर्षिप्रोक्तं धर्मशास्त्रम्, इति शङ्खलिखितं धर्मशास्त्रम्, इति शाङ्खे धर्मशास्त्रेऽष्टादशोऽध्यायः, इति लघुशङ्खस्मृतिः' लेखिएको हुँदा शङ्खलिखित धर्मशास्त्र वा स्मृति यिनै भएको अनुमान गर्न सकिन्छ, तर यी सबै स्मृति (शङ्खस्मृतिको गायत्रीजपविधि १२.१-१२ र तर्पणविधि १३.१-१२ बाहेक) पद्यमा लेखिएका र 'विश्वरूपपछिका भाष्यकार एवं निबन्धकारहरूले शङ्खलिखित धर्मसूत्रका अधिकांश उद्धरण गद्यमा गरेका' भन्ने काणेको उल्लेखलाई आधार

सन् १९२९)।

२६७. ध.शा.इ. १, पृ. २६ ।

२६८. पी.भी. काणे र कुन्दनलाल शर्माले जीवानन्दको संस्करण 'स्मृतिसङ्ग्रह' तथा आनन्दाश्रमको संस्करण 'स्मृतीनां समुच्चय'मा शङ्खलिखित धर्मशास्त्रका १८ अध्याय, शङ्खस्मृतिका ३३० श्लोक तथा लिखितस्मृतिका ९३ श्लोक रहेको कुरा उल्लेख गरेका छन्, तर श्लोक गणना गर्दा यस्तो नदेखिकाले यो विषय चिन्तनीय छ। द्र.- ध.शा.इ. १, पृ. २७ र कल्पसूत्र, पृ. ५११ ।

मान्दा यी स्मृति नै शङ्खलिखित धर्मसूत्र हुन् भन्न सकिने अवस्था छैन।

५.३.३.३ बौधायनधर्मसूत्र

कृष्णयजुर्वेदीय बौधायन कल्पअन्तर्गतको यो धर्मसूत्र आनन्दाश्रमबाट सन् १९२९ मा प्रकाशित **'स्मृतीनां समुच्चयः'**अन्तर्गत पृ. ४२५-४८४ मा तथा नाग प्रकाशकद्वारा सन् १९८८ मा प्रकाशित **'स्मृतिसन्दर्भ'**को भाग ३ अन्तर्गत पृ. १७६७-१८७८ मा **'बौधायनस्मृति'**का नामबाट प्रकाशित भएको छ भने **'बोधायन-धर्मसूत्र'**का नामबाट स्वतन्त्र ग्रन्थका रूपमा समेत यसको प्रकाशन भएको छ। यसको विभाजन **प्रश्न> अध्याय> सूत्र** (कहीं कहीं पद्य र गद्यात्मक वाक्यसमेत) गरी तीन भागमा भएको पाइन्छ। यसमा जम्मा **४ प्रश्न** र तिनमा क्रमशः ११, १०, १०, ८ गरी **जम्मा ३९ अध्याय** छन्। गोविन्द स्वामीको विवरणयुक्त मैसूर संस्करण १९०७ को बोधायन-धर्मसूत्रमा रहेका समग्र सूत्रको गणना यस ग्रन्थकारले गर्दा यसका **चार प्रश्नमा क्रमशः** ४६१+४४१+१९२+१३३ गरी **जम्मा १२२७ सूत्र** (पद्य र गद्यात्मक वाक्यसमेत) रहेका छन्। यसको **स्थलसङ्केत ३ अङ्कले** प्रस्तुत गरिन्छ। वामन काणे तथा कुन्दनलाल शर्माले दिएका अधिकांश स्थलनिर्देशमा बौधायनस्मृतिका प्रश्न र अध्यायसङ्ख्या मिले पनि सूत्रसङ्ख्या तलमाथि परेको देखिन्छ। यसबाट संस्करणअनुसार सूत्रसङ्ख्यामा विभेद रहेको स्पष्ट बुझिन्छ।

बौधायनधर्मसूत्रमा गोविन्दस्वामीको 'विवरण'संज्ञक व्याख्या, म.म.पं. अ. चिन्नस्वामी शास्त्रीको टिप्पणी, डा. उमेशचन्द्र पाण्डेयको हिन्दी अनुवाद र जर्ज बुहलरको अंग्रेजी अनुवाद उपलब्ध छन्।

१. डेस बौधायनधर्मसूत्र, डा. ई. हुल्स (E. Hultzsch) को सम्पादन, लाइपजिग (Leipzig), सन् १८८४। पुनर्मुद्रण सन् १९२२।
२. जर्ज बुह्लर (George Buhler) को अंग्रेजी अनुवाद, पवित्र प्राच्य ग्रन्थमाला, भाग १४, अक्सफोर्ड, सन् १८८२, द्वि.संस्क. दिल्ली, सन् १९६५।
३. गोविन्दस्वामीको 'विवरण'सहित, सम्पा. एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९०७। पुनर्मुद्रण : सम्पा. चिन्नस्वामी शास्त्री, चौखम्बा संस्कृत सीरीज, वारा. १९२४।
४. गोविन्दस्वामीको 'विवरण' टीका, चिन्नस्वामीको संस्कृत टिप्पणी र उमेशचन्द्रको हिन्दी अनुवादसहित, सम्पा. डा. उमेशचन्द्र पाण्डेय, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९७२, पुनर्मुद्रण सन् २००८।

५.३.३.४ आपस्तम्बधर्मसूत्र

कृष्णयजुर्वेदीय आपस्तम्बकल्पका ३० प्रश्नमध्ये २८-२९ प्रश्नलाई आपस्तम्बधर्मसूत्र वा आपस्तम्बधर्मप्रश्न भनिन्छ। यी **दुई प्रश्न** वा अध्यायमा ११×२= **२२ पटल** र तिनमा क्रमशः ३२ तथा २९ गरी **६१ खण्ड** छन्। खण्डभित्र

अधिकांश गद्य र एकाध पद्यात्मक सूत्र रहेका छन्। यसरी **अध्याय> पटल> खण्ड> सूत्र गरी चार भागमा विभक्त** यस धर्मसूत्रको **स्थलसङ्केत तीन वा चार अङ्कद्वारा** नै प्रस्तुत गरिन्छ। तीन अङ्क प्रयोग गरेमा पटलको गणना हुँदैन।

आपस्तम्बधर्मसूत्रमा हरदत्तको उज्ज्वलावृत्ति, शङ्कराचार्यको शाङ्करभाष्य (प्रथम अध्यायको अष्टम पटलमा मात्र), उमेशचन्द्र पाण्डेयको हिन्दी अनुवाद र बुह्लरको अंग्रेजी अनुवाद उपलब्ध छन्।

१. हरदत्तकृत उज्ज्वलावृत्तिका बहुलांशसहित, सम्पा. जर्ज बुह्लर, बम्बई संस्कृत ग्रन्थमाला ५४, तृतीय संस्क. सन् १९३२।
२. हरदत्तको समग्र टीका र बुह्लरको अंग्रेजी अनुवादसहित, पवित्र प्राच्य ग्रन्थमाला, भाग २, कुम्भकोणम्।
३. शाङ्करभाष्यसहित (१.८ पटल), सम्पा. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९१५।
४. हरदत्तको उज्ज्वलावृत्तिसहित, सम्पा. चिन्नस्वामी शास्त्री र पं. अ. रामनाथ शास्त्री, चौखम्बा सं. सीरीज, बनारस, सन् १९३२। पुनर्मुद्रण : उज्ज्वलावृत्ति र हिन्दी अनुवादसहित, हिन्दी व्याख्याकार : डा. उमेशचन्द्र पाण्डेय, चौखम्बा संस्कृत संस्थान, वाराणसी, सन् १९६९ र २००६।

५.३.३.५ हिरण्यकेशी वा सत्याषाढधर्मसूत्र

कृष्णयजुर्वेदीय हिरण्यकेशि-कल्पका २९ प्रश्नमध्ये २६-२७ प्रश्नलाई हिरण्यकेशी वा सत्याषाढधर्मसूत्र भनिन्छ। यो धर्मसूत्र **प्रश्न> पटल> सूत्र गरी तीन भागमा विभक्त** छ। यसमा **२ प्रश्न,** प्रत्येक प्रश्नमा क्रमशः ८ र ६ गरी **१४ पटल** छन् भने पटलभित्र अनेक सूत्र छन्। त्यसैले यसको **स्थलनिर्देश तीन अङ्कद्वारा** गरिन्छ।

वामन काणेले यस धर्मसूत्रलाई स्वतन्त्र रचनाभन्दा आपस्तम्बधर्मसूत्रकै पूर्ण प्रतिलिपिजस्तो छ भन्ने टिप्पणी गरेका छन्[२६९]। यस धर्मसूत्रमा महादेव दीक्षितले लेखेको 'उज्ज्वला' व्याख्या उपलब्ध छ।

१. सत्याषाढविरचितं श्रौतसूत्रम् (धर्मसूत्रापरपर्यायं षड्विंश-सप्तविंशप्रश्न-द्वयात्मकम्), महादेवदीक्षितविरचितोज्ज्वलाव्याख्यासमेतम्, भाग १०, सम्पा. शङ्कर शास्त्री मारूलकार, आनन्दाश्रम मुद्रणालय, पूना, सन् १९३२।

५.३.३.६ वैखानसधर्मसूत्र

कृष्णयजुर्वेदीय वैखानसकल्पका ३२ प्रश्नमध्ये ८-१० प्रश्नलाई वैखनस-धर्मप्रश्न वा धर्मसूत्र भनिन्छ। यो धर्मसूत्र **प्रश्न> खण्ड/पटल> सूत्र गरी तीन भागमा विभक्त** छ। यसमा **३ प्रश्न** र तिनमा क्रमशः ११, १५, १५ गरी **जम्मा ४१ खण्ड** वा पटल छन् र खण्डभित्र अनेक सूत्र समाविष्ट छन्। अतः यसको **स्थलनिर्देश तीन**

२६९. ध.शा.इ. १, पृ. २०।

अङ्कद्वारा गरिन्छ। यसमा नृसिंह वाजपेयीको भाष्य उपलब्ध छ।

१. नृसिंह वाजपेयीको व्याख्यासहित, वैखानसगृह्यसूत्र, भाग २ (पृ. ९६१-१०४५) अन्तर्गत, सम्पा. पार्थसारथि भट्टाचार्य, तिरुमल तिरुपति देवस्थान, तिरुपति, प्रथम संस्करण सन् १९६७, पुनर्मुद्रण सन् १९९७।
२. वैखानसधर्मप्रश्न (मूलमात्र), सम्पा. टी. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९१३।
३. जर्मन अनुवादसहित, विल्हेम एग्गर्स (W . Eggers), गोटिंगन, सन् १९२७।
४. विलेम क्यालेन्डको अंग्रेजी अनुवादसहित (१-२ भाग), विब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १९२७।
५. धर्मसूत्र र प्रवसूत्रसहित, के. रङ्गाचार्य, मद्रास, सन् १९३०।

५.३.३.७ विष्णुधर्मसूत्र

यो धर्मसूत्र 'विष्णुस्मृति'का नामबाट **'स्मृतिसन्दर्भ'** (नाग प्रकाशक, दिल्ली, सन् १९८८) भाग १, पृ. ४०१-५४६ मा र स्वतन्त्र ग्रन्थका रूपमा समेत प्रकाशित भएको छ[२७०]। वामन काणे र कुन्दनलाल शर्माले विष्णुधर्मसूत्रको वैजयन्ती टीकालाई उद्धृत गर्दै **यस धर्मसूत्रको सम्बन्ध कृष्णयजुर्वेदीय कठशाखासँग रहेको** कुरा उल्लेख गरेका छन्[२७१]। **२ भाग,** अनेक सूत्र र पद्यमा निबद्ध यो ग्रन्थ **१०० अध्यायमा विभक्त** छ। यसको **स्थलनिर्देश अध्याय र सूत्र वा पद्यबोधक २ अङ्कबाट** गरिन्छ। यो धर्मसूत्र **'विष्णुस्मृति'**का नामबाट नन्द पण्डितको 'वैजयन्ती' व्याख्यासहित जुलियस जोलीको सम्पादकत्वमा प्रकाशित भएको छ।

१. नन्द पण्डितको भाष्य, जुलियस जोलीको टिप्पणी, अनुक्रमणिका र विविध परिशिष्टसहित, सम्पा. जुलियस जोली (Julius. Jolly), एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८१।
२. केशव-वैजयन्तीटीकासहित (१-२ भाग), सम्पा. भी. कृष्णाचार्य, अड्यार पुस्तकालय -९३, मद्रास, सन् १९६४।

५.३.३.८ गौतमधर्मसूत्र

धर्मसूत्रहरूमा सर्वप्राचीन मानिने यो धर्मसूत्र **'गौतमस्मृति'**का नामबाट पनि प्रकाशित भएको छ[२७२]। गोतमवंशीय ऋषिद्वारा प्रणीत[२७३] यो धर्मसूत्र सामवेदसँग सम्बद्ध मानिन्छ। शिवराज आचार्यले यसलाई सामवेदको राणायनीय चरण-

---

२७०. तु.- विष्णुस्मृति (धर्मशास्त्रसङ्ग्रहः, जीवानन्द विद्यासागर, १८७६, पृ. ६०-६९ तथा स्मृतिसन्दर्भ, भाग १, पृ. ३८९-४००) र लघुविष्णुस्मृति (स्मृतीनां समुच्चयः, आनन्दाश्रम, सन् १९२९, पृ. ११७-१२३)।
२७१. ध.शा.इ. १, पृ. २३। कल्पसूत्र, पृ. ५२२।
२७२. द्र.- स्मृतिसन्दर्भ, भाग ४, नाग प्रकाशक, दिल्ली, सन् १९८८, पृ. १८७९-१९१८।
२७३. गौतम एक जातिगत नाम है -वामन काणे, ध.शा.इ. १, पृ. ११।

अन्तर्गतको **कौथुम शाखासँग सम्बद्ध** मानेको देखिन्छ[२७४]। यो धर्मसूत्र **३ प्रश्न, २८ अध्याय र १०१६ वा ९९० सूत्रमा विभक्त** छ। यसका प्रथम र द्वितीय प्रश्नमा ९-९ अध्याय छन् भने तृतीय प्रश्नमा १० अध्याय छन्। सूत्रसङ्ख्या चाहिँ **मस्करीभाष्य-सहितको संस्करणमा १०१६** देखाइएको छ भने **हरदत्तको मिताक्षरायुक्त संस्करणमा ९९० सूत्र** भएको देखाइएको छ। यसको विस्तृत विवरण तलको तालिकाबाट अवगत हुनेछ। हरदत्तको भाष्यमा **प्रश्न> अध्याय> सूत्रको क्रम** देखाइए पनि मस्करीभाष्यमा प्रश्नको उल्लेख नगरी लगातार १-२८ अध्याय र सूत्रको क्रममात्र देखाइएको छ। अतः **स्थलसङ्केत प्रस्तुत गर्दा हरदत्तको संस्करणअनुसार ३ अङ्क र मस्करीभाष्यको संस्करणअनुसार २ अङ्क प्रयोग गर्नु उपयुक्त** हुन्छ।

गौतमधर्मसूत्रको मस्करीभाष्यको अन्त्यमा **'क्रियाकाण्ड'** नामबाट १-१८ खण्डयुक्त एउटा भाग पनि जोडिएको छ। यस धर्मसूत्रमा हरदत्तले लेखेको 'मिताक्षरा' नामक सङ्क्षिप्त व्याख्या र वामनका पुत्र मस्करीले लेखेको विस्तृत 'मस्करीभाष्य' अति प्रसिद्ध छन्। यसबाहेक विभिन्न विद्वान्हरूले अंग्रेजी, हिन्दी र नेपाली भाषामा पनि यस धर्मसूत्रको अनुवाद गरेका छन्। गौतम धर्मसूत्रको हरदत्त-व्याख्याअनुसार देखाइएको विभाग, सूत्रसङ्ख्या र मस्करीभाष्यअनुसारको सूत्रसङ्ख्या स्पष्ट गर्नका लागि तालिका तथा यस ग्रन्थका प्रमुख संस्करण निम्नबमोजिम रहेका छन्।

प्रश्न, अध्याय र सूत्रको विभागबोधक तालिका

सूत्रसङ्ख्या				सूत्रसङ्ख्या				सूत्रसङ्ख्या			
प्र	अ	ह.भा	म.भा	प्र	अ	ह.भा	म.भा	प्र	अ	ह.भा	म.भा
१	१	६२	६६	२	१	६९	६६	३	१	२०	२०
"	२	५६	५८	"	२	३२	३४	"	२	१७	१६
"	३	३५	३६	"	३	४९	४९	"	३	२२	२२
"	४	२७	३३	"	४	३१	३१	"	४	३६	३८
"	५	४२	४५	"	५	४४	४४	"	५	३४	३५
"	६	२२	२६	"	६	३२	३०	"	६	११	१४
"	७	२६	२६	"	७	४९	५०	"	७	१०	१४
"	८	२६	२३	"	८	३८	३६	"	८	२५	२३
"	९	७४	७१	"	९	३२	३६	"	९	१८	१९
-	-	३७०	३८४	-	-	३७६	३७६	"	१०	५१	५५
३७०+३७६+२४४= ९९० र ३८४+३७६+२५६= १०१६										२४४	२५६
जम्मा सूत्रसङ्ख्या क्रमशः हरदत्त र मस्करीअनुसार										९९०	१०१६

प्रमुख संस्करण :

१. द इंस्टीट्यूट्स अफ गौतम, डा. ए. एफ. स्टेन्ज्लर (A. F. Stenzler), 'संस्कृत टेक्स्ट सोसाइटी'का लागि, लन्डन, सन् १८७६।

२. अंग्रेजी अनुवाद, डा. बुह्लर, पवित्र प्राच्य ग्रन्थमाला -२, अक्सफोर्ड, १८७९।

२७४. वै.ध.मू., पृ. १५१।

३. मस्करीभाष्यसहित, सम्पा. एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९१७।
४. हरदत्तको मिताक्षरासहित, सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम, पूना, सन् १९१० र १९३१। पुनर्मुद्रण : मिताक्षरा र डा. उमेशचन्द्र पाण्डेयको हिन्दी अनुवादसहित, चौखम्बा संस्कृत सीरीज, वाराणसी, सन् १९६६।
५. 'भावमीमांसा'संज्ञक नेपाली व्याख्यासहित, सम्पा. तथा व्याख्या. प्रमोदवर्धन कौण्डिन्न्यायन, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं, वि.सं. २०६९।

५.३.३.९ अन्य धर्मसूत्र

माथि उल्लिखित धर्मसूत्रबाहेक वेदका शाखासम्बन्ध ज्ञात नभएका **हारीतधर्मसूत्र**[२७५], **काश्यपधर्मसूत्र**[२७६] र **सुमन्तुधर्मसूत्र**[२७७] प्रकाशित छन् भने विभिन्न स्थानमा उद्धृत अत्रि, उशना, कण्व वा काण्व, गार्ग्य, च्यवन, जातूकर्ण्य, देवल, पैठीनसी, बुध, बृहस्पति, भरद्वाज वा भारद्वाजलगायतका धर्मसूत्रकार वा स्मृतिकार सम्बन्धी विवरण वामन काणे एवं कुन्दनलाल शर्माले आ-आफ्ना ग्रन्थमा प्रस्तुत गरेका छन्[२७८]।

५.३.४ परिशिष्ट-वाङ्मय

वैदिक वाङ्मयमा 'परिशिष्ट' शब्दले मन्त्र-ब्राह्मणात्मक वेदको अध्ययनसँग सम्बद्ध विषयको; श्रौतकल्प, गृह्यकल्प वा दुवैसँग सम्बद्ध विषयको र अन्य वेदाङ्गसँग सम्बद्ध ग्रन्थका विषयको आकाङ्क्षा पूर्ति गर्ने ग्रन्थहरू बुझिन्छन्। चार वेदका विभिन्न शाखासँग सम्बद्ध यस्ता परिशिष्टहरू अत्यन्त धेरै छन्। केही परिशिष्टहरू कुनै परिशिष्टकै नामबाट र कुनै अन्य विभिन्न नामबाट स्वतन्त्र ग्रन्थका रूपमा मुद्रित भएका पाइन्छन् भने केही चाहिँ सम्बद्ध मन्त्रसंहिता, ब्राह्मण, श्रौतसूत्र, गृह्यसूत्र, शिक्षा, प्रातिशाख्य, निरुक्त इत्यादि ग्रन्थअन्तर्गत नै विभिन्न नामबाट उपलब्ध हुन्छन्। यहाँ सजिलोका लागि विभिन्न परिशिष्टलाई पृथक्-पृथक् वर्गमा विभक्त गरी केहीको सङ्क्षिप्त स्वरूप र केहीको नाममात्र प्रस्तुत गरिएको छ।

कल्पशास्त्रअन्तर्गत श्रौतपरिशिष्ट, गृह्यपरिशिष्ट र श्रौत-गृह्यपरिशिष्ट मात्र पर्ने भए पनि यहाँ प्रसङ्गप्राप्त केही अन्य परिशिष्टहरूको समेत सङ्क्षिप्त जानकारी वा सूचना दिने प्रयास गरिएको छ। यस्ता परिशिष्टहरूलाई यहाँ मूलतः **१) संहितापरिशिष्ट 'क' खिलभाग, २) संहितापरिशिष्ट 'ख' अनुक्रमणी, ३) मन्त्र-**

२७५. यो धर्मसूत्र 'लघुहारीतस्मृति' र 'वृद्धहारीतस्मृति'का नामबाट स्मृतिसन्दर्भ भाग २, पृ. ९७४-९९४ तथा ९९४-१२३३ मा प्रकाशित छ। लघुहारीतमा ७ अध्याय र २५० पद्य छन् भने वृद्धहारीतमा ८ अध्याय एवं २६०० पद्य छन्।
२७६. सम्पा. ति. रा. चिन्तामणि, जर्नल अफ ओरियन्टल रिसर्च, मद्रास, सन् १९३९।
२७७. ऐ., सन् १९३४।
२७८. द्र.- ध.शा.इ. १, पृ. २७-४०। कल्पसूत्र, पृ. ५२२-५२७।

ब्राह्मणात्मक परिशिष्ट, ४) शिक्षाशास्त्रीय परिशिष्ट, ५) प्रातिशाख्य-परिशिष्ट, ६) कल्पशास्त्रीय परिशिष्ट, ७) निरुक्तपरिशिष्ट र ८) अन्य परिशिष्ट गरी ८ वर्गमा विभक्त गरिएको छ। क्रमसङ्ख्या १-७ सम्म उल्लेख गरिएका विभिन्न परिशिष्टका वर्गभित्र नपर्ने विविध विषयसँग सम्बद्ध र शास्त्रसम्बद्धता अस्पष्ट रहेका परिशिष्टहरूलाई यहाँ अन्य परिशिष्टअन्तर्गत राखिएको छ। यसअन्तर्गत मुख्यतः केही मैत्रायणीयपरिशिष्ट र केही अथर्ववेदीय-परिशिष्टलाई समावेश गरिएको छ।

५.३.४.१ संहितापरिशिष्ट 'क' : खिलभाग

वेदका संहिता अर्थात् मन्त्रभागसँग साक्षात् सम्बन्ध राख्ने परिशिष्टहरूलाई यहाँ संहितापरिशिष्टअन्तर्गत राखिएको छ। यसभित्र पनि मन्त्रसंहिताका **खिलभागलाई 'क' प्रकरणमा र अनुक्रमणी-साहित्यलाई 'ख' प्रकरणमा समावेश** गरी सर्वसाधारण पाठकलाई बुझ्न सजिलो बनाइएको छ।

कतिपय विद्वान्हरूले 'परिशिष्ट' शब्दलाई 'खिल' शब्दको पर्यायका रूपमा ग्रहण गरेका छन्[२७९]। मनुस्मृतिमा पनि खिल शब्दको प्रयोग ग्रन्थको परिशिष्टका रूपमा सङ्गृहीत अंशका लागि भएको देखिन्छ[२८०]। शतपथब्राह्मण र शाङ्खायन-ब्राह्मणमा उर्वर भूमिसँग असंभिन्न ऊषर (बाँझो) भूमिका लागि 'खिल' शब्दको प्रयोग भएको छ[२८१] भने अमरकोषमा (२.१.५) पनि नजोतेकै भूमिका लागि खिल शब्दको प्रयोग भएको छ। महाभारतका टीकाकार नीलकण्ठको उल्लेखलाई आधार मान्दा स्वशाखीय कर्म वा विषयको अपेक्षाअनुसार स्वशाखामा पढिने परशाखीय विषय वा मन्त्र 'खिल' हुन्[२८२]।

वैदिक परम्परामा ऋग्वेदका **बालखिल्यसूक्त** (८.४९-५९), **श्रीसूक्त** लगायतका सूक्त र ऋचाहरू; शुक्लयजुर्वेद-माध्यन्दिनसंहिताका **२६-४० अध्यायहरू**; कृष्णयजुर्वेदीय मैत्रायणीसंहिताको **चतुर्थ काण्ड**; सामवेदका **'महानाम्नी'संज्ञक**

२७९. वस्तुतस्तु खिलापर्याय एव परिशिष्टशब्दः -श्रीकिशोर मिश्र, सागरिका, पृ. ११९। द्र.- सातवलेकरद्वारा मुद्रापित ऋग्वेदसंहिताको अन्त्यमा 'अथ परिशिष्यानि' (पृ. ७६९-७९१)। यागविषयक अवशिष्ट मन्त्रों का सङ्कलन होने के कारण इन अध्यायों का खिलत्व या परिशिष्टत्व स्पष्ट है -ब्रजबिहारी चौबे, सं.वा.बृ.इ. १, पृ. २६३।

२८०. पुराणानि खिलानि च -मनु. ३.२३२। खिलानि = श्रीसूक्त-महानाम्निकादीनि -मेधातिथि। खिलानि = तत्कालपठ्यमानशाखास्थवेदभागान् -सर्वज्ञनारायण। खिलानि = श्रीसूक्त-शिवसङ्कल्पादीनि -कुल्लूक भट्ट र राघवानन्द। खिलानि = हरिवंशादीनि -नन्दनभाष्य।

२८१. यद्वा उर्वरयोरसंभिन्नं भवति खिल इति वै तदाचक्षते -मा.श.ब्रा. ८.३.४.१। उर्वरयोः सर्वसस्याढ्ययोः क्षेत्रयोः असंभिन्नम् असंस्पृष्टं भवति स्वयमसस्यं भवति, तत्क्षेत्र खिल इत्युच्यते -सा.भा.। तु.- शां.ब्रा. ३०.८।

२८२. शाखान्तरस्थं शाखान्तरे यदपेक्षावशात् पठ्यते तत् खिलमिति वैदिकी प्रसिद्धिः। यथा बह्वृचानां श्रीसूक्त-मेधासूक्तादीनां संहिताकाले पाठो दृश्यते। -नीलकण्ठ, महा. आदि. २.८२।

१० ऋचा र अथर्ववेदका **कुन्तापसूक्त** (२०.१२७-१३६) खिलसूक्त वा काण्डका नामले प्रसिद्ध छन्। यसअतिरिक्त शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताका १२, ३३ र ३४ अध्यायमा पढिएका केही मन्त्र **'अनारभ्याधीत'** नामबाट चिनिन्छन्।

यसरी चारै वेदसँग सम्बद्ध संहिताका बीचमा, अन्त्यमा र स्वतन्त्र परिशिष्टका रूपमा समेत उपलब्ध हुने बालखिल्यसूक्त, खिलसूक्त वा काण्ड, अनारभ्याधीत-मन्त्र, महानाम्नी ऋचा, कुन्तापसूक्तलगायतका सूक्त वा मन्त्रसमूह **सम्बद्ध मन्त्रसंहिताका अभिन्न र महत्त्वपूर्ण अङ्ग** हुन् । पाश्चात्त्य वा कतिपय आधुनिक विद्वान्हरूले वेदका खिलभाग वा परिशिष्टहरूको पौर्वापर्य निर्धारण गर्दै केही खिलभागलाई प्रक्षिप्त मानेका छन् । तर सनातन वैदिक परम्पराले यसलाई कथमपि स्वीकार गर्दैन । सनातन वैदिक परम्पराका अनुसार खिल वा परिशिष्ट वेदका त्यस्ता विशिष्ट भाग हुन्, जुन सम्बद्ध वेदका प्रायः सबै शाखाध्येताहरूका लागि ग्रहणीय र सर्वार्थसाधक बन्दछन्।

५.३.४.१.१ ऋग्वेद-संहितापरिशिष्ट (खिलसूक्त)

संहितापरिशिष्टअन्तर्गतका ऋग्वेदभिन्न परिशिष्ट वा खिलभागहरू प्रायः सम्बद्ध मन्त्रसंहितामा नै पढिएका पाइन्छन्। ऋग्वेदसंहिताका परिशिष्ट वा खिलभाग चाहिँ (बालखिल्यसूक्तबाहेक) संहिताको मूलभागअन्तर्गत पढिएका छैनन्, यिनको मुद्रण पृथक् रूपमा भएको छ। शाकलशाखीय ऋग्वेदसंहिताका कतिपय संस्करणहरूमा 'परिशिष्ट' वा 'खिलानि'का नामबाट केही सूक्त वा मन्त्रहरू पृथक् रूपमा सङ्कलित भएका देखिन्छन् । यसरी सङ्कलन गरिएका सूक्त वा ऋचाहरू शाकल शाखाका नभई ऋग्वेदकै अन्य शाखासंहिताका हुन् भन्ने मान्यता विद्वान् हरूमा रहीआएको छ।

उक्त सूक्तहरू दामोदर सातवलेकरद्वारा सम्पादित ऋग्वेदसंहितामा (पृ. ७६९-७९१) र पं. रामगोविन्दकृत हिन्दी अनुवाद एवं सायणभाष्यसहितको ऋग्वेद-संहिता भाग ९ मा (पृ. १-४६, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००७) **'परिशिष्ट'का नामबाट** प्रकाशित छन्[२८३] भने म्याक्समूलरद्वारा सम्पादित ऋग्वेदसंहिताको भाग ४ मा (पृ. ५२०-५४१, लन्डन, सन् १८९२) र नारायण शर्मा एवं गणेश चिन्तामणि काशीकरद्वारा सम्पादित ऋग्वेदसंहिताको भाग ४ मा (पृ. ८८९-१००२, वैदिक संशोधन मण्डल, पुणे, सन् १९४६) **'खिलानि'का नामबाट** प्रकाशित छन्।

यसरी ऋग्वेदसंहिताका विभिन्न संस्करणमा प्रकाशित खिलसूक्तहरूको क्रम र सङ्ख्या समान देखिँदैन । अन्य संस्करणभन्दा अधिक व्यवस्थित र सङ्ख्याका हिसाबले समेत अधिकांश खिलसूक्तहरू पुणेको संस्करणमा समाविष्ट

२८३. सातवलेकरको सङ्कलनमा १-३६ खण्ड छन् भने म्याक्समूलरको सङ्कलनमा १-३२ खण्ड छन्।

छन् । यस संस्करणमा प्रकाशित **खिलसूक्तहरू ५ अध्याय, ८६ खण्ड र अनेक ऋचामा विभक्त** छन् । प्रथम अध्यायमा १२ खण्ड, द्वितीयमा १६, तृतीयमा २२, चतुर्थमा १४ र पञ्चम अध्यायमा २२ खण्ड छन् । **श्रीसूक्त, रात्रिसूक्त, पवमान-स्वस्त्ययनसूक्त, आयुष्यसूक्त, मेधासूक्त, संज्ञानसूक्त, निविदाध्याय, कुन्तापाध्याय, पुरोरुक्, प्रैषाध्याय**लगायतका शाकलशाखीय ऋग्वेदसंहितामा अनुपलब्ध अनेक सूक्त खिलसूक्तमा समाविष्ट छन् ।

५.३.४.१.२ बालखिल्यसूक्त

शैशिरीय-शाकलशाखीय ऋग्वेदसंहिताको अष्टम मण्डलमा पठित ४९-५९ सूक्तअन्तर्गतका ८० ऋचालाई 'बालखिल्यसूक्त' भनिन्छ । यी सूक्तहरू ऋग्वेदकै बाष्कल-शाखामा रहेको कुरा ऋग्वेद-अनुवाकानुक्रमणीबाट अवगत हुन्छ[२८४] । परशाखीय भएकै कारण यी सूक्तमा सायणले पनि भाष्य लेखेका छैनन् । वैदिक संशोधन-मण्डल, पूनाबाट प्रकाशित ऋग्वेदसंहिताको संस्करणमा चाहिँ बालखिल्यसूक्तमा पनि **'बालखिल्यसूक्तभाष्य'**का नामबाट अज्ञातकर्तृक भाष्य उपलब्ध छ । परशाखीय भए पनि सबै शाखाध्येताहरूका लागि उपकारक यो प्राणरूप विशिष्ट खिलभाग (बालखिल्यसूक्त) ऋग्वेदको अभिन्न अङ्ग हो भन्ने धारणा हाम्रा गुरुवर श्रीकिशोर मिश्रले व्यक्त गर्नुभएको छ[२८५] ।

५.३.४.१.३ माध्यन्दिनीय खिल वा अनारभ्याधीत-मन्त्र

शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताअन्तर्गत पढिएका २६-४० अध्यायलाई यस संहिताका भाष्यकार उवट र महीधरले 'खिल' भनेका छन्[२८६] । यसअतिरिक्त उक्त संहिताकै १२ अध्यायका ९०-१०१ मन्त्र, ३३ अध्यायका ५५-९७ मन्त्र र ३४ अध्यायका १-५८ मन्त्रलाई भाष्यकारहरूले 'अनारभ्याधीत मन्त्र' भनेका छन् । यसको अर्थ भाष्यकार महीधरले 'श्रौतकर्ममा विनियोग नगरिएका ब्रह्मयज्ञका लागि उपयुक्त'[२८७] मन्त्रसमूह भन्ने गरेका छन् । महीधरको उक्त भनाइ असङ्गत रहेको भन्दै हाम्रा गुरुवर श्रीकिशोर मिश्रले अनारभ्याधीतको अर्थ पृथक् हिसाबले गर्नुभएको छ । उहाँका अनुसार कुनै श्रौतकर्मविशेषका लागि मात्र विनियोग नगरीकन संहितामा पढिएका मन्त्र अर्थात् एउटामात्र श्रौतकर्ममा सङ्कुचित नभई अनेक कर्ममा विनियोग गर्न उपयुक्त सर्वार्थसाधक मन्त्र 'अनारभ्याधीत' हुन्[२८८] ।

---

२८४. एतत्सहस्रं दश सप्त चैवाष्टावतो बाष्कलेऽधिकानि । तान्पारणे शाकले शैशिरीये वदन्ति शिष्टा न खिलेषु विप्राः ॥-३६ पद्य ।

२८५. सागरिका, पृ. ११९ ।

२८६. अथेदानीं खिलान्यनुक्रमिष्यामः -उवटभाष्य २६.१ । इदानीं खिलान्युच्यन्ते क्वचिद् विनियोगानुक्तेः -महीधरभाष्य २६.१ ।

२८७. अनारभ्याधीताः श्रौतकर्मण्यविनियुक्ता ब्रह्मयज्ञार्हाः -मा.सं. ३३.५५ भाष्य ।

२८८. आरम्भः प्रवृत्तिः । मन्त्राणां प्रवर्तनं नाम कर्मण्युपयोगः । अनारभ्य कर्मविशेषे

गुरुवरका अनुसार अनारभ्याधीत मन्त्र पनि खिलरूप नै हुन् र खिल एवं परिशिष्ट शब्द समानार्थक हुन्[२८९]।

५.३.४.१.४ सामवेदीय संहितापरिशिष्ट

कौथुमशाखीय सामवेद-आर्चिकसंहिताअन्तर्गत पूर्वार्चिकको अन्त्यमा पढिएका १० ऋचालाई 'महानाम्नी' भनिन्छ। यी ऋचामा आधारित भएर गाइने आरण्यगानअन्तर्गतको महानाम्नीपर्व, भारण्डसाम, तवश्यावीयसाम, गायत्रसाम र स्तोभग्रन्थ सामवेदसंहिताका परिशिष्ट मानिन्छन्[२९०]।

५.३.४.१.५ मैत्रायणीय खिलकाण्ड

कृष्णयजुर्वेदीय मैत्रायणीसंहिताको चतुर्थ काण्डलाई 'खिलकाण्ड' भनिन्छ। खिल र परिशिष्ट शब्दलाई पर्यायवाची मान्ने हो भने यो काण्ड पनि मैत्रायणी-संहिताको परिशिष्ट नै हो। यसमा १५८ अनुवाक र ११८१ कण्डिका (मन्त्र) छन्। यसको प्रकाशन मैत्रायणी-संहितासँगै भएको छ।

५.३.४.१.६ अथर्ववेदीय कुन्तापसूक्त

शौनकशाखीय अथर्ववेदसंहिताको बीसौं काण्डअन्तर्गत पढिएका १२७-१३६ सूक्तलाई कुन्तापसूक्त भनिन्छ र यिंनलाई पनि विद्वान्हरूले खिल वा परिशिष्ट मानेका छन्।

५.३.४.२ संहितापरिशिष्ट 'ख' : अनुक्रमणी

'अनु' उपसर्गपूर्वक 'क्रम्' धातुबाट निष्पन्न अनुक्रमणिका वा अनुक्रमणीको शाब्दिक अर्थ विषयवस्तुको क्रमबद्ध तालिका, सूची, भूमिका इत्यादि हुन्छ। वैदिक साहित्यसँग सम्बद्ध अनुक्रमणिका वा अनुक्रमणी पनि सम्बद्ध शाखाका मन्त्रसंहिता वा ब्राह्मणग्रन्थका विभिन्न स्थानमा विकीर्ण मन्त्र, वाक्य, शब्द, अक्षर, ऋषि, देवता, छन्द इत्यादिको क्रमबद्ध सूची प्रस्तुत गर्ने र तत्सम्बद्ध विषयको सूक्ष्म विवेचन गरी संहिता, ब्राह्मणलगायतका ग्रन्थको अध्ययन-अनुसन्धानमा मार्गदर्शन गर्ने सहायक ग्रन्थ हुन्। वेदका विभिन्न शाखा-संहिताको अध्ययनमा सहयोगी भूमिका निर्वाह गर्ने भएकाले शौनकादि प्राचीन ऋषिहरूद्वारा प्रणीत यस्ता अनुक्रमणीहरूलाई यहाँ

विनियोजनमकृत्वैव अधीताः संहितायां पठिता मन्त्रा अनारभ्याधीताः। अर्थादेकस्मिन् श्रौते कर्मणि विनियोजनसङ्कोचमन्तरा अन्यत्रापि कर्मसु यथायथं विनियोगार्हा मन्त्रा अनारभ्याधीताः सर्वार्थाः।-सागरिका, पृ. १२१।

२८९. एवं हि परिशिष्टपदमपि खिलाभिन्नमेवार्थं धारयतीति न खिलपरिशिष्टयोर्विरोधः। खिलांशस्यैवाभिप्रायविशेषेण परिशिष्टोक्तिराचार्याणाम्।-ऐ., पृ. १२०।

२९०. महानाम्नादीनि तु तत्त्वतः परिशिष्टरूपाण्येवेति न तेष्वस्ति वक्तव्यविशेषः। स्तोभग्रन्थस्य चारण्यकपरिशिष्टत्वं दृष्ट्यैव प्रतीयत इति कृतस्तथैव व्यवहारः -सत्यव्रत सामश्रमी, सम्पादकोक्ति, पृ. २ (सामवेदसंहिता, भाग ५, कलकत्ता, १८७८)।

सम्बद्ध शाखासंहिताका परिशिष्टका रूपमा प्रस्तुत गरिएको छ।

अनुक्रमणी-साहित्य भनेको कालक्रम, वैयक्तिक प्रमाद आदिका कारण सम्बद्ध शाखाका मन्त्रसंहिताहरूमा हुन सक्ने सम्भावित च्युति, परिवर्तन, प्रक्षेप, पाठभेद, क्रमभङ्गता जस्ता अनेक दोषहरूबाट मुक्त राखी वैदिक संहिताका परम्परागत यथार्थ पाठ र क्रमलाई सुरक्षित राख्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण ग्रन्थहरूको सँगालो हो । अत एव वेदोक्त श्रौत-स्मार्तकर्मको सिद्धिका लागि अनुक्रमणी-साहित्यको ज्ञान अनिवार्य हुनुपर्ने; ऋषि, देवता, छन्द आदिको ज्ञानविना मन्त्रपाठ, जप, होम आदि केही गर्न नहुने र अज्ञानवश त्यसो गरेमा व्यक्ति मूर्ख, पापी र मृतसरह हुने कुरा अनुक्रमणीहरूमा उल्लेख गरिएको पाइन्छ[२९१] । यसबाट वैदिक संहिताको वास्तविक स्वरूपज्ञानमा र तिनको संरक्षणमा अनुक्रमणी-वाङ्मयको महत्त्वपूर्ण भूमिका रहने कुरा सुस्पष्ट हुन्छ । अनुक्रमणी-वाङ्मयको महत्त्वबारे उल्लेख गर्न पृथक् चर्चा आवश्यक हुने भएकाले यहाँ यतिमात्र सङ्केत गरी वर्तमानमा उपलब्ध वेदका विभिन्न शाखा-संहिताका अनुक्रमणी-परिशिष्टको स्वरूप, संस्करण आदिबारे सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ।

५.३.४.२.१ ऋग्वेदीय अनुक्रमणी

अनुक्रमणी-साहित्यअन्तर्गत ऋग्वेदसंहितासँग सम्बद्ध निम्नलिखित अनुक्रमणी प्रमुख मानिन्छन्।

बृहद्देवता

ऋग्वेदीय अनुक्रमणी-वाङ्मयमा महर्षि शौनकद्वारा प्रणीत बृहद्देवताको महत्त्वपूर्ण स्थान रहेको छ। ऋग्वेदको शैशिरीय-शाकल-शाखासँग सम्बद्ध मानिने यो ग्रन्थ ८ अध्याय र तिनमा क्रमशः १३१, १५८, १५६, १४४, १७५, १६३, १५७ एवं १४० गरी जम्मा १२२४ पद्यमा विभक्त छ। यस ग्रन्थमा ऋग्वेदसंहिताअन्तर्गतका विभिन्न सूक्त र ऋचाहरूसँग सम्बद्ध देवताहरूको वर्णन मण्डलक्रमअनुसार गरिएको छ[२९२] भने सूक्तगत वा ऋग्गत (ऋचासँग सम्बद्ध) देवतासम्बन्धी विभिन्न किसिमका आख्यायिकाहरू (कथा) पनि सँगसँगै प्रस्तुत गरिएका छन्। यस ग्रन्थमा साना-ठूला गरी कुल ५८ वटा आख्यायिका वर्णित छन् । कतिपय शब्दहरूको व्युत्पत्तिसमेत प्रस्तुत[२९३] गरिएको यस ग्रन्थको सम्बन्ध यास्ककृत निरुक्तका कतिपय निर्वचनसँग, आर्षानुक्रमणी, अनुवाकानुक्रमणी, ऋग्विधान, सर्वानुक्रमणीजस्ता ऋग्वेदीय अन्य

२९१. न ह्येतज्ज्ञानमृते श्रौतस्मार्तकर्मप्रसिद्धिः... एताभ्यामेवानेवंविदो यातयामानिच्छन्दांसि भवन्ति, स्थाणुं वार्च्छति, गर्ते वा पात्यते, प्रमीयते वा, पापीयान् भवतीति विज्ञायते ।-ऋ.सर्वा. १.१ । अविदित्वा ऋषिं छन्दो दैवतं योगमेव च । योऽध्यापयेज्जपेद्वाऽपि पापीयाञ्जायते तु सः ॥ -बृ.दे. ८.१३६ ।

२९२. सूक्तर्गर्धर्चपादानाम् ऋग्भ्यो वक्ष्यामि दैवतम् ।-बृ.दे. १.१ ।

२९३. द्र.- ऐ., ७.१२८-१२९ पद्य ।

अनुक्रमणीका वचनसँग र एकाध स्थानमा वाजसनेयि-सर्वानुक्रमणी एवं श्रीमद्-भगवद्गीताका वचनसँग पनि रहेको देखिन्छ। यसका साथै बृहद्देवतामा वर्णित कतिपय आख्यायिका महाभारतका कथासँग पनि सम्बद्ध देखिन्छन्। संस्करण :

१. आर्षानुक्रमणी, छन्दोऽनुक्रमणी र अनुवाकानुक्रमणीसहित, सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८९३ [Fasciculus I-IV, 1889-1892]।
२. अंग्रेजी अनुवादसहित (१-२ भाग), सम्पा. ए. ए. म्याक्डोनल, हार्वड युनिभर्सिटी, क्याम्ब्रिज, सन् १९०४। पुनर्मुद्रण : मोतीलाल बनारसीदास, सन् १९६५।
३. हिन्दी अनुवादसहित, सम्पा. रामकुमार राय, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, प्र.संस्क. सन् १९६३।

ऋग्वेदसर्वानुक्रमणी

शैशिरीय-शाकलशाखीय-ऋग्वेदसंहिताका सूक्तप्रतीक, ऋक्सङ्ख्या, ऋषि, देवता र छन्दको विवरण प्रस्तुत गर्ने ऋग्वेदसर्वानुक्रमणी महर्षि कात्यायनद्वारा रचना गरिएको हो। यो ग्रन्थ १२ र ६४ गरी कुल ७६ खण्डमा विभक्त छ। खण्डअन्तर्गत केही गद्यात्मक आख्यायिका रहे पनि अधिकांश भाग सूत्रशैलीमा रचना गरिएको छ। प्रारम्भका १-१२ खण्डमा ऋषि, छन्द र देवतासँग सम्बद्ध परिभाषा तथा ऋग्वेदीय छन्दको स्वरूप (३-११ खण्डमा) प्रस्तुत गरिएको छ भने त्यसपछिका १-६४ खण्डमा ऋग्वेदसंहिता १-१० मण्डलअन्तर्गतका प्रत्येक सूक्तका आद्यप्रतीक, ऋक्सङ्ख्या, ऋषि, देवता र छन्दको विवरण उल्लेख गरिएको छ। यसरी खण्ड र सूत्रमा विभक्त भएकाले यस ग्रन्थको स्थलसङ्केत पनि २ अंकद्वारा प्रस्तुत गरिन्छ। यस अनुक्रमणिकामा षड्गुरुशिष्यले 'वेदार्थदीपिका' नामक भाष्य लेखेका छन्।

१. सम्पा. ए.ए. म्याक्डोनल [विस्तृत भूमिका, सर्वानुक्रमणी, अनुवाकानुक्रमणी, काण्डानुक्रमणी (छन्दःसङ्ख्या), 'वेदार्थदीपिका' वृत्ति, परिभाषा (Introduction) विविध परिशिष्ट र शब्दसूचीसहित], अक्सफोर्ड, सन् १८८६। पुनर्मुद्रण : अनुवाकानुक्रमणीसहित, सम्पा. उमेशचन्द्र शर्मा, विवेक पब्लिकेशन्स, अलीगढ, सन्१९७७।
२. वसन्त श्रीपाद सातवलेकरद्वारा सम्पादित 'ऋग्वेदसंहिता' (स्वाध्यायमण्डल, औंध-नगर, सन् १९४०) अन्तर्गत परिशिष्टका रूपमा (पृ. ८०९-८२६) प्रकाशित।
३. सम्पा. विजयपाल (षड्गुरुशिष्यको वृत्तिसहित), कलकत्ता, सन् १९८५।

अनुवाकानुक्रमणी

शैशिरीय-शाकलशाखीय-ऋग्वेदसंहिताका अनुवाक, सूक्त र वर्गसङ्ख्याको

विवरण उल्लेख गर्ने अनुवाकानुक्रमणी महर्षि शौनकद्वारा प्रणीत मानिन्छ। यसमा जम्मा ४५ पद्य (अन्तिम वाक्यलाई छोडेर) छन्। आदिका १-९ पद्यमा प्रतिज्ञाविषय, पद्य १० मा आप्रीसूक्तका ऋषि, पद्य ११-१४ मा आप्रीसूक्तसम्बद्ध विवरण, पद्य १५-२० मा प्रथम मण्डलका अनुवाकसङ्ख्या, पद्य २१ मा बाष्कलसंहिताको क्रम, पद्य २२-३१ मा २-१० मण्डलका अनुवाकसङ्ख्या, पद्य ३२ मा १-१० मण्डलका कुल **अनुवाकसङ्ख्या** (८५ वटा), पद्य ३३-३५ मा १-१० मण्डलका सूक्तसङ्ख्या, पद्य ३६ मा ऋग्वेदका कुल **सूक्तसङ्ख्या** (शाकलसंहितामा १०१७ र बाष्कलमा १०२५), पद्य ३६-३७ मा वेदपारायणको फल, पद्य ३८-३९ मा ऋग्वेदसंहिताका **अध्याय** (६४), **मण्डल** (१०), **वर्ग** (२००६); पद्य ४०-४५ मा ऋग्वेदका वर्गविवरण, **ऋचा** (१०,५८०), **अर्ध-ऋचा** (२१,२३२) र पदसङ्ख्या तथा अन्तिम वाक्यमा **चर्चापद** (१,१०,७०४) र **अक्षरसङ्ख्या** (४,३२,०००) को उल्लेख गरिएको छ। यस अनुक्रमणीमा पनि षड्गुरुशिष्यको वृत्ति उपलब्ध छ।

१. म्याक्डोनल-सम्पादित **ऋग्वेदसर्वानुक्रमणी**अन्तर्गत मूल (पृ. ४७-५३) एवं षड्गुरुशिष्यको वृत्ति (पृ. १६९-१७४)।
२. राजेन्द्रलाल मित्र-सम्पादित **बृहद्देवताको परिशिष्ट**अन्तर्गत प्रकाशित, सन् १८९३।
३. वसन्त श्रीपाद सातवलेकर-सम्पादित **ऋग्वेदसंहिता**अन्तर्गत (पृ. ८२६-८२८)।

छन्दोऽनुक्रमणी

शौनकद्वारा विरचित यस अनुक्रमणीमा ऋग्वेदीय छन्दहरूको सङ्ख्या, प्रत्येक छन्दमा श्लोकको सङ्ख्या, जम्मा श्लोक र सूक्तहरूको सङ्ख्या दिइएको छ। राजेन्द्रलाल मित्रद्वारा सम्पादित संस्करणअनुसार यो ग्रन्थ दश मण्डल र प्रत्येक मण्डलमा क्रमशः ५३, १०, १५, ११, २८, २४, १६, ५४, १२ र ६३ गरी २८६ श्लोकमा विभाजित छ।

१. राजेन्द्रलाल मित्रद्वारा सम्पादित बृहद्देवताको परिशिष्टमा प्रकाशित, सन् १८९३। सम्पा. उमेशचन्द्र शर्मा शास्त्री, विवेक प्रकाशन, अलीगढ, सन् १९८१।

छन्दःसङ्ख्या

यो अनुक्रमणी छन्दोऽनुक्रमणीको परिशिष्टजस्तो देखिन्छ। ११ पद्यमा उपलब्ध यस ग्रन्थमा ऋग्वेदसंहिताका प्रत्येक छन्दको पूर्ण योग बताइएको छ।

१. म्याक्डोनल-सम्पादित **ऋग्वेदसर्वानुक्रमणी**अन्तर्गत (पृ. ५४-५५)।
२. वसन्त श्रीपाद सातवलेकर-सम्पादित **ऋग्वेदसंहिता**अन्तर्गत (पृ. ८२९)।

आर्षानुक्रमणी

शौनकद्वारा विरचित यस अनुक्रमणीमा ऋग्वेदसंहिताका ऋषिहरूको सूची

दिइएको छ। मण्डलक्रमअनुसार १० अध्यायमा विभक्त यस ग्रन्थमा जम्मा २९२ पद्य छन्।

१. राजेन्द्रलाल मित्रद्वारा सम्पादित बृहद्देवताको परिशिष्टमा प्रकाशित, सन् १८९३।
२. हिन्दी अनुवादसहित, सम्पा. उमेशचन्द्र शर्मा, विवेक पब्लिकेशन्स, अलीगढ, सन् १९८२।

नीतिमञ्जरी

ऋग्वेदीय अनुक्रमणीअन्तर्गत द्याद्विवेदप्रणीत नीतिमञ्जरी पनि उल्लेखनीय रहेको छ। यसमा ऋग्वेदसंहितासँग सम्बद्ध आख्यान र तिनमा सङ्केतित नैतिक उपदेशहरूको रोचक वर्णन गरिएको छ। ऋग्वेदीय अष्टक र मण्डलको क्रमअनुसार ८ अष्टक र १० मण्डलमा विभक्त यस ग्रन्थमा १६४ नीतिविधायक श्लोक, तिनको भाष्य (व्याख्या) र यसको पुष्टिका लागि १८८ ऋग्वेदीय मन्त्र सङ्गृहीत छन्।

१. **The Niti-manjari of Dya Dviveda,** by A. B. Keith, Journal of the Royal Asiatic Society, January, 1900.
२. विस्तृत भूमिका र विविध परिशिष्टसहित, सम्पा. पं. सीताराम जयराम जोशी, प्रकाशक : शालिग्राम शर्मा (हरिहर मण्डल-व्यवस्थापक), कालभैरव, बनारस, सन् १९३३। पुनर्मुद्रण : चौखम्बा संस्कृत सीरीज आफिस, वाराणसी, सन् १९९८।

माथि उल्लिखित बाहेक ऋग्वेदीय अन्य अनुक्रमणीहरूमा देवताहरूको विवरण उल्लेख गर्ने **देवतानुक्रमणी** (अनुपलब्ध), ऋग्वेदसंहिताका केही संशययुक्त पादहरूको निर्णय गर्ने **पादानुक्रमणी वा पादविधान**[२९४] (शौनकविरचित) र वेङ्कटमाधवकृत 'ऋगर्थदीपिका'नामक ऋग्वेदभाष्यअन्तर्गत प्रत्येक अध्यायका आरम्भमा उल्लेख गरिएका विभिन्न कारिकाहरूको एकत्रित सङ्ग्रह **ऋग्वेदानुक्रमणी अफ माधव भट्ट**[२९५] नामक ग्रन्थ उल्लेखनीय छन्। माधव भट्टको ऋग्वेदानुक्रमणी-अन्तर्गत आख्यात, स्वर, निपात, शब्दवृत्ति, छन्द, देवता, मन्त्रार्थ, नाम, गूढार्थ, विभक्त्यर्थ, समय र इतिहास गरी १२ अनुक्रमणी पर्दछन्।

५.३.४.२.२ शुक्लयजुर्वेदीय अनुक्रमणी

अनुक्रमणी-साहित्यअन्तर्गत शुक्लयजुर्वेदसंहितासँग सम्बद्ध निम्नलिखित अनुक्रमणी प्रमुख मानिन्छन्।

---

२९४. सम्पा. एच.जी. नरहरि (अज्ञातकर्तृक भाष्यसहित), अड्यार पुस्तकालय, मद्रास, सन् १९५०।
२९५. क) सम्पा. कुन्हन राज, मद्रास विश्वविद्यालय, मद्रास, सन् १९३२। ख) सम्पा. विजयपाल विद्यावारिधि (हिन्दी अनुवादसहित), रामलाल कपूर ट्रष्ट, हरियाणा, सन् १९७८।

अनुवाकसङ्ख्या

महर्षि कात्यायनकृत १८ परिशिष्टमध्ये अनुवाकसङ्ख्या चौथो परिशिष्ट हो। यसलाई **अनुवाकसूत्र, अनुवाकाध्याय** वा **अनुवाकानुक्रमणी** पनि भनिएको पाइन्छ। शुक्लयजुर्वेद-माध्यन्दिनसंहिताका १-४० अध्यायमा कति अनुवाक छन् भन्ने विवरण प्रस्तुत गरिएको यो परिशिष्ट शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताका अधिकांश संस्करणहरूको अन्त्यमा परिशिष्टका रूपमा प्रकाशित भएको पाइन्छ। यसअतिरिक्त युगलकिशोर पाठकद्वारा सम्पादित **शुक्लयजुःप्रातिशाख्य** (बनारस, सन् १८८८) अन्तर्गत (पृ. ५०१-५०६) र **शुक्लयजुःसर्वानुक्रमसूत्र** (११२ पृष्ठमा) सँगै स्वाध्यायमण्डल, पारडीबाट पनि यसको प्रकाशन भएको छ।

ऋग्यजुषम्

महर्षि कात्यायनकृत १८ परिशिष्टमध्ये ऋग्यजुष आठौं परिशिष्ट हो। शुक्लयजुर्वेद-माध्यन्दिन-संहितामा कति ऋक्मन्त्र र कति यजुर्मन्त्र छन् भन्ने विवरण प्रस्तुत गर्ने यो परिशिष्ट गद्य-पद्यात्मक छ। **३ खण्डयुक्त** यस ग्रन्थको पहिलो खण्डमा ६ पद्य, दोस्रो खण्डमा १३ गद्य र तेस्रो खण्डमा १५ पद्य छन्। यो पनि युगलकिशोर पाठकद्वारा सम्पादित **शुक्लयजुःप्रातिशाख्य** (बनारस, सन् १८८८) को अन्त्यमा (पृ. ४९४-५०१) प्रकाशित भएको छ।

वासिष्ठी शिक्षा

शिक्षासङ्ग्रहमा[२९६] वासिष्ठी शिक्षाका नामबाट मुद्रित भए पनि यो ग्रन्थ वस्तुतः शिक्षा नभई शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताको अनुक्रमणी हो। यसको पहिलो पद्यमा नै वासिष्ठको मतअनुसार सर्वानुक्रमलाई उद्‌धृत गर्दै ऋक् र यजुष्को लक्षण बनाउने कुरा उल्लेख भएकाले[२९७] यो ग्रन्थ कात्यायनकृत सर्वानुक्रमकै अनुगामी परिशिष्ट हो भन्ने स्पष्ट हुन्छ। ४० वटा गद्यात्मक खण्डमा निबद्ध यस ग्रन्थमा शु.य.मा.संहिता १-४० अध्यायअन्तर्गतका कण्डिकाहरूमा कति ऋक्मन्त्र र कति यजुर्मन्त्र छन् भन्ने विवरण उल्लेख गरिएको छ। यसबाट यो ग्रन्थ पनि कात्यायनकृत उपर्युक्त 'ऋग्यजुष'परिशिष्टजस्तै हो भन्ने स्पष्ट हुन्छ।

शुक्लयजुःसर्वानुक्रमसूत्र

कात्यायनकृत यस ग्रन्थमा शुक्लयजुर्वेद-माध्यन्दिन-संहिता १-४० अध्यायका ऋषि, देवता र छन्दको विवरण, छन्दका देवता तथा छन्दसम्बन्धी अन्य विवरण प्रस्तुत गरिएको छ। **५ अध्याय** र तिनमा क्रमशः ४०, ४०, २३, १३, ८ गरी जम्मा **१२४ गद्यखण्डमा विभक्त** यस ग्रन्थमा याज्ञिक अनन्तदेवको भाष्य र युगलकिशोर शर्मा पाठकको 'सर्वानुक्रमकीर्तिप्रकाश' नामक टिप्पणी उपलब्ध छन्।

---

२९६. सम्पा. रामप्रसाद त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९८९।

२९७. अथ शिक्षां प्रवक्ष्यामि वासिष्ठस्य मतं यथा। सर्वानुक्रममुद्‌धृत्य ऋग्यजुषोस्तु लक्षणम्॥

यो ग्रन्थ बनारस संस्कृत सीरीज नं. ४५, ४७, ४९ र १५८ अन्तर्गत ब्रजभूषण दास एण्ड कम्पनीबाट ४ भागमा प्रकाशित भएको छ र अन्तिम भागमा **सुन्दर शुक्लविरचित 'मौनमन्त्रावबोध'** एवं **देवभद्रकृत 'मौनसूत्र'**को चतुर्थ अध्याय पनि समाविष्ट छ। ४ भागमा भए पनि यसका पृष्ठसङ्ख्या क्रमशः १-९६, ९७-१९२, १९३-२८८ र २८९-३४६ रहेका छन् भने मौनमन्त्रावबोध (मौनसूत्रसहित) १-३६ पृष्ठमा प्रकाशित छ। यसअतिरिक्त यो परिशिष्ट शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताका अधिकांश संस्करणहरूको अन्त्यमा पनि परिशिष्टका रूपमा प्रकाशित भएको पाइन्छ।

१. १-३ भाग, सम्पा. आर. टी. एच. ग्रिफिथ र जी. थिबो, सन् १८९३-१८९४।
२. चतुर्थ भाग, सम्पा. गणपति शास्त्री (मौनमन्त्रावबोधका सम्पा. पं. रामसकल मिश्र), ब्रजभूषण दास एण्ड कंपनी, बनारस, सन् १९२१।
३. अनुवाकसूत्राध्याय, विविध परिशिष्ट र टिप्पणीसहित, स्वाध्यायमण्डल, पारडीबाट पनि ११२ पृष्ठमा प्रकाशित।

५.३.४.२.३ सामवेदीय अनुक्रमणी

अनुक्रमणी-साहित्यअन्तर्गत सामवेदसंहितासँग सम्बद्ध निम्नलिखित अनुक्रमणी प्रमुख मानिन्छन्।

आर्षेयब्राह्मण

सामवेदको कौथुम शाखासँग सम्बद्ध यो ब्राह्मण **३ प्रपाठक** र **८२ खण्डमा** विभक्त छ। पहिलो प्रपाठकमा २८ खण्ड, दोस्रोमा २५ र तेस्रोमा २९ गरी जम्मा ८२ खण्ड यसमा रहेका छन्। यसमा सामवेदका ऋषिसँग सम्बद्ध विवरण प्रस्तुत गरिएको हुँदा ब्राह्मणका नामबाट प्रसिद्ध भए पनि यसलाई **आर्षानुक्रमणी** भन्न सकिन्छ। यसको प्रकाशनादि अन्य विवरण ब्राह्मणग्रन्थअन्तर्गत नै प्रस्तुत भइसकेको हुँदा पाठक वर्गलाई त्यहींबाट जानकारी लिन अनुरोध गरिन्छ।

नैगेयशाखानुक्रमणी

सामवेदीय-राणायनीय-चरणअन्तर्गतको नैगेयशाखासँग सम्बद्ध यो परिशिष्ट सामवेदीय-आर्चिकसंहिताका ऋषि र देवताहरूको सूचीग्रन्थ हो। २ प्रपाठकमा विभक्त यस ग्रन्थको प्रथम प्रपाठकमा पूर्वार्चिक र उत्तरार्चिकका ऋषिहरूको विवरण प्रस्तुत गरिएको छ भने द्वितीय प्रपाठकमा पूर्व र उत्तरार्चिकका देवताहरूको विवरण उल्लेख गरिएको छ। अज्ञातकर्तृक यस ग्रन्थलाई **'नैगेय'** वा **'नैगेयार्चिक'** पनि भनिन्छ[२९८]।

१. सम्पा. ए. वेबर, इन्दिशे स्टुडियन, भाग १७, लाइपजिग, सन् १८८५।
२. अंग्रेजी अनुवादसहित, सम्पा. सीताराम सहगल, दिल्ली, सन् १९६६।

---

२९८. साम.सर्व., पृ. १३८-१३९।

सामवेद-आर्षेयदीप

भट्टभास्कराध्वरीन्द्रद्वारा रचित यस ग्रन्थमा सामवेदसंहिताका वेयगान र आरण्यगानमा विद्यमान सामहरूका ऋषि, देवता आदिको विवरण प्रस्तुत गरिएको छ। यस परिशिष्टलाई उपर्युक्त आर्षेयब्राह्मणकै सङ्कुचित व्याख्यानात्मक ग्रन्थ मान्न सकिने कुरा रामनाथ दीक्षितले उल्लेख गरेका छन्[२९९]।

१. सम्पा. डा. बी. आर. शर्मा, केन्द्रीय संस्कृत विद्यापीठ, तिरुपति, सन् १९६७।

सामवेदसर्वानुक्रमणी

हरदत्तविरचित यो अनुक्रमणी ऋक्तन्त्र (सामप्रातिशाख्य) को अन्त्यमा (ऋक्तन्त्रको विवृत्तिपछि) समाविष्ट छ र यो ९९.५ पद्यमा रचना गरिएको छ। यसमा सामवेदसँग सम्बद्ध विविध विषयहरू उल्लेख गरिएका छन्।

१. सम्पा. सूर्यकान्त शास्त्री, मेहरचन्द लछमनदास संस्कृत बुक डिपोट, लाहोर, सन् १९३४।

माथि उल्लेख गरिएका अनुक्रमणीबाहेक **'ऊहसामप्रकाश'** (१-१३४ पद्ययुक्त) र **'रहस्यसामप्रकाश'**[३००] (१-२४ पद्ययुक्त) नामका ग्रन्थ पनि सामवेदीय अनुक्रमणी नै हुन्।

५.३.४.२.४ अथर्ववेदीय अनुक्रमणी

अनुक्रमणी-साहित्यअन्तर्गत अथर्ववेदसंहितासँग सम्बद्ध निम्नलिखित अनुक्रमणी प्रमुख मानिन्छन्।

अथर्ववेदीय-पञ्चपटलिका

पाँच पटलमा विभक्त भएकाले पञ्चपटलिका नामबाट चिनिने यस अनुक्रमणीका रचयिता 'परिबभ्रव' मानिन्छन्। यसमा शौनकीय-अथर्ववेद-संहिता-अन्तर्गत १-१८ काण्डसम्मका अनुवाक, सूक्त, ऋचा, पर्याय, अवसान, गण इत्यादिको वर्णन र तिनीहरूको विभाग प्रस्तुत गरिएको छ।

१. सम्पा. पं. भगवद्दत्त, मेहरचन्द लछमनदास पब्लिकेशन्स, दिल्ली, सन् १९८५ (प्रथम संस्क. दमग्र, लाहोर, सन् १९२०)।

अथर्ववेदीय-बृहत्सर्वानुक्रमणिका

शौनकशाखीय अथर्ववेदसंहिता १-२० काण्डका मन्त्र, ऋषि, देवता र छन्दहरूको विवरण उल्लेख गरिएको यो अनुक्रमणी ११ पटल र २२३ खण्डमा विभक्त छ।

---

२९९. साम.सर्व., पृ. १३६-१३७।
३००. यी अनुक्रमणी म. रामनाथ दीक्षितसम्पादित 'सामवेद-ऊह-रहस्यगानम्' (सर सी. पी. रामस्वामी ऐयर फाउन्डेशन, मद्रास, सन् १९८७) को परिशिष्टभागमा (पृ. १-१६) समाविष्ट छन्।

१. ऋषि, देवता र छन्दसूचीसहित, सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द संस्थान, होशिआरपुर, सन् १९६६ (प्रथम संस्क. रामगोपाल शास्त्री, दमग्र, लाहोर, सन् १९२२)।

५.३.४.३ मन्त्र-ब्राह्मणात्मक परिशिष्ट

वेदका सम्बद्ध शाखाका संहिता वा ब्राह्मणग्रन्थसँग सम्बद्ध परिशिष्टहरूलाई मन्त्र-ब्राह्मणात्मक परिशिष्ट भनिन्छ। यस्ता परिशिष्टहरूले सम्बद्ध संहिताभाग वा ब्राह्मणभागमा अपेक्षित विषयहरूको पूर्ति गर्दछन्। निम्नलिखित ग्रन्थहरू मन्त्रब्राह्मणात्मक परिशिष्ट मानिन्छन्।

५.३.४.३.१ काण्डानुक्रमणी

आत्रेय-तैत्तिरीय-कृष्णयजुर्वेदसँग सम्बद्ध यस अनुक्रमणीमा तैत्तिरीय-शाखाका संहिता, ब्राह्मण र आरण्यकसम्बद्ध काण्ड, प्रश्न, अनुवाक, कण्डिका इत्यादिको विवरण प्रस्तुत गरिएको छ।

१. रोमन लिपिमा मूल र टीकासहित, ए. वेबर, इन्दिशे स्टुडियन, भाग ३ (पृ. ३७३-४०१), सन् १८५५।
२. के. वी. शर्माको टीकासहित (ग्रन्थलिपि), सम्पा. रामकृष्ण शास्त्री, कोलपाडी, सन् १९००।
३. पुनर्मुद्रण (३ अध्यायमा), सम्पा. के. वी. अनन्त नारायण शास्त्री, ए. बी. ओ. आर. आइ., भाग ३९ (२७७-२८८), सन् १९५९।

५.३.४.३.२ गोनामिक

मैत्रायणी-संहिताअन्तर्गत चतुर्थ काण्डको द्वितीय प्रपाठकका १-१४ अनुवाकलाई गोनामिक भनिन्छ। वाराहगृह्यसूत्र १.१ मा पनि मैत्रायणीयसूत्रका २२ परिशिष्टमध्ये आठौं परिशिष्टलाई गोनामिक भनिएको छ। यसको प्रकाशन स्वतन्त्र रूपमा पनि भएको छ।

१. सम्पा. डा. रघुवीर, 'द जर्नल अफ वैदिक स्टडीज्', भाग १, लाहोर, सन् १९३४।

५.३.४.३.३ चरणव्यूह (कात्यायनोक्त)

महर्षि कात्यायनद्वारा प्रवर्तित यो परिशिष्ट ऋग्वेदखण्ड, यजुर्वेदखण्ड, सामवेदखण्ड, अथर्ववेदखण्ड र चतुर्वेदफलश्रुतिखण्ड गरी ५ भागमा विभक्त छ। गद्य-पद्यात्मक शैलीमा रचना गरिएको यो सूत्र कात्यायनकृत १८ परिशिष्टमध्ये पाँचौं हो। यसको प्रकाशन डा. श्रीकिशोर मिश्रको 'पीयूषकणिकाव्याख्या'सहित 'वेदशाखापर्यालोचनम्' (वाराणसी, द्वि.सं. २०४५) अन्तर्गत (पृ. ५९-७४) भएको छ।

५.३.४.३.४ चरणव्यूह (शौनकोक्त)

महर्षि शौनकद्वारा प्रवर्तित यो परिशिष्ट पनि कात्यायनीय-चरणव्यूहजस्तै ऋग्वेदखण्ड, यजुर्वेदखण्ड, सामवेदखण्ड, अथर्ववेदखण्ड र चतुर्वेदफलश्रुतिखण्ड गरी ५ भागमा विभक्त छ। गद्य-पद्यात्मक शैलीमा रचना गरिएको यस ग्रन्थमा **आचार्य महिदासको भाष्य,** कमलाकरभट्टकृत **'वेदपारायणविधि'** र **अष्टविकृतिका लक्षण तथा उदाहरण** पनि समाविष्ट छन्।

१. आचार्य महिदासकृत भाष्यसहित, सम्पा. अनन्तराम शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९३८ (वि.सं. १९९५)।
२. युगलकिशोर पाठकद्वारा सम्पादित **शुक्लयजुःप्रातिशाख्य** (बनारस, सन् १८८८) को परिशिष्टअन्तर्गत (पृ. १-५९) महिदासभाष्यसहित।
३. सम्पा. उमेशचन्द्र शर्मा (महिदासभाष्यसहित), विवेक पब्लिकेशन्स, अलीगढ, सन् १९७८।

५.३.४.३.५ चरणव्यूह (कौशिकोक्त)

आचार्य कौशिकद्वारा प्रवर्तित यो परिशिष्ट पनि उपर्युक्त २ वटा चरणव्यूह-जस्तै ५ खण्डमा विभक्त छ र यसमा क्रमशः ७, ६, ६, १२ र १२ गरी जम्मा ४३ वटा गद्य-पद्यात्मक उपखण्ड रहेका छन्। यो ग्रन्थ **'अथर्ववेदपरिशिष्ट'** अन्तर्गत उनन्चासौं (४९) परिशिष्टका रूपमा प्रकाशित छ।

१. सम्पा. जर्ज मेलविल बोलिंग र जुलियस वोन नेजलिन (George Melville Bolling and Julius von Negelein), हिन्दी टीकासहित सम्पा. रामकुमार राय, चौखम्बा ओरियन्टालिया, वाराणसी, सन् १९७६ (प्रथम संस्क. लाइपजिग, सन् १९०९)।

५.३.४.३.६ छन्दोऽनुक्रमणी

कृष्णयजुर्वेदीय मैत्रायणीयसूत्रका २२ परिशिष्टमध्ये अठारौं (१८) परिशिष्टका रूपमा गणना गरिएको (वारा.गृ. १.१) यस अनुक्रमणीमा मैत्रायणी-संहिताका मन्त्रानुवाक, यजुरनुवाक, ऋग्-अनुवाक तथा याजुष मन्त्रको विवरण प्रस्तुत गरिएको छ।

१. सम्पा. डा. रघुवीर, 'द जर्नल अफ वैदिक स्टडीज्' (पृ. ५४७-५५३), लाहोर, सन् १९३२।

५.३.४.३.७ मन्त्रार्षाध्याय

कृष्णयजुर्वेदीय चारायणीय-शाखाका ऋषिहरूको सूची प्रस्तुत गरिएको यस परिशिष्टलाई **'चारायणीयार्षानुक्रमणिका'** पनि भनिन्छ। यो ग्रन्थ विश्वबन्धुको सम्पादकत्वमा डि. ए. वी. कलेज, लाहोरबाट सन् १९३५ मा प्रकाशित भएको छ।

यसअतिरिक्त शुक्लयजुर्वेदका काण्वशाखीय र माध्यन्दिन-शाखीय **बृहदारण्यक-उपनिषद्** अन्तर्गतका **'खिलकाण्ड'**लाई (५-६ अध्यायलाई) तथा **सामवेदीय-षड्विंशब्राह्मण**लाई पनि क्रमशः शतपथब्राह्मण र ताण्ड्यब्राह्मणका परिशिष्टअन्तर्गत राख्न सकिन्छ।

५.३.४.४ शिक्षाशास्त्रीय परिशिष्ट

वेदका सम्बद्ध शाखाका शिक्षाग्रन्थसँग सम्बद्ध परिशिष्टहरूलाई शिक्षाशास्त्रीय परिशिष्ट भनिन्छ। यस्ता परिशिष्टहरूले वेदका सम्बद्ध शाखाका शिक्षाग्रन्थमा अपेक्षित विषयहरूको पूर्ति गर्दछन्। निम्नलिखित ग्रन्थहरू वैदिक शिक्षाशास्त्रका परिशिष्ट मानिन्छन्।

५.३.४.४.१ ऋग्वेदीय शिक्षापरिशिष्ट

ऋग्वेदसँग सम्बद्ध शिक्षापरिशिष्ट अन्य वेदका अपेक्षामा थोरै मात्र उपलब्ध छन्। यीमध्ये १. **ऋग्वर्णलक्षण**[३०१] र २. **स्वराङ्कुशशिक्षा**[३०२] प्रकाशित छन् भने पाण्डुलिपिका रूपमा मात्र उपलब्ध ३. **शमानशिक्षा**[३०३] (यस्तै प्रकृतिका **लघुशमान-शिक्षा** र **शमानपद** पनि) तथा ४. **स्वरव्यञ्जनशिक्षा**[३०४] यस ग्रन्थकारको सङ्ग्रहमा रहेका छन्।

५.३.४.४.२ शुक्लयजुर्वेदीय शिक्षापरिशिष्ट

शुक्लयजुर्वेदसँग सम्बद्ध शिक्षापरिशिष्ट सबैभन्दा धेरै छन्। यहाँ ती सबैका समग्र प्रतिपाद्य विषय उल्लेख नगरी केही मूल विषयको सङ्केतसहित यथोपलब्ध स्वरूपगत परिचयमात्र वर्णानुक्रमअनुसार प्रस्तुत गरिएको छ।

अमोघानन्दिनी शिक्षा

अज्ञातकर्तृक यो शिक्षा १३० पद्यमा निबद्ध छ। यसमा माध्यन्दिन-संहिताका बकार र वकारयुक्त पदको गणना, तिनको उच्चारणप्रकार, नाद, रङ्ग र यमवर्णको उल्लेख, प्लुतस्वरको गणनाजस्ता विषय प्रतिपादित छन्। यसको मुद्रण शिक्षा-सङ्ग्रहमा (सम्पा. रामप्र. त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९८९) भएको छ।

अवसाननिर्णय-शिक्षा

अनन्तदेवविरचित यो शिक्षा १४ गद्यात्मक खण्डमा निबद्ध छ। यसमा

---

३०१. लेखक तथा व्याख्याकार : नरसिंह सूरि, सम्पा. बालकृष्णाचार्य, अड्यार पुस्तकालय, मद्रास, सन् १९५९।

३०२. जयन्तस्वामिप्रणीत, २५ पद्यमा। शिक्षासङ्ग्रह (सम्पा. रामप्र. त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९८९) अन्तर्गत।

३०३. परिभाषाखण्डमा ६.५ पद्य र त्यसपछिको भाग ३१ वटा गद्य-सूत्रमा विभक्त।

३०४. ६ वर्ग र क्रमशः ५, ४, ५, ४, ४, ९ = ३१ पद्यसूत्रमा विभक्त।

शुक्लयजुर्वेद-माध्यन्दिन-संहितामा कति अवसानस्थल (मन्त्रपाठ गर्दा विश्राम गर्ने स्थान) छन् भन्ने निर्णय प्रस्तुत गरिएको छ। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

कात्यायनीय-शिक्षा

कात्यायनप्रणीत यो शिक्षा १३ पद्यमा निबद्ध छ[३०५]। यसमा स्वरको विवेचना गरिएको छ। यसको मुद्रण जयन्त स्वामीको व्याख्यासहित शिक्षासङ्ग्रहमा भएको छ।

केशवीय-शिक्षा (गद्य-पद्यात्मिका)

दैवज्ञ केशवरामकृत यो शिक्षा १३ वटा गद्य-पद्यमा व्याख्यासहित निबद्ध छ। प्रतिज्ञासूत्रमा आधारित यस शिक्षामा स्वर, वर्ण आदिका उच्चारणसम्बन्धी नियम प्रस्तुत गरिएका छन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

केशवीय-शिक्षा (पद्यात्मिका)

दैवज्ञ केशवरामद्वारा नै प्रणीत यस शिक्षामा पनि १३ पद्य छन्। **'कारिकावलिशिक्षा'**का नामबाट समेत चिनिने यस ग्रन्थका विषय पनि उपर्युक्त केशवीय-शिक्षाका जस्तै छन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा नै भएको छ।

क्रमकारिका शिक्षा

माध्यन्दिन-शुक्लयजुर्वेदसंहिताको क्रमपाठसम्बन्धी विवरण प्रस्तुत गर्ने यो शिक्षा ९३ पद्यमा निबद्ध छ र यसका प्रणेता शम्भु मिश्र हुन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा नै भएको छ।

क्रमसन्धान-शिक्षा

शुक्लयजुर्वेद-माध्यन्दिनसंहिताका १-४० अध्यायअन्तर्गत संहितापाठ गर्दा दुई पदका बीचमा हुने अवसान र क्रमपाठ गर्दा हुने दुई पदको योग (सन्धान) सम्बन्धी विवरण प्रस्तुत गरिएको यस शिक्षामा ११५ क्रमसन्धानस्थल उल्लिखित छन्। अज्ञातकर्तृक यो शिक्षा पनि शिक्षासङ्ग्रहमा मुद्रित छ।

गलदृक्-शिक्षा

शुक्लयजुर्वेद-माध्यन्दिनसंहितामा कतिपय ऋचा वा कण्डिकाहरू अनेक स्थानमा दोहोरिएका छन्[३०६]। यसरी संहितामा दोहोरिएका (पुनरुक्त) वा पहिला पूरै पढिएका हुँदा दोस्रो, तेस्रो स्थानमा प्रतीकमात्र पढिने ऋचा वा कण्डिकालाई 'गलित' भनिन्छ[३०७]। यस शिक्षामा शु.मा.संहिताका यस्तै गलित ऋचा वा कण्डिकाहरूलाई छोडेर अवशिष्ट ऋचा वा कण्डिकाहरूको सङ्ख्यामात्र उल्लेख गरिएको हुँदा

---

३०५. सन् १९४४ मा बम्बई युनिभर्सिटीबाट प्रकाशित संस्करणमा चाहिं १० पद्यमात्र छन्।
३०६. जस्तै : 'उरु विष्णो' यो ऋचा ५ अध्यायको ३८ र ४१ कण्डिकामा पढिएको छ।
३०७. षष्ठेऽध्याये प्रथमा ऋग्गलिता -गलदृक्शिक्षा। द्र.- मा.सं. ६.१, ६.९, ६.३० इ.।

यसको नाम 'गलदृक्' रहेको हो। यसका कर्ता अज्ञात छन् र यो गद्यात्मक शैलीमा लेखिएको छ। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

पदकारिका-रत्नमाला

शङ्कराचार्यकृत यो शिक्षा पद्यात्मक भए पनि पद्यसङ्ख्या उल्लेख गरिएको छैन। ४० अध्यायमा विभक्त यस शिक्षामा **शुक्लयजुर्वेद-काण्वसंहिताका** प्रत्येक यजुर्मन्त्रमा रहेका पदसङ्ख्या, विसर्गसङ्ख्या, सन्धिलगायतका विविध विषयहरू प्रतिपादित छन्। यसको पाण्डुलिपि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

पदचन्द्रिका

स्वर, आख्यात, उपसर्ग, विसर्ग, सत्व-षत्व, णत्व, लोप-आगम, दीर्घ, अनुस्वार, नकारविकार, हल्सन्धि, स्वरसन्धि र अवग्रह गरी १३ प्रकरण र अनेक पद्यमा विभक्त यस शिक्षाको पाण्डुलिपि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

पाराशरी शिक्षा

शुक्लयजुर्वेद-माध्यन्दिनसंहिताका कण्डिकाहरूका अक्षर र वाक्यहरूको सङ्ख्या उल्लेख गरिएको पाराशरोक्त यस शिक्षामा १६० पद्य छन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

मनःस्वार-शिक्षा

याज्ञवल्क्यकृत यस शिक्षामा १ पद्य र ६३ गद्य छन्। माध्यन्दिन-शुक्ल-यजुर्वेदसंहिताका कण्डिकाहरूका आदि, मध्य र अन्त्यमा वा अवसानमा रहेका उदात्तादि स्वर, तकार-नकारादि वर्ण इत्यादिको विवरण प्रस्तुत गर्ने यस शिक्षाको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

मल्लशर्मकृता शिक्षा

शुक्लयजुर्वेदीय-संहिता र ब्राह्मणग्रन्थका हस्तस्वर-प्रक्रिया, स्वरसङ्केत, लेखन-प्रकार इत्यादि विषयको विवरण प्रस्तुत गर्ने मल्ल शर्माद्वारा प्रणीत यस शिक्षामा ६५ पद्य छन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

माण्डव्य-शिक्षा

४० वटा गद्यखण्ड र १ पद्यमा निबद्ध यस शिक्षाका प्रणेता माण्डव्य ऋषि हुन्। शुक्लयजुर्वेद-माध्यन्दिनसंहितामा ओष्ठ्य बकारको प्रयोग कहाँ-कहाँ भएको छ भन्ने विवरण प्रस्तुत गर्ने यो शिक्षा पनि शिक्षासङ्ग्रहमा प्रकाशित छ।

माध्यन्दिनीय-शिक्षा

माध्यन्दिन ऋषिप्रणीत वा माध्यन्दिन-शाखासँग सम्बद्ध भएका कारण यसको नाम माध्यन्दिनीय-शिक्षा रहेको हुन सक्छ। यसमा व्यञ्जन-वर्णको द्वित्व,

कवर्गीय खकारको गणना, गलित ऋचा इत्यादि विवरण प्रस्तुत गरिएको छ। यसमा आदिदेखि ५ पद्य र त्यसपछिका २ गद्यमा द्वित्वविचार, तेस्रो गद्यमा खकारको गणना र त्यसपछिका १-३६ गद्यमा गलित (लुप्त) ऋचाको गणना गरिएको छ। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

लघु-अमोघानन्दिनी शिक्षा

पूर्वोक्त अमोघानन्दिनी शिक्षाकै केही मुख्य विषयको वर्णन गर्ने यो शिक्षा १७ पद्यमा निबद्ध छ र यसका कर्ता अज्ञात छन्। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

लघु-माध्यन्दिनीय-शिक्षा

अज्ञातकर्तृक यस शिक्षामा २८ पद्य छन्। षकार, यकार, वकार, रेफ, स्वरभक्ति, विसर्गका प्रकार इत्यादि विषयका उच्चारणविधि उल्लेख गर्ने यो शिक्षा शिक्षासङ्ग्रहमा प्रकाशित छ।

वेदपरिभाषाकारिका-शिक्षा (पदरूप)

सिद्धेश्वरका पुत्र पण्डित रामचन्द्रद्वारा विरचित यो शिक्षा शिक्षासङ्ग्रहमा मुद्रित 'प्रातिशाख्यप्रदीपशिक्षा'सँगै (पृ. २८०-२८५) ११ पद्यमा व्याख्यासहित प्रकाशित छ। यसमा 'वेदपरिभाषासूत्र-शिक्षा'का रहस्य उद्घाटित छन्।

वेदपरिभाषासूत्र-शिक्षा (पदरूप)

सिद्धेश्वरका पुत्र पण्डित रामचन्द्रद्वारा रचित यो शिक्षा शिक्षासङ्ग्रहमा मुद्रित 'प्रातिशाख्यप्रदीपशिक्षा'सँगै (पृ. २६९-२८०) प्रकाशित छ। सङ्क्षिप्त सूत्रात्मक शैलीमा निबद्ध यस शिक्षामा शुक्लयजुर्वेद-माध्यन्दिन-संहिताका प्रत्येक अनुवाकमा पद, विसर्गान्त पद, सावग्रह पद, प्रगृह्यसंज्ञक स्वरयुक्त पद, नकारान्त पद, मकारान्त पद, क-ट-प-ङ-णान्तादि पद कति छन् भन्ने विवरण प्रस्तुत गरिएको छ।

स्वरभक्तिलक्षणपरिशिष्ट-शिक्षा

कात्यायनप्रणीत यस शिक्षामा स्वर, वर्ण आदिका उच्चारण-प्रकार वर्णित छन्। ४२ पद्यमा निबद्ध यस शिक्षाको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

स्वराष्टक-शिक्षा

अनन्तप्रणीत यो शिक्षा ४ खण्ड र सूत्रमा विभक्त छ। प्रथम खण्डका १९ सूत्रमा ८ स्वरको परिगणन र अच्-सन्धिको वर्णन, द्वितीय खण्डका १८ सूत्रमा उदात्तादि स्वरको वर्णन, तृतीय खण्डका १७ सूत्रमा हस्तस्वर र हल्-सन्धि एवं चतुर्थ खण्डका ११ सूत्रमा विसर्गसन्धिको वर्णन गरिएको छ। यसको मुद्रण शिक्षासङ्ग्रहमा भएको छ।

यसअतिरिक्त **कौषिकी, त्रैस्वर्य**लगायतका शिक्षा पनि शुक्लयजुर्वेदकै शिक्षापरिशिष्टअन्तर्गत पर्दछन्।

५.३.४.४.३ कृष्णयजुर्वेदीय शिक्षापरिशिष्ट

वेदका शिक्षाग्रन्थहरूमा शुक्लयजुर्वेदपछि कृष्णयजुर्वेदसँग सम्बद्ध शिक्षापरिशिष्टको सङ्ख्या दोस्रो स्थानमा रहेको देखिन्छ। यहाँ ती सबैका समग्र प्रतिपाद्य विषय उल्लेख नगरी केही मूल विषयको सङ्केतसहित यथोपलब्ध स्वरूपगत परिचयमात्र वर्णानुक्रमअनुसार प्रस्तुत गरिएको छ।

आपिशलशिक्षा

आपिशलिप्रणीत १९ पद्यमा उपलब्ध यो शिक्षा रघुवीरद्वारा सम्पादित गद्य-सूत्रात्मक 'आपिशलीय-शिक्षा'[३०८] अन्तर्गत प्राग्बन्धमा मुद्रित छ र यस ग्रन्थकारको सङ्ग्रहमा पनि रहेको छ।

आरण्यशिक्षा

अज्ञातकर्तृक यस शिक्षामा कृष्णयजुर्वेदीय तैत्तिरीय-आरण्यकका स्वरसम्बद्ध नियम प्रस्तुत गरिएका छन्। १२६ कारिकायुक्त यस शिक्षाको पाण्डुलिपि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

कालनिर्णयशिक्षा

मन्त्रोच्चारणका बेला वर्ण, वर्णांश र विरामस्थलमा कति कालसम्म रोकिने भन्ने निर्णय दिने यो शिक्षा पद्यात्मक भए पनि पद्यका सङ्ख्याबोधक अंक उल्लेख गरिएका छैनन्। ५४ पंक्तियुक्त यसको पाण्डुलिपि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

पाणिनीयशिक्षा

पाणिनीयशिक्षाका विविध पाठमध्ये ३५ पद्ययुक्त पाठलाई यजुःशाखीय शिक्षा मानिएको पाइन्छ। यस शिक्षाको सम्पादन सर्वप्रथम ए. वेबरले गरेका थिए भने त्यसपछि मनोमोहन घोषको सम्पादकत्वमा कलकत्ता युनिभर्सिटीबाट सन् १९३८ मा प्रकाशित 'पाणिनीयशिक्षा' अन्तर्गत (पृ. ३५-३८) ३५ पद्यात्मक पाणिनीयशिक्षाको पनि प्रकाशन भएको छ।

भारद्वाजशिक्षा

कृष्णयजुर्वेदको तैत्तिरीयशाखासँग सम्बद्ध यस शिक्षाका प्रणेता भारद्वाज नै मानिन्छन्। १३० पद्यमा विभक्त यस शिक्षाको प्रकाशन रामचन्द्र दीक्षितको सम्पादकत्वमा भाण्डारकर ओरियन्टल रिसर्च इंस्टिच्युट, पूनाबाट सन् १९३८ मा भएको छ।

३०८. द जर्नल अफ वैदिक स्टडीज्, प्रथम भाग, द्वितीय अंक, सन् १९३४, लाहोर।

लक्ष्मीकान्तशिक्षा

लक्ष्मीकान्तप्रणीत यस शिक्षाको पाण्डुलिपि यसै ग्रन्थकारको सङ्ग्रहमा रहेको छ। शिवराज आचार्यले कौण्डिन्न्यायनशिक्षामा (पृ. ६४-६५) उल्लेख गरेभन्दा भिन्न यो शिक्षा आदिको प्रतिज्ञा र अन्त्यको उपसंहार-श्लोकबाहेक ४ पद्यमा निबद्ध छ। शिवराज आचार्यले उल्लेख गरेको 'लक्ष्मीकान्तशिक्षा' चाहिँ ६४ अर्धपद्यमा उपलब्ध छ।

लौगाक्षिशिक्षा

१८५ गद्य-पद्यमा निबद्ध यो शिक्षा कृष्णयजुर्वेदको **चारायणीय-शाखासँग सम्बद्ध छ**[३०९]। यसको नाम शिक्षा राखिए पनि यसमा शिक्षासम्बद्ध कतिपय विषयसँगै समग्र चारायणीय-शाखाका ऋषि, देवता, छन्द र एकाध मन्त्रको विनियोगसमेत उल्लेख गरिएको पाइन्छ। यसप्रकार **यो ग्रन्थ शिक्षा र अनुक्रमणी दुवैसँग सम्बद्ध** देखिन्छ तापनि नाम 'शिक्षा' राखिएकाले यहाँ शिक्षापरिशिष्टअन्तर्गत यसको समावेश गरिएको हो। यसको पाण्डुलिपि यस ग्रन्थकारसँग रहेको छ।

वररुचिशिक्षा

१२९ पद्यमा निबद्ध यस ग्रन्थमा शिक्षासम्बद्ध विविध विषय वर्णित छन्। बीच-बीचमा काठक र तैत्तिरीय-शाखाका उच्चारणसम्बद्ध विषय प्रतिपादित भएकाले यो शिक्षा कृष्णयजुर्वेदसँग निकट रहेको कुरा अवगत हुन्छ। यसको पाण्डुलिपि यस ग्रन्थकारसँग रहेको छ।

वासिष्ठशिक्षा १

शिक्षासङ्ग्रहमा मुद्रित 'वासिष्ठी शिक्षा'भन्दा नितान्त भिन्न यो शिक्षा १२ पद्यमा निबद्ध छ र यसमा द्वित्वसम्बद्ध विषय प्रतिपादित छन्। यसको पाण्डुलिपि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

वासिष्ठशिक्षा २

शिक्षासङ्ग्रहमा मुद्रित र माथि उल्लिखित 'वासिष्ठी शिक्षा १'भन्दा नितान्त भिन्न यो शिक्षा ८७ पद्यमा निबद्ध छ। यसमा वर्णसङ्ख्या, स्थान, करण, प्रयत्न, मात्रा, स्वर आदिको वर्णन गरिएको छ। यसको पाण्डुलिपि पनि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

सिद्धान्तशिक्षा

श्रीनिवासमखि (श्रीनिवासाध्वरीन्द्र) द्वारा प्रणीत यो शिक्षा ७४ पद्यमा निबद्ध छ। यसको पाण्डुलिपि पनि यस ग्रन्थकारसँग रहेको छ।

३०९. आर्षं छन्दो दैवतं च विनियोगं तथैव च। प्रवक्ष्याम्यनुपूर्वेण कृत्स्नं चारायणीयके ॥-पद्य ४।

स्वरशिक्षा

३५ पद्यमा निबद्ध यस शिक्षाका कर्ता अज्ञात छन् । उदात्तादि स्वरको प्रतिपादक यस शिक्षाको पाण्डुलिपि यस ग्रन्थकारसँग रहेको छ।

यसअतिरिक्त **नवशिक्षा, शिक्षासमुच्चय**जस्ता शिक्षा पनि कृष्णयजुर्वेदकै शिक्षापरिशिष्टअन्तर्गत पर्दछन्।

५.३.४.४.४ सामवेदीय शिक्षापरिशिष्ट

सामवेदीय शिक्षापरिशिष्ट धेरै छैनन् । शिक्षापरिशिष्टसँग समानता राख्ने कतिपय सूत्रको उल्लेख यसै ग्रन्थमा 'सामवेदीय प्रातिशाख्यपरिशिष्ट'अन्तर्गत प्रस्तुत गरिएकाले यहाँ निम्नलिखित दुईवटा सूत्रलाई मात्र शिक्षापरिशिष्टअन्तर्गत राखिएको छ।

पञ्चविधसूत्र

पञ्चविधसूत्र वस्तुतः शिक्षापरिशिष्ट भए पनि सावेदसर्वानुक्रमणीमा हरदत्तले यसलाई सामवेदका १० श्रौतसूत्रअन्तर्गत एक मानेकाले[३१०] यस ग्रन्थमा पनि पञ्चविधसूत्रको परिचय श्रौतसूत्रकै परिचयको प्रसङ्गमा दिइएको छ। अतः यसको परिचय त्यहींबाट अवगत गर्न पाठकवर्गलाई अनुरोध गरिन्छ।

मात्रालक्षण

सामवेदको अर्को शिक्षापरिशिष्ट मात्रालक्षण हो । रामनाथ दीक्षितका अनुसार वररुचिप्रणीत[३११] यो ग्रन्थ ३ खण्डिका र क्रमशः ३२, १४, १० गरी ५६ सूत्रमा विभक्त छ। यसमा कौथुमशाखीय सामवेदका आर्चिक र गानसंहिताका मन्त्र उच्चारण गर्दा आवश्यक पर्ने ह्रस्व, दीर्घ, प्लुत र वृद्ध-मात्राको (उच्चारण-कालको परिच्छेदविशेषको) विवेचना गरिएको छ । यो ग्रन्थ पञ्चविधसूत्रसँगै 'पञ्चविधसूत्र-मात्रालक्षणे' नामबाट बी. आर. शर्माको सम्पादकत्वमा केन्द्रीय संस्कृत विद्यापीठ, तिरुपतिबाट सन् १९७० मा प्रकाशित छ भने यसपछि संस्कृत विवरण र अंग्रेजी अनुवादसहित इन्दिरागान्धी राष्ट्रिय कला केन्द्र, दिल्लीबाट पनि प्रकाशित छ (Mātralakṣaṇam, ed. by Dr. Wayne Howard, Indira Gandhi National Centre for the Arts, New Delhi, 1988)।

५.३.४.४.५ अथर्ववेदीय शिक्षापरिशिष्ट

अथर्ववेदका ७२ परिशिष्टमध्ये निम्नलिखित दुईवटा परिशिष्टमात्र शिक्षाशास्त्रसँग सम्बद्ध रहेका छन्।

---

३१०. द्र.- सामवेदसर्वानुक्रमणी, पृ. २, पद्य ९-१०।

३११. साम.सर्व., पृ. १४९।

दन्त्योष्ठविधि

२ अध्याय र क्रमशः १२, ११ = २३ पद्यमा विभक्त यो परिशिष्ट अथर्ववेदको चौथो लक्षणग्रन्थ मानिन्छ। दन्त र ओष्ठबाट उच्चार्यमाण वर्णमध्ये विशेषतः शौनकीय अथर्ववेदसंहितामा प्रयुक्त पवर्गीय बकारको उच्चारणसम्बन्धी संशय निवारण गर्नका लागि यस ग्रन्थको निर्माण भएको बुझिन्छ। यो ग्रन्थ भूमिका, टिप्पणी र हिन्दी अनुवादसहित पं. रामगोपाल शास्त्रीद्वारा सम्पादित भई दयानन्द महाविद्यालय संस्कृत ग्रन्थमाला, लाहोरबाट सन् १९२१ मा प्रकाशित भएको छ।

वर्णपटल

'अथर्ववेदपरिशिष्ट'[३१२] नामक सङ्ग्रहग्रन्थको ४७ औं क्रममा रहेको 'वर्णपटल' शिक्षाशास्त्रसँग सम्बद्ध छ। ३ खण्ड र क्रमशः २०, १०, ६ गरी ३६ पद्यमा रचना गरिएको यस ग्रन्थमा वर्णको उत्पत्ति, स्थान, सङ्ख्या, स्वर, मात्रा आदिको वर्णन गरिएको छ। यसका प्रणेता महर्षि कौशिक मानिन्छन्।

५.३.४.४.६ सर्ववेद र लोकसाधारण शिक्षापरिशिष्ट

माथि उल्लेख गरिएका शिक्षापरिशिष्टबाहेक सर्ववेद र लोकसाधारण शिक्षापरिशिष्टअन्तर्गत पर्ने कतिपय शिक्षाहरू वर्तमानमा उपलब्ध छैनन्। यस्ता ग्रन्थ केही प्रकाशित छन् भने अधिकांश चाहिँ विभिन्न स्थानका पाण्डुलिपिहरूमा सुरक्षित भएका पाइन्छन्। तीमध्ये केही शिक्षाको नाम 'कौण्डिन्न्यायनशिक्षा'मा (पृ. ७७-७८) उल्लेख गरिएको छ भने केही अन्यत्र पाण्डुलिपिका रूपमा उपलब्ध र नाममात्र सुनिने शिक्षा छन्। यहाँ सर्वसाधारणको जानकारीका लागि केही शिक्षाको नाममात्र वर्णानुक्रमअनुसार प्रस्तुत गरिएको छ।

१. अरुणशिक्षा, २. उच्चोदर्कि (केशवाचार्यविरचित, १२ पद्य), **३. उदात्तस्वरनिर्णय, ४. ऊष्मविवेक, ५. काण्वशिक्षा, ६. गालवशिक्षा**[३१३], **७. जकारभेद, ८. तृतीयसङ्ग्रह** (प्रथम-तृतीयवर्णविभागलक्षण)[३१४], **९. दन्त्य-सकारभेद, १०. नकारभेद, ११. पिण्डलक्षण**[३१५], **१२. बकारविवेक**[३१६], **१३. मधुसूदनी शिक्षा, १४. योहिप्राप्तिशिक्षा** (२३ पद्य), **१५. वर्णक्रमलक्षण, १६. विलिङ्घ्य, १७. वेदलक्षणरत्न, १८. व्यालशिक्षा, १९. श-नभेद, २०. शब्दभेदप्रकाश, २१. शयुत-षयुतपदविवेक, २२. श-सभेद, २३. श्यामायनीय-शिक्षा, २४. सकारनिर्णय, २५. सप्तस्वरसिन्धु, २६. स्वरपञ्चाशत्-शिक्षा** (५२ पद्य) र **२७. हयग्रीवी शिक्षा** (११ पद्य)।

---

३१२. सम्पा. रामकुमार राय, चौखम्बा ओरियन्टालिया, वाराणसी, सन् १९७६।
३१३. युधिष्ठिर मीमांसकद्वारा उद्धृत, सं.व्या.शा.इ. १, पृ. १५४।
३१४. ५ वटा गद्यमा निबद्ध यस शिक्षाको पाण्डुलिपि यस ग्रन्थकारसँग रहेको छ।
३१५. २७ वटा गद्य-सूत्रमा निबद्ध यस शिक्षाको पाण्डुलिपि यस ग्रन्थकारसँग रहेको छ।
३१६. दीनबन्धु शर्मा मैथिलकृत, वि.सं. १९९६ मा प्रकाशित -कौण्डि.शि., पृ. ७७ 'ज'।

५.३.४.५ प्रातिशाख्य-परिशिष्ट

प्रातिशाख्यलाई कतिपयले शिक्षाअन्तर्गत र कतिपयले उपाङ्गअन्तर्गतका ग्रन्थ मान्दछन् । जेसुकै भए पनि यहाँ प्रातिशाख्य-परिशिष्टको परिचय पृथक् रूपमा नै प्रस्तुत गरी पाठकवर्गलाई सजिलो बनाइएको छ। यस्ता परिशिष्टहरूले वेदका सम्बद्ध शाखाका प्रातिशाख्य-ग्रन्थमा अपेक्षित विषयहरूको पूर्ति गर्दछन् । निम्नलिखित ग्रन्थहरू प्रातिशाख्यका परिशिष्ट मानिन्छन् ।

५.३.४.५.१ ऋग्वेदीय प्रातिशाख्यपरिशिष्ट

ऋग्वेदसँग सम्बद्ध प्रातिशाख्यपरिशिष्टमध्ये बढी महत्त्वपूर्ण मानिने केहीको पृथक् उल्लेख गरी अन्य परिशिष्टको वर्णानुक्रमअनुसार नाममात्र यहाँ प्रस्तुत गरिएको छ।

गलितप्रदीप

लक्ष्मीधर सूरिप्रणीत यो ग्रन्थ ७० पद्यमा निबद्ध छ। एउटै पद एकभन्दा बढी स्थानमा दोहोरिएमा दोस्रो वा तेस्रो स्थानमा पाठ (पदपाठ) गर्दा त्यसको परित्याग गर्ने प्रक्रियालाई **'गलित'** वा **'गलन्त'** भन्ने वैदिक परम्परा रहेको छ । ऋग्वेदसंहिताको पदपाठका सन्दर्भमा प्राप्त हुने यसप्रकारका पदको विवरण यस ग्रन्थमा दिइएको हुँदा यसलाई 'गलितप्रदीप' भनिएको हो । यो ग्रन्थ श्रीकृष्णदेवको भाष्यसहित **'सारस्वती सुषमा'** (१४.९, सन् १९६०, वाराणसी) अन्तर्गत प्रकाशित छ।

जटादि-अष्टविकृतिलक्षण

अज्ञातकर्तृक १५ पद्ययुक्त यो परिशिष्ट युगलकिशोर पाठकद्वारा सम्पादित (बनारस, सन् १८८८) **'शुक्लयजुःप्रातिशाख्य'**को अन्त्यमा (पृ. ४७१-४९३) अज्ञातकर्तृक (राम गौतम?) वृत्ति र युगलकिशोर पाठकको पादटिप्पणीसहित प्रकाशित छ । यसैगरी शुक्लयजुःप्रातिशाख्यको श्रीराम शर्मप्रणीत **'ज्योत्स्नावृत्ति'** (सम्पा. डा. युगलकिशोर मिश्र, सं.सं.वि., वाराणसी, सन् १९८९) अन्तर्गत (पृ. २१९-२४२) पनि १५ पद्यमा नै उदाहरणसहित यो परिशिष्ट प्रकाशित छ । यसमा क्रमजटादेखि घनपाठसम्मका विवरण प्रस्तुत छन्।

जटापटल (हयग्रीवकृत)

११ पद्य र २ वर्गमा विभक्त हयग्रीवप्रणीत यस परिशिष्टमा क्रमजटासम्बन्धी विवरण प्रस्तुत गरिएको छ । यसको प्रकाशन 'वेदविकृतिलक्षणसङ्ग्रह' (पूना, सन् १९७८) अन्तर्गत भएको छ।

जटापटलकारिका (व्याडिकृत)

महर्षि व्याडिप्रणीत यो परिशिष्ट के. भी. अभ्यंकर र जी. भी. देवस्थलीद्वारा

सम्पादित 'वेदविकृतिलक्षणसङ्ग्रह' अन्तर्गत १६ पद्यमा उपलब्ध छ।

पदगाढ

ऋग्वेदीय पदपाठमा हुने वर्ण, स्वर आदिको परिवर्तन; विसर्जनीय एवं नान्त पदको गणना, सन्धिविशेषका उदाहरणजस्ता विषयको प्रतिपादन गर्ने यो ग्रन्थ सत्यव्रत सामश्रमीद्वारा सम्पादित **'उषा'** पत्रिकाअन्तर्गत कलकत्ताबाट (सन् १८९५) र के. एस. वेङ्कटराम शास्त्रीको सम्पादकत्वमा वाणीविलास प्रेस, वाराणसीबाट (सन् १९६८) प्रकाशित छ।

विकृतिवल्ली (व्याडिशिक्षा)

व्याडिप्रणीत यो ग्रन्थ सर्वप्रथम गङ्गाधर भट्टाचार्यको व्याख्यासहित सत्यव्रत सामश्रमीद्वारा सम्पादित **'उषा'** (१.२, कलकत्ता, सन् १८८९) पत्रिकामा प्रकाशित भएको थियो र यसमा जटापटलान्त २० पद्यमात्र थिए। त्यसपछि समग्र विकृतिवल्लीको प्रकाशन **'वेदविकृतिलक्षणसङ्ग्रह'** (पूना, १९७८) अन्तर्गत भएको छ र यसमा क्रमजटादि घनपाठपर्यन्त २७ पद्य रहेका छन्। यो **'कौण्डिन्यायन-शिक्षा'**को अनुबन्धमा (पृ. ८००-८०२) पनि मुद्रित छ।

व्याडिशिक्षा वा अष्टविकृतिविवृत्ति

मधुसूदन मस्करिकृत यो ग्रन्थ ५४ पद्यमा रचना गरिएको छ र यसमा पुरोगम आचार्यको 'प्रकाश' नामक टीका पनि उपलब्ध छ। यसको प्रकाशन सर्वप्रथम सत्यव्रत सामश्रमीद्वारा सम्पादित **'उषा'** (१.१, कलकत्ता, सन् १८८९) पत्रिकामा भएको थियो भने त्यसपछि **'वेदविकृतिलक्षणसङ्ग्रह'** (पूना, १९७८) अन्तर्गत पनि यो पुनर्मुद्रित भएको छ।

उक्त परिशिष्टबाहेक **८. अवर्णदीप, ९. अवर्णि, १०. उपलेख-सूत्र**[३१७]**, ११. ऋग्वेद-घनसार, १२. ऋग्वेद-जटालक्षण, १३. ऋग्विलङ्घ्य, १४. ऋग्वेद-पदादिसङ्ख्या** (सप्तसङ्ख्या), **१५. ऋग्वेद-परिभाषाकारिका, १६. एकाक्षरबैठ, १७. गानिलक्षण, १८. चतुर्ज्ञान, १९. जटादिविकृतिलक्षणकारिका**[३१८], **२०. जटालक्षण** (विकल्पकौमुदी?), **२१. पदान्तदीपिनी, २२. बोन्दलक्षण** (ऋग्वेदपद-क्रमलक्षण), **२३. वेदविकृतिविवरण**[३१९], र **२४. शमानलक्षण वा शमानप्रकरण** पनि ऋग्वेदीय प्रातिशाख्यका परिशिष्ट मानिन्छन्। यिनको सङ्क्षिप्त विवरण कौण्डिन्यायनशिक्षाको उपबन्धमा (पृ. ३१-३४) दिइएको छ।

३१७. बृहस्पति भारद्वाजप्रणीत यो ग्रन्थ ऋग्वेदीय पद एवं क्रमपाठसँग सम्बद्ध छ र यो ८ वर्गमा विभक्त छ। ल्याटिन अनुवादसहित, सम्पा. जी. पर्त्श (G. Pertsch), बेरोलिनी (Berolini) सन् १८५४। सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९५१।

३१८. १० पद्यात्मक यो परिशिष्ट प्रभुदत्त शर्माद्वारा सम्पादित 'ऋक्प्रातिशाख्य' (बनारस संस्कृत सीरीज, सन् १९०३) अन्तर्गत (पृ. ३९९ मा) प्रकाशित छ।

३१९. दामोदरन्-नम्पूतिरिपाटप्रणीत, कोचिनसत्र, केदारघाट, वाराणसी, सन् १९५५।

५.३.४.५.२ शुक्लयजुर्वेदीय प्रातिशाख्यपरिशिष्ट

शुक्लयजुर्वेदसँग सम्बद्ध प्रातिशाख्यपरिशिष्टमध्ये बढी महत्त्वपूर्ण मानिने प्रतिज्ञासूत्र र भाषिकसूत्रको पृथक् उल्लेख गरी अन्य परिशिष्टको वर्णानुक्रम-अनुसार नाममात्र यहाँ प्रस्तुत गरिएको छ।

प्रतिज्ञासूत्र वा प्रतिज्ञापरिशिष्ट

महर्षि कात्यायनकृत १८ परिशिष्टमध्ये तेस्रो परिशिष्टका रूपमा गणना गरिएको प्रतिज्ञासूत्र 'प्रतिज्ञापरिशिष्टसूत्र'का नामबाट पनि चिनिन्छ । यो ग्रन्थ विशेषतः शुक्लयजुर्वेदीय माध्यन्दिन-शाखासंहिताका स्वर, वर्ण आदिको उच्चारण-विधिसँग सम्बद्ध भएकाले महत्त्वपूर्ण मानिन्छ। यो परिशिष्ट **३ कण्डिका** र तिनमा क्रमशः १०, ८, ५/९, ८, ६ = **२३** वा ९, ९, ३ = **२१ सूत्रमा विभक्त** छ। यस ग्रन्थमा अनन्तदेव याज्ञिक, केशव, मधुसूदन र राम शर्माका पृथक्-पृथक् प्राचीन टीका; नित्यानन्द पर्वतीयको 'सङ्क्षेपार्थसूक्ति' नामक व्याख्या र विद्याधर गौडलगायतका विद्वान्हरूद्वारा लेखिएका अनेक व्याख्या उपलब्ध छन् । युधिष्ठिर मीमांसकले प्रतिज्ञासूत्रका व्याख्याता अनन्तदेव हुन नसक्ने कुरा व्यक्त गरेका छन्[३२०] ।

१. अनन्तदेव याज्ञिकको? भाष्यसहित, युगलकिशोर पाठकद्वारा सम्पादित **'शुक्लयजुःप्रातिशाख्य'** (उवट भाष्यसहित, वाराणसी, सन् १८८८) को अन्त्यमा (पृ. ४०१-४३१) प्रकाशित।
२. नित्यानन्द पर्वतीयको व्याख्यासहित, **'माध्यन्दिन-शतपथब्राह्मण'** (भाग ५, नाग पब्लिशर्स, दिल्ली, सन् १९९०) को अन्त्यमा (पृ. २९५-२९९) प्रकाशित।
३. विद्याधर गौडको व्याख्यासहित, **'कात्यायनश्रौतसूत्रभूमिका'** (सम्पा. श्रीरामलला वाजपेयी, वाराणसी, सन् १९९१) अन्तर्गत (पृ. १-५) प्रकाशित।
४. अज्ञातकर्तृक व्याख्यासहित, **'ज्योत्स्नावृत्ति'** (श्रीराम शर्मप्रणीत शु.य.प्राति-शाख्यको व्याख्या, सम्पा. डा. युगलकिशोर मिश्र, सं. सं. वि., वाराणसी, सन् १९८९) अन्तर्गत (पृ. २०५-२१७) प्रकाशित।

भाषिकसूत्र

कात्यायनप्रणीत यस परिशिष्टमा शतपथ, ताण्डि, भाल्लवि इत्यादि ब्राह्मण-ग्रन्थसँग सम्बद्ध स्वर-संस्कारादि विषयको विवेचना गरिएको छ । यो ग्रन्थ **३ कण्डिका** र तिनमा क्रमशः २३, २२, २८/२९ गरी **७३ वा ७४ सूत्रमा विभक्त** छ। यसमा नागभट्टका आत्मज (पुत्र) अनन्त भट्ट (अनन्तदेव?) र महास्वामीका व्याख्या उपलब्ध छन्।

१. अनन्तदेव याज्ञिकको? भाष्यसहित, युगलकिशोर पाठकद्वारा सम्पादित

३२०. सं.व्या.शा.इ. २, पृ. ३५२, टि. ३ र पृ. ३७९-३८०।

'शुक्लयजुःप्रातिशाख्य' (उवट भाष्यसहित, वाराणसी, सन् १८८८) को अन्त्यमा (पृ. ४३२-४७१) तथा **'माध्यन्दिन-शतपथब्राह्मण'** (भाग ५, नाग पब्लिशर्स, दिल्ली, सन् १९९०) को अन्त्यमा (पृ. ३००-३२०) प्रकाशित।

उक्त परिशिष्टबाहेक **३. अवर्ण्यादिवर्णमालिका, ४. आवर्णि, ५. काण्व-शाखीय-पदलक्षण, ६. तपर, ७. नपर, ८. नपर-तपर-लक्षण, ९. पदज्योति, १०. पदरत्न-क्रमरत्न, ११. विलिङ्घ्यलक्षणी** र **१२. वेदलक्षण** पनि शुक्लयजुर्वेदीय प्रातिशाख्यका परिशिष्ट मानिन्छन्। यिनको सङ्क्षिप्त विवरण कौण्डिन्न्यायन-शिक्षाको उपबन्धमा (पृ. ३४-३५) दिइएको छ।

५.३.४.५.३ कृष्णयजुर्वेदीय प्रातिशाख्यपरिशिष्ट

कृष्णयजुर्वेदसँग सम्बद्ध प्रातिशाख्यपरिशिष्ट पनि धेरै नै भएकाले यहाँ वर्णानुक्रमअनुसार तिनको नाममात्र उल्लेख गरिएको छ।

जटामणि

कृष्णयजुर्वेदीय-तैत्तिरीयशाखासँग सम्बद्ध यो परिशिष्ट ८१ पद्यमा (फलश्रुतिखण्डबाहेक) विभक्त छ। तैत्तिरीय-प्रातिशाख्यसम्बद्ध विभिन्न विषय प्रतिपादन गरिएको यस ग्रन्थमा अज्ञातकर्तृक व्याख्या पनि उपलब्ध छ। यसको पाण्डुलिपि यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ।

उक्त परिशिष्टबाहेक **२. अनिङ्ग्य, ३. अनिङ्ग्यान्त सव्याख्यान, ४. अनिङ्ग्यशतक, ५. अन्तप्रदीपिका, ६. अर्धान्त, ७. अवग्रहलक्षण, ८. अवर्णदीप, ९. अवर्णि, १०. अवर्ण्यादिवर्णमालिका, ११. अवर्ण्यावर्णि, १२. अवेष्टनपदानि, १३. इङ्ग्यरत्न, १४. ईकारान्त, १५. उच्चस्वरनिर्णय, १६. उभयपूर्वोत्तरदीर्घी, १७. उभयह्रस्वि, १८. तैत्तिरीय-पदस्वरलक्षण, १९. तैत्तिरीय-स्वरावधान, २०. त्वन्तादि-अनुक्रमणिका, २१. थकार-धकारसूत्र, २२. नतान्तपदानि, २३. पूर्वोत्तरोभयदीर्घी, २४. प्रगृह्य, २५. प्लुतानुशासन, २६. यणादेश-दीर्घादिविधि, २७. यणादेशदीर्घी, २८. रावणभेट्ट, २९. लक्षणरत्न, ३०. विलङ्घ्य, ३१. वेदलक्षण, ३२. शमानसन्धि, ३३. शाखाशमान, ३४. षड्विंशतिसूत्र, ३५. सकारपर-विसर्जनीय** र **३६. सप्तलक्षण** पनि कृष्णयजुर्वेदीय प्रातिशाख्यका परिशिष्ट मानिन्छन्। यिनको सङ्क्षिप्त विवरण कौण्डिन्न्यायनशिक्षाको उपबन्धमा (पृ.३५-३७) दिइएको छ।

५.३.४.५.४ सामवेदीय प्रातिशाख्यपरिशिष्ट

सामवेदसँग सम्बद्ध प्रातिशाख्यपरिशिष्टमध्ये बढी महत्त्वपूर्ण मानिने लघु-ऋक्तन्त्र र सामवेद-सप्तलक्षणको पृथक् उल्लेख गरी अन्य परिशिष्टको वर्णानुक्रमअनुसार नाममात्र यहाँ प्रस्तुत गरिएको छ।

लघु-ऋक्तन्त्र

कतिपयले यसलाई सामवेदीय ऋक्तन्त्रको (प्रातिशाख्यको) सारसङ्ग्रह माने पनि बलदेव उपाध्यायले चाहिँ यो ग्रन्थ ऋक्तन्त्रको सारसङ्क्षेप नभएर स्वतन्त्र रचना हो भनेका छन्[३२१]। १५८ श्लोकमा निबद्ध यस ग्रन्थका कर्ता को हुन् भन्ने कुरा अज्ञात नै छ[३२२]। यो ग्रन्थ **'लघु-ऋक्तन्त्रसङ्ग्रह'**का नामबाट 'सामसप्तलक्षण'सहित (सम्पा. डा. सूर्यकान्त, मेहरचन्द लछमनदास, लाहोर, सन् १९४०, पुनर्मुद्रण, सन् २०१०) प्रकाशित छ।

सामवेद-सप्तलक्षण

नारायणप्रणीत यो ग्रन्थ शमान, विसर्गलोप, रङ्ग, विलिङ्घ्य, न-त-पर (नकार र तकारका सन्धिविषयक विधान), अवर्णि र अनवग्रह गरी ७ प्रकरणमा विभक्त छ। १३८ श्लोकयुक्त यो ग्रन्थ लघु-ऋक्तन्त्रसँगै प्रकाशित छ[३२३]।

उक्त परिशिष्टबाहेक **३. उत्तर-ऋग्-उदात्तमाला, ४. उत्तर-ऋग्धारिमाला** र **५. उत्तर-ऋक्-स्वरितमाला** पनि सामवेदीय प्रातिशाख्यका परिशिष्ट मानिन्छन्। यिनको सङ्क्षिप्त विवरण कौण्डिन्न्यायनशिक्षाको उपबन्धमा (पृ. ३७) दिइएको छ। यसैगरी **६. अवग्रहसूत्र, ७. आर्चिकलक्षण, ८. ऋक्तन्त्रविवृत्ति, ९. गायत्रविधान, १०. गीतिकल्प, ११. छलप्रक्रिया, १२. छलाक्षर** (आर्चिकछलाक्षर), **१३. छलाक्षरकारिका, १४. पदछलाक्षर, १५. प्रकृतिछलाक्षर, १६. मात्रालक्षण**[३२४], **१७. सामतन्त्रपोत** (सामतन्त्रसङ्ग्रह), **१८. सामतन्त्रप्रकाशिका, १९. सामप्रकाशन, २०. स्तोभानुसंहार** र **२१. हितवाक्य** लगायतका ग्रन्थहरूको सङ्क्षिप्त परिचय **'सामसारसर्वस्व'** (पृ. १२१-१६६) मा सामवेदीय लक्षणग्रन्थअन्तर्गत रामनाथ दीक्षितले प्रस्तुत गरेका छन्।

५.३.४.५.५ सर्ववेदसाधारण प्रातिशाख्यपरिशिष्ट

माथि उल्लेख गरिएबाहेक कहीं-कतैबाट शाखासम्बद्धता स्पष्ट नहुने सर्ववेदसाधारण **'जटालक्षण'** नामक परिशिष्ट (पाण्डुलिपि) यस ग्रन्थकारको सङ्ग्रहमा रहेको छ। ३४ पद्य र एकाध गद्यात्मक सूत्रमा निबद्ध यस ग्रन्थमा क्रमजटा, कम्पस्वरजस्ता विषय प्रतिपादित छन्।

५.३.४.६ कल्पशास्त्रीय परिशिष्ट

वैदिक परिशिष्टहरूमा सबैभन्दा धेरै कल्पशास्त्रसँग सम्बद्ध परिशिष्टग्रन्थ रहेका छन्। तीमध्ये कतिपय परिशिष्टका सङ्ख्या र नाममात्र उल्लेख गरिएको

३२१. वै.सा.सं., पृ. ३८०। तु.- कौण्डि.शि., पृ. ३७ र साम.सर्व., पृ. १२३-१२४।
३२२. साम.सर्व., पृ. १२४।
३२३. ऐ., पृ. १३९-१४३।
३२४. यसको परिचय यसै ग्रन्थको 'सामवेदीय शिक्षापरिशिष्ट'अन्तर्गत दिइएको छ।

पाइन्छ भने कतिपय परिशिष्ट सम्बद्ध श्रौतकल्प वा गृह्यकल्पअन्तर्गत र कतिपय स्वतन्त्र ग्रन्थका रूपमा समेत उपलब्ध छन्। कल्पशास्त्रीय परिशिष्टहरूलाई श्रौतपरिशिष्ट, गृह्यपरिशिष्ट र श्रौत-गृह्यपरिशिष्ट गरी तीन भागमा विभक्त गरेर हेर्न सकिन्छ।

५.३.४.६.१ श्रौतपरिशिष्ट

वेदका सम्बद्ध शाखाका श्रौतसूत्रसँग सम्बद्ध परिशिष्टहरूलाई श्रौतपरिशिष्ट भनिन्छ। यस्ता परिशिष्टहरूले सम्बद्ध श्रौतयागमा अपेक्षित विषयहरूको पूर्ति गर्दछन्। निम्नलिखित ग्रन्थहरू श्रौतसूत्रका परिशिष्ट मानिन्छन्।

ऋग्वेदीय श्रौतपरिशिष्ट

ऋग्वेदीय श्रौतपरिशिष्ट अन्य वेदका जस्ता धेरै छैनन्। यस वेदसँग सम्बद्ध एउटा मात्र **आश्वलायन-श्रौतपरिशिष्ट** आश्वलायनश्रौतसूत्रको अन्त्यमा उपलब्ध छ।

शुक्लयजुर्वेदीय श्रौतपरिशिष्ट

शुक्लयजुर्वेदीय श्रौतपरिशिष्टहरूमा **१. इष्टकापूरण** [कात्यायनकृत १८ परिशिष्टमध्ये १० औं परिशिष्ट। चयनयागमा प्रयोज्य इष्टकाको सङ्ख्या, प्रमाण आदिको वर्णन। परिशिष्टदशकअन्तर्गत प्रकाशित], **२. कूर्मलक्षण** [कात्यायनकृत १८ औं परिशिष्ट। परिशिष्टदशकअन्तर्गत], **३. छागलक्षण** [कात्यायनकृत द्वितीय परिशिष्ट, १६ श्लोकयुक्त। परिशिष्टदशकअन्तर्गत], **४. निगमाः** [कात्यायनकृत १४ औं परिशिष्ट], **५. यूपलक्षण** [कात्यायनकृत प्रथम परिशिष्ट, २५ कारिकायुक्त। परिशिष्टदशकअन्तर्गत] र **६. हौत्रिकम्** [कात्यायनकृत १६ औं परिशिष्ट। कर्कभाष्यसहित, पूना, सन् १९८४] गरी ६ वटा श्रौतपरिशिष्ट (शुल्बसूत्रबाहेक) उपलब्ध छन्।

कृष्णयजुर्वेदीय श्रौतपरिशिष्ट

कृष्णयजुर्वेदीय श्रौतपरिशिष्टहरूमा **१. अनुग्राहिक**[३२५] [कृष्णयजुर्वेदीय-मैत्रायणीय परिशिष्ट। मान.श्रौ. ८.१.१-२६ खण्ड। द्र.- वारा.गृ. १.१ मा उल्लिखित २२ मैत्रायणीय परिशिष्टअन्तर्गत पनि], **२. आपस्तम्बयज्ञपरिभाषासूत्र** [आप.श्रौ. २४.१-४, कण्डिका], **३. आपस्तम्ब-हौत्रिक** [आप.श्रौ. २४.११-१४ कण्डिका], **४. आपस्तम्बविरचित-हौत्रसूत्रम्** [१-५ पटलमा विभक्त। महादेव दीक्षित सोमयाजीको 'प्रयोगचन्द्रिका' व्याख्यासहित। सत्याषाढ वा हिरण्यकेशिश्रौतसूत्र, भाग ९ को पृ. १-३२ सम्म], **५. चयनोपयोगिकारिका** [४४५ पद्ययुक्त। सत्या.श्रौ., भाग ९ को अन्त्यमा, पृ. १-३१], **६. भारद्वाजपरिशेषसूत्र** [२२२ सूत्रमा विभक्त। भार.श्रौ. को अन्त्यमा, पृ. २५५-२७०। सम्पा. सी.जी. काशीकर, भाग १, सन्

३२५. स्वतन्त्र प्रकाशन : सम्पा. पं. भगवद्दत्त तथा विद्याधर, लाहोर, वि.सं. १९९९।

१९६४], ७. **मैत्रायणीयश्रौतपरिशिष्ट** [यसअन्तर्गत १. गृह्यपुरुष प्रायश्चित्तानुग्राहिक, २. हौतृक, ३. शुल्बिक, ४. उत्तरेष्टक, ५. वैष्णव, ६. आध्वर्यविक र ७. चातुर्होतृक गरी ७ वटा परिशिष्ट। द्र.- वारा.गृ. १.१], ८. **याजुषहौत्रविचार** [भट्ट महादेव, भास्कर शास्त्री र वासुदेव शास्त्रिकृत (मूलमात्र)। सत्या.श्रौ., भाग ८, पृ. ६६३-६७१] र ९. **याजुषहौत्रसूत्र : आज्यभागान्त** [सत्याषाढ-विरचित। महादेवकृत 'वैजयन्ती'व्याख्या र भट्ट गोपीनाथ दीक्षितको 'याजुषहौत्र-उपोद्घातसहित। सत्या.श्रौ., भाग ८, पृ. ६४९-६६३] गरी ९ वटा श्रौतपरिशिष्ट उपलब्ध छन्।

सामवेदीय श्रौतपरिशिष्ट

सामवेदीय श्रौतपरिशिष्टमध्ये १. अनुपदसूत्र, २. अनुस्तोत्र, ३. उपग्रन्थसूत्र, ४. उपनिदानसूत्र, ५. कल्पानुपदसूत्र, ६. क्षुद्रकल्पसूत्र, ७. ताण्ड्यलक्षण, ८. निदानसूत्र र ९. पञ्चविधसूत्रको परिचय श्रौतसूत्रकै प्रसङ्गमा दिइएको छ। यसअतिरिक्त जैमिनीयश्रौतसूत्रका ३ खण्डमध्ये तेस्रो पर्यायाध्याय वा परिशेषखण्डलाई **जैमिनीयश्रौतपरिशिष्ट**[३२६] भनिन्छ। यसरी सामवेदका १० वटा ग्रन्थलाई श्रौतपरिशिष्ट मान्न सकिन्छ। पञ्चविधसूत्रलाई शिक्षापरिशिष्ट मान्ने हो भने ९ वटा ग्रन्थ श्रौतपरिशिष्टअन्तर्गत पर्दछन्।

अथर्ववेदीय श्रौतपरिशिष्ट

अथर्ववेदीय-श्रौतपरिशिष्टअन्तर्गत अथर्ववेदपरिशिष्टमा[३२७] सङ्कलित **'अग्निहोत्रहोमविधि'** नामक पैंतालीसौं (४५) परिशिष्ट (२ खण्ड र २७ + २१ = ४८ उपखण्डमा विभक्त) र **'यज्ञप्रायश्चित्तसूत्र'**[३२८] (६ अध्याय र ४३ कण्डिकामा विभक्त) नामक परिशिष्ट वैतानश्रौतसूत्रका परिशिष्ट उल्लेख्य छन्।

शुल्बसूत्र

'शुल्ब माने' धातुबाट निष्पन्न शुल्ब शब्दको अर्थ 'डोरी' भन्ने हुन्छ। अतः प्रायः डोरीबाट मापन गरिने विषयहरू सूत्रात्मक शैलीमा वर्णन गरिएका ग्रन्थलाई शुल्बसूत्र भनिन्छ। शुल्बसूत्रहरूमा प्रायः श्रौतयागमा आवश्यक पर्ने यज्ञभूमि, विभिन्न किसिमका वेदि र अग्निकुण्ड, यज्ञशाला इत्यादि मापनसँग सम्बद्ध विषयहरू समेटिएका हुन्छन्। निश्चित नियमहरूको पालना गर्न सक्ने समृद्ध र समर्थ द्विजले आहवनीय, गार्हपत्य र दक्षिणाग्निसंज्ञक तीन अग्निको यथाविधि आधान (स्थापन) गर्ने र निरन्तर तिनको परिचर्या गर्ने विधान श्रौतसूत्रहरूमा उपलब्ध हुन्छ। यस्ता अग्निहरूको स्थापनाका लागि माटो वा इटाद्वारा निर्माण गरिएका विभिन्न

३२६. डी. गाष्ट्रा-सम्पादित संस्करण १९०६ अन्तर्गत।
३२७. सम्पा. रामकुमार राय, चौखम्बा ओरियन्टालिया, वाराणसी, सन् १९७६।
३२८. Julius Von Negellin द्वारा सम्पादित तथा जर्मन भाषामा अनूदित, जे.ए.ओ.एस., ३३, पृ. ७१-१४४; २१७-२५३, सन् १९१३।

किसिमका यज्ञशाला वा **वेदि**[३२९] र **स्थण्डिल**[३३०]हरूको आवश्यकता पर्दछ। अग्निका आधार अर्थात् अग्निस्थापन गरिने स्थान भएका हुनाले स्थण्डिललाई अग्नि र स्थण्डिलको चयनलाई (निर्माण गर्ने विधिलाई) **'अग्निचयन'**, **'चिति'** वा **'चयन'** पनि भनिन्छ[३३१] । अग्निचयनमा कामनाअनुसार विभिन्न किसिमका चितिहरू[३३२] निर्माण गर्ने विधान श्रौतसूत्रहरूमा उपलब्ध हुन्छन् । यिनै चिति वा स्थण्डिल, अग्निकुण्ड, यज्ञशाला इत्यादि निर्माणका लागि आवश्यक पर्ने विस्तृत नियम शुल्बसूत्रहरूमा उल्लेख गरिएको हुन्छ।

यसप्रकार शुल्बसूत्र भनेका ज्यामितिक विद्याका (रेखागणितका) प्रतिपादक भूमण्डलका सबैभन्दा जेठा ग्रन्थ हुन् । प्राचीन ग्रन्थहरूमा शुल्बसूत्रका विज्ञलाई 'शुल्बविद् (मानवशुल्बसूत्र ३.१.१), शुल्बपरिपृच्छक, सङ्ख्याज्ञ, परिमाणज्ञ, समसूत्रनिरञ्छक' जस्ता शब्दद्वारा चिनाइएको पाइन्छ।

सिद्धान्ततः वेदका प्रत्येक शाखाअनुसार शुल्बसूत्रहरू पनि पृथक्-पृथक् हुनुपर्ने हो, तर वर्तमान्मा यजुर्वेदसँग सम्बद्ध शुल्बसूत्रहरू मात्र उपलब्ध छन् । श्रौतकर्मको मूल आधार यजुर्वेद हुनु, यजुर्वेदकै अध्येता अधिकांश रहनु, श्रौतकर्मको नेतृत्व यजुर्वेदी ऋत्विक् अध्वर्युले नै गर्नु इत्यादि कारणले गर्दा अन्य वेदसँग सम्बद्ध शुल्बसूत्रहरूको निर्माण नै नभएको वा भएर पनि तिनको अस्तित्व क्रमशः लोप हुँदै गएको अनुमान गर्न सकिन्छ। यद्यपि 'वेदिलक्षण' (२४), 'कुण्डलक्षण' (२५), 'हस्तलक्षण' (२८) नामका अथर्ववेदीय परिशिष्टहरू शुल्बसूत्रका अनुगामीजस्ता प्रतीत हुन्छन् तथापि उक्त परिशिष्टमा शुल्बसूत्रसँग सम्बद्ध विषय अत्यल्प रहेकाले यिनलाई शुल्बसूत्र भन्न सकिंदैन । त्यसैले यहाँ यजुर्वेदीय शुल्बसूत्रहरूको मात्र सङ्क्षिप्त स्वरूप प्रस्तुत गरिएको छ।

कात्यायनशुल्बसूत्र

शुक्लयजुर्वेदसँग सम्बद्ध एकमात्र शुल्बपरिशिष्ट 'कात्यायन-शुल्बसूत्र'का नामबाट प्रसिद्ध छ। यसका रचयिता महर्षि कात्यायन हुन्। कुन्दनलाल शर्माले यो ग्रन्थ शुक्लयजुर्वेदको कात्यायनीय शाखासँग सम्बद्ध भएको कुरा उल्लेख गरेका

३२९. यथाविधि परिष्कृत गरी विभिन्न किसिमका यज्ञकर्म सम्पन्न गर्नका लागि तयार पारिएको भूमिलाई **वेदि** वा **वेदी** भनिन्छ।

३३०. सामान्यतः अन्य भूमिभन्दा न्यूनतम चार अङ्गुल उँचो र १८ अङ्गुल चाक्लो होमादि नित्य-नैमित्तिक कर्म सम्पन्न गर्नका लागि माटो वा इट्टाद्वारा तयार पारिएको परिष्कृत चारकुने उच्च भूमिलाई **स्थण्डिल** भनिन्छ।

३३१. अग्निशब्देन इष्टकाभिः सम्पादितमग्न्याधारभूतं स्थण्डिलमुच्यते । चितिः, चयनम्, अग्निचयनम् इत्यपि तस्यैव पर्यायाः ।-का.शुल्ब. ४.१, विद्याधरवृत्ति, टि. २।

३३२. जस्तै : द्रोणचित् (चतुरस्र), रथचक्रचित् (वर्तुल), कङ्कचित् वा वकचित् (वकतुल्य), प्रउगचित् (शकटको अग्रभागजस्तै), उभयतः प्रउगचित्, समुह्यपुरीषचित् (का.श्रौ. १६.५.९-१०; का.शुल्ब. ४.१) इत्यादि विभिन्न किसिमका चिति वा स्थण्डिलहरू।

छन्[३३३]। यो ग्रन्थ सूत्रात्मक र कारिकात्मक (पद्यात्मक) गरी दुई भागमा विभक्त छ। **पहिलो सूत्रात्मक भाग ६ कण्डिका र १०१ सूत्र**मा विभक्त छ भने **दोस्रो कारिकात्मक भागमा ३९ पद्य** छन्[३३४]। यसका दुई भागमध्ये सूत्रात्मक भागको स्थलसङ्केत २ अङ्कले र पद्यात्मक भागको १ अङ्कले प्रस्तुत गरिन्छ।

कात्यायनशुल्बसूत्रमा कर्काचार्यले लेखेको 'शुल्बभाष्य', महीधरले लेखेको 'शुल्बसूत्रविवरण' र विद्याधर गौडको सरला-वृत्ति प्रकाशित छन्। यसअतिरिक्त रामचन्द्र वाजपेयी (सन् १४३४) ले यसमा 'कात्यायन-शुल्बसूत्र-वार्तिक' नामक व्याख्या (५१५ पद्यमा), उक्त वार्तिककै गद्यात्मक विशद व्याख्या र शुल्बसूत्रको वृत्ति गरी तीन किसिमका व्याख्या लेखेका र यी व्याख्या 'सिन्धिया ओरियन्टल इंस्टिच्यूट' उज्जैनको सङ्ग्रहालयमा हस्तलेखका रूपमा सुरक्षित रहेको कुरा कुन्दनलालले उल्लेख गरेका छन्[३३५]। यसैगरी यस शुल्बसूत्रमा गङ्गाधरले पनि टीका लेखेको कुरा विद्याधर गौड र कुन्दनलालले उल्लेख गरेका छन्[३३६]। यस शुल्बसूत्रका निम्नलिखित संस्करण उपलब्ध छन्।

१. रामचन्द्रकृत वृत्तिसहित १-२ कण्डिका, सम्पा. डा. थीबो, पण्डित पत्रिका, वाराणसी, सन् १८८२।
२. कर्क र महीधरको भाष्यसहित, वाराणसी। कर्कभाष्यसहित, सम्पा. गोपाल शास्त्री नेने, चौखम्बा मुद्रणालय, वाराणसी, सन् १९३६।
३. स्वकीय वृत्तिसहित विद्याधर गौडको सम्पादन, अच्युत ग्रन्थमाला, वाराणसी, सन् १९२८, पुनर्मुद्रण सन् १९९०।
४. अंग्रेजी अनुवाद तथा विवेचनासहित, एस. डी. खाडिलकर, पूना, सन् १९७४।

आपस्तम्बशुल्बसूत्र

कृष्णयजुर्वेदीय आपस्तम्ब कल्पको तीसौं प्रश्नलाई आपस्तम्बशुल्बसूत्र भनिन्छ। यो **ग्रन्थ ६ पटल, २१ खण्ड र अनेक सूत्रमा** विभक्त छ। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** प्रस्तुत गरिन्छ। यदि दुई अङ्कको मात्र प्रयोग गरेमा पटललाई छोडेर खण्ड र सूत्रमात्र बुझ्नुपर्छ। यस ग्रन्थमा कपर्दिस्वामीको 'विवरण'संज्ञक व्याख्या, करविन्द स्वामीको 'शुल्बप्रदीपिका', सुन्दरराजको 'शुल्बप्रदीप' र गार्ग्य गोपाल यज्वाको व्याख्या गरी चार किसिमका व्याख्या उपलब्ध छन्।

१. आपस्तम्बश्रौतसूत्रअन्तर्गत रिचर्ड गार्बेको सम्पादन, बिब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १८८२-१९०२।

---

३३३. कल्पसूत्र, पृ. १८५।
३३४. कर्काचार्यका सङ्ग्रहमा ४० श्लोक, महीधरका सङ्ग्रहमा ४३ श्लोक र विद्याधरका सङ्ग्रहमा ३९ श्लोक छन्।
३३५. कल्पसूत्र, पृ. १८८।
३३६. ऐ., पृ. १८९ र विद्याधरकृत कात्यायन-शुल्बसूत्रको भूमिका।

२. कपर्दिस्वामी, करविन्द स्वामी र सुन्दरराजका व्याख्यासहित, सम्पा. डी. श्रीनिवासाचार र विद्वान् एस. नरसिंहाचार, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९३१।
३. उपर्युक्त तीन भाष्य, अंग्रेजी अनुवाद र टिप्पणीसहित, सत्यप्रकाश एवं रामस्वरूप, दिल्ली, सन् १९६८।
४. उपर्युक्त तीन व्याख्या, गार्ग्य गोपालको भाष्य, पाठानुसन्धान र हिन्दी व्याख्यासहित, सम्पा. दामोदर झा, होशियारपुर, सन् १९८८।

बौधायनशुल्बसूत्र

कृष्णयजुर्वेदीय बौधायनश्रौतसूत्रको तीसौं प्रश्न बौधायनशुल्बसूत्रका नामबाट चिनिन्छ। यो ग्रन्थ **१० अध्याय, २१ खण्ड र ५२१ सूत्र**मा विभक्त छ। यसको स्थलनिर्देश तीन अङ्कद्वारा प्रस्तुत गरिन्छ। यस ग्रन्थमा द्वारकानाथ यज्वाको 'शुल्बदीपिका' नामक व्याख्या, प्रा. जी. थिबोको अंग्रेजी अनुवाद र वेङ्कटेश्वर दीक्षितको 'शुल्बमीमांसा' संज्ञक व्याख्या प्रकाशित छन्।

१. शुल्बदीपिका, अंग्रेजी अनुवाद र टिप्पणीसहित, सम्पा. प्रा. जी. थिबो, पण्डित पत्रिका, वाराणसी, सन् १८७५-७७। पुनर्मुद्रण : सम्पा. सत्यप्रकाश तथा रामस्वरूप शर्मा, The Research Institute of Ancient Seientific Studies, Delhi, 1968.
२. बौधायनश्रौतसूत्रको भाग ३ अन्तर्गत, सम्पा. विलेम क्यालेन्ड, बिब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १९१३।
३. शुल्बदीपिका तथा शुल्बमीमांसाहित, सम्पा. विभूतिभूषण भट्टाचार्य, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९७९।

मानवशुल्बसूत्र

कृष्णयजुर्वेदीय मानवश्रौतसूत्रका ११ भागमध्ये दसौं भागलाई मानवशुल्बसूत्र भनिन्छ। यो ग्रन्थ **शुल्बसूत्र, उत्तरेष्टक र वैष्णवम्** गरी **तीन भागमा विभक्त** छ र यिनमा क्रमशः ४, ५ र ७ गरी **जम्मा १६ खण्ड र अनेक सूत्र** छन्। गद्य-पद्यात्मक रचनाका रूपमा रहेको यस ग्रन्थको **स्थलसङ्केत तीन अङ्क**ले गरिन्छ। यस शुल्बसूत्रमा नारदपुत्र शिवदासले लेखेको भाष्य हस्तलेखका रूपमा उपलब्ध भए पनि यसको प्रकाशन भएको छैन। यो ग्रन्थ मानवश्रौतसूत्रकै अङ्ग भएकाले यसको प्रकाशन पनि सोही श्रौतसूत्रसँगै भएको छ।

मैत्रायणीयशुल्बसूत्र

कृष्णयजुर्वेदको मैत्रायणी–शाखासँग सम्बद्ध यो शुल्बसूत्र खण्ड र सूत्रमा विभक्त छ। यसमा **४ खण्ड** र तिनमा क्रमशः ३७, १३, १७ र १५ सूत्र गरी जम्मा **८२ सूत्र** छन्। यसको स्थलनिर्देश दुई अङ्कले गरिन्छ। यसमा मोधमैत्र-भट्ट-शङ्करको

व्याख्या उपलब्ध छ।

१. मोधमैत्र-भट्ट-शङ्करको व्याख्यासहित, सम्पा. दामोदर झा, होशियारपुर, पञ्जाब, सन् २००१।

हिरण्यकेशिशुल्बसूत्र

कृष्णयजुर्वेदीय हिरण्यकेशि-कल्पका २९ प्रश्नमध्ये पच्चीसौं प्रश्नलाई हिरण्यकेशिशुल्बसूत्र वा सत्याषाढशुल्बसूत्र भनिन्छ। कुन्दनलाल शर्माले यो शुल्बसूत्र आपस्तम्बशुल्बसूत्रकै नामान्तर भएको र यी दुईमा कुनै भेद नरहेको कुरा उल्लेख गरेका छन्[३३७]। जेसुकै भए पनि हिरण्यकेशी वा सत्याषाढ-शुल्बसूत्र **६ पटलमा विभक्त** छ र तिनमा क्रमशः ५८, ६४, ५४, ५३, ५३ र ७१ गरी **जम्मा ३५३ सूत्र** छन्। यो शुल्बसूत्र शङ्कर शास्त्री मारूलकरको सम्पादकत्वमा सन् १९३० मा आनन्दाश्रमबाट प्रकाशित **'सत्याषाढश्रौतसूत्र' भाग ९ अन्तर्गत** (पृ. ९०८-९६४) महादेव शास्त्रिद्वारा सङ्कलित **'प्रयोगचन्द्रिका' नामक व्याख्यासहित प्रकाशित** भएको छ। उक्त ग्रन्थकै शुल्बसूत्रपछिको भागमा (पृ. १-३१ मा) ४४५ पद्ययुक्त **'चयनोपयोगिकारिका'** पनि प्रकाशित छ।

उपर्युक्त शुल्बसूत्रबाहेक **वाराहशुल्बसूत्र** (३ भाग र अनेक खण्डमा विभक्त) र **वाधूलशुल्बसूत्र** पनि उपलब्ध हुने कुरा विद्वान्हरूले उल्लेख गरेका छन्[३३८]। यस ग्रन्थकारले भने यी दुई शुल्बसूत्र अवलोकन गर्न पाएको छैन।

५.३.४.६.२ गृह्यपरिशिष्ट

वेदका सम्बद्ध शाखाका गृह्यसूत्रसँग सम्बद्ध परिशिष्टहरूलाई गृह्यपरिशिष्ट भनिन्छ। यस्ता परिशिष्टहरूले सम्बद्ध गृह्य वा स्मार्तकर्ममा अपेक्षित विषयहरूको पूर्ति गर्दछन्। निम्नलिखित ग्रन्थहरू गृह्यसूत्रका परिशिष्ट मानिन्छन्।

ऋग्वेदीय गृह्यपरिशिष्ट

ऋग्वेदसम्बद्ध गृह्यपरिशिष्टहरूमा मूलतः आश्वलायनगृह्यपरिशिष्ट र गृह्यकारिकालाई लिन सकिन्छ। आश्वलायनगृह्यसूत्रको अन्त्यमा समाविष्ट ४ अध्याय र ८५ खण्डमा विभक्त परिशिष्टलाई **आश्वलायनगृह्यपरिशिष्ट** र भट्ट कुमारिल स्वामिप्रणीत ४ अध्याय र ८७ खण्डमा विभक्त पद्यात्मक श्लोकलाई **आश्वलायनगृह्यकारिका** भनिन्छ।

शुक्लयजुर्वेदीय गृह्यपरिशिष्ट

शुक्लयजुर्वेदीय गृह्यपरिशिष्टअन्तर्गत **१. उञ्छशास्त्र**[३३९] [कात्यायनकृत १२औं

---

३३७. कल्पसूत्र, पृ. १८५।

३३८. कल्पसूत्र, पृ. १८९। वै.ध.मू., पृ. १५९।

३३९. पं. श्रीधर अण्णाशास्त्रीद्वारा सम्पादित **'कात्यायनीय-परिशिष्टदशक'**अन्तर्गत, याज्ञवल्क्य

परिशिष्ट], २. **कातीयगृह्यकारिका**[३४०] [रेणु दीक्षितको], ३. **त्रिकण्डिकास्नानसूत्र** [कात्यायनकृत नित्यस्नान, सन्ध्योपासन, ब्रह्मयज्ञ र तर्पणविधि। हरिहरको भाष्य र पद्धतिसहित, १-३ कण्डिका], ४. **प्रसवोत्थान** [कात्यायनकृत १७ औं परिशिष्ट, सन्यासीधर्मसँग सम्बद्ध। परिशिष्टदशकअन्तर्गत], ५. **भोजनसूत्र** [कात्यायनीय, मूलमात्र], ६. **वापीकूपतडागारामप्रतिष्ठा** [दीक्षित कामदेवकृत भाष्य र पद्धति-सहित], ७. **शौचसूत्र** [कात्यायनकृत] र ८. **श्राद्धकल्प वा श्राद्धसूत्र**[३४१] [कात्यायनकृत छैटौं परिशिष्ट। कर्कभाष्य, गदाधरको भाष्य र पद्धति तथा कृष्णमिश्रको 'श्राद्धकाशिका'संज्ञक व्याख्यासहित, १-९ कण्डिका] गरी ८ वटा परिशिष्ट उल्लेखनीय छन्।

कृष्णयजुर्वेदीय गृह्यपरिशिष्ट

कृष्णयजुर्वेदीय परिशिष्टअन्तर्गत १. **अश्लेषाशान्ति** [मान.श्रौ.परि. ११.४.१-८ सू.], २. **एकाग्निकाण्ड**[३४२] [आपस्तम्बीयमन्त्रपाठ (गृह्यकर्ममा विनियुक्त मन्त्रहरूको सङ्ग्रह)। २ प्रपाठक र क्रमशः १८ + २२ गरी ४० खण्डमा विभक्त], ३. **दन्ताप्त्यशान्ति** [मान.श्रौ.परि. ११.५.१-९ पद्य], ४. **नित्यरुद्रजपविधानकल्प** [मान.श्रौ.परि. ११.७.१-२६ र १-७ सू.], ५. **प्रसवे-कृतशान्ति** [मान.श्रौ.परि. ११.६.१-३ पद्य], ६. **बोधायनगृह्यपरिभाषा** [बौधा.गृ. अन्तर्गत, २ प्रश्न र २३ अध्यायमा विभक्त], ७. **बोधायनगृह्यशेषसूत्र** [बौधा.गृ. अन्तर्गत, ५ प्रश्न र ९८ अध्यायमा विभक्त], ८. **मानवश्राद्धकल्प** [मान.श्रौ. परि. ११.९.१-२ खण्ड], ९. **मानव-वृद्धिश्राद्धकल्प** [मान.श्रौ.परि. ११.९.३.१-३४ पद्य], १०. **मानवश्राद्धपरिशिष्ट** [मान.श्रौ.परि. ११.९.४.१-२३ सूत्र र पद्य], ११. **मूलजातशान्ति** [मान.श्रौ.परि. ११.२.१-१३ सू.], १२. **मैत्रायणीय-गृह्यपरिशिष्ट** [यसअन्तर्गत १. वृषोत्सर्ग, २. रुद्रविधान, ३. प्रवासविधि र ४. प्रातरुपस्थान। द्र.- वारा.गृ. १.१], १३. **यमलशान्ति** [मान.श्रौ.परि. ११.३.१-१२ सू.], १४. **हिरण्यकेशिगृह्यकारिका** [२६० पद्यमा निबद्ध। सत्या.श्रौ., भाग ८ अन्तर्गत] र १५. **हिरण्यकेशिगृह्यशेषसूत्र** [सत्याषाढविरचित। १ प्रश्न, ८ पटल र तिनमा क्रमशः १८, १५, २१, १४, २०, २८, १७, १० गरी १४३ खण्डमा विभक्त। सत्या.श्रौ., भाग ८ अन्तर्गत] उल्लेखनीय छन्।

आश्रम, पूना, सन् १९५८।

३४०. जयपुर, राजस्थान, सन् १९८९।

३४१. क्रमसङ्ख्या ३ र ५-८ का परिशिष्टहरू **पारस्करगृह्यसूत्र** (सम्पा. महादेव शर्मा बाक्रे, गुजराती प्रिंटिंग प्रेस, बम्बई, प्र. संस्क. सन् १९१७, द्वि.संस्क. मुन्शीराम मनोहरलाल पब्लिशर्स, दिल्ली, सन् १९८२) अन्तर्गत प्रकाशित छन्।

३४२. **कृष्णयजुर्वेदीय एकाग्निकाण्ड** (हरदत्तमिश्रविरचित व्याख्यासहित), सम्पा. एल. श्रीनिवास आचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी सीरीज, मैसूर, सन् १९०२।

सामवेदीय गृह्यपरिशिष्ट

सामवेदीय गृह्यपरिशिष्टअन्तर्गत **१. गृह्यासङ्ग्रह**[३४३] [गोभिलपुत्रकृत (गोभिलगृह्यपरिशिष्टरूप) । २ प्रपाठक र ११३ तथा ९५ पद्यमा विभक्त], **२. गोभिलपरिशिष्ट**[३४४] [यसअन्तर्गत सन्ध्या, स्नान र श्राद्धसूत्रपरिशिष्ट संलग्न] र **३. छन्दोगपरिशिष्ट वा कर्मप्रदीप** [गोभिलगृह्यसूत्रमा निरूपित अस्पष्ट भागलाई स्पष्ट पार्ने यो ग्रन्थ परम्पराअनुसार गोभिलप्रणीत मानिए पनि यही ग्रन्थ कात्यायन-स्मृति, गोभिलस्मृति इत्यादि नामबाट समेत चिनिन्छ।] उल्लेखनीय छन्।

अथर्ववेदीय गृह्यपरिशिष्ट

अथर्ववेदका ७२ परिशिष्टमध्ये तल उल्लेख गरिएका **२३ वटा परिशिष्टहरू** गृह्यसूत्रका परिशिष्ट हुन्। यी सबैको स्वरूप, प्रतिपाद्य विषय आदिको विवरण प्रस्तुत गर्दा ग्रन्थको आकार धेरै बढ्ने भएकाले 'अथर्ववेदपरिशिष्ट'मा निर्धारित सङ्ख्या-क्रमअनुसार यहाँ नाममात्र उल्लेख गरिएको छ[३४५]।

३. राजप्रथमाभिषेक, ५. पुष्याभिषेक, ६. पिष्टरात्र्याः कल्पः, १८. 'ग'. वृषोत्सर्ग, १९. इन्द्रमहोत्सव, २०. स्कन्दयाग वा धूर्तकल्प, ३०. लघुलक्ष-होम, ३०. 'ख'. बृहल्लक्षहोम, ३१. कोटिहोम, ३३. घृतकम्बल, ३८. ब्रह्मकूर्चविधि, ३९. तडागादिविधि, ४०. पाशुपतव्रत, ४१. सन्ध्योपासनविधि, ४२. स्नानविधि, ४३. तर्पणविधि, ४४. श्राद्धविधि, ४६. उत्तमपटल, ६६. गोशान्ति, ६७. अद्भुतशान्ति, ६९. अथर्वहृदय, ७१. औशनसाद्भुतशान्ति र ७२. महाद्भुतशान्ति गरी २३ परिशिष्ट गृह्यसूत्रोक्त कर्मका पूरक भएकाले गृह्यपरिशिष्ट हुन्।

५.३.४.६.३ श्रौत-गृह्यपरिशिष्ट

वेदका सम्बद्ध शाखाका श्रौतसूत्र र गृह्यसूत्रसँग सम्बद्ध परिशिष्टहरूलाई श्रौत-गृह्यपरिशिष्ट भनिन्छ । यस्ता परिशिष्टहरूले सम्बद्ध श्रौतयागमा र गृह्य वा स्मार्तयागमा अपेक्षित विषयहरूको पूर्ति गर्दछन्। निम्नलिखित ग्रन्थहरू श्रौतसूत्र र गृह्यसूत्र दुवैका संयुक्त परिशिष्ट मानिन्छन्।

पितृमेधसूत्र

पितृमेध भनेको सामान्यतः आहिताग्नि अर्थात् श्रौत अग्नि ग्रहण गरेका

---

३४३. गृह्यासङ्ग्रहः (गोभिलगृह्यपरिशिष्टरूपः -गोभिल-पुत्रकृतः) म.म .-चन्द्रकान्ततर्कालङ्कार-भट्टाचार्यकृतभाष्यसहितः, तेनैव परिशोधितः, एशियाटिक सोसाइटी, कलकत्ता, द्वि.सं. सन् १९१०।

३४४. गोभिलगृह्यपरिशिष्टम् (प्रथमो भागः) म.म.-चन्द्रकान्ततर्कालङ्कार-भट्टाचार्यकृतभाष्यसहितः, तेनैव परिशोधितः, एशियाटिक सोसाइटी, कलकत्ता, द्वि.सं. सन् १९०९।

३४५. परिशिष्टभन्दा अगाडि दिइएका अङ्कले 'अथर्ववेदपरिशिष्ट' नामक ग्रन्थमा निर्धारित सङ्ख्या बुझाउँदछन्।

व्यक्तिको मृत्युपश्चात्[३४६] श्मशानमा (दहनस्थलमा) माटाको यथोक्त श्मशान[३४७] बनाई मृतकका छोरा, भाइ वा कुनै ब्राह्मणद्वारा[३४८] पितृका नाममा गरिने एक किसिमको ऐच्छिक कर्म[३४९] वा अन्त्येष्टि[३५०] हो। माध्यन्दिन-शतपथब्राह्मणमा (१३.८.१-४) र त्यसैको अनुगामी कात्यायनश्रौतसूत्रमा (२१.३-४ कं.) पनि मृत्युको वर्षौंपछि गरिने 'श्मशानचिति'लाई पितृमेध भनिएको र अन्त्येष्टि वा और्ध्वदेहिक कर्मको[३५१] विधान पृथक् गरिएको हुँदा पितृमेध र अन्त्येष्टिमा अन्तर भएको बुझिन्छ, तर बौधायन, आपस्तम्ब, भारद्वाज, कौशिकलगायतका पितृमेधसूत्रहरूमा अन्त्येष्टि अर्थात् दाहकर्मदेखि श्मशानचितिसम्मका समग्र कर्मलाई पितृमेधअन्तर्गत नै समावेश गरिएको छ[३५२]। उक्त सूत्रलाई आधार मान्दा अन्त्येष्टि पनि पितृमेधअन्तर्गत नै पर्ने बुझिन्छ। यसप्रकारको पितृमेध आहिताग्नि (श्रौत वा स्मार्ताग्नि ग्रहण गरेको) र अनाहिताग्नि दुवैका लागि विहित मानिन्छ[३५३]।

उपर्युक्त कार्यका विधायक पितृमेधसूत्रहरू मूलतः श्रौतसूत्रकै अङ्ग भए पनि कुनै पितृमेधसूत्र स्वतन्त्र रूपमा, कुनै श्रौतसूत्रभित्रै र कुनै गृह्यसूत्रअन्तर्गत उपलब्ध हुन्छन्। **शाङ्खायन-पितृमेधसूत्र** (शां.श्रौ. ४.१४-१६ खण्ड), **कात्यायन-पितृमेधसूत्र** (का.श्रौ. २१.३-४ कं.) र **मानव-पितृमेधसूत्र** (मान.श्रौ. ८.१.१९-२३ खं.) श्रौतसूत्रभित्र नै समाविष्ट छन् भने **आश्वलायन-पितृमेधसूत्र** (आश्व.गृ. ४.१-६ खं. + आश्व.गृ.परि. ३.१-८), **कौषीतकि-पितृमेधसूत्र** (कौषी.गृ. ५.१-६ खं.), **आग्निवेश्य-पितृमेधसूत्र** (आग्नि.गृ. ३.४-८ अ.) र **कौशिक-पितृमेधसूत्र** (कौ.सू. ८०-८६ कं.) आ-आफ्ना शाखाका गृह्यसूत्रअन्तर्गत समावेश गरिएका छन्।

उक्त सूत्रबाहेकका भारद्वाज-पितृमेधसूत्र हिरण्यकेशी वा सत्याषाढ-पितृमेधसूत्र, बौधायन-पितृमेधसूत्र, आपस्तम्ब-पितृमेधसूत्र[३५४], र गौतम-

---

३४६. यो कृत्य मृत्युको कैयौं वर्षपछि पनि मरेका व्यक्तिको मृत्युवर्ष वा दिन थाहा नहुँदा विजोर वर्षमा गरिन्छ। द्र.- श.ब्रा. १३.८.१.१-३ र का.श्रौ. २१.३.१-५।

३४७. चिति वा स्थण्डिल। द्र.- का.श्रौ. २१.४.१२-१७। दहनदेशश्च श्मशानम्, सञ्चित्य यत्रास्थीनि निधीयन्ते तच्च श्मशानम् -गार्ग्यनारायण, आश्व.गृ. ४.१.११ वृत्ति।

३४८. द्र.- श.ब्रा. १२.५.२.१५। का.श्रौ. २५.७.४०।

३४९. श्मशानं चिकीर्षतः... -का.श्रौ. २५.८.६। श्मशानं पितृमेधः... चिकीर्षत इत्युक्तेः पितृमेध ऐच्छिकः -विद्याधरवृत्ति। श्मशानशब्दः पितृमेधवाची -देवयाज्ञिक, ऐ.।

३५०. अथान्त्येष्टिपितृमेधं व्याख्यास्यामः -केशवभाष्य, कौ.सू. ८०.१।

३५१. द्र.- का.श्रौ. २५.७.३-४१। उदककर्म -पा.गृ. ३.१०-११ कं.।

३५२. कल्पसूत्र, पृ. १९१।

३५३. आहिताग्नेरेकाग्नेश्चायं संस्कारः -केशवभाष्य, कौ.सू. ८०.२। अथाऽऽहिताग्नेः प्रमीतस्य विधिं व्याख्यास्यामः -मान.श्रौ. ८.१.१९.१। अनाहिताग्नेः प्रमीतस्य विधिं व्याख्यास्यामः -मान.श्रौ. ८.१.२०.१। अथातो दहनविधिः, आहिताग्नेरनाहिताग्नेः स्त्रियाश्चैव... -आग्नि.गृ. ३.४.१। द्र.- कल्पसूत्र, पृ. १९०-२०४। बौधा.पितृ. १.२१.१९ र २.४.३। गौ.पितृ. २.७ इ.।

३५४. सी.जी. काशीकरका अनुसार यो सूत्र भारद्वाज-पितृमेधसूत्रकै परिवर्तित रूप हो। -डा. ओम्प्रकाश पाण्डेय, सं.वा.बृ.इ. २, पृ. २१४-२१५।

पितृमेधसूत्र स्वतन्त्र रचना मानिन्छन्[३५५], जसको स्वरूप निम्नबमोजिम रहेको छ।

भारद्वाजपितृमेधसूत्र

यो पितृमेधसूत्र सी.जी. काशीकरद्वारा सम्पादित भारद्वाजश्रौतसूत्रको भाग १ अन्तर्गत (भारद्वाजश्रौतसूत्रको अन्त्यमा, पृ. २२७-२५१) 'भारद्वाजपैतृमेधिकसूत्रम्' नामबाट प्रकाशित छ। यो सूत्र **प्रश्न> खण्ड> सूत्र गरी तीन भागमा विभक्त** छ। यसमा **जम्मा २ प्रश्न** र प्रत्येक प्रश्नमा १२-१२ गरी **२४ खण्ड** छन्। अतः यसको **स्थलनिर्देश ३ अङ्कद्वारा** गरिन्छ।

१. डा. चिन्तामणि गणेश काशीकरद्वारा 'भारद्वाजश्रौतसूत्र'अन्तर्गत सम्पादित तथा अंग्रेजीमा अनूदित (१-२ भाग), वैदिक संशोधन मण्डल, पूना, सन् १९६४।

हिरण्यकेशी वा सत्याषाढपितृमेधसूत्र

कृष्णयजुर्वेदीय हिरण्यकेशि-कल्पका २८-२९ प्रश्नलाई हिरण्यकेशी वा सत्याषाढ-पितृमेधसूत्र भनिन्छ। यो सूत्र आनन्दाश्रमबाट प्रकाशित सत्याषाढ-श्रौतसूत्रको भाग १० अन्तर्गत (पृ. २२७-३२०) 'पितृमेधपरिशिष्ट' र महादेव शास्त्रीको 'वैजयन्ती'व्याख्यासहित प्रकाशित छ। यसमा **२ प्रश्न**, प्रतिप्रश्नमा ४-४ गरी **८ पटल** र अनेक सूत्र छन्। यसको **स्थलनिर्देश ३ अङ्कद्वारा** गरिन्छ।

१. सत्याषाढविरचितं श्रौतसूत्रम् (पितृमेधापरपर्यायमष्टाविंशैकोनत्रिंश-प्रश्न-द्वयात्मकम्), महादेवशास्त्रिकृतवैजयन्तीव्याख्यासमेतम्, भाग १०, सम्पा. शङ्कर शास्त्री मारूलकार, आनन्दाश्रम मुद्रणालय, पूना, सन् १९३२।

बौधायनपितृमेधसूत्र

बौधायनपितृमेधसूत्र आर. शाम शास्त्रीद्वारा सम्पादित बोधायन-गृह्यसूत्रको अन्त्यमा (पृ. ३७७-४५० मा) प्रकाशित भएको छ। यस पितृमेधसूत्रको विभाजन प्रश्न, खण्ड र सूत्रमा भएको छ। यसमा **३ प्रश्न** र प्रत्येक प्रश्नमा क्रमशः २१, १२, १२ गरी **जम्मा ४५ खण्ड** छन्। यसको **स्थलसङ्केत तीन अङ्कद्वारा** गरिन्छ। पितृमेधसूत्रको अन्त्यमा **'पितृमेधशेष'** पनि समावेश गरिएको छ र यसमा १-३ खण्ड (पृ. ४५१-४५४) छन्।

१. विलेम क्यालेन्डद्वारा 'पितृमेधसूत्राणि'अन्तर्गत प्रथम प्रश्न सम्पादित [**Pitṛmedha-sūtrāṇi :** The Pitṛmedhasūtras of Baudhāyana, Hiraṇyakeśin, Gautama, ed. with critical notes and index of words, By Willem Caland, Leipzig, Brockhaus 1896. Reprinted : Nendeln 1966].

२. २-३ प्रश्न, सम्पा. एल. श्रीनिवासाचार्य, मैसूर, सन् १९०७।

---

३५५. द्र.- कल्पसूत्र, पृ. २०४-२१२।

३. C. H. Raabe, Praśna 2-3, Leiden, 1911.
४. बौधायनगृह्यसूत्रअन्तर्गत, आर. शाम शास्त्रीद्वारा सम्पादित, मैसूर, द्वि.सं. १९२०।

आपस्तम्बपितृमेधसूत्र

कुन्दनलाल शर्माका अनुसार आपस्तम्ब-पितृमेधसूत्रको भारद्वाज-पैतृमेधिक सूत्रसँग अत्यन्त घनिष्ठ सम्बन्ध छ। यस पितृमेधसूत्रको विभाजन २ प्रश्न, अनेक पटल, खण्ड र सूत्रमा भएको बुझिन्छ। यसमा गार्ग्य गोपाल यज्वा र कपर्दी स्वामीले भाष्य लेखेका छन्[३५६]।

१. गार्ग्य गोपाल यज्वाको भाष्यसहित, टी. एम. नारायणद्वारा ग्रन्थाक्षरमा प्रकाशित, कुम्भघोणम्, सन् १९१६।
२. म.म.टी. गणपति शास्त्रीद्वारा कपर्दिस्वामीको भाष्य, गार्ग्य गोपाल यज्वाको भाष्यांश, स्वविरचित व्याख्या तथा आण्डपिल्लै (तालवृन्त निवासी) कृत 'अपरप्रयोग' सहित ग्रन्थाक्षरमा सम्पादित।

गौतमपितृमेधसूत्र

गौतम-पितृमेधसूत्र यस ग्रन्थकारको नजरमा आएको छैन। कुन्दनलाल शर्माका अनुसार यस ग्रन्थको विभाजन **पटल, अध्याय र सूत्र**मा भएको छ। यसमा जम्मा **२ पटल** र प्रतिपटलमा ७-७ अध्याय गरी **१४ अध्याय** छन्। यो पितृमेधसूत्र सामवेदको राणायनीय चरणअन्तर्गतको मानिन्छ र यसमा अनन्त यज्वाको विवरण उपलब्ध छ[३५७]।

१. विलेम क्यालेन्डद्वारा 'पितृमेधसूत्राणि'अन्तर्गत सम्पादित।

पितृमेधशेष वा पितृमेधपरिशिष्ट

पितृमेधसूत्रले अपेक्षा गर्ने केही विषयहरू पितृमेधशेष वा पितृमेध-परिशिष्टका रूपमा उपलब्ध छन्। यस्ता परिशिष्ट बोधायन र हिरण्यकेशी शाखामा मात्र देखिन्छन्।

बोधायनपितृमेधशेष

१-३ खण्डमा विभक्त यो पितृमेधशेष कृष्णयजुर्वेदीय बोधायन-पितृमेधसूत्रको समाप्तिपछि आर. शाम शास्त्रीद्वारा सम्पादित बोधायन-गृह्यसूत्रअन्तर्गत (पृ. ४५१-४५४) समाविष्ट छ।

हिरण्यकेशिपितृमेधपरिशिष्ट

यो परिशिष्ट आनन्दाश्रमबाट प्रकाशित कृष्णयजुर्वेदीय सत्याषाढश्रौतसूत्रको भाग १० अन्तर्गत (पृ. ३१९-३२०) मा समाविष्ट छ।

---

३५६. ऐ., पृ. २०७-२०९।
३५७. ऐ., पृ. २११-२१२।

अथर्ववेदीय श्रौत-गृह्यपरिशिष्ट

अथर्ववेदका ७२ परिशिष्टमध्ये तल उल्लेख गरिएका **११ वटा परिशिष्टहरू** श्रौत र गृह्य दुवै सूत्रका संयुक्त परिशिष्ट हुन्। यी सबैको स्वरूप, प्रतिपाद्य विषय आदिको विवरण प्रस्तुत गर्दा ग्रन्थको आकार धेरै बढ्ने भएकाले 'अथर्ववेदपरिशिष्ट'-मा निर्धारित सङ्ख्या-क्रमअनुसार यहाँ नाममात्र उल्लेख गरिएको छ[३५८]।

२१. सम्भारलक्षण, २२. अरणिलक्षण, २३. यज्ञपात्रलक्षण, २४. वेदिलक्षण, २५. कुण्डलक्षण, २६. समिल्लक्षण, २७. स्रुवलक्षण, २८. हस्तलक्षण, २९. ज्वालालक्षण, ३२. गणमाला र ३७. समुच्चयप्रायश्चित्त गरी ११ वटा परिशिष्ट अथर्ववेदका श्रौत र गृह्यसूत्र दुवैका संयुक्त परिशिष्ट हुन्।

आपस्तम्बप्रवरसूत्र

कृष्णयजुर्वेदीय आपस्तम्बश्रौतसूत्रको २४.५ देखि १० कण्डिकासम्मका भागलाई आपस्तम्बप्रवरसूत्र भनिन्छ।

आश्वलायन-गोत्र-प्रवरसूत्र

ऋग्वेदीय आश्वलायनश्रौतसूत्रको अन्त्यमा (१२.१०.१–१२.१५.५) समाविष्ट **'आश्वलायनश्रौतपरिशिष्ट'**लाई आश्वलायनगोत्रप्रवरसूत्र भनिन्छ।

गोत्रचरण-पृच्छाप्रतिज्ञा

कात्यायनकृत १८ परिशिष्टमध्येको तेस्रो परिशिष्ट गोत्रचरण-पृच्छा हो। शुक्लयजुर्वेदसँग सम्बद्ध यो परिशिष्ट **'तृतीय-प्रतिज्ञापरिशिष्टसूत्र'**का नामबाट प्रकाशित छ (नासिक, सन् १९४४)।

प्रतिग्रहकल्प

कृष्णयजुर्वेदीय मानवश्रौतसूत्रको अन्त्यमा समाविष्ट परिशिष्ट-खण्ड-अन्तर्गतका ११.१.१-२ खण्डलाई प्रतिग्रहकल्प भनिन्छ।

प्रतिग्रहयमक

यो परिशिष्ट कृष्णयजुर्वेदीय वाराहगृह्यसूत्रको पहिलो खण्डको प्रथम सूत्रमा परिगणित २२ मैत्रायणीय परिशिष्टअन्तर्गतको दसौं परिशिष्ट हो। यसको प्रकाशन भए-नभएको कुरा यस ग्रन्थकारलाई जानकारी छैन।

प्रावरिकासूत्र

यो कात्यायनकृत १८ परिशिष्टमध्येको एघारौं परिशिष्ट हो। यो ग्रन्थ १० काण्ड, ९७ सूत्र र ५६ **पद्यमा विभक्त** छ। जसअनुसार पहिलो परिभाषाकाण्डमा ९,

३५८. परिशिष्टभन्दा अगाडि दिइएका अङ्कले 'अथर्ववेदपरिशिष्ट' नामक ग्रन्थमा निर्धारित सङ्ख्या बुझाउँदछन्।

भृगुकाण्डमा १२, आङ्गिरसकाण्डमा १७, विश्वामित्रकाण्डमा १५, वसिष्ठकाण्डमा ७, काश्यपकाण्डमा ६, अत्रिकाण्डमा ३, अगस्तिकाण्डमा ६, वैकृतकाण्डमा २२ सूत्र र अन्तिम श्लोककाण्डमा ५६ पद्य छन्। यसको प्रकाशन पं. श्रीधर अण्णाशास्त्री वारेद्वारा सम्पादित **'कात्यायनीय-परिशिष्टदशक'**अन्तर्गत (याज्ञवल्क्य आश्रम, पूना, सन् १९५८) तथा लक्ष्मण शास्त्री जोशीद्वारा सम्पादित **'धर्मकोश' संस्कारकाण्ड,** भाग १ को परिशिष्टअन्तर्गत (पृ. ७९७-८१४, वि.सं. २०१५) भएको छ।

बौधायनप्रवरसूत्र

कृष्णयजुर्वेदीय बौधायनश्रौतसूत्रको तीसौं (३०) प्रश्नको अन्त्यमा समाविष्ट १० अध्याय र ५४ कण्डिकामा विभक्त यो प्रवरसूत्र विलेम क्यालेन्डद्वारा सम्पादित बौधायनश्रौतसूत्र भाग ३ मा (पृ. ४१५-४६८) प्रकाशित छ।

मानवप्रवराध्याय

कृष्णयजुर्वेदीय मानवश्रौतसूत्रको अन्त्यमा समाविष्ट परिशिष्ट-खण्ड-अन्तर्गतका ११.८.१-१० खण्डलाई मानव-प्रवराध्याय भनिन्छ।

मूल्याध्याय वा क्रतुसङ्ख्या

यो ग्रन्थ कात्यायनकृत १८ परिशिष्टमध्ये बाह्रौं परिशिष्ट हो। यो परिशिष्ट **'मूल्याध्यायपरिशिष्ट'**का नामबाट कामदेव दीक्षितको विवरण, गोपालभाष्य, रामकृष्णको संस्कारगणपति र डा. श्रीकिशोर मिश्रको पीयूषकणिका नामक व्याख्यासहित डा. ओमप्रकाश पाण्डेयको सम्पादकत्वमा वाराणसीबाट (आचार्य गोपालचन्द्र मिश्र ग्रन्थमाला ३, वि.सं. २०४७) प्रकाशित छ।

यज्ञपार्श्वपरिशिष्ट

यो ग्रन्थ कात्यायनकृत पन्ध्रौं परिशिष्ट हो। प्रथम र द्वितीय परिशिष्टका रूपमा उपलब्ध यस ग्रन्थको **प्रथम परिशिष्टमा ९६ र द्वितीय परिशिष्टमा २२८** पद्य छन्। चिन्तामणि गणेश काशीकरद्वारा सम्पादित यो ग्रन्थ अंग्रेजी अनुवादसहित भाण्डारकर प्राच्यविद्या संशोधन मन्दिर, पुणेबाट सन् १९९८ मा प्रकाशित छ।

वाराह-मैत्रायणीय-प्रवराध्याय

यो कृष्णयजुर्वेदीय वाराहगृह्यसूत्रको १.१ मा परिगणित मैत्रायणीयसूत्रका २२ परिशिष्टमध्ये सोह्रौं परिशिष्ट हो। यसको प्रकाशन भए-नभएको जानकारी यस ग्रन्थकारलाई छैन।

वैखानसप्रवरप्रश्न

कृष्णयजुर्वेदीय वैखानसगृह्यसूत्र (तिरुपति संस्करण, सन् १९९७) भाग २ को अन्त्यमा (पृ.१०४६-१०५५) समाविष्ट १-८ खण्डात्मक भागलाई वैखानस-

प्रवरप्रश्न भनिन्छ।

हिरण्यकेशिप्रवरसूत्र

कृष्णयजुर्वेदीय सत्याषाढ वा हिरण्यकेशि-श्रौतसूत्रअन्तर्गतका २१.३.१-१८ सूत्रलाई हिरण्यकेशिप्रवरसूत्र भनिन्छ। यसमा महादेव शास्त्रीको 'प्रयोगचन्द्रिका' व्याख्या उपलब्ध छ। यसको प्रकाशन सत्याषाढश्रौतसूत्रको भाग ८ अन्तर्गत भएको छ (आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९२९)।

५.३.४.६.४ अनुष्ठानकल्प

अनुष्ठानकल्प भनेका व्यक्तिगत वा सामाजिक अभीष्ट प्राप्तिका लागि वेदका विभिन्न मन्त्रद्वारा जप, होम इत्यादि अनुष्ठानको (कर्मको) विधान गर्ने ग्रन्थ वा परिशिष्ट हुन्। यिनमा वेदका सम्बद्ध शाखाका कुन-कुन मन्त्रद्वारा कुन कर्म गर्दा के-कस्ता फल प्राप्त गर्न सकिन्छ भन्ने कुराको विधान गरिएको हुन्छ। ऋक्, यजुः, साम र अथर्ववेदसँग सम्बद्ध यस्ता अनुष्ठानकल्पहरू ऋग्विधान, यजुर्विधान, सामविधान तथा अथर्वविधानका नामबाट **अग्निपुराण** (२५८-२६१ अध्याय), **आदित्यपुराण** इत्यादि ग्रन्थमा र स्वतन्त्र समेत उपलब्ध छन्। यिनको सङ्क्षिप्त स्वरूप यहाँ प्रस्तुत गरिएको छ।

ऋग्विधान

ऋग्विधानका प्रवक्ता आचार्य शौनक मानिन्छन्। यो ग्रन्थ अध्याय, खण्ड र पद्यमा विभक्त छ। जसमध्ये प्रथम अध्यायमा ३१ खण्ड र १७० पद्य, द्वितीयमा ३५ खण्ड र १८८ पद्य, तृतीयमा ४३ खण्ड र २३१ पद्य, चतुर्थमा २७ खण्ड र १४२ पद्य तथा फलश्रुतिविधायक पञ्चम अध्यायमा ३ खण्ड र १३ पद्य गरी फलश्रुतिसहित **जम्मा ५ अध्याय, १३९ खण्ड र ७४४ पद्यमा विभक्त** छ।

१. ल्याटिन भूमिकासहित, सम्पा. डा. रुडोल्फ मेयर, सन् १८७८।
२. अंग्रेजी अनुवादसहित, सम्पा. प्रो. जे. गोन्दा, नेदरल्याण्ड, सन् १९५१।
३. विस्तृत भूमिकासहित, सम्पा. डा. एम. एस. भट्ट, मोतीलाल बनारसी दास, दिल्ली, सन् १९८७।
४. मूलमात्र ४८३ पद्ययुक्त, ऋग्वेदसंहिता (सायणभाष्य र पं. रामगोविन्द त्रिवेदीको हिन्दी अनुवादसहित) भाग ९ अन्तर्गत (चौखम्बा विद्याभवन वाराणसी, सन् २००७)।

यजुर्विधानशिक्षा

यसलाई शिक्षाग्रन्थ मानी शिक्षासङ्ग्रहमा समावेश गरिएको भए पनि वस्तुतः यो ग्रन्थ शिक्षाशास्त्रीय नभएर अनुष्ठानकल्प नै हो। यसको प्रथम वाक्य नै **"अथातो मन्त्राणामनुष्ठानकल्पनम्"** बाट आरम्भ भएको र त्यसपछिका सबै अध्याय

र गद्यमा मन्त्रका विनियोग एवं त्यस कर्मबाट प्राप्त हुने फल बताइएको हुँदा यहाँ वाजसनेयि-शुक्लयजुर्वेदका अनुष्ठानकल्पअन्तर्गत नै यसको स्वरूप उल्लेख गरिएको छ।

यो ग्रन्थ ६ अध्याय र तिनमा क्रमशः ११, ९, १२, १०, १२, ५ गद्य गरी जम्मा ५९ गद्यमा विभक्त छ। यसको प्रकाशन **शिक्षासङ्ग्रह** (सम्पा. रामप्रसाद त्रिपाठी, सं. सं. वि., वाराणसी, सन् १९८९) मा भएको छ।

शुक्लयजुर्विधानसूत्र

शुक्लयजुर्वेद-माध्यन्दिन-शाखासंहिताका मन्त्रहरूको विविध कामना-अनुसार विनियोग गर्ने यो ग्रन्थ ७ अध्याय र अनेक सूत्रमा विभक्त छ (पृ. १-४५)। सूत्रपाठपछि मानस्तोककल्प (पृ. ४५-४७), हंसकल्प (पृ. ४७-५०), यजुर्मञ्जरी व्याख्या (पृ. ५१-१९९), स्वाहाकारप्रयोग (पृ. २०१-६४७), मन्त्रभ्रान्तिहरसूत्र (पृ. ६४८-६६४) र अन्य विविध विषय (पृ. ६६५-६८४) समावेश गरिएको यो ग्रन्थ कात्यायनद्वारा प्रणीत मानिन्छ। यस ग्रन्थको प्रकाशन **'शुक्लयजुर्विधानसूत्र'**का नामबाट यजुर्मञ्जरी व्याख्या र **'स्वाहाकारप्रयोगप्रदीप'**सहित भएको छ।

१. सम्पा. अण्णा शास्त्री वारे, निर्णयसागर मुद्रणालय, मुम्बयी, सन् १९४३। पुनर्मुद्रण : चौखम्बा विद्याभवन, वाराणसी, सन् २००१।

सामविधानब्राह्मण

सामवेदसँग सम्बद्ध 'सामविधान' नामक परिशिष्ट अग्निपुराण र आदित्यपुराणमा बाहेक स्वतन्त्र रूपमा प्रकाशित भएको देखिँदैन, तथापि यसको सट्टा सामवेदको छुट्टै 'सामविधानब्राह्मण' नै उपलब्ध छ। यस ब्राह्मणको परिचय ब्राह्मण-ग्रन्थको परिचयअन्तर्गत नै दिइसकेकाले त्यहींबाट यसको जानकारी लिन पाठकवर्गलाई अनुरोध गरिन्छ।

अथर्वविधान वा अथर्वपरिशिष्ट

अथर्ववेदसँग सम्बद्ध अथर्वविधान **'अथर्वपरिशिष्ट'**का नामबाट (२० पद्यमा) शिक्षासङ्ग्रह (सम्पा. रामप्रसाद त्रिपाठी, सं. सं. वि., वाराणसी, सन् १९८९) को अन्त्यमा (पृ. ३९७-९८) प्रकाशित छ। यसअतिरिक्त केशवदेव शास्त्रीद्वारा हिन्दी भाषामा लेखिएको **'अथर्व संहिता विधान'** (सम्पा. डा. अजयकुमार मुद्गल, लालब. शास्त्री केन्द्रीय संस्कृत विद्यापीठ, नई दिल्ली, सन् १९८८-८९) पनि प्रकाशित छ।

गौतमधर्मसूत्रपरिशिष्ट

एल. श्रीनिवासाचार्यद्वारा सम्पादित मस्करिभाष्यसहितको गौतम-धर्मसूत्रको १८ औं अध्यायपछि समाविष्ट १-८ अध्यायात्मक 'क्रियाकाण्ड' गौतम-धर्मसूत्रको परिशिष्टका रूपमा चिनिन्छ। यसमा स्नानादि आह्निक कृत्य, प्रायश्चित्त आदिको

वर्णन गरिएको छ (गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९१७)।

५.३.४.७ निरुक्तपरिशिष्ट

निरुक्तशास्त्रसँग सम्बद्ध परिशिष्टलाई निरुक्तपरिशिष्ट भनिन्छ। यस-अन्तर्गत यास्ककृत **निरुक्तका १३-१४ अध्याय**, वररुचिप्रणीत **'निरुक्तसमुच्चय'**, कौशिकोक्त **'कौत्सव्यनिरुक्त-निघण्टु'** (अथर्ववेद-परिशिष्ट-अन्तर्गतको ४८ औं परिशिष्ट) लगायतका ग्रन्थहरू पर्दछन्।

५.३.४.८ अन्य परिशिष्ट

माथि उल्लेख गरिएका विभिन्न परिशिष्टका वर्गभित्र नपर्ने, विविध विषयसँग सम्बद्ध र शास्त्रसम्बद्धता अस्पष्ट रहेका परिशिष्टहरूलाई यहाँ अन्य परिशिष्टअन्तर्गत राखिएको छ। यसअन्तर्गत मुख्यतः केही मैत्रायणीयपरिशिष्ट र केही अथर्ववेदीय-परिशिष्टलाई समावेश गरिएको छ।

५.३.४.८.१ मैत्रायणीय-परिशिष्ट

वाराहगृह्यसूत्रमा (१.१) उल्लिखित मैत्रायणीयसूत्रका २२ परिशिष्टमध्ये अकुलपादरहस्य ९, प्रश्न १२, द्रविण १३, षट्कारणप्रधान १४, सान्देहिक १५, अन्तर्क्यकल्प १९ र भूतोत्पत्ति २२ गरी ७ वटा परिशिष्टको शास्त्रसम्बद्धता अस्पष्ट छ। यसअन्तर्गतका शास्त्रसम्बद्धता स्पष्ट भएका अन्य परिशिष्ट तत्तत्स्थानमा उल्लेख गरिएका छन्।

५.३.४.८.२ अथर्ववेदीय-परिशिष्ट

अथर्ववेदका ७२ परिशिष्टमध्ये श्रौत, गृह्य र श्रौत-गृह्यपरिशिष्टको उल्लेख सम्बद्ध स्थानमा नै गरिसकिएको छ। उक्त उल्लेखबाट बाँकी रहेका परिशिष्टहरूलाई पनि प्रतिपाद्य विषयको समताका आधारमा मूलतः तीन भागमा वर्गीकरण गर्न सकिन्छ। तीमध्ये १) राजा र पुरोहितका कर्तव्यसँग सम्बद्ध लौकिक कर्मकाण्डका प्रतिपादक १७ वटा परिशिष्ट, २) अभिचारकर्मसँग सम्बद्ध ३ वटा परिशिष्ट र ३) शकुन (शुभाशुभसूचक) एवं शान्तिकर्मका विधायक २१ वटा परिशिष्ट गरी जम्मा ४१ वटा परिशिष्टलाई यहाँ अन्य परिशिष्टअन्तर्गत समावेश गरिएको छ। यिनको स्वरूप, प्रतिपाद्य विषय आदिको विवरण प्रस्तुत गर्दा ग्रन्थको आकार धेरै बढ्ने भएकाले 'अथर्ववेदपरिशिष्ट'मा निर्धारित सङ्ख्या-क्रमअनुसार यहाँ नाममात्र उल्लेख गरिएको छ।

१) राजा र पुरोहितका कर्तव्यसँग सम्बद्ध लौकिक कर्मकाण्डका प्रतिपादक १७ वटा परिशिष्ट निम्नलिखित छन्[३५९]—

---

३५९. परिशिष्टभन्दा अगाडि दिइएका अङ्कले 'अथर्ववेदपरिशिष्ट' नामक ग्रन्थमा निर्धारित सङ्ख्या बुझाउँदछन्।

१. नक्षत्रकल्प, २. राष्ट्रसंवर्ग, ४. पुरोहितकर्माणि, ७. आरात्रिक, ८. घृतावेक्षण, ९. तिलधेनुविधि, १०. भूमिदान, ११. तुलापुरुषविधि, १२. आदित्य-मण्डक, १३. हिरण्यगर्भविधि, १४. हस्तिरथदानविधि, १५. अश्वरथदानविधि, १६. गोसहस्रविधि, १७, १८ र १८ 'ख'. राजकर्मसांवत्सरीयम् (राजाले प्रत्येक वर्ष गर्नुपर्ने कर्म) र १९. 'ख'. ब्रह्मयाग गरी जम्मा १७ वटा परिशिष्टमा राजा र पुरोहितले गर्नुपर्ने कर्म बताइएका छन्।

२) अभिचारकर्मसँग सम्बद्ध ३ वटा परिशिष्ट निम्नलिखित छन्–

३४. अनुलोमकल्प, ३५. आसुरीकल्प र ३६. उच्छुष्मकल्प गरी ३ वटा परिशिष्टमा अभिचारकर्म बताइएको छ।

३) शकुन (शुभाशुभसूचक) एवं शान्तिकर्मका विधायक २१ वटा परिशिष्ट निम्नलिखित छन्–

५०. चन्द्रप्रातिपदिक, ५१. ग्रहयुद्ध, ५२. ग्रहसङ्ग्रह, ५३. राहुचार, ५४. केतुचार, ५५. ॠतुकेतुलक्षण, ५६. कूर्मविभाग, ५७. मण्डलानि, ५८. दिग्दाह-लक्षण, ५८. 'ख'. उल्कालक्षण, ५९. विद्युल्लक्षण, ६०. निर्घातलक्षण, ६१. परिवेष-लक्षण, ६२. भूमिकम्पलक्षण, ६३. नक्षत्रग्रहोत्पातलक्षण, ६४. उत्पातलक्षण, ६५. सद्योवृष्टिलक्षण, ६८. स्वप्नाध्याय, ७०. भार्गवीयाणि, ७०. 'ख'. गार्ग्याणि र ७०. 'ग'. बार्हस्पत्यानि गरी २१ वटा परिशिष्टमा शुभाशुभसूचकसम्बद्ध विषय र तिनका शान्तिकर्म बताइएका छन्।

५.४ व्याकरण

वेदपुरुषका (वेदका) छ अङ्गमध्ये मुखस्थानीय[३६०] मानिने व्याकरण-शास्त्रले वैदिक र लौकिक-संस्कृतभाषामा प्रयुक्त शब्दहरूको प्रकृति-प्रत्यय केलाउँदै असाधु शब्दको निराकरण र साधु शब्दको पदस्वरूप निदर्शन गरी त्यसको अर्थनिश्चय गर्दछ[३६१]। व्याकरण वेदका षडङ्गशास्त्र-अन्तर्गतको एक अङ्ग भए पनि यो वेदको अध्ययनका लागि मात्र प्रवृत्त भएको विशुद्ध वैदिक-शास्त्र होइन। अर्थात् जसरी शिक्षा र कल्पग्रन्थ वेदका निश्चित शाखाविशेषसँग सम्बद्ध हुन्छन्, त्यसरी व्याकरणशास्त्र वेदका निश्चित शाखाविशेषसँग सम्बद्ध नभई यसमा समग्र वैदिक र लौकिक-संस्कृत-वाङ्मयमा प्रयुक्त शब्दहरूको विवेचना गरिएको हुन्छ[३६२]। त्यसैले व्याकरण सर्ववेद-लोकसाधारण शास्त्र मानिन्छ।

---

३६०. शिक्षा घ्राणं तु वेदस्य मुखं व्याकरणं स्मृतम् -पाणिनीयशिक्षा, पद्य ४२।

३६१. व्याकरणं च शब्दार्थव्युत्पत्तिकरं शास्त्रम् -वर्गद्वयवृत्ति, ऋ.प्रा., सू. ४ को व्याख्या।

३६२. वर्तमानमा उपलब्ध र प्रसिद्ध व्याकरणमध्ये पाणिनीयतन्त्र (व्याकरण) एवं भोजदेवको सरस्वतीकण्ठाभरण नामका ग्रन्थमात्र वैदिक-लौकिक दुवै भाषाको अध्ययनका लागि उपयोगी मानिन्छन्। अन्य व्याकरण चाहिं लौकिक भाषामा नै आधारित छन्।

५.४.१ व्याकरण-परम्परा

भारतीय ऐतिह्यअनुसार समग्र विद्याका आदिप्रवक्ता ब्रह्मा मानिन्छन् । तदनुसार व्याकरणशास्त्रका पनि **आदिप्रवक्ता ब्रह्मा** नै थिए भने **दोस्रा प्रवक्ता** अङ्गिराका पुत्र आङ्गिरस **देवपुरोहित बृहस्पति र तेस्रा प्रवक्ता तथा व्याकरण-शास्त्रका पहिला संस्कर्ता इन्द्र** थिए[३६३] । व्याकरणमहाभाष्यको उल्लेखअनुसार[३६४] त्यतिबेलासम्म शब्दमा प्रकृति-प्रत्ययको विभाग नभएको हुँदा बृहस्पतिले इन्द्रलाई प्रतिपद पाठद्वारा शब्दोपदेश गरेको बुझिन्छ । प्रत्येक पदको पाठ गर्दा कहिल्यै टुंगोमा पुग्न नसकिने भएकाले यस्तो दुरूहता कम गर्नका लागि इन्द्रले सर्वप्रथम प्रकृति-प्रत्ययको विभागद्वारा शब्दको उपदेश गर्ने प्रक्रिया आरम्भ गरेको कुरा तैत्तिरीयसंहिता र त्यसका भाष्यबाट पनि अवगत हुन्छ[३६५] । अतः व्याकरणशास्त्रका आदिप्रवक्ता ब्रह्मा भएजस्तै यसका प्रथम संस्कर्ता इन्द्र हुन् भन्ने बुझिन्छ ।

५.४.२ ऐन्द्र र माहेश्वर-सम्प्रदाय

व्याकरणशास्त्रमा ऐन्द्र र माहेश्वर गरी दुई मार्ग वा सम्प्रदाय प्रसिद्ध छन् । वर्तमान प्रसिद्धिअनुसार 'कातन्त्रव्याकरण' ऐन्द्र-सम्प्रदायको हो भने 'पाणिनीय-व्याकरण' माहेश्वर (शैव) सम्प्रदायको हो । व्याकरण-वाङ्मयमा ऐन्द्रतन्त्र सबैभन्दा प्राचीन भएको र त्यसपछि अनेक वैयाकरणहरूले व्याकरणशास्त्रको प्रवचन गरी उनीहरूका प्रवचन-भेदबाट अनेक व्याकरणग्रन्थको रचना भएको कुरा युधिष्ठिर मीमांसकले उल्लेख गरेका छन्[३६६] ।

५.४.३ पाणिनिपूर्वका वैयाकरणहरू

इन्द्रदेखि पाणिनिसम्म कति वैयाकरण भए भन्ने कुरा अज्ञात नै छ । आचार्य पाणिनिले आफ्नो सूत्रग्रन्थ 'अष्टाध्यायी'मा १० वटा प्राचीन आचार्यहरूको नाम उल्लेख गरेका छन्[३६७] । यसअतिरिक्त पाणिनिले आफ्नो ग्रन्थमा उल्लेख नगरेका

३६३. ब्रह्मा बृहस्पतये प्रोवाच, बृहस्पतिरिन्द्राय, इन्द्रो भरद्वाजाय, भरद्वाज ऋषिभ्यः, ऋषयो ब्राह्मणेभ्यः -ऋक्तन्त्र १.४ । बृहस्पतिर्ह वै देवानां पुरोहितः -ऐ.ब्रा. ४०.३ ।

३६४. बृहस्पतिरिन्द्राय दिव्यं वर्षसहस्रं प्रतिपदोक्तानां शब्दानां शब्दपारायणं प्रोवाच नान्तं जगाम । बृहस्पतिश्च प्रवक्ता, इन्द्रश्चाध्येता, दिव्यं वर्षसहस्रमध्ययनकालः, न चान्तं जगाम -व्या.म.भा. १.१.१, शास्त्रनिर्माणरीतिनिरूपणाधिकरण, पृ. ५४ । तु.- प्रक्रियाकौमुदी, भाग १, पृ. ७ । द्र.- सं.व्या.शा.इ. १, पृ. ६० र ६१ का टि. ४ ।

३६५. वाग्वै पराच्यव्याकृताऽवदत् । ते देवा इन्द्रमब्रुवन्- इमां नो वाचं व्याकुर्विति... तामिन्द्रो मध्यतोऽवक्रम्य व्याकरोत् -तै.सं. ६.४.७.३ । तु.- मै.सं. ४.५८; कपि.सं. ४२.३; मै.सं. ४.१५.८; श.ब्रा. ४.१.३.११ इ. । तामखण्डां वाचं मध्ये विच्छिद्य प्रकृति-प्रत्ययादि-विभागं सर्वत्राऽकरोत् -सा.भा., वे.भा.भू., पृ. ५१ । पराची अपुनरुक्तरूपा अविभक्तरूपा (एकरूपा)... इमां वाचं व्याकुरु विभक्तरूपां कुरु -भट्टभास्करभाष्य, तै.सं. ६.४.७.३ ।

३६६. सं.व्या.शा.इ. १, पृ. ६२-६३ ।

३६७. आपिशलि (६.१.९२), काश्यप (१.२.२५), गार्ग्य (८.३.२२), गालव (७.१.७४), चाक्रवर्मा (६.१.१३०), भारद्वाज (७.२.६३), शाकटायन (३.४.१११), शाकल्य (१.१.१६), सेनक

शिव (महेश्वर), बृहस्पति, इन्द्र, वायु, भरद्वाज, भागुरि, पौष्करसादि, चारायण, काशकृत्स्न, शन्तनु, वैयाघ्रपद्य, माध्यन्दिनि, रौढि, शौनकि, गौतम र व्याडि नामका १६ आचार्य तथा विभिन्न प्रातिशाख्य-ग्रन्थमा उद्धृत ५९ आचार्यलाई पनि जोडेर (१०+१६+५९) **युधिष्ठिर मीमांसकले ८५ आचार्यहरूलाई पाणिनिपूर्वका वैयाकरण** **मानेका** छन्[३६८] । वर्तमानमा प्रातिशाख्य र केही आचार्यका एकाध ग्रन्थबाहेक पाणिनिभन्दा पूर्वका व्याकरण उपलब्ध र प्रसिद्ध छैनन् ।

५.४.४ पाणिनीय-व्याकरण

वर्तमानमा पाणिनिको व्याकरणसूत्र 'अष्टाध्यायी' र यसै सूत्रमा आधारित भएर रचना गरिएका पाणिनीय-परम्पराका थुप्रै व्याकरणग्रन्थ उपलब्ध र प्रसिद्ध छन् । पाणिनीय-व्याकरणशास्त्रका सूत्र, अष्टक, अष्टाध्यायी, शब्दानुशासन र वृत्तिसूत्र गरी पाँच किसिमका नाम प्रसिद्ध छन् । **'सूत्र'** भनेको सबैतिरबाट सार सङ्ग्रह गरी स्वल्प अक्षरमा निबद्ध निरर्थकता (स्तोभ) र सन्देहादि दोषमुक्त वाक्य वा कथन हो[३६९] । आचार्य पाणिनिले आफ्नो व्याकरणग्रन्थको रचना यस्तै सूत्रशैलीमा गरेका हुनाले[३७०] यसको नाम **'सूत्र'** (पाणिनिसूत्र) रहेको हो भने ८ अध्यायमा विभक्त भएकाले **'अष्टक' वा 'अष्टाध्यायी'** (पाणिनीय-अष्टाध्यायी) र उक्त अष्टाध्यायीको आरम्भ 'अथ शब्दानुशासनम्' बाट भएकाले[३७१] **'शब्दानुशासन'** पनि पाणिनिसूत्रकै नामान्तर हो । व्याकरणमहाभाष्यमा पतञ्जलिले पाणिनिसूत्रकै लागि 'वृत्तिसूत्र' शब्दको प्रयोग गरेका हुनाले[३७२] **पाणिनिसूत्रकै अर्को नाम वृत्तिसूत्र**

(५.४.११२), स्फोटायन (३.१.१२३) ।

३६८. सं.व्या.शा.इ. १, पृ. ६३; ६६-१३३ ।

३६९. अल्पाक्षरमसन्दिग्धं सारवद् विश्वतोमुखम् । अस्तोभमनवद्यं च सूत्रं सूत्रविदो विदुः ॥ -वायुपु. ५९.१४२।तु.- लघूनि सूचितार्थानि स्वल्पाक्षरपदानि च। सर्वतः सारभूतानि सूत्राण्याहुर्मनीषिणः॥ -व्याकरणवार्तिक, पृ. ३४, डा. वेदपति मिश्र, वाराणसी, सन् १९७० ।

३७०. अर्धमात्रालाघवेन पुत्रोत्सवं मन्यन्ते वैयाकरणाः -नागेश भट्ट, परिभाषेन्दुशेखर १३२, पृ. २३४ ।

३७१. व्याकरणमहाभाष्यको पहिलो वचन **'अथ शब्दानुशासनम्'** को व्याख्यामा पतञ्जलिले उल्लेख गरेको **'अथेति शब्दोऽधिकारार्थः प्रयुज्यते । शब्दानुशासनं नाम शास्त्रमधिकृतं वेदितव्यम्'** भन्ने वचन र अन्य विभिन्न प्राचीन ग्रन्थका वचनलाई आधार मान्दै युधिष्ठिर मीमांसकले पाणिनीयव्याकरणको पहिलो सूत्र 'अथ शब्दानुशासनम्' नै हो भनेका छन् (द्र.- सं.व्या.शा.इ. १, पृ. २०९-२१५) । यसको विपरीत व्याकरणमहाभाष्यका व्याख्याकार कैयट-लगायतका विद्वान्हरूले चाहिँ उक्त वचन भाष्यकार पतञ्जलिकै भएको र पाणिनिसूत्रको आरम्भ **'वृद्धिरादैच्'**बाट नै हुने कुरा उल्लेख गरेका छन् (द्र.- व्या.म.भा. १.१.१ मा कैयटको 'प्रदीप' व्याख्या तथा त्यसका टिप्पणीहरू, पृ. ५-६, भाग १, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८७) ।

३७२. **न ब्रूमो वृत्तिसूत्रवचनप्रामाण्यादिति** -व्या.म.भा. २.१.१, पृ. ३४५, चौखम्बा संस्करण । महाभाष्यकै 'उद्योत'संज्ञक व्याख्याकार नागेश भट्टले प्रदीपविवरणमा लेख्छन्- **'पाणिनिसूत्राणां वृत्तिसद्भावाद् वार्तिकानां तदभावाच्च तयोर्वैषम्यबोधनायेदम् । वृत्तियुक्तं सूत्रं वृत्तिसूत्रमित्यर्थः ।'** । अन्य जानकारीका लागि द्र.- सं.व्या.शा.इ. १, पृ. २२२-२२३ ।

पनि हो भन्ने पुष्टि हुन्छ।

यसरी विभिन्न नामबाट प्रसिद्ध पाणिनिको अष्टाध्यायी-व्याकरणसूत्र **८ अध्याय,** प्रत्येक अध्यायमा ४-४ पादका हिसाबले **जम्मा ३२ पाद र ३९८३ सूत्रमा** विभक्त छ। यसमा **१४ वटा प्रत्याहारसूत्र** पनि थप्ने हो भने जम्मा सूत्रसङ्ख्या **३९९७** हुन्छ। सूत्रसङ्ख्याका विषयमा सबैको ऐकमत्य नरहे पनि यहाँ **'सिद्धान्त-कौमुदी'**[३७३] को परिशिष्ट भागअन्तर्गत (पृ. ६७५-७११) समाविष्ट **'अष्टाध्यायीसूत्र-पाठ'**लाई आधार बनाएर उक्त सूत्रसङ्ख्या प्रस्तुत गरिएको हो। उक्त सूत्रपाठमा उल्लेख भएका सूत्रसङ्ख्या अध्याय र पादअनुसार निम्नबमोजिम रहेका छन्–

अ.	पा.	सूत्र	जम्मा	अ.	पा.	सूत्र	जम्मा
१	१	७५		५	१	१३६	
	२	७३			२	१४०	
	३	९३			३	११९	
	४	११०	३५१		४	१६०	५५५
२	१	७२		६	१	२२३	
	२	३८			२	१९९	
	३	७३			३	१३९	
	४	८५	२६८		४	१७५	७३६
३	१	१५०		७	१	१०३	
	२	१८८			२	११८	
	३	१७६			३	१२०	
	४	११७	६३१		४	९७	४३८
४	१	१७८		८	१	७४	
	२	१४५			२	१०८	
	३	१६८			३	११९	
	४	१४४	६३५		४	६८	३६९

आचार्य पाणिनिको कालका विषयमा विद्वान्हरूका बीचमा मतैक्य देखिँदैन। युधिष्ठिर मीमांसकले पाणिनिको काल विक्रमपूर्व २९०० अर्थात् प्रायः ई.पू. २८५० मानेका छन्[३७४] भने विभिन्न पाश्चात्त्य विद्वान्हरूले चाहिँ पाणिनिको काल मोटामोटी ई.पू. सातौं शताब्दीदेखि चौथो शताब्दी मानेका छन्।

५.४.४.१ व्याकरणशास्त्रका पाँच अङ्ग

व्याकरणशास्त्रको पूर्णता पाँच अङ्गबाट हुन्छ भन्ने विश्वास वैयाकरण-निकायमा रहेको पाइन्छ। अर्थात् शब्दानुशासन वा सूत्रपाठ, धातुपाठ, गणपाठ (प्रातिपदिकपाठ), उणादिपाठ र लिङ्गानुशासन गरी व्याकरणशास्त्र सामान्यतः

३७३. तत्त्वबोधिनी व्याख्यासहित, सम्पा. वासुदेव शर्मा 'पणशीकर', मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५।

३७४. सं.व्या.शा.इ. १, पृ. १९०-२०५।

पाँच अङ्गमा विभक्त भएको मानिन्छ। उक्त पाँच अङ्गमध्ये शब्दानुशासन वा सूत्रपाठ मुख्य र अन्य चार अङ्ग यसैका उपकारक अर्थात् सूत्रपाठकै खिलभाग वा परिशिष्ट[३७५] मानिन्छन्[३७६]। यीमध्ये प्रमुख भाग शब्दानुशासन वा सूत्रपाठको परिचय माथि 'पाणिनीय-व्याकरण'अन्तर्गत नै प्रस्तुत भइसकेको हुँदा बाँकी चारवटा परिशिष्टभागको सङ्क्षिप्त परिचय तल उल्लेख गरिएको छ।

५.४.४.१.१ धातुपाठ

सूत्रपाठपछि व्याकरणशास्त्रको दोस्रो महत्त्वपूर्ण अङ्ग धातुपाठ हो। धातुपाठ विभिन्न व्याकरणमा उपलब्ध हुने भए पनि यहाँ पाणिनीय-धातुपाठको मात्र चर्चा गरिएको छ। पाणिनिप्रोक्त धातुपाठ भ्वादि, अदादि, जुहोत्यादि, दिवादि, स्वादि, तुदादि, रुधादि, तनादि, क्र्यादि र चुरादि गरी दश गणमा विभक्त छ[३७७]। यसमा १९४३ वा १९४४ धातु[३७८] अर्थसहित[३७९] संलग्न छन्। पाणिनीय-धातुपाठमा अनेक विद्वान्हरूले व्याख्या लेखेका छन्[३८०]। तीमध्ये क्षीरस्वामीको **'क्षीरतरङ्गिणी'**[३८१] र सायणको **'माधवीयधातुवृत्ति'**[३८२] बढी महत्त्वपूर्ण मानिन्छन्।

५.४.४.१.२ गणपाठ (प्रातिपदिकपाठ)

'गण' शब्द 'गण सङ्ख्याने' धातुबाट निष्पन्न हुन्छ। अतः जसको गणना हुन्छ त्यसलाई 'गण' भनिन्छ। यद्यपि 'गण' र 'समूह' शब्द समानार्थक मानिन्छन् तथापि यी दुईमा मौलिक विभेद रहेको हुन्छ। समूह वा समुदायमा विशिष्ट क्रमको अपेक्षा हुँदैन, किन्तु गणविशेषमा कुनै पौर्वापर्यको विशिष्ट क्रम अपेक्षित हुन्छ। अतः गण र समूह शब्दमा किञ्चित् विभेद रहेको हुन्छ।

'गणपाठ' भनेको क्रमविशेषले पढिएका वा सङ्कलन गरिएका शब्दहरूको समूह हो। यद्यपि धातुपाठ पनि भ्वादिप्रभृति दश गणमा विभक्त भई क्रमविशेषले नै

---

३७५. खिल वा परिशिष्ट शब्दको अर्थ यसै ग्रन्थको 'परिशिष्ट-वाङ्मय'अन्तर्गत हेर्नुहोस्।
३७६. द्र.- सं.व्या.शा.इ. २, पृ. १-६, द्वितीय संस्करण, वि.सं. २०३०।
३७७. कतिपय धातु कण्ड्वादिगणमा पनि पठित भएकाले यसलाई समेत जोड्ने हो भने ११ गण हुन्छन्। दश गणमा क्रमशः निम्नलिखित विकरण लाग्दछन्— शप् (अ), लुक् (०), श्लु (०), श्यन् (य), श्नु (नु), श (अ), श्नम् (न), उ, श्ना (ना), णिच् (अय्)।
३७८. द्र.- धातुपाठ (पाणिनिमुनिप्रणीत, धात्वर्थप्रकाशिका र टिप्पणीसहित), टिप्पणीकार : पं. कनकलाल शर्मा, चौखम्बा सं.सी.अ., वारा., सन् १९६९। यस ग्रन्थमा १९४३ धातु छन् भने 'सिद्धान्तकौमुदी' (तत्त्वबोधिनी व्याख्यासहित, सम्पा. वासुदेव शर्मा 'पणशीकर', मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५) को परिशिष्टभागअन्तर्गत (पृ. ७२९-७३९) प्रकाशित धातुपाठमा १९४४ धातु छन्।
३७९. जस्तै : भू -सत्तायाम्, एध वृद्धौ इ.।
३८०. विशेष जानकारीका लागि द्र.- सं.व्या.शा.इ. २, पृ. ७९-१०७।
३८१. सम्पा. युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, हरयाणा, सन्.........?
३८२. सम्पा. ए. महादेव शास्त्री र कस्तूरि रङ्गाचार्य, प्राच्यविद्या संशोधनालय, मैसूरु, सन् १९८४।

पढिएकाले तिनलाई समेत 'गणपाठ' भन्न सकिन्छ[३८३], तथापि वैयाकरण-निकायमा गणपाठ शब्द शुद्ध यौगिक नभएर योगरूढ बनेको हुँदा 'प्रातिपादिकपाठ'[३८४] नै गणपाठका रूपमा प्रसिद्ध छ[३८५]।

गणपाठका प्रत्येक गणमा परस्पर भिन्न किन्तु समान विधि र व्याकरण-प्रक्रियाबाट निष्पादन गर्न सकिने प्रातिपदिक-शब्दसमूहहरूको[३८६] सङ्ग्रह गरिएको हुन्छ। धातुपाठजस्तै गणपाठ पनि विभिन्न व्याकरणमा उपलब्ध हुन्छन्। पाणिनीय-**अष्टाध्यायीका १-८ अध्यायमा** क्रमशः ६, २४, १३, १००, ६१, ३६, ७ र ११ गरी **जम्मा २५८ गण** रहेका छन्। एउटा गणभित्र अनेक शब्दहरूको गणना गरिएको हुन्छ। उदाहरणका लागि 'च आदि' गणमा पाणिनिले १४० शब्दको गणना गरेका छन्। यसरी गणसूत्रको प्रक्रियाद्वारा पाणिनिलाई आफ्ना सूत्र सङ्क्षिप्त बनाउन सहयोग मिलेको छ।

गणसूत्र नियतप्रातिपदिक र आकृतिबोध्य गरी मूलतः दुई किसिमका हुन्छन्। जुन प्रातिपदिकका सङ्ख्या सूत्रमा निर्दिष्ट र सीमित गरिएका हुन्छन् त्यस्ता गणलाई **नियतप्रातिपदिक** भनिन्छ। उदाहरणका लागि पूर्वादिभ्यो नवभ्यो वा (७.१.१६), शमामष्टानां दीर्घः (७.३.७४), किरश्च पञ्चभ्यः (७.२.७५), जक्षित्यादयः षट् (६.१.६) इत्यादि शब्दसङ्ख्या निर्दिष्ट भएका र सर्वादीनि सर्वनामानि (१.१.२७), पूर्वपरावर दक्षिणोत्तरापराधराणि व्यवस्थायामसंज्ञायाम् (१.१.३४) इत्यादि सीमित प्रातिपदिकको मात्र निर्देश गर्ने गणलाई नियतप्रातिपदिक भनिन्छ[३८७]। जुन प्रातिपदिकका सङ्ख्या अपरिमित हुन्छन् अर्थात् सूत्रमा जुन प्रातिपदिकका स्वरूपको मात्र दिग्दर्शन गरी नियत सङ्ख्या निर्देश गरिएको हुँदैन त्यस्ता प्रातिपदिकलाई **आकृतिगण** भनिन्छ। उदाहरणका लागि स्वरादिनिपातमव्ययम् (१.१.३७), चादयोऽसत्त्वे (१.४.५७), साक्षात् प्रभृतीनि च (१.४.७४), पात्रेमितादयश्च (२.१.४८), पैलादिभ्यश्च (२.४.५९) जस्ता सूत्र आकृतिगणका बोधक हुन्।

उपर्युक्त गणपाठका प्रवक्ता पाणिनि नै हुन् भन्ने कुरा धेरैले स्वीकार गरेका छन् तापनि न्यासकार जिनेन्द्रबुद्धिलगायतका केही विद्वान्ले गणपाठ पाणिनिको

३८३. त्यसैले न्यासकार जिनेन्द्रबुद्धिले धातुपाठका लागि नै 'गणपाठ' शब्दको प्रयोग गरेका छन्— "न तस्य पाणिनिरिव 'अस भुवि' (पा.धा. १०६५) इति गणपाठः" -न्यास १.३.२२।

३८४. 'पदं पदं प्रति -प्रतिपदम्, प्रतिपदेषु भवं प्रातिपदिकम्' अर्थात् जो नाम आख्यात और अव्यय (उपसर्ग-निपात) रूप सर्वविध पदों में मूलरूप से विद्यमान रहे, वह 'प्रातिपदिक' कहाता है -युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ. २, पृ. १८। तु.- अर्थवदधातुरप्रत्ययः प्रातिपदिकम्, कृत्तद्धितसमासाश्च -पा.सू. १.२.४५-४६।

३८५. सं.व्या.शा.इ. २, पृ. १३३-१३४।

३८६. धातु र प्रत्ययभिन्न संज्ञावाचक मूल शब्द; प्र, परा इत्यादि उपसर्ग; च, वा, ह इत्यादि निपात; स्वर्, अन्तर्, प्रातर् प्रभृति अव्यय-शब्दहरूको।

३८७. लोकमणि दाहाल, 'व्याकरणशास्त्रस्येतिहासः' (भारतीय विद्या प्रकाशन, दिल्ली, प्र.सं. वि.सं. २०४६), पृ. ११५। द्र.- सं.व्या.शा.इ. २, पृ. १५१-१५२।

होइन भन्ने कुरा व्यक्त गरेका छन्[३८८] । सिद्धान्तकौमुदीको[३८९] परिशिष्टअन्तर्गत (पृ. ७१२-७२८) प्रकाशित गणपाठको अन्त्यमा 'इति पाणिनिमुनिप्रणीतो गणपाठः समाप्तः' उल्लेख गरिएको छ ।

५.४.४.१.३ उणादिपाठ

व्याकरणशास्त्रको चतुर्थ महत्त्वपूर्ण अङ्ग उणादिपाठ हो । पञ्चपादी उणादिपाठको आरम्भ **'कृ-वा-पा-जिमि-स्वदि-साध्यशूभ्य उण्'** सूत्रबाट हुन्छ[३९०] । यसरी 'उण्'प्रत्यय[३९१] आदिमा भएकाले यसको नाम उणादिपाठ रहेको हो । उणादि-सूत्रको गणना अष्टाध्यायीमा नहुने भएकाले यो पाठ पाणिनीय-अष्टाध्यायीको बहिर्भूत अंश[३९२] वा परिशिष्ट मानिन्छ । परिशिष्ट मानिए पनि उणादिपाठ शब्दानुशासन अर्थात् अष्टाध्यायीअन्तर्गतकै कृत्प्रकरणको अङ्ग भएकाले व्याकरणशास्त्रमा यस पाठको महत्त्वपूर्ण स्थान रहेको छ[३९३] । उणादिसूत्रहरूमा तथाकथित रूढ-शब्दका प्रकृति-प्रत्ययको विभाग निर्देश गरिएको हुन्छ[३९४] । अर्थात् जुन शब्दको प्रकृति-प्रत्यय (धातु-प्रत्ययादि) स्पष्ट छ, त्यस्ता शब्द शब्दानुशासनको कृदन्तप्रकरणमा पढिएका छन् भने प्रकृति-प्रत्ययको विभाग क्लिष्ट भएका शब्दहरू उणादिप्रकरणमा खिलपाठका रूपमा पढिएका छन्[३९५] । अतः यहाँ (उणादिपाठमा) क्लिष्टसाध्य-शब्दमा अर्थसादृश्यद्वारा कुनै धातुको कल्पना गरी यथोचित उणादि प्रत्ययहरूको (अनुबन्धको) विधान गरिन्छ । यसरी उणादि प्रत्ययको संयोगद्वारा निष्पादित शब्दहरू कृदन्त (संज्ञा र विशेषणरूप) हुन्छन् ।

यसरी उणादिसूत्रका सहायताबाट पाणिनीय वैयाकरणहरू पनि शाकटायनले जस्तै प्रायः सबै संज्ञा-शब्दहरूको धातुजत्व (यौगिकत्व) स्वीकार गर्दछन्[३९६] । अतः

३८८. यसबारे विशेष जानकारीका लागि द्र.- 'गणपाठ का अपाणिनीयत्व' र 'गणपाठ का पाणिनीयत्व' नामक शीर्षक -सं.व्या.शा.इ. २, पृ. १४१-१४६ ।
३८९. सम्पा. वासुदेव शर्मा 'पणशीकर', मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५ ।
३९०. दशपादी उणादिपाठ चाहिँ 'अशवतृभ्योऽनिः' सूत्रबाट आरम्भ हुन्छ ।
३९१. पाणिनिले 'उणादयो बहुलम्' (३.३.१) सूत्रद्वारा उणादिसूत्रहरूलाई स्वीकार गरेका छन् ।
३९२. ...तेन 'कृवापाजिमि' इत्यादिना विहितानामष्ध्याध्यायीबहिर्भूतानामप्युणादीनां प्रत्ययसंज्ञा कृत्संज्ञा च सिध्यति ।-तत्त्वबोधिनीटीका, सि.कौ., पृ. ५६७ ।
३९३. द्र.- सं.व्या.शा.इ. २, पृ. १३ र १८९ । व्या.शा.इ., लो.म.दा., पृ. १२४-२५ ।
३९४. सं.व्या.शा.इ. २, पृ. १९० ।
३९५. "पुरा हि यदा सर्वेऽपि शब्दा यौगिकत्वेन गृह्यन्ते स्म तदोणादिपाठः कृदन्त एवासीत् । पश्चाच्च यदा यदा शब्दस्य रूढत्वं प्रचलितं तदा तदा उणादिपाठः खिलपाठे निक्षिप्तः । रूढशब्दो हि उणादेर्विषयः । तेन पाणिनिर्हि सर्वमपि शब्दं धातुजं नैव मन्यत इति वितर्क एव, न तु सुतर्कः । सोऽपि शाकटायनादिवत् सर्वमेव शब्दं धातुजमेव मन्यते ।" -लोकमणि दाहाल, व्या.शा.इ., पृ. १२४-२५ । द्र.- सं.व्या.शा.इ. २, पृ. ११-१६ र १८९ ।
३९६. वैदिक वाङ्मय र वैयाकरण-निकायमा प्रसिद्ध आचार्य शाकटायनले (शकटका पुत्र, वि.पू. ३०००) कुनै पनि नामशब्द अधातुज हुँदैनन् भन्ने विचार प्रकट गरेका छन्— "तत्र नामान्याख्यातजानीति शाकटायनो नैरुक्तसमयश्च" -निरु. १.१२.२ । द्र.- सं.व्या.शा.इ. २, पृ. ३८-३९ ।

संज्ञाशब्दको धातुजत्व स्वीकार गर्ने धातुज-सिद्धान्तवादीहरूका लागि उणादि प्रत्यय अमोघ अस्त्र बनेर रहेका छन्।

उणादिपाठ **पञ्चपादी र दशपादी गरी दुई किसिमको** रहेको छ। यीमध्ये पञ्चपादी उणादिपाठका प्रवक्ता शाकटायन हुन् भन्ने कुरा अधिकांश अर्वाचीन वैयाकरणहरूले स्विकारेका छन्[३९७] भने कतिपयले पञ्चपादीका प्रवक्ता पाणिनि हुन् भनेका छन्[३९८]। दशपादी उणादिपाठका प्रवक्ता को हुन् भन्ने विषय अनिश्चित नै भए पनि युधिष्ठिर मीमांसकले **पञ्चपादीका प्रवक्ता आपिशलि र दशपादीका प्रवक्ता पाणिनि हुन सक्ने सम्भावना** व्यक्त गरेका छन्[३९९]। उनको भनाइअनुसार वर्तमानमा उपलब्ध उणादि-पाठहरूमा[४००] पञ्चपादी र दशपादी दुवै पाठ प्राचीन भए पनि यीमध्ये पञ्चपादी पाठ अधिक प्राचीन हो[४०१]।

पञ्चपादी उणादिपाठ पाँच पादमा विभक्त छ र प्रत्येक पादमा क्रमशः १६५, १२२, १६१, २४० र ७१ गरी **जम्मा ७५९ सूत्र** छन्। यसैगरी **दशपादी उणादिपाठमा** दश पाद र तिनमा क्रमशः १७७, १३, ७१, १०, ६४, ८४, ४७, १३२, १०७ र २२ गरी **जम्मा ७२७ सूत्र** छन्।

पाणिनीय-परम्पराका वैयाकरणहरूले उक्त पञ्चपादी र दशपादी दुवै पाठलाई आदरका साथ उद्धृत गरेको पाइन्छ। **सिद्धान्तकौमुदीका प्रणेता भट्टोजि-दीक्षितले** स्वकीय ग्रन्थमा पञ्चपादी उणादिपाठ सन्निवेश गरेका छन्[४०२] भने **रामचन्द्राचार्य-प्रणीत प्रक्रिया-कौमुदीका व्याख्याता आचार्य विट्ठलले** पनि आफ्नो 'प्रसाद'-व्याख्यामा दशपादी उणादिसूत्रको व्याख्या गरेका छन्[४०३]। यसअतिरिक्त उक्त दुवै पाठमा पाणिनीय-परम्पराका वैयाकरणहरूद्वारा रचना गरिएका थुप्रै वृत्तिग्रन्थ उपलब्ध छन्। तीमध्ये केही ग्रन्थ निम्नलिखित छन्–

१. उणादिसूत्राणि (पञ्चपादी) [श्वेतवनवासीको वृत्तिसहित, भाग १], सम्पा.

---

३९७. येयं शाकटयनादिभिः पञ्चपादी रचिता -श्वेतवनवासी, उ.सू. १.१ को वृत्ति, पृ. १-२। एवं च कृवापेति उणादिसूत्राणि शाकटायनस्येति सूचितम् -नागेश भट्ट, प्रदीपोद्योत, व्या.म.भा. ३.३.१, पृ. २१६। युधिष्ठिर मीमांसकले चाहिँ पञ्चपादीका प्रवक्ता शाकटयन हुन् भन्ने कुरालाई भ्रान्तिमूलक मानेका छन्। द्र.- सं.व्या.शा.इ. २, पृ. १३, १९७-१९८।

३९८. द्र.- सं.व्या.शा.इ. २, पृ. १९६-१९७।

३९९. सं.व्या.शा.इ. २, पृ. २०१। तु.- 'यदि पञ्चपादी सूत्र आपिशलिप्रोक्त नहीं हों, तो निश्चय ही ये पाणिनिप्रोक्त होंगे।' ऐ., पृ. १९५।

४००. वर्तमानमा आपिशलि, पाणिनि, शर्मवर्मा, चन्द्रगोमी, हेमचन्द्र, भोजदेवलगायतका आचार्यद्वारा प्रणीत उणादिसूत्र (पाठ) उपलब्ध छन्। द्र.- सं.व्या.शा.इ. २, पृ. १९२-२५२।

४०१. ऐ., पृ. १९२।

४०२. द्र.- सिद्धान्तकौमुदी (तत्त्वबोधिनी व्याख्यासहित), पृ. ५१६-५६६, सम्पा. वासुदेव शर्मा 'पणशीकर', मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५।

४०३. द्र.- प्रक्रियाकौमुदीको उत्तरार्ध, पृ. ५९९-६४७, सम्पा. कमलाशङ्कर त्रिवेदी, संस्कृत-प्राकृत ग्रन्थमाला, बम्बई, प्र.सं. सन् १९३१।

ति. रा. चिन्तामणि, मद्रास विश्वविद्यालय, मद्रास, प्र.सं. सन् १९३३। पुनर्मुद्रण : नवरङ, नई दिल्ली, सन् १९९२।

२. दशपाद्युणादिवृत्ति (दशपादी), सम्पा. युधिष्ठिर मीमांसक, साङ्ग वेद विद्यालय, पञ्जाब, लाहोर, सन् १९४३।

३. उणादिकोष (पञ्चपादी) [दयानन्द सरस्वतीको संस्कृत व्याख्या र शब्दसूचीसहित] वैदिक पुस्तकालय, अजमेर, वि.सं. २०४३।

४. उणादिकोष (पञ्चपादी) [दयानन्दको संस्कृत वृत्ति र सत्यव्रत शास्त्रीको हिन्दी वृत्तिसहित] चित्तौडगढ, राजस्थान, सन् १९९७।

५.४.४.१.४ लिङ्गानुशासन

वैदिक र लौकिक-वाङ्मयमा प्रयुज्यमान शब्दहरूको पुंनपुंसकादि लिङ्गज्ञान गराउने यो परिशिष्ट शब्दानुशासनकै अभिन्न अङ्ग मानिन्छ। अत एव शब्दानुशासनका प्रवक्ता प्रायः सबै आचार्यहरूले स्वकीय तन्त्रसम्बद्ध लिङ्गानुशासनको प्रवचन गरेको पाइन्छ। हर्षवर्धन, वामनाचार्यलगायतका कतिपय आचार्यहरूले त व्याकरणका पञ्चाङ्गमध्ये लिङ्गानुशासनको मात्र प्रवचन गरेका छन्[४०४]। यद्यपि धातुपाठ, गणपाठ र उणादिपाठजस्तै लिङ्गानुशासन शब्दानुशासनको कुनै सूत्रविशेषसँग सम्बद्ध छैन, तथापि लिङ्गानुशासनविनाको शब्दानुशासन अपूर्णजस्तै हुने भएकाले व्याकरण-वाङ्मयमा यसको (लिङ्गानुशासनको) महत्त्वपूर्ण स्थान रहेको छ।

पाणिनीय लिङ्गानुशासन छ अधिकार र १८८ सूत्रमा विभक्त छ[४०५]। **पहिलो स्त्रीलिङ्गाधिकारमा ३४ सूत्र** छन्। यसमा के-कस्ता शब्द स्त्रीलिङ्गमा प्रयुक्त हुन्छन् भन्ने विवरण प्रस्तुत छ। **दोस्रो पुंलिङ्गाधिकारमा ८३ सूत्र** छन्। यसमा के-कस्ता शब्द पुंलिङ्गमा प्रयुक्त हुन्छन् भन्ने विवरण प्रस्तुत छ। **तेस्रो नपुंसकलिङ्गाधिकारमा ५२ सूत्र** छन्। यसमा के-कस्ता शब्द नपुंसक-लिङ्गमा प्रयुक्त हुन्छन् भन्ने विवरण प्रस्तुत छ। **चौथो स्त्रीपुंसाधिकारमा ५ सूत्र** छन्। यसमा स्त्रीलिङ्ग तथा पुंलिङ्ग दुवैमा प्रयुक्त हुने शब्दहरूको विवरण प्रस्तुत छ। **पाँचौं पुंनपुंसकाधिकारमा ७ सूत्र** छन्। यसमा पुंलिङ्ग एवं नपुंसक-लिङ्ग दुवैमा प्रयोग हुने शब्दहरूको विवरण दिइएको छ। **अन्तिम वा छैटौं अवशिष्टलिङ्गाधिकारमा ७ सूत्र** छन्। यसमा तीनवटै लिङ्गमा प्रयोग हुने शब्दहरूको विवरण दिइएको छ। लिङ्गानुशासनमा विभिन्न विद्वान्का व्याख्या उपलब्ध छन्[४०६]।

५.४.५ पाणिनिपछिका वैयाकरणहरू

आचार्य पाणिनिभन्दा पछि पनि थुप्रै आचार्यहरूले व्याकरणग्रन्थको रचना

४०४. सं.व्या.शा.इ. २, पृ. २५३।

४०५. द्र.- सिद्धान्तकौमुदी (तत्त्वबोधिनी व्याख्यासहित), सम्पा. वासुदेव शर्मा 'पणशीकर', मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५, पृ. ६६५-६७२ र ७३९-४०।

४०६. द्र.- सं.व्या.शा.इ. २, पृ. २५६-२६८।

गरेका छन् । तीमध्ये निम्नलिखित आचार्य, तिनका ग्रन्थ, समय र यथोपलब्ध परिचय युधिष्ठिर मीमांसकले आफ्नो ग्रन्थ 'संस्कृत व्याकरण-शास्त्र का इतिहास' (भाग १, तृ.सं. वि.सं. २०३०, पृ. ७२ र ५४५-६४०) मा प्रस्तुत गरेका छन् ।

क्रम	आचार्य	व्याकरणग्रन्थ	काल
१.	शर्मवर्मा	कातन्त्रव्याकरण	२००० वि.पू.
२.	चन्द्रगोमी	चान्द्रव्याकरण	१००० वि.पू.
३.	क्षपणक	क्षपणकव्याकरण	वि. प्रथम शताब्दी
४.	देवनन्दी (जिनेन्द्रबुद्धि)	जैनेन्द्रव्याकरण	सं. ५०० पूर्व
५.	वामन	विश्रान्तविद्याधरीय	सं. ४००-६००
६.	अकलङ्क	अकलङ्कव्याकरण	सं. ७००-८००
७.	पाल्यकीर्ति	जैन-शाकटायनव्या.	सं. ८७१-९२४
८.	शिवस्वामी	....	सं. ९१४-९४०
९.	भोजदेव	सरस्वतीकण्ठाभरण	सं. १०७५-१११०
१०.	बुद्धिसागर	बुद्धिसागरव्याकरण	सं. १०८०
११.	हेमचन्द्र	सिद्धहैमशब्दानुशासन	सं. ११४५-१२२०
१२.	भद्रेश्वर सूरि	दीपकव्याकरण	सं. १२०० पूर्व
१३.	अनुभूतिस्वरूप	सारस्वतव्याकरण	सं. १३००
१४.	वोपदेव	मुग्धबोधव्याकरण	सं. १३००-१३५०
१५.	क्रमदीश्वर	जौमर/क्रमदीश्वरव्या.	वि. १३ शताब्दी
१६.	पद्मनाभ	सुपद्मव्याकरण	वि. १४ शताब्दी

उपर्युक्तमध्ये क्रमसङ्ख्या १-२, ४, ७, ९, ११, १३ र १४ का व्याकरणग्रन्थ वर्तमानमा पनि उपलब्ध छन् । यीमध्ये पनि शर्मवर्माद्वारा सङ्क्षिप्त बनाइएको **'कातन्त्रव्याकरण'**[४०७] र भोजदेवको **'सरस्वतीकण्ठाभरण'** नामका व्याकरण महत्त्वपूर्ण मानिन्छन् । पाणिनीय-अष्टाध्यायीजस्तै **८ अध्याय, ३२ पाद र ६४११ सूत्रमा विभक्त** सरस्वतीकण्ठाभरणका प्रारम्भिक १-७ अध्यायमा लौकिक शब्दहरूको सिद्धिप्रक्रिया र अष्टम अध्यायमा स्वरप्रकरण तथा वैदिक शब्दहरूको अन्वाख्यान गरिएको छ । यस ग्रन्थमा दण्डनाथ नारायण भट्टले 'हृदयहारिणी', श्रीकृष्ण-लीलाशुक-मुनिले 'पुरुषकार' एवं रामसिंह देवले 'रत्नदर्पण' नामक व्याख्या लेखेका छन् । वैदिक र लौकिक दुवै शब्दको अन्वाख्यान भएकाले यो ग्रन्थ महत्त्वपूर्ण मानिन्छ ।

यसरी पाणिनिपूर्व र पछिका थुप्रै वैयाकरणहरूले अनेक किसिमका व्याकरणग्रन्थ लेखे पनि वर्तमानमा पाणिनीयतन्त्र नै सर्वत्र व्याप्त र बहुप्रसिद्ध भएकाले अन्य व्याकरणको अध्ययन-अध्यापन-परम्परा लुप्तप्रायः नै देखिन्छ । **'कातन्त्रव्याकरण'बाहेक पाणिनिभन्दा उत्तरवर्ती सम्पूर्ण व्याकरणग्रन्थको मुख्य**

४०७. यसको विशेष परिचयका लागि द्र. 'कातन्त्रव्याकरण' (दुर्गसिंहको वृत्तिसहित), सम्पा. जुलियस एगलिङ, एशियाटिक सोसाइटी अफ बंगाल, सन् १८७४ र सं.व्या.शा.इ. १, पृ. ५४८-५६७ ।

उपजीव्य पाणिनीयव्याकरण[४०८] नै भएकाले पनि अन्य व्याकरणको अध्ययन-परम्परा वर्तमानमा शिथिल भएको हुन सक्छ।

५.४.५.१ व्याकरणशास्त्रका विशिष्ट पाँच प्रयोजन

व्याकरणशास्त्रका विशिष्ट पाँच प्रयोजन वार्तिककार वररुचि कात्यायनले[४०९] आफ्नो वार्तिकमा र पतञ्जलिले आफ्नो व्याकरण-महाभाष्यमा उल्लेख गरेका छन्[४१०]। जसअनुसार लोप, आगम, वर्णविकारजस्ता संस्कार; शब्दका प्रकृति र प्रत्यय; पद र पदार्थका सम्बन्ध; पदका उदात्त, अनुदात्त, स्वरित स्वर इत्यादिको राम्रो ज्ञान नभई वैदिक मन्त्रसंहिताको पाठ एवं तिनमा आधारित भएर गरिने पदपाठ, क्रमपाठ, जटा, माला, शिखा, रेखा, ध्वज, घनजस्ता विभिन्न किसिमका विकृतिपाठ र तिनको अर्थनिश्चय गर्न सकिँदैन। अतः उक्त प्रकारका व्याकरणसम्बद्ध विषयको सम्यक् ज्ञान गराई **वेदको रक्षा गर्नु व्याकरणशास्त्रको पहिलो प्रयोजन** हो। वैदिक यज्ञमा विभिन्न किसिमका मन्त्रहरूको पाठ अनिवार्य गर्नुपर्ने हुन्छ। यज्ञमा मन्त्रको पाठ गर्दा कतिपय मन्त्रमा रहेका पदहरूको परिवर्तन[४११] आवश्यक हुन्छ भने कतिपय मन्त्रमा नभएका नयाँ पदको समेत अध्याहार[४१२] गर्नुपर्छ। यसअतिरिक्त वैदिक मन्त्रहरूमा लिङ्ग, वचन, पुरुष, विभक्ति, काल, स्वरादि वर्णको व्यत्यय (उल्टोपाल्टो) पाठ पनि प्राप्त हुन्छ। व्याकरणशास्त्रको राम्रो अध्ययन नभई यस किसिमका व्यत्यययुक्त पाठको ज्ञान र विभिन्न किसिमका पदको परिवर्तन एवं अध्याहार गर्न नसकिने भएकाले **मन्त्रमा पदको ऊहन** गर्नका लागि व्याकरण-शास्त्रको अध्ययन आवश्यक हुन्छ। यसलाई पतञ्जलिले **व्याकरण-अध्ययनको दोस्रो प्रयोजन** मानेका छन्। व्याकरणाध्ययनको **तेस्रो प्रयोजन आगमप्रमाण** हो। अर्थात् ब्राह्मणले कारणविना नै वेद र वेदाङ्गको अध्ययन गर्नुपर्छ[४१३] भन्ने आगमको (वेदको वा आप्तवचनको) निर्देश भएकाले वेदका षडङ्गअन्तर्गतको व्याकरणको अध्ययन अनिवार्य हुन्छ। शब्दज्ञानको लघुतम उपाय व्याकरण भएकाले **लघु उपायबाट अधिक शब्दको ज्ञान** गर्न व्याकरण-शास्त्रको अध्ययन आवश्यक हुन्छ। पतञ्जलिले यसलाई व्याकरणाध्ययनको **चौथो प्रयोजन** मानेका छन्। शब्दका

४०८. द्र.- सं.व्या.शा.इ. १, पृ. ५४५।
४०९. युधिष्ठिर मीमांसकले कात्यायन र वररुचि एउटै हुन् भन्ने धारणा व्यक्त गरेका छन्। द्र.- सं.व्या.शा.इ. १, पृ. २९६-३१४।
४१०. **'रक्षोहागमलघ्वसन्देहाः प्रयोजनम्'** - व्या.म.भा., पस्प., शास्त्रप्रयोजनाधिकरण १.१.१। युधिष्ठिर मीमांसकले यसलाई कात्यायनको प्रथम वार्तिक भनेका छन्। द्र.- सं.व्या.शा.इ. १, पृ. ३०८-३०९।
४११. जस्तै : 'अग्नये जुष्टं निर्वपामि' (मा.सं. १.१०) का स्थानमा 'अग्नीषोमाभ्यां जुष्टं निर्वपामि'को पाठ।
४१२. जस्तै : 'इषे त्वा, ऊर्जे त्वा' (मा.सं. १.१) यी मन्त्रमा नभएका 'छिनद्मि, सन्नमयामि' क्रियापदको प्रयोग याज्ञिक प्रसङ्गमा गरिन्छ।
४१३. आगमः खल्वपि, **'ब्राह्मणेन निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयो ज्ञेयः'** इति।-उ., व्या.म.भा., पस्प., शास्त्रप्रयोजनाधिकरण १.१.१।

स्वर, वर्ण आदिका विषयमा उत्पन्न हुने सन्देह निवारण गर्न पनि व्याकरणको ज्ञान अनिवार्य हुन्छ। अतः व्याकरणाध्ययनको **पाँचौं वा अन्तिम विशिष्ट प्रयोजन 'असन्देह'** (सन्देहनिवारण) हो।

५.४.६ व्याकरणशास्त्रका प्रमुख ग्रन्थ र वैयाकरणहरू

व्याकरणशास्त्रको मूल शब्दानुशासन अर्थात् सूत्रपाठ हो भने यसैका अङ्गभूत खिलरूप धातुपाठ, गणपाठ, उणादिपाठ र लिङ्गानुशासन नामका चार परिशिष्ट व्याकरणशास्त्रका प्रमुख र महत्त्वपूर्ण ग्रन्थ मानिन्छन्[४१४]। यसअतिरिक्त शब्दानुशासनसँग साक्षात् सम्बन्ध राख्ने **'परिभाषापाठ'**, अव्युत्पन्न पदका स्वरविधायक **'फिट्सूत्र'**लगायतका ग्रन्थ पनि व्याकरणशास्त्रका प्रमुख ग्रन्थ नै हुन्। **शब्दानुशासनका विवरणरूप ग्रन्थहरूमा** वार्तिकग्रन्थ[४१५], भाष्यग्रन्थ[४१६], वृत्तिग्रन्थ[४१७], प्रक्रियाग्रन्थ[४१८], दार्शनिक-ग्रन्थ[४१९], लक्ष्यप्रधान काव्यग्रन्थ[४२०] तथा धातुपाठका विवरणग्रन्थ[४२१] र उणादिपाठका वृत्तिहरू[४२२] व्याकरणशास्त्रका प्रधान ग्रन्थ मानिन्छन्।

उपर्युक्त सबै ग्रन्थको परिचय प्रस्तुत गर्दा ग्रन्थको आकार धेरै बढ्ने भएकाले यहाँ केही ग्रन्थको मात्र सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ।

५.४.६.१ परिभाषापाठ

शब्दानुशासनसँग साक्षात् सम्बन्ध राख्ने माथि उल्लेख गरिएका चार अङ्गबाहेक अन्य अङ्गका रूपमा परिभाषापाठ पनि महत्त्वपूर्ण नै मानिन्छ। यद्यपि व्याकरणका उपर्युक्त अन्य चार अङ्गजस्तै परिभाषापाठ पनि विभिन्न व्याकरणमा पृथक्-पृथक् उपलब्ध हुन्छन्, तथापि यी अन्य खिलपाठजस्तै तत्तत् व्याकरण-शास्त्रका प्रवक्ता आचार्यहरूद्वारा प्रोक्त नभई उत्तरवर्ती आचार्यहरूद्वारा सङ्गृहीत ग्रन्थ हुन्[४२३]।

---

४१४. द्र.- यसै ग्रन्थका शीर्षक 'पाणिनीय-व्याकरण' र 'व्याकरणशास्त्रका पाँच अङ्ग'।
४१५. जस्तै : कात्यायनको वार्तिकपाठ।
४१६. जस्तै : पतञ्जलिको व्याकरणमहाभाष्य।
४१७. जस्तै : जयादित्य र वामनको काशिका, जिनेन्द्रबुद्धिको न्यास (काशिकाविवरणपञ्जिका), हरदत्तको पदमञ्जरी, अन्नम्भट्टको पाणिनीयमिताक्षरा, ओरम्भट्टको व्याकरणदीपिका, भट्टोजि-दीक्षितको शब्दकौस्तुभ (अपूर्ण), स्वामी दयानन्दको अष्टाध्यायीभाष्य।
४१८. जस्तै : धर्मकीर्तिको रूपावतार, रामचन्द्रको प्रक्रियाकौमुदी, भट्टोजि-दीक्षितको सिद्धान्तकौमुदी।
४१९. जस्तै : भर्तृहरिको वाक्यपदीय, भट्टोजि-दीक्षितको वैयाकरणभूषणसार (कारिकात्मक), नागेश भट्टको वैयाकरणसिद्धान्तमञ्जूषा (लघुमञ्जूषा र परमलघुमञ्जूषा पनि)।
४२०. जस्तै : भट्टि वा भर्तृहरिको भट्टिकाव्य।
४२१. जस्तै : क्षीरस्वामीको क्षीरतरङ्गिणी, सायणको माधवीया धातुवृत्ति।
४२२. जस्तै : उज्ज्वलदत्त, श्वेतवनवासी, महादेव वेदान्ती, भट्टोजि-दीक्षित र स्वामी दयानन्दका पञ्चपादी-उणादिवृत्ति वा कोष र दशपादी उणादिपाठको अज्ञातकर्तृक एवं विठ्ठलाचार्यकृत वृत्ति।
४२३. युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ. २, पृ. ६।

वैयाकरणहरूले अनियमको प्राप्ति हुँदा नियम सिद्ध गर्ने सूत्र वा वाक्यविशेषलाई परिभाषा भनेका छन्– **'अनियमे नियमकारिणी परिभाषा'**[४२४]। परिभाषा मूलतः पाणिनीय-अष्टाध्यायीलगायतका सूत्रग्रन्थहरूमा पठित 'परिभाषासूत्र' र सूत्रद्वारा ज्ञापित वा न्यायसिद्ध गरी दुई किसिमका हुन्छन्। वैयाकरण-निकायमा प्रसिद्ध परिभाषापाठ चाहिँ दोस्रो प्रकारका नियामक वचनका लागि प्रयुक्त भएको देखिन्छ[४२५]। पाणिनीय-वैयाकरणहरूद्वारा आश्रित परिभाषापाठ पूर्वाचार्यहरूद्वारा पठित सूत्र नै भए पनि यिनलाई व्यवस्थित रूपमा सङ्ग्रह गर्ने र पाणिनीय-तन्त्रअनुरूप अभिव्यक्त गर्ने काम **आचार्य व्याडिले** गरेको हुन सक्ने अनुमान युधिष्ठिर मीमांसकले गरेका छन्[४२६]।

परिभाषापाठका सङ्ख्या विभिन्न हस्तलेख र संस्करणहरूमा पृथक्-पृथक् देखिए पनि[४२७] सीरदेवद्वारा लिखित **'परिभाषावृत्ति'** एवं नागेश भट्ट-विरचित **'परिभाषेन्दुशेखर'**मा यिनको सङ्ख्या लगभग समान देखिन्छ। सीरदेवको परिभाषावृत्तिमा **८ अध्याय र १३३ परिभाषा** पठित एवं व्याख्यात छन्। यीमध्ये आदिका १-८ अध्यायमा पठित १०२ परिभाषा ज्ञापकसिद्ध वा कात्यायन आदिका वार्तिकरूप मानिन्छन् भने बाँकी ३१ परिभाषा न्यायसिद्ध हुन् भन्ने कुरा वृत्तिकार स्वयंले उल्लेख गरेका छन्[४२८]। नागेश भट्टको **परिभाषेन्दुशेखरमा चाहिं १३२ परिभाषा** सङ्गृहीत एवं व्याख्यात छन्। यसरी उक्त दुई ग्रन्थमा परिभाषाको सङ्ख्या लगभग समान देखिए पनि परिभाषापाठको क्रममा निकै भिन्नता रहेको छ। परिभाषापाठका व्याख्याता धेरै भए पनि वर्तमानमा नागेश भट्टकै परिभाषेन्दुशेखर बढी प्रसिद्ध र अध्ययन-अध्यापनमा प्रचलित छ[४२९]।

१. परिभाषावृत्तिः (परिभाषेन्दुशेखरादि-व्याकरणविषयग्रन्थानां मूलभूतो ग्रन्थ-विशेषः, सीरदेवविरचितः), सम्पा. पं. हरिनाथ दुबे, व्रजभूषण दास एण्ड कम्पनी, बनारस, सन् १८८७।
२. परिभाषेन्दुशेखरः (नागेशभट्टप्रणीतः, वैद्यनाथकृतगदाटीकासंवलितः), सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९१३।

५.४.६.२ फिट्सूत्र

पाणिनीय-व्याकरण-सम्प्रदायमा स्वरविधायक चतुष्पादात्मक ग्रन्थ वा प्रकरणविशेषलाई फिट्सूत्र भनिन्छ। यस सम्प्रदायमा फिट्सूत्रका प्रवक्ता आचार्य

४२४. परिभाषेयं स्थानिनियमार्था। अनियमप्रसङ्गे नियमो विधीयते। -काशिका १.१.३। तु.- परितो व्यापृतां भाषां परिभाषां प्रचक्षते -दयानन्द सरस्वती, उ., सं.व्या.शा.इ. २, पृ. २७८।
४२५. सं.व्या.शा.इ. २, पृ. २७९।
४२६. सं.व्या.शा.इ. २, पृ. २८२। तु.- ऐ., पृ. २८६-२८७।
४२७. द्र.- सं.व्या.शा.इ. २, पृ. २८५।
४२८. अतःपरं न्यायमूलाः परिभाषाः -पृ. १६४।
४२९. परिभाषापाठका अन्य व्याख्याता र तिनको परिचयका लागि द्र.- सं.व्या.शा.इ. २, पृ. २८७-३११।

शन्तनु मानिन्छन्। अत एव फिट्सूत्रलाई **'शान्तनवसूत्र'** पनि भनिन्छ। यी सूत्रको आरम्भ 'फिषोऽन्त उदात्त' सूत्रबाट भएकाले **'फिष्'**[४३०] शब्दका आधारमा यिनको नाम फिट्सूत्र रहेको हो।

फिट्सूत्र भट्टोजि-दीक्षितको **सिद्धान्तकौमुदीमा**[४३१] (पृ. ६२४-६२८) समाविष्ट छन्। चार पादमा विभक्त यस प्रकरणका प्रत्येक पादमा क्रमशः २३, २६, १९ र १९ गरी **जम्मा ८७ सूत्र** छन्।

फिट्सूत्रको आवश्यकता प्रकृति-प्रत्ययको विभाग गर्न नमिल्ने रूढ (अव्युत्पन्न) शब्दमा स्वरविधान गर्नका लागि हुन्छ । अतः जसले औणादिक शब्दलाई रूढ वा अव्युत्पन्न मान्दछन्[४३२] त्यस्ता प्रकृति-प्रत्ययको विभागशून्य अखण्ड-शब्दमा स्वरको विधान गर्न फिट्सूत्रको प्रवृत्ति हुन्छ[४३३] ।

फिट्सूत्रका व्याख्याहरूमा भट्टोजि-दीक्षितको वृत्ति (सिद्धान्तकौमुदी-अन्तर्गत) र उनकै व्याख्या (प्रौढमनोरमाअन्तर्गत), जयकृष्णको 'सुबोधिनी'व्याख्या (सि.कौ. अन्तर्गत), नागेश भट्टको व्याख्या (बृहत् तथा लघुशब्देन्दुशेखरअन्तर्गत), आचार्य विट्ठलको सङ्क्षिप्त व्याख्या (प्रक्रियाकौमुदीअन्तर्गत) र श्रीनिवास यज्वाको 'स्वरसिद्धान्तचन्द्रिका' नामक व्याख्या उपलब्ध छन्।

५.४.६.३ कात्यायनको वार्तिकपाठ

पाणिनिभन्दा उत्तरवर्ती पाणिनि-परम्पराका वैयाकरणहरूमा महर्षि कात्यायन अग्रस्थानीय मानिन्छन् । उनले पाणिनीयसूत्रको स्पष्टीकरणका लागि वार्तिक अर्थात् उपसूत्रहरूको रचना गरेका छन्। कात्यायनका वार्तिकले पाणिनिसूत्रमा बताइएका (उक्त) विषयहरूको स्पष्टीकरण, अनुक्त विषयहरूको कथन र दुष्कर (दुरुक्त) विषयहरूलाई सुकर बनाउने काम गरेका छन्[४३४] ।

---

४३०. पाणिनीय शास्त्र में जिन अर्थवान् शब्दों की प्रातिपदिक संज्ञा होती है, उन्हीं को शान्तनव तन्त्र में फिष् संज्ञा थी। फिष् का ही प्रथमैकवचन तथा पूर्वपद में फिट् रूप है। -युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ. २, पृ. ३१८।

४३१. सम्पा. वासुदेव शर्मा 'पणशीकर', मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५।

४३२. युधिष्ठिर मीमांसकको उल्लेखअनुसार अति प्राचीन कालमा सबै शब्द यौगिक भए पनि उत्तरकालमा क्रमशः शब्दहरूलाई रूढ मानिँदै जाँदा रूढ शब्दको राशि निकै ठूलो हुँदै गएको हो। यस्तो अवस्थामा पनि संज्ञा-शब्दलाई रूढ नमान्नेहरूले औणादिक प्रकृति-प्रत्ययद्वारा नै यस्ता (अव्युत्पन्न मानिने) शब्दको स्वरविधान गर्दथे र उनीहरूका लागि फिट्सूत्रको आवश्यकता पर्दैनथ्यो। परन्तु जब औणादिक शब्दलाई पनि रूढ मान्ने प्रवृत्ति बढ्दै गयो, तब यस्ता सूत्रहरूको आवश्यकता परेको हो। यसबारे विशेष ज्ञानका लागि द्र.- सं.व्या.शा.इ. २, पृ. ११-१५ र ३१२-३२४।

४३३. प्रकृति-प्रत्ययविभागशून्येष्वेव फिट्सूत्रप्रवृत्तेश्च -नागेश भट्ट, उद्योतव्याख्या, व्या.म.भा. १.२.४५, भाग २, पृ. ५२ चौखम्बा संस्करण।

४३४. उक्तानुक्तदुरुक्तानां चिन्ता यत्र प्रवर्तते।
तं ग्रन्थं वार्त्तिकं प्राहुवार्त्तिकज्ञा मनीषिणः॥ -पराशर उपपुराण, उ., सं.व्या.शा.इ. १, पृ. २९२।

यसरी कात्यायनको वार्तिकपाठ वा सूत्रविना पाणिनीय-व्याकरण अपूर्णजस्तै हुने भएकाले यो पाणिनीय-व्याकरणको अत्यन्त महत्त्वपूर्ण अङ्ग मानिन्छ । पतञ्जलिको महाभाष्य पनि मूलतः कात्यायनकै वार्तिकमा आधारित[४३५] भएकाले यसको (वार्तिकको) महत्त्व अझै बढेको छ।

कात्यायनका वार्तिकको सङ्ख्या कति हो भन्ने कुरा स्पष्ट छैन। पतञ्जलिको महाभाष्यमा कात्यायनीय वार्तिकका अतिरिक्त अन्य वार्तिककारका वचन पनि सङ्गृहीत भएकाले कात्यायनको वार्तिकसङ्ख्या महाभाष्यबाट पनि अवगत हुँदैन। केही विद्वान्ले **कात्यायनको वार्तिकसङ्ख्या लगभग ४२६३** रहेको कुरा उल्लेख गरेका छन्[४३६] भने कसैले भट्टोजि-दीक्षितको 'सिद्धान्तकौमुदी'मा **८३६ वटा वार्तिक** रहेको बताउँदछन् । सिद्धान्तकौमुदीकै आधारमा रचना गरिएको **'वार्तिकप्रदीप'**[४३७] नामक ग्रन्थमा चाहिँ **८९६ वटा वार्तिकको व्याख्या** गरिएको छ।

वार्तिककार कात्यायनको काल युधिष्ठिर मीमांसकले विक्रमको २९००-३००० वर्षपूर्व मानेका छन्[४३८] भने पाश्चात्त्य विद्वान्हरूले उनको काल ई.पू. चौथो शताब्दी अर्थात् ई.पू. ३५० को हाराहारी मानेका छन्।

५.४.६.४ पतञ्जलिको महाभाष्य

संस्कृत व्याकरणसाहित्यको इतिहासमा पाणिनि, कात्यायन र पतञ्जलि मुनित्रयका नामबाट प्रसिद्ध छन्[४३९] । पाणिनीय-व्याकरण-सूत्रको रचना महर्षि पाणिनिले गरे भने तिनको स्पष्टीकरण, परिष्कार र प्रतिष्ठापन महर्षि कात्यायन एवं पतञ्जलिले गरे। अतः संस्कृत व्याकरणसाहित्यको इतिहासमा यी त्रिमुनिको योगदान अविस्मरणीय रहेको छ। मूलतः पाणिनिको अष्टाध्यायीलाई आधार बनाएर कात्यायनले उपसूत्रात्मक वार्तिकको रचना गरी यसबाट पाणिनिको व्याकरणलाई स्पष्ट र परिष्कृत गरे भने पतञ्जलिले कात्यायनका वार्तिक तथा पाणिनिका कतिपय सूत्रहरूलाई आधार बनाएर विशालकाय 'महाभाष्य'को रचना गरी सूत्रको सर्वाङ्गपूर्ण व्याख्याद्वारा पाणिनीय-व्याकरणलाई सुप्रतिष्ठित बनाए। यद्यपि वार्तिक र भाष्यमा पाणिनिका सबै सूत्रको व्याख्या गरिएको छैन, तथापि विशेष विचारणीय सूत्रको स्पष्टीकरण, परिष्कार र व्याख्यानद्वारा यी दुई कृतिले पणिनीय-व्याकरणको आलोक सर्वत्र फिंजाएका छन्। त्यसैले संस्कृत व्याकरण-साहित्यको इतिहासमा पाणिनि, कात्यायन र पतञ्जलिको योगदान लगभग समान छ भन्न सकिन्छ।

४३५. ऐ., पृ. ३०८।
४३६. सं.वा.बृ.इ. २ 'वेदाङ्ग', पृ. २७४।
४३७. संस्कृत एवं हिन्दी व्याख्यासहित, व्याख्याकार : डा. नरेश झा, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् २००८।
४३८. सं.व्या.शा.इ. १, पृ. ३०७-३०८।
४३९. मुनित्रयं नमस्कृत्य तदुक्तीः परिभाव्य च। वैयाकरणसिद्धान्तकौमुदीयं विरच्यते॥
-भट्टोजि दीक्षित, सि.कौ., आरम्भवचन।

संस्कृत-वाङ्मयमा पतञ्जलिको भाष्य वा व्याख्या **'पातञ्जलमहाभाष्य'**, **'पाणिनीय-व्याकरणमहाभाष्य'** वा **'महाभाष्य'**का नामबाट प्रसिद्ध छ । मूलतः पाणिनीय-व्याकरणमा आधारित भएर लेखिए पनि यो ग्रन्थ समस्त संस्कृत-वाङ्मयमा महत्त्वपूर्ण र समादरणीय मानिन्छ। व्याकरणका शुष्क, क्लिष्ट र दुरूह विषयलाई पनि अत्यन्त सरल र सरस पद्धतिबाट प्रतिपादन गरिएको यो भाष्य लामा-लामा समस्त-पदबाट मुक्त भई लघु वाक्य र प्राञ्जल भाषाले विभूषित छ। भाषिक सरलता, स्पष्टता, स्वाभाविकता र शास्त्रीय प्रामाणिकताले ओतप्रोत भएकै कारण सबैद्वारा समादृत तथा समग्र संस्कृत वाङ्मयको आदर्शभूत यस भाष्यका अगाडि समस्त वैयाकरणहरू नतमस्तक देखिन्छन्। त्यसैले जहाँ सूत्र, वार्तिक र भाष्यका बीचमा पारस्परिक विरोध देखिन्छ त्यहाँ अर्वाचीन वैयाकरणहरू महाभाष्यलाई नै प्रमाणका रूपमा अङ्गीकार गर्दछन्[४४०] ।

पाणिनीय-अष्टाध्यायीजस्तै व्याकरणमहाभाष्य पनि ८ अध्याय र ३२ पादमा विभक्त छ। यसअतिरिक्त महाभाष्यमा आह्निकको पृथक् विभाग पनि छ। अर्थात् महाभाष्य मूलतः **अध्याय> पाद> आह्निक गरी ३ भागमा विभक्त** छ । त्यसैले यसका विषयको **स्थलनिर्देश गर्दा तीन अंककै प्रयोग** अधिक भेटिन्छ। पाद वा आह्निकअन्तर्गत रहेका सूत्रबोधक अंक पनि दिने हो भने ४ वटा अंक प्रयोग गर्नुपर्ने हुन्छ। **महाभाष्यमा रहेका अध्याय, पाद र आह्निकको सङ्ख्या** तलको तालिकाबाट स्पष्ट हुनेछ–

अ.	पा.	आ.	जम्मा	अ.	पा.	आ.	जम्मा
१	१	९		५	१	२	
	२	३			२	२	
	३	२			३	२	
	४	४	१८		४	१	७
२	१	३		६	१	६	
	२	२			२	२	
	३	३			३	३	
	४	२	१०		४	४	१५
३	१	६		७	१	२	
	२	३			२	२	
	३	२			३	२	
	४	६	१२		४	१	७
४	१	४		८	१	२	
	२	२			२	२	
	३	२			३	२	
	४	१	९		४	१	७

४४०. यथोत्तरं हि मुनित्रयस्य प्रामाण्यम् -कैयट, भाष्यप्रदीप १.१.२९? यथोत्तरं मुनीनां प्रामाण्यम् -नागेश, उद्योत ३.१.८७? उ., सं.व्या.शा.इ. १, पृ. ३३०, टि. १ ।

यसरी **जम्मा ८ अध्याय, ३२ पाद र ८५ आह्निकमा विभक्त** महाभाष्यका प्रणेता पतञ्जलिको काल २००० वि.पू. हुन सक्ने अनुमान[४४१] युधिष्ठिर मीमांसकले गरे पनि पाश्चात्त्य विद्वान्हरूले उनको काल ई.पू. द्वितीय शताब्दी अर्थात् ई.पू. १५० को हाराहारी मानेका छन्।

५.४.६.४.१ महाभाष्यका टीकाग्रन्थ

पतञ्जलिको उक्त महाभाष्यमा अनेक विद्वान्हरूले टीका (व्याख्या) लेखेका छन्[४४२] । तीमध्ये उपलब्ध टीकाहरूमा भर्तृहरिको **'महाभाष्यदीपिका'** सबैभन्दा प्राचीन र प्रामाणिक मानिन्छ। भर्तृहरिले महाभाष्यका सबै भागमा आफ्नो दीपिका (टीका) लेखेको वा नलेखेको बारे स्पष्ट जानकारी यस ग्रन्थकारलाई छैन। इत्सिङ्गले आफ्नो भारतयात्रा-विवरणमा महाभाष्यदीपिकाको परिमाण २५,००० श्लोक उल्लेख गरेकाले भर्तृहरिले तीन पादको मात्र व्याख्या गरेको हुन सक्ने अनुमान युधिष्ठिर मीमांसकले गरेका छन्[४४३] । यसभन्दा अन्य जानकारी प्राप्त नभएको र यस ग्रन्थकारसँग महाभाष्यदीपिकाका केही भागमात्र[४४४] (१.१ का ३, ५ र ६ आह्निकमात्र) रहेकाले यसबारे विशेष जानकारी दिन सकिने अवस्था छैन।

महाभाष्यको दोस्रो महत्त्वपूर्ण र प्राचीन टीकाग्रन्थमध्ये **कैयटको 'प्रदीप' (महाभाष्यप्रदीप वा भाष्यप्रदीप)** नामको व्याख्या हो भने कैयटकै व्याख्यामा आधारित भएर लेखिएका अनेक व्याख्यामध्ये[४४५] **नागेश भट्टद्वारा लिखित 'उद्योत' (भाष्यप्रदीपोद्योत वा विवरण)** नामको व्याख्या अत्यन्त प्रौढ र महत्त्वपूर्ण मानिन्छ। यी दुवै व्याख्यासहित पतञ्जलिको महाभाष्य विभिन्न समयमा विभिन्न स्थानबाट प्रकाशित भएको छ। यस ग्रन्थकारसँग चाहिँ तल उल्लेख गरिएको संस्करणमात्र रहेको छ।

१. **पाणिनीयव्याकरणमहाभाष्य** (पतञ्जलिविरचित, कैयटको प्रदीप र नागेश भट्टको उद्योतसहित, १-६ भागमा), सम्पा. भार्गव शास्त्री, पं. शिवदत्त शर्मा, पं. रघुनाथ शास्त्री र पं. दधिराम शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८७-८८।

५.४.६.५ पाणिनीय-अष्टाध्यायीका वृत्तिग्रन्थ

पाणिनीय-अष्टाध्यायीमा आधारित भएर सोही क्रमले लेखिएका

---

४४१. द्र.- सं.व्या.शा.इ. १, पृ. ३३७-३४९।
४४२. यसबारे विशेष ज्ञानका लागि द्र.- सं.व्या.शा.इ. १, पृ. ३५९-४१७।
४४३. सं.व्या.शा.इ. १, पृ. ३७६-३७७।
४४४. **Mahābhāṣyadīpikā of Bhartṛhari** [Fascicule II-III : Āhnika III, V, VI] Critically edited by G . B . Palsule, V. P. Limaye, V. B. Bhagvat and Saroja Bhate, Bhandarkar Oriental Research Institute, Poona 2002 and 1986.
४४५. विशेष जानकारीका लागि द्र.- सं.व्या.शा.इ. १, पृ. ३९७ र ४१८-४२९।

वृत्तिग्रन्थहरूमा जयादित्य र वामनको **काशिका**, अन्नम्भट्टको **पाणिनीयमिताक्षरा**, ओरम्भट्टको **व्याकरणदीपिका**[४४६], भट्टोजि-दीक्षितको **शब्दकौस्तुभ**[४४७] (पाणिनीय-व्याकरणको सूत्रपाठानुसारी विस्तृत व्याख्या) र स्वामी दयानन्दको **अष्टाध्यायीभाष्य**[४४८] उल्लेखनीय रहेका छन् । यीमध्ये पनि काशिकावृत्ति बढी महत्त्वपूर्ण भएकाले यहाँ त्यसको सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ।

५.४.६.५.१ काशिका

जयादित्य र वामनद्वारा संयुक्त रूपमा लेखिएको पाणिनीय-अष्टाध्यायीको वृत्ति (व्याख्या) 'काशिका' नामबाट प्रसिद्ध छ। **आदिका १-५ अध्यायसम्मको वृत्ति जयादित्यको र बाँकी ६-८ अध्यायको वृत्ति वामनको** हो भन्ने विद्वान्हरूको भनाइ छ[४४९] । पाणिनीय-व्याकरणका ग्रन्थहरूमा पतञ्जलिको महाभाष्य एवं भर्तृहरिका ग्रन्थपछिको प्राचीन र महत्त्वपूर्ण वृत्ति काशिका हो। यसमा अधिकांश सूत्रको वृत्ति र उदाहरण प्राचीन वृत्तिहरूबाट लिइएको देखिन्छ। काशिकाका कतिपय स्थलमा महाभाष्यको अनुसरण गरिएको छैन भन्ने कुरा युधिष्ठिर मीमांसकले उल्लेख गरेका छन्[४५०] । गणपाठको यथास्थान सन्निवेश गर्नु, अष्टाध्यायीका प्राचीन विलुप्त वृत्ति र ग्रन्थकारहरूका अनेक मत उद्धृत गर्नु, अनेक सूत्रको व्याख्या प्राचीन वृत्तिहरूमा आधारित भएर लेख्नु, महाभाष्यसँग विरोध उत्पन्न भएका स्थलमा प्राचीन वृत्तिहरूलाई अनुसरण गर्नु, साम्प्रदायिक प्रभावबाट मुक्त हुनुजस्ता विविध कारणले व्याकरण-वाङ्मयमा 'काशिका'वृत्तिको महत्त्वपूर्ण स्थान रहेको छ[४५१] ।

काशिका-वृत्तिमाथि पनि अनेक विद्वान्हरूले व्याख्या लेखेका छन्[४५२] । तीमध्ये **जिनेन्द्रबुद्धिले लेखेको 'काशिकाविवरणपञ्जिका' (न्यास) र हरदत्त मिश्रले लेखेको 'पदमञ्जरी'** नामक व्याख्या बढी महत्त्वपूर्ण मानिन्छन्।

१. काशिका (पाणिनीयव्याकरणसूत्रवृत्ति), सम्पा. बाल शास्त्री, मेडिकल हल यन्त्रालय, बनारस, द्वि.सं. सन् १८९८ ।

२. काशिकाविवरणपञ्जिका (आचार्य जिनेन्द्रबुद्धिप्रणीत, १-३ भाग), सम्पा.

---

४४६. सम्पा. पं. गणपति शास्त्री मोक्ते, मेडिकल हल मुद्रणालय, काशी, सन् १९१६ ।

४४७. क) १-२ भाग (प्रथम भाग १.१ पादको १-९ आह्निक, द्वितीय भाग १.२.१-३.२.२ आह्निक सम्म), सम्पा. गोपाल शास्त्री नेने, चौखम्बा सं. सीरीज अफिस, वारा., सन् १९२९ ।
ख) द्वितीय भाग (चतुर्थ अध्याय समग्र १-९ आह्निक), सम्पा. विन्ध्येश्वरीप्रसाद द्विवेदी र गणपति शास्त्री मोक्ते, चौखम्वा संस्कृत सीरीज अफिस, बनारस, सन् १९१७ ।

४४८. स्वामी दयानन्दको यो भाष्य वैदिक पुस्तकालय, केसरगंज, अजमेरबाट प्रकाशित छ। यस भाष्यका १-३ भागमात्र (१-४ अ.सम्म) यस ग्रन्थकारको सङ्ग्रहमा रहेका छन्।

४४९. सं.व्या.शा.इ. १, पृ. ४६५-४६६ ।

४५०. सं.व्या.शा.इ. १, पृ. ४५८ ।

४५१. युधिष्ठिर मीमांसक, सं.व्या.शा.इ. १, पृ. ४६७-४६८ ।

४५२. विशेष जानकारीका लागि द्र.- सं.व्या.शा.इ. १, पृ. ५०४-५२० ।

श्रीशचन्द्र चक्रवर्ती भट्टाचार्य, द वारेन्द्र रिसर्च सोसाइटी, बंगाल, सन् १९१६-१९२५।

३. काशिका-वृत्ति (पदमञ्जरी र न्याससहित, १-६ भाग), वाराणसी, सन् १९६५-६७।

४. काशिका (न्यास, पदमञ्जरी र 'भावबोधिनी' हिन्दी व्याख्यासहित, १-१० भाग), सम्पा. जयकृष्णलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी, वाराणसी, वि.सं. २०४१-२०५७।

५.४.६.६ पाणिनीय-अष्टाध्यायीका प्रक्रियाग्रन्थ

प्रक्रियाग्रन्थ भनेका अष्टाध्यायीसूत्रपाठको क्रमभन्दा भिन्न किसिमले प्रकरणअनुसार सूत्रको क्रम मिलाई रचना गरिएका ग्रन्थ हुन्। अष्टाध्यायी-सूत्रपाठका क्रमले पाणिनीयव्याकरणशास्त्रको अध्ययन गर्दा समग्र सूत्र नपढी कुनै विषयको ज्ञान गर्न सकिंदैन, किन्तु प्रक्रियाग्रन्थको अध्ययन गर्दा जुन-जुन प्रकरण पढिन्छ ती-ती प्रकरणको मात्र पनि ज्ञान हुने भएकाले आवश्यकता र शक्तिअनुसार पढ्ने व्यक्तिहरूका लागि प्रक्रियाग्रन्थ महत्त्वपूर्ण हुन्छन्। यसकारण अल्पमेधस र लाघवप्रिय व्यक्तिहरू अष्टाध्यायी-क्रममा पढिने पाणिनीय-व्याकरणको सट्टा सो व्याकरणभन्दा पछि शर्मवर्मा, धर्मकीर्तिलगायतका विद्वान्‌हरूद्वारा लेखिएका **कातन्त्र**[४५३], **रूपावतार**जस्ता प्रक्रियाग्रन्थतर्फ आकर्षित हुन थालेपछि पाणिनीय-परम्पराका वैयाकरणहरू पनि प्रक्रियाग्रन्थको लेखनतर्फ अग्रसर भएको देखिन्छ। यसै सन्दर्भमा **विक्रमको पन्ध्रौं शताब्दीदेखि पाणिनीय-व्याकरणको अध्ययन-अध्यापन पनि प्रक्रियाग्रन्थकै आधारमा गर्ने परिपाटी भारतवर्षमा व्याप्त हुँदै गएको र सोह्रौं शताब्दीपछि अष्टाध्यायीक्रमबाट गरिने पाणिनीय-व्याकरणको अध्ययन-अध्यापन प्रायः लुप्त हुँदै गएको** कुरा युधिष्ठिर मीमांसकले उल्लेख गरेका छन्[४५४]।

पाणिनीय-अष्टाध्यायीमा आधारित भएर लेखिएका वर्तमानमा उपलब्ध प्रक्रियाग्रन्थहरूमा सबैभन्दा प्राचीन ग्रन्थ बौद्ध-विद्वान् धर्मकीर्तिद्वारा लेखिएको **'रूपावतार'**[४५५] हो। यसपछि लेखिएका अन्य ग्रन्थमध्ये[४५६] रामचन्द्र आचार्यको **'प्रक्रियाकौमुदी'**[४५७] र भट्टोजि-दीक्षितको **'सिद्धान्तकौमुदी'** उल्लेखनीय रहेका छन्। रूपावतार, प्रक्रियाकौमुदीलगायतका ग्रन्थमा पाणिनीय-अष्टाध्यायीका समग्र

४५३. **कातन्त्रव्याकरण** (शर्मवर्माद्वारा सङ्क्षेपित, दुर्गसिंहको वृत्तिसहित), सम्पा. जुलियस एगलिङ, एशियाटिक सोसाइटी अफ बंगाल, सन् १८७४।
४५४. सं.व्या.शा.इ. १, पृ. ५२१-५२४।
४५५. १-२ भाग, सम्पा. रङ्गाचार्य, प्रकाशक : वरदराज शर्मा, बैंगलोर, सन् १९२७।
४५६. अन्य ग्रन्थबारे विशेष जानकारीका लागि द्र.- सं.व्या.शा.इ. १, पृ. ५२४-५४४।
४५७. विठ्ठलाचार्यकृत 'प्रसाद' टीकासहित (पूर्वार्ध र उत्तरार्ध २ भागमा) सम्पा. कमलाशङ्कर त्रिवेदी, संस्कृत-प्राकृत ग्रन्थमाला, बम्बई, प्र.सं. सन् १९२५ र १९३१।

सूत्र सन्निवेश नभएका हुँदा उक्त न्यूनतालाई पूर्ण गर्दै प्रकरणबद्ध हिसाबले रचना गरिएको सिद्धान्तकौमुदी वर्तमान नेपाल, भारतलगायतका विभिन्न देश र क्षेत्रमा बढी प्रचलित र प्रसिद्ध भएकाले यहाँ यसैको सङ्क्षिप्त विवरण प्रस्तुत गरिएको छ।

५.४.६.६.१ सिद्धान्तकौमुदी

भट्टोजि-दीक्षितद्वारा तयार गरिएको सिद्धान्तकौमुदीमा पाणिनीय-अष्टाध्यायीका समग्र सूत्रको सन्निवेश गरिएको छ र यसमा दीक्षितले आफ्नो सङ्क्षिप्त वृत्ति (व्याख्या) लेखेका छन्। उनले पाणिनीय-अष्टाध्यायीलाई सरल र सुबोध बनाउनका लागि यसलाई निम्नलिखित १४ प्रकरणमा विभक्त गरेका छन्–

१. संज्ञाप्रकरण, २. परिभाषाप्रकरण, ३. सन्धिप्रकरण, ४. सुबन्तप्रकरण, ५. अव्ययप्रकरण, ६. स्त्रीप्रत्ययप्रकरण, ७. कारकप्रकरण, ८. समासप्रकरण, ९. तद्धितप्रकरण, १०. तिङन्तप्रकरण, ११. प्रक्रियाप्रकरण, १२. कृदन्तप्रकरण (यस अन्तर्गत उणादिप्रकरण पनि), १३. वैदिकीप्रकरण र १४. स्वरप्रकरण।

उक्त १४ प्रकरणमा पाणिनिका सबै सूत्र समाविष्ट छन्। स्वरप्रकरण-अन्तर्गत **चतुष्पादात्मक शान्तनव फिट्सूत्र** पनि समाविष्ट छन् भने अन्त्यमा **'लिङ्गानुशासनप्रकरण'** समाविष्ट छ। यसअतिरिक्त वासुदेव शर्मा पणशीकरद्वारा सम्पादित सिद्धान्तकौमुदीको परिशिष्टअन्तर्गत **पाणिनीयशिक्षा, अष्टाध्यायीसूत्रपाठ, गणपाठ, धातुपाठ** र **लिङ्गानुशासन**को पनि समावेश गरिएको छ। सिद्धान्तकौमुदीका धेरै संस्करण विभिन्न स्थानबाट प्रकाशित छन्। केही प्रमुख संस्करणको विवरण 'सिद्धान्तकौमुदीका व्याख्या' शीर्षकमा प्रस्तुत गरिएको छ।

सिद्धान्तकौमुदीका व्याख्या

भट्टोजि-दीक्षितको सिद्धान्तकौमुदीमा अनेक व्याख्या र उपव्याख्याहरू लेखिएका पाइन्छन्। तीमध्ये भट्टोजि-दीक्षितकै **'प्रौढमनोरमा'**, ज्ञानेन्द्र सरस्वतीको **'तत्त्वबोधिनी'** (प्रायः प्रौढमनोरमाकै सङ्क्षेप), वासुदेव दीक्षित 'वाजपेयी'को **'बालमनोरमा'**, नागेश भट्टका **'बृहच्छब्देन्दुशेखर'** र **'लघुशब्देन्दुशेखर'** इत्यादि नामका व्याख्या बढी महत्त्वपूर्ण भएकाले उल्लेखनीय र प्रसिद्ध छन्[४५८]। उक्त ग्रन्थहरूका विभिन्न संस्करण विभिन्न स्थानबाट प्रकाशित भए पनि ग्रन्थगौरवलाई कम गर्न यहाँ प्रत्येकका एक-एकवटा संस्करणमात्र तल उल्लेख गरिएका छन्।

१. **प्रौढमनोरमा** (भट्टोजि-दीक्षितप्रणीत सिद्धान्तकौमुदीको स्वयंकृत व्याख्या, हरिनाथ दीक्षितको 'शब्दरत्न'व्याख्यासहित), सम्पा. सदाशिव शास्त्री, चौखम्बा अमरभारती प्रकाशन, वाराणसी, वि.सं. २०३९।

२. **सिद्धान्तकौमुदी** (भट्टोजिदीक्षित पाणिनीय-व्याकरणसूत्रवृत्ति, ज्ञानेन्द्र सरस्वतीको 'तत्त्वबोधिनी', जयकृष्णको 'सुबोधिनी', भैरव मिश्रको

४५८. यी र अन्य व्याख्याबारे अधिक जानकारीका लागि द्र.- सं.व्या.शा.इ. १, पृ. ५३५-५४३।

'लिङ्गानुशासन-व्याख्या', उणादिसूत्र, फिट्सूत्र, पाणिनीयशिक्षा, सूत्रपाठ, गणपाठ, धातुपाठ आदि विविध परिशिष्टसहित), सम्पा. वासुदेव शर्मा पणशीकर, मेहरचन्द लछमनदास, नई दिल्ली, सन् १९८५।

३. **सिद्धान्तकौमुदी** (वासुदेव दीक्षितप्रणीत **'बालमनोरमा'** व्याख्यासहित, पूर्वार्ध र उत्तरार्ध), सम्पादक तथा प्रकाशक : शं. चन्द्रशेखर शास्त्री, त्रिच्चिनाप्पल्लि, तेप्पवक्कुलम्, सन् १९१०-१९११।

४. **बृहच्छब्देन्दुशेखर** (सिद्धान्तकौमुदीको व्याख्या, नागेश भट्टप्रणीत १-३ भाग), सम्पा. डा. सीताराम शास्त्री, सं.सं.वि., वाराणसी, सन् १९९६।

५. **लघुशब्देन्दुशेखर** (सिद्धान्तकौमुदीको व्याख्या, नागेश भट्टप्रणीत), चौखम्बा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०४१।

५.४.६.७ दार्शनिक ग्रन्थ

पाणिनीय-व्याकरणमा आधारित भएर लेखिएका केही दार्शनिक ग्रन्थ पनि उपलब्ध छन्। तीमध्ये आचार्य भर्तृहरिले लेखेको **'वाक्यपदीय'**, भट्टोजि-दीक्षितको **'वैयाकरणसिद्धान्तकारिका'**, सिद्धान्तकारिकाकै व्याख्यानभूत कौण्डभट्टको **'वैयाकरणभूषणसार'** र नागेश भट्टका **'वैयाकरणसिद्धान्तलघुमञ्जूषा'** तथा **'वैयाकरणसिद्धान्तपरमलघुमञ्जूषा'** नामका ग्रन्थ प्रमुख मानिन्छन्। यिनीहरूमा पनि वाक्यपदीय बढी महत्त्वशाली भएकाले यहाँ यसको सङ्क्षिप्त स्वरूप र केही संस्करण उल्लेख गरी अन्य ग्रन्थका एक-एक संस्करणमात्र जानकारीका लागि प्रस्तुत गरिएको छ।

५.४.६.७.१ वाक्यपदीय

वैयाकरण-निकायमा पतञ्जलिपछि अत्यन्त प्रामाणिक विद्वान्का रूपमा चिनिने आचार्य भर्तृहरिले व्याकरण-महाभाष्यको सूक्ष्म दृष्टिबाट आलोडन गरी 'वाक्यपदीय' नामको महनीय दार्शनिक ग्रन्थ तयार गरेका छन्। विशेषतः वाक्य र पदको विवेचना गरिएकाले यसको नाम वाक्यपदीय रहेको हो। पद-पदार्थ, वाक्य-वाक्यार्थ र स्फोट-सिद्धान्तको विस्तृत विवेचना गरिएको उनको यो ग्रन्थ **ब्रह्म वा आगमकाण्ड, वाक्यकाण्ड र पद वा प्रकीर्णकाण्ड गरी जम्मा तीन काण्डमा विभक्त** छ। यसको **तृतीय काण्ड क्रमशः** जाति, द्रव्य, सम्बन्ध, भूयोद्रव्य, गुण, दिक्, साधन, क्रिया, काल, पुरुष, सङ्ख्या, उपग्रह, लिङ्ग र वृत्ति गरी जम्मा **१४ समुद्देशमा विभक्त** छ। यस ग्रन्थमा काण्ड र समुद्देशअन्तर्गत अनेक कारिका (पद्य) रहेका छन्। कारिकाको सङ्ख्या संस्करणअनुसार भिन्ना-भिन्नै रहेकाले यति नै भन्ने निश्चित गर्न सकिँदैन। पूनाबाट प्रकाशित संस्करणअनुसार वाक्यपदीयका तीन काण्डमा क्रमशः १५६, ४८७ र १३२३ गरी जम्मा **१९६६ कारिका** छन्[४५९] भने

४५९. द्र.- सं.वा.बृ.इ. २, पृ. २८१-२८२।

सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट प्रकाशित संस्करणमा १५५, ४८५ र १३१९ गरी जम्मा **१९५९ कारिका** छन्[४६०]। कतिपय संस्करणमा १८३, ४९० र १३२५ गरी **१९९८ कारिका** रहेका पाइन्छन्। कारिकासङ्ख्या जतिसुकै भए पनि वाक्यपदीयका विषयको **स्थलनिर्देश गर्दा १-२ काण्डका लागि २ अंक र तृतीय काण्डका लागि ३ अंक प्रयोग** गर्नु उपयुक्त हुन्छ।

वाक्यपदीयका प्रथम र द्वितीय काण्डमा भर्तृहरि स्वयंले 'स्वोपज्ञवृत्ति' लेखेका छन् भने अन्य विभिन्न विद्वान्हरूले पनि यस ग्रन्थमा व्याख्या लेखेका छन्[४६१]।

१. **वाक्यपदीय** (तृतीय/पदकाण्ड, हेलराजकृत 'प्रकाश' टीकासहित) व्रजभूषण दास एण्ड कम्पनी, बनारस, सन् १९०५।
२. **वाक्यपदीय** (ब्रह्मकाण्ड, पं. द्रव्येश झा-प्रणीत प्रत्येकार्थप्रकाशिका, पं. वेदानन्द झा-प्रणीत 'आनन्दा' संस्कृत र 'सूर्यमाया' हिन्दी व्याख्यासहित), मन्दाकिनी संस्कृत विद्वत् परिषद्, दिल्ली, सन् २००२।
३. **वाक्यपदीय** (१-५ भाग) [ब्रह्मकाण्डमा हरिवृषभको (भर्तृहरि?) 'स्वोपज्ञ-वृत्ति' र पं. रघुनाथको 'अम्बाकर्त्री' व्याख्या; वाक्यकाण्डमा पुण्यराजकृत टीका र 'अम्बाकर्त्री' व्याख्या; पदकाण्डका १-३ भागमा हेलराजको 'प्रकाश' र 'अम्बाकर्त्री' व्याख्यासहित], सम्पा. पं. रघुनाथ शर्मा, सं.सं.वि., वाराणसी, ब्रह्मकाण्ड, तृ.सं. वि.सं. २०४५; वाक्यकाण्ड, द्वि.सं. वि.सं. २०३७; पदकाण्ड, द्वि.सं. वि.सं. २०४७, २०५४ र २०५६।
४. **वैयाकरणसिद्धान्तकारिका** (भट्टोजीदीक्षितप्रणीत, कौण्डभट्टको वैयाकरण–भूषणसाराख्य व्याख्यासहित), सम्पा. आनन्दाश्रमका पण्डितहरू, आनन्दाश्रम, पुणे, सन् १९०१।
५. **वैयाकरणभूषणसार** (कौण्डभट्टविरचित) [भट्टोजीदीक्षितप्रणीत 'वैयाकरण–सिद्धान्तकारिका'को व्याख्यानभूत ग्रन्थ] शङ्कर शास्त्री मारुलकरको 'शाङ्करी' व्याख्यासहित, सम्पा. शङ्कर शास्त्री मारुलकर, आनन्दाश्रम मुद्रणालय, पुणे, सन्१९५७।
६. **वैयाकरणसिद्धान्तलघुमञ्जूषा** (नागेश भट्टविरचित), सम्पा. आचार्य श्री रामप्रसाद त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९९०।
७. **वैयाकरणसिद्धान्तपरमलघुमञ्जूषा** (नागेश भट्टप्रणीत, 'किरणावली' संस्कृत

---

४६०. तृतीय काण्डअन्तर्गत जात्यादि वृत्तिसमुद्देशका १४ वटा प्रकरणमा क्रमशः १०६, १८, ८८, ३, ९, २८, १६७, ६३, ११४, ९, ३२, २७, ३१ र ६२४ गरी जम्मा **१३१९ कारिका** छन्। कारिकाको यो सङ्ख्या वाल्मीकि विद्यापीठका सहप्राध्यापक श्री भीमप्रसाद कण्डेलद्वारा गणना भई यस ग्रन्थकारलाई प्राप्त भएको हो।

४६१. यसबारे विशेष जानकारीका लागि द्र.- सं.व्या.शा.इ. २, पृ. ४०४-४१५। सं.वा.बृ.इ. २, पृ. २८१-२८४।

व्याख्या र हिन्दी अनुवादसहित), लोकमणि दाहाल, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९९१।

५.५ निरुक्त

शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष गरी वेदका छ अङ्गशास्त्र-मध्ये गणनाका क्रममा चौथो स्थान प्राप्त गर्ने निरुक्त वेदपुरुषको श्रोत्रस्थानीय शास्त्र मानिन्छ। निरुक्त-ग्रन्थका वृत्तिकार दुर्गाचार्यले पहिला चौध प्रकारका निरुक्त भएको सङ्केत[४६२] गरे पनि वर्तमानमा चाहिँ यास्कद्वारा विरचित एकमात्र निरुक्त उपलब्ध छ। यसलाई निर्वचनविज्ञान, भाषाविज्ञान र शब्दार्थविज्ञानको सबैभन्दा प्राचीन ग्रन्थका रूपमा लिइन्छ। 'निरुक्त'को पूर्वाधार 'निघण्टु' हो भने 'निघण्टु' एक प्रकारको वैदिक शब्दकोष हो; जुन हालसम्म उपलब्ध शब्दकोशहरूमा संसारकै सर्वप्राचीन शब्दकोश मानिन्छ। यसलाई कठिन वैदिक शब्दहरूको वर्गीकृत सङ्ग्रह भन्न सकिन्छ। 'निघण्टु'मा सङ्ग्रह गरिएका यस्ता कठिन (सामान्य व्याकरण-प्रक्रियाद्वारा निर्वचन गर्न नसकिने) वैदिक शब्दको निर्वचनमूलक अर्थ प्रस्तुत गर्नु नै 'निरुक्त'को मूल कार्य हो। त्यसैले 'निरुक्त' 'निघण्टु'मा आधारित मानिन्छ। 'निघण्टु'का सङ्ग्रहकर्ता यास्क वा अन्य कुनै आचार्य हुन् भन्ने कुरा स्पष्ट नभए पनि यसका व्याख्याता अर्थात् निर्वचनकर्ता चाहिँ यास्क नै हुन्।

५.५.१ निघण्टु र निरुक्तको विभाग

'निघण्टु' भनेको तात्कालिक अवस्थामा कठिन मानिएका (व्याकरणले व्युत्पत्ति देखाउन नसकेका) कतिपय वैदिक शब्दहरू एकत्रित र वर्गीकृत गरी तयार पारिएको एक प्रकारको सर्वप्राचीन शब्दकोष हो[४६३]। यास्कका अनुसार 'निघण्टु'मा निम्नलिखित चारवटा कुरा हुनु आवश्यक छ– क) समानार्थक धातुहरूको सङ्ग्रह, ख) एउटै अर्थ दिने भिन्न शब्दहरूको सङ्ग्रह, ग) अनेकार्थक शब्दहरूको सङ्ग्रह र घ) देवताहरूका प्रधान एवं गौण नामहरूको सङ्ग्रह[४६४]। यसप्रकार विभिन्न किसिमका शब्दहरूको सङ्ग्रह निघण्टु हो भने तिनै शब्दहरूको व्याख्यानभूत वा निर्वचनमूलक ग्रन्थ निरुक्त हो। वेदभाष्यकार सायणको उल्लेखअनुसार निघण्टु पनि वस्तुतः निरुक्त नै हो र निघण्टु एवं निरुक्तका कर्ता यास्क नै हुन्[४६५]।

४६२. निरुक्तं चतुर्दशप्रभेदम्।-निरुक्त-वृत्ति १.१३.३।

४६३. समाम्नायः समाम्नातः... तमिमं समाम्नायं निघण्टव इत्याचक्षते -नि. १.१.१-२।

४६४. एतावन्तः समानकर्माणो धातवः। एतावन्ति अस्य सत्त्वस्य नामधेयानि। एतावताम् अर्थानाम् इदम् अभिधानम्। प्राधान्येन इदमिति, तद् अन्यदैवते मन्त्रे निपतति नैघण्टुकं तत्।-नि. १.२०.३।

४६५. अर्थावबोधे निरपेक्षतया पदजातं यत्रोक्तं तन्निरुक्तम्... तद्व्याख्यानञ्च समाम्नायः समाम्नात इत्यारभ्य तस्यास्तस्यास्ताद्भाव्यमनुभवत्यनुभवतीत्यन्तैर्द्वादशभिरध्यायैर्यास्को निर्ममे। तदपि निरुक्तमुच्यते, एकैकस्य पदस्य सम्भाविता अवयवार्थास्तत्र निःशेषेण उच्यन्ते इति व्युत्पत्तेः।-वे.भा.भू., पृ. ५५-५६।

यास्कद्वारा व्याख्यात निघण्टु मूलतः काण्ड, अध्याय र खण्ड गरी तीन भागमा विभक्त छ। यसमा **जम्मा ३ काण्ड, ५ अध्याय र ७८ खण्ड** रहेका छन्। जसअनुसार **पहिलो नैघण्टुक काण्डमा** १-३ अध्याय, यिनमा क्रमशः १७, २२ र ३० गरी ६९ खण्ड; **दोस्रो नैगम वा ऐकपदिक काण्डमा** ३ खण्डात्मक चौथो अध्याय र **तेस्रो दैवत काण्डमा** ६ खण्डात्मक पाँचौं अध्याय पर्दछन्। उक्त काण्डमध्ये प्रथम काण्डका १-३ अध्यायमा क्रमशः ४१४, ५१६ र ४१० गरी **१३४०** वटा एउटै अर्थ दिने भिन्न-भिन्न शब्द र धातुहरूको सङ्ग्रह छ भने द्वितीय काण्डको ३ खण्डात्मक चतुर्थ अध्यायमा **२७८** वटा अनेकार्थक शब्द र धातुहरू सङ्गृहीत छन्। यसैगरी तृतीय काण्डको ६ खण्डात्मक पञ्चम वा अन्तिम अध्यायमा **१५१** वटा भिन्न-भिन्न देवताहरूका प्रधान र गौण नाम परिगणित छन्। यसरी तीन काण्डात्मक निघण्टुका १-५ अध्याय एवं ७८ खण्डहरूमा विभिन्न किसिमका (१३४०+२७८+१५१=) **१७६९** वैदिक शब्दहरूको सङ्ग्रह गरिएको छ।

उपर्युक्त निघण्टुमा रहेका विभिन्न किसिमका शब्दहरूको निर्वचन यास्ककृत निरुक्तमा गरिएको छ। त्यसैले निरुक्तशास्त्र भनेको मूलतः कठिन वैदिक शब्दहरूका अर्थको अन्वाख्यान गर्ने ग्रन्थ हो। यो ग्रन्थ **१२ अध्याय** (परिशिष्टसहित १४ अध्याय), **५७ पाद र ४०० खण्डमा विभक्त** छ। निरुक्तका १-१२ अध्यायमा रहेका खण्ड र पादको विवरण तलको तालिकाबाट अवगत गर्न सकिन्छ।

अ.	पाद	खं.	अ.	पाद	खं.	अ.	पाद	खं.
१	६	२०	५	४	२८	९	४	४३
२	७	२८	६	६	३६	१०	४	४७
३	४	२२	७	७	३१	११	४	५०
४	४	२७	८	३	२२	१२	४	४६

परिशिष्टका २ अध्यायमा क्रमशः १३ र ३७ खण्ड छन्। यसरी निरुक्तको विभाग अध्याय, पाद र खण्डमा भए पनि यसका विषयको **स्थलनिर्देश गर्दा** पादलाई छोडेर अध्याय, खण्ड र खण्डअन्तर्गतका उपखण्डका बोधक **३ अंकको प्रयोग** बढी गरिएको पाइन्छ।

५.५.२ निरुक्तका विषय

यास्ककृत निरुक्तको मूल विषय निघण्टुमा पढिएका उपर्युक्त शब्दहरूको निर्वचन भए पनि वेदको अर्थज्ञानका लागि आवश्यक पर्ने अनेक महत्त्वपूर्ण विषयसमेत निरुक्तमा प्रतिपादित छन्।

निरुक्तको मुख्य अभिप्राय कठिन वैदिक शब्दहरूको निर्वचन गरी तिनको अर्थ केलाउनु नै हो। त्यसैले विशाल वैदिक शब्दराशिको अथाह ज्ञानभण्डारमा प्रवेश गर्नका लागि मुख्य द्वारका रूपमा रहेको निरुक्त अति महत्त्वपूर्ण मानिन्छ। यस्ता

ग्रन्थको भूमिकाभाग झनै महत्त्वपूर्ण हुने भएकाले यहाँ यस भागका केही प्रमुख विषयहरू जानकारीका लागि प्रस्तुत गरिएका छन् । निरुक्तकार यास्कले आफ्नो ग्रन्थको भूमिकाभाग अर्थात् प्रथम अध्यायमा उल्लेख गरेका 'पदविभाग, नाम र आख्यातको परिभाषा, शाब्दबोध-प्रक्रिया (भावको वाचकत्व), शब्दनित्यत्वको चर्चा, भावविकार, उपसर्ग र निपातको वाचकत्व तथा वर्गीकरण, नामशब्दको आख्यातजत्व (धातुजत्व), निरुक्तशास्त्रको उपादेयता, वैदिक मन्त्रको अर्थवत्व' जस्ता विषय महत्त्वपूर्ण रहेका छन् । द्वितीय अध्यायको प्रथम पादमा निर्वचनका आधारभूत सिद्धान्त र नियमहरूको विवेचना गरिएको छ भने निरुक्तको मूल विषय अर्थात् निर्वचनको आरम्भ द्वितीय अध्यायको द्वितीय पादबाट मात्र गरिएको छ।

निघण्टुको प्रथम काण्ड अर्थात् १-३ अध्यायमा पढिएका १३४० शब्दमध्ये २३० शब्दको निर्वचन (व्याख्या) यास्कले निरुक्तको २-३ अध्यायमा गरेका छन् भने निघण्टुको चतुर्थ अध्यायका १-३ खण्डमा पठित ६२, ८४, १३२ = २७८ शब्दहरूको निर्वचन क्रमशः निरुक्तका ४-६ अध्यायमा गरिएको छ। यसैगरी निघण्टुको पाँचौँ अध्यायका १-६ खण्डमा पठित ३, १३, ३६, ३२, ३६, ३१ = १५१ शब्दको निर्वचन क्रमशः निरुक्तका ७-१२ अध्यायमा गरिएको छ। विभिन्न वैदिक शब्दको निर्वचन गर्ने प्रसङ्गमा निरुक्तकार यास्कले करिब ६०० ऋचाको आधिदैविक-आध्यात्मिक व्याख्या पनि गरेका छन्।

५.५.३ निघण्टु-निरुक्तका व्याख्या र प्रमुख संस्करण

निघण्टुको व्याख्या क्षीरस्वामी, अनन्ताचार्य लगायतका विद्वान्हरूले समेत गरेको कुरा बुझिए[४६६] पनि वर्तमानमा **देवराज यज्वाद्वारा** गरिएको एकमात्र व्याख्या **'निघण्टु-टीका'**का नामबाट उपलब्ध छ । देवराजले आफूभन्दा पूर्ववर्ती आचार्य र श्रुतिवचनलाई प्रमाण मान्दै १-५ अध्यायात्मक निघण्टुमा रहेका प्रायः सबै शब्दहरूको व्याख्या-विश्लेषण गरेका छन्। यज्वाको काल वि.सं. १३७० को नजिक हुन सक्ने अनुमान भगवद्दत्तले गरेका छन्[४६७] ।

निरुक्तका व्याख्याताहरूमा दुर्गसिंह वा **दुर्गाचार्यको 'ऋज्वर्थवृत्ति'** नामक विस्तृत र वैदुष्यपूर्ण व्याख्या वर्तमानमा पनि उपलब्ध छ । दुर्गाचार्यको काल विक्रम संवत्को ६५० भन्दा पहिला भएको कुरा भगवद्दत्तले उल्लेख गरेका छन्[४६८] । दुर्गाचार्यपछिका प्राचीन व्याख्याहरूमा **स्कन्द-महेश्वरको** (स्कन्दस्वामी र महेश्वरको?) महत्त्वपूर्ण तर सङ्क्षिप्त व्याख्या पनि उपलब्ध छ। स्कन्दको काल

४६६. द्र.- देवराज यज्वाकृत निघण्टु-निर्वचनको भूमिका, पृ. ३, कलकत्ता, सन् १८९१।
४६७. वै.वा.इ. २, पृ. २०२।
४६८. ऐ., पृ. २०९।

भगवद्दत्तले ६८७ वि.सं.को नजिक मानेका छन्[४६९]। यी दुई व्याख्याका अतिरिक्त अज्ञातकर्तृक निरुक्तवार्तिक (दुर्गाचार्य र स्कन्दद्वारा उद्धृत), बर्बर स्वामीको व्याख्या लगायतका कतिपय प्राचीन भाष्यका उद्धरण प्राप्त भए पनि वर्तमानमा ती स्वतन्त्र रूपमा उपलब्ध छैनन्।

उपर्युक्त प्राचीन संस्कृत व्याख्याका अतिरिक्त थुप्रै आधुनिक विद्वान्हरूले पनि निरुक्तको गम्भीर अध्ययन र अनुसन्धानमा आ-आफ्ना श्रम खर्चिएका छन्। तीमध्ये **रुडोल्फ रोथले** जर्मन भाषामा लेखेको निरुक्तको भूमिका र अनुवाद (Gottingen, 1852); **पं. सत्यव्रत सामश्रमीले** दुर्गाचार्यको वृत्तिसहित सर्वप्रथम प्रकाशित गराएको निरुक्तको संस्करण (१-४ भाग, कलकत्ता, सन् १८८२-१८९१) र **निरुक्तालोचन** नामक ग्रन्थ (कलकत्ता, द्वि.सं., सन् १९०७); **डा. लक्ष्मण सरुपले** गम्भीर गवेषणापूर्वक तयार गरेको निरुक्तको **भूमिका** [*(Introduction)*, Oxford University Press 1920], **अंग्रेजी अनुवाद** [***The Nighaṇṭu and Nirukta*** *(English Translation and Notes)*, Oxford University Press 1921], **मूलभाग** [***The Nighaṇṭu and Nirukta*** *(Sanskrit Text)*, The University of the Panjab 1927], **परिशिष्ट** [*(Indices and Appendices to the Nirukta with an Introduction)*, The University of the Panjab 1929] र स्कन्द-महेश्वरको टीकासहित पञ्जाब विश्वविद्यालयबाट ३ भागमा प्रकाशन गराएको निरुक्तको संस्करण (सन् १९२८, ३१ र ३४ मा) विशेष उल्लेखनीय रहेका छन्। निरुक्तविषयक अध्ययन-अनुसन्धान तथा प्रकाशन गर्ने अन्य विद्वान्हरूमा प्रो. वैजनाथ काशीनाथ राजवाडे, डा. सिद्धेश्वर वर्मा, पं. मुकुन्द झा बख्शी, विष्णुपद भट्टाचार्य, पं. शिवदत्त शर्मा, पं. सीताराम शास्त्री, पं. ब्रह्ममुनि, उमाशङ्कर शर्मा ऋषि लगायतका अध्येताहरूको नाम बिर्सन सकिँदैन।

हालसम्म निरुक्तका धेरै संस्करण बजारमा आइसकेका हुँदा यहाँ ती सबैको उल्लेख नगरी केही प्रमुख संस्करणहरू मात्र जानकारीका लागि प्रस्तुत गरिएका छन्।

निघण्टुका संस्करण :

१. देवराज यज्वाको भाष्यसहित, सम्पा. पं. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८२। पुनर्मुद्रण : सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९१; सम्पा. विट्ठल पुरन्दरे, आनन्दाश्रम, पूना, सन् १९२५।

निरुक्तका संस्करण :

१. दुर्गाचार्यको वृत्तिसहित (१-४ भाग), सम्पा. पं. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८२-१८९१। पुनर्मुद्रण : सम्पा.

४६९. ऐ., पृ. २१५।

जीवानन्द विद्यासागर (१-३ भाग), कलकत्ता, सन् १८९१; क्षेमराज श्रीकृष्णदास, वेङ्कटेश्वर यन्त्रालय, मुम्बयी, वि.सं. १९६८ ।

२. दुर्गाचार्यको वृत्तिसहित (१-२ भाग), सम्पा. वैजनाथ काशीनाथ राजवाडे, आनन्दाश्रम, पूना, सन् १९२१ र १९२६ । पुनर्मुद्रण : १ भाग (१-१४ अ., निघण्टुसहित, बृहदाकार), Bhandarkar Oriental Research Institute, Poona, 1940.

३. भूमिका, अंग्रेजी अनुवाद, मूलभाग र विविध परिशिष्टसहित (१-३ भाग), सम्पा. लक्ष्मण सरुप, अक्सफोर्ड युनिभर्सिटी प्रेस र पञ्जाब युनिभर्सिटी, सन् १९२०-२१, १९२७ र १९२९ । पुनर्मुद्रण : मोतीलाल बनारसीदास, सन् १९६७ ।

४. स्कन्द-माहेश्वर-टीका (१ अध्यायमा) र स्कन्दस्वामीको भाष्य (२-१२ अ.) सहित (१-३ भाग), सम्पा. लक्ष्मण सरुप, पञ्जाब युनिभर्सिटी, सन् १९२८, ३१ र ३४ ।

५. दुर्गावृत्तिअनुसारको संस्कृत लघुवृत्तिसहित, वृत्तिकार तथा सम्पा. मुकुन्द झा बख्शी, बम्बई, सन् १९९२ ।

६. दुर्गवृत्तिअनुसारको विस्तृत हिन्दी भाष्यसहित, सम्पा. तथा भाष्यकार पं. सीताराम शास्त्री, सन् १९१५ । पुनर्मुद्रण : १-२ भाग, परिमल पब्लिकेशन्स, दिल्ली, सन् २००५ ।

७. विस्तृत भूमिका र हिन्दी भाषानुवादसहित (१-७ अध्याय), सम्पा. डा. उमाशङ्कर शर्मा ऋषि, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००८ ।

५.६ छन्दःशास्त्र

प्राचीन ग्रन्थहरूमा प्राप्त हुने छन्दःपदका विभिन्न निर्वचनबाट[४७०] छन्दस्को प्रकृति संवरण (आच्छादन) वा ऊर्जाबोधक 'छदि' धातु[४७१] भएको र छन्दले भावको आच्छादन (संवरण) वा प्रकाशन गरेको हुनुपर्ने कुरा बुझिन्छ भने पछिल्ला ग्रन्थहरूमा चाहिँ आह्लाद र दीप्त्यर्थक 'चदि' धातुबाट[४७२] 'छन्दस्' पद निष्पन्न भएको मानी यसको अर्थ आह्लादित पार्नु वा खुशी बनाउनु हो भन्ने धारणा सामान्य जनमानसमा व्याप्त भएको देखिन्छ । ऋक्सर्वानुक्रमणीकार कात्यायनले चाहिँ अक्षरको परिमाणविशेषलाई छन्द भनेका छन्[४७३] । समग्रमा छन्दको लक्षण गर्नुपर्दा निश्चित अक्षर र भावले युक्त भएको पद्यात्मक रचना तथा पूर्वसिद्धसम्प्रदायबाट

४७०. यदस्मा अच्छदयँस्तस्माच्छन्दांसि -श.ब्रा. ८.५.२.१ । छन्दांसि छन्दयतीति वा -दैवतब्रा. ३.१९ । देवा वै मृत्योर्बिभ्यतस्त्रयीं विद्यां प्राविशँस्ते छन्दोभिरच्छादयन्, यदेभिरच्छादयँस्तच्छन्दसां छन्दस्त्वम् -छां.उ. १.४.२ । छन्दांसिच्छादनात् -नि. ७.१२.२ ।
४७१. छदि संवरणे -पा.धा. १५७७ । छदिरूर्जने -पा.धा. ८१३ ।
४७२. चदि (चन्द्) आह्लादने दीप्तौ च -पा.धा. ६८ ।
४७३. यदक्षरपरिमाणं तच्छन्दः -ऋक्सर्वानुक्रमणी २.६ ।

आएको गद्यात्मक वेदभागको अक्षरपरिमाणलाई छन्द भन्न सकिन्छ।

वेदका मन्त्रमा रहेका देवताविशेष वा तत्त्वविशेषसित सम्बद्ध विभिन्न छन्दहरूको ज्ञान दिलाई वेदार्थ प्रतिपादनमा सहायता प्रदान गर्नु छन्दःशास्त्रको प्रयोजन हो। सामान्यतः नवीन काव्यको सिर्जना र उच्चारणमा लयमाधुर्य प्रदर्शनका लागि छन्दको ज्ञान आवश्यक हुन्छ भन्ने धारणा कतिपय विद्वान्हरूमा रहेको देखिन्छ। अर्थात् छन्दोबद्ध रचनाको पाठबाट सबैको मन आह्लादित हुने भएकाले श्रवणसुख प्रदान गर्नु नै छन्दःशास्त्रको प्रयोजन हो भन्ने निर्मूल धारणा सामान्य जनमानसमा रहेको पाइन्छ। वस्तुतः वैदिक ऋचा र लौकिक काव्यको समेत यथार्थ ज्ञानका लागि छन्दोज्ञान अपरिहार्य हुन्छ। अत एव महर्षि जैमिनिले अर्थअनुसार पादव्यवस्था भएका मन्त्रलाई ऋचा भनेका छन्[४७४]। अर्थात् एउटा छन्दमा प्रायः चार पाउ हुन्छन्। ती पाउहरूमा प्रयोजनअनुकूल अर्थको सम्पूर्ति भएमा त्यस्ता अर्थानुसार पादव्यवस्था भएका मन्त्र ऋचा हुन्छन् भन्ने जैमिनिको आशय हो। त्यसैले वैदिक मन्त्रको यथार्थ ज्ञान दिलाउनु छन्दःशास्त्रको मुख्य प्रयोजन हो। यसअतिरिक्त वैदिक यज्ञमा विभिन्न मन्त्रको यथायोग्य विनियोग गर्नका लागि पनि छन्दोज्ञान आवश्यक हुन्छ[४७५]।

वैदिक वाङ्मयमा छन्दःशास्त्रको महत्त्व पर्याप्त मात्रामा वर्णन गरिएको छ। मूल वैदिक वाङ्मय नै छन्दोमय भएकाले 'छन्दस्' पद वेदको वाचक बनेर धेरै स्थानमा प्रयुक्त भएको देखिन्छ। यति मात्र नभई समस्त सृष्टिप्रक्रिया नै छन्दबाट आरम्भ भएको कुरा समेत वैदिक वाङ्मयमा प्राप्त हुन्छ[४७६]। त्यसैले पाणिनीय शिक्षामा छन्दलाई वेदपुरुषको गतिकारक पादाङ्ग मानिएको छ[४७७]।

यसप्रकार छन्दःशास्त्रको परम्परा वेदबाट नै आरम्भ भए पनि मुख्यतः ब्राह्मणग्रन्थहरूमा उपलब्ध छन्दःसम्बन्धी विचारहरूको क्रमबद्ध र सर्वप्राचीन विवरण शौनककृत **ऋक्प्रातिशाख्यको छन्दःप्रकरणमा** (१६-१८ पटलमा) उपलब्ध हुन्छ। त्यसपछि **शाङ्खायनश्रौतसूत्र** (छन्दःप्रकरण ७.२७.१-३०), पतञ्जलिकृत **निदानसूत्र,** गार्ग्यकृत **उपनिदानसूत्र,** कात्यायनकृत **ऋक्सर्वानुक्रमणी** तथा **यजुःसर्वानुक्रमणी** इत्यादि ग्रन्थहरूमा वैदिक छन्दःसम्बन्धी विचार निबद्ध छन्। लौकिक छन्दोग्रन्थको आरम्भ चाहिँ **पिङ्गलच्छन्दःसूत्रबाट** नै भएको कुरा कतिपय विद्वान्हरूले स्विकारेको पाइन्छ। त्यसैले यो वैदिक र लौकिक छन्दःशास्त्रसम्बन्धी ज्ञान दिलाउने स्वतन्त्र एवं प्रामाणिक ग्रन्थ मानिन्छ। आचार्य पिङ्गलद्वारा रचित **यो**

---

४७४. तेषामृग् यत्रार्थवशेन पादव्यवस्था -जैमिनीयधर्ममीमांसासूत्र २.१.३५।

४७५. गायत्रीभिर्ब्राह्मणस्यादध्यात्, त्रिष्टुब्भी राजन्यस्य, जगतीभिर्वैश्यस्य -तै.ब्रा. १.१.९.६-७। द्र.-ऋक्सर्वा. १.१।

४७६. सहस्तोमाः सहच्छन्दसः -मा.सं. ३४.४९। छन्दांसि जज्ञिरे -ऋ. १०.९०.९। छन्दोभ्य एव प्रथममेतद्विश्वं प्रवर्तते -वाक्यपदीय १.१२४।

४७७. छन्दः पादौ तु वेदस्य -पा.शि. ४१ पद्य।

ग्रन्थ ८ अध्याय र अनेक सूत्रमा विभक्त छ। यस ग्रन्थको आरम्भदेखि ४ अध्यायको सातौं सूत्रसम्म वैदिक छन्द र त्यसपछिका सबै सूत्रमा लौकिक छन्दका बारेमा वर्णन गरिएको छ। अध्यायक्रमअनुसार १५, १६, ६८, ५४, ३८, ४३, ३५, १६ गरी समग्र ग्रन्थमा जम्मा २८५ सूत्र रहेका छन्[४७८] । यीमध्ये १०७ सूत्रमा वैदिक छन्द र बाँकी १७८ सूत्रमा लौकिक छन्दको विवरण प्रस्तुत गरिएको छ।

पिङ्गलच्छन्दःसूत्रमा अत्यन्त प्रख्यात र सर्वप्राचीन **हलायुधको** 'मृतसञ्जीवनी' नामक वृत्ति, **यादवप्रकाशको** 'पिङ्गलनाग-छन्दोविचिति-भाष्य' र **भास्कर रायको** 'भाष्यराज' नामक वृत्ति दर्शनीय र उल्लेखनीय रहेका छन् । यसअतिरिक्त उक्त सूत्रमा आधारित भएर लेखिएका विभिन्न किसिमका व्याख्या पनि वर्तमानमा उपलब्ध छन्[४७९] । हालसम्म लौकिक छन्दका विषयमा लेखिएका ग्रन्थहरू अत्यधिक रहे पनि वैदिक र लौकिक छन्दसम्बन्धी चर्चा गरिएका ग्रन्थहरूमा पिङ्गलच्छन्दःसूत्र नै प्रमुख मानिन्छ। त्यसैले यहाँ पिङ्गलच्छन्दःसूत्र र वैदिक-लौकिक छन्दसम्बन्धी केही दर्शनीय ग्रन्थहरूका प्रमुख संस्करणको उल्लेख गरिएको छ।

१. **पिङ्गलच्छन्दःसूत्रम्**, हलायुधको 'मृतसञ्जीवनी' वृत्तिसहित, सम्पा. पं. सीताराम भट्टाचार्य, निर्णयसागर प्रेस, बम्बई, शकसं. १८३१। हलायुधवृत्ति र सुखबोधिनी टीकासहित, जीवानन्द विद्यासागर, कलकत्ता, सन् १९२८। हलायुधवृत्ति, बंगाली र हिन्दी अनुवादसहित, सम्पा. सीतानाथ सामाध्यायी भट्टाचार्य, जानकीनाथ काव्यतीर्थ एन्ड ब्रदर्श, कलकत्ता, सन् १९३१।
२. **पिङ्गलच्छन्दःसूत्रम्**, यादवप्रकाशको 'पिङ्गलछन्दोविचिति' भाष्यसहित, सम्पा. डा. विजयपाल, श्रीमती सावित्रीदेवी बागडिया ट्रष्ट, कलकत्ता, सन् १९८८।
३. **वैदिक-छन्दोमीमांसा** -युधिष्ठिर मीमांसक (लेखक तथा सम्पा.), रामलाल कपूर ट्रष्ट, बहालगढ, सन् १९७९।
४. **कात्यायनीयछन्दःसूत्रम्** (कात्यायनकृत ऋक् र यजुःसर्वानुक्रमणीका भाष्यकार षड्गुरुशिष्य एवं देवयाज्ञिक भाष्यको संयोजित रूप), लेखक तथा सम्पा. डा. श्रीकिशोर मिश्र, आचार्य गोपालचन्द्रमिश्र ग्रन्थमाला ४, वाराणसी, वि.सं. २०४७।
५. **छन्दश्शास्त्र का उद्‌भव एवं विस्तार** -प्रो. श्रीकिशोर मिश्र (लेखक तथा सम्पा.), सम्पूर्णानन्द सं.वि., वाराणसी, सन् २००६।

५.७ ज्योतिष

दीप्त्यर्थक 'द्युत' धातुबाट निष्पन्न 'ज्योतिः' पद दृष्टि, नक्षत्र, प्रकाश

---

४७८. सूत्रसङ्ख्याका विषयमा विद्वान्हरूमा मतैक्य देखिंदैन। यहाँ प्रस्तुत गरिएको सूत्रसङ्ख्या यादवप्रकाशको भष्ययुक्त कलकत्ता संस्करणमा आधारित छ। द्र.- छं.शा.उ.वि., पृ. ६९।

४७९. ऐ., पृ. ७५-७७।

इत्यादिको वाचक मानिन्छ । अत एव अपरिमित गगनमण्डलमा ग्रह-नक्षत्र आदिका तेजोमय बिम्बहरूलाई पनि ज्योतिः भनिन्छ। यिनै ग्रह-नक्षत्र-तारकादि ज्योतिःपिण्डहरूको स्थिति, गति, प्रभाव आदिको वर्णन गर्ने र तिथि, मास, ऋतु इत्यादि कालविशेषको यथार्थ ज्ञान गराई यज्ञको अनुष्ठानमा सहयोग पुऱ्याउने शास्त्रलाई 'ज्योतिष', 'नक्षत्रविद्या' र 'कालविधानशास्त्र' पनि भनिन्छ।

वेदपुरुषका छ अङ्गमध्ये चक्षुस्थानीय मानिएको ज्योतिषशास्त्र प्रधानतः यज्ञकालको निर्णयका लागि प्रवृत्त भएको हो भन्ने कुरा वेदाङ्गज्योतिषमा नै वर्णित छ[४८०] । अर्थात् वेदका ब्राह्मणग्रन्थ, श्रौतसूत्र, गृह्यसूत्र इत्यादिमा वर्णित अग्न्याधान, अग्निहोत्र, दर्शपूर्णमासजस्ता वैदिक यज्ञ तथा चूडा, उपनयन, विवाहजस्ता संस्कारहरूको अनुष्ठान निश्चित वर्ष, ऋतु, महिना, पक्ष, तिथि, बिहान-बेलुका र निश्चित नक्षत्रमा गर्नुपर्ने विधान सम्बद्ध ग्रन्थहरूमा प्राप्त हुने भएकाले[४८१] यिनै तिथि, नक्षत्र, मास, ऋतु इत्यादि कालविशेषको यथार्थ निरूपण गरी श्रौत र स्मार्तयज्ञको अनुष्ठानमा सहयोग पुऱ्याउनु ज्योतिषशास्त्रको मुख्य प्रयोजन हो[४८२] ।

ज्योतिषशास्त्रसम्बन्धी उपलभ्यमान ग्रन्थहरूमा पहिलो र प्रामाणिक ग्रन्थ लगधमुनिद्वारा प्रोक्त वेदाङ्गज्योतिष हो। यसको रचनाकाल ई.पू. १४१० मानिन्छ। यसमा पञ्चवर्षात्मक युग, माघशुक्लादि संवत्सर, अयन, ऋतु, मास, पक्ष, तिथि, पर्व, विषुवत्तिथि, नक्षत्र, अधिमास इत्यादि श्रौतस्मार्त कृत्यका लागि आवश्यक विषयहरू प्रतिपादित छन्।

वर्तमानमा वेदाङ्गज्योतिषका याजुषपाठ, आर्चपाठ र आथर्वणपाठ गरी तीन किसिमका पाठ उपलब्ध छन्, जसलाई क्रमशः याजुषज्योतिष, आर्चज्योतिष र आथर्वण-ज्योतिष पनि भनिन्छ। याजुषपाठमा ४४ पद्य र आर्चपाठमा ३६ पद्य भए पनि यी दुवै पाठका प्रवक्ता लगधमुनि मानिन्छन् । आथर्वण पाठ चाहिँ काश्यप र पितामह ब्रह्माको संवादका रूपमा प्रस्तुत भएकाले यसका उपदेशक

---

४८०. यज्ञकालार्थसिद्धये -वेदाङ्गज्यो. ३ पद्य, आर्चपाठ । ज्योतिषं कालपरिज्ञापनार्थं शास्त्रम् -वर्गद्वयवृत्ति, ऋ.प्रा., सू. ४ को व्याख्या।

४८१. उदाहरणका लागि– 'संवत्सरमेतद्व्रतं चरेत्' (तै.आ. १.३२.१), 'संवत्सरमुख्यं भूत्वा' (तै.सं. ५.६.५.१) इत्यादि विधान **वर्षसँग सम्बद्ध** छन् भने 'वसन्ते ब्राह्मणोऽग्निमादधीत, ग्रीष्मे राजन्यः, शरदि वैश्यः' (तै.ब्रा. १.१.२.६-७) इत्यादि **ऋतुसँग**; 'मासि मासि सत्रपृष्ठानि उपयन्ति, मासि मासि अतिग्राह्या गृह्यन्ते' (तै.सं. ७.५.१५) इत्यादि **महिनासँग**; 'यं कामयेत वसीयान् स्यादिति तं पूर्वपक्षे याजयेत्' (तै.सं. २.२.३.१) इत्यादि **पक्षसँग**; 'एकाष्टकायां दीक्षेरन्, फल्गुनीपूर्णमासे दीक्षेरन्' (तै.सं. ७.४.८.१) इत्यादि **तिथिसँग**; 'प्रातर्जुहोति, सायं जुहोति' (तै.ब्रा. २.१.२.७-८) इत्यादि विधान **बिहान-बेलुकासँग सम्बद्ध** छन् भने 'कृत्तिकास्वग्निमादधीत' (तै.ब्रा. १.१.२.१) इत्यादि विधान **नक्षत्रसँग सम्बद्ध** छन्।

४८२. वेदा हि यज्ञार्थमभिप्रवृत्ताः कालानुपूर्वा विहिताश्च यज्ञाः । तस्मादिदं कालविधानशास्त्रं यो ज्योतिषं वेद स वेद यज्ञान्॥ -वेदाङ्गज्यो. याजुषपाठ ३ पद्य, आर्चपाठ ३६ पद्य।

पितामह र श्रोता काश्यप भएको देखिन्छ। यसमा १६३ पद्य छन्।

याजुषपाठमा सोमाकर 'शेष'को प्राचीन भाष्य र सुधाकर द्विवेदी, आर. शाम शास्त्री, शिवराज आचार्यलगायतका अनेक विद्वान्का अर्वाचीन भाष्य पनि उपलब्ध छन् भने आर्चपाठमा सुधाकरको भाष्य उपलब्ध छ। यस अतिरिक्त वेदाङ्गज्योतिषको अध्ययन-अनुसन्धानका सन्दर्भमा कोलब्रुक, ए. वेबर, म्याक्समूलर, जी. थिबो लगायतका यूरोपियन विद्वान् र लोकमान्य बालगङ्गाधर तिलक, शङ्कर बालकृष्ण दीक्षित लगायतका थुप्रै भारतीय विद्वान् अन्वेषकहरूको विशिष्ट योगदानलाई भुल्न सकिंदैन। यति हुँदाहुँदै पनि पूर्वोक्त भारतीय विद्वान्हरूले गरेका व्याख्या-विश्लेषणको समीक्षायुक्त अभिनव संस्कृत एवं हिन्दी व्याख्या र भूमिकासहित नेपालका विद्वान् शिवराज आचार्य कौण्डिन्न्यायनद्वारा प्रस्तुत गरिएको नवीन संस्करण वेदाङ्गज्योतिषका अनुसन्धाताहरूका लागि विशेष दर्शनीय रहेको छ। वेदाङ्गज्योतिषका केही दर्शनीय संस्करण निम्नबमोजिम रहेका छन्।

१. याजुष एवं आर्चज्योतिष (सोमाकर-सुधाकरभाष्य तथा सुधाकरभाष्यमा मुरलीधर झाविरचित लघुविवरणसहित), सम्पा. म.म. सुधाकर द्विवेदी, मेडिकल् हल् मुद्रणालय, वाराणसी, सन् १९०८।
२. आथर्वण-ज्योतिष, सम्पा. पं. भगवद्दत्त, पञ्चनदीय संस्कृत ग्रन्थमाला, लाहोर, सन् १९२४।
३. वेदाङ्गज्योतिष (आर. शाम शास्त्रिकृत दीपिकासहित), मैसूर, सन् १९३६।
४. वैदिक ज्योतिष (वेदाङ्गज्योतिषत्रय, सोमाकर-सुधाकरभाष्य र हिन्दी रूपान्तर मञ्जुमती व्याख्यासहित) -डा. गिरिजा शङ्कर शास्त्री, ज्योतिष कर्मकाण्ड एवं अध्यात्म शोध संस्थान, दारागंज, प्रयाग, वि.सं. २०६०।
५. वेदाङ्गज्योतिष (सोमाकरभाष्य र कौण्डिन्न्यायनव्याख्यासहित), सम्पा. आमोदवर्धन कौण्डिन्न्यायन लगायत, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००५।
६. Vedic Chronology and Vedanga Jyotisha, By Lokamanya Bal Gangadhar Tilak, Messrs Tilak Bros, Poona City 1925.

५.७.१ ज्योतिषशास्त्रका तीन स्कन्ध

समग्र ज्योतिषशास्त्र सिद्धान्त, संहिता र होरा गरी तीन स्कन्ध वा शाखामा विभक्त भएको देखिन्छ। यद्यपि वैदिक वाङ्मयमा ज्योतिषशास्त्रको यस किसिमको विभाग उपलब्ध हुँदैन, तथापि नारदसंहितामा ज्योतिषशास्त्रका उक्त तीन स्कन्ध

बताइएको कुरा विद्वान्हरूले उल्लेख गरेका[४८३] हुँदा पाठकवर्गको जानकारीका लागि यहाँ यिनै तीन स्कन्धको सङ्क्षिप्त परिचय प्रस्तुत गरिएको छ।

५.७.१.१ सिद्धान्तस्कन्ध

ज्योतिषशास्त्रको यस विभागमा गणितसम्बद्ध विषयहरू रहने भएकाले यसलाई **गणितस्कन्ध** पनि भनिन्छ। यसमा ग्रह, उपग्रह, तारा, नक्षत्र, धूमकेतु, उल्का आदि आकाशीय पिण्डहरूको स्थिति, गति, दूरता, उदय, अस्तादि विषयमा गम्भीर अध्ययन, विश्लेषण; मास, वर्ष आदिको गणना; सूर्यको दक्षिणायन-उत्तरायणकालको निर्धारण; चन्द्र र सूर्यग्रहणकालको निदर्शन; दिक्-देश-कालादि निर्धारण; अहर्गण (सृष्टिकालदेखि यथेच्छ कालसम्मका दिनको गणना) प्रदर्शन जस्ता विषयहरूको विवेचना हुन्छ। अत एव यो तन्त्र पूर्णतः गणितसम्बद्ध देखिन्छ। **वेदाङ्गज्योतिष**, शुल्बसूत्रहरूमा प्रतिपादित **रेखागणित** (ज्यामितीय शास्त्र) पनि यसै स्कन्धअन्तर्गतका मानिन्छन्।

५.७.१.२ संहितास्कन्ध

प्राचीन कालमा ज्योतिषशास्त्रसम्बद्ध समग्र विषयको विवेचना गर्ने शास्त्रलाई 'संहिता'[४८४] भन्ने गरिएको बुझिए पनि वराहमिहिरको काल (सन् ५०५) पछि चाहिँ गणित र होराशास्त्रभन्दा भिन्न शाखालाई संहिता भन्न थालिएको हो[४८५]। जसअनुसार कालचक्र, मुहूर्त आदिको विवेचनपूर्वक विशेषतः व्यापक भूगोलको शुभाशुभ फल निर्देश गर्ने ज्योतिषशास्त्रलाई संहितास्कन्धअन्तर्गत राखिएको पाइन्छ। फलितज्योतिषको मुख्य अङ्ग मानिने यस स्कन्धलाई **'मुहूर्तशास्त्र'** पनि भनिन्छ।

संहितास्कन्धअन्तर्गतका ग्रन्थहरूमा मुख्यतः गगनमण्डलमा रहेका ग्रह-नक्षत्र आदिको समग्र राष्ट्र वा विश्वमा केकस्तो प्रभाव पर्छ? विवाह, व्रतबन्धादि संस्कार; अग्न्याधान, अग्निहोत्रादि वैदिक कृत्य; गृहारम्भ, वास्तुपूजन, राज्याभिषेक, देवमन्दिरको प्रतिष्ठा, यात्रा, गृहप्रवेशजस्ता सामाजिक कृत्यहरूको आरम्भ कुन मुहूर्तमा[४८६] गर्ने? सूर्यग्रहण, चन्द्रग्रहण, ग्रहयुद्ध, उल्कापात, पल्लीपतन[४८७], अङ्ग-स्फुरण जस्ता घटनाहरूको कस्तो प्रभाव पर्दछ? इत्यादि शुभाशुभ फलसम्बन्धी विचार प्रतिपादित भएका हुन्छन्। यसअतिरिक्त स्वप्नविषयक, वृष्टिविषयक,

४८३. सिद्धान्तसंहिताहोरारूपं स्कन्धत्रयात्मकम्। वेदस्य निर्मलं चक्षुर्ज्योतिःशास्त्रमनूत्तमम्॥
-नारदसंहिता १.४, उ., भा.ज्यो., उपो., पृ. ७।

४८४. ज्योतिःशास्त्रमनेकभेदविषयं स्कन्धत्रयाधिष्ठितम्, तत्कात्स्न्योपनयस्य नाम मुनिभिः सङ्कीर्त्यते संहिता। -बृहत्संहिता, १.९।

४८५. भा.ज्यो., पृ. ६१३ र उपो., पृ. ८।

४८६. कुनै उद्देश्यप्राप्तिका लागि गरिने कार्य निर्विघ्नतापूर्वक सम्पन्न गर्न विभिन्न परीक्षण, प्रयोग र प्रक्रिया पूरा गरी निर्धारण गरिएको समयलाई मुहूर्त भनिन्छ (भा.ज्यो. ६१६ पृ.)।

४८७. छेपारो वा माउसुली शरीरको कुन भागमा खसेमा के फल हुन्छ भन्ने लेखिएको शास्त्र।

शकुन/यात्रासम्बद्ध, अद्भुतोत्पातसम्बद्ध, भूमिशोधनादि वास्तुसम्बद्ध ग्रन्थ, स्वरग्रन्थ (स्वास-प्रश्वासका आधारमा फल बताउने) र सामुद्रिक (हस्तरेखासम्बद्ध) ग्रन्थहरू पनि संहितास्कन्धअन्तर्गतकै मानिन्छन्।

५.७.१.३ होरास्कन्ध

'अहोरात्र' पदका आद्यन्तवर्णहरूको लोपबाट निष्पन्न[४८८] होराज्योतिष-लाई **जातकशास्त्र** पनि भनिन्छ। अत एव अहोरात्रमा उत्पन्न कुनै जातकविशेषको जन्मकालिक ग्रहस्थितिअनुसार त्यसको भावी जीवनमा घट्न सक्ने सुख, दुःख, हर्ष, विषाद जस्ता घटनाहरूको विवेचनपरक (व्यक्तिसम्बद्ध शुभाशुभ फलको निदर्शक) शास्त्र जातक वा होराज्योतिष हो भन्न सकिन्छ। गर्गसंहिता, नारदसंहिता, भृगुसंहिता, लघुपाराशरी, बृहत्पाराशरी, बृहज्जातक, लघुजातक, जातकपद्धति, जातकालङ्कार, ताजिकपद्धति (वर्षफल-साधनपद्धति, यवनदेशबाट प्रविष्ट), ताजिकनीलकण्ठी, प्रश्नज्योतिष इत्यादि ग्रन्थहरू होरास्कन्धअन्तर्गतका मानिन्छन्।

५.७.२ ज्योतिषशास्त्रसम्बद्ध केही प्रमुख ग्रन्थ, ग्रन्थकार र काल

वैदिक वाङ्मयका विभिन्न स्थानमा वर्णित ज्योतिषसम्बद्ध विषयलाई आधार बनाएर सर्वप्रथम तयार गरिएको ज्योतिषशास्त्रको प्रामाणिक ग्रन्थ लगधमुनिप्रोक्त वेदाङ्गज्योतिष नै हो। यसपछि संहिता र होरास्कन्धका बारेमा केही विचार गरिएको अथर्ववेदाङ्ग-ज्योतिष दोस्रो कोटिको ग्रन्थ मानिन्छ भने गर्ग, पराशर, नारद, भृगु इत्यादि संहिताको प्रणयन वा उपदेश वेदाङ्गज्योतिषपछि भएको मानिन्छ[४८९]। यहाँ ज्योतिषशास्त्रका उपर्युक्त तीन विभागलाई आधार बनाएर केही प्रमुख ग्रन्थ, ग्रन्थकार र ग्रन्थरचनाको कालसम्बन्धी विवरण तालिकाबद्ध रूपमा प्रस्तुत गरिएको छ। यो विवरण पूर्णतः शङ्कर बालकृष्ण दीक्षितको **'भारतीय ज्योतिष'**मा आधारित भएकाले दिइएका पृष्ठसङ्ख्या पनि त्यसैका हुन्।

वेदाङ्गज्योतिष

क्रम	ग्रन्थ	ग्रन्थकार	रचनाकाल	स्रोतपृष्ठ
१.	आर्चज्योतिष	लगधाचार्य	ई.पू. १४१०	१२४
२.	याजुषज्योतिष	लगधाचार्य	ई.पू. १४१०	१२४
३.	आथर्वणज्योतिष	पितामह-काश्यपसंवाद	ई.पू. १४१० पछि	उपो. ७

---
४८८. आद्यन्तवर्णलोपाद् होराशास्त्रं भवत्यहोरात्रात् -सारावली ५.१, उ., सं.वा.बृ.इ. २, पृ. ४५०।
४८९. शङ्कर बालकृष्ण दीक्षित, भा.ज्यो., उपो., पृ. ७।

उभयविध (जातक र संहिताग्रन्थ)

क्रम	ग्रन्थ	ग्रन्थकार	रचनाकाल	स्रोतपृष्ठ
१.	गर्गसंहिता/सिद्धान्त	अपौरुषेय	ई.पू. १४१० पछि	उपो. ७
२.	नारदसंहिता/सिद्धान्त	अपौरुषेय	ई.पू. १४१० पछि	उपो. ७
३.	पराशरसंहिता/सिद्धान्त	अपौरुषेय	ई.पू. १४१० पछि	उपो. ७
४.	व्याससंहिता/सिद्धान्त	अपौरुषेय	ई.पू. १४१० पछि	उपो. ७

सिद्धान्तग्रन्थ

१.	सूर्यसिद्धान्त	लाटकृत	४२७ शकपूर्व	२४६
२.	वसिष्ठसिद्धान्त	वसिष्ठप्रोक्त	तत्समकालिक	२६०+२१७
३.	रोमशसिद्धान्त	विष्णुप्रोक्त	४२७ शकपछि	२६१+२२३
४.	सोमसिद्धान्त	चन्द्रप्रोक्त	४२७ शकपूर्व	२५९
५.	ब्रह्मसिद्धान्त	शाकल्योक्त	७४३ शकपछि	२६१-२६३
६.	आर्यभटीय/सिद्धान्त	आर्यभट प्रथम	४२१ शाके	२३६+२६३-९२
७.	पञ्चसिद्धान्तिका	वराहमिहिर	४१२ शकप्रायः	२९२-९९
८.	ब्रह्मस्फुटसिद्धान्त	ब्रह्मगुप्त	५५० शाके	३००-३१३
९.	खण्डखाद्य	ब्रह्मगुप्त	५८७ शाके	३००-३१३
१०.	धीवृद्धिदतन्त्र	लल्ल	५६० शकप्रायः	३१३
११.	आर्यसिद्धान्त	आर्यभट द्वितीय	८७५ शकप्रायः	३२०-२५
१२.	सिद्धान्तशेखर	श्रीपति	९६१ शकप्रायः	३२९-३०
१३.	धीकोटिदकरण	श्रीपति	९६१ शकप्रायः	३२९-३०
१४.	भास्वतीकरण	शतानन्द	१०२१ शाके	३३८
१५.	सिद्धान्तशिरोमणि	भास्कराचार्य	१०३६ शाके	३४२-५१
१६.	करणकुतूहल	भास्कराचार्य	१०३६ शाके	३४२-५१
१७.	लीलावती	भास्कराचार्य	१०३६ शाके	३४२-५१
१८.	सिद्धान्ततत्त्वविवेक	कमलाकर	१५३० शकप्रायः	३९४
१९.	ग्रहलाघव	गणेश दैवज्ञ	१४४२ शकप्रायः	३५९-६९

संहिताग्रन्थ

१.	बृहत्संहिता	वराहमिहिर	४१२ शकप्रायः	२९२-९९
२.	रत्नमाला (मुहूर्तग्रन्थ)	श्रीपति	९६१ शकप्रायः	३२९-३०
३.	सारावली	कल्याण वर्मा	८२१ शकप्रायः	६३७-३८
४.	रत्नकोश (मुहूर्तग्रन्थ)	लल्ल	५६० शकप्रायः	६१७
५.	रत्नमाला	श्रीपति	९६१ शकप्रायः	६१७
६.	मुहूर्ततत्त्व	केशव	१४२० शकप्रायः	६२०
७.	मुहूर्तमार्तण्ड	नारायण	१४९३ शकप्रायः	६२२
८.	मुहूर्तचिन्तामणि	रामभट	१५२२ शकप्रायः	६२२
९.	नरपतिजयचर्या (शकुन)	नरपति	१०९७ शाके	६२४

जातक/होराग्रन्थ

१.	भृगुसंहिता	अपौरुषेय/भृगु	---	६३५-३६
२.	लघुपाराशरी	अपौरुषेय/पराशर	---	६३४-३५
३.	बृहत्पाराशरी	अपौरुषेय/पराशर	---	६३४-३५
४.	बृहत्-लघुजातक	वराहमिहिर	४१२ शकप्रायः	३९२-९९
५.	जातकपद्धति	श्रीपति	९६१ शकप्रायः	३२९-३०
६.	जातकालङ्कार	गणेश	१५३५ शकप्रायः	६३९
७.	होरारत्न	बलभद्र	१५७७ शकप्रायः	६३९
८.	होराकौस्तुभ	गोविन्द	१६०० शकप्रायः	६३९
९.	ताजिकपद्धति	केशव	१४१८ शकप्रायः	६४३
१०.	ताजिकनीलकण्ठी	नीलकण्ठ	१५०९ शकप्रायः	६४

परिशिष्टभाग

परिशिष्ट : १

वर्तमानमा उपलब्ध वेद र वेदाङ्गग्रन्थको तालिकाबद्ध सूची

परिशिष्ट : २

पारिभाषिक शब्दसूची (वर्णानुक्रमअनुसार)

परिशिष्ट : ३

आधारग्रन्थ र सन्दर्भग्रन्थसूची (वर्णानुक्रमअनुसार)

परिशिष्ट : ४

अनुक्रमणिका 'क' : प्रमुख विषय र ग्रन्थनाम

अनुक्रमणिका 'ख' :

वैदिक ग्रन्थका प्रणेता, व्याख्याता, अनुवादक, सम्पादक प्रमुख भारतीय विद्वान्हरू

अनुक्रमणिका 'ग' :

वैदिक ग्रन्थका अध्येता, अनुवादक, सम्पादक, प्रकाशक केही पाश्चात्त्य विद्वान्हरू

परिशिष्ट : १

वर्तमानमा उपलब्ध वेद र वेदाङ्गग्रन्थ

ग्रन्थको मूलभागका विभिन्न शीर्षकमा उल्लेख गरिएका विवरणबाट वैदिक वाङ्मयको विशालता स्पष्ट अवगत हुन्छ। यहाँ सामान्य पाठकवर्गको जानकारीका लागि वर्तमानमा उपलब्ध वैदिक वाङ्मयसँग सम्बद्ध केही प्रमुख ग्रन्थहरूको नाम क्रमानुसार तालिकाबद्ध गरिएको छ। यी ग्रन्थको विशेष विवरण मूलग्रन्थमा नै हेर्न अनुरोध गरिन्छ।

क) संहिता र ब्राह्मणग्रन्थ

वेद	शाखा	संहिता	ब्राह्मण	विशेष
ऋग्वेद	शैशि.-शाकल	ऋग्वेदसंहिता	ऐतरेय	
"	आश्वलायन	ऋग्वेदसंहिता	–	
"	शाङ्खायन	ऋग्वेदसंहिता	शाङ्खायन	
"	कौषीतकी	–	कौषीतकी	
यजुर्वेद	माध्यन्दिन	यजुर्वेदसंहिता	शतपथ	शु.य.
"	काण्व	यजुर्वेदसंहिता	शतपथ	शु.य.
"	तैत्तिरीय	तैत्तिरीयसंहिता	तैत्तिरीय	कृ.य.
"	मैत्रायणी	मैत्रायणीसंहिता	–	कृ.य.
"	कठ	काठकसंहिता	काठक	कृ.य.
"	कपिष्ठल-कठ	कपिष्ठलकठसं.	–	कृ.य.
"	वाधूल	-	अन्वाख्यान	कृ.य.
सामवेद	कौथुम	सामवेदसंहिता	ताण्ड्य	
"	"	–	षड्विंश	
"	"	–	सामविधान	
"	"	–	आर्षेय	
"	"	–	देवताध्याय	
"	"	–	छान्दोग्य	
"	"	–	संहितोपनिषद्	
"	"	–	वंशब्राह्मण	
"	जैमिनीय	सामवेदसंहिता	जैमिनीय	
"	"	–	आर्षेय	
"	"	–	उपनिषद्	
"	राणायनीय	सामवेदसंहिता	–	
अथर्ववेद	शौनक	अथर्ववेदसंहिता	गोपथ	
"	पैप्पलाद	पैप्पलादसंहिता	गोपथ	अपूर्ण
जम्मा	१६	१४	२०	

ख) आरण्यक र प्रमुख उपनिषद्ग्रन्थ

वेद	शाखा	आरण्यक	उपनिषद्	विशेष
ऋग्वेद	शैशिरीय-शाकल	ऐतरेय	ऐतरेय	
"	शाङ्खायन	शाङ्खायन	–	
"	कौषीतकी	–	कौषी.ब्राह्मण	
"	बाष्कल	–	बाष्कलमन्त्र	
यजुर्वेद	काण्व र माध्यन्दिन	बृहदारण्यक	ईशावास्य	शु.य.
"	काण्व र माध्यन्दिन	बृहदारण्यक	बृहदारण्यक	शु.य.
"	तैत्तिरीय	तैत्तिरीय	तैत्तिरीय	कृ.य.
"	काठक	–	कठ	कृ.य.
"	मैत्रायणी	मैत्रायणीय	मैत्रायणीय	कृ.य.
"	श्वेताश्वतर	–	श्वेताश्वतर	कृ.य.
सामवेद	कौथुम	-	छान्दोग्य	
"	जैमिनीय	तलवकार	केन	
अथर्ववेद	पैप्पलाद	–	प्रश्न	
"	शौनक	–	मुण्डक	
"	शौनक	–	माण्डूक्य	
जम्मा	१४	७	१६	

वेदाङ्गग्रन्थ

क) शिक्षा र प्रातिशाख्य

वेद	शिक्षाग्रन्थ	प्रातिशाख्यग्रन्थ
ऋग्वेद	शैशिरीय, शौनक, पाणिनीय = ३	ऋग्वेदप्रातिशाख्य
शुक्लयजुर्वेद	याज्ञवल्क्य, वर्णरत्नप्रदीपिका, प्रातिशाख्यप्रदीप र सम्प्रदायप्रबोधिनी =४	वाजसनेयिप्राति. (शुक्लयजुःप्राति.)
कृष्णयजुर्वेद	व्यास, चारायणीय, कौहलीय, सर्वसम्मत, पारि र कौण्डिन्न्य = ६	तैत्तिरीयप्रातिशाख्य
सामवेद	नारदीय, लोमशी र गौतमी = ३	ऋक्तन्त्र, अक्षरतन्त्र, सामतन्त्र, पुष्पसूत्र
अथर्ववेद	माण्डूकी शिक्षा १	अथर्वप्रातिशाख्य, चतुरध्यायिका
जम्मा	१७	९

ख) कल्पसूत्र वा कल्पशास्त्र

वेद	श्रौतसूत्र	गृह्यसूत्र	धर्मसूत्र	शुल्बसूत्र
ऋग्वेद	आश्वलायन, शांखायन	आश्वलायन, शांखायन, कौषीतकी	वासिष्ठ	–
शु.यजु.	कात्यायन	पारस्कर, कात्यायन, बैजवाप	शंखलिखित	कात्यायन
कृ.यजु.	आपस्तम्ब	आपस्तम्ब	आपस्तम्ब	आपस्तम्ब
"	हिरण्यकेशी	हिरण्यकेशी	हिरण्यकेशी	हिरण्यकेशी
"	बौधायन	बौधायन	बौधायन	बौधायन
"	मानव	मानव	–	मानव
"	भारद्वाज	भारद्वाज	–	मैत्रायणीय
"	वैखानस	वैखानस	वैखानस	–
"	वाधूल	काठक	विष्णु	–
"	वाराह	वाराह	–	–
"	काठक	आग्निवेश्य	–	–
सामवेद	आर्षेयकल्प क्षुद्रकल्प लाट्यायन, जैमिनीय,	कौथुम, गोभिल, खादिर, जैमिनीय	गौतम	–
	खादिर, निदान, उपनिदान	–	–	–
अथर्ववेद	वैतान	कौशिक	–	–
जम्मा	२०	२०	८	६

यस तालिकामा अनुल्लिखित व्याकरण, निरुक्त, छन्द र ज्योतिष नामका वेदाङ्ग प्रायः सर्ववेदसाधारण हुन्छन्। परिशिष्टग्रन्थको सङ्ख्या अत्यधिक रहेकाले शुल्बसूत्रबाहेक अन्य परिशिष्टको उल्लेख यहाँ गरिएको छैन।

परिशिष्ट : २

पारिभाषिक शब्दहरू

अग्निचयन (क्रिया) अग्निका आधार अर्थात् अग्निस्थापन गरिने स्थान भएका हुनाले स्थण्डिललाई अग्नि र स्थण्डिलको चयनलाई (निर्माण गर्ने विधिलाई) **'अग्निचयन', 'चिति'** वा **'चयन'** पनि भनिन्छ[१]।

अग्निष्टोम (सोमयाग) यागको अन्त्यमा 'अग्निष्टोम'संज्ञक साम पढेपछि कुनै साम नपढीकन समाप्त गरिने सोमयागलाई अग्निष्टोमसंस्थ सोमयाग वा 'अग्निष्टोम' भनिन्छ[२]।

अग्निहोत्र (होम) श्रौत अग्निको आधान (स्थापना) गरेका व्यक्तिले हरेक दिन यथाविधि बिहान-बेलुका गर्नुपर्ने होमलाई अग्निहोत्र भनिन्छ।

अग्न्याधान (यज्ञकर्म) गार्हपत्य, आहवनीय र दक्षिणाग्नि नामका तीन अग्निकुण्ड तथा सभ्य नामको अग्निकुण्डमा यथाविधि अग्निको स्थापना गर्ने श्रौतकर्मलाई अग्न्याधान वा **अग्न्याधेय** भनिन्छ (आहवनीयादीनाम् अग्नीनाम् ण, मनु. २.१४३)।

अथर्व (मन्त्र) अथर्ववेदसंहितामा पढिएका शान्तिक, पौष्टिक आदि विभिन्न कर्म र अध्यात्मदर्शनसँग सम्बद्ध ऋक् वा यजुर्मन्त्रलाई अथर्वमन्त्र भनिन्छ।

अथर्ववेद (संहिता) अधिकांश ऋचाहरू भएको र अथर्वा ऋषिले देखेका मन्त्र धेरै भएको वेदलाई अथर्ववेद वा **अथर्ववेदसंहिता** भनिन्छ।

अध्याय (वेद, विश्रामस्थल) अध्याय शब्द वेद, अध्ययन (वेदको), वेद-पुराण इत्यादि ग्रन्थका कुनै विषयको समाप्तिबोधक विश्रामस्थल इत्यादि अर्थमा प्रयोग भएको देखिन्छ।

अध्वर्यु (ऋत्विक्) श्रौतयागमा यजुर्वेदसँग सम्बद्ध तोकिएका विभिन्न क्रियाकलापको (कर्मकाण्डको) मुख्य सञ्चालक अध्वर्युगणको प्रमुख यजुर्वेदी ऋत्विक्लाई अध्वर्यु भनिन्छ।

अनुक्रमणी (ग्रन्थ) वैदिक साहित्यसँग सम्बद्ध अनुक्रमणी वा **अनुक्रमणिका** भनेका सम्बद्ध शाखाका मन्त्रसंहिता वा ब्राह्मणग्रन्थका विभिन्न स्थानमा विकीर्ण मन्त्र, वाक्य, शब्द, अक्षर, ऋषि, देवता, छन्द इत्यादिको क्रमबद्ध सूची प्रस्तुत गर्ने र तत्सम्बद्ध विषयको सूक्ष्म विवेचन गरी संहिता, ब्राह्मणलगायतका ग्रन्थको अध्ययन-अनुसन्धानमा मार्गदर्शन गर्ने सहायक परिशिष्टग्रन्थ हुन्।

---

१. अग्निशब्देन इष्टकाभिः सम्पादितमग्न्याधारभूतं स्थण्डिलमुच्यते । चितिः, चयनम्, अग्निचयनम् इत्यपि तस्यैव पर्यायाः।-का.शुल्ब. ४.१, विद्याधरवृत्ति, टि. २।

२. अग्नेः स्तोमः स्तुतिर्यस्मिन् सोऽग्निष्टोमः। अग्निस्तुतिसम्पादकेन यज्ञायज्ञियनामकेन स्तोत्रेण संस्था समाप्तिर्यस्य सोऽग्निष्टोमः इति निष्कृष्टोऽग्निष्टोमशब्दार्थः -का.श्रौ. ७.१.५, टि. १।

अनुवाक (ऋचाको समूह) अनु = गुरुले मन्त्रको उच्चारण गरेपछि शिष्यले उच्चारण गर्ने परम्पराअनुसार पढिने अथवा अनुक्रमपूर्वक पढिने वा गुरुको समीपमा बसेर उच्चारण (अभ्यास) गरिने ऋक्, यजुः वा सामरूप मन्त्रको समूहलाई अनुवाक भनिन्छ (अनुवाक = ऋक्समूह -सा.भा., ऐ.ब्रा. ७.५)।

अनुवाक्या (ऋचा) श्रौतयागमा देवतालाई हवि प्रदान गर्नुभन्दा पहिला सम्बद्ध देवतालाई अनुकूल बनाउनका लागि होताद्वारा पढिने ऋग्विशेषलाई (ऋचालाई) अनुवाक्या वा **पुरोऽनुवाक्या** भनिन्छ।

अनुशाखा (वेद) चरणकै अवान्तर शाखा -हेर्नुहोस् : चरण र शाखापदार्थ।

अनुश्रव (वेद) -हेर्नुहोस् : श्रुति।

अनुष्ठान (प्रयोग) शास्त्रले बताएअनुसार यज्ञ-यागादि धार्मिक कार्य गर्ने काम, देवताको आराधना, उपासना इत्यादि कर्मलाई (प्रयोगविशेषलाई) अनुष्ठान भनिन्छ।

अनुष्ठानकल्प (ग्रन्थ) अनुष्ठानकल्प भनेका व्यक्तिगत वा सामाजिक अभीष्ट प्राप्तिका लागि वेदका विभिन्न मन्त्रद्वारा जप, होम इत्यादि अनुष्ठानको (प्रयोगको) विधान गर्ने परिशिष्टग्रन्थ हुन्। यिनमा वेदका सम्बद्ध शाखाका कुन-कुन मन्त्रद्वारा कुन कर्म गर्दा के-कस्ता फल प्राप्त गर्न सकिन्छ भन्ने कुराको विधान गरिएको हुन्छ।

अन्त्येष्टि (संस्कार) मानवका लागि गरिने संस्कारहरू मध्ये अन्तिम संस्कार अर्थात् मानवको मृत्युपछि गरिने और्ध्वदेहिक कर्मलाई अन्त्येष्टि भनिन्छ।

अर्थवाद (वेदवाक्य) विधिद्वारा विधान गरिएका कर्मको प्रशंसा र निषेध गरिएका कर्मको निन्दा गर्ने ब्राह्मणग्रन्थअन्तर्गतका वाक्यलाई अर्थवाद भनिन्छ।

अर्वाचीन (विशेषण) नयाँ, वर्तमान समयको।

अष्टक (ग्रन्थविभाग) आठ अध्याय, प्रपाठक इत्यादिको समूह। ऋग्वेदसंहिताका प्रमुख दुई विभागमध्ये एउटा विभागको क्रम अष्टक हो। यसमा आठवटा अष्टक (८×८=६४ अध्याय) छन्।

अष्टविकृति (पाठ) जटा, माला, शिखा, रेखा, ध्वज, दण्ड, रथ र घन नामका आठवटा विकृतिपाठलाई (संहिताका मन्त्रपाठलाई तोकिएका नियमअनुसार अनेक परिवर्तन गरेर विभिन्न् तौर-तरिकाबाट पढिने पाठलाई) अष्टविकृति र तिनको पाठलाई अष्टविकृतिपाठ भनिन्छ।

आगम (वेद) अधिकृत वैदिक विद्वान् वा आचार्यको मुखबाट श्रवण गर्दै आएको शब्दराशि हुनाले वेदलाई 'आगम' पनि भनिन्छ। आगम भनेको मुख्यतः आ-आफ्ना सम्प्रदायअनुसारको प्रामाणिक शास्त्र वा अन्तिम प्रमाण हो।

आग्रयणेष्टि (यज्ञ) नयाँ अन्न आफूले खानुभन्दा अघि अर्थात् शरद्, वसन्त,

वर्षा र ग्रीष्म ऋतुमा ऋतुअनुसार पाकेका नयाँ अन्न धान (चामल), जौ, सामा (श्यामाक) इत्यादिलाई हवि बनाई आहिताग्नि (अग्न्याधान गरेको) यजमानले वर्षको चारपटक गर्ने श्रौत इष्टिविशेषलाई आग्रयणेष्टि र गृह्यसूत्रोक्त विधिद्वारा गरिने इष्टिलाई **नवान्नेष्टि** (न्वाइ खाने) भनिन्छ।

आचार्य (गुरु) विधिपूर्वक उपनयन गरेर जसले शिष्यलाई वेद, वेदाङ्ग लगायत समग्र वैदिक वाङ्मयको अध्यापन गर्दछ त्यस्ता विशिष्ट गुरुलाई आचार्य भनिन्छ (मनु. २.१४०)। व्यक्तिको विशेष सम्मानका लागि पनि आचार्य शब्दको प्रयोग गर्ने परम्परा देखिन्छ– आचार्य शौनक वा शौनकाचार्य, पूर्वाचार्य, अचार्य यास्क वा यास्काचार्य, सायणाचार्य इत्यादि।

आधिदैविक (विषय) देवतासँग सम्बद्ध।

आधिभौतिक (विषय) भौतिक पदार्थसँग सम्बद्ध।

आधियाज्ञिक (विषय) यज्ञसँग सम्बद्ध।

आध्यात्मिक (विषय) शरीर, आत्मा र परमात्मासँग सम्बद्ध।

आम्नाय (वेद) विशिष्ट नियमहरूको पालनापूर्वक गुरुमुख-अभ्यास प्रणालीद्वारा अध्ययन गरिने भएकाले वेदलाई आम्नाय भनिन्छ।

आरण्यक (ग्रन्थ) जसको गम्भीर अध्ययन गर्दा पाठकलाई समग्र आनन्द प्राप्त हुन्छ त्यस्तो आनन्ददायक वेदको (विशेषतः ब्राह्मणग्रन्थको) सारभूत भागलाई आरण्यक भनिन्छ।

आरण्यगान (साम) सामवेदसंहिताको पूर्वार्चिकको छैटौं अध्याय र महानाम्नी-आर्चिक भागमा पठित सामयोनिभूत ६५ ऋचामा गाइने गानलाई आरण्यगान भनिन्छ।

आर्चिक (संहिता) ऋचासँग सम्बन्धित वा ऋचाहरू भएको संहिता।

आह्निक (ग्रन्थ-खण्ड) कुनै ग्रन्थका निश्चित भाग, अनुभाग, खण्ड, वर्ग, परिच्छेद इत्यादि प्रकरण वा तिनका विषयको समाप्तिबोधक विश्रामस्थल। पाणिनीय-व्याकरण-महाभाष्यमा अध्यायपछि पाद र पादअन्तर्गतका प्रकरणविशेषलाई आह्निक भनिएको छ।

इष्टि (यज्ञ) जौ वा चामलको पीठोबाट निर्मित र यथाविधि अग्निमा पकाइएका पुरोडाश (पकौडा वा रोटीविशेष), घिउ, दूध, दही इत्यादि हवनीय द्रव्य (चरु) प्रयोग हुने दर्शपूर्णमास, आग्रयणेष्टि, उक्त द्रव्य प्रयोग हुने चातुर्मास्य-याग लगायतका यज्ञलाई इष्टि वा इष्टियज्ञ भनिन्छ।

उत्तरार्चिक (संहिता) सामवेदसंहिताको १-२१ अध्यायात्मक उत्तरभागलाई उत्तरार्चिक भनिन्छ।

उद्गाता (ऋत्विक्) श्रौतयज्ञमा सामवेदसँग सम्बद्ध तोकिएका साम गाउने (स्तोत्रपाठ

गर्ने) उद्‌गातृगणको प्रमुख सामवेदी ऋत्विक्‌लाई उद्‌गाता भनिन्छ।

उपनयन (संस्कार) वेद पढ्नका लागि आचार्यका (गुरुका) समीपमा लगेर यथोक्त विधिअनुसार सम्पन्न गरिने संस्कारलाई उपनयन (व्रतबन्ध) भनिन्छ।

उपनिषद् (ग्रन्थ) रहस्यविद्या वा ब्रह्मविद्याका (जीव र परमात्माबीचको एकता प्रतिपादन गर्ने ज्ञानका) प्रतिपादक मन्त्र वा ब्राह्मणग्रन्थअन्तर्गतका सारभूत भागलाई उपनिषद् भनिन्छ।

उपवेद (शास्त्र) उपवेद भनेका ऋग्वेदका **अर्थवेद** (प्राचीन अर्थशास्त्र वा राजनीतिशास्त्रसँग सम्बद्ध) वा **स्थापत्यवेद** (वास्तुविद्यासँग सम्बद्ध), यजुर्वेदको **धनुर्वेद** (युद्धशास्त्रसँग सम्बद्ध), सामवेदको **गान्धर्ववेद** (सङ्गीतशास्त्रसँग सम्बद्ध) र अथर्ववेदको **आयुर्वेद** (चिकित्साशास्त्रसँग सम्बद्ध) गरी चार प्रकारका वाङ्मय (शास्त्र) हुन्।

उपाङ्ग (शास्त्र) वैदिक मन्त्रको उच्चारण, प्रयोग, अर्थ र आध्यात्मिक रहस्य बुझ्न सहयोग गर्ने प्रतिपद, अनुपद, छन्दोभाषा, धर्मशास्त्र, मीमांसान्याय र तर्क नामका छप्रकारका शास्त्रलाई वेदका उपाङ्ग भनिन्छ।

ऊहगान (साम) वेयगानको लयलाई (स्वर, राग आदिलाई) आधार मानेर सामवेदसंहिताको उत्तरार्चिकमा सङ्कलित सूक्तहरूमा गाइने सामलाई ऊहगान भनिन्छ।

ऊह्यगान (साम) आरण्यगानको लयलाई आधार मानेर सामवेदसंहिताको उत्तरार्चिकमा सङ्कलित सूक्तहरूमा गाइने सामलाई ऊह्यगान वा **रहस्यगान** भनिन्छ।

ऋक्/ऋचा (मन्त्र) अर्थअनुसार निश्चित पादमा (पाउमा) विभक्त भएका र प्रत्येक पादमा निश्चित अक्षरसङ्ख्या भएका पद्यात्मक मन्त्रलाई ऋक्, ऋचा वा **ऋक्‌मन्त्र** भनिन्छ।

ऋग्वेद (संहिता) धेरै ऋचाहरू (पद्यात्मक मन्त्रहरू) र केही यजुः (गद्यात्मक मन्त्र) भएको वेदलाई ऋग्वेद वा **ऋग्वेदसंहिता** भनिन्छ।

ऋत्विक् (पुरोहित, याजक) अग्न्याधान; दर्शपूर्णमास, अष्टका लगायतका पाकयज्ञ; अग्निष्टोम-सोमयाग लगायतका यज्ञ (मख) सम्पन्न गर्नका लागि यजमानद्वारा यथाविधि वरण गरिएको ब्राह्मणलाई 'ऋत्विक्' भनिन्छ (अग्न्याधेयं पाकयज्ञान्....इहोच्यते -मनु. २.१४३)।

ऋषि (व्यक्ति) असाधारण तपोबल र अलौकिक प्रतिभाका कारण वेदका मन्त्र वा धर्मको साक्षात्कार गर्ने प्राचीन विशिष्ट पुरुष वा महिलालाई ऋषि भनिन्छ।

कण्डिका (ग्रन्थ-खण्ड) कुनै ग्रन्थका स-साना खण्ड बुझाउने शब्द। प्रायः अध्याय, काण्ड, प्रश्न, प्रपाठक, अनुवाक, वर्ग इत्यादिभन्दा साना र सूत्र वा मन्त्रभन्दा

ठूला विभागलाई बुझाउन कण्डिका शब्दको प्रयोग भएको देखिन्छ। **खण्ड, खण्डिका** शब्द पनि कण्डिकाकै पर्यायवाची बनेर प्रयोग भएका देखिन्छन्।

कल्प (शास्त्र) मूलतः आ-आफ्ना शाखाका मन्त्रसंहिता र ब्राह्मणग्रन्थमा उल्लिखित वा सङ्केतित अग्न्याधान, अग्निहोत्रजस्ता **श्रौतयाग** एवं मन्त्रब्राह्मणात्मक ग्रन्थमा सङ्केतित गर्भाधान, पुंसवन, जातकर्म, नामकरण लगायतका संस्कार र स्नान, सन्ध्योपासन, तर्पण, श्राद्धजस्ता विभिन्न नित्य-नैमित्तिक-काम्य कर्मसँग सम्बद्ध **स्मार्तयाग** वा **गृह्यकर्म**हरूका आनुपूर्वीको (प्रयोगका क्रमको) कल्पनाद्वारा श्रौत वा स्मार्त कर्मकाण्डको व्यवस्थित प्रयोगविधि बताउने शास्त्रलाई **कल्प वा कल्पशास्त्र** भनिन्छ। यस्ता ग्रन्थ प्रायः सूत्रात्मक शैलीमा रचना गरिएका हुँदा यिनलाई **कल्पसूत्र** पनि भनिन्छ।

कल्प (समयावधि) ब्रह्माजीको एक दिन, एक हजार महायुग अर्थात् चार अरब बत्तीस करोड मानववर्ष बताइएको समय वा कालको साह्रै ठूलो विभागलाई कल्प भनिन्छ।

काण्ड (ग्रन्थ-खण्ड) कुनै ग्रन्थका निश्चित अध्याय, भाग, अनुभाग, खण्ड, वर्ग, परिच्छेद इत्यादि प्रकरण वा तिनका विषयको समाप्तिबोधक विश्रामस्थल।

क्रमपाठ (मन्त्रको) क्रमपाठ भनेको पहिलो पदसँग दोस्रो पद, दोस्रो पदसँग तेस्रो पद, तेस्रोसँग चौथो, चौथोसँग पाँचौं इत्यादि क्रमले मन्त्र पूरा नभइन्जेल दुई-दुई पद मिलाएर गरिने पाठ हो।

गृह्यकर्म (यज्ञ) -हेर्नुहोस् : स्मार्तकर्म।

गृह्यसूत्र (ग्रन्थ) -हेर्नुहोस् : स्मार्तकर्म।

चरण (समूह) परस्परमा प्रायः मिल्दाजुल्दा नियम भएका एउटै वेदका अनेक शाखाहरूको समूहलाई 'चरण' भनिन्छ।

छन्द (शास्त्र) निश्चित अक्षर र भावले युक्त भएको पद्यात्मक रचना तथा पूर्वसिद्ध-सम्प्रदायबाट आएको गद्यात्मक वेदभागको अक्षरपरिमाणलाई छन्द भनिन्छ। यसका साथै छन्द शब्द **वेदको पर्यायवाची** पनि हो।

ज्योतिष (शास्त्र) ग्रह-नक्षत्र-तारकादि ज्योतिःपिण्डहरूको स्थिति, गति, प्रभाव आदिको वर्णन गर्ने र तिथि, मास, ऋतु इत्यादि कालविशेषको यथार्थ ज्ञान गराई यज्ञको अनुष्ठानमा सहयोग पुऱ्याउने शास्त्रलाई 'ज्योतिष', **'नक्षत्रविद्या'** र **'कालविधानशास्त्र'** पनि भनिन्छ।

टीका (सङ्क्षिप्त व्याख्या) -हेर्नुहोस् : वृत्ति।

तृच (ऋचा) तीन ऋचाको समूह। **तृच-पाठ** योनिऋक् (योनिमन्त्र) सहित तीन ऋचाको पाठलाई तृचपाठ भनिन्छ।

त्रयी (चार वेद) त्रयीको यौगिक अर्थ **'तीनको समूह'** भन्ने भए पनि मूलतः ऋक्, यजुः र साम गरी तीन प्रकारका उच्चारणशैलीमा निबद्ध चारवटै वेदका मन्त्रहरूको समूह अर्थात् चार वेद भन्ने अर्थमा नै 'त्रयी' शब्दको प्रयोग भएको हो। अर्थात् 'त्रयी' शब्दले ऋक्, यजुः र सामरूप मन्त्रको समुच्चा स्वरूप अथवा पद्यात्मक, गद्यात्मक र गेयात्मक शैलीमा उच्चरित हुने समग्र वैदिक मन्त्रराशिलाई (चारै वेदलाई) बुझाउँदछ।

दर्शपूर्णमास (यज्ञ) श्रौतअग्निको विधिपूर्वक आधान (स्थापना) गरेको र प्रतिदिन अग्निहोत्र (होम) गर्ने व्यक्तिद्वारा दर्श अर्थात् औंसीका अन्त्यमा तथा पूर्णमास अर्थात् पूर्णिमाका अन्त्यमा गरिने दुवै इष्टिविशेषका संयुक्त रूपलाई दर्शपूर्णमास वा दर्शपूर्णमासेष्टि वा दर्शपूर्णमासयाग भनिन्छ। औंसीका दिन गरिने इष्टिलाई **दर्शेष्टि** र पूर्णिमाका दिन गरिने इष्टिलाई **पूर्णमासेष्टि** भनिने भए पनि दुवै इष्टिको अनुष्ठानबाट मात्र यज्ञ पूर्ण भई एउटै फलप्राप्ति हुने भएकाले यी दुवै एक अर्काका पूरक याग हुन्। अतः दुवैको नाम सँगै लिने गरिन्छ।

दशति (सङ्ख्या) दशको वा दश ऋचा, अध्याय इत्यादिको समूह।

दशतयी/दाशतयी (ऋग्वेदको विशेषण) दश मण्डल भएको ऋग्वेदसंहिता।

द्रव्ययज्ञ (कर्म) अग्नि, इन्द्र, सोम इत्यादि देवताका लागि घिउ, चरु इत्यादि द्रव्यको (हविको) विधिपूर्वक त्यागद्वारा गरिने यज्ञलाई (द्रव्यद्वारा गरिने यज्ञलाई) द्रव्ययज्ञ भनिन्छ।

धर्मसूत्र (ग्रन्थ) वर्णधर्म, आश्रमधर्म, राजधर्म, सामान्यधर्म, सदाचार, प्रायश्चित्त, सामाजिक व्यवहारजस्ता प्रायः चारै आश्रमसँग सम्बद्ध विषयको प्रतिपादन गर्ने शास्त्र वा ग्रन्थलाई धर्मसूत्र भनिन्छ।

निगम (वेद) धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थको ज्ञान गर्ने साधन भएकाले वेदलाई निगम पनि भनिन्छ।

निघण्टु (कोष) तात्कालिक अवस्थामा कठिन मानिएका (व्याकरणले व्युत्पत्ति देखाउन नसकेका) कतिपय वैदिक शब्दहरू एकत्रित र वर्गीकृत गरी तयार पारिएको पाँच अध्याययुक्त तथा यास्कद्वारा व्याख्यात एक प्रकारको सर्वप्राचीन शब्दकोष 'निघण्टु'का नामबाट प्रसिद्ध छ। यस्ता निघण्टु अरू पनि छन्।

नियतानुपूर्वी (क्रम) निश्चित नियम र क्रममा रहेका वेदका मन्त्र, पद इत्यादि। जस्तै : 'अग्निमीडे' इत्यादि मन्त्रमा पदक्रम परिवर्तन गरी 'ईडे अग्निम्' बनाउन नमिल्ने। यस्तै अग्निका अन्य पर्यायवाची 'वह्नि, पावक'जस्ता शब्द राख्न र स्वरसमेत परिवर्तन गर्न नमिल्ने (द्र.- नि. १.१५.४)।

निरुक्त (शास्त्र) पञ्चाध्यायी निघण्टुमा सङ्ग्रह गरिएका कठिन वैदिक शब्दहरूको निर्वचनमूलक अर्थ प्रस्तुत गर्ने र देवतातत्त्वको विवेचना गरी वैदिक मन्त्रको

अर्थज्ञानमा सहयोग पुऱ्याउने चौथो वेदाङ्गलाई निरुक्त वा **निरुक्तशास्त्र** भनिन्छ। यसका कर्ता यास्क हुन्।

निर्वचन (व्युत्पत्ति) निर्वचन भनेको निश्चयपूर्वकको कथन हो अर्थात् सामान्यतः कुनै शब्दको प्रकृति-प्रत्यय निरूपण गर्ने क्रियालाई (शब्दको व्युत्पत्तिलाई) निर्वचन भनिन्छ तथापि व्याकरणशास्त्रले गर्ने निर्वचन र निरुक्तशास्त्रले गर्ने निर्वचनमा केही भिन्नता रहेको छ। व्याकरणले शब्दको अन्वाख्यान (कथन) अर्थात् प्रकृति-प्रत्ययको निर्देश गर्दछ भने निरुक्तले अर्थको अन्वाख्यान गर्दछ। अर्को शब्दमा भन्दा व्याकरणले प्रकृति-प्रत्ययको निर्देशलाई प्रधान र अर्थनिर्देशलाई गौण मानी शब्दको निर्वचन गर्दछ भने निरुक्तले शब्दको अर्थनिर्धारणलाई मुख्य र प्रकृति-प्रत्ययको निर्देशलाई गौण मानी अर्थको निर्वचन (निश्चयपूर्वक कथन) गर्दछ।

पञ्चाशती (विश्रामस्थल) विद्यार्थीहरूलाई अध्ययनमा सजिलो होस् भन्ने उद्देश्यले प्रत्येक लामा अनुवाकहरूमा पचास पदको विराम (अवसान) कल्पना गरिएको तैत्तिरीयसंहिताका अनुवाकअन्तर्गतका विश्रामस्थललाई पञ्चाशती वा पञ्चाशत् भनिन्छ।

पटल (ग्रन्थ-खण्ड) कुनै ग्रन्थका निश्चित अध्याय, भाग, अनुभाग, खण्ड, वर्ग, परिच्छेद इत्यादि प्रकरण वा तिनका विषयको समाप्तिबोधक विश्रामस्थल।

पदकार (व्यक्ति) पदपाठका प्रवर्तक (शुरुआतकर्ता) आचार्यलाई पदकार (पदपाठकार) भनिन्छ। द्र.- पदपाठ-पदार्थ।

पदपाठ (मन्त्रको) अर्थको अभिधायक अक्षर वा अक्षरसमुदायलाई पद भनिन्छ भने वैदिक मन्त्रसंहिताको पाठलाई विच्छेद गरी एक-एक पद छुट्ट्याएर प्रत्येक पदको पाठ गर्ने प्रक्रियालाई पदपाठ भनिन्छ।

परिशिष्ट (ग्रन्थ) वैदिक परिशिष्ट भनेका वेदका निश्चित शाखाविशेषसँग मात्र सम्बद्ध नभई आ-आफ्ना वेदका प्रायः सबै शाखाका अध्येताहरूलाई उपयोगी हुने गरी सङ्कलित वा विरचित निश्चित ग्रन्थका निश्चित भाग, प्रकरण वा स्वतन्त्र ग्रन्थ हुन्। **खिल** शब्द पनि परिशिष्टकै पर्याय मानिन्छ। वेद र वेदाङ्गसँग सम्बद्ध यस्ता परिशिष्टहरूको सङ्ख्या अत्यधिक रहेकाले **यस ग्रन्थमा ती सबै परिशिष्टलाई आठ वर्गमा विभक्त गरी तिनको पृथक्-पृथक् परिचय प्रस्तुत गरिएको** छ।

पितृमेध (कर्म) सामान्यतः शास्त्रले बताएको नियमअनुसार अग्निको आधान (स्थापना) गरेका दिवङ्गत व्यक्तिका नाममा श्मशानमा स्थण्डिल बनाई गरिने और्ध्वदेहिक कर्मलाई पितृमेध भनिन्छ। यस्ता कर्मका प्रतिपादक ग्रन्थलाई **पितृमेधसूत्र** भनिन्छ।

पुराण (ग्रन्थ) सृष्टि, प्रलय, ऋषि र राजाहरूको वंश, उक्त वंशमा जन्मेका विशिष्ट व्यक्तिहरूको चरित्र र मन्वन्तरको वर्णन गर्ने वेदव्यासप्रणीत ग्रन्थविशेषलाई वर्तमानमा पुराण भन्ने गरिन्छ। यस्ता पुराणहरू १८ महापुराण, १८ उपपुराण र केही औपपुराण गरी तीन वर्गमा विभक्त गरिएका पाइन्छन्।

पुरोऽनुवाक्या (ऋचा) -हेर्नुहोस् : अनुवाक्या।

पूर्वार्चिक (संहिता) सामवेदसंहिताको १-६ अध्यायात्मक पूर्वभागलाई पूर्वार्चिक वा छन्द आर्चिक भनिन्छ।

प्रकृतिपाठ (मन्त्रको) वेदपाठका सन्दर्भमा प्रकृतिपाठ भनेको संहितापाठ वा मन्त्रपाठ हो (द्र.- संहितापाठ-पदार्थ)।

प्रतिशाखा (चरण) -हेर्नुहोस् : चरणपदार्थ।

प्रपाठक (ग्रन्थ-खण्ड) कुनै ग्रन्थका निश्चित अध्याय, भाग, अनुभाग, खण्ड, वर्ग, परिच्छेद इत्यादि प्रकरण वा तिनका विषयको समाप्तिबोधक विश्रामस्थल (प्रकृष्टः पाठोऽत्र)।

प्रवचन (क्रिया) प्रवचन भनेको कुनै मन्त्र, शास्त्र, विषय इत्यादिको व्याख्या गर्नु वा अध्यापन गर्नु (पढाउनु) हो (आख्या प्रवचनात् -जै.सू. १.१.३०)।

प्रश्न (ग्रन्थ-खण्ड) कुनै ग्रन्थका निश्चित अध्याय, भाग, अनुभाग, खण्ड, वर्ग, परिच्छेद इत्यादि प्रकरण वा तिनका विषयको समाप्तिबोधक विश्रामस्थल।

प्राच्य (विशेषण) पौरस्त्य, प्राचीन, पूर्वीय, पुरानो, पहिलेको इत्यादि अर्थ दिने शब्द।

प्रातिशाख्य (ग्रन्थ) ऋक्, यजुः, साम र अथर्ववेदका आ-आफ्ना चरणअन्तर्गतका विभिन्न शाखासंहिताको पाठ र तिनका पद-क्रमादि पाठसँग सम्बद्ध नियम; उदात्तादि स्वर, अकारादि वर्ण, ह्रस्व-दीर्घादि मात्रा, लोप-आगम-वर्णविकार आदि संस्कार, सन्धिजस्ता वैदिक मन्त्रको उच्चारणमा आवश्यक पर्ने विभिन्न किसिमका नियम तथा वेदको अध्ययनविधि बताउने शिक्षाशास्त्रजस्तै ग्रन्थविशेषलाई प्रातिशाख्य भनिन्छ।

प्रोक्त (विषय) प्रोक्तको अर्थ कसैद्वारा व्याख्या गरिएको वा पढाइएको भन्ने हो (तेन व्याख्यातं तदध्यापितं वा प्रोक्तमित्युच्यते -जिनेन्द्रबुद्धि, न्यास, पा.सू. ४.३.१०१)।

ब्रह्मा (ऋत्विक्) श्रौतयज्ञमा अथर्ववेद लगायत चारै वेदसँग सम्बद्ध तोकिएका विषयको निरीक्षण, निर्देशन, परिमार्जन गर्ने र यज्ञमा अनायास उत्पन्न हुन सक्ने कुनै घटनाको समाधान गर्ने वा त्यसको लागि निर्देश दिने यज्ञको अध्यक्ष ब्रह्मगणको प्रमुख अथर्ववेदी (यथासम्भव चारै वेदको ज्ञाता) ऋत्विक्लाई ब्रह्मा भनिन्छ।

ब्राह्मण (ग्रन्थ) ब्रह्मको (मन्त्ररूप वेदको वा यज्ञको) व्याख्या गर्ने ग्रन्थलाई ब्राह्मण भनिन्छ । यसअतिरिक्त संस्कृत भाषामा जातिवाचक र विशेषणबोधक ब्राह्मण शब्द पनि प्रयुक्त भएका पाइन्छन् । ब्राह्मणग्रन्थ पनि संहिताजस्तै चार वेद र तिनका शाखाका आधारमा भिन्नाभिन्नै हुने गर्छन् ।

भाष्य (व्याख्या) वेद, वेदाङ्ग इत्यादि ग्रन्थमा रहेका मन्त्र, वाक्य, सूत्र इत्यादिको अर्थ र भाव स्पष्ट हुने गरी लेखिएको विस्तृत व्याख्या वा विवरणलाई भाष्य भनिन्छ । यस्ता भाष्यको रचना गर्ने विशिष्ट विद्वान् वा आचार्यलाई **भाष्यकार** वा व्याख्याता भनिन्छ ।

मण्डल (ग्रन्थविभाग) विभिन्न ऋषिद्वारा दृष्ट (साक्षात्कार गरिएका) अनेक सूक्तहरूको एकर्षिकर्तृक (एउटा निश्चित ऋषिद्वारा गरिएको) सङ्ग्रहलाई मण्डल भनिन्छ । अर्थात् ऋग्वेदसंहिताका प्रमुख दुई विभागमध्ये एउटा अष्टकको क्रम र अर्को मण्डलको क्रम हो । दोस्रो क्रममा सबैभन्दा ठूलो विभाग मण्डल हो भने यसअन्तर्गतका अनुवाक, सूक्त र ऋचा क्रमशः साना विभाग हुन् । ऋग्वेदसंहितामा १० मण्डल छन् ।

मन्त्र (वेदका वाक्य) यज्ञमा आवश्यक पर्ने द्रव्य, देवता, क्रिया इत्यादि कुराको सङ्केत गर्ने; प्राचीन कालदेखि नै विभिन्न किसिमका श्रौत-स्मार्त कर्ममा प्रयोग हुँदै आएका; याज्ञिकहरूले मन्त्रका रूपमा स्विकारेका; विशेषतः वेदका संहिताग्रन्थमा सङ्कलित; अति प्राचीन कालदेखि गुरु-शिष्य-परम्पराबाट मात्र पढिँदै र संरक्षित हुँदै आएका; ऋक्, यजुः र साम गरी तीन स्वरूपमा विभक्त वेदका वाक्यलाई मन्त्र भनिन्छ । यिनै मन्त्रहरू सङ्ग्रह गरिएको ग्रन्थलाई **मन्त्रसंहिता** वा **संहिता** भनिन्छ ।

मन्वन्तर (काल) एक कल्पका १४ मनुमध्येका कुनै एक मनुको प्रजापालनको काल अर्थात् एकहत्तर महायुगको (चतुर्युगीको) समयलाई मन्वन्तर भनिन्छ । यो अवधि ३०,६७,२०,००० मानुषवर्षको हुन्छ ।

महायुग (काल) सत्य, त्रेता, द्वापर र कलियुगको समय जोड्दा हुने अवधि अर्थात् त्रिचालीस लाख बीस हजार मानुषवर्षको अवधिलाई महायुग वा **चतुर्युगी** भनिन्छ ।

यजुः/यजुष् (मन्त्र) अर्थअनुसार पादविभाग नभएका, प्रत्येक पादमा (पाउमा) यति नै अक्षर हुनुपर्ने भन्ने निश्चित नियममा नबाँधिएका किन्तु अक्षरगणनाका आधारमा छन्दको निर्देश भएका गद्यात्मक मन्त्रलाई यजुः वा **यजुर्मन्त्र** भनिन्छ ।

यजुर्वेद (संहिता) धेरै यजुः (गद्यात्मक मन्त्र) र केही ऋचा (पद्यात्मक मन्त्र) भएको वेदलाई यजुर्वेद वा **यजुर्वेदसंहिता** भनिन्छ ।

यज्ञ (कर्म) अग्नि, इन्द्र, सोम इत्यादि देवतालाई उद्देश गरेर घिउ, दूध, चरु इत्यादि

द्रव्यको (हविको) विधिपूर्वक अग्निमा त्याग गर्ने क्रियालाई यज्ञ वा **याग** भनिन्छ।

याग (कर्म) होताले पुरोऽनुवाक्या र वषट्कारसहितको याज्या पढेपछि अग्निको यजतिस्थानमा खडा भइरहेको अध्वर्युले देवतालाई हवि अर्पण गर्ने (होम गर्ने) क्रियालाई याग भनिन्छ। अर्थात् पुरोऽनुवाक्या, याज्या र वषट्कारको ('वौ३षट्'को) पाठसहित भुइँमा खडा भएर गरिने होमलाई याग भनिन्छ[३]।

याज्या (ऋचा) दर्शपौर्णमासादि श्रौतयागमा मन्त्रको आरम्भमा 'ये३ यजामहे' र अन्त्यमा 'वौ३षट्' (वषट्कार) जोडेर देवतालाई हविः प्रदान गर्नका लागि होताद्वारा पढिने आधा वा पूर्ण ऋचालाई याज्या भनिन्छ।

योनिऋक् (ऋचा) जुन-जुन ऋचाहरूमा लयविशेषको उत्पत्ति वा विशेष सम्बन्ध हुन्छ त्यस्ता ऋचा अर्थात् जुन ऋचामा साम गाइन्छ ती ऋचालाई योनिऋक् वा **सामयोनि ऋचा** भनिन्छ।

रहस्यगान (साम) -हेर्नुहोस् : ऊह्यगान।

वर्ग (ऋचाको समूह) सजातीय समूह, ग्रन्थका परिच्छेद, सर्ग, प्रकरण इत्यादिलाई वर्ग भनिन्छ। ऋग्वेदसंहितामा अध्यायअन्तर्गतका निश्चित ऋचाको समूहलाई वर्ग भनिएको छ। समग्र ऋग्वेदसंहितामा २००६ वर्ग छन्।

विकृतिपाठ (मन्त्रको) विकृति भनेको स्वाभाविक वा प्राकृतिक रूपमा आएको विकार वा रूपान्तरण हो । वेदपाठका सन्दर्भमा विकृतिपाठ भनेको संहितापाठ वा मन्त्रपाठलाई तोकिएका नियमअनुसार अनेक किसिमका परिवर्तन गरेर (मन्त्रका पदहरूलाई सुल्टो-उल्टो, तल-माथि इत्यादि निश्चित क्रमले) विभिन्न तौर-तरिकाबाट पढिने पदपाठ, क्रमपाठलगायत जटा, मालादि अष्टविकृतिको पाठलाई विकृतिपाठ भनिन्छ।

विधि (वाक्य) 'स्वशाखीय वेदको अध्ययन गर्नुपर्छ' (स्वाध्यायोऽध्येतव्यः -श.ब्रा. ११.५.६.३), 'चित्रा नक्षत्रमा अग्निको स्थापना गरोस्' (चित्रायामग्नी-ऽआदधीत -श.ब्रा. २.१.२.१३) इत्यादि कुनै कर्म गर्नका लागि आदेश, अरोट वा प्रेरणा दिने र '...यो काम गर्न/बोल्न हुँदैन' (...तदु तथा न कुर्यात् -श.ब्रा. १.७.१.३; ...तत्तथा न कार्यम् -तै.ब्रा. १.१.८.६) इत्यादि कुनै काम नगर्नका लागि निषेध गर्ने ब्राह्मणग्रन्थअन्तर्गतका (कुनै कर्मको विधान वा निषेध गर्ने) वाक्यलाई विधि वा **विधिवाक्य** भनिन्छ।

विनियोग (प्रयोग) कुन मन्त्र कुन कर्ममा केका लागि प्रयोग गर्ने (पढ्ने) हो भनी सम्बद्ध ब्राह्मण वा कल्पग्रन्थद्वारा निर्धारण गरिएको विधानलाई विनियोग भनिन्छ।

---

३. याज्यापुरोऽनुवाक्यापुरःसरं हूयमाना यागाः, तद्रहिता होमा इति तयोर्विवेकः -सायण, अ.सं. १७.१.१८ को भाष्यमा। द्र.- का.श्रौ. १.२.६।

वृत्ति (व्याख्या) कुनै पद, वाक्य, सूत्र, श्लोक वा ग्रन्थको अर्थ स्पष्ट हुने गरी रचना गरिएको सङ्क्षिप्त व्याख्यालाई वृत्ति वा **टीका** भनिन्छ।

वेद (शास्त्र) स्वरूपका आधारमा मन्त्र र ब्राह्मण (मन्त्रसंहिता र ब्राह्मणग्रन्थ) गरी **दुई** भागमा तथा प्रयोगका आधारमा ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी **चार** भागमा विभक्त एवं शाकल, बाष्कल, आश्वलायन, शाङ्खायन, काण्व, माध्यन्दिन, तैत्तिरीय, मैत्रायणीय, कठ, कपिष्ठल, कौथुम, जैमिनीय, राणायनीय, पैप्पलाद, शौनकीय इत्यादि अनेक शाखासहितको विशाल वाङ्मयलाई (गद्य-पद्यात्मक साहित्यलाई) वेद भनिन्छ।

वेदाङ्ग (शास्त्र) वेदको अध्ययन-अध्यापन गर्ने प्रक्रिया, वैदिक यज्ञका स्वरूप र तिनको अनुष्ठान गर्ने विधि, सामाजिक आचार-विचार, वैदिक शब्दहरूको स्वरूप, तिनको अर्थ र रहस्य बुझ्न सहयोगी भूमिका निर्वाह गर्ने शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष नामका छप्रकारका शास्त्रलाई वेदाङ्ग (वेदका अङ्ग), **षडङ्ग, षट्शास्त्र** इत्यादि भनिन्छ।

वेदि वा वेदी (स्थान) यथाविधि परिष्कृत गरी विभिन्न किसिमका यज्ञकर्म सम्पन्न गर्नका लागि तयार पारिएको भूमिलाई **वेदि** वा **वेदी** भनिन्छ।

वेयगान (साम) सामवेदसंहिताको पूर्वार्चिकका १-५ अध्यायमा सङ्कलित सामयोनिभूत ५८५ ऋचामा गाइने सामलाई वेयगान वा **ग्रामे गेयगान** वा **ग्रामगेयगान** भनिन्छ।

व्याकरण (शास्त्र) वैदिक र लौकिक-संस्कृतभाषामा प्रयुक्त शब्दहरूको प्रकृति-प्रत्यय केलाउँदै असाधु शब्दको निराकरण र साधु शब्दको पदस्वरूप निदर्शन गरी त्यसको अर्थनिश्चय गर्ने तेस्रो वेदाङ्गलाई व्याकरण वा व्याकरणशास्त्र भनिन्छ।

व्रत (नियम) व्रत भनेको शास्त्रद्वारा घोषित नियम हो जसलाई **तप** पनि भनिन्छ।

शाखा (वैदिक वाङ्मय) परम्परागत रूपमा भिन्न तर एउटै वेदअन्तर्गतको मन्त्रसंहिता, ब्राह्मणग्रन्थ (आरण्यक र उपनिषद्सहित), शिक्षा, कल्पसूत्र इत्यादिले युक्त वाङ्मयलाई वेदका शाखा भनिन्छ।

शिक्षा (शास्त्र) वेदको अध्ययन गर्ने विधि, गुरु र शिष्यले पालन गर्नुपर्ने नियमजस्ता विभिन्न विषयको उपदेशसहित विशेषतः वेदका मन्त्रमा रहेका स्वर र वर्णको यथार्थ उच्चारण गर्न सिकाउने शास्त्रलाई शिक्षा[४] वा **शिक्षाशास्त्र** भनिन्छ। शिक्षाग्रन्थ चार वेद र तिनका शाखाअनुसार प्रायः भिन्नाभिन्नै उपलब्ध हुन्छन्।

शुल्बसूत्र (ग्रन्थ) प्रायः डोरीबाट (शुल्बबाट) मापन गरिने विषयहरू सूत्रात्मक शैलीमा वर्णन गरिएका श्रौतसूत्रका परिशिष्ट-ग्रन्थलाई शुल्बसूत्र भनिन्छ। शुल्बसूत्रहरू

४. शिक्षा स्वरवर्णोच्चारणोपदेशकं शास्त्रम् -वर्गद्वयवृत्ति, ऋ.प्रा., सू. ४ को व्याख्या।

ज्यामितिक विद्या वा रेखागणितका प्रतिपादक सर्वप्राचीन ग्रन्थ हुन्।

श्मशान (स्थल) मुर्दा पोलिएको स्थान, चिताको भूमि, चिति वा स्थण्डिल। हेर्नुहोस् : अग्निचयन र स्थण्डिल पदार्थ।

श्रुतर्षि (व्यक्ति) मन्त्रको श्रवणपछि धर्मको ज्ञान गर्न सक्ने ऋषिलाई श्रुतर्षि भनिन्छ।

श्रुति (वेद) गुरु-शिष्य-परम्पराअनुसार (गुरुले शिष्यलाई, शिष्यले पनि उसका शिष्यलाई सुनाउने र कण्ठस्थ गर्ने परम्पराअनुसार) अति प्राचीन कालदेखि वर्तमानसम्म पनि अविच्छिन्न रूपमा गुरुका मुखबाट नै सुनिँदै र अध्ययन गरिँदै आएको शब्दराशि हुनाले वेदलाई 'श्रुति' भनिएको हो। गुरुले मन्त्र सुनाएपछि मात्र शिष्यले सुन्ने परम्परामा सुरक्षित हुँदै आएको शब्दराशि हुनाले वेदलाई नै **'अनुश्रव'** पनि भनिन्छ।

श्रौत अग्नि (देवता) श्रौतसूत्रमा बताइएको विधानअनुसार स्थापना गरिएका गार्हपत्य, आहवनीय र दक्षिणाग्नि नामका तीन अग्निलाई (अवस्था हेरी 'सभ्य' अग्निसमेतलाई) श्रौत अग्नि भनिन्छ।

श्रौतकर्म (याग) श्रुतिअर्थात् मन्त्रसंहिता र ब्राह्मणग्रन्थमा विधान गरिएका (बताइएका) अथवा श्रुतिसँग साक्षात् सम्बन्ध भएका अग्न्याधान, अग्निहोत्रजस्ता कर्मविशेषलाई **श्रौतयाग** वा **श्रौतकर्म** भनिन्छ भने यस्ता कर्मका प्रतिपादक शास्त्रलाई **श्रौतकल्प** वा **श्रौतसूत्र** भनिन्छ।

श्रौतकल्प (शास्त्र) -हेर्नुहोस् : श्रौतकर्म।

श्रौतयाग (कर्म) -हेर्नुहोस् : श्रौतकर्म।

श्रौतसूत्र (ग्रन्थ) -हेर्नुहोस् : श्रौतकर्म।

संहिता (ग्रन्थ) वैदिक ग्रन्थका प्रसङ्गमा वर्ण वा पदहरूको सन्धि गरेर लगातार पढिने मन्त्रहरूको एकीकृत सङ्ग्रह वा सङ्कलनलाई संहिता वा **मन्त्रसंहिता** भनिन्छ। यस्ता संहिता वेदका सङ्ख्याका आधारमा ऋक्, यजुः, साम र अथर्व गरी चारवटा तथा तिनका शाखाका आधारमा शैशिरीय-शाकल-ऋग्वेद-संहिता, आश्वलायन-ऋग्वेद-संहिता, कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहिता, शुक्लयजुर्वेदीय-माध्यन्दिनसंहिता इत्यादि नामबाट अनेकथरि उपलब्ध छन्।

संहितापाठ (मन्त्रपाठ) वैदिक मन्त्रमा रहेका वर्ण, पद इत्यादिमध्ये प्रत्येक पूर्ववर्ती (अघिल्लो) वर्ण वा पद र उत्तरवर्ती (पछिल्लो) वर्ण वा पदका बीचमा सन्धि गरेर लगातार (मन्त्रपाठ आरम्भ गरेपछि विश्रामस्थल वा मन्त्रको समाप्तिसम्म नरोकिईकन) पढिने पाठलाई संहितापाठ वा **मन्त्रपाठ** भनिन्छ। पद, क्रम, जटा इत्यादि विकृतिपाठ संहितापाठमा नै आधारित भएर पढिने भएकाले अर्थात् सबै विकृतिपाठको पहिलो वा प्रकृति संहितापाठ भएकाले

यसलाई **प्रकृतिपाठ** पनि भनिन्छ।

साम (मन्त्र) मूलतः ऋचामा गीति वा लयविशेषको योग भई ऋचाले गानरूपता प्राप्त गरेपछि सुनिने गीति वा लयविशेषलाई 'साम' भन्नुपर्ने भए पनि सामवेद-आर्चिक-संहितामा पढिएका गीतिरहित ऋचालाई समेत **साममन्त्र** भन्ने गरिन्छ।

सामवेद (संहिता) गीतिविशेषमा (निश्चित लयमा) ढालेर गाउन मिल्ने ऋचाहरू धेरै भएको वेदलाई सामवेद वा **सामवेदसंहिता** भनिन्छ। यस वेदका गान-संहिताहरू वेयगान, आरण्यगान, ऊहगान र ऊह्यगानका नामले चिनिन्छन्।

सूक्त (ऋचाको समूह) सूक्तको शाब्दिक अर्थ राम्रो वा असल उक्ति (सुष्ठु उक्तम्) भन्ने भए पनि वैदिक ग्रन्थका प्रसङ्गमा सूक्त भनेको अनुवाक वा अध्यायअन्तर्गतका सामान्यतः एउटै देवता भएका र एउटै विषयका प्रतिपादक ऋचा, मन्त्र वा कण्डिकाहरूको निश्चित वर्ग वा समूह हो। शौनकीय बृहद्देवतामा वेदका (ऋषिका) समग्र वाक्यलाई सूक्त भन्दै देवता, ऋषि, अर्थ (विषयवस्तु) र छन्दका आधारमा सूक्तका विभिन्न प्रकार देखाइएको छ (सम्पूर्णमृषिवाक्यं तु सूक्तमित्यभिधीयते... -१.१३-१६। द्र.- आर्यविद्यासुधाकर, पृ. २९-३०)।

सूत्र (लघु कथन) सबैतिरबाट सार सङ्ग्रह गरी स्वल्प अक्षरमा (छोटा र खँदिला वाक्यमा) निबद्ध निरर्थकता (स्तोभ), सन्देहजस्ता दोषबाट मुक्त वाक्य वा कथनलाई सूत्र भनिन्छ।

सोमयाग (यज्ञ) जुन यज्ञमा सोमरस (सोमसंज्ञक लताको रस) प्रधान द्रव्य (हवि) हुन्छ त्यस्तो यज्ञलाई सोमयाग भनिन्छ[५]।

स्तोभ (अक्षर) स्तोभ भनेका सामगानका अवसरमा ऋक्-अक्षरभन्दा भिन्न रूपमा उच्चरित हुने 'औ, हौ, ओ, होइ, वा' इत्यादि अक्षर हुन्। सामगानमा प्रयुक्त ऋग्व्यतिरिक्त सबै सार्थक वा निरर्थक ध्वनिलाई **'अक्षर'** भनिन्छ[६]। स्तोभ सार्थक र निरर्थक गरी दुई किसिमका हुन्छन्। नृमणे, निधीमहि इत्यादि सार्थक स्तोभ हुन् भने हाई, हाउ, औहो, वाई इत्यादि निरर्थक स्तोभ हुन्।

स्थण्डिल (स्थान) सामान्यतः अन्य भूमिभन्दा न्यूनतम चार अङ्गुल उँचो र १८ अङ्गुल चाक्लो होमादि नित्य-नैमित्तिक कर्म सम्पन्न गर्नका लागि माटो वा इयद्वारा तयार पारिएको परिष्कृत चारकुने उच्च भूमिलाई **स्थण्डिल** भनिन्छ।

स्मार्तकर्म (यज्ञ) श्रुति अर्थात् वेदमा प्रत्यक्ष विधान नगरिएका तर कहीं कहीं

---

५. अत्र बहूनामिष्टिपशूनां सत्यप्यनुष्ठाने तेषामङ्गत्वात् सोमद्रव्यकयागस्यैव प्राधान्यात् 'सोमयाग' इति व्यवहारः -चिन्नस्वामी, यज्ञ.प्र., पृ. ४९।

६. अनृगाद्यक्षरम् -अक्षरतन्त्र १.१.१।

साङ्केतिक रूपमा उपलब्ध हुने केही कर्म र विभिन्न शाखा-परम्पराका आधारमा पूर्वर्षिहरूद्वारा स्मरण गरिएका (स्मृतिपूर्वक सङ्कलन गरिएका) गर्भाधान, पुंसवन, चूडा, उपनयन लगायतका संस्कार र स्नान, सन्ध्योपासन, श्राद्धजस्ता कर्मविशेषलाई **स्मार्तयाग** वा **स्मार्तकर्म** भनिन्छ। यस्ता याग वा कर्म गृह्य अग्निमा (आवसथ्य अग्निमा) अनुष्ठित हुने भएकाले यिनैलाई **गृह्यकर्म** पनि भनिन्छ । यस्ता कर्मका प्रतिपादक शास्त्रलाई **स्मार्तकल्प** भनिन्छ भने यी कर्म सूत्रात्मक शैलीमा निबद्ध गरिएका ग्रन्थलाई **गृह्यसूत्र** वा **स्मार्तसूत्र** पनि भनिन्छ।

स्मार्तकल्प (शास्त्र) -हेर्नुहोस् : स्मार्तकर्म।

स्मार्तयाग (कर्म) -हेर्नुहोस् : स्मार्तकर्म।

स्मार्तसूत्र (ग्रन्थ) -हेर्नुहोस् : स्मार्तकर्म।

स्वाध्याय (वेद) आ-आफ्ना शाखापरम्परासँग सम्बद्ध वेदलाई (ऋक्, यजुः, साम र अथर्वमध्ये कुनै पनि वेदका शाखाविशेषलाई) स्वाध्याय भनिन्छ।

हवि (द्रव्य) श्रौत वा स्मार्तयज्ञको अग्निकुण्डमा यथाविधि आहुति दिइने (हवन गरिने) घिउ, दूध, चरु इत्यादि हवनीय द्रव्यलाई हवि भनिन्छ।

होता (ऋत्विक्) श्रौतयज्ञमा ऋग्वेदसँग सम्बद्ध तोकिएका ऋचाहरूको पाठ (शस्त्रपाठ) गर्ने होतृगणको प्रमुख ऋग्वेदी ऋत्विक्लाई होता भनिन्छ।

होम (क्रिया) भुइँमा बसेर स्वाहाकारको पाठसहित देवतालाई हवि अर्पण गर्ने क्रियालाई होम भनिन्छ (द्र.- का.श्रौ. १.२.७)।

परिशिष्ट : ३
प्रमुख आधारग्रन्थ र सन्दर्भग्रन्थ

[प्रस्तुत ग्रन्थ तयार गर्दा एउटै ग्रन्थका अनेकौं संस्करण हेरिए पनि यहाँ तिनका केही प्रतिनिधि संस्करणमात्र उल्लिखित छन् । त्यसैले ऋग्वेदादि संहिताग्रन्थ, ब्राह्मणग्रन्थ, शिक्षा-प्रातिशाख्य, श्रौतसूत्र, गृह्यसूत्र, व्याकरण, निरुक्त, ज्योतिष र विभिन्न परिशिष्टग्रन्थका अन्य संस्करण मूलभागबाट नै हेर्नुहुन जिज्ञासु पाठकवर्गलाई अनुरोध गरिन्छ।]

अक्षरतन्त्र (वृत्तिसहित), सम्पा. डा. श्रीकृष्ण शर्मा, निर्मल पब्लिकेशन्स, दिल्ली, सन् १९९४।

अथर्वप्रातिशाख्य, सम्पा. सूर्यकान्त, मेहरचन्द लछमनदास, दिल्ली सन् १९६८।

अथर्ववेद (शौनकीय-संहिता, १-४ भाग, सायणभाष्यसहित), सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, सन् १९६०-१९६४।

अथर्ववेदपरिशिष्ट, सम्पा. रामकुमार राय, चौखम्भा ओरियन्टालिया, वाराणसी सन् १९७६।

अथर्ववेदभाष्यभूमिका, सम्पा. वामदेव मिश्र, गीता संस्कृत प्रकाशन, वाराणसी, सन्१९७८।

अथर्ववेदसंहिता (सायणभाष्य र पदपाठसहित, १-४ भाग), सम्पा. पं. शङ्कर पाण्डुरङ्ग, निर्णयसागर मुद्रणालय, मुम्बयी, सन् १८९५-१८९८।

अथर्ववेदसंहिता (सायणभाष्य र भाषानुवादसहित, १-८ भाग), सम्पा. पं. रामस्वरूपशर्मा गौड, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९०।

अथर्ववेदसंहिता (५, ९, १०, १२-१६ र २० काण्डमा स्वामी गङ्गेश्वरानन्दको भाष्यसहित, १-६ भाग), सम्पा. गोविन्दानन्द, नवलकिशोर इत्यादि, सद्गुरु गङ्गेश्वर इण्टरनेशनल वेदमिशन, बम्बई, वि.सं. २०४०-२०४१।

अथर्ववेदीय-पञ्चपटलिका, सम्पा. पं. भगवद्दत्त, मेहरचन्द लछमनदास पब्लिकेशन्स, दिल्ली, सन्१९८५।

अथर्ववेदीय-बृहत्सर्वानुक्रमणिका, सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द संस्थान, होशिआरपुर, सन्१९६६।

अथर्ववेदीया चतुरध्यायिका (संस्कृत र हिन्दी व्याख्यासहित), सम्पा. तथा व्याख्याकार : डा. जमुना पाठक, वाणी मन्दिर, नई सडक, वाराणसी, सन् १९९८।

अथर्ववेदीया पैप्पलादसंहिता (१-२ भाग), सम्पा. आचार्य रघुवीर, सरस्वती विहार, लवपुर (लाहोर), सन् १९३६ र १९४०।

अथर्ववेदीया पैप्पलादसंहिता (१-३ भाग), सम्पा. दीपक भट्टाचार्य, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९९७, २००८ र २०११।

अथर्ववेदीया माण्डूकी शिक्षा, सम्पा. पं. भगवद्दत्त, पाणिनि वैदिक ग्रन्थमाला ८, दिल्ली, सन्१९८२।

अनुग्राहिक (कृष्णजुर्वेदीय मैत्रायणीय परिशिष्ट), सम्पा. पं. भगवद्दत्त तथा विद्याधर, लाहोर, वि.सं. १९९९ ।

अमरकोश (रामाश्रमी-व्याख्या र हिन्दी टिप्पणीसहित), सम्पा. हरगोविन्द शास्त्री, चौखम्बा विद्याभवन, वारा., सन् २००८ ।

अर्थसङ्ग्रह (संस्कृत-हिन्दी व्याख्यासहित), सम्पा. पट्टाभिराम शास्त्री, चौखम्बा ओरियन्यलिया, वाराणसी, सन् १९८३ ।

आग्निवेश्यगृह्यसूत्र (मूलमात्र), सम्पा. रवि वर्मा, त्रिवेन्द्रम् संस्कृत सीरीज, त्रिवेन्द्रम्, सन् १९४० ।

आथर्वण-ज्योतिष, सम्पा. पं. भगवद्दत्त, पञ्चनदीय संस्कृत ग्रन्थमाला, लाहोर, सन् १९२४ ।

आपस्तम्बगृह्यसूत्र (अनाकुला र तात्पर्यदर्शनभाष्यसहित), सम्पा. पं. चिन्नस्वामी शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९२८ ।

आपस्तम्बधर्मसूत्र (हरदत्तको उज्ज्वलावृत्तिसहित), सम्पा. चिन्नस्वामी शास्त्री र पं. अ. रामनाथ शास्त्री, चौखम्बा सं. सीरीज, बनारस, सन् १९३२ ।

आपस्तम्बशुल्बसूत्र (कपर्दिस्वामी, करविन्द स्वामी र सुन्दरराजका व्याख्यासहित), सम्पा. डी. श्रीनिवासाचार र विद्वान् एस. नरसिंहाचार, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९३१ ।

आपस्तम्बश्रौतसूत्र (रुद्रदत्तको वृत्तिसहित, १-३ खण्ड), सम्पा. रिचर्ड गार्बे, बिब्लियोथिका इण्डिका ग्रन्थमाला, कलकत्ता, सन् १८८२-१९०२ ।

आपस्तम्बश्रौतसूत्र (धूर्तस्वामीको भाष्य, रामाग्निचित्को वृत्ति र रुद्रदत्तको टिप्पणीसहित, १-३ भाग, प्रश्न १-१०), सम्पा. नृसिंहाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९४४-१९६० ।

आपस्तम्बश्रौतसूत्र (धूर्तस्वामीको भाष्यसहित, १-२ भाग), सम्पा. चिन्नस्वामी शास्त्री र पट्टाभिराम शास्त्री ओरियन्टल इंस्टिट्युट, बरोडा, सन् १९५५ र १९६३ ।

आर्यविद्यासुधाकर, भट्ट यज्ञेश्वर शर्मा, सम्पा. डा. मङ्गलदेव शास्त्री, मोतीलाल बनारसीदास, लाहोर, सन् १९४० ।

आर्षानुक्रमणी (हिन्दी अनुवाद तथा ऋषिसूचीसहित), सम्पा. उमेशचन्द्र शर्मा, विवेक प्रकाशन, अलीगढ, सन् १९८२ ।

आर्षेयकल्प [मशककल्प], वरदराजको विवृत्तिसहित, सम्पा. बी. आर. शर्मा, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशियारपुर, सन् १९६७ । पु.मु., १९७५ ।

आश्वलायनगृह्यसूत्र (देवस्वामिभाष्यसहित), सम्पा. पं. के.पी. ऐथल, अड्यार पुस्तकालय, मद्रास, सन् १९८० ।

आश्वलायनगृह्यसूत्र (नारायणभाष्यसहित), सम्पा. पुरुषोत्तम शास्त्री रानाडे, आनन्दाश्रम

मुद्रणालय, पुणे, सन् १९३६। पुनर्मुद्रण : सम्पा. गणपत राव र यादव राव, सन् १९७८।

आश्वलायनगृह्यसूत्र (हरदत्तभाष्यसहित), सम्पा. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९२३।

आश्वलायनशाखीया ऋग्वेदसंहिता (पदपाठयुता, १-२ भाग), सम्पा. प्रो. व्रजबिहारी चौबे, इन्दिरागान्धी राष्ट्रीय कला केन्द्र, नयाँ दिल्ली, सन् २००९।

आश्वलायनश्रौतसूत्र (नारायणवृत्तिसहित), सम्पा. रामनारायण विद्यारत्न, एशियाटिक सोसाइटी, कलकत्ता, प्रथम संस्क. सन् १८६४-७४, पुनर्मुद्रण सन् १९८९।

आश्वलायनश्रौतसूत्र (नारायणवृत्तिसहित), सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम, पूना, सन् १९१७।

आश्वलायनश्रौतसूत्र (नारायणवृत्तिसहित), सम्पा. पं. पट्टाभिराम शास्त्री र रामनाथ दीक्षित, लालबहादुर शास्त्री संस्कृत विद्यापीठ, दिल्ली, सन् १९८४-१९८५।

ईशाद्यष्टोत्तरशतोपनिषदः, सम्पा. वासुदेवशर्मा, चौखम्बा विद्याभवन, वाराणसी सन् १९९१।

उणादिवृत्ति (दशपादी), सम्पा. युधिष्ठिर मीमांसक, साङ्ग वेद विद्यालय, पञ्जाब, लाहोर, सन् १९४३।

उणादिसूत्राणि (पञ्चपादी) [श्वेतवनवासीको वृत्तिसहित, भाग १], सम्पा. ति. रा. चिन्तामणि, मद्रास विश्वविद्यालय, मद्रास, प्र.सं. सन् १९३३। पुनर्मुद्रण : नवरङ, नई दिल्ली, सन् १९९२।

उपनिदानसूत्र, सम्पा. मङ्गलदेव शास्त्री, सरस्वती भवन, वाराणसी, सन् १९३१।

उपनिषद्युगीन संस्कृति, डा. वेदवती वैदिक, नाग पब्लिशर्स, दिल्ली, सन् २००३।

उपनिषद्वाक्यमहाकोश, सम्पा. गजानन शम्भु शास्त्री, अड्यार पुस्तकालय, मद्रास, पुनर्मुद्रण : के. सी. पब्लिशर्स, दिल्ली, सन् १९९०।

ऋक्तन्त्र (सामप्रातिशाख्य) [अज्ञातकर्तृक वृत्ति, विवृत्ति, हरदत्तकृत सामवेद-सर्वानुक्रमणी र अंग्रेजी भूमिकासहित], मेहरचन्द लछ्मनदास, लाहोर, प्रथम संस्करण सन् १९३३, पुनर्मुद्रण : दिल्ली, सन् १९७०।

ऋग्वर्णलक्षण (नरसिंह सूरिको स्वकीय व्याख्यासहित), सम्पा. बालकृष्णाचार्य, अड्यार पुस्तकालय, मद्रास, सन् १९५९।

ऋग्वेद (शैशिरीय-शाकलशाखीय-ऋग्वेदसंहिता, स्कन्दस्वामी, उद्गीथ, वेङ्कटमाधव र मुद्गलका यथोपलब्ध भाष्यसहित, १-८ भाग), सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, पञ्जाब, सन् १९६३-१९६६।

ऋग्वेदप्रातिशाख्य (उवटभाष्य र हिन्दी अनुवादसहित), अनु. डा. वीरेन्द्रकुमार वर्मा, चौखम्बा

संस्कृत प्रतिष्ठान, दिल्ली, द्वि.सं. सन् १९८६।

ऋग्वेदसंहिता (शैशिरीय-शाकलशाखीय, सायणभाष्य र पदपाठसहित, १-४ भाग), सम्पा. नारायण शर्मा सोनटक्के, चिन्तामणि गणेश काशीकरलगायत, वैदिक संशोधन मण्डल, पूना, सन् १९३३-१९४६।

ऋग्वेदसंहिता (मूलमात्र, अनेक परिशिष्टसहित), सम्पा. सातवलेकर-कुलज दामोदर भट्टका पुत्र भट्टाचार्य श्रीपाद शर्मा, प्रकाशक : वसन्त श्रीपाद सातवलेकर, स्वाध्यायमण्डल, औन्ध-नगर (सातारा-प्रदेश), सन् १९४०।

ऋग्वेदसंहिता (सायणभाष्य र भाषानुवादसहित १-९ भाग), रामगोविन्द त्रिवेदी, चौखम्बा विद्याभवन, वाराणसी, पुनर्मुद्रण सन् २००७।

ऋग्वेदसर्वानुक्रमणी [भूमिका, सर्वानुक्रमणी, अनुवाकानुक्रमणी, काण्डानुक्रमणी, 'वेदार्थदीपिका' वृत्ति, विविध परिशिष्ट र शब्दसूचीसहित], सम्पा. ए.ए. म्याक्डोनल अक्सफोर्ड, सन् १८८६। **महर्षि-कात्यायन-विरचिता ऋग्वेदसर्वानुक्रमणी शौनककृताऽनुवाकानुक्रमणी च**, सम्पा. उमेशचन्द्र शर्मा शास्त्री, विवेक प्रकाशन, अलीगढ, सन् १९७७।

ऋग्वेदादिभाष्यभूमिका, दयानन्द सरस्वती, सम्पा. युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, सोनीपत, वि.सं. २०५९।

ऐतरेयारण्यक (सायणभाष्यसहित), सम्पा. बाबा शास्त्री फडके, आनन्दाश्रम, सन् १८९८।

ऐतरेयब्राह्मण (सायणभाष्यसहित, १-४ भाग), सम्पा. पं. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८९५-१९०६।

ऐतरेयब्राह्मण (षड्गुरुशिष्यकृत 'सुखप्रदा'वृत्तिसहित, १-३ भाग), सम्पा. अनन्तकृष्ण शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम् (केरल), सन् १९४२, १९५२ र १९५५।

ऐतरेयब्राह्मण (सायणभाष्यसहित १-२ भाग), सम्पा. काशीनाथ शास्त्री आगाशे, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १८९६।

ऐतरेयब्राह्मण (सायणभाष्य र हिन्दी व्याख्यासहित, १-२ भाग), सम्पा. सुधाकर मालवीय, तारा प्रिंटिंग वर्क्स, वाराणसी, सन् १९८०।

कर्मप्रदीप [छन्दोगपरिशिष्ट] १-२ भाग, नारायणोपाध्यायको 'परिशिष्टप्रकाश' र 'प्रभा' व्याख्यासहित, सम्पा. चन्द्रकान्त तर्कालङ्कार, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९०९ र १९२३।

कल्पसूत्र (वैदिक वाङ्मय का विवेचनात्मक बृहद् इतिहास : सप्तम खण्ड), कुन्दनलाल शर्मा, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होश्यारपुर (पञ्जाब) सन् १९८१।

कल्याण (वेद-कथाङ्क) वर्ष ७३, सङ्ख्या १-२, कल्याण कार्यालय, गोरखपुर, सन् १९९९।

काठकसङ्कलन, सम्पा. सूर्यकान्त, मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८१।

काण्वशतपथम् [वाजसनेयि-काण्व-शतपथब्राह्मण] (मूलमात्र, संशोधित आवृत्ति), सम्पा. पिंपलापुरे-कुलज वामनपुत्र गुणाकर, महर्षि सान्दीपनि राष्ट्रीय वेद विद्या प्रतिष्ठान, उज्जैन, सन् २००२, द्वि.सं. २००५।

कातन्त्रव्याकरण (शर्मवर्माद्वारा सङ्क्षेपित, दुर्गसिंहको वृत्तिसहित), सम्पा. जुलियस एगलिङ, एशियाटिक सोसाइटी अफ बंगाल, सन् १८७४।

कातीयगृह्यकारिका, रेणु दीक्षित, जयपुर, राजस्थान, सन् १९८९।

कात्यायनगृह्यसूत्र, सम्पा. युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, बहालगढ (सोनीपत-हरयाणा), सन् १९८३।

कात्यायनशुल्बसूत्र (कर्क र महीधरको भाष्यसहित), वाराणसी। कर्कभाष्यसहित, सम्पा. गोपाल शास्त्री नेने, चौखम्बा मुद्रणालय, वाराणसी, सन् १९३६।

कात्यायनश्रौतसूत्र (कर्क र देवयाज्ञिकभाष्यको सारसहित), सम्पा. ए. वेबर, चौखम्बा संस्कृत सीरीज, वारा., सन् १९७२।

कात्यायनश्रौतसूत्र (विद्याधरवृत्तिसहित), चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९०।

कात्यायनीयछन्दःसूत्र, लेखक तथा सम्पा. डा. श्रीकिशोर मिश्र, आचार्य गोपालचन्द्रमिश्र ग्रन्थमाला ४, वाराणसी, वि.सं. २०४७।

कात्यायनीयपरिशिष्टदशक ('विषमपदालङ्क्रिया' भाष्यसहित), सम्पा. पं. श्रीधर अण्णा शास्त्री वारे, याज्ञवल्क्य आश्रम, पूना, सन् १९५८।

काशिका (न्यास, पदमञ्जरी र 'भावबोधिनी' हिन्दी व्याख्यासहित, १-१० भाग), सम्पा. जयकृष्णलाल त्रिपाठी र सुधाकर मालवीय, तारा बुक एजेन्सी, वाराणसी, वि.सं. २०४१-२०५७।

काशिकाविवरणपञ्जिका (जिनेन्द्रबुद्धिप्रणीत, १-३ भाग), सम्पा. श्रीशचन्द्र चक्रवर्ती भट्टाचार्य, द वारेन्द्र रिसर्च सोसाइटी, बंगाल, सन् १९१६-१९२५।

काश्यपधर्मसूत्र, सम्पा. ति. रा. चिन्तामणि, जर्नल अफ ओरियन्टल रिसर्च, मद्रास, सन् १९३९।

कूर्मपुराण, सम्पा. रामशङ्कर भट्टाचार्य, Dandolamjikla Book House, Varanasi 1967.

कृष्णयजुर्वेदीय **एकाग्निकाण्ड** (हरदत्त मिश्रको व्याख्यासहित), सम्पा. एल. श्रीनिवास आचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी सीरीज, मैसूर, सन् १९०२।

कृष्णयजुर्वेदीय-**तैत्तिरीय-आरण्यक** (सायणभाष्यसहित, १-२ भाग), सम्पा. बाबा शास्त्री फडके, आनन्दाश्रम, पुणे १९२६-१९२७।

कृष्णयजुर्वेदीय-तैत्तिरीयब्राह्मण (सायणभाष्यसहित १-३ भाग), सम्पा. नारायण शास्त्री गोडबोले, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १८९८ ।

कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहिता (विस्तृत भूमिकासहित, मूल), सम्पा. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, गुजरात, सन् १९९९ ।

कृष्णयजुर्वेदीय-तैत्तिरीयसंहिता (सायणभाष्यसहित १-९ भाग), सम्पा. काशीनाथ शास्त्री आगाशे, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९४०-१९५१ ।

कृष्णयजुर्वेदीया कपिष्ठलकठसंहिता (अपूर्ण), सम्पा. रघुवीर, मेहरचन्द लछमनदास, (प्र.सं., लाहोर, सन् १९३२) पुनर्मुद्रण : दिल्ली, सन् १९६८ ।

कौण्डिन्न्यायनशिक्षा, शिवराज आचार्य, स्वाद्ध्यायशाला, काठमाडौं, वि.सं. २०४९ ।

कौथुमगृह्यसूत्र, सम्पा. सूर्यकान्त, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९५६ ।

कौशिकगृह्यसूत्र (पीयूषकणिका-भाष्यसहित, प्रथम अध्याय), डा. श्रीकिशोरमिश्र, वाराणसी, सन् १९९८ ।

कौशिकसूत्र, सम्पा. मौरिस ब्लूमफील्ड, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९७२ ।

कौषीतकगृह्यसूत्र (भवत्रातभाष्यसहित), सम्पा. ति.रा. चिन्तामणि, मद्रास विश्वविद्यालय, मद्रास, सन् १९४४ ।

कौषीतकिब्राह्मण, सम्पा. बी. लिन्डनर, जेना, हरमान कोस्टेनोबल, सन् १८८७ ।

कौषीतकिब्राह्मणोपनिषद् (शङ्करानन्दको दीपिका र ई. बी. कोवेलको अंग्रेजी अनुवादसहित), सम्पा. ई. बी. कोवेल, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८६१ ।

क्षुद्रकल्प (श्रीनिवासको भाष्यसहित), सम्पा. बी. आर. शर्मा, पञ्जाब युनिभर्सिटी, होशियारपुर, सन् १९७४ ।

खादिरगृह्यसूत्र (रुद्रस्कन्दको व्याख्यासहित), सम्पा. ए. महादेव शास्त्री र एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९१३ ।

खादिरगृह्यसूत्र (पट्टाभिरामभाष्यसहित), सम्पा. पट्टाभिराम आर्य, आनन्दताण्डवपुरम्, मद्रास, सन् १९५५ ।

गरुडमहापुराण, सम्पा. पं. रामतेज पाण्डेय, चौखम्बा विद्याभवन, वाराणसी, सन् २०१४ ।

गृह्यासङ्ग्रह (गोभिलगृह्यपरिशिष्ट), सम्पा. चन्द्रकान्त तर्कालङ्कार भट्टाचार्य, एशियाटिक सोसाइटी, कलकत्ता, द्वि.सं. सन् १९१० ।

गोपथब्राह्मण (हिन्दी टीकासहित), सम्पा. डा. प्रज्ञादेवी एवं मेधादेवी, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९३ ।

गोभिलगृह्यपरिशिष्ट (प्रथम भाग), सम्पा. चन्द्रकान्त तर्कालङ्कार भट्टाचार्य, एशियाटिक सोसाइटी, कलकत्ता, द्वि.सं. सन् १९०९ ।

गोभिलगृह्यसूत्र (चन्द्रकान्तभाष्यसहित, १-२ भाग), सम्पा. चन्द्रकान्त तर्कालङ्कार, द एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १९०८ ।

गौतमधर्मसूत्र (मस्करीभाष्यसहित), सम्पा. एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९१७ ।

गौतमधर्मसूत्र (हरदत्तको मिताक्षरासहित), सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम, पूना, सन् १९१० र १९३१ ।

ग्रामगेयगानम् - आरण्यगानम्, सम्पा. नारायण स्वामी दीक्षित, स्वाध्यायमण्डल, पारडी, सन् १९५८ ।

चरणव्यूहसूत्र (शौनकीय) महिदासकृत भाष्यसहित, सम्पा. अनन्तराम शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९३८ ।

छन्दश्शास्त्र का उद्भव एवं विस्तार, लेखक तथा सम्पा. प्रो. श्रीकिशोर मिश्र सम्पूर्णानन्द सं.वि., वाराणसी, सन् २००६ ।

छान्दोग्योपनिषद् (सभाष्य), आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९३४ ।

जैमिनीय आर्षेयब्राह्मण, सम्पा. बी. आर. शर्मा, तिरुपति, प्रथम संस्क. सन् १९६७, पुनर्मुद्रण १९८४ ।

जैमिनीय-उपनिषद्ब्राह्मण अथवा **तलवकार-उपनिषद्ब्राह्मण,** सम्पा. पं. भगवद्दत्त, दयानन्द महाविद्यालय संस्कृत ग्रन्थमाला ३, लाहोर, सन् १९२१ ।

जैमिनीयगृह्यसूत्र, सम्पा. विलेम क्यालेन्ड, पञ्जाब ओरियन्टल सीरीज, लाहोर, सन् १९२२ । पुनर्मुद्रण : मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८४ ।

जैमिनीयन्यायमाला (१-३ अध्याय), सम्पा. पट्टाभिराम शास्त्री, चौखम्बा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०४७ ।

जैमिनीयब्राह्मण, सम्पा. रघुवीर तथा लोकेशचन्द्र, नागपुर, सन् १९५४ । पुनर्मुद्रण : मोतीलाल बनारसीदास, दिल्ली, सन् १९८६ र १९९६ ।

ज्योत्स्नावृत्ति (श्रीरामशर्माप्रणीत शुक्लयजुःप्रातिशाख्यको वृत्ति), सं. डा. युगलकिशोर मिश्र, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९८९ ।

ताण्ड्यमहाब्राह्मण (सायणभाष्यसहित, १-२ भाग), सम्पा. आनन्दचन्द्र वेदान्तवागीश, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८७० र १८७४ ।

तैत्तिरीय-आरण्यक (भट्टभास्करको भाष्यसहित, १-३ भाग), सम्पा. महादेव शास्त्री र के. रङ्गाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९००-१९०२ ।

तैत्तिरीय-उपनिषद् (सानुवाद शाङ्करभाष्यसहित), गीताप्रेस, गोरखपुर, वि.सं. २०५० ।

तैत्तिरीयप्रातिशाख्य (त्रिभाष्यरत्नटीकासहित), सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८७२ ।

तैत्तिरीयप्रातिशाख्य (त्रिभाष्यरत्न र वैदिकाभरण व्याख्यासहित), सम्पा. आर. शाम शास्त्री र कस्तूरि रङ्गाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी सीरीज, बिब्लियोथिका संस्कृत नं. ३३, मैसूर, सन् १९०६ ।

तैत्तिरीयब्राह्मण (भट्टभास्करको र केही माधवीय भाष्यसहित, १-४ भाग), सम्पा. ए. महादेव शास्त्री, आर. शाम शास्त्री र एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९०८, १९२१, १९११ र १९१३ ।

तैत्तिरीयसंहिता (भट्टभास्करको भाष्यसहित, १-१२ भाग), सम्पा. ए. महादेव शास्त्री र के. रङ्गाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १८९४-१८९८ ।

देवीभागवतपुराण, सम्पा. दौलतराम गौड, ठाकुरप्रसाद एण्ड सन्स, वाराणसी ।

द्राह्यायणश्रौतसूत्र [खादिरश्रौतसूत्र], धन्विन्भाष्यसहित, सम्पा. म. रामनाथ दीक्षित, The Grove, Madras, 1982.

द्राह्यायणश्रौतसूत्र [खादिरश्रौतसूत्र], धन्विन्भाष्यसहित, सम्पा. डा. बी. आर. शर्मा, गङ्गानाथ झा केन्द्रीय संस्कृत विद्यापीठ, प्रयाग, सन् १९८३ ।

द्राह्यायणगृह्यसूत्र (रुद्रस्कन्दभाष्यसहित), सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९१४ ।

धर्मशास्त्र का इतिहास (१-५ भाग), पाण्डुरङ्ग वामन काणे, अनु. अर्जुन चौबे काश्यप, उत्तर प्रदेश हिन्दी संस्थान, लखनऊ, प्र.सं. सन् १९६३-१९७३, चतुर्थ सं. सन् १९९२ (भाग १-२), २००३ (भाग ३) र २०१० (भाग ४-५) ।

धातुपाठ (पाणिनीय), रामलाल कपूर ट्रष्ट, अमृतसर, वि.सं. २०५२ ।

नारदीयशिक्षा (शिवराज आचार्यको संस्कृत र हिन्दी व्याख्यासहित), चौखम्बा विद्याभवन, वाराणसी, सन् २००२ ।

निघण्टुसमन्वित **निरुक्त** (भूमिका, अंग्रेजी अनुवाद, मूलभाग र विविध परिशिष्टसहित, १-३ भाग), सम्पा. लक्ष्मण सरुप, अक्सफोर्ड युनिभर्सिटी प्रेस र पञ्जाब युनिभर्सिटी, सन् १९२०-२१, १९२७ र १९२९ । पुनर्मुद्रण : मोतीलाल बनारसीदास, सन् १९६७ ।

निदानसूत्र, सम्पा. कैलाशनाथ भटनागर, मेहरचन्द लछमनदास, दिल्ली, सन् १९७१ ।

निरुक्त (दुर्गावृत्तिसहित, १-२ भाग), क्षेमराज श्रीकृष्णदास, वेङ्कटेश्वर यन्त्रालय, मुम्बयी, वि.सं. १९६८ ।

निरुक्त (निघण्टु) [१-४ भाग], भाग १ देवराजयज्वकृत 'निर्वचन' नामक टीकासहित, भाग २-४ दुर्गावृत्तिसहित, सम्पा. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८२-१८९१।

निरुक्त (निघण्टु) [देवराज यज्वाको भाष्यसहित], सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, सन् १८८२। पुनर्मुद्रण : सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९१।

निरुक्त (हिन्दी व्याख्याकार : आचार्य विश्वेश्वर), ज्ञानमण्डल लिमिटेड, वाराणसी, वि.सं. २०२२।

निरुक्त (संस्कृत-हिन्दी टीकासहित), मेहरचन्द लछमनदास, दिल्ली, सन् १९९३।

निरुक्त, सम्पा. उमाशङ्करशर्मा 'ऋषि', चौखम्बा विद्याभवन, वाराणसी, सन् २००८।

नीतिमञ्जरी (विस्तृत भूमिका र विविध परिशिष्टसहित), सम्पा. पं. सीताराम जयराम जोशी, प्रकाशक : शालिग्राम शर्मा (हरिहर मण्डल-व्यवस्थापक), कालभैरव, बनारस, सन् १९३३।

न्यायसूत्र [श्रीगौतमप्रणीतन्यायसूत्राणि] (सभाष्य), सम्पा. दिगम्बर शास्त्री, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९२२।

पञ्चविधसूत्र-मात्रालक्षणे, सम्पा. बी. आर. शर्मा, केन्द्रीय संस्कृत विद्यापीठ, तिरुपति, सन् १९७०।

पद्मपुराण (१-४ भाग), सम्पा. विश्वनाथ नारायण, आनन्दाश्रम, सन् १८९३-१८९४।

परिभाषावृत्ति (सीरदेवविरचित), सम्पा. पं. हरिनाथ दुबे, व्रजभूषण दास एण्ड कम्पनी, बनारस, सन् १८८७।

परिभाषेन्दुशेखर (नागेशभट्टप्रणीत, वैद्यनाथकृतगदाटीकासहित), सम्पा. गणेश शास्त्री गोखले, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९१३।

पाणिनीयव्याकरणमहाभाष्य (पतञ्जलिविरचित, कैयटको प्रदीप र नागेश भट्टको उद्योतसहित, १-६ भाग), सम्पा. भार्गव शास्त्री, पं. शिवदत्त शर्मा, पं. रघुनाथ शास्त्री र पं. दधिराम शर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८७-८८।

पाणिनीयशिक्षा (६ प्रकारका, चान्द्रवर्णसूत्र, अंग्रेजी अनुवाद, भूमिका र विविध परिशिष्टसहित), सम्पा. मनोमोहन घोष, कलकत्ता युनिभर्सिटी, सन् १९३८।

पाणिनीयशिक्षा, सम्पा. प्रमोदवर्धन कौण्डिन्न्यायन, चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९८।

पारस्करगृह्यसूत्र (५ भाष्ययुक्त), सम्पा. महादेव शर्मा बाक्रे, मुन्शीराम मनोहरलाल पब्लिशर्स, दिल्ली, सन्१९८२।

पिङ्गलच्छन्दःसूत्र (हलायुधको वृत्ति, बंगाली र हिन्दी अनुवादसहित), सम्पा. सीतानाथ सामाध्यायी भट्टाचार्य, कलकत्ता, सन् १९३१।

पिङ्गलच्छन्दःसूत्र (यादवप्रकाशको भाष्यसहित), सम्पा. डा. विजयपाल, श्रीमती सावित्रीदेवी बागडिया ट्रष्ट, कलकत्ता, सन् १९८८।

पुष्पसूत्र (अजातशत्रुको भाष्यसहित, १-२ भाग), सम्पा. लक्ष्मण शास्त्री 'द्रविड', चौखम्बा संस्कृत सीरीज अफिस, बनारस, सन् १९२२-१९२३।

प्रक्रियाकौमुदी (विट्ठलाचार्यकृत टीकासहित, १-२ भाग), सम्पा. कमलाशङ्कर त्रिवेदी, संस्कृत-प्राकृत ग्रन्थमाला, बम्बई, सन् १९२५ र १९३१।

प्रपञ्चहृदय (अज्ञातकर्तृक), सम्पा. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९१५।

प्रौढमनोरमा (भट्टोजि-दीक्षितप्रणीत सिद्धान्तकौमुदीको स्वयंकृत व्याख्या, हरिनाथ दीक्षितको 'शब्दरत्न'व्याख्यासहित), सम्पा. सदाशिव शास्त्री, चौखम्बा अमरभारती प्रकाशन, वाराणसी, वि.सं. २०३९।

बृहच्छब्देन्दुशेखर (सिद्धान्तकौमुदीको व्याख्या, नागेश भट्टप्रणीत १-३ भाग), सम्पा. डा. सीताराम शास्त्री, सं.सं.वि., वाराणसी, सन् १९९६।

बृहदारण्यकोपनिषद् (काण्वशाखीया, शाङ्करभाष्यसहित), गीताप्रेस, गोरखपुर, वि.सं. २०६१।

बृहद्देवता (आर्ष, छन्द र अनुवाकानुक्रमणीसहित), सम्पा. राजेन्द्रलाल मित्र, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८९३ [Fasciculus I-IV, 1889-1892].

बृहद्देवता (अंग्रेजी अनुवादसहित, १-२ भाग), सम्पा. ए. ए. म्याक्डोनल, हार्वड युनिभर्सिटी, क्याम्ब्रिज, सन् १९०४। पुनर्मुद्रण : मोतीलाल बनारसीदास, सन् १९६५।

बृहद्देवता (हिन्दी अनुवादसहित), सम्पा. रामकुमार राय, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, प्र.संस्क. सन् १९६३।

बोधायनगृह्यसूत्र (गृह्यपरिभाषा, गृह्यशेष, पितृमेध र पितृमेधशेष-सूत्रसहित), सम्पा. एल. श्रीनिवासाचार्य, ओरियन्टल रिसर्च इंस्टिच्युट, मैसूर, सन् १९०४। पुनर्मुद्रण : आर. शाम शास्त्री, मैसूर, सन् १९२०।

बोधायनधर्मसूत्र (गोविन्दस्वामीको 'विवरण'सहित), सम्पा. एल. श्रीनिवासाचार्य, गवर्नमेन्ट ओरियन्टल लाइब्रेरी, मैसूर, सन् १९०७।

बौधायनशुल्बसूत्र (शुल्बदीपिका, अंग्रेजी अनुवाद र टिप्पणीसहित), सम्पा. प्रा. जी. थिबो, पण्डित पत्रिका, वाराणसी, सन् १८७५-७७। पुनर्मुद्रण : सम्पा. सत्यप्रकाश तथा रामस्वरूप शर्मा, द रिसर्च इंस्टिच्युट अफ एन्सिएन्ट साइन्टिफिक स्टडीज, दिल्ली, सन् १९६८।

बौधायनश्रौतसूत्र (१-३ भाग), सम्पा. विलेम क्यालेन्ड, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९०४, १९०७ र १९१३।

ब्रह्मसूत्रशाङ्करभाष्य [वेदान्तदर्शन] (हिन्दी व्याख्यासहित), चौखम्बा विद्याभवन, वाराणसी, सन् १९९३।

ब्रह्माण्डपुराण, वेङ्कटेश्वर मुद्रणालय, मुम्बयी, वि.सं. १९६९। पुनर्मुद्रण : सम्पा. के. वी. शर्मा, कृष्णदास अकादमी, वाराणसी, सन् १९८३।

भगवद्गीता [श्रीमद्भगवद्गीता] (शङ्कर, आनन्दगिरि लगायतका ८ प्रकारका भाष्यसहित), सम्पा. वासुदेव शर्मा पणशीकर, निर्णयसागर, मुम्बयी, सन् १९३६।

भविष्यमहापुराण (१-२ भाग), खेमराज श्रीकृष्णदास, वेङ्कटेश्वर यन्त्रालय, मुम्बयी, सन् १८९६-१८९७।

भागवतपुराण [श्रीमद्भागवतमहापुराणम्] (३२ प्रकारका अनेक व्याख्यासहित, १-१२ भाग, कुल पृष्ठ १५,५६०), सम्पा. कृष्णशङ्कर शास्त्री, श्री भागवत विद्यापीठ, सोलाः ता. दशक्रोई (अहमदाबाद), वि.सं. २०२२-२०४२।

भारतीय ज्योतिष, शङ्कर बालकृष्ण दीक्षित (हिन्दी अनुवादक : शिवनाथ झारखण्डी), उत्तरप्रदेश हिन्दी संस्थान, लखनऊ, सन् २००२।

भारद्वाजगृह्यसूत्र, सम्पा. एच. जे. डब्ल्यू. सलोमन्स, लाइडेन, सन् १९१३। पुनर्मुद्रण : मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८१ र १९९२।

भारद्वाजश्रौतसूत्र (१-२ भाग), सम्पा. सी.जी. काशीकर, वैदिक संशोधन मण्डल, पूना, सन् १९६४।

मत्स्यपुराण, सम्पा. आनन्दाश्रमका पण्डितहरू, आनन्दाश्रम मुद्रणालय, पुणे, प्र.सं.? पुनर्मुद्रण सन् १९८१।

मनुस्मृति (कुल्लूकवृत्तिसहित), चौखम्बा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०५७।

मनुस्मृति [मानवधर्मशास्त्र] मेधातिथि, कुल्लूक आदिका ६ वटा भाष्य र परिशिष्टसहित, गणपत-कृष्णाजी मुद्रणालय, मुम्बयी, सन् १८८६।

महाभारत (नीलकण्ठकृत 'भारतभावदीप' टीकासहित, १-६ भाग), सम्पा. वासुदेवाचार्य, गोपाल नारायण कंपनी, मुम्बयी, सन् १९०१।

माधवीयधातुवृत्ति (सायणप्रणीत), सम्पा. ए. महादेव शास्त्री र कस्तूरि रङ्गाचार्य, प्राच्यविद्या संशोधनालय, मैसुरु, सन् १९८४।

मानवगृह्यसूत्र (अष्टावक्रभाष्यसहित), सम्पा. रामकृष्ण हर्षजी शास्त्री, केन्द्रीय पुस्तकालय, बरोडा, सन् १९२६।

मानवश्रौतसूत्र, सम्पा. प्रमोद बाला मिश्रा, नाग पब्लिशर्स, दिल्ली, सन् २००३।

मीमांसादर्शन [श्रीमज्जैमिनिप्रणीतमीमांसादर्शनम्] (शाबरभाष्य, तन्त्रवार्तिक र टुप्टीकासहित, १-७ भाग), सम्पा. सुब्बा शास्त्री, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९२९-१९३४।

मीमांसाश्लोकवार्तिक (काशिकाटीकासहित, १-२ भाग), सम्पा. साम्बशिव शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९२६।

मुण्डकोपनिषद् (शाङ्करादि ३ भाष्यसहित), आनन्दाश्रम, पूना, सन् १८८२।

मूल्याध्यायपरिशिष्ट (कात्यायनीय), सम्पा. डा. ओमप्रकाश पाण्डेय, वाराणसी वि.सं. २०४७।

यजुर्वेदीय-काठकसंहिता (मूलमात्र), सम्पा. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, (प्रथम संस्क., सन् १९४२), चतुर्थ संस्करण (प्रकाशनमिति अनुल्लिखित)।

यजुर्वेदीय-मैत्रायणीसंहिता (मूलमात्र), सम्पा. श्रीपाद दामोदर सातवलेकर, स्वाध्यायमण्डल, पारडी, (प्रथम संस्क., सन् १९४२), चतुर्थ संस्करण (प्रकाशनमिति अनुल्लिखित)।

यज्ञतत्त्वप्रकाश, सम्पा. पट्टाभिराम शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली, सन् १९९२।

यज्ञपार्श्वपरिशिष्ट (अंग्रेजी अनुवादसहित), सम्पा. चिन्तामणि गणेश काशीकर, भाण्डारकर प्राच्यविद्या संशोधन मन्दिर, पुणे, सन् १९९८।

याजुष एवं आर्चज्योतिष (सोमाकर-सुधाकरभाष्य तथा सुधाकरभाष्यमा मुरलीधर झाविरचित लघुविवरणसहित), सम्पा. म.म. सुधाकर द्विवेदी, मेडिकल् हल् मुद्रणालय, वाराणसी, सन् १९०८।

याज्ञवल्क्यशिक्षा (शिक्षावल्ली विवृत्तिसहित), सम्पा. अमरनाथ शास्त्री, प्रकाशक : दीक्षित कृष्णचन्द्र शर्मा, काशी, वि.सं. २०१९।

याज्ञवल्क्यस्मृति (मिताक्षरावृत्तिसहित), चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९९८।

रूपावतार (धर्मकीर्तिप्रणीत, १-२ भाग), सम्पा. रङ्गाचार्य, प्रकाशक : वरदराज शर्मा, बैंगलोर, सन् १९२७।

लघुशब्देन्दुशेखर (सिद्धान्तकौमुदीको व्याख्या, नागेश भट्टप्रणीत), चौखम्बा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०४१।

लाट्यायनश्रौतसूत्र (अग्निस्वामीको भाष्यसहित), सम्पा. आनन्दचन्द्र वेदान्तवागीश, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७२। पु.मु. : मुन्शीराम मनोहरलाल पब्लिशर्स, दिल्ली, सन् १९८२।

लौगाक्षिगृह्यसूत्र [काठकगृह्यसूत्र] (देवपालभाष्यसहित, १-२ भाग), सम्पा. पं. मधुसूदन कौल शास्त्री, काश्मीर संस्कृत ग्रन्थावलि, ग्रन्थाङ्क ४९ र ५५, काश्मीर, श्रीनगर, सन् १९२८ र १९३४।

वाक्यपदीय (तृतीय/पदकाण्ड, हेलराजकृत 'प्रकाश' टीकासहित) व्रजभूषण दास एण्ड कम्पनी, बनारस, सन् १९०५।

वाक्यपदीय (ब्रह्मकाण्ड, पं. द्रव्येश झा-प्रणीत प्रत्येकार्थप्रकाशिका, पं. वेदानन्द झा-प्रणीत

'आनन्दा' संस्कृत र 'सूर्यमाया' हिन्दी व्याख्यासहित), मन्दाकिनी संस्कृत विद्वत् परिषद्, दिल्ली, सन् २००२।

वाचस्पत्यम् (बृहत्-संस्कृताभिधानम्, १-६ भाग), तारानाथ तर्कवाचस्पति भट्टाचार्य, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९६२।

वाजसनेयिप्रातिशाख्य (सभाष्य), सम्पा. डा. वीरेन्द्रकुमार वर्मा, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् २०१०।

वाधूल-अन्वाख्यान (ब्राह्मण), सम्पा. व्रजबिहारी चौबे, कात्यायन वैदिक साहित्य प्रकाशन, होशिआरपुर (पञ्जाब), वि.सं. २०५८।

वाधूलश्रौतसूत्र, सम्पा. प्रो. व्रजबिहारी चौबे, कात्यायन वैदिक साहित्य प्रकाशन, होशियारपुर, पञ्जाब, सन् १९९३।

वायुपुराण, सम्पा. आनन्दाश्रमका पण्डितहरू, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९०५।

वाराह-मैत्रायणीय-गृह्यसूत्र, सम्पा. डा. आर. शाम शास्त्री, गवर्नमेन्ट ओरियन्टल सीरीज, मैसूर, सन् १९२०।

वाराह-मैत्रायणीय-श्रौतसूत्र, सम्पा. विलेम क्यालेन्ड तथा डा. रघुवीर, मेहचन्द लछमनदास, लाहोर, सन् १९३३। पुनर्मुद्रण : दिल्ली, सन् १९७१।

वासिष्ठधर्मशास्त्र, सम्पा. अलोइस एन्टोन फ्युरर, गवर्नमेन्ट सेन्ट्रल बुक डिपो, बम्बई, सन् १८८३।

विष्णुपुराण, (श्रीधरस्वामिकृत स्वप्रकाशाख्य टीकासहित), सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८८२।

विष्णुस्मृति [विष्णुधर्मसूत्र] (नन्द पण्डितको भाष्य, जुलियस जोलीको टिप्पणी, अनुक्रमणिका र विविध परिशिष्टसहित), सम्पा. जुलियस जोली (Julius Jolly), एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८१।

वेदभाष्यभूमिकासङ्ग्रह, चौखम्भा संस्कृत संस्थान, वाराणसी, वि.सं. २०४२।

वेदमा के छ?, डा. स्वामी प्रपन्नाचार्य, प्रशान्त प्रकाशन, कैलाश भवन, वाराणसी, वि.सं. २०३८, द्वि.सं. २०४३।

वेदविकृतिलक्षणसङ्ग्रह, सम्पा. के. भी. अभ्यङ्कर र जी. भी. देवस्थली, भाण्डारकर ओरियन्टल रिसर्च इंस्टिच्युट, पूना, सन् १९७८।

वेदविकृतिविवरण (दामोदरन्-नम्पूतिरिपाटप्रणीत), कोचिनसत्र, केदारघाट, वाराणसी, सन् १९५५।

वेदशाखापर्यालोचन (कातीय-चरणव्यूहपरिशिष्टसहित), डा. श्रीकिशोरमिश्र, वाराणसी २०४५ वै.।

वेदाङ्ग (वैदिक वाङ्मय का विवेचनात्मक बृहद् इतिहास : षष्ठ खण्ड), कुन्दनलाल शर्मा,

विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होश्यारपुर (पञ्जाब), सन् १९८३।

वेदाङ्गज्योतिष (आर. शाम शास्त्रिकृत दीपिकासहित), मैसूर, सन् १९३६।

वेदाङ्गज्योतिष (सोमाकरभाष्य र कौण्डिन्न्यायनव्याख्यासहित), सम्पा. आमोदवर्धन कौण्डिन्न्यायन लगायत, चौखम्बा विद्याभवन, वाराणसी, सन् २००५।

वैखानसगृह्यसूत्र (श्रीनिवासमखि-वेदान्तदेशिक र नृसिंह वाजपेयीका व्याख्या तथा धर्मसूत्र, प्रवरसूत्र र 'अगस्त्यसकलाधिकार' नामक अनुबन्धसहित, १-२ भाग), सम्पा. वैयाकरणपञ्चानन आकुलमन्नाडु श्री रों. पार्थसारथि भट्टाचार्य, तिरुमल तिरुपति देवस्थान, तिरुपति, प्र. सं. सन् १९६७, पु.मु. सन् १९९७।

वैखानसधर्मप्रश्न (मूलमात्र), सम्पा. टी. गणपति शास्त्री, अनन्तशयन ग्रन्थमाला, त्रिवेन्द्रम्, सन् १९१३।

वैखानसश्रौतसूत्र, सम्पा. विलेम क्यालेन्ड, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९४१।

वैतानश्रौतसूत्र (सभाष्य), सम्पा. विश्वबन्धु, विश्वेश्वरानन्द वैदिक शोध संस्थान, होशिआरपुर, वि.सं. २०२४।

वैदिक-छन्दोमीमांसा, युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, बहालगढ, सन् १९७९।

वैदिक ज्योतिष (वेदाङ्गज्योतिषत्रय, सोमाकर-सुधाकरभाष्य र हिन्दी रूपान्तर मञ्जुमती व्याख्यासहित), डा. गिरिजा शङ्कर शास्त्री, ज्योतिष कर्मकाण्ड एवं अध्यात्म शोध संस्थान, दारागंज, प्रयाग, वि.सं. २०६०।

वैदिक धर्म मूल रूपमा, शिवराज आचार्य, स्वाद्ध्यायशाला, काठमाडौं, वि.सं. २०६२।

वैदिक वाङ्मय का इतिहास (प्रथम भाग), रामलाल कपूर ट्रष्ट, अमृतसर, द्वि.सं. वि.सं. २०१३।

वैदिक वाङ्मय का इतिहास (द्वितीय भाग), प्रणव प्रकाशन, नई दिल्ली, सन् १९७६।

वैदिक वाङ्मय का इतिहास (१-३ भाग), पं. भगवद्दत्त, सम्पा. सत्यश्रवा, विजयकुमार गोविन्दराम हासानन्द, दिल्ली, सन् २००८ [प्रथम संस्क. सन् १९३५ (२-३ भाग, सन् १९७४-७६), द्वि.सं. १९५६]।

वैदिकवाङ्मयस्येतिहास, आचार्य जगदीशचन्द्र मिश्र, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९८९।

वैदिक साहित्य, पं. रामगोविन्द त्रिवेदी, भारतीय ज्ञानपीठ, काशी, सन् १९५०।

वैदिक साहित्य और संस्कृति, बलदेव उपाध्याय, शारदा संस्थान, दुर्गाकुण्ड, वाराणसी, सन् १९९३।

वैदिक साहित्य और संस्कृति, वाचस्पति गैरोला, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, सन् १९८९।

वैदिक साहित्य का इतिहास, डा. पारसनाथ द्विवेदी, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् २००५ ।

वैयाकरणभूषणसार (कौण्डभट्टविरचित) [भट्टोजीदीक्षितविरचित 'वैयाकरणसिद्धान्त–कारिका'को व्याख्यानभूत ग्रन्थ] शङ्कर शास्त्री मारुलकरको 'शाङ्करी' व्याख्यासहित, सम्पा. शङ्कर शास्त्री मारुलकर, आनन्दाश्रम मुद्रणालय, पुणे, सन् १९५७ ।

वैयाकरणसिद्धान्तकारिका (भट्टोजीदीक्षितप्रणीत, कौण्डभट्टविरचित वैयाकरणभूषणसाराख्य व्याख्यासहित), सम्पा. आनन्दाश्रमका पण्डितहरू, आनन्दाश्रम, पुणे, सन् १९०१ ।

वैयाकरणसिद्धान्तपरमलघुमञ्जूषा (नागेश भट्टप्रणीत, 'किरणावली' संस्कृत व्याख्या र हिन्दी अनुवादसहित), लोकमणि दाहाल, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९९१ ।

वैयाकरणसिद्धान्तलघुमञ्जूषा (नागेश भट्टविरचित), सम्पा. आचार्य श्री रामप्रसाद त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९९० ।

वैशेषिक दर्शन (शङ्कर मिश्र र जयनारायणका व्याख्यासहित), सम्पा. जयनारायण तर्क-पञ्चानन, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८६१ ।

व्याकरणदीपिका (ओरम्भट्टप्रणीत), सम्पा. पं. गणपति शास्त्री मोक्ते, मेडिकल हल मुद्रणालय, काशी, सन् १९१६ ।

शतपथब्राह्मण [माध्यन्दिनशतपथब्राह्मण] (सायणभाष्यसहित, १-९ भाग), सम्पा. पं. सत्यव्रत सामश्रमी, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १९०३-१९११ ।

शतपथब्राह्मण [माध्यन्दिनशतपथब्राह्मण] (सायणभाष्य र हिन्दी अनुवादसहित, भाग १), सम्पा. प्रो. युगलकिशोर मिश्र, सं.सं.वि., वाराणसी, वि.सं. २०६१ ।

शतपथब्राह्मण [वाजसनेयि-माध्यन्दिन-शतपथब्राह्मण] (यथोपलब्ध हरिस्वामी, सायण र वासुदेवको व्याख्यासहित, १-५ भाग), सम्पा. विभिन्न विद्वान्हरू, गङ्गाविष्णु श्रीकृष्णदास, लक्ष्मी वेङ्कटेश्वर प्रेस, बम्बई, सन् १९४० । पुनर्मुद्रण : (फोटो) नाग पब्लिशर्स, दिल्ली, सन् १९९० र २००२ ।

शब्दकल्पद्रुम, सम्पा. वरदाप्रसाद एवं हरिचरण वसु, राष्ट्रिय संस्कृत संस्थान, नई दिल्ली, सन् २००२ ।

शब्दार्थचिन्तामणि (१-४ भाग), ब्राह्मावधूत श्रीसुखानन्दनाथ, प्रिन्टवैल, तिलकनगर, जयपुर, सन् १९९२ ।

शाङ्खायन आरण्यक, सम्पा. श्रीधर शास्त्री पाठक, आनन्दाश्रम, पूना, सन् १९२२ ।

शाङ्खायनगृह्यसूत्र (नारायणप्रणीत गृह्यप्रदीप, 'शशिप्रभा' हिन्दीव्याख्या र सूत्रानुक्रमणीसहित), व्याख्याकार तथा सम्पा. डा. जमुना पाठक, चौखम्बा कृष्णदास अकादमी, वाराणसी, सन् २०१२ ।

शाङ्खायनब्राह्मण, सम्पा. गुलाब राय वजेशङ्कर ओझा, आनन्दाश्रम, पूना, सन् १९११। पुनर्मुद्रण : मोतीलाल बनारसीदास, दिल्ली, सन् १९७१।

शाङ्खायनशाखीया ऋग्वेदसंहिता (पदपाठसंवलितां, १-४ भाग), सम्पा. प्रो. अमलधारी सिंह गौतम, महर्षि सान्दीपनि राष्ट्रीय वेदविद्या प्रतिष्ठान, उज्जैन, सन् २०१३।

शाङ्खायनश्रौतसूत्र [१-१६ अध्यायमा आनर्तीय भाष्य र १७-१८ अध्यायमा गोविन्दको भाष्यसहित] (१-४ भाग), सम्पा. अल्फ्रेड हिलेब्रान्ट, एशियाटिक सोसाइटी, कलकत्ता, सन् १८८५-१८९९ र पुनर्मुद्रण : मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८१।

शिक्षासङ्ग्रह, सम्पा. रामप्रसाद त्रिपाठी, सं.सं.वि., वाराणसी, सन् १९८९।

शुक्लयजुर्विधानसूत्र (यजुर्मञ्जरी व्याख्या र **'स्वाहाकार-प्रयोगप्रदीप'**सहित), सम्पा. अण्णा शास्त्री वारे, निर्णयसागर मुद्रणालय, मुम्बयी, सन् १९४३। पुनर्मुद्रण : चौखम्बा विद्याभवन, वाराणसी, सन् २००१।

शुक्लयजुर्वेद-काण्वसंहिता (पूर्वार्ध, सायणको भाष्यसहित), सम्पा. माधव शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी, सन् १९१५।

शुक्लयजुर्वेद-काण्वसंहिता (उत्तरार्ध, सायणको भाष्यसहित), मुख्य सम्पा. डा. भागीरथप्रसाद त्रिपाठी 'वागीश' शास्त्री, सं. सं. वि., वाराणसी, सन् १९७८।

शुक्लयजुर्वेद-काण्वसंहिता (सायण, आनन्दबोध र अनन्तको भाष्यसहित, १-५ भाग), सम्पा. बी. आर. शर्मा, वैदिक संशोधन मण्डल, पूना, सन् १९८८-१९९८।

शुक्लयजुर्वेद-माध्यन्दिनसंहिता (उवट-महीधरभाष्यसहित), सम्पा. जगदीशलाल शास्त्री, मोतीलाल बनारसीदास, वाराणसी, सन् १९७१।

शुक्लयजुःप्रातिशाख्य (उवटको भाष्य, प्रतिज्ञासूत्र, भाषिकसूत्र, जटादिविकृतिलक्षण, ऋग्यजुःपरिशिष्ट, अनुवाकाध्याय-परिशिष्ट र शौनकोक्त चरणव्यूह-परिशिष्टसहित), सम्पा. पं. युगलकिशोर शर्मा पाठक, ब्रजभूषण दास एण्ड कम्पनी, बनारस, सन् १८८८ (वि.सं. १९४५)।

शौनकीया छन्दोऽनुक्रमणी, सम्पा. उमेशचन्द्र शर्मा शास्त्री, विवेक प्रकाशन, अलीगढ, सन् १९८१।

श्वेताश्वतरोपनिषद् (शाङ्करादि ४ भाष्ययुक्त), आनन्दाश्रम, पूना, सन् १९२७।

संस्कारगणपति (रामकृष्णभट्टप्रणीत), सम्पा. ढुण्डिराज शास्त्री, चौखम्बा संस्कृत ग्रन्थमाला, वाराणसी, सन् १९३८।

संस्कृत वाङ्मय का बृहद् इतिहास (प्रथम खण्ड : वेद), सम्पा. व्रजबिहारी चौबे, उत्तरप्रदेश संस्कृत संस्थान, लखनऊ, वि.सं. २०५२ (सन् १९९६)।

संस्कृत वाङ्मय का बृहद् इतिहास (द्वितीय खण्ड : वेदाङ्ग), सम्पा. ओमप्रकाश पाण्डेय,

उत्तरप्रदेश संस्कृत संस्थान, लखनऊ, वि.सं. २०५३ (सन् १९९७)।

संस्कृत वाङ्मय का विवेचनात्मक इतिहास, डा. सूर्यकान्त, ओरिएण्ट लाँगमैन लिमिटेड, नई दिल्ली, सन् १९७२।

संस्कृत व्याकरणशास्त्रका इतिहास (१-३ भाग), युधिष्ठिर मीमांसक, रामलाल कपूर ट्रष्ट, बहालगढ, जिला सोनीपत (हरयाणा), वि.सं. २०३०।

सत्यार्थप्रकाश, दयानन्द सरस्वती, आर्ष साहित्य प्रचार ट्रष्ट, दिल्ली, वि.सं. २०५५।

सत्याषाढश्रौतसूत्र (गृह्यसूत्र, धर्मसूत्र, पितृमेधसूत्र र शुल्बसूत्रसहित १-१० भाग), वैजयन्ती-प्रयोगचन्द्रिका-ज्योत्स्ना-उज्ज्वलाप्रभृति व्याख्यासहित, सम्पा. काशीनाथ शास्त्री र शङ्कर शास्त्री मारुलकार, आनन्दाश्रम मुद्रणालय, पूना, सन् १९०७-१९३२।

सर्वानुक्रमसूत्र [शुक्लयजुःसर्वानुक्रमसूत्रम्] (अनन्तदेवको भाष्य, युगलकिशोर शर्मा पाठकको टिप्पणी र मौनमन्त्रावबोधसहित, १-४ भाग), सम्पा. आर. टी. एच. ग्रिफिथ, जी. थिबो र गणपति शास्त्री, ब्रजभूषण दास एण्ड कंपनी, बनारस, सन् १८९३-१८९४ र १९२१।

सर्वानुक्रमसूत्र [वाजसनेयि-माध्यन्दिन-शुक्लयजुर्वेदसंहितायाः सर्वानुक्रमसूत्रम्] (अनुवाकसूत्राध्याय, विविध परिशिष्ट र टिप्पणीसहित), स्वाध्यायमण्डल, पारडी।

साङ्ख्यकारिका (संस्कृत-हिन्दी व्याख्यासहित), चौखम्बा सुरभारती प्रकाशन, वाराणसी, सन् १९८४।

सामतन्त्र (अज्ञातकर्तृक व्याख्यासहित), सम्पा. पं. रामनाथ दीक्षित, काशी हिन्दू विश्वविद्यालय, वाराणसी, सन् १९६१।

सामविधानब्राह्मण (सायणभाष्य तथा बंगला अनुवादसहित), सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९५१ (सन् १८९५)।

सामवेद-ऊह-रहस्यगानम्, सम्पा. म. रामनाथ दीक्षित, सर सी. पी. रामस्वामी ऐयर फाउन्डेशन, मद्रास, सन् १९८७।

सामवेद-कौथुमशाखीय-आरण्यकगानम्, सम्पा. सुब्रह्मण्य शर्मा, चेन्नई, सन् २००६।

सामवेद-कौथुमशाखीय-ग्रामेगेय-(वेय/प्रकृति)-गानम्, सम्पा. सुब्रह्मण्य शर्मा, चेन्नई, सन् २००६।

सामवेदसंहिता (कौथुमशाखीया, माधव र भरतस्वामीका भाष्यसहित), सम्पा. प्रो. सी. कुन्हन राजा, द अड्यार लाइब्रेरी, मद्रास, सन् १९४१।

सामवेदसंहिता (सायणभाष्यसहित), जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८९२।

सामवेदसंहिता (सायणभाष्य र गानसंहितासहित, १-५ भाग), सम्पा. पं. सत्यव्रत सामश्रमी भट्टाचार्य, एशियाटिक सोसाइटी अफ बंगाल, कलकत्ता, सन् १८७४-१८७८।

सामवेदीय-आर्षेयब्राह्मण (सायणभाष्य र सरला टीकासहित), टीकाकार : उमेशप्रसाद दास, जगदीश संस्कृत पुस्तकालय, दिल्ली, प्रथम संस्क., सन् २००४ ।

सामवेदीय-ताण्ड्यमहाब्राह्मण (सायणभाष्यसहित, १-२ भाग), सम्पा. चिन्नस्वामी तथा पट्टाभिराम शास्त्री, चौखम्बा संस्कृत सीरीज अफिस, बनारस, सन् १९३५-१९३६ ।

सामवेदीय-दैवत तथा षड्विंशब्राह्मण (सायणभाष्यसहित), सम्पा. जीवानन्द विद्यासागर, कलकत्ता, सन् १८८१ ।

सामवेदीय-मन्त्रब्राह्मण [छान्दोग्यब्राह्मण], सायणभाष्य, स्वोपज्ञभाष्य र बंगला अनुवाद-सहित, सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९४७ ।

सामवेदीय-वंशब्राह्मण (सायणभाष्यसहित), सम्पा. सत्यव्रत सामश्रमी, कलकत्ता, वि.सं. १९४९ ।

सामवेदीय-संहितोपनिषद्ब्राह्मण (सायण र द्विजराज भट्टका भाष्यसहित) सम्पा. बी. आर. शर्मा, तिरुपति, सन् १९६५, पुनर्मुद्रण १९८३ ।

सामसारसर्वस्व, म. रामनाथ दीक्षित, न्यू दिल्ली, सन् १९७२ ।

सारस्वती सुषमा (स्वर्णजयन्ती-विशेषाङ्क) वर्ष ५१, १-४ अङ्क, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, सन् १९९६-९७ ।

सिद्धान्तकौमुदी (तत्त्वबोधिनी व्याख्यासहित), सम्पा. वासुदेव शर्मा पणशीकर, मेहरचन्द लछमनदास, दिल्ली, सन् १९८५ ।

सिद्धान्तकौमुदी (वासुदेव दीक्षितप्रणीत **'बालमनोरमा'** व्याख्यासहित, पूर्वार्ध र उत्तरार्ध), सम्पादक तथा प्रकाशक : शं. चन्द्रशेखर शास्त्री, त्रिच्चिनाप्पल्लि, तेप्पवक्कुलम्, सन् १९१०-१९११ ।

सुमन्तुधर्मसूत्र, सम्पा. ति. रा. चिन्तामणि, जर्नल अफ ओरियन्टल रिसर्च, मद्रास, सन् १९३४ ।

स्कन्दपुराण (१-८ भाग), वेङ्कटेश्वर मुद्रणालय, मुम्बयी, वि.सं. १९६५-१९६७ । पुनर्मुद्रण : नाग प्रकाशक, दिल्ली, सन् १९८६-१९९० ।

स्मृतिसन्दर्भ (१-६ भाग), नाग प्रकाशक, दिल्ली, सन् १९८८ ।

स्मृतीनां समुच्चय (अङ्गिरःप्रभृति-बौधायनपर्यन्त २७ स्मृति), आनन्दाश्रम मुद्रणालय, सन् १९२९ ।

A History of Indian Literature, by Maurice Winternitz, Vol. I-II, University of Calcutta, 1927 & 1933. Vol. III, Motilal Banarsidass, Delhi, 1985.

Aphorisms on The Sacred Law of The Āryas, as Taught in The School of Vasishtha, Edited and Rev. By Alois Anton Fuhrer, Ph .D., Bombay : Government Central Book Depot 1883.

Ārṣeyakalpa of Maśaka, with the commentary of Varadarāja, ed. by B.

R. Sharma, Hoshiyarpur, 1975.

Atharva-veda-prātiśākhya or **Śaunakīyā Caturadhyāyikā,** Text, Translation and Notes, by William. D. Whitney, Journal of the American Oriental Society, Vol. II (New Haven, USA, 1862), Reprinted : Chowkhamba Sanskrit Series Office, Varanasi, 1962.

Atharva-Veda-Sanhita, herausgegeben von R. Roth and W. D. Whitney, Erster Band. Text. Berlin : Ferd. Dummler's Verlagsbuchhandlung 1856.

Atharva-Veda Samhita, Translated into English With Critical and Exegetical Commentary by William Dwight Whitney, Revised and Brought Nearer to Completion and Edited by Charles Rockwell Lanman, Volumes 7-8 of Harvard Oriental Series, First Published : Harvard University, Cambridge, Massachusetts, America, 1905. (**Reprinted :** Motilal Banarsidass Publishers, Delhi, 1962, 1971, 1984, 1993, 1996, 2001, 2011).

Atharva-Veda Samhita, Sanskrit Text, Enghish Translation, Notes & Index of Verses Accordign to the Translation of W. D. Whithey and Bhasya of Sayanacarya (3 Vols.), Edited and revised by **K. L. Joshi**, Parimal Sanskrit Publications, Delhi, 1st edition (December 10, 2000).

Bhāradvājagṛhyasūtram, the domestic ritual according to the school of Bhāradvāja, by Salomons, Henriette J.W., Meharchand Lachmandas Publications, New Delhi: 1992.

Das Gopatha Brāhmaṇa, By Dieuke Gaastra, Leiden, 1919.

Das Jaiminīya-Brāhmaṇa in Auswahl, by W. Caland, Amsterdam : J. Muller, 1919.

Das Kaushītaki Brāhmaṇa, ed. by B. Lindner, Jena, Hermann Costenoble, 1887. tr. by A. B. Keith, Harvara Oriental Series, vol. 25, 1920.

Das Puṣpasūtra [Rules for the Musical technique of the Sāmaveda] Mit Einleitung und Ubersetzung herausgegeben von Richard Simon, Sanskrit & Ger., Berlin, 1909.

Das Śrautasūtra des Āpastamba, tr. and ed. by Dr. W. Caland, Gottingen, 1921 (1-7 Buch), and Amsterdam, 1924 (8-15 Buch), 1928 (16-24 Buch).

Der Arseyakalpa des Samaveda, Edited by Dr. W. Caland, Leipzig, 1908.

Der Rigveda (6 Vols.), by Alfred Ludwig, Tempsky in Prag (Written in German) 1876-1888.

Der Rigveda in Auswahl (2 Vols.), Edited and translated by Karl F. Geldner, Stuttgart, 1907-1908.

Die Hymnen des Sama-Veda, by Theodor Benfey, Leipzig : F. A. Brockhaus, 1848.

Die Taittiriya-Samhita, ed. by A. Weber, Leipzig : Brockhaus, 1871-1872 (Indische Studien, 11-12).

Hymnen Des Rigveda (Mandala VII-X), by Theodor Aufrecht, Bonn : bei Adolph Marcus, 1877.

Hymns of The Atharva-Veda, Together with Extracts from the ritual books and the commentries translated by Maurice Bloomfield, Sacred Books of the East, Volume 42 (USA), 1897.

Hymns of The Sama-Veda, Translated with a popular Commentary by Ralph T. H. Griffith, Kotagiri, Nilgiri (Tamil Nadu), Frist ed.1893. Revised and enlarged ed. 1991. (enlarged by Nag Sharan Singh and Surendra Pratap, Nag Publishers, Delhi).

Kathaka-Samkalanam: *Extracts from the lost Kathaka-Brahmana, Kathaka SrautaSutra and Kathaka Grihya Sutras*, Meharchand Lachhmandas Publications, 1981, (first published in 1943).

Kauthuma-Gṛhya, edited with introduction, notes and indices by Sūryakānta, The Asiatic Society, Calcutta: 1956.

Maitrayni Samhita : die Samhita der Maitrayaniya-Sakha, (Buch 1-4) herausgegeben von Leopold von Schroeder, Leipzig, 1881-1886. Reprinted : 1923 and 1970-1972.

Mātrālakṣaṇam [Text, Translation, Extracts from the Commentary and Notes, Including References to Two Oral Traditions of South India], by Wayne Howard, Indira Gandhi National Centre for the Arts, New Delhi, 1988.

Pancavidha-Sūtra with Commentaty, Ed. by Sharma, Bellikoth Ramachandra, Tirupati : Kendriya Sanskirt Vidyapeetha, 1970.

Pañcaviṃśa-Brāhmaṇa The Brāhmaṇa of Twenty Five Chapters, By W. Caland, Calcutta : The Asiatic Society of Bengal, 1931.

Pitṛmedhasūtrāṇi : The Pitṛmedhasūtras of Baudhāyana, Hiraṇyakeśin,

Gautama, ed. with critical notes and index of words, By Willem Caland, Leipzig, Brockhaus 1896. Reprinted : Nendeln 1966.

Pratisakhya du Rgveda, M. A. Regnier, Journal Asiatique, 1856-1859.

Puṣpasūtra (Part 2 and 3, Prapāthakas III-X) With Vivaraṇa and Bhāṣya of Ajātaśatru and Dīpa of Rāmakriṣṇa Alias Nānābhāi Dīkṣita, Edited by B. R. Sharma, Nepal Research Centre, Kathmandu, 1985.

Ṛg-Vidhānam, Edited by Rudolf Meyer, Berlin : Typis A. W. Schadii, 1877. ed. by K. S. Venkataram Sastri, Tiruchi : Vani Vilas Press, 1914. English trans. by Jan Gonda, Utrecht : Ooesthoek, 1951.

Ṛg-Vidhānm in Vedic Tantrism : A Study of the Ṛg-Vidhāna of Śaunaka with Text and Translation, by M. S. Bhatta, Motilal Banarsidass, Delhi, 1987.

Rig-Veda (2 Vols.), by Hermann Grassmann, Leipzig : F. A. Brockhaus, 1876-1877.

Rig-Veda, ou Livre des Hymnes (Vols 1-4), Traduit do Sanscrit, Par M. Langlois, Paris : Firmin Didot, 1848-1851.

Rig-Veda-Prātiśākhya (Sanskrit Text, with German Translation and Notes), ed. by F. Max Muller, London : Trubner and Co. 1869.

Rig-Veda-Sanhita, The Sacred Hymns of The Brahmans; Together with the Commentary of Sayanacharya, Edited by Dr. Max Muller, Published Under The East-India-Company, London, W. H. Allen and Co., Booksellers To The Honourable The East-India-Company, 7, Leadenhall Street, 1849-1875.

Rig-Veda-Samhita, The Sacred Hymns of the Brahmans, Together with the Commentary of Sayanacharya, Edited by F. Max Muller, Second Edition, (Vols I-IV) Published Under the Patronage of His Highness the Maharajah of Vijayanagara, Londen : Henry Frowde Oxford University Press Warehouse, Amen Corner, 1890, 1892.

Rig-Veda-Samhita (The Sacred Hymns of the Brahmans, Vol. 5) Translated and Explained by F. Max Muller, Vol. I, Hymns to the Maruts or the Storm-Gods, London : Trubner and Co., 60, Paternoster Row, 1869.

Ṛig-Veda-Sanhitā (A Collection of Ancient Hindu Hymns), The Frist-Eighth Ashtakas or Books of the Rig-Veda, The oldest authority for the Religious and Social, Institution of the Hindus, Translated from

the original Sanskrit, by H. H. Wilson, Edited by : E. B. Cowell, W. F. Webster, London : N. Trubner and Company and W. H. Allen, Volums : 1-6, 1854-1888.

Rigveda Samhita (4 Volumes, Pages : 2485, Sanskrit Text, English Translation and Notes), English translation According to H. H. Wilson & Bhasya of Sayanacharya, Edited by : Ravi Prakash Arya & K. L. Joshi, Indica Books, Varanasi, 2002 . Rep. : Parimal Publications, Delhi, 2005 (4 Vols. Pages : 2300).

Sāmaveda-Saṃhitā, Edited by Prof. C. Kunhan Raja, Tha Adyar Library, Madrass, 1941.

Samaveda Samhita of The Kauthuma School : with Padapatha and the Commentaries of Madhava, Bharatasvamin and Sayana, Edited with critical notes and an introduction (Vols. 1-3), by B. R. Sharma, Dept. of Sanskrit and Indian Studies, Harvard University, America, 2000 (Harvard Oriental Series, Vols. 57-59).

Samavidhana Brahmana with Vedarthaprakasa of Sayana and Padarthamatravivrti of Bharatasvamin, Second Edition, critically edited by Dr. B. R. Sharma, with a foreword by Dr. V. Raghavan, Kendriya Sanskrit Vidyapeetha, Tirupati, 1980. First Edition : 1964.

The Aitareya Brahmanam of The Rigveda, Edited, Translated and Explained by Martin Haug, Vol. I-II, Bombay : Government Central Book Depot, 1863.

The Āpastambīya-Gṛhya-Sūtra, ed. by M. Winternitz, Vienna, 1887.

The Ārsheya Brāhmaṇa (Being teh Fourth Brāhmṇa) **of the Sāma Veda** (The Sanskrit text) edited Together with Extracts from the commentary of Sāyaṇa etc. am Introduction, and Index of words by A. C. Burnell Ph.D., Mangalore, 1876.

The Baudhayana Srauta Sutra, Belonging to the Taittiriya Samhita, Edited by Dr. W. Caland (Vols. 1-3), Calcutta : Printed at the Baptist Mission Press, and Publised by the Asiatic Society, 1904 (vol. 1), 1907 (vol. 2), 1913 (vol. 3).

The full-moon and new-moon Sacrifices of the **Katha-Sakha,** with an introduction, the text, expiatory rites, appendices, index of Mantras and English translation, ed. by P. D. Navathe, Adarsha Sanskrit Shodha Samstha, Delhi, 2010.

The Gautama Dharmasūtra, English trans. by G. Buhler, Sacred Books

of the East, Vol. 2, Riprint : Delhi 1965.

The Gṛihyasūtra of Hiraṇyakesin with extracts from the commentary of Matṛdatta, Kirste, J., Alfred Hoelder, Vienna: 1889.

The History of Indian Literature, by Albrecht Weber (Translated by John Mann and Heodore Zachariar) London : Kegan Paul Trench, Trubner & Co. Fourth Edition 1904, Popular Re-issue, 1914.

The Hymns of The Atharva-Veda (Vols. 1-2), Translated with a popular Commentary by Ralph T. H. Griffith, E. J. Lazarus and Company, Benares, 1st edition :1895-96. 2nd ed. 1916-17.

The Hymns of The Rigveda, Translated with a Popular Commentary by Ralph T. H. Griffith (Vol. I-IV), Benares : E. J. Lazarus and Company, 1889-1892 . [Second edition Complete in tow volumes 1896-1897.

The Hymns of the Rig-Veda in the Samhita and Pada Texts, By F. Max Muller, Second Edition, Vol. I-II, London : Trubner and Co. 1877.

The Institutes of Gautama, ed. by A. F. Stengler, Sanskrit text SOC. London : Oxford University, 1876.

The Institutes of Vishnu, Translated by Julius Jolly, 1880 (Sacred Books of the East, Vol. II).

The Jaiminigṛhyasūtra, belonging to the Sāmaveda, with extracts from the commentary by W. Caland, The Panjab Sanskrit Book Depot, Lahore, 1922.

The Jaiminigṛhyasūtra, by Harināmadatta Miśra, also ed. by Amsterdam, J. Mullet, 1905.

The Jaminiya of Talavakara Upanishad Brahmana, By Hanns Oertel, Journal of the American Oriental Society, Vol. 16 (1896), p. 79-260.

The Kāṭhakagṛhyasūtra with extracts from three commentaries, an appendix and indexes, by Caland, W., The Research Department, D.A.V. College, Lahore: 1925.

The Kathaka Samhita (Books I and II), by Leopold von Schroeder, The Journal of the Royal Asiatic Society of Great Britain and Ireland, Vol. 1, 1834, Vol. 2 1910. (Cambridge University Press).

The Kauśika Sūtra of Atharva Veda, with extracts from the Commentaries of Dārila and Keśava, Edited by Maurice Bloomfield, Journal of American Oriental Society, Vol. 14, 1889. Reprint : Motilal

Banarsidass, Delhi, 1972.

The Mantra-Patha or the Prayer Book of the Āpastambins, by M. Winternitz, Oxford, 1897.

The Puṣpasūtra A Prātiśākhya of the Sāmaveda (vols. 1-2), with Explanatory Translation and Notes in English, by G. H. Tarlekar, Indira Gandhi National Centre for the Arts, New Delhi, 2001.

The Rg-Veda : hymns of the Rg-Veda (Vols. 1-6, Translation based on the Commentary of Sayanacharya), Translated by H. H. Wilson, Author : Vashishtha Narayan Jha, Sri Satguru Publications, Delhi 2002.

The Sāmavidhānabrāhmaṇa, being the third Brāhmaṇa of the Sāmaveda, by A. C. Burnell, London, Trubner & Co. 1873.

The Saṃhitopanishadbrāhmaṇa, being the seventh Brāhmaṇa of the Sāmaveda, the Sanskrit text, with a commentary, an Index of words etc. by A. C. Burnell, Mangalore, The Basel Mission Press, 1877.

The Sanhitā of the Black Yajur Veda, with Commentary of Mādhava Āchārya, [Vols 1-6] Edited by Dr. E. Roer, E. B. Cowell (vol. 1-2), Maheśachandra Nyāyaratna (vol. 3-4) and Pandit Satyavrata Sāmaśramī (vol. 5-6), Asiatic Society of Bengal, Calcutta, 1860-1899.

The Sanhitā of the Rig-Veda, with English translation by John Stevenson, Bombay, 1833 [The Journal of the Royal Asiatic Society of Great Britain and Ireland].

The Śāṅkhāyana Āraṇyaka, With an Appendix on the Mahāvrata, By A. B. Keith, The Royal Asiatic Society, London, 1908.

The Śāṅkhāyana Gṛhyasūtra, English trans. by W. Caland, Nagpur, 1953. Reprint : Delhi 1980.

The Śāṅkhāyana Śrautasūtra, Together with the Commentary of Varadattasuta Ānartīya, Edited by Alfred Hillebrandt, Vol. I, Text of the Sūtra, Critical Notes, Indices, Published for the Bibliotheca Indica, Calcutta, 1888.

The Śāṅkhāyana Śrautasūtra, Together with the Commentary of Varadattasuta Ānartīya and Govinda, Edited by Alfred Hillebrandt, [Vol. I, Text of the Sūtra, Critical Notes, Indices, Vols II, III and IV, The Comentary of Varadattasuta Ānartīya on Adhyāyās I-XVI and of Govinda on Adhyāyās XVII-XVIII] Published by Meharchand Lachhmandas Publication, New Delhi, 1981.

The Śāṅkhāyana Śrautasūtra, English trans. by W. Caland, Nagpur, 1953.

The Satapatha-Brahmana, According to the Text of the Mādhyandina School, Translated by Julius Eggeling, Part I-V, Oxford : at the Clarendon Press, 1882-1900 (The Sacred Books of the East, Translated by Various Oriental Scholars and Edited by F. Max Muller, Vol. 12, 26, 41, 43, 44).

The Satapatha Brahmana in the Kanviya Recension, edited for the first time by Dr. W. Caland, revised by Dr. Raghu Vira (three volumes bound in one), Motilal Banarsidass, Delhi . First edition: Lahore, 1926 (Panjab Sanskrit Series No. X) Reprinted: Delhi, 1983 and 1998.

The Secret of The Veda, by Sri Aurobindo, Sri Aurobindo Ashram, Pondicherry, First edition 1956, Fourth ed. 1998, Third impression 2003.

The Srauta, Paitṛmedhika and Pariśeṣa Sūtras of Bhāradvāja, Critically Edited and Translated By C. G. Kashikar, Prrt I-II, Vaidika Saṁśodhana Maṇḍala, Poona, 1964.

The Śrauta sūtra of Āpastamba, belonging to the Taittirīya Saṃhitā, with the commentary of Rudradatta (Vol. I-II), ed. by Dr. Richard Garbe, The Asiatic Society of Bengal, Calcutta, 1882 & 1885.

The Śrauta Sūtras of Lāṭyāyana and Drāhyāyaṇa, and Tbeir Commentaries : An English Translation and study, by Asko Parpola, Helsinki, 1968-69.

The Śrauta sūtra of Śāṅkhāyana (Vols I-VI), Edited by Alfred Hillebrandt, The Asiatic Society of Bengal, Calcutta, 1885-1899. [**Vol. I,** Text, Critical Notes, Indices, **Vol. II-III** the Commentary of Varadattasuta Ānartīya, Adhyāyās I-VIII and IX-XVI; **Vol. IV** the Commentary of Govinda, Adh. XVII-XVIII].

The Tāittirīya-Prātiçākhya with its commentary, the Tribhāshyaratna : Text, Translation, and Notes, by William D. Whitney, (Journal of the American Oriental Society, Volume 9, 1871, New Haven, USA) . Reprinted : Motilal Banarsidass, Delhi 1973.

The Texts of the **White Yajurveda,** Translated with a Popular Commentary by Ralph T. H. Griffith, E. J. Lazarus and Company, Benares, 1899 . (Original from : Harvard University), Repr. Chowkhamba Sanskrit Series Office, 1976.

The Vajasaneyi-Samhita in the **Madhyandina** and the **Kanya-Sakh,**

with the Commentary of Mahidhara, edited by Albrecht Weber, Berlin, 1849. Repr. Varanasi, 1972 (Chowkhamba Sanskrit Series, 103).

The Vamçabrāhmaṇa, being the eighth Brāhmaṇa of the Sāmaveda, the Sanskrit text, with a commentary, an Index of words etc. by A. C. Burnell, Mangalore, Printed by Stolz & Hirner, 1873.

The Veda of the Black Yajus School : entitled **Tittiriya Sanhita,** Translated from the Original Sanskrit, Prose and Verse, by A. B. Keith, Harvard Oriental Series, Vol. 18-19 (America), 1914. (Repr. by Motilal Banarsidass, Delhi, 1967).

Translation of the Sanhitā of the Sāma Veda, by John Stevenson, London : Printed for the Oriental translation fund of Great Britain and Ireland, 1842.

Vādhūla Sūtra, Partial ed. and German trans. by W. Caland, Acata Orientalia (Journal) 1 (1923), 2 (1924), 4 (1926) & 6 (1928).

Vaikhānasasmartasūtram: Vaikhānasagṛhyasūtram Vaikhānasa-dharmasūtram, by Caland, W., The Asiatic Society, Calcutta: 1927. Reprint : With English Translation 1929. Meharchhand Lachmandas, New Delhi: 1989.

Vaikhānasa-Srautasūtram, For the First time critically ed. by Dr. W. Caland, The Asiatic Society of Bengal, Calcutta, 1941.

Vājasaneyi-prātiśākhya, ed. and tr. into German, by Albrecht Weber, Indische Studien, Band 4, Berlin, 1858.

Vārāha-Gṛhyasūtra with short extracts from the paddhatis, by Raghu Vira, Lahore : 1932, Reprint : Meharchand Lachmandas, New Delhi: 1982.

Varaha-Srauta-Sutra *being the main ritualistic sutra of the Maitrayani Sakha*, critically edited for the first time by Dr. W. Caland and Dr. Raghu Vira, First published in 1933. Rep. 1971, Meherchand Lachmandas, publisher.

परिशिष्ट : ४

अनुक्रमणिका 'क'
प्रमुख विषय र ग्रन्थनाम

अ

फ

ब

श

ह

क्ष

अनुक्रमणिका 'ख'

वैदिक ग्रन्थका प्रणेता, व्याख्याता, अनुवादक, सम्पादक प्रमुख भारतीय विद्वान्हरू

यहाँ ऐतरेय, तैत्तिरीय, शाङ्खायन, कात्यायन, पारस्कर जस्ता वेद-वेदाङ्गकालिक ऋषिहरू र तत्समकक्षी यास्क, शौनक, पिङ्गल, पाणिनि, पतञ्जलि इत्यादि आचार्यहरूको नाम समावेश गरिएको छैन।

(अनु. = अनुवादक) (ग्रं. = ग्रन्थकार) (भा. = भाष्यकार) (व्या. = व्याख्याता) (वृ. = वृत्तिकार) (वै. = वैयाकरण) (सं. = सम्पादक)

अनुक्रमणिका 'ग'

वैदिक ग्रन्थका अध्येता, अनुवादक, सम्पादक, प्रकाशक केही पाश्चात्त्य विद्वान्हरू



डा. ऋषिराम रेग्मी

जन्ममिति : २०२५।०७।०५
जन्मस्थान : पैयुँपाटा ४, जल्जला, बाग्लुङ्ग
माता-पिता : स्व. बालिका शर्मा र स्व. पं. लीलाधर शर्मा

शिक्षा : – अथर्ववेद तथा शुक्लयजुर्वेद विषयमा आचार्य, सं.सं.वि., वाराणसी
– अथर्ववेदको स्मार्तकल्पमा विद्यावारिधि (Ph. D.), सं.सं.वि., वाराणसी

पदक-पुरस्कार : विश्वविद्यालय सुवर्णपदक, डा. निगम शर्मा सुवर्णपदक, उमाकान्त शुक्ल सुवर्णपदक, महेन्द्र विद्याभूषण पदक (ख) र अनेक सम्मानपत्र प्राप्त

अनुसन्धान : – United Nations Development Fund for Women "UNIFEM" मा प्रस्तुत गर्ने गरी World Hindu Federation द्वारा तयार गरिएको प्रतिवेदन Study of the Norms, Codes and Scriptures of Sanatan Dharma with reference to Gender Equity and Violence Against Women (2006) मा **Position of Women in the Vedas** (Page No. 86–110) नामक विस्तृत अनुसन्धानात्मक निबन्ध प्रकाशित
– ने.सं.वि.द्वारा गठित **वैदिक कृषिशास्त्रको अध्ययन-अनुसन्धान** सम्बन्धी कार्यदल २०७० मा सदस्यसचिवको जिम्मेवारी ग्रहण गरी यथासमयमा प्रतिवेदन प्रस्तुत
– **वैदिक यज्ञमा प्रयोग हुने पात्रहरूको अन्वेषणात्मक परिचय** शीर्षकमा संयुक्त अनुसन्धान गरी विश्वविद्यालय अनुदान आयोगसमक्ष प्रतिवेदन प्रस्तुत (२०७१)

प्रकाशन : **वेदका अध्येता प्राचीन र अर्वाचीन विद्वान्हरू** (२०७३) नामक ग्रन्थ तथा वेदका विभिन्न विषयसँग सम्बद्ध दुई दर्जनभन्दा बढी अनुसन्धानमूलक लेखहरू प्रकाशित

संयुक्त लेखन : **चित्रावली लक्ष्मी-रामायण** (लक्ष्मी राम भण्डारी स्मृति प्रतिष्ठान, २०६९) को संयुक्त लेखन तथा सम्पादन

प्राज्ञिक संलग्नता : – ने.सं.वि.का वेद, प्राच्य-धर्मदर्शन लगायतका पाठ्यक्रम निर्माण समितिहरूमा सदस्य भई विभिन्न पाठ्यक्रमको निर्माण र परिष्कार
– ने.सं.वि.का वेद, पूर्वमीमांसा तथा कर्मकाण्ड विषय समिति, प्राच्य धर्मदर्शन विषय समितिहरूमा सदस्य

विशेष अध्ययन : वैदिक कृषिशास्त्र, वैदिक समाजशास्त्र, वैदिक यज्ञपात्र, वैदिक रुद्र इत्यादि विषयमा सयौं पृष्ठका विशिष्ट अनुसन्धानमूलक लेख तयार (प्रकाशनको प्रतीक्षामा)

सम्प्रति : सहप्राध्यापक, नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, काठमाडौं
सम्पर्क : कीर्तिपुर नगरपालिका – १९, सल्यानस्थान, काठमाडौं
फोन : ०१-५१०१०१०/९८४१८१३५१७
ईमेल : dr.rishiregmi@gmail.com



हिमवत् आर्ष प्रज्ञा
ललितपुर, नेपाल
www.himavat.org

